• वर्ष १ • अंक १ • २०७१

# एनजेए ल जर्नल

(न्यायिक सुधारका प्रयासहरूमा केन्द्रित)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

हरिहरभवन, ललितपुर

वर्ष १, अंक १, २०७१

# एनजेए ल जर्नल

(न्यायिक सुधारका प्रयासहरूमा केन्द्रित)

**सल्लाहकार**
माननीय श्री राघब लाल वैद्य
कार्यकारी निर्देशक

**सम्पादक**
केदार घिमिरे

**सह सम्पादक**
संजीव राई

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**हरिहरभवन, ललितपुर**

**एनजेए ल जर्नल, २०७१**

**प्रकाशक :** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
हरिहरभवन, ललितपुर
फोन नं. : ९७७-१-५५४९०५७/५५४९०६७
फ्याक्स नं. : ९७७-१-५५३०६६२
पो.व.नं. : २४८६५
इमेल : info@njanepal.org.np
वेभसाइट : www.njanepal.org.np

**डिजाइन :** श्री विष्णुबहादुर बरुवाल

**सर्वाधिकार :** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, २०७१

**आई.एस.एस.एन. :** २३९२-३९७०

**मुद्रण :** फरम्याट प्रिन्टिङ्ग प्रेस प्रा.लि., हाँडिगाउँ, काठमाडौं ।

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

## शुभकामना

कानून र न्यायको क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान गरी स्रोत सामग्री, प्रतिवेदन, फैसला तथा जर्नलहरु प्रकाशन गर्दै आइरहेको राष्ट्रिय न्यायिक प्रतिष्ठानले नेपाली भाषामा **एन.जे.ए ल जर्नल** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ । यस प्रकारको प्रकाशनको थालनी गरेकोमा राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई हार्दिक बधाई व्यक्त गर्दै प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

कानून तथा न्यायिक क्षेत्रका जनशक्तिलाई प्रशिक्षण, तालीम, अध्ययन अनुसन्धान एवं अन्तर्क्रिया तथा अवलोकन भ्रमण कार्यक्रमहरुको आयोजना गर्दै आएको राष्ट्रिय न्यायिक प्रतिष्ठानको मुख्य उद्देश्य यस क्षेत्रका दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्नु रहेको छ । यस उद्देश्यमा विभिन्न समसामायिक विषयसँग सम्बन्धित अनुसन्धानमूलक कृति प्रकाशन गरी सहज र सुलभ न्याय प्रशासनमा सहयोग पुऱ्याउने कार्य पनि प्रतिष्ठानबाट हुँदै आएको छ । यही सिलसिलामा "न्यायिक सुधारका प्रयासहरु" विषयलाई केन्द्रमा राखी **एन.जे.ए ल जर्नल** प्रकाशन हुनु प्रशंसनीय कार्य हो । न्यायपालिकाको सुधार र सुदृढीकरणका लागि भएका प्रयास र न्याय प्रशासनको वर्तमान अवस्थाका बारेमा चित्रण गरिएको यस जर्नलमा प्रकाशित अनुसन्धानमूलक लेखहरुले प्रतिष्ठानको उद्देश्य पूरा गर्न तथा न्याय प्रशासनको विविध क्षेत्रमा भएका सुधारका बारेमा जानकारी प्रवाह गर्न सहयोग पुऱ्याउनेछ भन्ने मलाई लाग्दछ । साथै, कानून र न्यायको क्षेत्रमा कार्यरत् न्यायाधीशहरु, अधिकृतहरु, कर्मचारीहरु, कानून व्यवसायीहरु, कानूनका प्राध्यापकहरु एवं विद्यार्थीहरुका लागि जर्नल एउटा प्राज्ञिक कोशेली हुनेछ भन्ने मेरो विश्वास छ ।

**एन.जे.ए ल जर्नल**को प्रकाशनमा संलग्न सम्पादक मण्डललगायत राष्ट्रिय न्यायिक प्रतिष्ठान परिवारलाई धन्यवाद दिन चाहन्छु । यसप्रकारका रचनात्मक क्रियाकलापहरुले भविष्यमा पनि निरन्तरता प्राप्त गरुन् भन्ने शुभकामनासहित प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

आषाढ, २०७१

(दामोदरप्रसाद शर्मा)

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स नं. : २०४३८,
वेबसाईट www.supremecourt.gov.np

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

National Judicial Academy, Nepal

(Estd. under the National Judicial Academy Act, 2006)

*"....committed to Excellency of Nepalese Law and Justice Sector."*


## मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानले यसको स्थापनाको उद्देश्य अनुरुप न्याय प्रशासनका क्षेत्रमा संलग्न जनशक्तिको दक्षता र क्षमता अभिवृद्धि गरी न्यायिक कार्यमा प्रभावकारिता ल्याउन प्रशिक्षण, अध्ययन, अनुसन्धान लगायतका कार्यहरु गर्दै आएको छ । त्यस्तै कानून र न्याय क्षेत्रका विभिन्न विषयमा श्रोत सामग्रीहरु समेत प्रकाशन गरेको छ । सन् २००७ देखि निरन्तर रुपमा एनजेए ल जर्नल पनि प्रकाशन गर्दै आएको छ । प्रतिष्ठानबाट प्रकाशित हुने सामग्रीहरुप्रति सरोकारवालाहरुले प्रकट गरेको पृष्ठपोषणले हामीलाई उत्साहित तुल्याएको छ । नेपाली भाषामा तयार भएका अनुसन्धानमूलक लेखरचना तयार गरी प्रकाशन गर्न सकेमा यसको दायरा अझ बढी फराकिलो हुने ठानी यस वर्षबाट एनजेए ल जर्नल नेपाली भाषामा समेत प्रकाशन प्रारम्भ गरिएको छ ।

पहिलो अंक मूलतः **न्यायिक सुधारका प्रयासहरुमा** केन्द्रित रहेको छ । नेपालको न्याय प्रणाली र न्याय प्रशासनमा सुधारका लागि गरिएका प्रयासहरु र सुधारका क्षेत्रहरुको बारेमा समालोचनात्मक रुपमा तयार भएका लेखरचनाले न्याय प्रशासनमा संलग्न जनशक्तिलाई मार्गदर्शन गर्न सहयोग पुऱ्याउने अपेक्षा राख्न सकिन्छ । सुधार एउटा निरन्तर प्रक्रिया हो र सुधारको विकल्प प्रभावकारी सुधार नै हो । सोही दृष्टिकोणलाई आत्मसात् गरी विगतको अवस्थाको स्मरण, वर्तमान अवस्थाको मूल्याङ्कन र भविष्यका लागि आधार तयार गर्न सुधारका प्रयासको समीक्षा गरिनु पर्दछ । यो अंक सोही दिशामा लक्षित रहेको छ ।

अन्तमा, प्रतिष्ठानको आग्रहलाई स्वीकार गरी लेखरचना उपलब्ध गराउनु हुने विद्वान लेखकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत जर्नल प्रकाशनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न सहयोग गर्ने प्रतिष्ठानका मानव संशाधन महाशाखा प्रमुख/रजिष्ट्रार श्री लेखनाथ पौडेल, सम्पादन कार्यमा सहयोग पुऱ्याउने फ्याकल्टी तथा सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई, सम्पादक श्री केदार घिमिरे र सहसम्पादक श्री संजीव राईलाई धन्यवाद प्रदान गर्न चाहन्छु । अन्त्यमा, यस कार्यका लागि सहयोग गर्नुहुने सम्बद्ध सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

आषाढ, २०७१

.........................
राघब लाल वैद्य
कार्यकारी निर्देशक


हरिहरभवन, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४९०५७, ०१-५५४९०६७
फ्याक्स ०१-५५३०६६२
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Ph.: +01-5549057, +01-5549067
Fax: +01-5530662
Post Box No.: 24865

# सम्पादकीय

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायी समेतका न्यायिक जनशक्तिको व्यवसायिक क्षमता र दक्षता अभिवृद्धि गर्न क्रियाशील रहेको छ । विभिन्न प्रशिक्षणहरूको माध्यमबाट होस् वा अनुसन्धानमूलक कार्यहरूबाट होस् या स्रोत सामग्री तथा प्राज्ञिक एवम् अनुसन्धानमूलक लेखरचनाहरू समेटिएको जर्नलको माध्यमबाट होस् प्रतिष्ठान संधै तत्परताका साथ अगाडि बढिरहेको छ । प्रतिष्ठानले आफ्नो स्थापनाको एक दशक पूरा गरी सक्दा आफ्ना पाठकहरू समक्ष साठीभन्दा बढी प्रकाशनहरू पस्किसकेको छ । प्रतिष्ठानले २०६४ सालदेखि लगातार रुपमा अंग्रेजी माध्यमको एनजेए ल जर्नल समेत प्रकाशन गर्दै आइरहेको छ । नेपाली भाषामा समेत त्यस्तै प्रकाशन भए हुन्थ्यो भन्ने पाठकवर्गहरूको बढ्दो चासो तथा रुचि र आग्रहलाई केन्द्रबिन्दु बनाएर प्रतिष्ठानले यसै वर्षबाट नेपाली भाषामा समेत जर्नल प्रकाशन गर्न प्रारम्भ गरेको छ ।

यो पहिलो जर्नललाई “न्यायिक सुधारका प्रयासहरू” मा केन्द्रित गरी विशेष अंकको रुपमा प्रकाशन गर्न गरेको प्रचलनलाई मूर्तरुप दिन सहयोग पुऱ्याउने विद्वान लेखकहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत जर्नलमा जम्मा १५ वटा लेख रचनाहरूको संग्रह गरिएको छ । मा.डा.श्री आनन्दमोहन भट्टराईले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश स्व. श्री विश्वनाथ उपाध्यायका विभिन्न फैसलाहरूलाई गहिरो अध्ययन गर्दै वहाँको फैसलाहरूमार्फत नै उहाँलाई एक कालजयी न्यायमूर्तिको रुपमा चित्रण गर्नु भएको छ । नेपालको विधिशास्त्रीय विकासमा वहाँले पुऱ्याउनु भएको योगदानलाई यो लेखमा वस्तुगत मूल्याङ्कन गरिएको छ ।

नेपालमा संघीय स्वरुपको संविधान निर्माण प्रक्रियाका विषयमा दोस्रो संविधानसभाको निर्वाचन पश्चात् पनि विभिन्न बहसहरू चलिरहेको अवस्था छ । संघीय शासन प्रणालीमा न्याय प्रणालीका स्वरुपहरू कस्ता कस्ता हुन सक्छन् भन्ने सन्दर्भमा संघीय प्रणाली अपनाएका विभिन्न मुलुकहरूको उदाहरण सहित नेपालको सन्दर्भमा कस्तो मोडेल उपयुक्त हुन्छ भन्ने विषयमा अधिवक्ता श्री ललितबहादुर बस्नेतले आफ्नो कलम चलाउनु भएको छ ।

अर्द्धन्यायिक निकायको कार्यसम्पादनको सन्दर्भमा अर्द्धन्यायिक निकाय के हो ? तिनीहरूको कार्य र प्रकृति, अर्द्धन्यायिक निकायले अपनाउनु पर्ने प्राकृतिक न्यायका सिद्धान्तहरू, यसको स्वरुप, अवधारणागत विकास, अवलम्बन गर्ने कार्यविधि लगायतका विषयमा मा.श्री नरिश्वर भण्डारीले योगदान गर्नु भएको छ ।

यस जर्नलको अर्को लेखको रुपमा श्री नहकूल सुवेदीज्यूबाट न्यायिक काम कारवाही पारदर्शी बनाउनका लागि कार्यविधि कानूनको भूमिका, न्याय सम्पादनमा

कार्यविधि कानूनको स्थान, यसको वर्गीकरण, विकासका चरणहरू र विभिन्न अध्ययनहरूले यसको सुधार गर्न देखाएका मार्गहरू सहित "कार्यविधि कानूनको सुधारका लागि भएका प्रयासहरू र यसले न्याय सम्पादनमा पारेको प्रभाव" नामक लेख प्रस्तुत गर्नु भएको छ ।

वाणिज्य सम्बन्धी विषयका विवादहरूलाई प्रभावकारी, छिटो र सही समाधानको लागि हाल नेपालमा पनि छुट्टै विशिष्टीकृत इजलासहरू गठन गरेर हेरिन लागेको सन्दर्भमा विशिष्टीकृत इजलास र अदालतको अवधारणा, यसको विकास, आवश्यकता, यसको गठन र क्षेत्राधिकार, नेपालको सन्दर्भमा नेपालको पुनरावेदन अदालतहरूमा गठन गरिएका वाणिज्य इजलासहरूमा परेका मुद्दाको किसिम, लगत, फछ्र्यौट सहितको सूचना सङ्कलित "वाणिज्य इजलासको स्थापना र वर्तमान अवस्था" विषयक लेख श्री नृपध्वज निरौलाले प्रस्तुत गर्नु भएको छ ।

अर्को लेखको रुपमा श्री कृष्णजीवी घिमिरेले "नेपालको फौजदारी न्याय प्रणालीमा अपराध अनुसन्धान र अभियोजन" शीर्षकमा फौजदारी न्याय प्रशासनको परिचय, इतिहास, अपराध अनुसन्धान र अभियोजन पद्धति, यसमा देखिएका सैद्धान्तिक र कानूनी समस्याहरू यसको सुधारका लागि भएका प्रयासहरू लगायतका कुराहरूलाई उठान गर्दै यस लेखमार्फत आफ्नो योगदान गर्नु भएको छ ।

श्री किरण पौडेलद्वारा लिखित "सरकारवादी मुद्दामा पुनरावेदन एवम् दोहोऱ्याई पाउँ तथा पुनरावलोकन सम्बन्धी निवेदनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू" नामक लेखमा पुनरावेदन सम्बन्धी व्यवस्था, पुनरावेदनका सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय मान्यताहरू, सरकारवादी मुद्दामा दोस्रो तहको पुनरावेदन सम्बन्धी व्यवस्था, पुनरावेदन गर्ने आधारहरू लगायतका विषयवस्तुहरूमा आफ्नो कलम चलाउनु भएको छ ।

त्यसैगरी संजिबराज रेग्मीले "सरकारवादी मुद्दामा अनुसन्धानको चरणमा गरिने प्रमाणको वैज्ञानिक परीक्षण एवम् सोको आधारमा गरिने अभियोजन सम्बन्धी निर्णय विषयमा आफ्नो लेख तयार गर्ने सिलसिलामा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा भौतिक र वैज्ञानिक प्रमाण, प्रमाणको वैज्ञानिक परीक्षणको औचित्य र महत्व, वैज्ञानिक प्रमाण सङ्कलन र परीक्षण गर्ने सम्बन्धी कानूनी व्यवस्था, सरकारवादी मुद्दामा प्रमाणको वैज्ञानिक परीक्षण गर्नुपर्ने अवस्था, प्रमाण सङ्कलनमा सरकारी वकीलले दिने निर्देशन र यसको प्रभावकारिताका साथसाथै अन्तर्राष्ट्रिय दस्तावेज र न्यायिक दृष्टिकोणले यसमा परेको प्रभावका सन्दर्भमा केही अदालती निर्णय सहित आफ्नो लेख तयार गर्नु भएको छ ।

फौजदारी मुद्दाको सम्बन्धमा फैसला गर्दा महत्वपूर्ण प्रमाणको रुपमा लिइने साक्षीको संरक्षण, साक्षी संरक्षणको क्षेत्र तथा मोडेलहरू, अन्तर्राष्ट्रिय व्यवस्थाहरू, यस सम्बन्धमा नेपाली कानून, न्यायिक दृष्टिकोणका साथसाथै साक्षी संरक्षण सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र समस्याहरू समेतलाई समेट्दै साक्षीको सुरक्षा तथा साक्षी संरक्षणलाई केन्द्रबिन्दु बनाएर श्री महेश शर्मा पौडेलज्यूले यस जर्नलको लागि अर्को लेख तयार गर्नु भएको छ ।

फैसला कार्यान्वयनका सम्बन्धमा श्री श्यामकुमार भट्टराईद्वारा लिखित "फैसला कार्यान्वयनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू" शीर्षकको लेखमा नेपालमा फैसला कार्यान्वयनको विद्यमान अवस्थालाई विगतका पाँच आर्थिक वर्षका आँकडाहरूको मूल्याङ्कन गर्दै यसका लागि हालसम्म गरिएका सुधारका प्रयासहरू, फैसला कार्यान्वयनका लागि न्यायपालिकाको रणनीतिक योजनाले लिएका लक्ष्य र रणनीतिक उपायहरू, यसमा देखिएका समस्याहरूलाई बुँदागत रुपमा उजागर गर्दै समस्या समाधानका उपायहरूलाई समेत समेट्नु भएको छ ।

रिट क्षेत्राधिकारको विकेन्द्रीकरण र त्यसले पारेको प्रभावको बारेमा मा.श्री उमेश कोइरालाले रिट क्षेत्राधिकारको अवधारणा, नेपालमा न्यायिक विकेन्द्रीकरणको इतिहास र वर्तमान अवस्था अन्तर्राष्ट्रिय अभ्यासहरूको तुलनात्मक अध्ययन, यसको औचित्य र आवश्यकता, यसले न्यायपालिकाका लागि पुऱ्याउने योगदान, यस सम्बन्धमा भएका हाम्रा कानूनी अभ्यासहरू र यसले पारेको प्रभाव लगायतका विषयमा प्रष्ट पार्नु भएको छ ।

यस जर्नलमा समेटिएको अर्को लेख मा. श्री श्रीप्रकाश उप्रेतीद्वारा लिखित "अपराधीकरण सम्बन्धी सिद्धान्त र प्रस्तावित अपराध संहिता २०६७ : एक विवेचना" रहेको छ । सो लेखमा लेखकले अपराधीकरण सम्बन्धी सिद्धान्त, न्यून अपराधीकरण सम्बन्धी दृष्टिकोण, प्रस्तावित अपराध संहिता, २०६७ मा गरिएको अपराधीकरण र यसका विचारणीय पक्षहरू, यसको विश्लेषणात्मक मूल्याङ्कन, लगायतका विषयहरूलाई उजागर गर्नु भएको छ ।

श्री झंकनाथ ढकालद्वारा लिखित "सुशासनको अवधारणा र अवलम्बनका अभ्यासहरू" विषयक लेखमा सुशासनका सैद्धान्तिक पक्षहरू, सुशासन सम्बन्धी कानूनी व्यवस्था, अन्तर्राष्ट्रिय दस्तावेजमा सुशासन सम्बन्धी व्यवस्था, न्यायिक दृष्टिकोण, नेपालमा सुशासनको स्थिति, सुशासन कायम गर्न गर्नु पर्ने प्रयासहरूको अभाव, यस सम्बन्धमा देखिएका केही समस्याहरू लगायत समस्या समाधानका लागि केही सुझावहरू सहितका विषयहरू समेट्नु भएको छ ।

त्यस्तै न्याय प्रशासनमा निरीक्षण, अनुगमन र मूल्याङ्कन विषयमा केन्द्रित रही श्री विमल पौडेलले तयार गर्नु भएको लेखमा निरीक्षण, अनुगमन र मूल्याङ्कनको अवधारणागत पक्ष, परिभाषा, यस सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू निरीक्षण, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा राष्ट्रिय कानूनी व्यवस्थाहरू, साथै सर्वोच्च अदालतमा रहेको अनुगमन तथा निरीक्षण महाशाखाको भूमिका र यसको प्रयोग, पालना र कार्यान्वयनको अवस्था लगायत देखिएका समस्या र चुनौतीहरू केलाउँदै समस्या समाधानका उपायहरू पनि प्रस्तुत गर्नु भएको छ ।

अन्त्यमा, राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना कालदेखि हालसम्म सञ्चालित १० वर्षका विभिन्न गतिविधि सम्मिलित "राष्ट्रिय न्यायिक प्रतिष्ठानको एक दशक :

संक्षिप्त समीक्षा" विषयक लेख रहेको छ । सो लेखमा श्री श्रीकृष्ण मुल्मीले राष्ट्रिय न्यायिक प्रतिष्ठानको १० वर्षको आरोह अवरोहलाई समीक्षा गर्ने प्रयास गर्नु भएको छ ।

प्रस्तुत जर्नल प्रकाशनको तयारीको क्रममा प्रतिष्ठान परिवारबाट पाएको सहयोगबाट नै यो अंक प्रकाशन हुन सकेको हो । जर्नल सम्पादनको जिम्मेवारी प्रदान गर्दै कार्य सम्पादनमा निरन्तर हौसलाको साथै समय समयमा सुझावहरू प्रदान गर्नु हुने प्रतिष्ठानका कार्यकारी निर्देशक मा.श्री राघब लाल वैद्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यो जर्नल प्रकाशन गर्नको प्रारम्भिक चरण देखिनै निरन्तर लागि सहयोग पुऱ्याउने हुने प्रतिष्ठानका फ्याकल्टीहरू मा.डा.श्री कूलरत्न भुर्तेल, मा.श्री राजेन्द्र खरेल, मा.श्री ऋषिकेश वाग्ले र सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै जर्नल प्रकाशनमा पुऱ्याउनु भएको सहयोगप्रति प्रतिष्ठानका मानव संशाधन महाशाखा प्रमुख तथा रजिष्ट्रार श्री लेखनाथ पौडेलप्रति पनि म धेरै आभारी छु । प्रतिष्ठानका उप निर्देशकहरू श्री श्रीकृष्ण मुल्मी तथा श्री पारस पौडेलले पुऱ्याउनु भएको सहयोग र दिनु भएको सुझावका लागि वहाँहरूप्रति पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु । जर्नलको डिजाइन, टाइपिङ्ग आदि कार्यमा सहयोग गर्नुहुने प्रकाशन सहायक श्री विष्णुबहादुर बरुवालको योगदानको उच्च प्रशंसा गर्न चाहन्छु । अन्त्यमा यो कार्यलाई पूर्णरुप प्रदान गर्नका सम्पादन कार्यमा सहयोग गर्नुहुने सह सम्पादक तथा प्रतिष्ठानका अनुसन्धान अधिकृत श्री संजीव राई लगायत प्रतिष्ठानका अधिकृतहरू एवम् कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट नेपाली भाषामा प्रकाशन भएको प्रस्तुत जर्नलको सम्पादनको अभिभारा प्रदान गर्नु भएकोमा माननीय कार्यकारी निर्देशक र रजिष्ट्रारज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । सम्पादनको क्रममा हुन गएका त्रुटीहरुप्रति क्षमा याचना गर्दछु । यहाँहरुको रचनात्मक प्रतिक्रिया र सुझावले आगामी प्रकाशनलाई मार्गदर्शन हुने अपेक्षा राखिएको छ ।

२०७१, आषाढ

सम्पादक

# विषय सूची


| सि.नं. | विषय | पृ.नं. |
|---|---|---|
| १. | **न्यायमूर्ति विश्वनाथ उपाध्यायलाई फैसलामार्फत नियाल्न खोज्दा**<br>*डा.आनन्दमोहन भट्टराई* | १ - ३४ |
| २. | **संघीय शासन प्रणालीमा न्याय प्रणालीको स्वरुप**<br>*ललितबहादुर बस्नेत* | ३५ - ७० |
| ३. | **अर्द्धन्यायिक निकायको न्यायिक कार्य सम्पादन**<br>*नरिश्वर भण्डारी* | ७१ - ९६ |
| ४. | **कार्यविधि कानूनको सुधारका लागि भएका प्रयासहरू र यसले न्याय सम्पादनमा पारेको प्रभाव**<br>*नहकुल सुबेदी* | ९७ - १२६ |
| ५. | **वाणिज्य इजलासको स्थापना र वर्तमान अवस्था**<br>*नृपध्वज निरौला* | १२७ - १४४ |
| ६. | **नेपालको फौजदारी न्याय प्रणालीमा अपराध अनुसन्धान र अभियोजन**<br>*कृष्णजीवी घिमिरे* | १४५ - १७० |
| ७. | **सरकारवादी मुद्दामा पुनरावेदन एवम् दोहोऱ्याई पाऊँ तथा पुनरावलोकन सम्बन्धी निवेदनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू**<br>*किरण पौडेल* | १७१ - १८८ |
| ८. | **सरकारवादी मुद्दामा अनुसन्धानको चरणमा गरिने प्रमाणको वैज्ञानिक परीक्षण एवम् सोको आधारमा गरिने अभियोजन सम्बन्धी निर्णय**<br>*संजीवराज रेग्मी* | १८९ - २१२ |
| ९. | **सरकारी साक्षीको संरक्षण, उपस्थिति र परीक्षणको अवस्था**<br>*महेश शर्मा पौडेल* | २१३ - २४८ |
| १०. | **फैसला कार्यान्वयनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू**<br>*श्यामकुमार भट्टराई* | २४९ - २६४ |

**११.** **रिट क्षेत्राधिकारको विकेन्द्रीकरण र त्यसले पारेको प्रभाव**
*उमेश कोइराला* २६५ - २८८

**१२.** **अपराधीकरणसम्बन्धी सिद्धान्त र प्रस्तावित अपराध संहिता, २०६७**
*श्रीप्रकाश उप्रेती* २८९ - ३०६

**१३.** **सुशासनको अवधारणा र अवलम्बनका अभ्यासहरू**
*झंकनाथ ढकाल* ३०७ - ३३०

**१४.** **न्याय प्रशासनमा निरीक्षण, अनुगमन र मूल्याङ्कन**
*बिमल पौडेल* ३३१ - ३५०

**१५.** **राष्ट्रिय न्यायिक प्रतिष्ठानको एक दशकः संक्षिप्त समीक्षा**
*श्रीकृष्ण मुल्मी* ३५१ - ३८६

# न्यायमूर्ति विश्वनाथ उपाध्यायलाई फैसलामार्फत नियाल्न खोज्दा

डा.आनन्दमोहन भट्टराई[♥]


## सारांश

*विश्वनाथ उपाध्यायको सार्वजनिक व्यक्तित्वका तीनवटा पाटाहरू तर्जुमाकार विश्वनाथ, संविधानविद् विश्वनाथ र न्यायमूर्ति विश्वनाथ मध्ये सबैभन्दा उचो स्थानमा रहेको "न्यायमूर्ति विश्वनाथ" रहेको तथ्यलाई प्रस्तुत लेखमा उहाँको व्यक्तित्वलाई वहाँकै फैसलाहरूमार्फत नियाल्ने कोशिश गरिएको छ । विश्वनाथका कालजयी फैसलाहरूले न्याय क्षेत्रमा गरेको योगदान र परिवर्तनलाई यस लेखमा वहाँको सर्वोच्च अदालतमा रहँदाका दुई कार्यकालमा भएका फैसला र त्यसको विश्लेषणमार्फत केलाउने प्रयास गरिएको छ । प्रजातन्त्रको स्थापना अघि होस् या पछि नेपाली कानून र कानूनी पद्धतिमा वहाँको योगदान अद्वितीय छ र वहाँका चर्चित फैसलालाई गहिरिएर नियाल्ने हो भने वहाँ समकालीन न्यायिक इतिहासको सबैभन्दा "सग्लो र अग्लो" व्यक्तित्व रहनु भएको कुरालाई नकार्न सकिदैन भन्ने कुरा नै प्रस्तुत लेखको केन्द्रबिन्दु हो ।*


## १. विषय प्रवेश

२०७० साल माघ १० गते अचानक अत्यन्त अपत्यारिलो गरी "न्यायमूर्ति" विश्वनाथ उपाध्यायको निधनको खबर आयो ।[१] यो विस्मयकारी विषयलाई भोलिपल्ट निस्कने सबै राष्ट्रिय दैनिकहरूले प्रथम पृष्ठको समाचारको विषय बनाए । समाचारमा वहाँका कि त तस्विर थिए कि त स्केज । त्यसपछि पनि कैयौं हप्तासम्म वहाँको सम्झनामा लेख रचनाहरू प्रकाशित भई नै रहे । मलाई जानकारी भएसम्म एउटा न्यायमूर्तिको विषयमा कानून इतर क्षेत्रले यति विघ्न चासो राखी लेखेको सम्भवतः पहिलो पटक र न्यायाधीशहरूको निधन हुँदा पत्रिकाले प्रथम पृष्ठको समाचार बनाएको यो दोस्रो पटक थियो;[२] एउटा समाचारमा वहाँलाई हाम्रो न्यायिक क्षेत्रको सबैभन्दा "अग्लो र सग्लो" व्यक्तित्व भनियो । मलाई यो विशेषण अत्यन्त उपयुक्त लाग्यो ।

---

♥ मुख्य न्यायाधीश, पुनरावेदन अदालत । यो लेख शेषराज सिवाकोटीद्वारा सम्पादित न्याय भाग १७ विश्वनाथ उपाध्याय स्मृति अंक २०७० मा "न्यायमूर्ति विश्वनाथ उपाध्यायको सम्झनामा" शीर्षकमा प्रकाशित लेखको परिमार्जित र विस्तृत रुप हो ।

१. अपत्यारिलो यस मानेमा कि वहाँ केही समय पहिले मात्र अमेरिकाबाट फर्कनु भएको हुँदा ढल्कदो उमेरको बाबजुद वहाँ स्वस्थ हुनुहुन्छ भन्ने आम अपेक्षा थियो ।

२. यस अघि न्यायाधीश लक्ष्मण अर्यालको निधन पनि प्रथम पृ.को समाचार बनेको थियो ।

विश्वनाथ उपाध्यायको सार्वजनिक व्यक्तित्वका मूलतः तीन वटा पाटाहरू छन् : एउटा तर्जुमाकार विश्वनाथ, अर्को संविधानविद् विश्वनाथ र तेस्रो "न्यायमूर्ति" विश्वनाथ । यी तीनवटै पाटाहरू विशिष्ट र एक अर्कासँग सम्बन्धित भऱ्याङका खुटकिला जस्तै एक माथि अर्को जोडिएर रहेका छन् । यी मध्ये सबैभन्दा उचो स्थानमा भने "न्यायमूर्ति विश्वनाथ" रहेको छ भन्ने मलाई लाग्छ । जनमानसमा पनि विश्वनाथ भन्नासाथ न्यायाधीश वा प्रधान न्यायाधीश विश्वनाथ भन्ने नै सम्झिइन्छ, त्यसपछि मात्र वहाँको व्यक्तित्वका अन्य पाटाहरूको खोजी हुन्छ । यो ठीकै पनि हो । किनभने सर्वोच्च अदालतको न्यायाधीश नियुक्त हुनुपूर्व उत्कृष्ट तर्जुमाकारको हैसियतमा गरेको योगदानको कारण वहाँ एकैचोटि सर्वोच्च अदालतको न्यायाधीश जस्तो गरिमामय पदमा पुग्नु भयो । त्यसपछि वहाँले सविधान निर्माण गर्ने जुन जिम्मेवारी २०४६ सालमा पाउनु भयो, त्यो बेञ्चबाट गरेको योगदानकै कारण सम्भव भएको हो । जिन्दगीको लामो यात्रामा वहाँले धेरै किसिमका शीरपोषहरू पहिरहनु भयो होला, तर "न्यायमूर्ति" कै शीरपोषमा वहाँ सबैभन्दा "अग्लो र सग्लो" देखिनु भयो ।

त्यसैले प्रस्तुत लेखमा मैले न्यायमूर्ति विश्वनाथको व्यक्तित्वलाई वहाँका फैसलाहरूमार्फत नियाल्ने कोशिश गरेको छु । त्यसो गर्नुमा मेरो व्यक्तिगत बाध्यता र व्यावसायिक चाख दुबै छ : व्यक्तिगत बाध्यता यस मानेमा कि मलाई वहाँको अन्य दुई पाटाहरू बारेमा गहिरो जानकारी छैन, व्यावसायिक चाख यस मानेमा कि एउटा न्यायाधीशलाई जुन युगसम्म सम्झाउने उसका कालजयी फैसलाहरू नै हुन् । जसरी वहाँका कालजयी फैसलाहरूले न्याय क्षेत्रमा लागेका हाम्रो पुस्तका व्यक्तिहरूलाई प्रभावित गरे, त्यसरी नै आउँदो पुस्तालाई पनि प्रभावित गरिरहने छन् भन्ने मलाई लाग्छ ।

## २. सर्वोच्चमा दुई कार्यकाल

विश्वनाथ उपाध्यायको सर्वोच्च अदालतमा दुई अवधि कार्य गर्नु भयो । यद्यपि सर्वोच्चको न्यायाधीशको हैसियत भने वहाँमा २०२७ साल पुषदेखि २०५२ साल असोजमा उमेरको हदको कारण सेवा निवृत्त नभएसम्म कायम नै रहिरह्यो तर सक्रिय सेवाको हिसाबबाट सर्वोच्चको बसाईलाई हेर्दा २०२७ देखि २०३६ सालसम्मलाई पहिलो कार्यकाल र २०४८ सालदेखि २०५२ सम्मको अवधिलाई दोस्रो कार्यकाल मान्न सकिन्छ । यसरी वहाँले सर्वोच्च अदालतमा करिब १३ वर्ष कार्य गर्नु भयो । दुबै अवधिमा वहाँले कालजयी फैसलाहरू गर्नु भएको छ; हाम्रो पुस्ताका कुनै पनि व्यक्तिलाई सोध्नुहोस्, दर्जनभन्दा बढी वहाँका फैसलाहरू त मुखाग्रै भन्न सक्छ । मेरो अनुमान छ, वहाँले राय लेखेका र वहाँ संलग्न गरी वहाँका करिब करिब ३५० जति फैसलाहरू छन् । तिनै मध्ये पहिलो अवधिको २१ र दोस्रो अवधिका २५ गरी ५६ फैसलाहरूलाई मैले प्रस्तुत लेख तयार गर्ने सन्दर्भमा अध्ययन गरेको छु; तिनै फैसलाहरूमार्फत वहाँको व्यक्तित्वलाई नियाल्ने कोशिश गर्नेछु ।

## २.१ पहिलो कार्यकाल

विश्वनाथ उपाध्यायको सर्वोच्च अदालतको पहिलो कार्यकालमा म कानूनको विद्यार्थी थिएँ । सोही समयदेखि नै विश्वनाथ सदा मेरो सम्मान र जिज्ञासाको विषय रहिरहनु भएको हो । अझ भन्ने हो भने कलेजका दिनहरूदेखि नै म र मेरो पुस्ताका कतिपय मित्रहरू वहाँको "फ्यान" भइसकेका थियौं । ल क्याम्पसमा हामी वहाँका फैसलाहरू दोहोऱ्याई तेहेऱ्याई पढ्थ्यौं । सर्वज्ञरत्न तुलाधर विरुद्ध राष्ट्रिय पञ्चायत त हामीहरू कानून पढ्दा पढ्दै चलेको र तत्कालीन पत्रपत्रिकामा छाएको, संवैधानिक र अन्य कारणले अत्यन्त चर्चित मुद्दा थियो । मलाई अहिले पनि याद छ, सो मुद्दामा लेखिएका दुईवटा वाक्यहरू । फैसलामा "राष्ट्रिय पञ्चायत जस्तो एउटा संवैधानिक निकायले आफ्नो संवैधानिक सीमालाई नाघ्न खोज्छ भने कानून र संविधानको अन्तिम व्याख्याताको रुपमा रहेको सर्वोच्च अदालतले उसको संवैधानिक सीमा यो हो भनी भन्नु पर्ने हुन्छ" र त्यस्तै गरी अर्को एक ठाउँमा "राष्ट्रिय पञ्चायतले आफूलाई संविधानले प्रदान नगरेको सर्वोच्च व्यवस्थापिका भन्ने नाम धारण गरेको संविधान अनुकूल छैन" भनिएको थियो ।[३] मलाई लाग्छ विद्यार्थी कालमा केही विद्रोही चरित्रका हामीलाई ती दुई मध्ये पनि दोस्रो वाक्य बढी मन परेको थियो ।

पञ्चायतकालमा एउटा संविधान थियो, जुन कुनै रुपबाट पनि संविधानबादको सिद्धान्तमा आधारित थिएन, राजाबाट दिइएको र वहाँको इच्छामा संशोधन वा प्रतिसंहरण हुन सक्ने । संविधान अन्तर्गतका कुनै पनि पदाधिकारीहरू, न्यायाधीशहरू समेत राजाको इच्छा रहेसम्म मात्र आफ्नो पदमा बहाल रहन सक्थे । यस्तो अवस्थामा पनि विश्वनाथले सर्वोच्च अदालतबाट हामी संविधानको अन्तिम व्याख्याता हौं भनिरहनु भएको थियो, यो कुनै चानचुने कुरा थिएन । त्यसो त यस अघि नै वहाँले रघुराज शाहीमा[४] भूमि सम्बन्धी ऐनको प्रथम संशोधनलाई न्यायिक पुनरावलोकन गर्दै अमान्य र शून्य घोषित गर्नु भएको थियो, यद्यपि त्यो बहुमतको राय भने थिएन । नेपालको संविधान २०१९ को धारा १७ भित्रबाट वहाँले त्यो अधिकार खोजिरहनु भएको थियो । सर्वज्ञरत्नमा अरु एक कदम अघि बढेर वहाँले "कानून र संविधानको व्याख्या गर्ने अधिकार अदालतको हो भन्ने कुरा कानून वा संविधानमा व्यक्त गरिनु आवश्यक नै छैन । त्यो अदालतको अन्तरनिहित अधिकार हो" भन्ने उद्घोष गर्नु भएको थियो ।

राष्ट्रिय पञ्चायत सर्वोच्च विधायिका होइन भन्ने मान्यताका पछाडि यसले प्रयोग गर्ने "सिफारिश गर्ने अधिकार" नै हो । पञ्चायतकालका रहेक ऐनका प्रस्तावनामा "श्री ५ बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सहमतिमा यो ऐन बनाई बक्सेको छ" भन्ने उल्लेख भएको सबैले देखेकै कुरा हो । यसभन्दा पनि प्रमुख कुरा राष्ट्रिय पञ्चायतसँग श्री

---

३. सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष, राष्ट्रिय पञ्चायत समेत, ने.का.प.२०३५ नि.नं. ११९७ पृ. १६८

४. रघुराज शाही वि. भु.प्र.का कैलाली समेत ने.का.प. २०३४ नि.नं. १०२९ पृ. ५४

५ लाई ऐन जारी गर्न बाध्य पार्ने शक्ति नै थिएन । यस्तो परिस्थितिमा राष्ट्रिय पञ्चायतको हैसियत केवल सल्लाह र सिफारिश चढाउने निकायभन्दा अर्को मान्न सकिने अवस्था थिएन । तर यस्तो हैसियत भएको राष्ट्रिय पञ्चायतले अदालत उपर हिलो छ्याप्ने कार्य गरेको थियो । यही परिस्थितिमा वहाँले सो संस्थाको संवैधानिक हैसियत देखाइदिनु भएको थियो र भन्नु भएको थियोः **राष्ट्रिय पञ्चायत सर्वोच्च विधायिका होइन ।** यो फैसलाले सानै रुपमा भए पनि एक किसिमको तहल्का मच्चायो । पञ्चायती व्यवस्थाका आलोचकहरूका लागि त यो रुचिकर हुने नै भयो । वहाँको यो विश्लेषण संविधानको व्यवस्था अनुसार स्वभाविक व्याख्या थियो तर यसले तत्कालीन पञ्चहरूलाई अत्यन्त क्रुद्द बनायो ।

हामी विद्यार्थी हुँदाकै समयमा वहाँको एउटा अर्को फैसलाले विशेष चर्चा पायो । कक्षामा कसैले आत्मनिष्ठ कुरा गर्दै मलाई यसो लाग्यो र यसो गरे भन्यो भने हामी "शून्यमा लागेर हुन्छ ?" भन्थ्यौं । त्यो समीक्षा साप्ताहिकको मुद्दामा वहाँले लेखेको फैसलामा उल्लेखित वाक्यको अनुकरण थियो । समीक्षा त्यस बखतको लोकप्रिय पत्रिका; सम्भवतः तत्कालीन सत्ताको आँखाको कसिंगर पनि । २०३५ साल बैशाखमा त्यसको प्रकाशनमा रोक लगाइयो । छापाखाना र प्रकाशन सम्बन्धी ऐनको दफा २२ (१)(क) प्रयोग गरी सञ्चार मन्त्रालयले एकै दिनमा दुईवटा पत्र सो पत्रिकामा सम्पादकलाई लेख्यो । एउटामा दफा मात्र उल्लेख गऱ्यो । अर्कोमा "दफा २२ (१)(क) ले निषेध गरेको कार्य भन्ने श्री ५ को सरकारलाई लागेकोले" भन्ने वाक्यांशसम्म उल्लेख गऱ्यो, तर किन र के कारणले लाग्यो कुनैमा पनि भनिएन । त्यतिले मात्र नपुगेर सर्वोच्च अदालतबाट कारण देखाउ आदेश पश्चात् लिखित जबाफमा "दफा २२ (१) (क) द्वारा निषेधित क्रियाकलाप मध्ये कुन क्रियाकलापमा लागेकोले बन्द गरिएको हो भन्ने बुद्धिजीवी पत्रकारले आफै बुझ्नु पर्छ; सरकारलाई सो भन्नु पर्ने आवश्यकता र बाध्यता छैन" भनी सरकारले सर्वोच्च अदालतलाई जबाफ पठायो । यस्तो गैर जिम्मेदार, अनौठो र असामान्य जबाफप्रति आक्रोस पोख्दै विश्वनाथ उपाध्यायले प्रश्न गर्नु भयो; "उसलाई मैले यो सजाय गरे; तर उसले के **अपराध गऱ्यो म भन्दिन, भन्न कर पनि छैन, उसले आफै यो बुझ्नु पर्छ भन्नु कहाँसम्म न्यायोचित हो ?**" वहाँको दृढ मान्यता थियो कि जतिसुकै आत्मनिष्ठ भनिएको अधिकारको पनि वस्तुनिष्ठ आधारहरू हुन्छन् र हुनैपर्छ । कसैलाई सजाय गर्ने कुरामा सो अधिकारीलाई लाग्नु मात्र पर्याप्त हुँदैन । यसै सन्दर्भमा वहाँले भन्नु भएको थियो……**"कुनै आधार नभै शून्यको स्थितिमा लागेर हुँदैन"** । मलाई अहिले सम्झना हुन्छ भारतमा राष्ट्रपतिको राज्य सरकार विघटन गर्ने अधिकारको बारेमा वस्तुनिष्ठताको यस्तै प्रश्न S.R. Bommai[५] को मुद्दा उठेको थियो । भारतीय संविधानको धारा ३५६ को प्रयोगको सम्बन्धमा राष्ट्रपतिको यो अधिकार त वहाँको आत्मनिष्ठ

५. S.R. Bommai v Union of India 1994 3 SCC 1

सन्तुष्टिको विषय हो भनी त्यहाँको सरकारले जिकिर लिएको थियो ।[६] यसलाई अस्वीकार गर्दै उच्चतम् न्यायालयले भन्यो : हामी मान्छौं कि धारा १५६ मा "राष्ट्रपति सन्तुष्ट भएमा" भनिएको छ, तर राष्ट्रपति महोदयले जुन उच्च पद सम्हाल्नु भएको छ, उहाँको पदको जुन गरिमा छ, त्यसलाई हेर्दा उहाँको सन्तुष्टिमा वस्तुनिष्ठ आधारहरू हुनैपर्छ । हामी सो आधारहरूको पर्याप्तता वा अपर्याप्ततामा नपसौंला तर वहाँको निर्णयसँग सम्बद्ध वस्तुनिष्ठ आधार हुनु वेगर सो अधिकारको सही तरिकाले प्रयोग भएको भनी हामी मान्न सक्दैनौं । भारतीय उच्चतम् न्यायालयले सन् १९९४ को मार्चमा भनेको त्यही कुरा विश्वनाथ उपाध्यायले सन् १९७८ मा भनी सक्नु भएको छ । उहाँले भन्नु भएको थियोः **"अधिकारको प्रयोग इमानदारी, निष्पक्षता एवम् विवेकका साथ गरियोस भनेर दिइएको हुन्छ, कानूनी अधिकारको प्रयोगमा स्वेच्छाचार गर्ने हक कसैलाई हुँदैन"** । यो निरंकुशता रोक्ने प्रयास मात्र थिएन, सुशासन र उत्तरदायित्वको पाठ पढ्ने बारेको निर्देश पनि थियो; र समीक्षामा वहाँले जे भन्नु भएको थियो त्यसको जग वहाँले २०२८ सालमा नै चेतना साप्ताहिकको मुद्दामा[७] राखिसक्नु भएको थियो । सो मुद्दामा **"कुनै आधार र कारण नै प्रष्ट उल्लेख नगरी सोझै बयान सन्तोषजनक भएन भन्ने धारणा बनाई कसैको वाक र प्रकाशन स्वतन्त्रताको अपहरण गर्नु वान्छनीय, न्यायोचित र कानूनसंगत होइन"** भन्ने उद्घोष वहाँले गर्नु भएको थियो ।

माथिका फैसलाहरू अवश्य पनि वहाँको पहिलो कार्यकालका बढी चर्चा भएका फैसलाहरू हुन् तर यसको मतलब अरु फैसलाहरू कम महत्वपूर्ण छन् भन्ने कदापि होइन । वहाँका व्यक्तित्वलाई नियाल्नको लागि तिनको सिलसिलेवार अध्ययन र विश्लेषण जरुरी छ । यो छोटो लेखमा त्यो सबै सम्भव छैन । तथापि ती मध्ये केही हेरौं ।

वहाँका कालजयी फैसलाहरू मध्ये अर्को फैसला होः ओमकार श्रेष्ठ[८] को मुद्दा । नेपाली कांग्रेससँग आबद्ध युवा ओमकार श्रेष्ठलाई २०१९/७/६ देखि लगातार थुनामा राखिएको थियो- कुनै औपचारिक सुनुवाई वा थुनुवा पूर्जी दिनु बेगर । "२०१९ सालदेखि थुनिए तापनि धेरैपछि मात्र अराष्ट्रिय तत्व भन्ने मुद्दामा थुनिएको भन्ने थाहा पाए[९], तर कुन कानून अन्तर्गतको कसूरमा कुन अड्डाको फैसलाले के कति सजाय भएको हो केही खुलाइएन" भन्ने उनको जिकिर थियो । संक्षेपमा एउटा अन्यौलपूर्ण स्थितिमा उनी अदालत आएका थिए । कानूनको उचित प्रक्रिया वेगर थुनिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भन्ने उनको

---

६. भारतीय संविधानको धारा ३५६ (१) मा भनिएको छ : "if the Presedent, on the receipt of the governor or otherwise, is satisfied........।"

७. चेतना साप्ताहिकको सम्पादक वद्री प्रसाद गुप्ता वि. अञ्चलाधीश विष्णुमणि आचार्य, ने.का.प. २०२८ नि.नं. ६०४ पृ. १५५

८. ओमकार प्रसाद श्रेष्ठ वि. केन्द्रीय कारागार काठमाण्डौ, ने.का. प. २०२८ नि. नं. ६०६ पृ १७७

९. २०२३ सालमा का.श्रे. अ.त. को एउटा पूर्जी दिइएको थियो ।

माग थियो । लिखित जबाफ हेर्दा मात्र विध्वंसकारी काम रोक्ने र विध्वंसकारी दमन गर्ने ऐन २०१८ र राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कारवाही गरिएको भन्ने बुझ्न सकिन्थ्यो, तर के कार्य गरेकोले उनलाई पक्राउ गरियो, उनी उपरका आरोपहरू के हुन् कतैबाट खुल्दैनथ्यो । लिखित जबाफहरू हास्यास्पद थिए । एउटामा त थुना कानूनी थियो भन्नु सट्टा **"यतिका वर्षसम्म चुप लागेर अहिले मात्र किन आए त, थुना गैरकानूनी थियो भने पहिले नै भन्न सक्नु पर्ने थियो"** भनी वेतुकको तर्क गरिएको थियो । विधिको शासन धर्मराएको र सर्वत्र स्वेच्छाचारिताले प्रश्रय पाएको यस्तो अवस्थामा पनि गैरकानूनी थुनालाई विश्वनाथ उपाध्यायले स्वीकार गर्नु भएन र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु भयो । आदेश जारी गर्ने आधारहरू राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले तोकेको विशेष अदालतलाई हुने भनिएबाट विध्वंशकारी दमन गर्ने ऐन, २०१८ अन्तर्गतको ट्राइव्युनललाई नभएको भन्ने, कुन कानून अन्तर्गत के कस्तो कसूरमा कसका फैसलाले थुनिएको हो जानकारी सम्म नदिएको भन्ने र अनिश्चित कालसम्म थुनिएको भन्ने तीन आधारहरू थिए । बन्दीप्रत्याक्षीकरणको आदेश जारी हुन सक्ने आधारहरू बारे अरु स्पष्ट गर्दै वहाँले भन्नु भयो: **"अधिकार क्षेत्र नभएको अदालत वा अन्य कुनै निकाय वा अधिकारीको आदेश वा फैसलालाई कानूनबमोजिमको आदेश वा फैसला मान्न र त्यस्तो आदेश वा फैसलाबाट कैद वा थुनामा परेको व्यक्ति कानूनबमोजिम कैद वा थुनामा परेको भन्न मिल्दैन । जुनसुकै किसिमले होस् गैरकानूनी रुपमा कुनै व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण गरिएको छ भने त्यसको उपचार बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा हुन सक्दछ..... जसरी अपराध गर्ने छुट कसैलाई हुन सक्दैन, त्यसै गरी अभियुक्त उपर कारवाही गर्दा कानूनी व्यवस्थाको निरादर गरी मनमानीपूर्वक कारवाही गर्ने छुट पनि कानूनले कसैलाई प्रदान गर्दैन"**।[१०] यसरी यो फैसलाले ओमकार श्रेष्ठको व्यक्तिगत स्वतन्त्रताको संरक्षण मात्र गरेन, बन्दीप्रत्याक्षीकरणको आदेश जारी हुन सक्ने आधारहरूको निर्माण पनि गरियो ।

त्यस बखतको त्यतिकै चर्चित मुद्दा हो: **हिरा पासी**[११]। हिरा पासी प्रमाण ऐन २०३१ आउनुभन्दा पहिलेको मुद्दा हो । यसमा हिरा पासीको प्रहरीमा भएको ठाडो साविति र सह-अभियुक्त पट्के अपराधी यासिनको पोल बाहेक अन्य कुनै प्रमाण मिसिलमा मौजुद थिएनन् । ठाडो साविति र पोलको भरयोग्यता कतिको थियो र त्यति आधारमा हिरा पासीलाई गडाउ गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न सो मुद्दामा उठेको थियो । अर्को शब्दमा यहाँ सह-अभियुक्तको पोल र प्रहरीमा अभियुक्तले गरेको बयानको के कस्तो

---

१०. वहाँको यो राय सैद्धान्तिक रुपमा चुस्त थियो । तथापी यसलाई अरु पुस्टि गर्न वहाँले हेल्सवरिज लज अफ इङ्गलेण्ड समेत उद्धरण गर्नु भएको थियो- शायद तत्कालीन वातावरणसँग त्यति आस्वस्त हुन नसकेर होकि? यो मुद्दामा अर्को न्यायाधीश नयन बहादुर खत्रीले फरक आधारमा बन्दीप्रत्याक्षीकरणको आदेश जारी गर्नु भएको थियो ।

११. हिरा पासी वि. श्री ५ को सरकार ने. का.प. २०२८ नि नं.६१२ पृ २०८

प्रामाणिक महत्व रहन्छ भन्ने प्रश्नको समाधान खोज्नु पर्ने थियो । डिभिजन बेन्चबाट विश्वनाथ उपाध्यायले: **"कुनै मुद्दामा कुनै अभियुक्तले अन्य व्यक्तिहरूका उपर समेत पोल गरी गरेको साविति बयान अन्य कुनै स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित नभएसम्म ती पोलिएका व्यक्तिहरूका विरुद्ध प्रमाण लगाउन न्यायोचित हुँदैन"** भन्नु भयो । यो आपत्तिका केही आधारहरू थिए, पहिलो सह-अभियुक्तलाई बयान गराउदा धर्म भकाइदैन, दोस्रो त्यस्तो बयान कसैको उपस्थितिमा गराइएको हुँदैन, तेस्रो बयान गर्ने व्यक्तिलाई जिरह गर्न पाइएको हुँदैन र सबैभन्दा महत्वपूर्ण कुरा आफूले गरेको कसूरका हुने सजाय वाहेक झुठ्ठा बकेमा सह-अभियुक्तको बयानलाई अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणले समर्थन गर्नु आवश्यक छ भन्ने वहाँको राय थियो । प्रहरीमा गरिएको बयान अर्थात गैरन्यायिक बयानको बारेमा **"मुद्दाको कुनै पक्षले अर्को पक्षलाई आफनो हिरासतमा राखी गराएको कागजलाई कुनै अवस्थामा पनि स्वतन्त्र र विश्वसनीय प्रमाण मान्न सकिदैन"** भन्ने धारणा वहाँले राख्नु भयो । वादी वा उजूरबालाको रुपमा मुद्दा चलाउने प्रहरीले आफनो हिरासतमा राखी गराएको बयानलाई स्वतन्त्र बयानको रुपमा मान्यता दिई कसूर पुष्टि भएको सम्झन **"न्याय, तर्क र विवेक कुनै दृष्टिकोणबाट पनि मिल्दैन"** भन्ने वहाँको स्पष्ट मत थियो ।

त्यसो भए पक्षले अदालतमा गरेको बयानमा वहाँको के धारणा थियो त एउटा स्वभाविक प्रश्न उठ्न सक्छ । यस्तो बयान अस्वीकार गर्ने पक्षमा त वहाँ देखिनु हुन्न तर अदालतमा गरेको बयानमा पनि सम्पूर्ण कसूर स्वीकार गरेको हुनुपर्छ र त्यो स्पष्ट हुनुपर्छ; घुमाउरो पाराले कसूर स्वीकार गर्नु मात्र पर्याप्त हुँदैन भन्ने वहाँको दृष्टिकोण रहेको फैसलाहरूको अध्ययनबाट देखिन्छ ।[१२]

प्रमाण ऐन बनिसकेको अवस्थामा प्रतिपादित यी सिद्धान्तहरूले फौजदारी न्याय प्रणालीलाई एउटा निश्चित सैदान्तिक धरातलमा उभ्याउन खोजेका थिए । यी मान्यताहरू भारतीय प्रमाण कानूनका व्यवस्थाहरूमा आधारित थिए । कानूनको अध्ययन भारतमा नै गरेको कारण विश्वनाथ उपाध्यायलाई यी व्यवस्थाहरू बारे जानकारी हुनु स्वभाविकै हो । तर वहाँ समेत भै तर्जुमा गरिएको प्रमाण ऐनले वहाँबाट प्रतिपादित यी सिद्धान्तहरूलाई कति आत्मसात गरे, पूर्ण रुपमा किन गर्न सकेनन् यो भने जिज्ञासाको विषय नै रहेको छ ।

---

१२. राजेन्द्र बिरही अधिकारी वि. श्री ५ को सरकार, ने. का.प. २०३१ नि नं. ८४८ पृ २६३. यो मुद्दामा "अभियुक्तले स्वतन्त्र रुपमा आफूखुशी बयान दिएको वा बयानमा भनिएको कुराहरू जस्ताको त्यस्तै लेखपढ भएको हो वा होइन भनी शंका लिनुपर्ने कुनै मनासिव कारण देखिन्छ भने अन्य प्रमाणबाट समर्थित नभएसम्म त्यस्तो सावितिको आधारमा मात्र अभियुक्तलाई अपराधी ठहराउन न्यायसंगत हुँदैन" भन्ने धनेन्द्र बहादुर सिंहको रायलाई वहाँले समर्थन गर्नु भएको थियो ।

प्रमाण ऐनसँग सम्बन्धित अर्को चर्चित मुद्दा हो **मिस मार्साकल कास्की**[१३]। यसमा विश्वनाथ उपाध्यायले साविति र स्वीकारोक्तिबीच रहेको विभेदलाई स्पष्ट पार्नु भएको छ। वहाँका अनुसार **"अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटै कुरा होइन"**। आफू उपरको सबै अभियोग स्पष्ट रुपमा स्वीकार गर्नु साविति हो भने मुद्दासँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु स्वीकारोक्ति हो[१४]। **"कुनै बयान साविति बयान हो वा होइन भन्ने निष्कर्षमा पुग्नको लागि सो बयानमा व्यक्त भएका सबै कुरालाई समष्टिगत रुपमा विचार गर्नुपर्छ। अभियुक्तले आफूउपरको अभियोग प्रष्ट रुपमा स्वीकार गरेको वा अपराध ठहरिनको लागि आवश्यक सबै तत्व वा तथ्यलाई सारत : स्वीकार गरेको भए मात्र निजले अपराध स्वीकार गरेको"** मानिने हुँदा त्यसलाई साविति मान्न सकिन्छ भन्ने वहाँको राय थियो। प्रमाण ऐनको अध्ययनमा मिस मार्साकल कास्की अहिले पनि महत्वपूर्ण नजीर मानिन्छ।

पहिलो अवधिको अर्को चर्चित मुद्दा हो **बच्ची विष्ट**[१५]। यसमा विश्वनाथ उपाध्यायले **"पितृत्वको कुरा सधै अनुमानमै आधारित हुने र त्यस सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म आमाले भनेको कुरालाई साँचो मान्नु पर्ने"** भन्ने सिद्धान्त प्रतिपादित गर्नु भएको छ। यो सिद्धान्तले डि.एन.ए परीक्षण विधिमार्फत पितृत्वको प्रमाण लाग्ने व्यवस्था शुरु नगरिएसम्म नाता कायम मुद्दामा प्रमुख स्थान बनाएको थियो। हाल डि.एन.ए परीक्षण विधिमार्फत पितृत्व पनि वैज्ञानिक रुपमा नै यकिन गर्न सकिने हुँदा अव यो अनुमानको विषय नबनी तथ्यकै विषय बन्न गएको छ। त्यसैले अहिले बच्ची विष्टमा प्रतिपादित सिद्धान्तको वजन केही घटेको छ तापनि लामो समयसम्म वच्ची विष्टले पितृत्वको विवादमा अदालतलाई मार्गदर्शन गरिरह्यो।

विश्वनाथ उपाध्यायको पहिलो कार्यकालमा निर्णय भएका अन्य चर्चित मुद्दाहरूमा सुवास नेम्वाङ[१६], लवदेव भट्ट[१७], परमानन्द सिंह[१८], मुनिलाल गोल्छा[१९], देवेन्द्र शम्सेर[२०], नमिन्द्र नाथ गोसाई[२१], पशुपति गिरी[२२], द्रोण शमसेर[२३] आदि पर्दछन्।

---

१३. मिस मार्साकल कास्की वि त्रि.वि. भन्सार कार्यालय, ने.का.प. २०३४ नि.नं.१०५१ पृ १३४

१४. जस्तो यो मुद्दामा प्रतिवादीले हङकङबाट आएको पर्वतारोहण सम्बन्धी सामान हो भनेको कारण आफू सामान छुटाउन अधिकार पत्र लिई एयरपोर्ट गएको कुरा स्वीकार गर्दै आफूलाई सो सामानहरू अवैध घडी हुन भन्ने थाहा नभएको कुरा गरेको छ।

१५. वच्ची विष्ट वि. कबिन्द्र वहादुर क्षेत्री ने. का. प. २०३४ नि. नं. १०५२ पृ. १३८

१६. सुवास नेम्वाङ वि. श्री ५ को सरकार, ने.का.प. २०३६ नि.नं. १३१२ पृ. ३८३

१७. लवदेव भट्ट वि. रुपन्देही जिल्ला अदालत, ने.का.प. २०३० नि.नं ७५८ पृ. २३०

१८. परमानन्द सिंह वि गृह पञ्चायत मन्त्रालय, ने.का.प. २०३१ नि.नं. ८७३ पृ. ३८३

१९. मुनिलाल गोल्छा वि धन चन्द्र माडवारी ने.का.प. २०३० नि.नं. ७७७ पृ. ३०२

२०. देवेन्द्र शमसेर वि लिला सम्सेर ने.का.प. २०२८ नि.नं. ३८३

२१. नमिन्द्र नाथ गोसाई वि. श्यामलाल थारु ने.का.प. २०३३ नि.नं. ९६५ पृ. ५२.

२२. पशुपति गिरी वि. बृजेन्द्र बहादुर वस्नेत समेत, ने.का.प. २०३६ नि.नं. ३७३१ पृ. १९४

२३. द्रोण शम्सेर वि. इन्डियन एयरलाइन्स ने.का.प. २०२९ नि.नं. ६९४ पृ. २४०

सुवास नेम्वाङमा अदालती बन्दोबस्तको २०५ नं. को व्याख्या गर्दै अभियोग नै कायम नहुने भएमा पुनरावेदन नगर्ने पक्षको हकमा पनि अदालतले हेरी न्याय निरोपण गर्न सक्छ भनिएको थियो भने लवदेव भट्टमा पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित कानून व्यवसायीको अधिकारलाई व्यापक पारिएको थियो ।[२४] पशुपति गिरी र परमानन्द सिंहले रिटका दुई मूलभूत मान्यतालाई अघि सारेका थिए। पहिलोमा कस्का विरुद्ध रिट लाग्छ भन्ने र दोस्रोमा बिलम्बको सिद्धान्तको व्याख्या गरिएको थियो । मुनिलाल गोल्छामा न्यायिक कार्यको वैधताबारे स्पष्ट गरिएको थियो ।[२५] देवेन्द्र शम्सेरमा वहाँले फरक मत लेख्दै रजिष्ट्रेसन पारित नभएको अंशवण्डाको कागजलाई मान्यता दिन अस्वीकार गर्नु भएको थियो[२६] । पछि कौसल्या उपाध्यायनी[२७] मा यही मत बहुमतको राय बनेको थियो । नमिन्द्रनाथ गोसाईमा सर्भे नाप जाँचको परिणाम स्वरुप एकाको जग्गा अर्काको नाममा दर्ता हुन्छ भने मुद्दा गर्नु पर्ने म्याद कहिले शुरु हुन्छ भन्ने बारे व्याख्या गरिएको थियो ।

वहाँको पहिलो कार्यकालको विशेष चर्चा गर्नुपर्ने मुद्दा **द्रोण शम्सेर**[२८] हो । यो हवाई दुर्घटनासँग सम्बन्धित एउटा विशिष्ट प्रकतिको मुद्दा हो । भएको के थियो भने २०१३ साल जेष्ठ २ गते सिमराबाट काठमाडौंको लागि उडेको इन्डियन एयरलाइन्सको विमान गौचर विमानस्थलमा जमिन छुनासाथ उफ्रिदै टारको किनारा नाघ्यो र तल उपत्यका घाटीमा खस्यो । विमानमा सवार एउटा बच्चा सहित १४ यात्रुहरूको तत्काल निधन भयो । निवेदकहरूले पहिला श्री ५ मा विन्ति चढाई कुटनैतिक माध्यमबाट क्षतिपूर्ति लिन कोसिस गरे तर जब कम्पनीले क्षतिपूर्ति दिन इन्कार गऱ्यो उनीहरू नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत नोक्सान भएको गहना गुरियाको भारु ४५,२४०।- र वार्सा कन्भेसनले निर्धारण गरे बमोजिम प्रत्येक जीउको रु २,५०,०००।- को दरले ८

२४. राय वासुवेद शर्मा

२५. यसमा "माथिल्लो तहको अदालतले दिएको निर्देशानुसार तल्लो तहको अदालतबाट निर्णय भएको भन्ने कारणले मात्र कानून विरुद्धको कारवाही र निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । कानूनी मान्यता प्राप्त गर्नका लागि माथिल्लो तहको निर्देशन तल्लो अदालतको कारवाही तथा निर्णय कानूनसंगत हुनुपर्छ" भनिएको थियो ।

२६. यसमा "स्पष्ट कानूनी व्यवस्था छँदै अदालतले त्यसको उपेक्षा गरेर कुनै निर्णय गर्न मिल्दैन । व्याख्याको गुन्जायस नभएको कानूनी व्यवस्थालाई थपघट गरी कुनै व्याख्या गर्ने वा मर्काको विचार गरेर त्यसलाई निष्कृय तुल्याउने अधिकार अदालतलाई छैन" भन्ने मान्यता वहाँले अघि सार्नु भएको थियो ।

२७. कौसल्या उपाध्यायनी वि. देवकुमारी उपाध्यायनी समेत, ने.का.प. २०३१ नि.नं. ८२९ पृ १६९ वहाँ सहितको पाँच जनाको फुलबेन्चमा रत्न बहादुर विष्टले राय लेख्नु भएको थियो ।

२८. द्रोण शम्सेर वि. इन्डियन एयरलाइन्स, ने.का.प. २०२९ नि.नं. ६९४ पृ २४० (यो ११ जनाको बेन्च थियो, यसमा रत्न वहादुर विष्टले बहुमतको राय लेख्नु भएको थियो जसको समर्थन धनेन्द्र बहादुर सिंह, हेरम्व राज र वव्वर प्रसाद सिंहको समर्थन थियो, अन्य केही न्यायाधीशले अलग्गै तर्क लेखी बहुमतको रायलाई सदर गर्नु भएको थियो भने विश्वनाथले अल्पमतको राय लेख्नु भएको थियो जसलाई सुरेन्द्र प्रसाद सिंह, व्रम्हदत्त तिवारी र त्रैलोक्य राज अर्यालको समर्थन थियो ।

जनाको भारु २९,०१,६००।- क्षतिपूर्ति पाउँ भनी सदर अमिनि गोश्वरामा उजूरी लिई गए ।

सो मुद्दा सर्वोच्च अदालतमा पुगेपछि डिभिजन बेन्चमा रायबाझी भयो । फुल बेन्चले २०२२/३/११/६ मा फैसला गर्दै क्षतिपूर्ति नपाउने अञ्चल अदालतको फैसलालाई सदर गऱ्यो । तत्पश्चात् निवेदकहरूको श्री ५ मा विन्तिपत्र पर्दा न्यायिक समितिको सिफारिशमा नेपालको संविधान २०११ को धारा ७२(ख) बमोजिम दोहोऱ्याई हेरिदिनु भनी भनी हुकुम प्रमाङ्गी भयो । तर २०२४/१/८ मा पुनः फुल बेन्चमा पेश हुँदा बहुमतले २०२२/३/११/६ कै फैसला सदर गऱ्यो । यसमा विधिशास्त्रीय रुपमा के फरक भयो भने फुल बेन्चमा प्रकाश बहादुर के.सी. ले फरक मत लेख्नु भयो जो आफैमा एउटा क्लासिक राय थियो[२९] । तत्पश्चात निवेदकहरूले पुनः विन्तिपत्र चढाए । फलतः मा २०२५/६/११ पुनः प्रमाङगी भै यो मुद्दा फुल बेन्चमा पुग्यो । २०२८/६/१ मा फुलबेन्चले फैसला गऱ्यो जसमा विश्वनाथले अल्पमतको राय लेख्नु भयो । वहाँले हदम्याद नाघेको र दैयादारले क्षतिपूर्तिमा दावी गर्न नपाउने भन्ने आधारमा दावी खारेज गर्ने बहद्रमतको राय अस्वीकार गर्दै सो मुद्दामा वार्सा कन्भेन्सन लागू नहुने तर नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत नै हकबाला/दैयादारले क्षतिपूर्तिको दावी गरी मुद्दा दायर गर्ने पाउने उल्लेख गर्नुभयो । वहाँको तर्क थियो:

**"वादी निवेदकहरूले हकबालाको रुपमा दावी गरेको अधिकार आफना नाबालक सन्तानको ज्यान अपहरण भए वापत क्षतिपूर्ति सम्बन्धी दफा १७(१) अन्तर्गतको अधिकार हो । यस्तो अधिकार हकबालामा सर्न सक्ने अधिकार भएको हुनाले हकबालाको रुपमा निवेदकहरूको दावी लाग्न सक्छ"** ।

हदम्याद नाघी दायर भएको भन्ने आधारमा खारेज गर्ने बहुमतको रायसँग विमति जनाउदै वहाँले "यो यस प्रकृतिको पहिलो मुद्दा हो । हदम्याद सम्बन्धमा सङ्कीर्ण होइन उदारवादी दृष्टिकोण राख्नुपर्छ । यहाँ पीडितहरूले श्री ५ मा विन्ति चढाई कुटनैतिक स्तरमा पहल गरेको हुँदा सो कारवाहीको टुंगो नलाग्दै मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मान्न मिल्दैन" भन्ने राय व्यक्त गर्नु भयो ।

यो मुद्दामा यद्यपि विश्वनाथ र प्रकाश बहादुर के.सी.का रायहरू अलग अलग थिए, यी रायहरू अलग अलग बेञ्चबाट व्यक्त गरिएका थिए तर दुबै जनाले नागरिक अधिकार ऐनको प्रयोग गरी क्षतिपूर्ति सम्बन्धी क्षेत्राधिकार र सो सम्बन्धी न्यायको विकास गर्ने प्रयास गर्नु भएको थियो । मेरो विचारमा यदि वहाँहरूले व्यक्त गरेको रायको पक्षमा फैसला हुन सकेको भए हामीले अंगालेको कानूनी पद्धतिमा दुष्कृति सम्बन्धी

---

२९. हेर्नुहोस् ज. तुङ्ग शम्सेर राणा वि. इन्डियन एयरलाइन्स ने.का.प. २०२४ नि.नं. ३८९ पृ १७९ कुनै पनि कानूनका विद्यार्थीको लागि सो फैसला पठनीय छ । कुनै अर्कै प्रसंगमा यसको चर्चा गरिने छ ।

कानूनको विकास हुन नसकेको कारण सृजित एउटा ठूलो कमी कमजोरी हट्न जान्थ्यो र त्यसमा द्रोण शम्सेरको मुद्दा कोसे ढुङ्गा सावित हुन सक्थ्यो ।

## २.२ दोस्रो कार्यकाल

सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायको कार्यकाल वहाँले २०४८ सालमा प्रधान न्यायाधीशको रुपमा काम गर्न थालेपछि सुरु हुन्छ। सो हैसियतमा वहाँले सर्वोच्च अदालतको नेतृत्व २०५२ साल आश्विनमा गर्नु भयो। दोस्रो कार्यकालको पृष्ठभूमिमा वहाँको अध्यक्षतामा गठित संविधान सुझाव आयोगले तयार पारेको नेपाल अधिराज्यको संविधान २०४७ थियो। संविधानले अन्तिम व्याख्याताको जिम्मेदारी सर्वोच्च अदालतलाई दिएको थियो। सार्वजानिक हक र सरोकारका विवादमा सर्वोच्च अदालतमा पुऱ्याउने एउटा सहज बाटो पनि संविधानले खुलाएको थियो। संविधान जारी सँगै नेपाल एउटा खुला र मुक्त वातावरण... एक मानेमा एउटा नयाँ युगमा प्रवेश गरिसकेको थियो; न्यायपालिकाले पनि संविधानमार्फत अत्यन्त गहन जिम्मेवारी र स्पष्ट कार्यदेश पाएको थियो। संक्षेपमाभन्दा भारतमा जुन भूमिका र कार्यगत भावभूमि "न्यायिक सक्रियता"मार्फत न्यायपालिकाले आफ्नो लागि सृजना गरेको थियो, त्यो हाम्रा न्यायाधीशहरूको लागि न्यायिक र संवैधानिक कर्तव्य बनेको थियो। यस्तो नयाँ परिवेशमा संविधानको प्रमुख तर्जुमाकार रहिसकेको नाताले सम्भवतः यसको व्याख्या र कार्यान्वयनको अगुवाई गर्ने र न्यायपालिकालाई त्यही मार्गमा हिडाउने जिम्मेवारी आफूमा रहेको महसुस विश्वनाथ उपाध्यायले गर्नु भएको थियो; वहाँको दोस्रो कार्यकालका फैसलाहरूले यही कुरा इङ्गित गर्छन् ।

दोस्रो कार्यकालमा वहाँले धेरै फैसलाहरू गर्नुभयो ती मध्ये राधेश्याम अधिकारी[३०], बालकृष्ण न्यौपाने (टनकपुर केश)[३१], दाश ढुंगा दुर्घटनामा विषयमा जाहेर गरेको राय[३२], इमानसिंह गुरुङ[३३], अम्बर बहादुर गुरुङ[३४], मीरा गुरुङ[३५], केशव भट्टराई[३६], दिलबहादुर लामा[३७], नन्दा कुमारी रावल[३८], हरिप्रसाद नेपाल[३९], रविराज भण्डारी[४०], आदिमा वहाँले

---

३०. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिबालय, ने.का.प. २०४८ नि.नं. ४४३० पृ ८१०
३१. बालकृष्ण न्यौपाने वि.प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, ने.का.प. २०५४ नि.नं. ६३१३ पृ. ७७
३२. सर्वोच्च अदालत बुलेटिन २०५० वर्ष २ अंक १०
३३. इमानसिंह गुरुङ वि. मन्त्रिपरिषद् सचिबालय समेत, ने.का.प. २०४९ नि.नं. ४५९७ पृ. ७१०
३४. अम्बर बहादुर गुरुङ वि.त्रि.वि. सुरक्षा गार्ड कार्यालय समेत, ने.का.प. २०४९ नि.नं. ४४५० पृ. ३१
३५. मीरा गुरुङ वि. केन्द्रीय अध्यागमन विभाग, ने.का.प.२०५१ नि.नं. ४८५८ पृ. ६८
३६. अधिवक्ता केशव भट्टराई वि. मन्त्रिपरिषद् सचिबालय समेत, ने.का.प. २०५२ नि.नं. ५०८४ पृ. ३०६
३७. श्री ५ को सरकार वि. दिलबहादुर लामा, ने.का.प. २०५१ नि.नं. ४९४० पृ. ५०४
३८. नन्दा कुमारी रावल वि. उद्योग मन्त्रालय, ने.का.प. २०५० नि.नं. ४७२१ पृ.१८
३९. रविराज भण्डारी वि.मनमोहन अधिकारी, ने.का.प. स्वर्ण जयन्ती विशेषाङ्क क्र.स. ३ पृ. ८८
४०. रविराज भण्डारी वि. मनमोहन अधिकारी, ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क, २०५२ पृ. १

दिएका निर्णयहरू र लिएको लाइनले कुनै न कुनै रुपमा संविधान, संविधानबाद, विधिको शासन, मानव अधिकारका अवधारणालाई पुनस्थपित र परिपोषित गर्छन भन्ने मलाई लाग्छ ।

दोस्रो कार्यकालका विशेष चर्चित मुद्दाहरू मध्ये **राधेश्याम अधिकारी**[४१] राजदूतको नियुक्तिसँग सम्बन्धित छ । तत्कालीन श्री ५ बाट कल्याण विक्रम अधिकारीलाई फ्रान्सको लागि राजदूत नियुक्त गरिएको विषयलाई लिएर अधिवक्ता राधेश्याम अधिकारीद्वारा दायर यो सार्वजनिक सरोकारको निवेदनमा मूलतः दुईवटा प्रश्नहरू उपस्थित थिए: पहिलो के कुरालाई सार्वजनिक हक र सरोकारको विषय भन्ने, यस्तो विषयमा कसले अदालतमा निवेदन दिन पाउने, दोस्रो राष्ट्र प्रमुख र सरकार प्रमुखबीच भएको संवाद र सञ्चार अदालतले खोज्न, हेर्न र जाँच्न मिल्ने वा नमिल्ने ।

पहिलो प्रश्नमा लामो व्याख्या गर्दै विश्वनाथ उपाध्यायले **"सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवाद"** हो भन्ने व्याख्या गर्नु भयो । सार्वजनिक हक वा सरोकारको विवाद हुन सो विवाद संविधान र कानूनमा आधारित हुनुपर्छ; काल्पनिक वा अनुमानित हुनु हुँदैन, यसको प्रयोजन केवल बौद्धिक उत्सुकता, जिज्ञासा वा चासोको समाधान गर्नको लागि ल्याइएको हुनु हुँदैन र विवाद अदालतबाट निरोपण हुने किसिमको हुनुपर्छ, त्यस्तो विवाद ल्याउने व्यक्तिको विवादसँग अर्थपूर्ण सम्बन्ध (Meaningful Relation) हुनुपर्छ भन्ने वहाँको राय थियो । अर्थपूर्ण सम्बन्धको डोरी बाधेर जो सुकैले जस्तो पनि विवाद अदालतमा ल्याउने कुरालाई सम्भवतः वहाँ रोक्न चाहनु हुन्थ्यो तर वहाँका र वहाँ पछिका फैसलाहरूले यो डोरीलाई कसिलोसँग बाँध्न सकेनन् ।

राजदूतको नियुक्तिसँग सम्बन्धित दोस्रो प्रश्नमा वहाँको स्पष्ट राय थियो; "राजदूतको नियुक्ति श्री ५ बाट मात्र वा मौसूफका स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सने कुनै किटानी व्यवस्था संविधानको धारा १२० को उपधारा (१) मा भएको देखिन्छ । तसर्थ यस्तो नियुक्ति धारा ३५ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट हुनुपर्छ । तर **"त्यस सम्बन्धमा यस अदालतले कुनै जाँचबुझ गर्न संविधानको धारा ३५ को उपधारा (६) ले निषेध गरेकोले राजदूतको नियुक्तिको सन्दर्भमा अपनाइएको संवैधानिक प्रक्रियाको यथार्थता यकिन गर्न र कुनै निश्चित निष्कर्षमा पुग्न"** अदालत सक्दैन । वहाँको दृष्टिमा सामान्यतः सरकार प्रमुख र राष्ट्र प्रमुखकोबीचको सञ्चार विशेषाधिकार प्राप्त सञ्चार (Priviledged Communication) हो यस्तो सञ्चार के थियो भनी अदालत पस्न हुँदैन भन्ने कुरा

---

४१. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिबालय, ने.का.प. २०४८ नि.नं. ४४३० पृ.८१०

संसदीय लोकतन्त्रमा मान्यता प्राप्त एउटा मान्यता हो, यसलाई स्थापित गर्न एकातर्फ जरुरी थियो भने, राजामा रहेको निरंकुशताको धङ्धडीलाई रोक्नु पनि उत्तिकै जरुरी थियो, सम्भवतः राधेश्याम अधिकारीमा दिएको निर्णयमार्फत वहाँले ती दुबै कुराहरू गर्ने कोशिस गर्नु भयो ।

**बालकृष्ण न्यौपाने**[४२] मा तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले भारत भ्रमणको अवसरमा भएको जलस्रोतको विकास सम्बन्धमा भारत नेपाल संयुक्त आयोगको निर्णय र सो सम्बन्धी संयुक्त वक्तव्य तथा विज्ञप्ति तथा विशेष गरेर टनकपुर बाँधको विषयमा भएको निर्णय सन्धि हुन् वा होइनन् र तिनमा संविधानको धारा १२६ आकर्षित हुने हो वा होइन भन्ने मूल प्रश्न उठाइएको थियो ।[४३] यसमा दुई देशका सरकार र सरकार प्रमुखहरूबाट समर्थन गरिएको सहमति अभिलेखमा उल्लिखित जलस्रोत सम्बन्धी निर्णयहरू लिखतका नामाकरण जेसुकै गरिएको भएता पनि यदि लिखित रुपमा दुई देशहरूकाबीच सम्झौता भएको हुँदा त्यसलाई सन्धि नै मान्नुपर्छ । **"टनकपुर बाँधको सम्बन्धमा श्री ५ को सरकार र भारत सरकारबीच भएको सम्झौताले प्राकृतिक स्रोत र त्यस्को उपयोगको बाँडफाँड गरेकै सम्झनु पर्ने... संयुक्त आयोगको सहमति अभिलेख समेतका लिखतहरूबाट टनकपुर बाँधको सम्बन्धमा श्री ५ को सरकार र भारत सरकारकाबीच भएको सम्झौता सन्धि हुँदा यसमा संविधानको धारा १२६ को उपधारा (२) आकर्षित हुन्छ** भन्ने निर्णय विश्वनाथ उपाध्यायले गर्नु भयो । तर त्यस्तो सन्धि वा सम्झौताको अनुमोदन, समर्थन, स्वीकृति, सम्मिलनको बारेमा सरकारले नै निर्णय नगरेको र संसदको कुन सदनमा पेश गर्ने भन्ने बारे कुनै सोच नबनाएको र प्रकृया शुरु नगरेको हुँदा अहिले नै अदालतले यसै गर्नु भनी सरकारलाई निर्देशन गर्न मिल्दैन भन्ने वहाँको राय थियो । यसरी अदालतले यसै गर्नु भनी सरकारलाई निर्देशन गर्न मिल्दैन भन्ने वहाँको राय थियो । यसरी अदालतले संविधान र कानूनको सही व्याख्या गर्‍यो भने सन्धि सम्झौताको संवैधानिकताको प्रश्न उठेमा बाहेक त्यसको अनमोदन, सम्मिलन, समर्थन, स्वीकृति गर्ने थलो भने संसद नै हो भन्ने एउटा व्यावहारिक निर्णय गर्‍यो ।

**दाश ढुंगा दुर्घटनामा विषयमा जाहेर गरेको राय**[४४] २०४७ सालको संविधानको धारा ८५(५) सँग सम्बन्धित छ । सो धारामा श्री ५ बाट सर्वोच्च अदालतसँग राय माग्ने र चढाउने कुरा उल्लेख भएको छ ।[४५] अदालतलाई दासढुङ्गा बारे सोधिएको विषयमा

४२. बालकृष्ण न्यौपाने वि. प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, ने.का.प. २०५४ नि.नं. ६३१३ पृ.७७

४३. यसको अतिरिक्त निवेदकलाई निवेदन गर्ने हकदैया छ वा छैन र सो विषयमा सूचना माग्ने हक छ वा छैन भन्ने अन्य दुई प्रश्नहरू पनि सो मुद्दामा जोडिएका थिए । हकदैयाको विषयमा यहाँ पनि राधेश्याममा लिइएकै लाइन लिइयो भने प्रधानमन्त्रीको भ्रमणमा भएका निर्णय समेतका विषयमा सूचना माग्ने हक निवेदकलाई छ भनियो ।

४४. सर्वोच्च अदालत बुलेटिन २०५० वर्ष २ अङ्क १० पृ. १

४५. भारतीय संविधानको धारा १४३ र क्यानडा, नाउरु लगायत अन्य केही राज्यका संविधानमा यस्तो व्यवस्था छ ।

अदालतले के धारण राख्योभन्दा पनि यस्तो रायको कानूनी हैसियत र राय दिनु नै पर्ने कुरा अदालतको लागि बाध्यकारी हुन सक्छ वा सक्दैन भन्ने बारे सर्वोच्च अदालतको धारणा संवैधानिक रुपले महत्वपूर्ण छ । रायको प्रकृतिले नै जसलाई राय दिइएको हो त्यसलाई बाध्यकारी हुन्छ भन्ने हुँदैन, उसले चाहेमा मान्न सक्छ नचाहेमा नमान्न सक्छ । यसबारेमा सर्वोच्चले केही बोलेन, तर राय दिन अदालत बाध्य हुन्छ वा हुँदैन भन्ने प्रश्नमा भने यस्तो अनुरोध अदालतको लागि बाध्यकारी नहुन सक्छ भन्ने धारणा सर्वोच्च अदालतले राख्यो ।

दासढुङ्गामा भएको दुर्घटना बारेमा भने **"जिल्ला अदालतको विचाराधीन रहेको मुद्दामा मोटरचालकले लापरबाहीसाथ मोटर चलाई नेपाल कम्यूनिष्ट पार्टी (ए.मा.ले.) का नेतद्वयको निधन भएको हो वा होइन भन्ने प्रश्न अदालतले ठहर गर्नुपर्ने प्रश्न भएकोले सो प्रश्नको जाँचबुझ गर्न निर्देशन दिएर संविधानको धारा ९२ को प्रतिबन्धात्मक व्यवस्थाअनुसार सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा खटाउन र सो प्रयोजनको लागि आयोग गठन गर्न उपयुक्त हुँदैन । तर सो देखिबाहेक दासढुंगाको दुर्घटनासँग सम्बन्धित अन्य प्रश्न वा विषयको जाँचबुझ गर्न उपर्युक्त संवैधानिक प्रावधान अन्तर्गत श्री ५ महाराजाधिराजबाट न्यायपरिषद्को परामर्शमा सर्वोच्च अदालतका न्यायाधीशलाई खटाइबक्सन र सो प्रयोजनको लागि जाँचबुझ आयोग गठन गर्न सकिबक्सन्छ"** भन्ने राय सर्वोच्च अदालतले दियो ।

**इमानसिंह गुरुङमा**[४६] गैर सैनिक व्यक्तिउपर सैनिक व्यक्तिलाई सुऱ्याएको भनी सैनिक ऐन अन्तर्गत मुद्दा चलाई जनरल सैनिक अदालतबाट कारवाई र सजाय गर्न मिल्छ वा मिल्दैन भन्ने सन्दर्भमा सैनिक ऐन, २०१६ को दफा १ उपदफा (३) को खण्ड (घ) विवादमा ल्याएकोमा विश्वनाथ उपाध्यायको उक्त व्यवस्था **"संविधानको धारा ११ को उपधारा (१) सँग असंगत देखिएको"** भन्दै उक्त खण्ड (घ) निर्णय भएको मितिदेखि लागू हुने गरी अमान्य र बदर घोषित गर्नु भयो ।[४७]

इमानसिंहले सैनिक ऐनको व्याख्या मात्र गरेको थिएन, सेना गैरसैनिक सरकारप्रति वफादार छ वा छैन भन्ने प्रश्न उठिरहेको परिवेशमा सेनाको क्षेत्राधिकार गैरसैनिक व्यक्ति उपर पर्न नदिने आँटिलो प्रयास यो निर्णयमार्फत गरिएको थियो ।[४८]

---

४६. इमानसिंह गुरुङ वि. मन्त्रिपरिषद् सचिबालय, समेत ने.का.प. २०४९ नि.नं. ४५९७ पृ. ७१० यसमा असैनिक व्यक्ति इमानसिंहलाई सैनिक व्यक्ति भरत गुरुङलाई सुऱ्याएको भनी उनलाईभन्दा बढी कैदको सजाय तोकिएको थियो

४७. यहाँ सैनिक ऐन, २०१६ को दफा १ उपदफा (३) को खण्ड (घ) को व्यवस्था हेर्दा त्यसमा सैनिक व्यक्ति वा डफ्फालाई कर्तव्यबाट विचलित तुल्याउने मात्र नभई "सैनिक सर सामान, हातहतियार वा खरखजानामा क्षति पुऱ्याउने" गैरसैनिक व्यक्तिउपर पनि कारवाई हुन सक्ने र जनरल सैनिक अदालतमा मुद्दा चल्ने गरिएकोबाट उक्त खण्ड (घ) पूरै असंवैधानिक घोषित गर्नुपूर्व सो खण्डमा प्रयुक्त शब्दहरूको प्रभाव विश्लेषण (Impact Analysis) आवश्यक हुन्थ्यो कि भन्ने पनि देखिन्छ ।

४८. इमान सिंहमा पहिलो भइसकेको सजायलाई २०४७ सालको संविधान अन्तर्गत हेर्न मिल्छ वा मिल्दैन भन्ने

२०१७ सालमा संसदीय व्यवस्था समाप्त पार्न सेनाले खेलेको भूमिका वा पञ्चायत कालभरि यसको रवैया कतै यो फैसलामा कुनै किसिमले पोखियो कि त्यो विश्वनाथ उपाध्यायको वायोग्राफी लेख्नेले भन्न सक्लान् । तर यो मुद्दामा सेनाले देखाएको रवैया र मुद्दाको सुनुवाईको क्रममा सेनाले गरेको असहयोगबारे विश्वनाथ उपाध्याय कति पनि सन्तुष्ट हुनुन्थेन । फैसलामा सेना उपर एक किसिमको आक्रोस पोखिएको देखिन्छ । फैसलामा भनिएको छ :

**देशको एक असैनिकलाई भएको सजाय संविधान र कानून बमोजिम भएको हो वा होइन भनी यस अदालतले धारा ८८ अन्तर्गत जाँचबुझ गर्ने सिलसिलामा विवादग्रस्त कारवाई र निर्णयको मिसिल हेर्न खोज्दा मिसिल पठाउने कुरा त परै रह्यो त्यस्तो सजाय गर्ने गरी भएको फैसलासम्म पनि पठाउन नमिल्ने भन्ने असामान्य जबाफ प्राप्त हुनु वर्तमान संवैधानिक व्यवस्थाको परिप्रेक्ष्यमा कति पनि वान्छनीय होइन... एउटा असैनिक नागरिकको वैयक्तिक स्वतन्त्रता हरण गरी सात वर्ष लामो कैदको सजाय दिने... त्यसको संवैधानिक र कानूनी आधार ती अधिकारी बाहेक कसैले, यहाँसम्म कि सजाय पाउने व्यक्तिले समेत जान्न बुझ्न नपाउने... कुरा कानून, व्यवस्था हो । यसमा कानून सर्वोपरि हुन्छ । सबैले संविधान र कानूनको अधीनमा रहेर आफ्नो अधिकार र कर्तव्य पालन गर्नुपर्छ । यो कुरा सरकारी निकाय र अधिकारीले बुझ्नु र आत्मसात गर्नु आवश्यक छ" ।**[४९]

**मीरा गुरुङ**[५०] नेपालीसँग विहे गर्ने विदेशीहरूको अधिकारसँग सम्बन्धित मुद्दा हो । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध राखे विदेशी पुरुष र महिलालाई विभेद गरियो भन्ने प्रश्न यसमा उठाइएको थियो । यहाँ विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम १४(३) र (४) अन्तर्गत नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले वैवाहिक सम्बन्ध कायम रहेसम्म र त्यसपछि ३ महिनासम्म नेपालमा बस्न पाउने तर नेपाली महिलासँग विवाह गर्ने पुरुषको हकमा एक वर्षमा बढीमा ४ महिनाको लागि मात्र भिसा पाउन गरी भएको व्यवस्थालाई निवेदिकाले चुनौती दिएकी थिइन । नियमावलीले नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिला र पुरुषबीच गरिएको विभेदलाई अस्वीकार गर्दै विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम १४ को उपनियम (४) मा गरिएको व्यवस्था तत्कालीन नेपालको संविधान २०१९ को धारा १० र नेपाल अधिराज्यको संविधानको २०४७ धारा ११ को प्रतिकूल देखिँदा निवेदिकाको पतिको हकमा सो

---

पनि प्रश्न उठेको थियो, त्यसमा निवेदकले हालसम्म पनि सजाय भोगिरहेको हुँदा मिल्छ भनियो ।

४९. यो मुद्दामा समानताको हकको व्याख्या गर्दै यो हक अन्तर्गत सामान्य कानूनद्वारा स्थापित साधारण अदालतबाट सामान्य कानून बमोजिम इन्साफ माग्ने र पाउने हक पनि पर्छ, एउटै व्यक्तिलाई सामान्य अदालत र सैनिक अदालतबाट मुद्दा चलाउनु दोहरो खतरा विरुद्धको हकको पनि उल्लङ्घन हुन्छ भन्ने पनि वहाँले व्याख्या गर्नु भयो ।

५०. मीरा गुरुङ वि. केन्द्रीय अध्यागमन विभाग, ने.का.प. २०५१ नि.नं. ४८५८ पृ. ६८

नियमको व्यवस्था लागू नगर्नु भन्ने आदेश विश्वनाथ उपाध्यायले जारी गर्नु भयो।[५१] वहाँको विचारमा यो व्यवस्थाले नेपाली नागरिकलाई लिङ्गका आधारमा विभेद गरेको थियो। त्यसैले वहाँले भन्नु भयो : **"भिसा सम्बन्धी सुविधा र सहुलियतको दृष्टिकोणबाट नेपाली स्वास्नी मानिससँगको सम्बन्धभन्दा नेपाली लोग्ने मानिससँगको सम्बन्धलाई बढी महत्व र वजन दिएर नेपाली स्वास्नी मानिससँग असमान व्यवहार गरेको"** देखियो।

सामान्यत : नागरिक र विदेशीलाई फरक फरक व्यवस्था संविधानमा राख्न सकिन्छ। नागरिकताको हकमा नै विदेशीसँग विवाह गर्ने पुरुष र महिलाको हकमा फरक फरक व्यवस्था गर्न सकिन्छ भने भिसाको हकमा किन सकिदैन भन्ने तर्कको जबाफमा वहाँले भन्नु भयो: **"विदेशीसँग विवाह गर्ने नेपाली महिला वा पुरुष के हो भन्ने आधारमा त्यस्तो विदेशीले तत्कालै नागरिकता प्राप्त गर्न सक्ने वा नसक्ने गरी संविधानमा निश्चय नै व्यवस्था भएको छ। तर त्यो कुरा भिसाको सम्बन्धमा पनि लागू हुन्छ भनेर संविधानले भनेको छैन।"**

नागरिकताको सन्दर्भमा विदेशी महिला र पुरुषको हकमा राखिएको विभेद स्वीकारयोग्य हुन्छ भने भिसाको हकमा किन हुँदैन भन्ने एउटा ठाडो प्रश्न यहाँ उत्पन्न भएको छ जसको जबाफ फैसलाले दिएको छैन। यो निर्णय प्रश्चात लेखक समेतले वहाँसँग कुरा गर्ने अवसर पाएको थियो, जसमा यो एउटा भ्यालिड प्रश्न हो र फैसलाले यसको जबाफ राम्रोसँग दिएको छैन भनी वहाँले स्वीकार गर्नु भएको थियो।[५२]

अम्बर बहादुर गुरुङ[५३] मा निवेदकलाई हङकङबाट नेपाल आउने क्रममा त्रि.वि. विमानस्थलका सुरक्षा गार्डले पक्राउ गरेको र ४ दिनपछि लागू औषध मुद्दामा अनुसन्धान गरी मुद्दा चलाइएको थियो। सर्वोच्च अदालत समक्ष अन्य कुराको अतिरिक्त पूर्व गैरकानूनी स्थिति (Antecedent Illegality) बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्ने आधार बन्न सक्छ वा सक्दैन भन्ने प्रश्न मूलरुपमा उठेको थियो। बहुमतले पूर्व गैरकानूनी स्थिति (Antecedent Illegality) बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्ने आधार बन्न सक्दैन भन्ने ठहर गऱ्यो। अर्थात् निवेदनको सुनुवाईको अवस्थामा थुना गैरकानूनी देखिएमा मात्र बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन सक्छ भन्ने बहुमतको राय रह्यो। यसमा

५१. यहाँ किन सो व्यवस्थालाई अमान्य घोषित गरिएन भन्ने प्रश्न उठ्न सक्छ, यसो किन गरियो भने सो नियमावली अध्यागमन ऐन, २०१५ अन्तर्गत बनेको थियो जसलाई अध्यागमन ऐन २०४९ ले खारेज गरिसकेको थियो भने नयाँ ऐन अन्तर्गत नियम समेत बनिसकेको अवस्था थियो, तसर्थ पूरानो नियमको व्यवस्थालाई निवेदकको हकमा लागू नहुने गर्नु नै पर्याप्त हुन्थ्यो।

५२. यसरी कुरा हुँदा डा. रामकृष्ण तिमल्सेना पनि हुनुहुन्थ्यो, हेर्नुहोस् "विश्वनाथ उपाध्याय : नेपाली विधिशास्त्रको नयाँ अध्याय, शेषराज सिवाकोटीद्वारा सम्पादित न्याय भाग १७ (२०७०) पृ. ३७ यसमा लेखकले पनि यो कुरा उठाउनु भएको छ।

५३. अम्बर बहादुर गुरुङ वि.त्रि.वि. सुरक्षा गार्ड कार्यालय समेत, ने.का.प. २०४९ नि.नं. ४४५० पृ. ३१ यो मुद्दामा लक्ष्मण अर्यालले बहुमतको राय लेख्नु भएको छ र विश्वनाथ उपाध्यायले फरक तर्क सहितको सहमति राय लेख्नु भएको छ भने हरगोबिन्द सिंह प्रधानले जोडदार फरक मत लेख्नु भएको छ।

हरगोबिन्द सिंह प्रधानले विमति जनाउँदै शुरुमा गैरकानूनी थुना भएपनि कुनै अभियोग लगाई मुद्दा दायर भएपछि न्यायको रोहमा पहिलेको गैरकानूनी स्थितिको समीक्षा नगरिने हो भने पक्राउ परेको २४ घण्टा भित्र मुद्दा सुन्ने अधिकारी समक्ष पेश गर्नुपर्ने नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(६) द्वारा प्रत्याभूत हकको प्रयोजन के भयो त भन्ने प्रश्न उठाउनु भयो । यसमा बहुमतको रायको समर्थन गर्दै[५४] विश्वनाथ उपाध्यायले उक्त धाराद्वारा प्रत्याभूत हक प्रयोजनहीन होइन, यो हकको हनन् भएमा थुनामा परेको व्यक्तिको सामुन्ने दुईवटा उपचारहरू छन्: एउटा बन्दीप्रत्यक्षीकरणको रिट दायर गर्ने; दोस्रो वेरितसँग थुन्ने व्यक्ति विरुद्ध वेरितसँग थुन्दाको महल बमोजिम सजाय गराउने र क्षतिपूर्ति दावी गर्ने ।[५५] पक्षले चाहेमा ती मध्ये कुनै मार्ग रोज्न सक्छ भन्ने धारणा व्यक्त गर्नु भयो । वहाँका अनुसार अदालतमा मुद्दा पेश भएपछि मुलुकी ऐनको अ.बं. ११८ नं. अन्तर्गत जुन सुनुवाई गरिन्छ त्यसले अभियोगपत्र पेश हुनुपूर्वको थुनाको वैधताको परीक्षण गर्दैन, सो सुनुवाईले त लागेको अभियोगको रोहमा अभियुक्तलाई थुनामा राखी पूर्पक्ष गर्ने वा तारेखमा राख्ने भन्ने बारेमा मात्र निर्णय गर्छ । त्यसैले अ.बं. ११८ नं. अन्तर्गतको सुनुवाईको सो पूर्वको गैरकानूनी स्थितिलाई (Antecedent Illegality) वैध बनाउछ भनी अर्थ मिल्दैन । तर हरगोबिन्द सिंह प्रधान यसमा हुनु भएन । वहाँको रायमा यदि बन्दीलाई २४ घण्टा भित्र मुद्दा सुन्ने अधिकारी समक्ष पेश गरिदैन भने त्यो सदा गैर कानूनी हुन्छ, पछि मुद्दा चलाएर त्यसलाई कानूनी बनाउन सकिदैन । त्यसैले पूर्व गैरकानूनी थुनालाई स्थिति (Antecedent Illegality) बन्द्रीप्रत्यक्षीकरणको रिट जारी गर्ने आधार बन्न सक्छ, अन्यथा यसलाई सच्याउन सकिदैन, किनभने बन्दी प्रत्यक्षीकरणको रिटको सुनुवाई हुंदासम्म गैरकानूनी थुनालाई अधिकारीहरूले सच्याई संविधानद्वारा प्रत्याभूत अधिकार र सो परीक्षण गर्ने अदालतको न्यायिक अधिकारलाई निस्तेज पार्न सक्छन् । यसै सन्दर्भमा न्याय के हो भन्ने एउटा दार्शनिक भनाई पनि हरगोबिन्द सिंह प्रधानले आफ्नो रायमा राख्नु भयो र भन्नु भयो :

**"न्याय दुई पक्षबीचको तेस्रो पक्ष होइन, मात्र समाधान हो - शायद कुनै सिधा रेखाको दुई बिन्दुबीचको केन्द्रबिन्दु । यो नत भक्षकको हुँकार न त रक्षकको अहङ्कार हो । सजाय दिने दिलाउने यसको रहर पनि होइन । यसको आफ्नो केही इच्छा हुँदैन । न्याय कुनै एउटा दृष्टिकोण होइन, मात्र एउटा दृष्टि हो - मानव भित्रको दृष्टि । तर्क मात्र यसको उपाय होइन । न्यायमा शायद दर्पणको दर्शन निहित छ । पाउनेको सन्तुष्टि दिनेको प्रेरणा यसमा प्रतिविम्वित हुनेछ" ।**

यो अभिव्यक्ति किन आयो, कतै पक्षले नै नउठाएको जिकिर उठायौं, तर्कले जित्न खोज्यौं, यस्तो तर्कले नागरिक स्वतन्त्रता मर्छ, न्याय मर्छ, दृष्टिकोण त दियौं दृष्टि

५४. फैसला पढ्दा सो तर्कको जबाफ दिनको लागि विश्वनाथ उपाध्यायले थप राय लेखे जस्तो देखिन्छ ।
५५. अहिले त यातना तथा क्षतिपूर्ति ऐन अन्तर्गत पनि क्षतिपूर्ति दावी गरी मुद्दा दायर गर्न सकिन्छ ।

दिइनौं भनी बहुमतलाई व्यंग्य गर्न खोजिएको त होइन ? थप अध्ययनको विषय हुन सक्छ ।

नेपालमा संविधानद्वारा सर्वोच्च अदालतलाई दिइएको रिटका अधिकार मध्ये धेरै प्रयोग नभएको रिट अधिकारपृच्छाको रिट हो । दोस्रो कार्यकालमा विश्वनाथ उपाध्यायले यसबारे पनि केही व्याख्या गर्नु भएको छ । **अधिवक्ता केशव भट्टराई**[५६] ले मधुसुदन गोर्खालीलाई मुख्य सचिव पदमा र अन्य केही व्यक्तिहरूलाई सचिव पदमा करारमा नियुक्त गरेको विषयलाई लिएर दायर गर्नु भएको सार्वजनिक सरोकारको निवेदनमा उल्लेख गरेका मुख्य सचिव र सचिवका पदहरू सार्वजनिक पदहरू भएपनि अधिकार पृच्छाको निवेदनको सन्दर्भमा सार्वजनिक पदहरू होइनन् भन्ने निष्कर्षमा विश्वनाथ उपाध्याय पुग्नु भयो वहाँका अनुसार **"कुनै पद "सार्वजनिक पद" हो वा होइन भन्ने प्रश्नको निरुपण गर्ने केही निश्चित छन्, जस अनुसार त्यस्तो पदका पदाधिकारीहरूलाई संविधान वा अन्य प्रचलित कानूनद्वारा जनसाधारणप्रति कुनै कर्तव्य निर्वाह गर्न अभिभारा सुम्पिएको हुनुपर्छ (२) त्यस्तो कर्तव्य निर्वाह गर्दा त्यो पदाधिकारीले राज्यको सार्वभौम कार्यकारिणी, विधायिकी वा न्यायिक अधिकार मध्य कुनै अंश अर्थात् कुनै अधिकार प्रयोग गर्न पाउने हुनुपर्छ र (३) साथै त्यो अधिकारको प्रयोग उसले अरु कुनै माथिल्लो पदाधिकारीको आदेश वा निर्देशन बमोजिम गर्नुपर्ने नभई संविधान वा कानून बमोजिम स्वतन्त्र रुपमा गर्ने हुनुपर्छ । जुन पदाधिकारीलाई संविधान वा अन्य कुनै प्रचलित कानूनले कुनै सार्वजनिक कर्तव्य सुम्पेको छैन, जसले स्वतन्त्र रुपमा त्यस्तो कर्तव्यसँग सम्बन्धित कुनै संवैधानिक स्तरको कर्मचारी भए पनि सार्वजनिक पदाधिकारी (Public officer) भन्न अधिकारपृच्छाको प्रयोजनको लागि मिल्ने देखिँदैन"** । यो निर्णयले अधिकार पृच्छाको निवेदन के मा लाग्छ केमा लाग्दैन भन्ने विषयमा एउटा मार्गदर्शन नै गऱ्यो ।

२०४७ सालमा संविधान बनेपछि प्रतिनिधिसभाको लागि हुन लागेको चुनावमा विभिन्न क्षेत्रमा काम गरेका व्यक्तिहरूले भाग लिन चाहे । ती मध्ये एक थिए **महेन्द्र बहादुर पाण्डे**[५७] जो त्रिभूवन विश्वविद्यालयमा प्राध्यापक थिए । त्रिविले सरकारबाट अनुदान लिन्थ्यो, त्यस्तो संस्थासँग सम्बद्ध व्यक्तिले निर्वाचनमा भाग लिन पाउने वा नपाउने भन्ने प्रश्न उठेकोमा उनले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २७ को उपदफा (ङ) को खण्ड (१) जसले श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा नियन्त्रणमा रहेको स्वाशासित संस्था वा श्री ५ को सरकारबाट अनुदान प्राप्त संस्थानको बहालबाला कर्मचारीलाई निर्वाचनमा भाग लिन अयोग्य घोषित गरेको थियो लाई संविधानको धारा ४७ विपरीत हुँदा अमान्य घोषित हुनुपर्छ भन्दै निवेदन दिए । यही

---

५६. अधिवक्ता केशव भट्टराई वि. श्री ५ को सरकार मन्त्रिपरिषद् सचिबालय, ने.का.प. २०५२ नि.नं. ५०८४ पृ. ३०६

५७. महेन्द्र बहादुर पाण्डे वि. श्री ५ सरकार, ने.का.प. २०५० नि.नं. ४७३६ पृ. २४२

सन्दर्भमा विश्वनाथ उपाध्यायले संविधानको धारा ४७ को उपधारा (१) को खण्ड (घ) ले "लाभको पद" धारण गर्ने व्यक्तिलाई संसदको सदस्य हुन अयोग्य घोषित गरेको[५८] हुँदा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २७ को उपदफा (ङ) को खण्ड (१) लाई असंवैधानिक र अमान्य घोषित गर्न अस्वीकार गर्नु भयो। आर्थिक लाभको कारणले प्रभाव वा दबाबमा पर्न सक्ने अवस्थाको व्यक्ति अथवा सरकारी कर्मचारीबाट संसदीय कर्तव्यको राम्रो निर्वाह हुन सक्तैन। संविधानले राजनीतिक पदबाहेक राजकीय कोषबाट संसदीय कर्तव्यको राम्रो निर्वाह हुन सक्तैन। संविधानले राजनीतिक पदबाहेक राजकीय कोषबाट संसदीय पारिश्रमिक वा आर्थिक सुविधा पाउने पदमा बहाल रहेका व्यक्तिहरूलाई संसदको सदस्यता प्राप्त गर्न अयोग्य घोषित गरेको छ त्यो उचित नै हुँदा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको सो दफा २७(ङ)(१) लाई असंवैधानिक घोषित गर्नु आवश्यक छैन भन्ने वहाँको राय थियो।

विश्वनाथ उपाध्यायको दोस्रो कार्यकालको अर्को महत्वपूर्ण फैसला **दिलबहादुर लामा**[५९] हो। यो जथाभावी मुद्दा फिर्ता लिने २०४७ सालपछि देखिएको प्रवृत्तिसँग सम्बन्धित छ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ लाई २०४७ साल पछिका सरकारहरूले मनलाग्दि गर्न पाउने व्यवस्थाको रुपमा लिए। यो अधिकारको प्रयोगमा अदालतको कुनै भूमिका नै हुँदैन भन्ने प्रायः सबै सरकारहरूको सोच रह्यो। मुद्दा फिर्ता लिने अधिकारको जथाभावी प्रयोगबाट विधिको शासनको खिल्लि उडाइयो, सरकारी इच्छामा न्याय झुण्ड्याइयो। यस्तो अवस्थामा पहिलो पटक के कस्ता मुद्दा फिर्ता लिन सकिन्छ, यो अधिकारको प्रयोगको सीमा के हो भन्ने विषयमा विश्वनाथ उपाध्यायले स्पष्ट दिशाबोध हुने फैसला गर्नु भयो।

दिलबहादुर लामामा मुद्दा फिर्ता लिन नै पाइदैन भन्ने अव्यवहारिक दृष्टिकोण वहाँले राख्नु भएन। देश र समाजको बृहत्तर हितको लागि कतिपय अवस्थामा त्यस्ता मुद्दाहरू चली रहनुभन्दा तिनको अन्त्य हुनु नै वान्छनीय हुन्छ भन्ने तर्क वहाँले अघि सार्नु भयो। कस्ता मुद्दा फिर्ता लिन सकिन्छ त भन्ने उदाहरणमा केबल वैचारिक आस्थाको कारणबाट वा राजनैतिक प्रतिशोधका लागि कुनै व्यक्तिमाथि चलाइएका मुद्दाहरू; त्यस्तै सामाजिक, धार्मिक वा साम्प्रदायिक तनाबबाट उत्पन्न कुनै असाधारण स्थितिमा तत्कालीन आवेश वा उन्मादको फलस्वरुप भएका अपराध सम्बन्धी मुद्दाहरू; कुटनैतिक सम्बन्ध वा सद्भाव कायम राख्नुपर्ने प्रयोजन भएका मुद्दाहरू कहिले काहीं फिर्ता लिनुपर्ने हुन्छ। यो सूची लामो हुन सक्छ। तर कारण जे सुकै भए पनि त्यो उचित तथा देश वा समाजको हितको लागि हुनु पर्दछ।

---

५८. सो धाराको स्पष्टीकरण कोषबाट पारिश्रमिक वा अन्य कुनै सुविधा प्राप्त हुने पदमा बहाल रहेको व्यक्ति "लाभको पद" धारण गर्ने व्यक्ति मानिने भन्ने उल्लेख भएको छ।

५९. श्री ५ को सरकार वि. दिलबहादुर लामा ने.का.प. २०५१ नि.नं. ४९४० पृ. ५०४

**"मुद्दा वापस लिने उक्त अधिकारीको प्रयोग व्यक्तिगत पक्षपात, मोलिहिजा वा स्वार्थबाट प्रेरित हुनु हुँदैन...अपराधको फलस्वरुप सम्बन्धित व्यक्ति परिवार र समाजलाई परेको पीडा वा क्षतिलाई तुच्छ ठानी वा त्यसको उपेक्षा गरी विना कुनै उचित कारण मुद्दा वापर लिने अधिकारको प्रयोग गर्न खोज्नु अधिकारको दुरुपयोग गर्न खोज्नु हो। त्यसरी दुरुपयोग गर्नका लागि कानूनले कसैलाई अधिकार दिदैन"** भन्ने वहाँले स्पष्ट पार्नुभयो। साथै वहाँले यो पनि स्पष्ट पार्नु भयो कि "मुद्दा वापस लिनलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अनुसार अदालतको मन्जूरी आवश्यक हुन्छ। श्री ५ को सरकारले त्यस्तो कुनै मुद्दा वापस लिन खोजे पनि अदालतले मन्जुरी नदिएसम्म वापस हुँदैन।...**अदालतको मन्जूरी केवल प्रक्रियागत कानूनी औपचारिकता (formality) होइन, त्यो एउटा सारभूत (substantve) कानूनी व्यवस्था हो। त्यो अधिकारको प्रयोग उचित कारणका लागि सदनियतले गर्न खोजिएको हो वा होइन भन्ने जाँचबुझ गरेर मात्र अदालतले मुद्दा वापस गर्न मन्जूरी दिने वा नदिने कुराको निर्णय गर्नु पर्छ। यदि कारण उचित देखिन्न वा कुनै किसिमको दुरासयले त्यो अधिकारको प्रयोग गर्न खोजेको देखिन्छ भने अदालतले मन्जूरी दिन हुँदैन"** भन्ने वहाँको स्पष्ट निर्देश थियो। साथै मुद्दा वापस लिने अधिकारको प्रयोग अदालत वा अन्य न्यायिक निकायबाट मुद्दा फैसला हुनुभन्दा पहिले मात्र हुन सक्दछ। मुद्दा फैसला भै अभियुक्तले सजाय पाइ सकेपछि मुद्दा वापस हुन सक्दैन, अर्थात मुद्दा शुरु तहमा विचाराधीन रहेको अवस्थामा मात्र फिर्ता लिन सकिन्छ, यो वहाँको स्पष्ट अडान थियो।

यसरी वेरोकतोक मुद्दा फिर्ता लिने कार्यमा दिलवहादुर लामामार्फत केही अंकुश लगाइए पनि सो मुद्दामा र पछि पनि दफा २९ को व्यवस्था असंवैधानिक घोषित नभएको[६०] र यस विषयमा अदालतको पनि सधै समान दृष्टिकोण नरहँदा[६१] त्यो सिलसिला पछिल्ला दिनहरूमा पनि रोकिएन। सरकार मुद्दा फिर्ता लिने र अदालत त्यसमा अंकुश लगाउन खोज्ने सिलसिला अझै जारी छ। पछिल्लो समयमा दिलबहादुर लामाको मुद्दामा लिइएको लाइनमा अरु इट्टा थप्ने काम गगनदेव मण्डलको मुद्दामा भएको छ[६२]। संक्रमणकालीन न्यायको व्यवस्थाले आकार लिँदा त्यसमा केही प्रभाव पर्ने त देखिन्छ तर दण्डहीनतालाई रोक्ने सन्दर्भमा गहकिलो प्रयास गर्ने हो भने दफा २९ को व्यवस्थालाई वेलगाम छाडनु हुँदैन भन्ने बारे भने कानूनी क्षेत्रमा मत बलियो बन्दैछ।

---

६०. यो दावी त्रिलोचन गौतम वि. मन्त्रिपरिषद् समेत, ने.का.प. २०५३ नि.नं. ६२४५ पृ. ६४६ मा लिइएको थियो

६१. कालुमान तामाङ वि. सोलुखुम्बु जिल्ला अदालत, ने.का.प. २०५८ नि.नं. ६९६७ पृ. १। नेपाल सरकार वि देवेन्द्र मण्डल समेत, ने.का.प. २०६४ नि.नं. ७८६२ पृ ७९४

६२. नेपाल सरकार वि गगनदेव मण्डल, ने.का.प. २०६५ नि.नं. ८०१३ पृ. ११०८

विश्वनाथ उपाध्यायको दोस्रो कार्यकालको अर्को चर्चित मुद्दा **नन्दा कुमारी रावल**[६३] हो । यो सम्पत्ति सम्बन्धी अधिकारको व्याख्यासँग सम्बन्धित छ । यो मुद्दामा जग्गा प्राप्ति ऐन, २०१८ र २०३४ को संवैधानिकताको प्रश्न उठ्दा[६४] पूर्ण इजलासबाट विश्वनाथ उपाध्यायले **"जग्गा प्राप्ति ऐन, २०१८ वा २०३४ को सम्बन्धमा नेपालको संविधान २०१९ को धारा ११ को उपधारा (२) को खण्ड (ङ) आकर्षित नहुने हुनाले ती ऐनहरूले धारा १७ र धारा ५५ अन्तर्गतको विशेष प्रक्रिया पूरा नगरेको आधारमा तिनलाई संवैधानिक भन्न मिल्ने देखिदैन"** भन्ने राय व्यक्त गर्नुभयो । यस्तो निर्णय गर्नुमा वहाँका दुई तर्कहरू थिए: पहिलो धारा ११(२) (ङ) मा उल्लेखित सम्पत्तिको भोगको अधिकारभित्र सम्पत्तिको अपहरण विरुद्धको हक पर्दैन । दोस्रो धारा १९ द्वारा कानून बनाएर सम्पत्तिको अपहरण गर्न सक्ने अधिकार विधायिकालाई दिइएको छ । त्यसैले जग्गा प्राप्ति ऐन, २०१८ वा २०३४ तत्कालीन संविधानको धारा १७ वा ९९ को प्रक्रिया पूरा गरी जारी गरिएको नहुँदैमा त्यसले कानून बनाएर सम्पत्ति अपहरण गर्न पाउने अधिकारमा कुनै असर गर्दैन । सम्पत्तिको भोगको अधिकार अन्तर्गत सम्पत्तिको अपहरण विरुद्धको हक किन पर्दैन, यो तर्क बुझ्न सकिदैन । त्यस्तै गरी संविधानले सम्पत्तिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको सन्दर्भमा अन्य मौलिक हकलाई नियन्त्रित र व्यवस्थित गर्दा अपनाउनु पर्ने कार्यविधि सम्पत्ति सम्बन्धी हकको सन्दर्भमा किन अपनाउनु पर्दैन ? यस विषयमा वहाँले दिएका तर्कहरू त्यति मजबुत देखिदैनन् । साथै पश्चिमी देशहरूमा सम्पत्ति सम्बन्धी हकको विकास, यो हकको नियन्त्रणमा राज्यको अधिकारको विषयमा र राज्यको प्रथम स्वामित्वको अधिकार (Power of Eminent Domain) को विषयमा वहाँले गरेको विश्लेषण विधिशास्त्रीय रुपले पनि सही देखिदैन । नन्दा कुमारी रावलको कमजोर पक्षबारे मैले अन्त चर्चा गरिसकेको छु[६५] यहाँ यति भन्नु उपयुक्त हुन्छ कि नन्दा कुमारी रावल वहाँका कमजोर फैसला मध्येको एक हो ।

वहाँको पालाको सबैभन्दा विवादमा ल्याइएको फैसला **रविराज भण्डारी**[६६] नै हो । यससँग सम्बन्धित मेरो व्यक्तिगत प्रसंग पनि छ ।

रविराज भण्डारीको मुद्दा सर्वोच्च अदालतमा चल्दा म नेसनल स्कूल, बैङ्गलोरमा एल्.एल्.एम्. तहको पढाइमा संलग्न थिएँ । सर्वोच्चको निर्णयको पूर्णपाठ भोलिपल्टको कान्तिपुरमा छापिएछ । कान्तिपुरको सो अङ्क मेरी श्रीमतीले हुलाकबाट मलाई पठाइ दिइन् । फैसला पढेपछि मलाई लाग्यो यस विषयमा म "फ्याकल्टि सेमिनार" दिन्छु[६७] ।

---

६३. नन्दा कुमारी रावल वि. उद्योग मन्त्रालय, ने.का.प २०५० नि.नं ४७२१ पृ. १८

६४. डिभिजन वेञ्चमा न्यायाधीश त्रिलोक प्रताप राणा र हिरण्यश्वर मान प्रधानको रायबाझी भै फुलबेञ्चमा पुगेको थियो ।

६५. See generally Ananda Mohan Bhattarai, Right to Property and the Recent Legal Developments in Nepal, 2 ANNUAL SURVEY OF NEPALESE LAWS, 2002

६६. रविराज भण्डारी वि. मनमोहन अधिकारी ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङक पृ १

६७. प्रा. माधवा मेनन, प्रा. यन.यल. मित्रा सहितको सक्षम टिमले हाँकेको नेसनल ल स्कूल, वैङ्गलोर त्यतिखेर

नेपालको सर्वोच्च अदालतले संसदको पुनर्स्थापना गर्नु अघि पाकिस्तानको सर्वोच्च अदालतले नवाज सरिफको मुद्दामा सन् १९९३ मा संसदको विघटनलाई अवैध घोषित गर्दै पुनर्स्थापना गरेको थियो[६८] भने भारतमा वात्री मस्जिदको घटना पश्चात् विभिन्न पाँच राज्यका सरकारहरू राष्ट्रपतिद्वारा विघटन गरिएको सन्दर्भमा S.R. Bommai को मुद्दामा भारतीय राष्ट्रपतिको उक्त कार्यमा उच्चतम न्यायालयमा प्रश्न उठाइएको थियो र भनेको थियो: वैकल्पिक सरकार बन्न सक्छ वा सक्दैन भन्ने कुरा संसदको फ्लोरमा नै जाँचिनु पर्छ ।[६९]

यही पृष्ठभूमिमा म सेमिनारमा दक्षिण एशियाका अदालतहरूबाट चालिएका यी कदमहरूकोबीचमा नेपालको सर्वोच्च अदालतको निर्णयको चिरफार गर्ने कोशिस गर्दै थिएँ । मेरो निष्कर्ष थियो, संसदको विघटनबारे संसदीय पद्धति भएका मुलुकहरूमा र तिनको जननी मानिएको बेलायतमा जुन मान्यताहरू विकसित गरिएका थिए । तिनले दक्षिण एसियाको परिस्थिति, संवैधानिक व्यवस्था र न्यायपालिका उपर सुम्पिएको भूमिकाको सही रुपमा व्याख्या गर्न सक्दैनन् । दक्षिण एसियाको परिस्थिति बेग्लै छ र संवैधानिक संरचना पनि भिन्दै । यहाँका अदालतहरूले जे गरिरहेका छन् त्यसबाट नयाँ संवैधानिक विधिशास्त्रको विकास हुन खोजीरहेको छ । यसमा एक कदम कोही अघि वा पछि हुन सक्छ, तर अदालतहरूले संसद विघटनको घटनालाई गम्भीरता साथ लिन थालेका छन् । मेरो यो निष्कर्ष सम्भवत: त्यहाँका श्रोताहरूलाई मन पर्‍यो ।

सो सेमिनार सकिएको रात एल्.एल्.वि. अन्तिम वर्षको मेधावी विद्यार्थी विक्रम राघवन मेरो होस्टलमा आए । विक्रम सेमिनारका एउटा श्रोता थिए । उनी अहिले विश्व बैंकमा कानूनी सल्लाहकारको रुपमा कार्यरत छन् र कतै पढाउन पनि । हामीले यस विषयमा अरु छलफल गर्‍यौ । विक्रमले हामी दुबै मिली यस विषयमा एउटा लेख लेखी अन्तर्राष्ट्रियस्तरको जर्नलमा प्रकाशित गरौं भनी प्रस्ताव राख्यो । मैले हुन्छ भनें । सन् १९९७ मा अष्ट्रेलियाबाट निस्कने "Law Asia" मा म र विक्रमले **"Judicial Scrutiny of the Dissolution of Legislatures: Notes from the Indian Subcontinent"** शीर्षकमा एउटा लेख लेख्यौं जसमा हामीले नेपाल, भारत र पाकिस्तानका फैसलाहरूको समीक्षा गरेका छौं ।

---

कानून विषयको उच्च अध्ययनको अग्रणी संस्था मानिन्थ्यो र अझै पनि मानिन्छ । नियमित अध्ययनको अतिरिक्त मुटकोर्ट, सेमिनार, गोष्ठी, विद्वानहरूबाट प्रवचन त्यहाँ नियमित जस्तै हुन्थे । फ्याकल्टी सेमिनार ल स्कूलमा महिनाको दुई पल्ट गरिने चलन थियो । यो प्रायश: प्रोफेसरहरू वा आगन्तुक विद्वानले दिन्थे र स्कूल भित्रका सबै प्राध्यापक र वाहिरका केही विद्वानहरूको पनि त्यसमा उपस्थित रहन्थ्यो । विद्यार्थीहरूले प्रायश: यस्तो सेमिनार दिने हिम्मत गर्दैनथे ।

६८. Nawaz Shariff v president of Pakistan, PLD 1993 SC 473

६९. तर यति भने पनि चुनावको घोषणा भइसकेको हुँदा राज्य सरकारहरूको पुनर्स्थापना भने उच्चतम् न्यायालयले गरेको थिएन ।

जहाँसम्म रविराज भण्डारीको प्रश्न छ, सो मुद्दाले जुन आक्रोस तत्काल सृजना गऱ्यो त्यो हराइसकेको छ । त्यसैले त्यो तातो परिस्थितिको सन्दर्भमाभन्दा पनि रविराज, त्यस अघि र पछि सर्वोच्च अदालतले समान प्रकृतिका मुद्दाहरूमा दिएका फैसलाहरूको सम्यक र विधिशास्त्रीय विवेचना अहिले बढी जरुरत छ ।[७०] यी सबै मुद्दाहरूको साङ्गोपाङ्ग अध्ययन कुनै अर्को प्रसंगमा गरौंला, तर यहाँ विश्वनाथ उपाध्यायको व्यक्तित्वलाई नियाल्न कम्तीमा पनि हरि प्रसाद नेपाल[७१] रविराज भण्डारी[७२] को सान्दर्भिक विश्लेषण गरौं ।

रविराज भण्डारी र सो अघि निर्णय भएको हरि प्रसाद नेपाल[७३] दुबै प्रतिनिधिसभा विघटनसँग सम्बन्धित मुद्दाहरू हुन् । दुबैमा प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटन गर्ने कार्यमा संविधान र कानूनको व्याख्याको प्रश्न उठ्छ भने त्यस्तो विवाद अदालतले हेर्ने वा नहेर्ने भन्ने प्रश्न उठेको थियो । दुबै मुद्दा सर्वोच्च अदालतले हेऱ्यो । रविराजमा स्पष्टसँग भनियो कि अदालतको निरोपणका लागि पेश गरेको विवादमा संवैधानिक वा कानूनी प्रश्नको निरोपण हुनु पर्नेछ भने राजनीतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनीतिक रंगमा रंगाइएको कारणले पनि संवैधानिक वा कानूनी प्रश्नको निरुपण गर्ने "आफ्नो संवैधानिक अभिभाराबाट अदालत पन्छिन् मिल्दैन" ।[७४]

मुद्दा भित्र पसेर हेर्दा हरि प्रसाद नेपाल र रविराज भण्डारीमा फरक यति थियो कि पहिलोमा प्रतिनिधिसभा विघटनको लागि सिफारिश गर्ने प्रधानमन्त्रीको बहुमतको सरकारको थियो र रविराजमा अल्पमतको । पहिलोमा सरकारको नीति र कार्यक्रम सदनमा असफल भैसकेको अवस्था थियो अर्थात कार्यक्रम पास गर्ने दौरानमा सरकार अल्पमतमा परेको थियो, भने दोस्रोमा प्रधानमन्त्री नै अल्पमतको थियो र निज विरुद्ध धारा ५४(३) बमोजिम २५ प्रतिशत सदस्यहरूले विशेष अधिवेशनको लागि समावेदन गरी सो अधिवेशन बोलाइसकेको अवस्था थियो । संक्षेपमा दुबैमा प्रधानमन्त्री उपर प्रतिनिधिसभामा बहुमत सदस्यको समर्थन छ वा छैन भन्ने प्रश्न कुनै न कुनै रुपमा उठिसकेको थियो । तर जब यी दुबै विवाद सर्वोच्च अदालतमा पुगे पहिलोमा बहुमतले

---

७०. रविराज पछि पनि सर्वोच्च अदालतमा संसदको विघटन सम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले फैसलाहरू दिएको छ । ने.का.प. २०५४ नि.नं. पृ ५३५ (विघटन सम्बन्धमा धारा ८८(५) बमोजिम चढाएको राय)

७१. हरि प्रसाद नेपाल वि. गिरिजा प्रसाद कोइराला, ने.का.प. स्वर्ण जयन्ती विशेषाङ्क क.स. ३ पृ. ८८

७२. रविराज भण्डारी वि. मनमोहन अधिकारी, ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क २०५२ पृ. १ यससँगै सर्वोच्च अदालतले निवेदक प्रकाश घिमिरे समेत ४ जना, चिरञ्जीवी वाग्ले, शेरबहादुर देउवा, लोकेन्द्र बहादुर चन्द, गजेन्द्र नारायण सिंह, आमोद पोखरेलले दायर गरेका अलग अलग निवेदनहरू पनि हेरेको थियो ।

७३. हरिप्रसाद नेपाल वि. गिरिजा प्रसाद कोइराला, ने.का.प. स्वर्ण जयन्त विशेषाङ्क क्र.सं. ३ पृ ८८

७४. हुन त यो प्रश्न रविराजमा मात्र नउठी हरि प्रसाद नेपालमा पनि उठेको थियो र त्यो विवाद अदालतले हेरेबाट राजनीतिक प्रश्न समेत मिसिएको विवाद अदालतले हेर्न मिल्छ भन्ने नै दृष्टिकोणको विकास भैसकेको हुँदा रविराजमा लिइएको लाइन नौलो थिएन ।

प्रधानमन्त्रीको कार्यलाई संविधान अनुकूल ठहऱ्यायो। यसमा विश्वनाथ उपाध्यायले अलग राय लेख्नु भयो तापनि विघटनको सिफारिशलाई भने संविधान विरुद्ध देख्नु भएन। तर यसको विपरीत दोस्रोमा भने यसलाई संविधान विपरीत देख्नु भयो। यही कारणले नै रविराज बढी विवास्पद बन्यो। यसो गर्नु ठीक थियो वा थिएन भन्ने बारे पछि चर्चा गरौला तर वहाँले रविराज भण्डारीमा के भन्नु भयो सो बारे नै पहिला चर्चा गरौ।

रविराजमा उठेका मध्ये तत्कालीन संविधानको धारा ५३ (३)[७५] बमोजिम प्रतिनिधिसभाको आह्वान भैसकेपछि धारा ५३(४)[७६] बमोजिम प्रतिनिधिसभा विघटन गर्न मिल्छ वा मिल्दैन भन्ने प्रश्नमा विश्वनाथ उपाध्यायले मिल्दैन भन्नु भयो। वहाँका अनुसार **"संसदको अधिवेशन बोलाउन सक्ने हाम्रो संविधानको विशेष व्यवस्था हो जो संसदीय प्रणाली भएका अन्य देशहरूमा प्रायः देखिन्न। प्रतिनिधि सभालाई सरकारी काम कारवाही उपर निगरानी र नियन्त्रण गर्न बढी समर्थ र प्रभावकारी बनाउनु यसको उद्देश्य हो...... यो संवैधानिक व्यवस्थालाई छल्ने, व्यर्थ तुल्याउने वा निष्कृय बनाउने अभिप्रायले उपधारा (४) को प्रयोग गर्नु हुँदैन।"** प्रतिनिधि सभा विघटन गर्ने सिफारिश गर्ने प्रधानमन्त्रीको अधिकार जतिसुकै महत्वपूर्ण र विशिष्ट भएपनि प्रतिनिधिसभा प्रतिको उत्तरदायित्वलाई छल्ने वा धारा ३६(४) वा धारा ५९(२) को संवैधानिक व्यवस्थालाई व्यर्थ तुल्याउने गरी प्रयोग गर्नु संविधानको मर्म र भावना अनुकूल हुँदैन। त्यसैले प्रतिनिधिसभा विघटनको प्रधानमन्त्रीको सिफारिश त्रुटिपूर्ण छ।

त्यस्तैगरी धारा ४२(२) बमोजिमको सरकारको विकल्पमा सोही धाराको उपधारा (१) बमोजिम सरकार बन्न सक्छ वा सक्दैन भन्ने अर्को प्रश्नमा यो कुरा प्रतिनिधिसभामा नै हेरिनु पर्छ, सतही रुपमा वैकल्पिक सरकार बन्न सक्दैन भनेमा बहुमतको सरकार विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा मन्त्रिमण्डल विघटन हुने तर अल्पमतको प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा प्रतिनिधिसभा नै विघटन हुने हास्यास्पद निष्कर्षमा पुगिने हुन्छ। त्यसैले अविश्वासको प्रस्वाव पारित भएपछि विकल्य नखोज्नु संस्दीय परम्परा अनुकूल हुँदैन, विवेक र तर्कपूर्ण पनि हुँदैन भन्ने राय रविराजमा विश्वनाथ उपाध्यायले व्यक्त गर्नुभयो।

माथि उल्लेखित कुराहरूको अलवा फैसलामा वाइमर संविधानको कुरा र अध्यादेशबाट मुलुक चलाउने कुरा पनि परेको छ, तत्कालमा ती कुराहरू उल्लेख भएको

---

७५. धारा ५३ (३) मा भनिएको थियो: श्री ५ बाट प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित रहेको अवस्थामा अधिवेशन वा बैठक वोलाउन वाञ्छनीय छ भन्ने प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिबक्सने छ र त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ हुने र बैठक बस्नेछ।

७६. धारा ५३ (४) मा भनिएको थियो: श्री ५ बाट प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधिसभा बिघटन गरी बक्सने छ। त्यसरी प्रतिनिधिसभा बिघटन गरिबक्सदा छ महिना भित्र नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन हुने मिति समय समेत तोकिबक्सने छ।

कारण आलोचना अरु बढेको हो । आजको सन्दर्भमा गहिरिएर हेर्दा ती कुराहरू मुद्दाको मूल निर्णयधार (Ratio) नभै असंगत कथन (Obiter Dicta) हुँदा त्यसबारे त्यति ध्यान दिनु आवश्यक छैन भन्ने मलाई लाग्छ । मेरो विचारमा केही विवादहरूको वावजुद रविराज भण्डारीको मुद्दाको केही सन्देशहरू दिएको छ । ती मध्ये केही देहाय बमोजिम छन् । पहिलो जस्तोसुकै राजनीतिक कलेवरको भएपनि संवैधानिक र कानूनी प्रश्नको निरोपण अदालतले गर्न सक्छ, प्रतिनिधिसभाको विघटन राजनीतिक प्रश्न भए पनि यसमा संवैंधानिक र कानूनी प्रश्नहरू सन्निहित हुँदा यो विवाद न्यायिक निरोपणको विषय बन्न सक्छ । दोस्रो, संसदीय व्यवस्थामा प्रधानमन्त्री संसदप्रति उत्तरदायी रहेको मानिने हुँदा संसदलाई छल्न हुँदै न, प्रतिनिधिसभाको विघटन पनि यसको अधिकार वा प्रक्रियालाई छल्ने गरी गरिनु हुँदैन । विशेष अधिवेशन वा अविश्वासको प्रस्ताव उपर छलफल हुने स्थिति छ भने त्यसको सामना गर्नै पर्छ । तेस्रो, संसद भित्रबाट विकल्प रहेसम्म वैकल्पिक सरकारको खोजी संसद भित्रबाटै गरिनु पर्छ, हठात निर्वाचनमा जानु हुँदैन । यी सन्देशहरू सर्वोच्च अदालतले पछिल्ला निर्णयहरूमा ग्रहण गरेको र नगरेको दुबै देखिन्छ । उदाहरणको लागि २०५४/९/२४ मा तत्कालीन प्रधानमन्त्रीले संविधानको धारा ५४(४) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिश गरेको केही घण्टापछि ९६ जना प्रतिनिधसभाका सांसदहरूले धारा ५३(३) बमोजिम विशेष अधिवेशन माग गरी समावेदन गरेकोमा कुन कुराले प्राथमिकता पाउनु पर्ने हो भन्ने विषयमा धारा ८८(५) बमोजिम सर्वोच्च अदालतको राय मागिएकोमा संसद भित्रबाटै विकल्प खोजिनु पर्ने भन्ने रविराजको निर्णायधारलाई आत्मसात गर्दै सर्वोच्च अदालतले धारा ५३(३) बमोजिमको समावेदनाले प्राथमिकता पाउनु पर्ने भनी राय व्यक्त गऱ्यो[७७] तर २०५९/२/८ मा गरिएको प्रतिनिधिसभा विघटनको सिफारिश बारे परेको निवेदनमा भने सो व्याख्याको अनुसरण गरिएन ।[७८] संक्षेपमा के भन्न सकिन्छ भने जब प्रतिनिधिसभाका विघटन जस्ता राजनीतिक कलेवर भएका मुद्दा सर्वोच्च अदालतमा पर्छन् ती मुद्दाहरूको निरोपण गर्दा अदालत सुसंगत (Consistent)भन्दा असंगत देखिने बढी सम्भावना देखिन आएको छ । रविराज सहित वा रहित जे विश्लेषण गरे पनि यस विषयमा गरिएका चारवटा फैसलाहरूले भोलिको डिस्कोर्सलाई मार्गदर्शन गर्छन भनी यकिनन् भन्न सकिने अवस्था छैन ।

## ३. फैसलाहरूबाट विश्वनाथको व्यक्तित्वलाई नियाल्दा

यस लेखमा चर्चित फैसलाहरूमार्फत विश्वनाथ उपाध्यायको व्यक्तित्वलाई नियाल्दा वहाँ समकालीन न्यायिक इतिहासको सबैभन्दा “सग्लो र अग्लो” व्यक्ति देखिनु

---

७७. ने.का.प. २०५४ नि.नं. ६४४६ पृ ५३५ (विघटन सम्बन्धमा धारा ८८(५) बमोजिम चढाइएको राय)

७८. श्यामकुमार खत्री समेत वि. प्रधानमन्त्री शेरबहादुर देउवा समेत, संवैधानिक कानून पहिलो भाग (२०१५-२०६२) भाग १० (ग) पृ २४२ निर्णय मिति २०५९/४/२१

हुन्छ । नेपाली कानून र कानूनी पद्धतिमा वहाँका देनहरू अद्वितीय छन् । वहाँको व्यक्तित्वलाई राम्रोसँग बुझ्न वहाँले कुन वातावरणमा काम गर्नु भयो भन्ने तर्फ पनि दृष्टि दिनु जरुरी हुन्छ । वहाँ सर्वोच्च अदालतको न्यायाधीश हुँदा एकदलीय शासन व्यवस्था चरमोत्कर्षमा थियो; लोकतन्त्रको पक्षधर नेता कि त जेलमा थिए कि त विदेशमा । संविधानले जरा गाडिनसकेको, विधिको शासन धर्मराएको त्यो अवस्थामा वहाँले खुट्टा नकमाई विधिको शासन, मौलिक हक, मानव अधिकारका अवधारणालाई व्यवहारमा उतार्न र स्वतन्त्र न्यायपालिकाको झण्डालाई सदा उचो राख्ने कोशिस गर्नुभयो । ओमकार श्रेष्ठ, सर्वज्ञरत्न वा समीक्षामा दिएका फैसलाहरूले वहाँको निर्भिकता, बौद्धिक तिक्ष्णता, सिर्जनशीलता र न्यायप्रतिको समर्पणलाई उजागर गर्छन् । यही कार्यकालमा वहाँले **"अधिकारको प्रयोगमा स्वेच्छाचार गर्ने हक कसैलाई हुँदैन"** भनी सरकारलाई उत्तरदायी बनाउने कोशिश गर्नु भयो, **कानून र संविधानको व्याख्या गर्ने अदालतको अन्तरनिहित अधिकार हो, यो कानून वा संविधानमा व्यक्त गर्न जरुरी नै छैन** भनी स्वतन्त्र न्यायपालिकाको अधिकारलाई स्थापित गर्नु भयो । संविधानको स्वरुपको प्रत्यक्ष र परोक्ष विश्लेषण गर्दै **राष्ट्रिय पञ्चायत सर्वोच्च विधायिका होइन** भन्ने उद्घोष पनि गर्नु भयो ।

पहिलो कार्यकालको तुलनाको रुपमा दोस्रो कार्यकाल वहाँको लागि सापेक्षिक रुपमा सहज थियो, तर चुनौती मुक्त भने थिएन । संविधान त बनेको थियो, तर यसमा ज्यान हाल्न बाँकी थियो । लोकतन्त्र त आएको थियो तर यो संस्थागत हुन बाँकी थियो । संविधानले समानता, स्वतन्त्रता, न्याय र विकासको मार्गमा हिड्न खोजेको थियो तर परिस्थिति अत्यन्त तरल थियो । समस्त चुनौतीहरूलाई वहाँले निर्भिकताका साथ सामना गर्नु भयो र आफैले कोरेको संवैधानिक मार्ग रेखामा मुलुकलाई डोऱ्याउने कोशिश गर्नु भयो । दुबै कार्यकालमा विश्वनाथ उपाध्यायले दिनु भएको योगदानलाई हामी विधिशास्त्रीय, कानूनी, संवैधानिक र रणनीतिक रुपमा विश्लेषण एवम् विवेचना गर्न सक्छौं ।

विधिशास्त्रीय रुपमा हेर्दा नेपाली न्यायिक पद्धतिलाई अवधारणात्मक रुपमा धनी बनाउन वहाँले अविस्मरणीय योगदान दिनु भएको देखिन्छ । चाहे बन्दीप्रत्यक्षीकरणको आदेश कस्तो अवस्थामा जारी हुन्छ, साधारण क्षेत्राधिकार अन्तर्गत अदालत वा अन्य न्यायिक निकायहरूले मुद्दाको रोहमा गरेका आदेश वा फैसला वा फैसलाउपर हस्तक्षेप गर्दा के कस्तो आत्मसंयम अपनाउने भन्ने विषय होस्[७९] वा व्यक्तिले थुनेकोमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने वा नगर्ने विषय होस्[८०] वा कसका विरुद्ध रिट

---

७९. ओमकार प्रसाद श्रेष्ठ वि. केन्द्रीय कारागार काठमाडौं, ने.का.प. २०२८ नि.नं. ६०६ पृ. १७७; उत्तर कुमार श्रेष्ठको हकमा प्रकाशमणि प्रधान वि. भन्सार वि.त्रि., प्रमुख, ने.का.प. २०४८ नि.नं. ४२८० पृ.१५४; कर्णबहादुर गुरुङ वि.अ., भक्तपुर का.प्र.जि.ने.का.प. २०४८ नि.नं. ४२८१ पृ. १५८; प्रदिप कुमार अग्रबाल वि. कर कार्यालय मोरङ, ने.का.प. २०५२ नि.नं. ६०३२ पृ. ५४२

८०. प्रसन्नध्वज प्रधान वि. भक्तध्वज प्रधान, ने.का.प. २०५१ नि.नं. ४९५४ पृ. ६०२ (फू.वे.राय सुरेन्द्र प्र. सिंह)

लाग्छ भन्ने होस्[८१] वा विलम्बको सिद्धान्तको व्याख्या होस्[८२] वा निषेधाज्ञाको सैद्धान्तिक विवेचना होस्[८३] वा क्षतिपूर्तिको विधिशास्त्र खोल्ने असफल नै किन नहोस्[८४] विधिशास्त्रीय रुपमा विवादहरूको विश्लेषण गर्दै वहाँले एकपछि अर्को कोशेढुंगाहरू राख्दै जानु भयो । एउटा सामन्तवादी सँस्कृतिबाट गुज्रिएको, अधुरो र अपूर्ण न्याय पद्धतिमा न्यायका विश्वजनीन मूल्य र मान्यताहरूलाई धरातलीय यथार्थसँग मिल्ने गरी आयात गर्दै हाम्रो न्याय पद्धतिको गुणात्मक विकास गर्ने र समुन्नत बनाउने कार्य वहाँले गर्नु भयो । ती मूल्य मान्यताहरूलाई हाम्रो न्यायिक यात्राको पथ प्रदर्शकको रुपमा कति लियौं, कति लिएनौं, कतै बनिसकेको व्यवस्था वा हालिसकेको जगलाई भत्काउने कार्य पो गर्‍यौं कि ? आत्म अन्वेषण गर्नु जरुरी भएको छ ।

विश्वनाथ उपाध्यायको कानूनी योगदानका अनेक आयामहरू छन् । फौजदारी न्याय र प्रमाण कानूनलाई हिरा पासी, मिस मार्साकल कास्की, बच्ची विष्ट, सुवास नेम्वाङमा दिएका फैसलाहरूले धनी बनाएका छन् ।[८५] देवानी कानूनमा वहाँका विचार हरूलाई मुनिलाल गोल्छा, देवेन्द्र शमसेर, पिताम्बर भुसालले[८६] आदिले प्रतिनिधित्व गर्छन् । यिनले कानून स्पष्ट भएसम्म कानूनको अनुशरण गर, न्यायपूर्ण भएसम्म गर, कानूनले नबोकाएको भारी न्यायका याचकलाई नबोकाउ, अधिकारको हनन् हुँदा पीडितलाई उपचारविहीन अवस्थामा नपार, उसका घाउमा मल्हम पट्टि लगाऊ, क्षतिपूर्ति देउ भनी सम्बन्धित पक्षलाई घच्घच्याउछन् ।

जहाँसम्म संवैधानिक विकासमा योगदानको प्रश्न छ, यस विधामा वहाँको यात्रा रघुराज शाहीबाट शुरु हुन्छ जहाँ वहाँले भूमि सम्बन्धी ऐनको प्रथम संशोधनलाई अमान्य घोषित गर्दै पञ्चायती संविधान भित्रै पनि न्यायिक पुनरावलोकनका सम्भावनाहरू छन् भनी देखाउनु भयो । सर्वज्ञरत्नमार्फत वहाँले पञ्चायती संविधानको खोक्रोपनलाई उदाङ्ग पानु भयो । यो अवधिमा शासन व्यवस्थालाई लोकतान्त्रिक र जिम्मेवार बनाउन पनि वहाँले भरपूर कोशिस गर्नु भयो । समीक्षाको मुद्दा होस् वा चेतना साप्ताहिकको मुद्दा वा ओमकार श्रेष्ठ, यी सबैले सरकारलाई जिम्मेदार बनाउने कोशिस गरेका छन् ।

---

८१. पशुपति गिरी वि.बृजेन्द्र बहादुर बस्नेत समेत, ने.का.प. २०३६ नि.नं. ३७३१ पृ. १९४

८२. परमानन्द प्रसाद सिंह वि. गृह पञ्चायत मन्त्रालय, ने.का.प. २०३१ नि.नं. ८७३ पृ. ३८३

८३. गुठी संस्थान वि. नरेन्द्र विक्रम ने.का.प. २०३२ नि.नं. ८९३ पृ. ४३ (अलग राय)

८४. द्रोण शम्शेर इन्डियन एयरलाइन्स, ने.का.प. २०२९ नि.नं. ६९४

८५. वहाँले हिरा पासीमा गैरन्यायिक साविती, सहअभियुक्तको पोलको प्रामाणिक महत्व बारे दिशानिर्देश गर्नु भयो भने, मिस कास्कीमा साविति र स्वीकारोक्तिबीचमा रहेको विभेद स्पष्ट गर्नु भयो । बच्ची विष्टमा पितृत्वलाई अनुमानको विषय हो भन्ने व्याख्या गरेर र मातृत्वलाई तथ्यको विषय मानेर आमाको भनाईलाई उच्च महत्व दिनु भयो ।

८६. कृष्णराज उपाध्याय वि. पिताम्बर भुसाल, ने.का.प. २०३३ नि.नं. ९८२ पृ.१२३

संवैधानिक विधिशास्त्र कानूनको विकासमा दोस्रो कार्यकालका फैसलाहरू अझ बढी केन्द्रित देखिन्छन् । २०४७ को संविधान जारी भएसँगै संवैधानिक राजतन्त्र, संसदीय प्रजातन्त्र, मानव अधिकार, उत्तरदायी सरकार, विधिको शासन, जनतामा निहित सार्वभौमसत्ता एवम् शासकीय शक्ति र ती सबैलाई सम्हाल्न, सही दिशा दिन सक्ने स्वतन्त्र र सक्षम न्यायपालिका यी सब वहाँका परिकल्पना थिए । तिनै मूल्य र मान्यताहरूलाई राधेश्याम अधिकारी देखि रविराज भण्डारीसम्मका माथि चर्चा गरिएका फैसलाहरूले सजिबता प्रदान गर्ने कोशिस गरेका छन् र यसैमा वहाँको उर्जा सर्वाधिक खर्च भएको छ ।

रणनीतिक रुपमा हेर्दा हरेक विधामा वहाँका फैसलाहरू कानूनी जगमा उभिएर अघि बढेको पाइन्छ । विचारका वाइपंछी घोडाहरूले आकाश चुम्छन्, अनि न्यायरुपी अमृतको घडा काँधमा बोकी फर्कने कोशिस गर्छन् । वहाँको कानूनको व्याख्या बेजोडको छ - व्याख्या म्याक्सवेलियन (Maxwell-ian) तर एप्रोच भने होम्सियन (Holm-ian) । सीपको हिसाबले न्यायमूर्ति भगवतीले भने जस्तै वहाँ सृजनशील कलाकार (Creavtive Artist) देखिनु हुन्छ । विचारहरू यति दरा हुन्छन् कि तिनलाई अस्वीकार गर्न कानूनमा नै संशोधन गर्नुपर्छ ।[८७] छोटा र स्पष्ट वाक्य, पाएसम्म झर्रो नेपाली र मिलेसम्म कानूनी भाषा, भाषागत रुपमा विश्वनाथ उपाध्यायका फैसलाहरूको वैशिष्ट्य हो - जहाँ नयाँ अवधारणा प्रस्तुत हुन्छ त्यहाँ भाषा अरु तिख्खर हुन्छ । फैसलाहरूले पाठकहरूलाई कदापि अन्यौलमा छाड्दैनन्, सदा एउटा मार्गतर्फ डोहऱ्याउछन् । यी हेतुवादी छन् । यथार्थमा हेतुवादी व्याख्या (Purposive Interpretation) वहाँको सृजनशीलताको कडि हो ।

विश्वनाथको भावभूमि राष्ट्रिय कानून हो । अर्को शब्दमा वहाँ राष्ट्रिय कानूनको विद्यार्थी हो । राष्ट्रिय कानूनको व्याख्या गर्न तुलनात्मक कानून र विधिशास्त्रमा विकसित सिद्धान्तहरूको वहाँले पटक पटक सहारा लिनु भएको छ । तर अन्तर्राष्ट्रिय कानूनको सहारा भने विरलै, जहाँ आवश्यक छ त्यहाँ पनि न्यूनतम् मात्र । अन्तर्राष्ट्रिय कानून र मानव अधिकार कानूनको उद्धरण पनि वहाँका फैसलामा कमै मात्र भेटिन्छ । यसको उदाहरण स्वरुप एउटा प्रसङ्ग यहाँ राख्न सकिन्छ । लोप्साङ लामाको मुद्दामा अ.व. २०३ को देहाय १ को व्याख्या गर्नुपर्ने भयो ।[८८] बहुमतले इन्साफ आंशिक उल्टि भएमा थप सजाय गर्नु मिल्दैन भन्यो । त्यसभन्दा एक कदम अघि बढेर वहाँले २०३ नं. को औचित्यमानै प्रश्न उठाउनु भयो । ऐतिहासिक सन्दर्भमा कोट्याउँदै वहाँले पहिला फैसला उल्टि भएमा हाकिमका नाममा कराउने महल अन्तर्गत हाकिमलाई सजाय हुन्थ्यो, त्यसैले इन्साफ सदर हुँदा पुनरावेदनकर्ताले फजुल कुरामा पुनरावेदन गरेको भनी सजाय गर्न सकिन्थ्यो, तर अहिले समय धेरै अघि बढेको छ, अब बदनियतपूर्वक कार्य गरेकोमा

८७. जस्तो अंशवण्डाको ३० नं. मा संशोधन गरी वहाँका विचारहरूलाई अस्वीकार गर्नु पऱ्यो ।
८८. लोप्साङ लामा वि. राजस्व न्यायाधिकरण, ने.का.प. २०४९ नि.नं. ४५७३ पृ. ६२१ बन्दीप्रत्यक्षीकरण

बाहेक इन्साफ उल्टि भएमा न्यायाधीशलाई सजाय हुँदैन, अर्कोतर्फ पुनरावेदनलाई पनि हाकिमका उपरको उजुर नभई फैसलामा भएका मानवीय गल्ती, कमजोरी आदिलाई सच्याउने अवसरको रुपमा सुझिएको हुँदा इन्साफ सदर भयो भन्दैमा पुनरावेदकलाई थप सजाय गरिनु हुँदैन । त्यसैले अ.व. २०३ नं. को व्यवस्था अब राख्न जरुरी छैन भन्ने राय वहाँले व्यक्त गर्नु भयो ।[८९] तर सो फैसलामा वहाँले कतै पनि मानव अधिकार कानूनले प्रत्याभूत गरेको “स्वच्छ सुनुवाईको हक भित्र न्यायिक निकायबाट भएको पुनरावेदन तहबाट पुनरावलोकन गराउने हक पनि पर्दछ” भन्नु भएन । टनकपुरको मुद्दामा पनि अन्तर्राष्ट्रिय कानूनको जति उल्लेखन आवश्यक थियो त्यति उल्लेखन नभएको महसुस हुन्छ । वहाँका फैसलाहरू हेर्दा कमन ल ले वहाँलाई जति प्रभाव थियो । अन्तर्राष्ट्रिय कानूनले थिएन कि भन्ने अडकल काट्न सकिन्छ ।

विश्वनाथ सदा शक्तिशाली अदालतको पक्षधर व्यक्ति हो भन्ने वहाँका फैसलाहरूले देखाउछन् । स्वतन्त्र न्यायपालिकाको अधिकार तथा यसले खेल्ने र खेल्नुपर्ने भूमिकाको बारेमा वहाँ अत्यन्त स्पष्ट देखिनु हुन्छ । वहाँ उपचार प्रदान गर्न नसक्ने, समस्याको पोको फुकाउन नसक्ने, लाचार न्यायालयको पक्षधर व्यक्ति कदापि होइन । उपयुक्त उपचार प्रदान गरेर जनताको न्याय सम्बन्धी हकको सुरक्षा गर्नमा वहाँ हरदम अग्रसर देखिनु हुन्छ ।

वहाँका फैसलाहरू सरसर्ति हेर्दा तिनमा एउटा स्पष्ट प्रवृत्ति फेला पर्छ । फैसलाहरूमा आफू समक्ष प्रस्तुत विषयवस्तुलाई संविधान, संविधानबाद र मानव अधिकार र व्यक्तिगत स्वतन्त्रताको चस्माबाट हेरिएको छ । ती फैसलाहरूमा उच्च स्तरको कानूनी भाषा प्रयोग भएको छ - अनुकरण गरुँ गरुँ जस्तो । सर्वोच्च अदालतमा वहाँले कार्य गरेको पहिलो अवधि (२०२७-२०३६) र दोस्रो अवधि (२०४८- २०५२) मा लेखिएका फैसलाहरू भाषागत परिस्कारको हिसाबले एकै किसिमका छन् । तिनमा एउटा तर्जुमाकारको व्यक्तित्व छताछुल्ल भएर पोखिएको भेटिन्छ; एउटा उच्चस्तरको कानूनी साहित्य । फैसलाहरू लेख्दा वहाँले विरलै मात्र बेञ्च असिस्टेन्टहरूको सहायता लिनु भयो होला भनी अड्कल गर्न सकिन्छ ।

यति हुँदा हुँदै पनि विश्वनाथ उपाध्यायमा कमि कमजोरी नभएको भने कदापि होइन । वहाँका फैसलाहरू गहिरिएर हेरेमा प्रसस्त कमी कमजोरीहरू फेला पर्छन् । रविराज भण्डारी, मिरा गुरुङ वा इमानसिंह गुरुङमा देखिएका कमी कमजोरीहरूबारे माथि प्रकाश पारिसकिएको छ । अमर बहादुर गुरुङमा बहुमतले न्यायाधीश हरगोबिन्द सिंह प्रधानको राय समर्थन गरेको भए प्रहरीद्वारा गरिने गुपचुपको पक्राउको सम्भवतः अन्त्य हुन्थ्यो । २४ घण्टाको नियम संविधानमा प्रत्याभूत भएर पनि मृत प्रायः हुने थिएन । विश्वनाथ उपाध्यायलाई पनि अ.बं. ११८ नं. बारेमा बलजफि्तको तर्क अघि सार्नुपर्ने

---

८९. वहाँको फरक मतलाई सम्मान गर्दै केही समयपछि २०३ नं. खारेज नै गरियो ।

थिएन। नन्दा कुमारी रावल त वहाँका कमजोर फैसलाहरू मध्येको नमुना नै हो। यसमा सम्पत्तिको भोग चलनभित्र सम्पत्ति अपहरण विरुद्धको हक पर्दैन भन्ने सोच, त्यस्तै राज्यको सम्पत्ति सम्बन्धी प्रथम अधिकार (Power of Eminent Domina) बारेको लगत व्याख्या र त्यसभन्दा माथि पश्चिमी मुलुकीहरूमा उचित क्षतिपूर्ति नदिई वा सुनिश्चित नगरी सार्वजनिक उद्देश्यको लागि पनि सम्पत्तिको अपहरण हुन सक्छ भन्ने गलत बुझाई आदिको कारणले वहाँ सम्पत्ति सम्बन्धी कानूनको विधिशास्त्रीय बुझाईमा कमजोर देखिनु भएको छ। यतिसम्म कि वहाँले सम्पत्तिको हक त कानूनी हक हो भन्न खोजेको हो कि भन्ने भान नन्दाकुमारी रावल पढ्दा हुन्छ। पछि सर्वोच्च अदालतले यो कानूनी हक हो भन्ने गल्ति मिथिलेश कुमार सिंहमा गरी नै हाल्यो[९०] र त्यो गल्ती गर्नमा नन्दाकुमारी रावलले पृष्ठभूमिमा रहेर मद्दत गरेको देखिन्छ। रघुराज शाहीमा भूमि सम्बन्धी ऐनको प्रथम संशोधनले धारा १७ वा ५५ को प्रक्रिया पूरा नगरेको आधारमा सो संशोधनलाई संविधानसँग असंगत देख्ने वहाँले तिनै धाराको प्रक्रिया पूरा नगरेको जग्गा प्राप्ति ऐनलाई कसरी संविधानसँग सुसंगत देख्नु भयो, फैसलाहरूको अध्ययनबाट स्पष्ट हुँदैन। विभिन्न विषयमा दिइएका वहाँका फैसलाहरू अध्ययन गर्दै जादाँ अन्य गल्तीहरू पनि भेटिन्छन्। यी कमी कमजोरीहरूले वहाँको देवत्वकरणलाई त अवश्य रोक्छन् तर कमी कमजोरीका बाबजूद वहाँ समकालीन न्यायिक इतिहासको सबैभन्दा “अग्लो र सग्लो” व्यक्तित्व हो भन्ने कथनलाई भने खण्डन गर्न सक्दैनन्। वहाँका फैसलाहरूको आँखीझ्यालबाट हेर्दा यही तस्वीर स्पष्ट रुपमा अघि आउँछ।

## ४. उपसंहार

प्रस्तुत लेखले फैसलामार्फत विश्वनाथ उपाध्यायको व्यक्तित्व नियाल्ने उद्देश्य राखेको कुरा शुरुमा नै स्पष्ट गरिएको छ। विश्वनाथ उपाध्याय भन्नासाथ मानिसहरू न्यायाधीश वा प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय भन्ने नै बुझ्छन्। एउटा न्यायमूर्तिलाई उसका फैसलामार्फत नै सम्झन खोज्नु उचित हुन्छ भन्ने मलाई लागेकाले केही फैसलाहरूको संक्षिप्त चर्चा यहाँ गरिएको हो।[९१] माथिल्ला खण्डहरूमा वहाँका चर्चित फैसलाहरूबारे संक्षिप्त चर्चा गरियो। ती फैसलाहरू आफैमा विशिष्ट छन्; तिनले कानूनका विभिन्न विधामा सारभूत रुपमा नयाँ आयाम थपेका छन्; त्यस अर्थमा ती फैसलाहरू कालजयी छन्।

९०. मिथिलेश कुमार सिंह वि. प्रधानमन्त्री समेत, भूमि सम्बन्धी कानून पहिलो भाग (२०१५ - ६२) भा १२ पृ. ११८

९१. कानून पत्रिका पल्टाई हेर्दा वहाँले लेखेका र वहाँसमेत संलग्न बेञ्चबाट ३५०भन्दा बढी फैसला प्रकाशित देखिन्छन्; अप्रकाशित अरु कति होलान्। अख्तियार दुरुपयोग पुनरावेदन अदालतबाट वहाँले गरेका फैसलाहरू त प्रकाशित नै भएका छैनन्। यी सब कुराहरू थप अनुसन्धानका विषय हुन सक्छन्।

विश्वनाथ उपाध्यायका दुई कार्यकालमा दुई भिन्न राजनीतिक व्यवस्थाहरू विद्यमान थिए । न्यायपालिकाको स्वरुप पनि नितान्त भिन्न, पहिलोमा नाम मात्रको स्वतन्त्रता थियो भने दोस्रो कार्यकालमा न्यायपालिका संस्थागत र कार्यगत दुई हिसाबले स्वतन्त्र । यस मानेमा वहाँलाई दुई भिन्न भिन्न भावभूमि र वातावरण प्राप्त थिए । २०४७ सालको संविधान प्रारम्भ भएपछि न्यायिक पुनरावलोकनको जुन व्यापाक अधिकार अदालतलाई दिइयो र सो कारण राजनीतिक रुपमा महत्वपूर्ण मानिएका विषयहरू अदालतमा प्रवेश गर्ने जुन परिस्थिति बन्यो त्यसले अदालतलाई राष्ट्रिय राजनीतिको महत्वपूर्ण संस्थाको रुपमा उभ्यायो । नेपालको अन्तरिम संविधान, २०६३ ले यो अधिकारलाई यथावत् राखेको छ । यसरी हेर्दा २०४७ सालदेखि अदालतले नितान्त नयाँ धरातलमा काम गरिरहेको छ । २०४७ सालदेखि हालसम्म आउँदा सर्वोच्च अदालतले मित्रराष्ट्रसँग गरिएको सन्धिको पुनरावलोकन गरेको छ, संसदको विघटनको मुद्दाहरू हेरेको छ, शाही आयोगको गठन, प्रधानमन्त्रीको निर्वाचन, त्यस्तै गरी संविधानसभाको कार्यविधि र म्याद थप, संविधानसभाका २६ सदस्यहरूको मनोनयन सम्बन्धी मुद्दा हेरेको छ । अर्थात् यसले पटक पटक राजनीतिक कलेवरका मुद्दाहरू हेरेको छ । यी समस्त मुद्दाहरूको सन्दर्भमा हेर्दा निश्चयात्मक रुपमा के भन्न सकिन्छ भने यद्यपि यी फैसलाहरूमा असंगतिहरू प्रसस्त हुन सक्छन्, तर ती सबैले एकै स्वरमा भनिरहेका छन् कि संविधानभित्र यस्तो कुनै चेम्बर छैन जहाँ न्यायपालिकाले नचियाएको वा चियाउन नसकेको होस् । विगत २४ वर्षको न्यायिक व्यवहारलाई हेर्दा नेपालको सर्वोच्च अदालतले राजनीतिक प्रश्नको सिद्धान्त (Political Question Doctrine) भित्र अहिले पनि महत्वपूर्ण मानिएका दुई शर्तहरू सहकारी संवैधानिक निकायको क्षेत्राधिकार भित्र पर्छ भनी लेखिएको (Express Commitment of the Constitution to other Coordinate Branch) र न्यायिक मापदण्डबाट छिनोफानो गर्न नसकिने विवाद (Absence of Judicially Manageable Standard) लाई पनि करिब करिब बिर्सिसकेको अवस्था छ ।[९२] संवैधानिक रुपमा हेर्दा प्रभुकृष्ण कोइराला[९३] वा भरतमणि जंगम[९४] ले राजनीतिक प्रश्नको सिद्धान्तसँग सम्बद्ध माथिका दुई सिद्धान्तलाई अस्वीकार गरेको देखिन्छ ।

तर जब राजनीतिक कलेबरका मुद्दाहरू अदालतमा आएका छन् । अदालत ढलफलाएको पनि छ । उदाहरणको लागि सर्वोच्च अदालतले हरिप्रसाद नेपाल वा रविराज भण्डारीमा वा २०५४ सालमा धारा ८८(५) बमोजिम व्यक्त गरेको राय वा २०५९ मा श्यामकुमार खत्रीमा गरेको फैसलालाई लिन सकिन्छ । समग्रमा हेर्दा ती मुद्दाहरूमा संसद

---

९२. Ananda M Bhattarai, Designing System of Justice for Federal Nepal: Possible Contribution of Comparative Constitutional Law, NJALJ 2011 at p 115, 185 यो लेखमा मैले यो सिद्धान्त र यससँग सम्बन्धित विवाद बारे विस्तृत रुपमा प्रकाश पारेको छु ।

९३. प्रभुकृष्ण कोइराला वि. संविधान सभा सचिबालय समेत, ने.का.प. २०६७ नि.नं. ८४२० पृ. १२००

९४. भरतमणि जंगम समेत वि. राष्ट्रपतिको कार्यालय समेत, ने.का.प. २०६८ नि.नं. ८६६२ पृ. १२५७

विघटनको प्रश्नमा अदालतले कुनै स्थिर अडान लिन सकेको देखिदैन । यसो हुनुमा मुलतः दुई वटा कारणहरू हुन सक्छन् । संवैधानिक संरचना, यसको उद्देश्य र अभिष्टबारे राम्रो परख हुन नसक्नु वा विद्यमान वातावरणलाई सक्षम रुपमा व्यवस्थापन गर्न नसक्नु । संविधान अन्तर्गतका पात्रहरूले जिम्मेदार भूमिका खेल्न नसकेसम्म वा नचाहेसम्म हाम्रो संविधान र संवैधानिक परिपाटीले सही दिशा लिन सक्दैन । न्यायाधीशहरूको हकमा पनि यही कुरा लागू हुन्छ ।

हाम्रो संवैधानिक डिस्कोर्ष अहिले रविराज भण्डारीभन्दा अहिले धेरै अघि बढी सकेको छ । हाम्रोमा मात्र होइन, अन्य लोकतान्त्रिक मुलुकहरूमा न्यायपालिकाको आफ्नो शक्ति वृद्धि गर्दै लगेका छन् ।[९५] सन् १९९० को दशक देखि नै जब जब विश्वमा लोकतन्त्रको लहर चल्यो, यो लहरसँगै न्यायपालिकाको शक्तिमा अरु अभिवृद्धि हुन थाल्यो । शक्तिको अभिवृद्धिमा मानव अधिकार साहित्यले पनि ठूलो मलजल गरेका छ । मानव अधिकार साहित्य कै कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनबीच रहेको पर्खाल जीर्ण हुँदै गएको छ । फलतः राष्ट्रिय अदालतहरूले अन्तर्राष्ट्रिय कानूनको पनि व्यापक प्रयोग गर्न थालेका छन् । यी सबै कुराहरूले प्रकारान्तरले न्यायपालिकालाई विस्तारै विस्तारै राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याएका छन् । न्यायपालिका राष्ट्रिय राजनीतिको केन्द्रमा आएसँगै न्यायपालिका केही हदसम्म विवादमा पनि आएका छन् यसै कारण उपर राजनीतिक प्रभाव पार्न खोज्ने एउटा घातक प्रवृत्ति पनि अहिले विकसित भइरहेको छ । नयाँ संविधानमार्फत स्थिर र सबल न्यायिक संरचना निर्माण गर्न बाँकी नै रहेको यस अवस्थामा हामीले यी सबै पक्ष उपर सघन विचार विमर्श गर्नुपर्छ । रविराज भण्डारी वा अरु कुनै फैसलाबारेमा चर्चा गर्दा यी समस्त कुराहरू तर्फ दृष्टि दियौं भने मात्र हामीले वस्तुनिष्ट र सन्तुलित अवधारणाको विकास गर्न सक्छौं ।

अन्त्यमा मलाई सधै के लाग्छ भने तर्जुमाकार विश्वनाथ, संविधानबाद् विश्वनाथ र न्यायमूर्ति विश्वनाथ उपाध्यायलाई एकैसाथ राखी कोरिने तस्वीरले मात्र वहाँको व्यक्तित्वको सही मूल्याङ्कन गर्न सक्छ । अरु दुई पाटाहरूको अध्ययन बेगर यो अध्ययन पूरा हुँदैन तथापि न्यायिक कार्यहरूको मात्र परिप्रेक्ष्यमा हेर्दा पनि हामी विश्वनाथ उपाध्याय हाम्रो समयको उच्च व्यक्तित्व हुनु हुन्थ्यो । हरिप्रसाद प्रधान पछि हाम्रो न्यायिक क्षेत्रले युग युगसम्म सम्झिइने दोस्रो व्यक्ति वहाँ नै हो - त्यस मानेमा युग पुरुष । हरि प्रसाद प्रधानज्यूको बारेमा वहाँका केही फैसला र सम्भवतः वहाँले लेखेको नेपाल कानून पत्रिकामा प्रकाशित एउटा लेख र मूलतः वहाँका बारेमा लेखिएका केही लेखहरू बाहेक हाम्रो पुस्ताका व्यक्तिहरूसँग प्रत्यक्ष सम्झनाका केही चिजहरू छैनन् । तर विश्वनाथ उपाध्यायको हकमा वहाँले कानून मन्त्रालयमा वा अझ त्यस अघि राष्ट्र

९५. Peter H Russel, Conclusion in *Appointing Judges an Age of Judicial Power* (Kate Malleson & Peter H. Russel eds. Torento University of Toronto Press, 2006) at p 420, 435

वैंकमा काम गर्दा देखि वहाँलाई देख्ने, विभिन्न हैसियतमा काम लगाउने, वहाँसँगै काम गर्ने र वहाँले काम लगाएका व्यक्तिहरू हाम्रा सामुन्नेमा छन्। उनीहरूमध्ये कतिले सम्फनाका तरेलीहरूमा पसी वहाँका बारेमा लेखेका पनि छन्। भारतमा न्यायमूर्ति भगवति र न्यायमूर्ति कृष्ण ऐयरका बारेमा विद्यावारिधि तहको अनुसन्धानहरू गरिएका र ती कृतिहरू प्रकाशित भएका छन्; अन्यत्र पनि त्यस्ता कार्यहरू भएका छन्। नेपालमा पनि फैसलामार्फत वहाँले विकास गरेको विधिशास्त्रका बारेमा उच्चस्तरको अनुसन्धान हुन सक्छ। मलाई लाग्छ, आउँदा वर्षहरूमा घनिभूत रुपमा फैसलाहरूमार्फत वहाँलाई नियाल्ने कोशिश गरिनु पर्छ। विश्वनाथ उपाध्याय अब हाम्रा सामु हुनु हुन्न र वहाँले मसौदा गरेको २०४७ सालको संविधान पनि छैन, तर वहाँले खडा गरेको संवैधानिक संरचना लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात गर्ने हदसम्म कुनै न कुनै रुपले हाम्रो सामुन्ने छ; र साथै छ पात्र र प्रवृत्तिले खडा गरेको अन्यौल, उकुसमुकुस र दिशाहीनता ...। यही अन्यौल, उकुसमुकुस र दिशाहीनताकोबीचबाट हामीले हाम्रो संवैधानिक डिस्कोर्षलाई समानता, न्याय, लोकतन्त्र र विकासको पथमा अघि बढाउनु पर्नेछ। विश्वनाथ उपाध्यायले समकालीन न्यायिक इतिहासमा जो भूमिका खेल्नु पर्ने थियो खेलेर जानु भयो। वहाँले खेलेको भूमिकाको बारेमा तलको भनाई सान्दर्भिक हुने देख्छु:

Like that of Augustus who found Rome of birck, and left it of marble… he [Justice Bishwanth Upadhyaya] found the law dear, and left it cheap; found it a sealed book – left it a living letter; found it the patrimony of the rich-left it the inheritance of the poor; found it the two-edged sword of craft and oppression-left it the staff of honesty and the shield of innocence.[९६]

के हामी त्यसै गर्न सक्छौं जो वहाँले गर्नु भयो। मलाई के लाग्छ भने बदलिँदा चुनौतीहरूको सन्दर्भमा हामीले आफ्नो भूमिका सही किसिमले खेल्न सक्यौं भने वहाँप्रति सच्चा श्रद्धाञ्जली अर्पण गरेको हुनसक्छ र सो गर्नुपर्ने दायित्व हामी उपर इतिहासले सुम्पेको छ। अस्तु।

---

९६. Adapted from Lord Brougham's speech, Lord Denning, *What Next in the Law,* (London, Butterworth 1982) at p 28 (citing the Lord)

# संघीय शासन प्रणालीमा न्याय प्रणालीको स्वरुप

**ललितबहादुर बस्नेत♥**

## सारांश

*बलियो प्रजातन्त्र निर्माणको लागि बलियो प्रजातान्त्रिक न्याय प्रणाली अपरिहार्य कुरा हो । बलियो प्रजातन्त्र त्यतिबेला हुन्छ । जतिखेर स्वतन्त्र, संक्षेप र निष्पक्ष न्यायप्रणाली रहन्छ । संघीय प्रजातान्त्रिक मुलुकका वा निरंकुश मुलकका संघीय वा एकात्मक न्याय प्रणाली भित्र स्वतन्त्र न्यायपालिका, न्यायाधीशको योग्यता, छनौट, तालिम, सेवा शर्त, पदावधी, पेशागत योग्यता; अनुशासन, योग्यता आदिलाई मुख्य विषयवस्तु र सिद्धान्तका रुपमा लिइन्छ । संघीय शासन प्रणाली अंगालेका विश्वका विभिन्न मुलुकहरूमा कतै एकात्मक त कतै द्वैध न्याय प्रणाली प्रचलन रहेको पाइन्छ । एकात्मक प्रणालीको संघीय न्यायिक व्यवस्था भारत र क्यानडाले अवलम्बन गरेको पाइन्छ भने अमेरिकाले संघीय र राज्य स्तरीय न्याय प्रणाली अलग अलग गरेर द्वैध न्यायिक प्रणाली लागू गरी आएको पाइन्छ । प्रस्तुत लेखमा संघीय शासन प्रणालीमा स्वतन्त्र न्यायालयको आवश्यकता र महत्व संघीय शासन प्रणालीका स्वरुप, विभिन्न राजनैतिक दलहरूले आफ्नो घोषणापत्रमा उल्लेख गरेको संघीय राज्यको न्यायपालिका सम्बन्धी अवधारणा, विवाद समाधानबाट भएको न्यायालय सम्बन्धी सहमति आदिको अध्ययन गर्दै नेपालले आफ्नो लागि संघीय न्यायिक प्रणाली र स्वतन्त्रको निर्धारण गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरूको सन्दर्भमा उल्लेख गरिएको छ ।*

## विषय प्रवेश

नेपालको शासकीय प्रणाली र राज्य संरचना संघीय प्रकृतिको हुने कुरामा अब धेरै शंका गर्नु नपर्ला, किनकी वर्तमान अन्तरिम संविधानले "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुनसंरचना गरिनेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ ।[१] सम्पूर्ण दलहरू पनि संघीयतामा त्यति विवाद वा असहमति व्यक्त गरेको पाइदैन । यती मात्र हो की संघीयताको स्वरुप कस्तो हुने कुरामा व्यापक मतभिन्नतासम्म देखिन्छ । यसै सन्दर्भमा

---

♥ अधिवक्ता, संविधानविद्

१. अन्तरिम संविधानको धारा १३८

संघात्मक व्यवस्थामा न्यायपालिकाको संरचना एवम् स्वरुप पनि सोही अनुकूल गरिनुपर्ने कुरामा पनि विवाद हुनसक्दैन ।

संघीय शासन प्रणाली अंगालेका विश्वका अरु मुलुकहरूमा कतै एकात्मक र कतै द्वैध न्याय प्रणाली प्रचलनमा रहेको पाइन्छ । एकात्मक प्रणालीको संघीय न्यायिक व्यवस्था भारत र क्यानडाले अवलम्बन गरेको पाइन्छ भने अमेरिकाले संघीय र राज्यस्तरीय न्याय प्रणालीलाई अलग अलग गरेर द्वैध न्यायिक प्रणाली लागू गरिआएको पाइन्छ । दुबै किसिमका न्याय प्रणालीहरूको आ-आफ्नै विशेषता तथा सकारात्मक तथा नकारात्मक पक्षहरू हुने कुरा ती देशहरूको अभ्यास, अध्ययन र अनुभवबाट देखिएको छ । त्यसैले नेपालले आफ्नो लागि संघीय न्यायिक प्रणालीको संरचना र स्वरुपको निर्धारण गर्दा दुबै प्रणालीका कमी कमजोरीहरूलाई राम्ररी अध्ययन गरेर उपयुक्त न्यायिक प्रणाली अवलम्बन गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा विस्तृत रुपमा अध्ययन हुनु जरुरी देखिन्छ ।

## संघीय शासन प्रणालीमा स्वतन्त्र न्यायालयका आवश्यकता र महत्व

प्रजातान्त्रिक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकाको धेरै महत्व हुँदा हुँदै पनि संघीय शासन प्रणालीमा २ कुराले अझ बढि महत्व देखिन्छ ।

१. राज्य सरकार र संघीय सरकारबीचको विवादको विषयलाई टुंगो लगाउनु पर्ने भएकोले,

२. राज्य भित्रको विवादलाई टुँगो लगाउन राज्य स्तरमा शक्ति-पृथकीकरणको सिद्धान्त लागू गराउनु पर्ने विषय भएकोले

बेलायतका संविधानविद् के.सी. वेयरले संघीय संरचना र न्यायपालिकाको स्वतन्त्रताका बारेमा प्रष्ट पार्दै भन्छन् "संघीय सरकारबाट स्थानीय सरकारको क्षेत्राधिकारमा अतिक्रमण नहोस भन्ने कुरालाई सुनिश्चित गर्ने स्वतन्त्र न्यायपालिकाको आवश्यक पर्दछ" ।[२] भारतीय संवैधानिक कानूनका लेखक भि.एन सुक्लाका भन्छन् `"संघीय शासनमा स्वतन्त्र न्यायपालिकाले केन्द्र र प्रान्तको शक्तिलाई सीमाहद गर्ने महत्वपूर्ण भूमिका खेल्दछ"

**न्यायाधीश नियुक्तिका सिद्धान्तहरू :-** न्यायाधीश छनौट गर्दा ४ कुरालाई विशेष ध्यान दिइनु पर्दछ भन्ने कुरालाई धेरै अन्तर्राष्ट्रिय सिद्धान्तहरूले आत्मसात गरेको पाइन्छ ।

१. न्यायाधीशको गुण र क्षमता,

२. जाति, लिङ्ग, वर्ण, धर्म, विचारधाराको आधार भेदभाव नगर्ने,

३. छनौट, प्रक्रियालाई पारदर्शी र सार्वजनिक बनाउने,

४. नियुक्ति सिफारिश गर्न छुट्टै स्वतन्त्र निकायको विकास गर्ने, जस्तै न्याय परिषद,

---

२. संविधानविद के.सी.वेयरे "संघीय सरकार", पृ. ८० र ८

न्याय परिषदको सिफारिशमा न्यायाधीशको नियुक्ति गर्ने व्यवस्था नाइजेरिया र दक्षिण अफ्रिकामा कायम छ । भारतमा पनि यो व्यवस्था लागू गर्ने सोचाईमा रहेकोछ । तर नेपालमा २०४७ सालको संविधान देखि न्याय परिषदको व्यवस्था गरिएको छ ।

**न्यायाधीशको नियुक्तिमा विभिन्न स्वरुप :-** एकीकृत न्याय वा अदालती व्यवस्थामा संघीय शासन व्यवस्था हुँदाहुँदै पनि सर्वोच्च अदालतको प्रधान न्यायाधीश राष्ट्र प्रमुखले नियुक्त गर्ने र अन्य सबै तहका न्यायाधीश प्रधान न्यायाधीशले नियुक्त गर्ने व्यवस्था पाइन्छ । संघीय न्यायिक संरचनामा सर्वोच्च अदालतको न्यायाधीशहरूले राष्ट्र प्रमुखले नियुक्ति गर्ने भए पनि उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति राज्यका कार्यकारी प्रमुख वा राज्य व्यवस्थापिकाले गर्ने र इलाका अदालतको नियुक्ति उच्च अदालतले वा निर्वाचनबाट नियुक्ति हुने व्यवस्था रहेको पाइन्छ ।

**अमेरिका**

धारा ३ अन्तरगतका न्यायाधीश अर्थात संघीय अदालत जस्तो सर्वोच्च अदालत, सर्किट अदालत र जिल्ला अदालतका न्यायाधीशहरू, त्यस्तै अन्तर्राष्ट्रिय व्यापार, संघीय दावी गर्ने अदालतका न्यायाधीशहरू राष्ट्रपतिको मनोनयनमा सिनेटले अनुमोदन गर्दछ । र विभिन्न राज्यमा विभिन्न किसिमको परिपाटी पनि छ । केही राज्यमा त न्यायाधीश र एटर्नी-जनरलको नियुक्ति चुनावबाट हुन्छ । अमेरिकामा न्यायाधीश असल आचरण रहेसम्म बहाल रहन्छन् भन्ने महाअभियोग बाहेक अन्य तरिकाबाट हटाउन सकिदैन । आफ्नै पार्टीको सिनेटमा बहुमत हुँदाहुँदै उपयुक्त व्यक्ति नभएको कारणले राष्ट्रपतिले न्यायाधीश मनोनयन फिर्ता लिनु परेको थियो । राष्ट्रपति जज बुशले आफ्ना उम्मेदवार Harriet Miers लाई कंग्रेस जनको विरोधपछि उम्मेदवार फिर्ता लिएका थिए ।

**अर्जेन्टिना**

अमेरिकी मोडल अपनाउने अर्जेन्टिनामा संघीय र तल्लो अदालतमा न्यायाधीशहरूको नियुक्ति सिनेटको सहमतिमा राष्ट्रपतिले गर्ने भए पनि सर्वोच्च अदालतको हकमा सिनेटको दुई तिहाई र अन्य अदालतको हकमा साधरण बहुमतले भए पुग्छ ।

**जर्मन**

संवैधानिक अदालतका न्यायाधीशहरूको नियुक्ति तल्लो सदन वुन्डेस्टाग र उपल्लो सदन वुन्डेसन्याटबीच बाडिएको छ । संवैधानिक अदालतमा १६ जना न्यायाधीशमा मध्ये आधा तल्लोले आधा माथिल्लोले नियुक्ति गर्दछ । यस सन्दर्भमा पार्टीहरूले कोटा

प्रणाली विकास गरेको र सोही अनुसार आ-आफ्नो पालो अनुसार न्यायाधीश नियुक्ति गर्दछन् । संवैधानिक अदालत बाहेक अन्य संघीय अदालतका न्यायाधीशहरूको नियुक्ति ३४ सदस्य समितिले गर्दछ । जसमा प्रान्तीय सरकारको निर्णायक भूमिका हुन्छ ।

## संघीय न्याय प्रणालीका स्वरुपहरू

### १. संघीय एकात्मक न्याय प्रणाली

एकात्मक स्वरुपमा केन्द्र, प्रान्त तथा स्थानीय स्तरमा राष्ट्रिय र प्रान्तीय कानून एउटै संविधान अन्तर्गत लागू हुन्छन् । राष्ट्रव्यापी अधिकारक्षेत्र ग्रहण गरेको सर्वोच्च अदालत केन्द्रीय स्तरमा हुन्छ भने स्थानीयस्तरमा शुरु जिल्ला वा इलाका र राज्य स्तरमा उच्च अदालत रहन्छ । राज्यस्तरको अन्तिम अदालतको रुपमा उच्च न्यायालय रहेको हुन्छ । अन्य साना किसिमका मुद्दाहरूको सुनवाईको लागि समेत संक्षिप्त कार्यविधि अपनाउने गरी प्राथमिक तहका अदालतहरू रहने व्यवस्था गरेको पाइन्छ । भारतमा राज्यको संरचना संघात्मक भएपनि न्याय प्रणाली एकात्मक चरित्रको छ । राज्यस्तरमा शुरु तह तथा ईलाकाको उच्च तह सम्म सुनुवाई गरी अन्तमा सर्वोच्च अदालतसम्म मुद्दाहरू जानसक्ने व्यवस्था गरिएको पाइन्छ । कानूनको अन्तिम व्याख्याताको रुपमा संघीय सर्वोच्च अदालतलाई अधिकारक्षेत्र प्रदान गरी सर्वोच्च तहको अदालतसम्म पनि एउटै कानून तथा संविधान सबै नागरिकको हकमा समान रुपमा लागू हुन्छ । एकात्मक न्याय प्रणाली अपनाउने देशहरूमा भारत र क्यानडा अग्रणी रुपमा पर्दछन् ।

## एकात्मक न्याय प्रणालीको फाइदा

१ कुनै देश गम्भीर रुपमा जातीय र क्षेत्रीय भावनाले विभाजन भएको अवस्थामा एकात्मक स्वरुपको अदालतले एकतामा बाध्न मद्दत पुग्छ। प्रान्तीय अदालतहरूको व्यवस्थापन र न्यायाधीश नियुक्तिमा केन्द्रले नै गर्दछ ।

२. यस्तो स्वरुपको अदालत आर्थिक रुपमा कम खर्चिलो र न्यायसम्पादनको लागि बढी सरल हुने देखिन्छ ।

एकात्मक स्वरुपको अदालतबाट क्यानडाले धेरै फाइदा लिएको छ। एकै प्रकारको अदालत जातीय र क्षेत्रीय भावनाको अन्त गरी राष्ट्रभरि एकै प्रकारको अदालती पद्धतिको निर्माण गर्दछ । क्यानडाको कुनै पनि नागरिक देशको कुनै पनि तहको अदालतमा स्थानीयको डर नमानी विश्वासका आधारमा न्याय माग्न जान सक्छ। प्रो. रसेलको क्यानडाको एकात्मक स्वरुपको अदालतको फाइदा बारेमा निम्न भनाई छ "दुई तहका सरकार (केन्द्र र प्रान्त) ले राष्ट्रिय अदालतको व्यवस्थापन गर्न नसक्नु, जस्तै सर्वोच्च, प्रान्तीय र जिल्ला अदालत तथा सबै तहका अदालतमा न्यायाधीशको नियुक्ति केन्द्रीय सरकारको एकल अधिकार रहन्छ ।"

**भारतको अदालती संरचना र अधिकार क्षेत्र :-** संविधान बमोजिम हरेक प्रान्तको लागि उच्च न्यायालय (जसलाई अभिलेख अदालत पनि भनिन्छ) र सोको नियन्त्रणमा रहने गरी अन्य अदालतहरू गठन हुने व्यवस्था छ। भारतमा हाल २१ उच्च न्यायालयहरू कार्यरत छन्। संघीय संसदले कानून बनाएर उच्च न्यायालयको अधिकारक्षेत्र एकभन्दा बढी प्रान्तको लागि लागू हुनेगरी तोक्ने व्यवस्था संविधानमा छ। जसमध्ये गौहाटी उच्च न्यायालयले आसाम, मेघालय, मिजोराम, अरुणाञ्चल, नागाल्याण्ड, त्रिपूरा र मणिपुर समेतको लागि काम गर्दछ। स्थानीय तहमा ग्रामीण शासन ऐन अन्तर्गत देवानी र फौजदारी मुद्दा हेर्ने अदालत गठन गर्न सकिने व्यवस्था अनुरुप पञ्चायत अदालतहरू पनि गठन गरिएको पाइन्छ। स्थानीय तहमा रहेका अदालतलाई स-साना देवानी र फौजदारी मुद्दा हेर्ने अधिकार प्रदान गरिएको हुन्छ। यसैगरी निश्चित विगो र सजायभन्दा माथिको मुद्दा हेर्न मुन्सिफ अदालतको व्यवस्था पनि छ। स्थानीय अदालतले गरेको निर्णय उपर पुनरावेदन हेर्नसक्ने अधिकार जिल्ला अदालतलाई प्रदान गरिएको छ। महानगरपालिकाहरूमा मुद्दा हेर्ने न्यायिक मजिष्ट्रेटको समेत व्यवस्था छ। उच्च न्यायालयलाई केही शुरु र सबै पुनरावेदन सुन्ने दुबै क्षेत्राधिकार प्राप्त छ। सर्वोच्च न्यायालयलाई पुनरावेदकीय, शुरु र परामर्शदातृ अधिकार समेत प्राप्त छ।

## भारतीय न्यायालयको विस्तृत स्वरुप



माथि उल्लेखित अदालतको विस्तृत स्वरुपलाई सारांशमा ३ तहमा विभाजन गर्न सकिन्छ । जस्तै,

**Supreme Court**

↓

**High Court**

↓

**District and Sessional Court**

भारतीय संविधानले संसदले कानूनद्वारा विवाद समाधानका निमित आवश्यक विशेष न्यायाधिकरणहरू गठन गर्न सक्ने व्यवस्था गरेअनुरुप विभिन्न न्यायाधिकरणहरू पनि रहेका छन् ।

प्रत्येक राज्यमा उच्च र तल्ला अदालती तह रहेपनि सम्पूर्ण अदालतहरू एकै न्यायिक श्रृंखलामा आबद्ध अभिन्न अंगहरू हुन् । यी अदालतहरू राज्यस्तरमा नभै आम मुलुकको एकल कानूनी व्यवस्थाप्रति उत्तरदायी हुन्छन् । यस किसिमको एकीकृत न्यायप्रणालीले सम्पूर्ण देशवासीलाई संघीयतामा आबद्ध गर्न मद्दत पुगी सबैका लागि समान कानूनको प्रयोग र संरक्षण उपलब्ध हुन्छ । भारतको सर्वोच्च अदालत देवानी र फौजदारी दुबै विषयमा कानूनको अन्तिम व्याख्यता भएकोले पनि मुलुकभरि कानूनी रुपमा एकरुपता कायम गर्ने यसको दायित्व हो । त्यसैले एउटा मुद्दामा भनिएको छ "मुलुकमा अन्य अदालत र न्यायाधिकरणहरूको रेखदेख र नियन्त्रण गर्न सर्वोच्च अदालतलाई अधिकार छ ।" तर केही अपवादको रुपमा क्यानडाका प्रान्तहरूले कमन ल अनुसरण गर्दछन् भने क्यूवेकले सिभिल ल र भारतमा पनि गोबाले Portuguese law को परम्परा अनुसरण गर्दछ । जहाँ नजिरको त्यति महत्व छैन ।

**क्यानडाको अदालती संरचना र अधिकारक्षेत्र :-**क्यानडामा संविधान बमोजिम संघीय र प्रान्तीय सरकारको अधिकार विभाजन गरिएको छ । सोही अवधारणा अनुरुप अधिकार पनि संघीय र प्रान्तीय अदालतमा विभाजित छ । क्यानडामा देहाय बमोजिमको चार तहको अदालती संरचना रहेको पाइन्छ ।

(क) प्रान्तीय/प्रादेशिक अदालत

(ख) प्रान्तीय/प्रादेशिक उच्च अदालत

(ग) संघीय पुनरावेदन अदालत

(घ) सर्वोच्च अदालत

**(क) प्रान्तीय - प्रादेशिक अदालत :-** क्यानडामा प्रत्येक प्रान्तमा शुरु अदालतका रुपमा प्रान्तीय वा प्रादेशिक अदालतहरू छन् । यस्ता अदालतहरूमा प्रान्तीय र संघीय कानून दुबै अन्तर्गगतका मुद्दाहरू दायर हुन्छन् । यो अदालतलाई फौजदारी, पारिवारिक (सम्बन्ध विच्छेद बाहेक) बाल दुराचार, ट्राफिक उल्लङ्घन, निश्चित विगोभन्दा कम भएको देवानी जस्ता मुद्दा हेर्ने अधिकार छ । विशेष प्रकृतिका मुद्दाहरू हेर्ने विशेष अदालत पनि छन् । जस अन्तर्गत केही प्रान्तमा घरेलु हिंसा सम्बन्धी अदालतको व्यवस्था छ । प्रान्तीय र प्रादेशिका अदालतको न्यायाधीश प्रान्तीय सरकारले नियुक्ति गर्दछ ।

**(ख) प्रान्तीय/प्रादेशिक उच्च अदालत :-** क्यानडामा प्रत्येक प्रान्तमा उच्च प्रान्तीय अदालतको व्यवस्था छ । यी अदालतहरू विभिन्न नामाकारणले स्थापना गरिएका हुन्छ । जस्तै कोर्ट अफ जस्टिस, सुप्रिम अफ क्विन बेञ्च आदि । उच्च अदालतले गम्भीर प्रकृतिका फौजदारी मुद्दा र निश्चित विगोभन्दा बढी भएका मुद्दा र सम्बन्ध विच्छेद जस्ता मुद्दाहरू हेर्ने अधिकार छ । यस अदालतका न्यायाधीश संघीय सरकारले नियुक्ति गर्दछ ।

**(ग) संघीय पुनरावेदन अदालत :-** क्यानडाको प्रत्येक प्रान्तमा संघीय पुनरावेदन अदालतको व्यवस्था छ । यसलाई प्रान्तीय अदालतको पुनरावेदन सुन्ने अधिकार छ । ३ जना न्यायाधीशको इजलासबाट मुद्दा सुन्ने व्यवस्था छ । यस अदालते संवैधानिक प्रश्न निहित भएको विषयहरू पनि हेर्दछ । यस अदालतका न्यायाधीश संघीय सरकारले नियुक्ति गर्दछ । संघीय अदालतका रुपमा विशिष्टीकृत अदालतहरू पनि छन् । यस्तामा अदालतमा कर र सेना सम्बन्धी अदालत आदि पर्दछन् ।

**(घ) सर्वोच्च अदालत :-** क्यानाडामा सबै तहका अदालतहरूको सर्वोच्च तहका रुपमा सर्वोच्च अदालत रहेको छ । सर्वोच्च अदालतलाई सबै कानूनी प्रश्नको अन्तिम व्याख्या गर्ने अदालतको रुपमा क्षेत्राधिकार प्रदान गरिएको छ । यसमा प्रधानन्यायाधीश र अन्य ८ जना न्यायाधीश रहने व्यवस्था छ । संघीय सरकारले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा क्युवेक प्रान्तबाट कम्तिमा ३ जना, ३ जना ओनटारिवो, पश्चिम क्यानडाबाट २ र एटलान्टिक प्रान्तबाट १ जना हुनुपर्ने परम्परा समेत रहेको छ । मातहतका अदालतले हेरिसकेको मुद्दाहरू अनुमतिको आधारमा सर्वोच्च अदालतले क्षेत्राधिकार ग्रहण गर्दछ । तल्ला अदालतले सार्वजनिक महत्वको प्रश्न निहित भएको भनी पठाएको मुद्दा पनि सर्वोच्च अदालतले हेर्ने गर्दछ । यसैगरी फौजदारी मुद्दामा विमती राय भएका निर्णय र दोषी ठहर भएका मुद्दाको स्वतः पुनरावेदन सर्वोच्च अदालतमा लाग्ने व्यवस्था छ । न्यायिक पुनरावलोकनको अधिकार पनि छ । यसैगरी क्यानडाको सर्वोच्च अदालतलाई संवैधानिक एवम् जटिल कानूनी प्रश्नमा संघीय सरकारले मागेको सल्लाहमा सल्लाहकारी राय दिने अधिकार पनि छ । क्यानडाको न्यायिक व्यवस्थामा प्रत्येक प्रान्तमा अलग अलग

देवानी र फौजदारी अदालतको व्यवस्था छ । देवानी कार्यविधि पनि प्रान्तहरूकाबीचमा एकरुपता छैन । क्यानडामा न्याय सम्पादनका निम्ति नियमित अदालत र विशेष अदालत गरी ७५०भन्दा बढी अदालतहरू क्रियाशील रहेका छन् । न्यायाधीशहरूको नियुक्ति र कारवाहीको विषयमा सिफारिश गर्न न्याय परिषद्को संरचना छ ।

## २. संघीय द्वैध न्याय प्रणाली

द्वैध स्वरुपको संघीय अदालतमा दुई प्रकारका कानूनहरू र द्वैध अदालतहरू हुन्छन् । केन्द्र र प्रान्तमा फरक फरक स्वरुपको अदालत र कानूनहरू हुन्छन् । राज्यमा आफ्नो सर्वोच्च अदालत र आफ्नै संविधान हुन्छ । यस स्वरुपको अदालती संरचनामा देशैभरि एकै प्रकारको कानून र कार्यविधि लागू हुँदैन । प्रान्त/प्रान्तबीच छुटाछुट्टै संविधान कानून र कार्यविधि लागू हुन्छ । प्रान्तमा फरक फरक संविधान पनि हुन्छन् । द्वैध न्याय प्रणाली अपनाउने देशहरूमा अमेरिका र स्वीजरल्याण्ड पर्दछन् ।

**अमेरिकाको अदालती संरचना र अधिकार क्षेत्र:** आ-आफ्ना कानून/संविधान लागू रहेका १३ राज्यहरू मिलेर संघीय संविधान मार्फत अमेरिकाको संघीय राष्ट्र गठन भएकोले प्रत्येक प्रान्तीय राज्यको आ-आफ्नै संविधान, कानून यथावत लागू हुने व्यवस्था रहिआएको छ । अमेरिका पूर्व स्वतन्त्र राज्यहरू मिली संघ भएका हुन् । त्यस बेला स्वतन्त्र राज्यका स्वतन्त्र अदालती संरचना थिए । सोही संरचनालाई यथास्थितिमा राख्दै संघीय संरचनामा गएका कारण द्वैध प्रणाली अपनाइएको हो । अमेरिकी कानून/न्यायप्रणालीलाई संघीय शासन व्यवस्था अन्तर्गतको “द्वैध” (Dual System) न्याय प्रणाली भनिन्छ । राज्यस्तरको अदालतहरूलाई संघीय अदालत (Federal Courts) र केन्द्रीय अदालतलाई अमेरिकाको सर्वोच्च अदालत भनिन्छ । संघीय दोहोरो (द्वैध प्रणाली) ढाचामा उच्च तहमा संघीय सर्वोच्च अदालत रहने र संघीय एकाई (राज्य वा प्रान्त) मा एकाइ सर्वोच्च अदालत, एकाइ पुनरावेदन अदालत, प्राथमिक सुनुवाईको लागि एकाइ अदालत एवम् सबैभन्दा तल्लो तहमा इकाइ तल्लो अदालत रहने व्यवस्था गरिएको पाइन्छ ।

## अमेरिकन द्वैध न्यायप्रणालीको संरचना




अमेरिकी संघीय सर्वोच्च अदालतलाई केही सीमित विषयहरूमा मात्र अधिकार क्षेत्र हुन्छ। राज्य स्तरीय अदालतहरू संघीय अदालतबाट स्वतन्त्र हुन्छन्। संघीय संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार हनन् गरिएमा वा राज्य स्तरीय कानूनलाई प्रयोग गर्दा अमेरिका सम्बद्ध सन्धि, संघीय कानून र संविधानमा बाधा पर्न गएका विषयमा बाहेक संघीय अदालतले राज्य स्तरको अदालत उपर हस्तक्षेप गर्दैन ।

**अमेरिकाको द्वैध किसिमको न्यायालयका राम्रा र नराम्रा पक्षहरू :**

१. क्यानडा जस्तो जातीय र क्षेत्रीय विविधता अमेरिकामा छैन । त्यसकारण त्यहाँ द्वैध न्याय प्रणाली राम्रोसँगै काम गरेको छ ।

२. द्वैध न्याय प्रणालीमा अदालतको अधिकार क्षेत्रको निर्धारण गर्न अति कठिनाई हुन्छ र न्याय पाउन हुँदै कठिन र महंगो हुन्छ । इकाईलाई बढि प्राथमिकता दिइन्छ ।

३. सर्वोच्च अदालतलाई देशैभरि एकै प्रकारको न्यायिक मूल्य मान्यता कायम गर्न सर्वोच्च अदालतलाई कठिन हुन्छ। अमेरिकी द्वैध न्यायप्रणालीको विशेषता र जटिलताबारेमा जेन्डा, बेरी र गोल्डम्यानले "The challenge of democracy Government in America" नामक पुस्तकमा उल्लेख गरेका निम्न भनाईबाट केही हदसम्म अनुमान गर्न सकिन्छ *"The American court system is complex, a function inpart of our federal system of government. Each state runs its own court system and no two are identical. In adition, we have a system of*

*courts for national government, these federal court co-exist with the state courts…individuals fall under the jurisdiction of both court systems. They can sue and be sued in either system, depending mostly on what their case is about. The vast majority of cases are resolved in the state courts."*[३]

**स्वीट्जरल्याण्डको न्यायिक प्रणाली र अधिकारक्षेत्र :-** स्वीस संघका मुख्य ३ अंगहरूमा दुई सद्नात्मक व्यवस्थापिकाको रुपमा संघीय सभा, संघीय सभाबाट निर्वाचित ७ जनाको कार्यकारिणी संघीय परिषद र संघीय सभाले छनोट गरेका ३० जना न्यायाधीश भएको संघीय न्यायालयको व्यवस्था छ। संघीय न्यायालयले संविधान र कानूनको व्याख्या गर्ने सीमित रुपमा न्यायिक पुनरावलोकनको अधिकार प्रयोग गर्ने संघ र क्यान्टन क्यान्टनबीचको कानूनी विवाद निरुपण गर्ने पुनरावेदन सुन्ने र कतिपय संघीय कानून अन्तर्गतका फौजदारी र प्रशासकीय विवादहरूको शुरु मुद्दा हेर्ने अधिकार क्षेत्र रहेको देखिन्छ। स्वीस संविधानले संघीय सरकारलाई संघीय न्यायालयका अतिरिक्त आवश्यकता अनुसार अन्य न्यायिक निकायहरू स्थापना गर्नसक्ने अधिकार प्रदान गरेको छ। प्रान्तीय कानून अन्तर्गत प्रान्तीय सरकारले देवानी र फौजदारी भिन्ना भिन्नै अदालत गठन गर्न सक्ने र अलग अलग कार्यविधि संहिता निर्माण गर्न सक्ने व्यवस्था अनुसार २७ वटा अलग अलग देवानी र २९ वटा अलग अलग फौजदारी कार्यविधि संहिताहरू जारी गरेको देखिन्छ। सन् २००० मा स्वीजरल्याण्डको नयाँ संविधानले मुलुक भित्र एउटै फौजदारी कार्यविधि सम्बन्धी कानून बनाउन सक्ने अधिकार संघीय व्यवस्थापिकालाई दिएको छ।

## नेपालको न्यायपालिकाको ऐतिहासिक सिंहावलोकन

वि.स. १९०३ मा राणा शासनको शुरुवातभन्दा अगाडि नै न्यायसम्बन्धी सबै कार्यहरू राजाबाट हुँदै आएका थिए। राणाशासन कालमा पनि राणा प्रधानमन्त्रीहरूले सम्पूर्ण शासनका साथै न्यायसम्बन्धी कार्यहरू पनि सम्पादन गर्दै आएको पाइन्छ। प्रधानमन्त्री जंगबहादुरको यूरोप यात्रा पछि वि.सं. १९१० सालमा मुलुकी ऐन निर्माण गरी कानूनी शासनको धारणालाई अगाडि बढाउने खोजिएकोले वि.सं. १९९७ को प्रधान न्यायालयसम्बन्धी सदनले न्यायपालिकालाई कार्यपालिकाबाट छुट्याई इलाका, अपिल, भारदारी र प्रधान न्यायालय गरी अदालतका ४ तह निर्माण गरिएको थियो। यस कदमलाई स्वतन्त्र न्यायपालिकालाई संस्थागत गर्ने पहिलो प्रयासको रुपमा लिइन्छ। वि.सं. २००७ सालको क्रान्ति सफल भएपछि नेपालको अन्तरिम शासन विधान, २००७

३. जेन्डा, बेरी र गोल्डम्यानले "The challenge of democracy government in America" P.494 (1992).

मा न्यायसम्बन्धी कार्य गर्नको लागि छुट्टै प्रधान न्यायालय हुने व्यवस्थाले न्यापालिकालाई छुट्टै अंगको रुपमा स्वीकार गरियो । नेपालको अन्तरिम शासन विधान, २००७ अन्तर्गत व्यवस्था भएको प्रधान न्यायालय,[४] प्रारम्भसँगै राजा र प्रधानमन्त्री बाहेकका व्यक्तिले नै न्यायालयको नेतृत्व गर्ने परिपाटीको शुरुवात भयो ।

सर्वोच्च अदालत ऐन, २०१३ जारी भई सर्वोच्च अदालतको स्थापना भए पश्चात स्थानीय तहमा अमिनी अदालत, अपिल अदालतहरू र सर्वोच्च अदालत गरी तीन तहका अदालतहरूको व्यवस्था गरियो । नेपाल अधिराज्यको संविधान, २०१५ ले अदालतको उपल्लो तहमा सर्वोच्च अदालत रहने संवैधानिक व्यवस्था गरेको थियो । सर्वोच्च अदालतमा प्रधान न्यायाधीश रहने र राजाबाट प्रधान न्यायाधीशको नियुक्ति हुने व्यवस्था गरियो । न्याय प्रशासन सुधार ऐन, २०१६ ले इलाका, जिल्ला, उच्च र सर्वोच्च गरी चार तहका अदालत स्थापना गरियो । पंचायती शासनको प्रारम्भसँगै २०१८ साल मार्ग १ गतेदेखि न्याय प्रशासन विशेष व्यवस्था ऐन, २०१८ लागू भै जिल्ला, अंचल र सर्वोच्च गरी तीन तहका अदालतहरू कायम भए । नेपालको संविधान, २०१९ ले न्यायपालिकाको उच्च तहमा सर्वोच्च अदालत रही यसमा प्रधान न्यायाधीश रहने र न्याय प्रशासन सुधार ऐन, २०३१ लागू भएपछि नेपाल अधिराज्यमा चार तहका अदालतहरू जिल्ला, अञ्चल, क्षेत्रीय र सर्वोच्च रहने व्यवस्था गरियो । नेपाल अधिराज्यको संविधान, २०४७ संविधानले नेपाल अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालत गरी तीन तहको अदालत रहने व्यवस्था गर्‍यो । विगतको न्यायपालिकाभन्दा धेरै स्वतन्त्र एवम् सक्षम बनाउन थुप्रै नयाँ प्रावधानहरू यस संविधानले प्रदान गरेको थियो । न्याय प्रशासन ऐन, २०४८ ले जिल्ला अदालत र पुनरावेदन अदालतको स्थापना र क्षेत्राधिकार सम्बन्धी कानूनी व्यवस्था गरियो ।

दोस्रो जन-आन्दोलनको सफलता पश्चात् राजनीतिक सहमतिको आधारमा नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो । यस संविधानको प्रस्तावमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता स्वतन्त्र न्यापालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ । स्वतन्त्र न्यायपालिकाको अवधारणालाई यस संविधानले आत्मसात गरेको छ । शान्ति सम्झौताले पनि स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति गरेको छ । स्वतन्त्र न्यायपालिका विना लोकतन्त्र, मानवअधिकार, मौलिक अधिकार, नागरिक स्वतन्त्रता र कानूनी राज्यको अवधारणाले साकार रुप लिन सक्दैन । स्वतन्त्र न्यायपालिका आधुनिक प्रजातान्त्रिक राज्य प्रणालीको आधारभूत तत्व हो । यी शाश्वत् सत्यलाई स्वीकार गरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग १०

४. प्रधान न्यायालय ऐन, २००८ जारी भई २००९ साल बैशाख २६ गतेका दिनदेखि लागू

मा न्यायपालिका सम्बन्धी व्यवस्था गरेको छ । यसरी एउटा कालखण्ड वा छुट्टै राज्य व्यवस्थाको परिवेशमा स्थापना भएको अदालतको स्वरुप तथा संरचनाहरू पछिल्लो राजनीतिक विकास क्रममा आमूल परिवर्तन हुने भएको छ । एकात्मक राज्य प्रणालीका अदालत र संघात्मक राज्य प्रणालीको संरचना धेरै फरक छ । स्वतन्त्र न्यायप्रणालीको सिद्धान्त एउटै हुनसक्ने भएपनि संरचनागतरुपमा धेरै परिवर्तन हुने देखिन्छ । यसै सन्दर्भमा आफ्नो परम्परा, ऐतिहासिक पृष्ठभूमि र व्यवहारिकतालाई आत्मसात् गर्दै नयाँ राजनीति संरचनालाई अनुशरण गर्दै हाम्रो न्याय प्रणाली पनि परिवर्तन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

**विभिन्न राजनैतिक दलहरूले आफ्नो घोषणापत्रमा उल्लेख गरेको संघीय राज्यको न्यायपालिका सम्बन्धी अवधारणाहरू**

| पार्टीहरू | पहिलो संविधान सभाको चुनावी घोषणापत्र | दोस्रो संविधान सभाको चुनावी घोषणापत्र |
|---|---|---|
| १.नेपाल कम्युनिष्ट पार्टी (एमाओवादी) | तीन तहका अदालती संरचना कायम गरिनेछ । केन्द्रमा सर्वोच्च अदालत, राज्यमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहनेछन् । जिल्लाको मातहतमा लोक अदालत वा मेलमिलाप केन्द्रहरू रहनेछन् ।<br>सर्वोच्च अदालतलाई गम्भीर कानूनी प्रश्न, संवैधानिक विषयहरू, अन्तर राज्यसम्बन्धी विषयहरू, राष्ट्रिय स्रोत साधनको बाडफाँड र उपयोग सम्बन्धी विवादहरू र केही गम्भीर प्रकृतिका अन्य विषयहरू मात्र हेर्ने अदालतको रुपमा विकास गरिनेछ । | जनतालाई औपचारिक मात्रै होइन वास्तविक न्याय सरल र सुलभ ढङ्गले दिलाउनका लागि र विधिको शासनको लोकतान्त्रिक मूल्यमान्यता प्रत्याभूत गर्नका लागि सबल, सक्षम, स्वतन्त्र र जनउत्तरदायी न्यायपालिकाको गठन गरिने छ ।<br>● सङ्घीय संरचना अनुरुप तिन तहका अदालत रहने छन् । केन्द्रमा सङ्घीय सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र जिल्ला/स्थानीय अदालत हुने छन् । |

| | | |
|---|---|---|
| | उच्च अदालतलाई असाधारण अधिकार सहित प्रभावकारी बनाइनेछ ।<br>स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणाप्रति पूर्ण प्रतिबद्ध रहँदै न्याय प्रणालीलाई नयाँ लोकतान्त्रिक मूल्य मान्यता अनुरुप जनउत्तरदायी बनाइनेछ । | • संविधान र सङ्घीय कानूनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने छ । साथै सङ्घ र प्रदेशबीचको विवाद, प्रदेश र प्रदेशबीचको विवाद, सङ्घीय संवैधानिक अङ्गहरूबीचको विवाद, राष्ट्रिय सुरक्षा र वैदेशिक मामिला सम्बन्धी विवाद आदि सङ्घीय सर्वोच्च अदालतका प्रारम्भिक क्षेत्राधिकार हुने छन् ।<br>• प्रत्येक प्रदेशमा प्रदेशस्तरको सबैभन्दा माथिल्लो स्तरको असाधारण अधिकार क्षेत्रयुक्त एक उच्च अदालत हुने छ ।<br>• सबै नागरिकको न्यायमा पहुँच पुऱ्याउन र सानातिना मुद्दा मामिला र विवाद स्थानीय स्तरमै छिटो छरितो तरिकाले टुङ्ग्याउन स्थानीय अदालतहरूको व्यवस्था गरिने छ साथै पारिवारिक विवाद, महिलामाथिको घरेलु हिंसा, दलितहरू माथि छुवाछुत, आदिवासी/जनजाति, मधेसी, मुस्लिम आदिका साँस्कृतिक, धार्मिक विवाद इत्यादिको निरुपण गर्न आवश्यकता अनुसार लोक अदालत वा मेलमिलाप केन्द्र स्थापना गरिने छ । |

| | | |
|---|---|---|
| | | ● आवश्यकता अनुसार खास किसिम र प्रकृतिका मुद्दा हेर्न विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गर्न सकिने छ । |
| २. नेपाली कंग्रेस | स्वतन्त्र, सक्षम र उत्तरदायी न्याय प्रणाली<br>लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ । केन्द्रमा सर्वोच्च अदालत हुनेछ । केन्द्र र प्रदेशमा आवश्यकताअनुसार पुनरावेदन र अन्य अदालतहरूको व्यवस्था संघीय संरचना अनुरुप हुनेछ । | लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ । केन्द्रमा संघीय सर्वोच्च अदालत हुनेछ । प्रदेशमा प्रदेश उच्च अदालत र स्थानीय तहमा स्थानीय अदालतहरू रहनेछन् । आवश्यकता अनुसार पुनरावेदन र अन्य अदालतहरूको व्यवस्था संघीय संरचना अनुरुप हुनेछ । न्यायालय स्वतन्त्र हुनेछ । निष्पक्ष, छिटो र छरितो ढंगले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चिता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरूको एउटा निश्चित समय तालिका भित्र निर्णय गर्ने परिपाटी कायम गरिनेछ । |
| | न्यायालय स्वतन्त्र र उत्तरदायी मात्रै होइन, सक्षम र निष्पक्ष पनि हुनेछ । विद्यमान कानूनको उदार व्याख्याद्वारा न्यायका पक्षमा उभिने काम न्यायालयले गर्नेछ ।<br>न्यायाधीशहरूको नियुक्ति प्रक्रिया संसदमार्फत सार्वजनिक सुनुवाइको विधिद्वारा सम्पन्न हुनेछ । न्यूनतम् योग्यता पुगेका, न्याय क्षेत्रमा आफ्नो क्षमता र योगदान दिएका आधारमा न्यायाधीशहरू नियुक्तिका लागि प्रस्तावित गरिनेछन् । | |

| | | |
|---|---|---|
| | व्यवस्थापिका (संसद) द्वारा निर्मित कानून बमोजिम न्यायाधीशलाई संसदले महाभियोग लगाउने र निर्णय गर्ने प्रावधान संविधानमा नै हुनेछ । निष्पक्ष, छिटो र छरितो ढंगले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चितता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरूको एउटा निश्चित समय तालिका भित्र निर्णय गर्ने परिपाटी कायम गरिनेछ । | |

| | | |
|---|---|---|
| ४. ने.क.पा. एमाले | संवैधानिक अंगको रुपमा स्वतन्त्र न्यायपालिकाको विकास गरिनेछ । संवैधानिकताको परीक्षणको अधिकार सर्वोच्च अदालतमा रहनेछ । राज्यको पुनः संरचनासँगै केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा न्यायालयको ढाँचा विकास गरिनेछ । न्यापालिकालाई जन-उत्तरदायी र जनमुखी गरिनेछ । न्यायाधीशको नियुक्तिमा संसदीय सुनुवाईको व्यवस्था गरिनेछ । | स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति । संविधानको व्याख्याताको रूपमा सर्वोच्च अदालत र सङ्घीय इकाइहरूबीचको विवाद समाधानका लागि पाँच वर्षसम्म संवैधानिक अदालतको व्यवस्था । न्यायाधीशहरूको नियुक्ति र बर्खास्तीका लागि स्वतन्त्र संरचना । |
| ५.तराई – मधेश लोकतान्त्रिक पार्टी | न्यायपालिकाको एक स्वतन्त्र संवैधानिक निकायको रुपमा रहनेछ । राज्यको पुनः संरचनासँगै न्यायपालिका पनि तीन तहमा रहनेछ । सर्वोच्च अदालत, प्रादेशिक न्यायपालिका र जिल्ला न्यायालय रहनेछ । | प्राप्त हुन सकेन |

| | | |
|---|---|---|
| | सर्वोच्च अदालत नै संविधानको अन्तिम व्याख्याताको रुपमा रहनेछ। सामुदायिक न्याय र सर्वसुलभ न्यायालयको अवधारणालाई विकसित गर्नुको साथै देवानी अदालत, फौजदारी अदालत, कर अदालत र उपभोक्ता अदालतको आधुनिक प्रणाली अवलम्बन गरिनेछ। | |

| | | |
|---|---|---|
| ८.मधेशी जनअधिकार फोरम | न्यायिक शक्ति सर्वोच्च अदालतमा अन्तर्निहित रहनेछ। मुलुकमा संवैधानिक सर्वोच्चता र विधिमा आधारित शासन प्रणाली हुनेछ। | प्राप्त हुन सकेन |
| | सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुल्लंघनीय हुनेछन्। | |
| | सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालत गरी न्यायपालिका तीन तहमा रहनेछ। | |
| ९. जनमोर्चा नेपाल | लोकअदालत, जिल्ला अदालत, प्रान्तीय अदालत र संघीय स्तरमा सर्वोच्च अदालत गरी चार तहका न्यायालयहरूको व्यवस्था गरिनु उपयुक्त देखिन्छ। न्यायालय समावेशी प्रकृतिको हुन्छ भन्ने संवैधानिक व्यवस्था गर्न उपयुक्त देखिन्छ। | प्राप्त हुन सकेन |

**पहिलो संविधान सभामा प्रस्तावित न्यायालय सम्बन्धी अवधारणा**

प्रत्येक राजनैतिक दलका न्यायालय सम्बन्धमा आ-आफ्ना मान्यता रहेका थिए। तर पनि लामो छलफल र बहसपछि सहमतिमा पुग्ने प्रयास भएको देखिन्छ। पहिलो संविधान सभामा न्यायालयमा भएको विवाद र सहमति भएका विषयको अध्ययन मनन गरियो भने अबको संविधान सभामा सजिलो हुने थियो।

**पहिलो संविधान सभामा रहेको** विवाद समाधान उपसमितिको मिति २०६७।११।२७ को बैठकबाट जिम्मेवारी प्राप्त कार्यदलले तयार गरी उपसमितिमा पेश गरेको न्यायप्रणाली सम्बन्धी प्रस्ताव र यो प्रस्तावको अध्ययनबाट पहिलो संविधान सभामा न्यायालय सम्बन्धमा व्यापक छलफल भएको देखिन्छ।

## १. संवैधानिक अदालत र सर्वोच्च अदालतको अधिकारक्षेत्रको बाँडफाँड

### (क) संवैधानिक अदालतको क्षेत्राधिकार

१. संविधानसँग संघीय व्यवस्थापिकाबाट निर्मित ऐन र प्रदेश व्यवस्थापिकाबाट निर्मित ऐन बाझिएको भन्ने प्रश्न ।

२. संघीय ऐनसँग प्रादेशिक ऐन बाझिएको भन्ने प्रश्न ।

३. आधारभूत संरचनाको रुपमा संविधानमा कुनै विषय राखिएमा संविधानमा भएको कुनै संशोधन संविधानको उक्त आधारभूत संरचना विपरीत छ भन्ने प्रश्न ।

४. प्रतिनिधिसभाको विघटनको संवैधानिकता सम्बन्धी विवाद **(यदि प्रतिनिधिसभा विघटन गर्न सकिने संवैधानिक व्यवस्था रहेमा) ।**

५. सङ्घ र प्रदेशबीच, सङ्घ र स्थानीय तहबीच, प्रदेश र प्रदेशबीच, प्रदेश र स्थानीय तहबीच, स्थानीय तह र स्थानीय तहबीच संविधानमा रहेको अधिकारको सूची सम्बन्धमा हुने विवाद ।

६. संवैधानिक निकायहरूबीच उत्पन्न हुने अधिकारक्षेत्रको विवाद तथा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, संघीय व्यवस्थापिका-संसदका सदस्यहरूको योग्यतासँग सम्बन्धित विवाद ।

७. राजनीतिक दलहरूको मान्यता सम्बन्धी विवाद ।

८. राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र संघीय व्यवस्थापिकाको निर्वाचन बदर सम्बन्धी उजुरी, प्रचलित कानूनले संवैधानिक अदालतबाट निरुपण हुने भनी निर्धारण गरेका निर्वाचन कसूर सम्बन्धी मुद्दा ।

९. संविधान सम्बन्धी कुनै जटिल प्रश्नमा संवैधानिक अदालतको राय लिन आवश्यक लागेमा राष्ट्रप्रमुखले उक्त विषय उल्लेख गरी संवैधानिक अदालतसँग रायका लागि अनुरोध गर्न सक्ने ।

१०. सर्वोच्च अदालत र मातहतका अदालतमा विचाराधीन कुनै मुद्दामा संविधानसँग संघीय व्यवस्थापिकाबाट निर्मित ऐन वा प्रदेश व्यवस्थापिकाबाट निर्मित ऐन वा संघीय ऐनसँग प्रादेशिक ऐन बाझिएको भन्ने प्रश्न समेत समाहित भएकोमा सम्बन्धित अदालतले सो प्रश्न निरुपणको लागि संवैधानिक अदालतमा प्रस्तुत गर्नु पर्ने । उक्त प्रश्नको निरुपण संवैधानिक अदालतबाट भई आएपछि विवादको निर्णय सम्बन्धित अदालतबाटै हुने ।

११. संवैधानिक अदालतको निर्णय अन्तिम हुने, सर्वोच्च अदालत लगायत सबै अदालत, न्यायिक निकाय, सबै तहका सरकार र अधिकारीहरूको लागि बन्धनकारी हुने ।

१२. संवैधानिक अदालतको अन्य अधिकार र कार्यविधि प्रचलित कानून बमोजिम हुने ।

## (ख) सर्वोच्च अदालतको क्षेत्राधिकार

१. संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने ।

२. कानूनमा व्यवस्था भए बमोजिम शुरु मुद्दा हेर्ने अधिकार हुने ।

३. सर्वोच्च अदालतलाई संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक देहायका मुद्दाहरूमा पुनरावेदन सुन्ने अधिकार हुने :-

(क) उच्च अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दा,

(ख) उच्च अदालतले पुनरावेदन सुनी कारवाही र किनारा गरेको मुद्दामा कानूनको व्याख्या सम्बन्धी गम्भीर प्रश्न नीहित रहेको भनी सर्वोच्च अदालतले पुनरावेदन गर्नको लागि अनुमति दिएको मुद्दा,

(ग) उच्च अदालतले पुनरावेदन सुनी कारवाही र किनारा गरेको मुद्दामा गंभीर कानूनी प्रश्न निहित रहेको कारण सर्वोच्च अदालतबाट निर्णय हुन मनासिव छ भनी सम्बन्धित उच्च अदालतले सिफारिश गरेको मुद्दा,

(घ) उच्च अदालतले सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय हुने ठहराइ फैसला गरेको मुद्दा,

४. प्रचलित कानून बमोजिम तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुने ।

५. मातहतको कुनै अदालत, निकाय वा अधिकारी समक्ष विचाराधीन रहेको कुनै मुद्दामा कुनै कानूनको व्याख्या सम्बन्धी जटिल प्रश्न समावेश भएको र सो प्रश्न सार्वजनिक महत्व वा सरोकारको विषय भएको तथा त्यस्तै प्रश्न निहित मुद्दा सर्वोच्च अदालतमा पनि विचाराधीन रहेको अवस्थामा त्यस मुद्दाको निर्णय सर्वोच्च अदालतबाट हुन उपयुक्त छ भन्ने लागेमा वा सम्बन्धित अदालत, निकाय वा अधिकारीको प्रतिवेदन वा महान्यायाधिवक्ता वा मुद्दाको कुनै पक्षको निवेदनबाट देखिन आएमा त्यस्तो मुद्दाको मिसिल झिकाई साथै राखी कारवाही र किनारा गर्ने अधिकार सर्वोच्च अदालतलाई हुने ।

६. मातहतको कुनै अदालत वा निकायमा दायर भएको कुनै मुद्दामा सुनुवाइ हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा कारण र आधार

खुलाई त्यस्तो मुद्दा एउटा अदालत वा निकायबाट झिकी अर्को अदालत वा निकायबाट सुनुवाइ गर्ने गरी तोक्ने अधिकार हुने ।

७. सर्वोच्च अदालतको अन्य अधिकार र कार्यविधि प्रचलित कानून बमोजिम हुने ।

## २. दुबै अदालतमा रहने न्यायाधीशहरूको संख्या

- प्रधान न्यायाधीश संवैधानिक अदालतमा पदेन अध्यक्ष हुने ।
- प्रधान न्यायाधीशको पद रिक्त रहेको अवस्थामा वा अनुपस्थित रहेको अवस्थामा का.मु. प्रधानन्यायाधीश वा निमित्त प्रधान न्यायाधीश पनि संवैधानिक अदालतको पदेन अध्यक्ष हुने ।
- संवैधानिक अदालतमा अध्यक्ष बाहकेका ५ जना न्यायाधीश रहने (विवादको अन्तिम निर्णय अध्यक्ष सहितको कम्तिमा ५ जना न्यायाधीश रहेको इजलासले गर्नु पर्ने व्यवस्था हुनु पर्ने ।)
- संवैधानिक अदालतका न्यायाधीशको पदावधि ६५ वर्ष उमेरको हदको अधीनमा रही बढीमा ९ वर्षको हुने,
- सर्वोच्च अदालतमा प्रधान न्यायाधीश सहित १५ जना न्यायाधीशको निश्चित संख्या राख्ने । (अस्थायी न्यायाधीश नियुक्त गर्ने व्यवस्था नराख्ने ।)

## ३. दुबै अदालतका न्यायाधीशहरूको योग्यता,

- कानूनमा स्नातकोपाधि प्राप्त गरी उच्च अदालत वा सो सरहको अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा सात वर्ष काम गरेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तिमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तिमा पन्ध्र वर्षसम्म न्याय र कानूनको क्षेत्रमा निरन्तर काम गरेको वा न्यायसेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तिमा बाह्र वर्ष काम गरेको नेपाली नागरिक मात्र प्रधानन्यायाधीश वा न्यायाधीश पदमा नियुक्तिको लागि योग्य हुने । **(न्यायप्रणाली सम्बन्धी समितिबाटै प्रस्ताव भएर आए बमोजिम)**

**प्रधान न्यायाधीशको लागि थप योग्यता,** सर्वोच्च अदालत वा संवैधानिक अदालतको न्यायाधीशमा कम्तिमा तीन वर्ष काम गरेको र पदावधि कम्तिमा २ वर्ष बाँकी रहेको हुनु पर्ने । **(न्यायप्रणाली सम्बन्धी समितिबाटै प्रस्ताव भएर आउ बमोजिम)**

## ४. न्यायाधीशहरूको नियुक्ति र पदमुक्तिको सिफारिश गर्ने संयन्त्र

संवैधानिक अदालत लगायत सबै तहका न्यायाधीशको योग्यता संविधान र संघीय कानूनले निर्धारण गरी न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी

कारवाही र बर्खासीसम्बन्धी विषयमा सिफारिश गर्न वा परामर्श दिन संघीय र प्रादेशिक तहमा देहाय बमोजिमका अलग अलग न्यायिक आयोगहरू राख्न उपयुक्त हुने :

**(क) संघीय न्यायिक आयोग:** (१) संविधान र प्रचलित कानून बमोजिम संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही र बर्खासी सम्बन्धी विषयमा सिफारिश गर्न वा परामर्श दिन एउटा संघीय न्यायिक आयोग रहने जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुने :-

| | |
|---|---|
| (क) प्रधान न्यायाधीश | - अध्यक्ष |
| (ख) संघीय न्याय मन्त्री | - सदस्य |
| (ग) संवैधानिक अदालत र सर्वोच्च अदालतका एक एक जना बरिष्ठतम् न्यायाधीश दुईजना | - सदस्य |
| (घ) राष्ट्रपतिले प्रतिनिधिसभाका सभामुखको सिफारिशमा मनोनित गरेका कम्तिमा एकजना महिला सदस्य सहित प्रतिनिधिसभाका दुई जना सदस्य | - सदस्य |
| (ङ) राष्ट्रपतिले राष्ट्रियसभाका अध्यक्षको सिफारिशमा मनोनीत गरेका राष्ट्रियसभाका एक जना सदस्य | - सदस्य |
| (च) राष्ट्रपतिद्वारा प्रधानन्यायाधीशको सिफारिशमा नियुक्त सेवा निवृत्त संवैधानिक अदालत/सर्वोच्च अदालतका न्यायाधीश मध्ये दुईजना | - सदस्य |
| (छ) राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको सिफारिशमा नियुक्त ख्यातीप्राप्त कानूनविद् एकजना | - सदस्य |
| (ज) राष्ट्रपतिद्वारा नेपाल बार एशोसिएसनको सिफारिशमा नियुक्त बरिष्ठ अधिवक्ता एकजना | - सदस्य |

(२) उपधारा (१) को खण्ड (घ) बमोजिमको सदस्य मनोनीत गर्दा कम्तिमा एकजना सदस्य विपक्षी दलको पर्ने गरी फरक फरक दलको सदस्यहरू मनोनित गर्नुपर्ने ।

तर त्यस्तो पदावधि सम्बन्धित सदनको सदस्यको कार्यकालभन्दा बढी नहुने र कुनै कारणवश सम्बन्धित सदनमा निजको सदस्यता समाप्त भएमा निजको न्यायिक आयोगको सदस्यता पनि स्वतः समाप्त हुने ।

(३) उपधारा (१) को खण्ड (च), (छ) र (ज) बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुने र निजहरूको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुने ।

(४) उपधारा (१) को खण्ड ((च), (छ) र (ज) बमोजिमको सदस्यलाई सर्वोच्च अदालतका न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिने ।

(५) उपधारा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिम नियुक्त वा मनोनित सदस्यको स्थान कुनै कारणले रिक्त भएमा जुन प्रक्रियाद्वारा नियुक्त वा मनोनित भएको सदस्यको स्थान रिक्त भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिने ।

(६) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि उच्च अदालतको मुख्य न्यायाधीशको नियुक्तिका लागि सम्बन्धित प्रदेशका न्याय मन्त्री र उच्च अदालतका अन्य न्यायाधीशको नियुक्तिका लागि उच्च अदालतका मुख्य न्यायाधीश र सम्बन्धित प्रदेशका न्यायमन्त्री न्यायिक आयोगका पदेन सदस्य हुने ।

(७) न्यायिक आयोगले यस संविधान बमोजिम न्यायाधीश नियुक्तिको सिफारिश गर्नुभन्दा अगाडि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।

(८) संघीय न्यायिक आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि संघीय कानून बमोजिम हुने ।

**(ख) प्रादेशिक न्यायिक आयोगः** (१) संविधान र कानून बमोजिम स्थापना हुने जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही र बर्खासी सम्बन्धी विषयमा प्रदेश प्रमुखलाई सिफारिश गर्न वा परामर्श दिन प्रत्येक प्रदेशमा प्रादेशिक न्यायिक आयोग रहने जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू हुने :

| | | |
|---|---|---|
| (क) | प्रदेशस्थित उच्च अदालतका मुख्य न्यायाधीश | - अध्यक्ष |
| (ख) | प्रादेशिक न्याय मन्त्री | - सदस्य |
| (ग) | प्रदेश स्थित उच्च अदालतका वरिष्ठतम् न्यायाधीश | - सदस्य |
| (घ) | प्रदेश प्रमुखद्वारा प्रदेश स्थित उच्च अदालतका मुख्य न्यायाधीशको सिफारिशमा नियुक्त उच्च अदालत वा सो सरहको अदालतबाट सेवा निवृत्त दुईजना न्यायाधीश | - सदस्य |
| (ङ) | प्रदेश प्रमुखले प्रदेश सभाका सभामुखको सिफारिशमा मनोनित गरेका कम्तिमा एकजना महिला सदस्य सहित प्रदेश सभाका दुईजना सदस्य | - सदस्य |
| (च) | प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिशमा नियुक्त गरेका कानूनविद् एकजना | - सदस्य |

(छ) प्रदेश प्रमुखले प्रदेशस्थित बार एशोसिएसनको सिफारिशमा नियुक्त गरेका बरिष्ठ अधिवक्ता/अधिवक्ता एक जना - सदस्य

(२) उपधारा (१) को खण्ड (ङ) बमोजिम सदस्य मनोनित गर्दा कम्तिमा एकजना सदस्य विपक्षी दलको पर्ने गरी फरक-फरक दलको सदस्यहरू मनोनित गर्नुपर्ने ।

तर त्यस्तो पदावधि प्रदेशसभामा सम्बन्धित सदस्यको कार्यकालभन्दा बढी नहुने र कुनै कारणवश प्रदेशसभामा निजको सदस्यता समाप्त भएमा निजको प्रादेशिक न्यायिक आयोगको सदस्यता स्वतः समाप्त हुने ।

(३) उपधारा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यहरूको पदावधि चारवर्षको हुने, निजहरूको पारिश्रमिक तथा सुविधा उच्च अदालतका न्यायाधीशको सरह हुने ।

(४) उपधारा (१) को खण्ड (घ), (च) र (छ) बमोजिमको सदस्यलाई उच्च अदालतका न्यायाधीश सरह समान आधारमा समान तरिकाले पदबाट हटाउन सकिने ।

(५) उपधारा (१) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिम नियुक्त वा मनोनित सदस्यको स्थान कुनै कारणले रिक्त भएमा जुन प्रक्रियाद्वारा नियुक्त वा मनोनित भएको सदस्यको स्थान रिक्त भएको हो, सोही प्रक्रियाद्वारा पदपूर्ति गरिने ।

(६) न्यायिक आयोगले यस संविधान बमोजिम न्यायाधीश नियुक्तिको सिफारिश गर्नुभन्दा अगाडि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।

(७) प्रादेशिक न्यायिक आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि प्रादेशिक कानून बमोजिम हुने ।

## ५. न्यायाधीशहरूलाई भ्रष्टाचार र अधिकारको दुरुपयोगका सम्बन्धमा कारवाही गर्ने संयन्त्र र प्रक्रिया

### (क) संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतका न्यायाधीशको हकमा

- संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरू विरुद्धमा परेका आचार संहिताको उल्लङ्घन लगायतका सबै गुनासो र उजुरीको सुनुवाई संघीय न्यायिक आयोगले गर्ने,
- यस सम्बन्धमा संघीय न्यायिक आयोगभित्र सदस्यको संयोजकत्वमा अलग्गै उजुरी सुन्ने इकाई गठन गर्नु पर्ने
- संवैधानिक अदालतका न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरू विरुद्धमा परेका कुनै पनि उजुरीको उजुरी सुन्ने इकाइले प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन तयार गर्नुपर्ने ।

- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले आचार संहिताको परिपालना नगरेको वा पदीय मर्यादा विपरीतको काम गरेको भन्ने प्रमाणित भएमा आयोगको निर्णयले सो कुरा अभिलेखमा राखी सम्बन्धित न्यायाधीशलाई सचेत गराउने ।
- कुनै न्यायाधीश शारीरिक वा मानसिक अस्वस्थताको कारण पदीय कर्तव्य बहन गर्न असक्षम देखिएमा आयोगको निर्णयले सम्बन्धित न्यायाधीशलाई स्वेच्छिक अवकाश लिन निर्देशन दिन सक्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको प्रथम दृष्टिमा पुष्टि हुन आएमा आयोगको निर्णयले संविधान र कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोगमा अनुसन्धान गर्न अधिकार प्राप्त निकाय समक्ष थप अनुसन्धान गरी आवश्यकता अनुसार मुद्दा दायरीको लागि फाईल पठाउन सक्ने ।
- कुनै न्यायाधीशमा उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट पटक पटक आचार संहिताको उल्लङ्घन गरेको, पटक पटक पदीय मर्यादा विपरीतको काम गरेको, कार्यक्षमताको अभाव देखिएको, पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको, खराव आचरण देखिएको अवस्थामा आयोगको निर्णय बमोजिम संवैधानिक अदालत र सर्वोच्च अदालतका न्यायाधीशको हकमा महाभियोगको लागि प्रतिनिधिसभामा लेखी पठाउने र उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशहरूको हकमा आयोगको निर्णय बमोजिम कसूरको प्रकृतिको आधारमा पदमुक्त गर्न वा सेवाबाट बर्खास्त गर्न सक्ने ।
- भ्रष्टाचारको अभियोगमा कुनै पनि न्यायाधीशलाई पदमुक्त भएपछि वा बर्खास्त भएपछि वा महाभियोग प्रमाणित भएपछि कुनै पनि बखत अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सकिने

**(ख) जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशको हकमा**

- जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरूका विरुद्धमा परेका आचार संहिताको उल्लङ्घन लगायतका सबै गुनासो र उजुरीको सुनुवाई प्रदेश न्यायिक आयोगले गर्ने ।
- यस सम्बन्धमा प्रदेश न्यायिक आयोगभित्र सदस्यको संयोजकत्वमा अलग्गै उजुरी सुन्ने इकाई गठन गर्नु पर्ने
- जिल्ला/स्थानीय अदालत तथा मातहतका अदालतका न्यायाधीशहरूका विरुद्धमा परेका कुनै पनि उजुरीको उजुरी सुन्ने इकाइले प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन तयार गर्नुपर्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले आचार संहिताको परिपालना नगरेको वा पदीय मर्यादा विपरीतको काम गरेको भन्ने

प्रमाणित भएमा आयोगको निर्णयले सो कुरा अभिलेखमा राखी सम्बन्धित न्यायाधीशलाई सचेत गराउने ।

- कुनै न्यायाधीश शारीरिक वा मानसिक अस्वस्थताको कारण पदीय कर्तव्य बहन गर्न असक्षम देखिएमा आयोगको निर्णयले सम्बन्धित न्यायाधीशलाई स्वेच्छिक अवकाश लिन निर्देशन दिन सक्ने ।
- उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट कुनै न्यायाधीशले भ्रष्टाचार वा अख्तियारको दुरुपयोग गरेको प्रथम दृष्टिमा पुष्टि हुन आएमा आयोगको निर्णयले संविधान र कानून बमोजिम भ्रष्टाचार वा अख्तियारको दुरुपयोगमा अनुसन्धान गर्न अधिकार प्राप्त निकाय समक्ष थप अनुसन्धान गरी आवश्यकता अनुसार मुद्दा दायरीको लागि फाईल पठाउन सक्ने ।
- कुनै न्यायाधीशमा उजुरी सुन्ने इकाईको प्रारम्भिक प्रतिवेदनबाट पटक पटक आचार संहिताको उल्लङ्घन गरेको, पटक पटक पदीय मर्यादा विपरीतको काम गरेको, कार्यक्षमताको अभाव देखिएको, पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको, खराव आचरण देखिएको अवस्थामा आयोगको निर्णय बमोजिम कसूरको प्रकृतिको आधारमा पदमुक्त गर्न वा सेवाबाट बर्खास्त गर्न सक्ने ।
- भ्रष्टाचारको अभियोगमा कुनै पनि न्यायाधीशलाई पदमुक्त भएपछि वा बर्खास्त भएपछि कुनै पनि बखत अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सकिने ।

माथि उल्लेखित छलफल तथा अध्ययनपछि न्यायालय सम्बन्धी निम्न विवाद तथा सहमति पहिलो संविधान सभामा भएको पाइन्छ ।

विगत संविधान सभाको विवाद समाधान उपसमितिले निर्माण गरेको कार्यदलले सहमति हुन बाँकी सबै ११७ विवाद मध्ये न्याय प्रणाली सम्बन्धी विवाद निम्न छन्[५]:–

१. राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष समितिलाई हुने वा न्यायपालिकालाई हुने ?
२. संविधानको व्याख्या, राष्ट्रिय सरोकारका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरूसँग सम्बन्धी मुद्दाको व्याख्या र निरोपण गर्न तथा संघ र प्रदेश तथा प्रदेश प्रदेशबीचको विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ?
३. सर्वोच्च अदालतका न्यायाधीशको बर्खास्ती र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गर्ने वा कानून बनाई प्रभावकारी ढंगले गर्ने ?

---

५. संविधान सभा दर्पण २०६५-०६९, व्यवस्थापिका संसद सचिबालय संसद भवन, सिंहदरबार (अनुसूची ७, पेज ४२१-२२

४. सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्तिमध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरू मध्येबाट मात्र गर्ने ?
५. प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्तिको सिफारिश गर्ने संयन्त्र एउटै हुने वा अलग अलग हुने ?
६. राज्य/उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्ती प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद जस्तो केन्द्रित संयन्त्रबाट हुने ?
७. स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्ती स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ?
८. राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने

न्याय प्रणालीका सम्बन्धी टुंगो लाग्न बाँकी विषयमा छलफलबाट देहाय बमोजिम गर्ने मिति ०६९।२।२ मा राजनैतिक सहमति भएको छ । २०६९।२।२ मा भएको न्यायालय सम्बन्धी राजनीतिक सहमति ।[६]

**अदालत**

१. बाँकी कार्यकाल जति रहे पनि प्रधानन्यायाधीश हुन सक्ने व्यवस्था रहनेछ ।
२. न्यायाधीशहरूको नियुक्ति न्याय परिषदबाट हुनेछ ।
३. न्यायपरिषद्मा प्रधानन्यायाधीशको अध्यक्षतामा वरिष्ठतम् दुईजना न्यायाधीश, कानून मन्त्री र बार एशोसियसनका एक प्रतिनिधि सदस्यहरू हुनेछन् ।
४. अन्तरिम संविधान बमोजिम हाल कायम रहेका न्यायाधीशहरूले नयाँ संविधान बमोजिम हुन नियुक्ति लिनु पर्ने छैन । नयाँ संविधान बमोजिम सपथ गर्नुपर्ने छ ।

**संवैधानिक अदालत**

१. प्रधानन्यायाधीशको अध्यक्षतामा संवैधानिक अदालत गठन हुनेछ ।
२. संवैधानिक अदालतमा दुईजना सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश र दुईजना कानूनविद्हरू मध्ये सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्त गर्ने छन् ।

---

६. संविधान सभा दर्पण, २०६५-०६९, व्यवस्थापिका संसद सचिबालय संसद भवन सिंहदरबार, पृ. ४३२

३. संवैधानिक अदालतले प्रदेश-प्रदेशबीचको विवाद, प्रदेश र केन्द्रकोबीचको विवाद, प्रदेश र स्थानीय सरकारकाबीचको विवाद हेर्नेछ । संवैधानिक अदालत पाँच वर्षसम्म रहनेछ ।

**विभाजित ११७ मध्ये विवाद समाधान उपसमितिबाट भएको न्यायालय सम्बन्धी सहमति[७]**

| सि.नं. | संविधान सभाले पठाएको प्रश्न | विवाद समाधान उपसमितिबाट भएको सहमति |
|---|---|---|
| १ | राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएको विषय हेर्ने अधिकार विधायिकाको विशेष न्यायिक समितिलाई हुने वा न्यायपालिकालाई हुने ? | सबै अधिकार क्षेत्र न्यायपालिकाको हुने । |
| २ | संविधानको व्याख्या, राष्ट्रिय सरोकारका विषय, मानव अधिकार तथा नागरिक सरोकारका विषय, राजनीतिक विषयहरूसँग सम्बन्धी मुद्दाको व्याख्या र निरुपण गर्न तथा संघ र प्रदेश तथा प्रदेश प्रदेशबीचका विवाद हेर्न अलग्गै संवैधानिक अदालतको व्यवस्था गर्ने वा सर्वोच्च अदालतलाई नै सो अधिकार दिने ? | प्रदेश-प्रदेशबीचको विवाद, प्रदेश र केन्द्रबीचको विवाद प्रदेश र स्थानीय सरकार बीचको विवाद, एक स्थानीय सरकार र अर्को स्थानीय सरकार बीचको विवाद र विशेष संरचना र विशेष संरचना तथा विशेष संरचना र स्थानीय तहबीच उत्पन्न हुने सीमा र अधिकार क्षेत्रको सूची सम्बन्धी विवाद हेर्नका लागि ५ वर्षको लागि संवैधानिक अदालत रहनेछ । संवैधानिक अदालतको अध्यक्षता प्रधानन्यायाधीशले गर्नेछ । |

७. संविधान सभा दर्पण २०६५-०६९, व्यवस्थापिका संसद सचिबालय संसद भवन सिंहदरबार । अनुसूची ९, पेज -४३९-४०

| | | |
|---|---|---|
| ३ | सर्वोच्च अदालतका न्यायाधीशको बर्खास्ती र कारवाही व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट गर्ने वा कानून बनाई प्रभावकारी ढंगले गर्ने ? | संवैधानिक अदालतमा २ जना सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्तिमध्येबाट मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गरेमा २ जना कानूनविद् न्यायाधीश रहनेछन् ।<br>महाभियोगको कारवाही बाहेक अन्य कारवाही कानूनमा व्यवस्था भए बमोजिम न्यायपरिषद्बाट हुने । |
| ४ | सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति यस संविधान बमोजिम प्रधानन्यायाधीश हुन योग्यता पुगेका कुनै पनि व्यक्ति मध्येबाट गर्ने वा सर्वोच्च अदालतका न्यायाधीशहरू मध्येबाट मात्र गर्ने ? | सर्वोच्च अदालतका न्यायाधीशहरूमध्येबाट मात्र गर्ने । बाँकी कार्यकाल जति भए पनि प्रधानन्यायाधीश हुन सक्ने । |
| ५ | प्रधानन्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्तिको सिफारिश गर्ने संयन्त्र एउटै हुने वा अलग हुने ? | संवैधानिक परिषद्को सिफारिशमा प्रधानन्यायाधीश र न्यायपरिषदको सिफारिशमा अन्य सबै न्यायाधीशहरूको नियुक्ति हुने ।<br>न्यायपरिषद्मा प्रधानन्यायाधीश अध्यक्ष, सर्वोच्च अदालतका २ जना वरिष्ठतम न्यायाधीश, कानूनमन्त्री र वार एशोसियसनका एक प्रतिनिधि सदस्यको रुपमा हुने । |
| ६ | राज्य/उच्च अदालतका न्यायाधीशहरूको नियुक्त र बर्खास्ती प्रादेशिक व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा न्यायपरिषद् जस्तो केन्द्रीय संयन्त्रबाट हुने ? | सबै न्यायाधीशको नियुक्ति र बर्खास्ती न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीशबाट हुने ।<br>(प्रदेशसँग कसरी सामन्जस्यता कायम गर्ने ?) |

| | | |
|---|---|---|
| ७ | स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र बर्खास्ती स्थानीय व्यवस्थापिकाको विशेष न्यायिक समितिबाट हुने वा राज्य संयन्त्रबाट हुने ? | प्रादेशिक न्यायपरिषद्को गठन गरी सोको सिफारिशमा गर्ने । प्रदेशस्थित उच्च अदालतको मुख्य न्यायाधीशको अध्यक्षतामा गठन हुने प्रादेशिक न्यायपरिषदमा उच्च अदालतको एक वरिष्ठतम न्यायाधीश र प्रदेशको कानूनमन्त्री सदस्य रहने । |
| ८ | राज्य/उच्च अदालत र स्थानीय अदालतका न्यायाधीशहरूको सरुवा हुने व्यवस्था संविधानमा गर्ने वा नगर्ने ? | सरुवा हुने व्यवस्था गर्ने । राज्य/उच्च अदालतका न्यायाधीशहरूको सरुवा न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीशले गर्ने । स्थानीय अदालतका न्यायाधीशहरूको सरुवा सोही प्रदेशभित्र प्रादेशिक न्यायपरिषद्को सिफारिशमा उच्च अदालतको मुख्य न्यायाधीशले गर्ने । |

**६. संघीय न्यायिक संरचनाका सम्भावित विवादास्पद प्रश्नहरू :** संघीय न्याय प्रणालीमा जाँदा केही विवादास्पद विषयहरू उठान हुन सक्छन्, जुन निम्न छन् ।

**(क) न्यायाधीशहरूको नियुक्ति सम्बन्धी प्रकृया :-** हालको न्यायपरिषदको स्वरुप र कार्यपद्धति के हुने र प्रान्तस्तरका अदालतहरूका न्यायाधीशहरूको नियुक्ति, सेवा शर्त एवम् पदमुक्ति सम्बन्धी विषय हेर्ने केन्द्रीय/प्रान्तीय निकायको गठन आदिमा प्रशस्त विवाद उठ्नसक्ने छ। न्याय-परिषदको गठन र सञ्चालनको हाम्रो विगत अनुभवको आधारमा यसलाई बढी सक्षम, सक्रिय र प्रभावकारी बनाउनु पर्दछ। जसको लागि केन्द्रीयस्तरको न्याय परिषदको गठनविधिमा प्रान्तीय प्रतिनिधित्वको व्यवस्था (मुख्य न्यायाधीश/मन्त्री) मिलाएर समायोजन गर्न सकेमा एउटै केन्द्रीय निकायको माध्यमबाट यो जिम्मेवारी पूरा हुनसक्दछ ।

**(ख) संसदीय अनुमोदनको राजनैतिक प्रभाव :-** नेपालको अन्तरिम संविधानको धारा १६२ अनुसार न्यायाधीशहरूको नियुक्तिमा सार्वजनिक सुनवाईको व्यवस्था गरिएको छ। न्यायाधीश नियुक्तिमा संसदीय सुनवाई र अनुमोदनको पद्धतिले न्यायाधीशलाई राजनैतिक प्रभाव एवम् विवादमा ल्याइरहने खतरा रहन्छ। संसदीय अनुमोदन अनिवार्य अवस्थामा न्यायपरिषद जस्तो स्वतन्त्र र उच्चस्तरीय छनौट निकायको भूमिका प्रयोजनहीन हुन जान्छ। संसदीय सुनुवाईले सार्वजनिक उत्तरदायित्वको नाममा न्यायाधीश नियुक्तिमा राजनैतिकीकरण हुनसक्ने डर छ। जहाँ न्यायाधीशको राजनैतिक नियुक्ति हुन्छ (जस्तै अमेरिका) त्यस्तो ठाउँमा सार्वजनिक सुनुवाई उसको उत्तरदायित्वको लागि उपयुक्त

हुन्छन् । न्याय परिषद (जहाँ कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका प्रतिनिधि र स्वतन्त्र कानूनविद् रहन्छ ) जस्तो स्वतन्त्र विज्ञहरूको समूहले गरेको नियुक्तिलाई फेरि संसदीय सुनुवाईमा लैजानु विरोधाभाषपूर्ण देखिन्छ । यसरी न्यायाधीश नियुक्तिमा दुई वटा निकाय रहे भने उत्तरदायित्व कसले लिने ? धारा १६२ को सुनुवाइको प्रावधानको विधि शास्त्रीय आधार दिन सकेको पाइँदैन ।

**(ग) समावेशी न्यायाधीश चयनको चुनौती :-** न्यायाधीशको नियुक्ति समावेशी हुनुपर्छ भन्ने नयाँ मागको चुनौतीलाई के कसरी समायोजन गर्ने ? भन्ने अर्को गम्भीर प्रश्न छ । नेपालका दलहरूको घोषणा-पत्र हेर्दा केही दलले नियुक्तिमा आरक्षण र निर्वाचनको प्रकृया प्रस्ताव गरेको पाइन्छ । न्यायपरिषदबाट नियुक्तिको सिफारिश गर्दा उपलब्ध योग्य महिला, जनजाति, क्षेत्रीय प्रतिनिधित्व नछुट्ने गरी गर्न सकिन्छ र गर्नुपर्दछ पनि । तर आरक्षण तथा समावेशीको नाममा क्षमता र योग्यतालाई अवमूल्यन गर्न भने कदापी हुँदैन । त्यस्तै गरी संघीयतामा राज्य/राज्यबीच र राज्य र केन्द्रबीचको विवाद हेर्ने जिम्मेवारी सर्वोच्च अदालतको हुने भएकोले सर्वोच्च अदालतमा पनि राज्यको तर्फबाट न्यायाधीश नियुक्ति हुनु पर्ने माग आउन सक्छ । यसलाई कसरी सम्बोधन गर्ने ठूलो चुनौतीको विषय हुन सक्छ । जस्तै बेल्जियममा न्यायाधीश आधा डच र आधा फ्रेन्च भाषी हुनु पर्ने संवैधानिक व्यवस्था छ । अष्ट्रियाको सर्वोच्च अदालतमा कम्तीमा तीन पूर्ण सदस्यहरू र दुई वटा वैकल्पिक सदस्यहरू भियनाभन्दा बाहिर स्थायी बसोबास भएको हुनुपर्दछ । क्यानडाको सर्वोच्च अदालतमा तिन जना न्यायाधीशहरू क्युवेकबाट नियुक्त हुन्छन् भने अरु तीन जना ओन्ट्रारियोबाट, त्यस्तै अन्य दुई जना पश्चिम प्रान्तबाट र अन्य एक जना एट्लान्टिक क्षेत्रबाट नियुक्त हुन्छन् । धार्मिक र साँस्कृतिक आधारमा नियुक्ति गर्ने व्यवस्था नाइजोरियामा छ र त्यहाँ अपिल अदालतका ५० न्यायाधीश मध्ये कम्तीमा एक जना मुसलिम पर्सनल कानूनमा र कम्तीमा तीन जना परम्परागत कानून विज्ञ हुनुपर्दछ ।

**(घ) खराब आचरणका न्यायाधीशहरू उपरको कारर्वाही र पदमुक्तिको व्यवस्था :-** सर्वोच्च अदालतका न्यायाधीशहरूलाई महाअभियोगको संसदीय कार्वाहीद्वारा पदमुक्त गर्ने संवैधानिक प्रावधानले निरन्तरता पाउनु पर्छ । तर अन्य तहका अदालतहरूका न्यायाधीशहरूलाई कार्वाही गर्ने र पदमुक्त गर्ने विगत वा वर्तमान प्रकृया एवम् प्रचलनले कसैलाई पनि सन्तुष्ट पार्न सकेको छैन र न्यायपरिषदले आफ्नो औचित्य सिद्ध गर्न नसकेको गुनासोको निराकरणको लागि न्यायाधीश उपरको कार्वाहीको सम्बन्धमा न्यापरिषदसँग समन्वय गरी विशेष संयन्त्र बनाउन सकिन्छ र साथै विगतमा न्यायपरिषदले न्यायाधीशलाई उत्तरदायी बनाउन नसकेको आरोपलाई अन्त गर्ने यो निकायलाई प्रभावकारी र सक्षम बनाउनु पर्दछ । न्यायापालिका स्वतन्त्रताको नाममा न्यायाधीशलाई कदापि उन्मुक्ति पाउँनु हुँदैन ।

**(ङ) संघीय र प्रान्तीय अदालतहरूको अधिकारक्षेत्र बाँडफाँडको प्रश्न :-** संघीय शासन व्यवस्थामा केन्द्र र प्रान्तकाबीचको शक्ति र अधिकारको बाँडफाँडको प्रश्न आफैंमा जटिल एवम् विवादयुक्त विषय हुनगइरहेको छ भने न्यायिक अधिकारक्षेत्र बाँडफाँडको विषयले अझ थप जटिलता प्रस्तुत गर्नेछ। संघीय सर्वोच्च अदालतले केन्द्रीयस्तरका कार्यपालिका र व्यवस्थापिकाकाबीचको शक्ति पृथकीकरण, सन्तुलन एवम् नियन्त्रणको समायोजन गर्नुपर्ने दायित्व निर्वाह गरेरमात्र सन्तुष्ट हुन मिल्दैन । केन्द्र एवम् प्रान्तकाबीचको शक्तिको बाँडफाँड तथा प्रान्त- प्रान्तकाबीचको श्रोत एवम् शक्तिको बाँडफाँड सम्बन्धी तमाम विवादहरूको निरुपण गर्नुपर्ने गुरुत्तर दायित्व थपिने हुन्छ। हाम्रो न्यायिक जगतकै लागि यो एउटा नौलो एवम् अनुभवविहीन विषय हुनेछ। यस सम्बन्धी भारतलगायत अन्य लोकतान्त्रिक देशहरूको प्रयोग र अनुभवबाट हामीले सिक्नु पर्ने हुन्छ ।

**(च) संवैधानिक अदालत वा सर्वोच्च अदालत भन्ने विवाद :-** संवैधानिक समितिद्वारा गठित विवाद समाधान उपसमितिले संवैधानिक अदालत रहन सक्ने प्रस्तावमा सहमति गरे पश्चात खास गरी न्यायपालिकाबाट त्यसमा असहमति प्रकट गर्न प्रधानन्यायाधीश सहितका सर्वोच्च अदालतका न्यायाधीशहरूले समितिमा गएर नेपालमा अलग्गै संवैधानिक अदालत आवश्यक नभएको राय दिएका थिए। सर्वोच्च अदालत भित्रैबाट प्रधान न्यायाधीशको अध्यक्षतामा संवैधानिक बेञ्च खडा गर्ने उपयुक्त हुने राय दिइएको थियो ।

### १.चुनौतीहरू

- सर्वोच्च र संवैधानिक अदालतका विच अधिकार क्षेत्रको विवाद र दुबै अदालतका न्यायाधीशहरूको मर्यादाक्रम सम्बन्धी विवाद ।
- नजिरको मान्यता सम्बन्धी विवाद ।
- अत्यधिक प्रशासनिक खर्च ।
- राजनीतिक प्रभावको सम्भावना ।

### २. संवैधानिक अदालतको औचित्य

यसको औचित्य नै संवैधानिक विवादको निप्टारा चाँडोभन्दा चाँडो होस् र विवाद समाधान गर्ने अदालतमा सम्बन्धित विषयका विज्ञहरू रहुन् भन्ने नै हो । विगतका केही महत्वपूर्ण मुद्दामा सर्वोच्च अदालतको उदासीनता, अदक्षता वा संवैधानिक विषयको गम्भीरता नबुझी निर्णय नगरिदिँदा वा ढिलो गर्दा (जस्तै संसद पुनर्स्थापनाको मुद्दा) देशले संवैधानिक दुर्घटना बेहोर्नु परेको तितो सत्यलाई मध्यनजर राख्दा र सर्वोच्च अदालतका न्यायाधीशहरूमा संवैधानिक विषयको ज्ञानको सम्बन्धमा पनि धेरै कमी देखिँदा संवैधानिक विषयमा दखल भएका न्यायाधीशहरूको छुट्टै अदालतको महसुस नगरिएको होइन । तर

सर्वोच्च अदालतको संवैधानिक परीक्षणको अधिकारक्षेत्रलाई प्रभावकारी बनाएर नै यो उद्देश्य हासिल हुन सक्छ भन्ने एक थरी विज्ञहरूको पनि भनाई छ। त्यस्तै नयाँ प्रयोग र परीक्षणका नाममा सर्वोच्च अदालतको सर्वोच्चतामाथि आँच आउन दिनु राम्रो र व्यवहारिक पनि होइन। भारत र अमेरिकाका सर्वोच्च अदालतहरूले नै सफलतापूर्वक संवैधानिकता परीक्षणको अधिकारक्षेत्र प्रयोग गरिआएको र हामीले पनि हालसम्म यसै पद्धतिलाई अनुशरण गरिआएको सन्दर्भमा छुट्टै संवैधानिक अदालतको पक्षमा जाने हो भने एकातिर सर्वोच्च अदालतको भूमिका घटन गई अस्तित्व छायाँमा पर्ने खतरा हुन्छ भने, अर्को तर्फ अनुभवविहीन नयाँ पदयात्रा आफैमा धेरै जोखिमयुक्त हुने देखिन्छ। जर्मनी र दक्षिण अफ्रिका जस्ता देशका संवैधानिक अदालतको अभ्यास/अनुभवको आधारमा संवैधानिक अदालतको चर्चा उठ्ने गरेता पनि ती देशको संवैधानिक एवम् कानूनी परम्पराको पृष्ठभूमि नबुझी प्रस्ताव गर्नु कति उचित होला ? दक्षिण कोरिया र रसियाले पनि संवैधानिक अदालतको आफ्नो छोटो यात्रामा नै असफल भएर होला औपचारिक अनौपचारिक भ्रमणमा नेपाल आएका प्रधान न्यायाधीश वा न्यायाधीशहरूले दिएको अर्ति उपदेशलाई पनि हामीले मनन् गर्नुपर्ने देखिन्छ। सर्वोच्च अदालत र संवैधानिक अदालतबीचको असमझदारी र अधिकार क्षेत्रमा देखिएको दुविधाले त्यहाँ धेरै अप्ठयारो व्यहोरेको पनि सुनिएको छ।

हालसम्मको हाम्रो प्रचलन र अनुभवमा सर्वोच्च अदालतले नै संसदीय कानूनको संवैधानिकताको परीक्षण विशेष इजालाशको माध्यमबाट गर्दै आएको छ। विशेषत देवानी वा महाद्विपीय पद्धति (Civil Law or Continental System) भएका मुलुकहरूले संवैधानिक विवादको निरुपण संवैधानिक अदालतको माध्यमबाट गर्ने प्रचलन रहेको पाइन्छ। मुलतः कमन ल प्रणालीबाट निर्देशित हाम्रो कानून प्रणालीमा अलग्गै संवैधानिक अदालतको स्थापनाले हालसम्म प्रभावकारी मानिदै आएको सर्वोच्च अदालतको अधिकार क्षेत्रमा हुने कटौतीले कस्तो परिणाम ल्याउँछ अहिले नै अनुमान गर्न कठिन छ। कानून सरह नजिरको मान्यता सम्बन्धी अभ्यासबाट प्रशिक्षित हाम्रो न्यायिक जनशक्ति, न्यायिक संरचनाहरू र कानूनी इतिहास तथा कानूनी शिक्षालाई एक्कासी विना अध्ययन र औचित्य तोड्न सकिदैन र तोड्न पनि हुँदैन। साथै नेपालको सन्दर्भमा भारत, बेलायत र पाकिस्तानको कानूनी तथा न्याय पद्धतिको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव रहेको अवस्थामा दक्षिण एशियामा प्रयोगमा नै नल्याइएको संवैधानिक अदालतलाई हामीले अनुभवमा ल्याउन खोजियो भने दक्षिण एशियाली न्यायिक संगमबाट एक्लिने सम्भावनालाई नकार्न सकिदैन। तथापि संवैधानिक अदालतका अन्य देशका अभ्यासहरूमा देखिएका कमी कमजोरीलाई संविधानमा नै सम्बोधन गर्न सकियो भने ती कमी कमजोरीहरूको पुनरावृत्ति हुने खतरा रहँदैन। तर पनि पहिलो संविधानसभाको न्यायिक प्रणाली सम्बन्धी समितिमा संवैधानिक अदालत गठन गर्ने सहमति भइसकेको र सोको उपसमितिले पनि संवैधानिक अदालतको प्रकृति, स्वरुप, अधिकारक्षेत्र आदिमा आफ्नो सिफारिश पेश

गरेको अवस्था छ । त्यसमा विशुद्ध संवैधानिक अदालतमा नगई सर्वोच्च अदालतको प्रधान न्यायाधीशको अध्यक्षतामा संवैधानिक अदालत गठन गर्ने प्रस्ताव गरी मध्यमार्गी नीति लिएको देखिन्छ । उपसमितिले अध्ययन गरेको भावी न्यायालयको संरचना मध्ये संवैधानिक अदालत र सर्वोच्च अदालतको अधिकार क्षेत्रको बाडफाँड, दुई अदालतमा रहेको न्यायाधीशको संख्या र योग्यता, न्यायाधीशको नियुक्ति र पदमुक्तिको सिफारिश गर्ने संघीय र प्रदेशिक न्यायिक आयोगको संरचना, न्यायाधीशलाई कारवाही गर्ने संयन्त्रण र प्रक्रिया आदिको बारेमा विस्तृत अध्ययन गरी रिपोर्ट पेश गरेको अवस्था छ । त्यो रिपोर्टलाई पनि विज्ञहरू समक्ष छलफल गराएर मात्र दोश्रो संविधानसभा निष्कर्षमा पुग्नु उपर्युक्त हुन्छ ।

**(छ) संविधानको अन्तिम व्याख्याता को ? सर्वोच्च अदालत वा संसद ? :-** संविधानको अन्तिम व्याख्याता अदालत वा संसद भन्नेमा दुई मत विगतमा देखिएको थियो । एकीकृत माओवादीले संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई नभएर संसदको न्यायिक समितिमा रहनु पर्ने मान्यता अघि सारेको थियो भने अन्य प्रमुख दुई दल (एमाले र नेपाली कंग्रेस) ले यसलाई अस्वीकार गर्दै सर्वोच्च अदालतमै यो अधिकार निहित हुनु पर्ने मान्यतामा अडिग रहेका थिए । संविधान तथा कानून निर्माता शक्ति संसद भएकोले संसदले नै अन्तिम व्याख्या गर्न पाउनु पर्छ भन्ने बेलायत, अष्ट्रिया र क्यानडाको मान्यता छ भने दक्षिण अफ्रिका, भारत र अमेरिका लगायत देशहरूले अन्तिम व्याख्याता अदालतलाई मानेका छन् । कमन ल अपनाउने मुलुकले अन्तिम व्याख्याता सर्वोच्च सर्वोच्च अदालतलाई मानेका छन्, । त्यस्तै गरी स्वीटजरल्याण्डले पनि संविधानको अन्तिम व्याख्याता संसदलाई मान्दछ । स्वीजरल्याण्डको संघीय अदालतले फेडरल काउन्सिल वा फेडरल एशेम्बलीले बनाएको कानूनलाई अवैध घोषित गर्न सक्दैन । स्वतन्त्र न्यायपालिका, कानूनी शासन, शक्ति पृथकीकरण र न्यायिक पुनरावलोकनको सिद्धान्तहरू अन्तर्राष्ट्रिय रुपमा स्थापित भएका छन् । यी स्थापित सिद्धान्तका आधारमा पनि संविधान वा कानूनको अन्तिम व्याख्या अदालतले नै गर्नुपर्ने देखिन्छ र हाम्रो विगतको परम्परा र अभ्यासले पनि यसैलाई आत्मसात गरिएको परिप्रेक्ष्यमा संविधान र कानूनको अन्तिम व्याख्याता अदालत नै हुनुपर्छ भन्ने कुरामा विमति राख्नु पर्ने आधार र कारण देखिदैन । बेलायतले पनि पछिल्लो समयमा संविधान र कानूनको अन्तिम व्याख्यता अदालतलाई नै स्वीकार गर्दै गरेको पाइन्छ ।

**(ज) सर्वोच्च अदालत र क्षेत्रीय इजलास :-** संघीय संविधान अन्तर्गत गठन हुने राज्यका अदालतहरू नै अधिकार सम्पन्न हुने हुँदा सर्वोच्च अदालतको क्षेत्रीय इजलास आवश्यक पर्दैन । राज्यस्तरमा पुनरावेदन अदालतको अन्तिम तह “उच्च अदालत” (High Court) को रुपमा रहने हुँदा संवैधानिक लगायत धेरै मुद्दा/विवादहरू सोही तहबाट निरुपण हुने भई न्याय छिटो छरितो एवम् कम खर्चिलो हुन्छ । संघीय सर्वोच्च अदालतको सर्वोच्चता र प्रभावकारी इजलासहरूको विकेन्द्रीकरणले पूरा हुँदैन । भारतीय संविधानको

धारा १३० ले केन्द्रीय राजधानी दिल्ली बाहिर पनि सर्वोच्च न्यायालयका इजलासहरू स्थापना गर्न सकिने प्रावधान संविधानको प्रारम्भदेखि नै गरेकोमा सो कार्यान्वयन गरी पाउँ भनी मध्यप्रदेश अगस्त १९९८ मा (इन्दौर इजलास) उच्च न्यायालयमा निवेदन परेको र सो सम्बन्धमा जारी गरेको आदेश विरुद्धमा सर्वोच्च न्यायालयको ३ सदस्यीय इजलासले खारेज गरी न्यायिक हस्तक्षेप गर्नुपरेको थियो। संसदीय कानून तथा न्याय समिति मार्फत सन् १९९९, २०००, २००५ मा क्षेत्रीय इजलास गठन गर्ने विषयमा प्रस्तुत सुझाव समेत सर्वोच्च न्यायालयको फुल कोर्टले अस्वीकार गरेपछि भारतमा धारा १३० कार्यान्वयन हुने कुनै सम्भावना देखिएको छैन। भारतको ल कमिशनले उच्च अदालतलाई राज्यको विभिन्न विभिन्न ठाउँमा राख्ने सम्बन्धमा आफ्नो चौथो प्रतिवेदन दिदै भनेको छ *"In our opinion the question whether the High Court should sit as the whole at one place or in Benches at different places has to be considered solely from the point of view of the administration of justice - and political and sentimental considerations have so far as possible be excluded. We are formly of opinion that in order to maintain the highest standards of administration of justice and to preserve the character and quality of the work at present being done by the High Courts, it is essential that the High court should function as a whole and only at a one place in the state"* संघीय शासन प्रणालीको अग्रणी र अनुभवी अमेरिकाको सर्वोच्च अदालतले खण्डे इजलासको अभ्यास नगरी ९ जनाको पूर्ण इजलासले मात्र निर्णय गर्ने गर्दछ। त्यसैले न्याय छिटो, छरितो र प्रभावकारीका नाममा क्षेत्रीय इजलास गठन गर्दै जाने हो भने यसको व्यवसायिक दक्षता र क्षमतामा मात्रै ह्रास आउदैन कि गरिमा र प्रभावकारितालाई पनि धक्का पुऱ्याउछ।

**(झ) नेपालमा एकात्मक प्रकृतिको न्यायालय उपयुक्त हुनसक्छ?** सबै राजनीतिक दलहरूको घोषणा पत्र हेऱ्यौ भने एकल न्याय प्रणालीको पक्षमा रहेको पाइन्छ। तर प्रान्तीय अदालतको अधिकार क्षेत्र आदि विषयमा भने केन्द्र र प्रान्तबीच धेरै विवाद हुन सक्छ। नेपालभरि एउटै कानून समान रुपमा लागू गर्ने हो वा प्रान्तैपिच्छे विभिन्न कानून लागू हुने हो भन्ने विवाद पनि उठ्न सक्दछ। यदि यो विवादलाई सहज रुपमा समाधान गर्न सक्यौं भने नेपालमा एकात्मक प्रकृतिको न्यायालय उपयुक्त हुनसक्छ।। संघीयतामा सर्वोच्च अदालतको र प्रान्तीय अदालतको भूमिका र अधिकार क्षेत्रको बारेमा स्पष्ट व्यवस्था गरिएको पाइन्छ। प्रान्तमा स्थानीय विषयहरूमा प्रान्त कै अदालतको अधिकार क्षेत्र हुन्छ। प्रान्त र जिल्लाको अधिकार क्षेत्रको पनि कानूनले स्पष्ट विभाजन गरेको हुन्छ। भारत र क्यानडाको जस्तै एकल कानूनी पद्धतिलाई र हाम्रै इतिहासिक परम्परा र प्रयोग गरिरहेको अनुभवले पनि एकात्मक नै ठीक हुने देखिन्छ। वस्तुतः देशभरिका नागरिकहरूलाई एकताको सूत्रमा आबद्ध गर्ने कार्यमा कानूनी व्यवस्थाको चयन र कार्यान्वयनको पनि ठूलो भूमिका खेल्ने हुन्छ।

हाम्रा राजनैतिक दलहरूको विविध विचारधाराले गर्दा भावी संविधानको स्वरुप र चरित्रको निर्धारणले लोकतान्त्रिक शासन प्रणालीको निर्धारण गर्ने हो वा शासन प्रणालीको निर्धारणले संविधानको स्वरुप र चरित्र निर्धारण गर्ने हो भन्ने कुरा अन्यौल एवम् अनिश्चितता कायम नै रहेको सन्दर्भमा संघीय न्यायिक संरचनाको सर्वसम्मत स्वरुप र ढाँचाको निर्धारण गर्ने काम धेरै चुनौतीपूर्ण छ। तर पनि संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरूको संविधानबाद, विश्वव्यापी मानव अधिकार, कानून शासन, मौलिक हक एवम् समावेशी लोकतन्त्रप्रति सैद्धान्तिक प्रतिबद्धता लिखित रुपमा अन्तरिम संविधान र शान्ति सम्झौतामा गरिसकेको आधारमा एवम् समावेशी लोकतन्त्रमा स्वतन्त्र एवम् सक्षम न्यापालिकाको भूमिका र आवश्यकता अन्य शासन व्यवस्थामाभन्दा पनि बढी हुने भएकोले भावी संविधानमा विगत र वर्तमानको भन्दा पनि बढी स्वतन्त्र सक्षम एवम् अधिकार सम्पन्न न्यायपालिकाको स्थापना गर्न हामी सबैको प्रयास एवम् प्रण आवश्यक छ। सोही अध्ययनबाट देशको राष्ट्रिय अखण्डता र जनताको मौलिक अधिकारको संरक्षण गर्नु हाम्रो राष्ट्रिय परम दायित्व रहेको छ।

**प्रस्तावित संवैधानिक अदालत वा इजलासलाई देहायका अधिकार विभाजन गर्न सकिन्छ।**

- केन्द्र र प्रदेश सरकार बीचको अधिकार बाँडफाँडको सूची सम्बन्धमा उठेको संवैधानिक विवाद।
- प्रदेश र प्रदेश सरकारबीचको अधिकार बाँडफाँडको सूची सम्बन्धमा उठेको संवैधानिक विवाद।
- संघीय विधायिका वा प्रादेशिक विधायिकाको अधिकार क्षेत्र सम्बन्धी विवाद।
- नेपाल पक्ष हुन सक्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको संवैधानिकताको परीक्षण सम्बन्धी विवाद।
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख र केन्द्रीय संसदका सदश्यहरूको योग्यता सम्बन्धी विवाद।
- केन्द्रीय संसदका सदस्यहरूको निर्वाचन सम्बन्धी विवाद।
- संसदले महाअभियोग पास गरेको सम्बन्धमा त्यस क्रममा उठेका प्रक्रियागत विषयको पुनरावलोकन।
- संसदीय व्यवस्था राखिएमा संसदको विघटनको सम्बन्धमा उठेको संवैधानिक विवाद।
- कुनै नेपाल कानून संविधानसँग बाझिएको छ भन्ने प्रश्न
- अदालतको गठन, न्यायाधीशको योग्यता, सेवा अवधि र नियुक्ति प्रक्रिया सम्बन्धी सुझाव।
- अदालतको गठन विधि, योग्यता, अधिकार क्षेत्र र सेवा अवधि तथा सेवा सुविधा समबन्धी प्रावधानहरू विधायिकाको स्वविवेकमा नछाडी संविधानमा नै उल्लेख

गरिनु पर्दछ। यस्तो व्यवस्थाले संसदले जथाभावी संविधान संशोधन गरेर अदालतको अधिकार क्षेत्र वा न्यायाधीशको योग्यतामा फेरबदल गर्न नसक्ने संवैधानिक प्रत्याभूति दिन्छ र संवैधानिक अदालतले स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप कार्य गर्न सक्दछ।

- अलग्गै संवैधानिक अदालत राखिने भएमा दुई अदालतका बीचमा समन्वय गर्न र सम्भावित मर्यादाक्रम सम्बन्धी विवादलाई निराकरण गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई नै प्रस्तावित संवैधानिक अदालतको पदेन अध्यक्ष राखिनु उपयुक्त हुन्छ।
- अदालतको कार्यबोझ, नेपालको जनसंख्या, भूगोल, सम्भावित प्रदेश संख्या र अधिकार क्षेत्र समेतलाई मध्यनजर राखी हाललाई ५ सदस्यसम्म रहने अदालत उपयुक्त हुन सक्छ।
- संवैधानिक अदालतमा न्यायाधीशको हैसियतले काम गरेको अनुभव भएका र प्रधानन्यायाधीशलाई समेत सहयोग गर्न सक्ने अर्को एक सहयोगि आवश्यक हुने हुनाले सर्वोच्च अदालतका न्यायाधीशहरू मध्येबाट योग्यता पुगेको हदसम्म कम्तिमा एक जनाको अनिवार्य प्रतिनिधित्व गराइने व्यवस्था गरिनु उपयुक्त हुन्छ।
- संवैधानिक अदालतमा कार्य बोझ नभएको अवस्थामा न्यायाधीशहरूलाई निश्क्रिय राख्नुभन्दा संवैधानिक अदालतका न्यायाधीशहरूलाई सर्वोच्च अदालतमा खटाउन सकिने व्यवस्था गरिनु राम्रो हुन्छ।
- बाँकी तीन जनाको नियुक्ति अन्य योग्य व्यक्तिहरूबाट गरिनु पर्दछ।
- पदेन बाहेक अन्यको कार्यकाल संसदको कार्यकालभन्दा एक वर्ष थप हुने गरी राखिनु पर्दछ। यस्तो व्यवस्थाले संसदको निर्वाचन लगत्तै उठन सक्ने निर्वाचन सम्बन्धी विवाद हेर्न सहज हुन्छ।
- सर्वोच्च अदालतका न्यायाधीशको नियुक्तिको सिफारिश गर्ने स्वतन्त्र संवैधानिक निकायको सिफारिशमा नै अन्य सदस्यको नियुक्तिको सिफारिश गरिनु पर्दछ।
- संवैधानिक कानूनमा विशेष योग्यता वा अनुभव हासिल गरी कम्तिमा १५ वर्षको अनुभव भएका व्यक्तिहरू मात्र योग्य मानिने व्यवस्था गरिनु पर्दछ। सर्वोच्च अदालतका न्यायाधीशहरू सरहको सेवा सुविधा, अवकास र पद रिक्त हुने व्यवस्था गरिनु पर्दछ।

# अर्द्धन्यायिक निकायको न्यायिक कार्य सम्पादन

**नरिश्वर भण्डारी♥**


## सारांश

*आधुनिक राज्यका सामाजिक र आर्थिक क्रियाकलापहरूमा भएको वृद्धिसँगै राज्य र नागरिकहरूकाबीचमा भएका सबै विवादहरूलाई नियमित अदालतहरूबाट मात्र निरुपण गर्न असम्भव भएको कारणले प्रशासनिक निकायहरूबाट पनि प्रशासनिक कार्यको अतिरिक्त न्यायिक कार्य गर्ने निकाय अर्द्धन्यायिक निकाय हुन् । अर्द्धन्यायिक निकाय भनिएता पनि ती निकायहरूबाट न्यायिक कार्य सम्पादन गर्दा भने न्यायिक निकायको हैसियतमा कार्यविधि लगायतका न्यायका अन्य सिद्धान्तहरूलाई परिपालना गर्नु पर्ने अपरिहार्यता हुन्छ । प्रस्तुत लेखमा अर्द्धन्यायिक निकायलाई परिभाषित गर्दै, तिनीहरूको कार्य र प्रगति अवलम्बन गर्नु पर्ने प्राकृतिक न्यायका सिद्धान्तहरू, सहायक सिद्धान्तहरू, स्वच्छ कार्यविधिका आधारभूत पक्षहरू, नेपालको सन्दर्भमा अवधारणा र विकास, ती निकायहरुले न्याय सम्पादन गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि र सिद्धान्त, अधिकारीको क्षमता र क्षमता अभिवृद्धि सम्बन्धमा न्यायपालिकाबाट भएको आदेश र योगदान तथा न्यायिक दृष्टिकोण र अर्द्धन्यायिक निकायबाट गरिने न्यायिक कार्यको चुनौती र सुधार गर्नु पर्ने पक्षलाई समाविष्ट गर्न खोजिएको छ ।*


## १. विषय प्रवेश

परम्परागत तथा आधुनिक राज्यका प्रमुख कार्य मध्ये न्याय प्रशासनको कार्य पनि एक हो । आजका लोक कल्याणकारी राज्यका कार्यहरू विविध छन् । गर्भ देखि मृत्यु सँस्कार (Womb to Tomb) सम्मका आफ्नो क्षेत्रभित्रका जनताका कार्य र क्रियाकलापसम्म राज्यको भूमिका रहन्छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्याय गर्ने एकलौटी अधिकार न्यायपालिकाको भए पनि शक्ति सन्तुलन र आवश्यकताको सिद्धान्त अनुसार न्यायिक अधिकार न्यायिक निकायबाट मात्र प्रयोग नभई प्रशासकीय लगायतका अन्य निकायबाट हुने विश्वव्यापी अभ्यास रहिआएको छ । लोक कल्याणकारी राज्यका कार्यहरूमा भएको वृद्धिसँगै सरकारी सञ्चालन (Operations), क्रियाकलाप (Activities) र जिम्मेवारी (Responsibilities) मा विस्तार, बढ्दा सामाजिक र आर्थिक विधायनहरू (Socio-economic Legislations), विभिन्न प्रकारका नीतिहरूमा गरि

♥ माननीय जिल्ला न्यायाधीश

नुपर्ने विचार (Policy Considertions), विशेषज्ञताको प्रश्न, ज्यादै औपचारिक, ढीला र झन्झटिला न्यायिक कार्यविधि, नियमित अदालतहरूमा रहेका मुद्दाका बोझिला बक्यौता, कार्यविधिगत कठोरताका विरुद्धमा सस्तो, सुलभ र पहुँचयोग्य, प्राविधिकताबाट उन्मुक्त, छिटो, छरितो र सम्बन्धित विषयमा विशेष ज्ञानसहितको प्रशासकीय निरोपण (Administrative Adjudication) को प्रादूर्भाव र विकास भयो ।

यसै अवधारणा भित्र कार्यपालिकाको महत्वपूर्ण अंग भएर पनि न्यायिक प्रकृतिका कार्यको समेत जिम्मेवारी वहन गर्नुपर्ने निकायलाई अर्द्धन्यायिक मानिने र ती निकायहरूले नियमित अदालतहरूले जस्तै गरी कार्य गर्नुपर्ने मान्यता र अभ्यासको समेत सँगसँगै विकास हुँदै आयो । प्रशासकीय निकायलाई अधिकार र जिम्मेवारी प्रदानमा संख्यात्मक वृद्धि भइरहे पनि तिनीहरूलाई आवश्यक पर्ने एकीकृत कार्यविधि तथा अन्य भौतिक पूर्वाधारको कमीबाट गुणात्मक पक्षमा अपेक्षित प्रगति हुन नसकिरहेको महशुस भइरहेको परिप्रेक्ष्यमा यसलाई अआफ्ना परिवेश र क्षमता अनुकूल क्रमशः प्रगतिको बाटोमा अगाडि बढाउदै जानुपर्ने अवस्था सृजना भइरहेको छ । नेपालको वस्तुगत परिस्थिति समेत यसै अवस्थाबाट गुज्रिरहेको परिप्रेक्ष्यमा अर्द्धन्यायिक प्रशासनलाई सुदृढ र सक्षम बनाउनु आवश्यक छ । न्यायिक जनशक्तिको क्षमता विकास र अभिवृद्धि समेतका उद्देश्यबाट स्थापित राष्टिय न्यायिक प्रतिष्ठानले आफ्ना क्षमता विकासका क्षेत्रभित्र अर्द्धन्यायिक निकायलाई समेत समेटी त्यस क्षेत्रको न्याय प्रशासनलाई सुधार गर्न अनुसन्धानका कार्य गर्ने र कार्यरत जनशक्तिलाई प्रशिक्षित गर्ने कार्य क्रमशः अगाडि बढाइरहेको छ । यसै श्रृंखला अन्तर्गत यस विषयका आलेख प्रकाशन गरी अर्द्धन्यायिक निकायहरूलाई सो निकायको प्रकृति र तिनीहरूले सम्पादन गर्ने न्यायिक कार्यका सम्बन्धमा सुसूचीत गर्ने र देखिएका समस्याहरूलाई औंल्याई समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने दिशामा प्रस्तुत आलेख केन्द्रित रहेको छ ।

प्रस्तुत आलेखको पहिलो खण्डमा अर्द्धन्यायिक निकायको अर्थ, तिनीहरूको कार्य र प्रकृति, ती निकायहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने प्राकृतिक न्यायका सिद्धान्त र त्यसका सहायक सिद्धान्तहरू तथा स्वच्छ कार्यविधिका आधारभूत तत्वहरूको संक्षेपमा चर्चा गरिएको छ भने दोश्रो खण्डमा नेपालमा यस अवधारणाको विकास, अर्द्धन्यायिक निकायको स्वरुप, तिनीहरूले अपनाउनु पर्ने कार्यविधि र सिद्धान्तहरू, अर्द्धन्यायिक निकाय र अधिकारीको सक्षमता र क्षमता अभिवृद्धिका सन्दर्भमा न्यायपालिकाले गरेको योगदान तथा न्यायिक दृष्टिकोणका बारेमा संक्षेपमा उल्लेख गर्ने प्रयास भएको छ । अन्त्यमा अर्द्धन्यायिक निकायले गर्ने न्यायिक कार्यका वर्तमानका चुनौती र भविष्यमा यसलाई सुदृढ र समृद्ध बनाउन गरिनु पर्ने सुधारका सम्भावनाहरूको आकलन गरिएको छ ।

## २. अर्द्धन्यायिक निकायको अर्थ र प्रकृति

प्रशासनिक शब्दावलीमा अर्द्धन्यायिकलाई Quasi–judicial भनिन्छ। शाब्दिक रुपमा दुईवटा लेटिन शब्दहरू Quam र Si बाट Quasi बनेको हो। Quam को अर्थ उस्तै (as much as) Si को अर्थ यदि If हुन्छ। यी दुई शब्दको संयोजनबाट Quasi बनेको र यसको अर्थ ठयाक्कै चाँही होइन तर उस्तै (SimiaLr to but not exactly the same as) भन्ने हुन्छ।[१] एउटा उपसर्ग (Prefix) को रुपमा यो शब्दले अठारौ शताब्दि देखि साहित्यमा प्रवेश पायो र बीसौं शताब्दिमा आइपुग्दा बढी प्रचलनमा आयो। यसले प्रशासकीय निकायबाट गरिने त्यस्ता कार्यलाई इंगित गर्दछ जुन कुनै तथ्यको अनुसन्धान गर्न वा निश्चित गर्न आवश्यक छन् जसमा न्यायपालिकाबाट गरिने सुनुवाई, आदेश, फैसला जस्ता क्रियाकलापहरू समावेश हुन्छन्। त्यसैले अर्द्धन्यायिक कार्यविधि भनेको अदालतबाट गरिने उस्तै न्यायिक कार्यविधि हुन् तर ठयाक्कै भने होइनन् (Quasi judicial proceedings are similar but not exactly court proceedings)। यसले यो पनि अर्थ दिन्छ कि अदालत र त्यसका अधिकारीहरू जस्तै प्रशासकीय निकायहरू यो कार्यविधि सञ्चालनमा नियमित रुपमा जिम्मेवार हुन सक्दैनन् किनभने उनीहरूले अन्य प्रशासकीय जिम्मेवारीहरू पनि बहन गर्नु पर्ने हुन्छ। सारमाभन्दा अर्द्धन्यायिक कार्य पनि प्रशासकीय कार्य नै हो तर त्यस्तो कार्य गर्दा जब न्यायिक दृष्टिले हेर्नु पर्छ र प्राकृतिक न्यायका आधारभूत सिद्धान्तहरूलाई पालन गर्नै पर्ने हुन्छ त्यस अवस्थामा सो कार्य अर्द्धन्यायिक हुन्छ। अर्द्धन्यायिक सुनुवाईको मौलिक उद्देश्य कार्यबाट असर पर्ने पक्षहरूलाई उचित प्रक्रिया (Due Process) उपलब्ध गराउनु हो। उचित प्रक्रिया भित्र सुनुवाईको सूचना र अवसर प्रदान गर्ने कुराहरू पर्दछन्।

सामान्य रुपमा अर्द्धन्यायिक निकायले गरेका निर्णय पुनरावेदन नगरिएसम्म बाध्यात्मक हुन्छन्। निर्णय विरुद्धमा पुनरावेदन वा रिट परेमा सोभन्दा माथिल्लो निकायका परम्परागत/नियमित न्यायिक प्रणाली अन्तर्गत पुनरावेदन सुन्ने निकायबाट न्यायिक पुनरावलोकन हुनसक्छ। त्यसरी पुनरावलोकन गर्दा तल्लो निकायबाट भएको तथ्यको मूल्याङ्कन गरिदैन। यति मात्र हेरिन्छ कि निर्णय गर्ने प्रक्रियामा कानून र प्रशासकीय नियमको परिधि भित्र रही काम भयो भएन र प्राकृतिक न्यायका सिद्धान्तको पालन गरी निर्णय गरियो वा गरिएन।

## ३. प्रशासकीय र अर्द्धन्यायिक कार्यका भिन्नता

अर्द्धन्यायिक कार्य प्रशासकीय अधिकारीले नै गर्ने भएपनि यिनीहरूबीचमा कार्यको हिसावले केही फरक पनि रहेको छ। विद्यालय सञ्चालन गर्न अनुमति पत्र प्रदान

---

१. Ramesh Chidambaram, *Quasi Judicial Proceedings (Under the Indian Legal Framework),* 1st ed. (2012), Power Publishers, Kolkata, p.17.

गर्नु प्रशासकीय कार्य हो भने त्यसको निलम्वन वा खारेजी गर्ने कार्य अर्द्धन्यायिक हो । एउटै अधिकारीले सम्पादन गर्ने दुई किसिममा कार्यमा किन फरक हुन्छ ? भन्ने प्रश्न उठ्नु स्वभाविक हो । राज्यका प्रशासकीय निकायले गर्ने कार्यबाट जब व्यक्तिका हक र हितमा असर पर्दछ भने राज्य र व्यक्तिका हितकाबीचको द्वन्द्वलाई न्यायिक तवरले समाधान दिनु पर्दछ । प्रशासकीय कार्य विद्यमान परिस्थिति र विभिन्न तत्वहरूको लागत र हित (Cost benefit analysis) को मूल्याङ्कन गरी विषयगत रुपमा (Subjectively) गर्ने गरिन्छ भने अर्द्धन्यायिक कार्य सुनुवाईको क्रममा जाँचबुझ अधिकारीले जुटाइदिएको तथ्य र भौतिक प्रमाणका आधारमा वस्तुगत रुपमा (Objectively) गर्ने गरिन्छ । वस्तुगत निर्णय पूर्णरुपमा निष्पक्ष (Completly Unbiased), तथ्यबाट स्थापित र गणितीय हिसावले प्रमाणित (Verifiable by facts or performing mathmatical calculation) हुन्छन् भने विषयगत निर्णयहरू निर्णयकर्ताको व्यक्तित्व र प्रायः बास्तकिकतामा आधारित रंगिन प्रकृतिका (Coloured) हुन्छन् ।[२] यसलाई कुनै तथ्य र तथ्याङ्कबाट पुष्टि गर्न सकिदैन । यो निर्णय गर्ने कुरा व्यक्ति पिच्छे फरक हुने गर्दछ । अर्को शब्दमा व्यक्त गर्दा विषयगत र वस्तुगत निर्णयको भिन्नता भनेको एउटा तथ्य र एउटा विचार (a fact and a opinion) हो । उदाहरणका लागि एउटा टेवलमा ४ वटा खुट्टा छन् भन्ने कुरा वस्तुगत हो । यसलाई जसले हेरे पनि निष्कर्ष एउटै निस्कन्छ । तर यही टेवल कस्तो गुणस्तरको छ भन्ने कुरा विषयगत हो जसलाई नियाल्दा व्यक्ति पिच्छे फरक फरक विचार आउँन सक्छ । अर्द्धन्यायिक कार्य वा निर्णयहरू तथ्यमा आधारित हुन्छन् । त्यसैले वस्तुगत (Objective) हुन्छन् । प्रशासकीय निर्णयहरूमा आधार र कारण देखिनै पर्छ । यी प्रशासकीय कार्यले व्यक्तिका हकमा असर पार्दैनन् तर अर्द्धन्यायिक कार्यले व्यक्तिका हकमा असर पार्छन् । त्यसमा बाध्यात्मक शक्ति समेत रहन्छ । प्रशासकीय कार्यको लागि छुट्टै ऐनले अधिकार दिएको हुनु पर्छ भन्ने जरुरी छैन तर अर्द्धन्यायिक कार्यका लागि ऐनले अधिकार (Statutory Authority) हुनु पर्छ । राज्यले कुनै कानूनद्वारा तोकिदिएको अवस्थामा बाहेक प्रशासकीय कार्य गर्दा कार्यविधिगत दायित्व (Procedural Olbigation) रहदैन तर अर्द्धन्यायिक निकायका कार्यका लागि प्राकृतिक न्यायका सिद्धान्तका नियमहरू पालन गर्नै पर्ने हुन्छ । प्रशासकीय वा मन्त्रीस्तरीय कार्य प्रत्यायोजन हुन सक्छन् तर अर्द्धन्यायिक कार्य प्रत्यायोजन हुनै सक्दैनन् ।

भारतमा एके केपाकको मुद्दाबाट प्रशासकीय र अर्द्धन्यायिक कार्यबीचको भिन्नता पातलो हुँदै र क्रमशः हराउँदै गएको देखिएको छ । पहिले जे विषयलाई प्रशासकीय शक्ति वा कार्य भनिएको थियो आज त्यही विषय वा कार्य अर्द्धन्यायिक भइरहेको छ ।[३]

---

२. Ibid p.18.

३. A.K. Kraipak v.Union of India, AIR 1970 SC 150.

## ४. अर्द्धन्यायिक संस्थाहरूको विकास

अर्द्धन्यायिक निकायको विगत पुरानै छ। केही तोकिएका विषयहरूमा न्यायाधिकरणबाट निर्णय गराउने अभ्यासबाट यसको सुरुवात भएको मान्न सकिन्छ। बीसौं शाताब्दिको शुरुबाट विकसित हुँदै आएको लोक कल्याणकारी राज्यको अवधारणाले राज्यका कार्यमा बढोत्तरी ल्यायो र न्यायाधिकरणका कार्य खर्चिला, कम पहुँच र ढिलाईका कारणले अदालतका जस्ता हुन थाले। दोस्रो विश्वयुद्धपछि आएका समाज कल्याणकारी विधायनहरूले विवाद समाधानका लागि छुट्टै विशिष्टीकृत संयन्त्रको खोजी गर्न र माग गर्न थाले। नियमित अदालतहरू पनि धेरै र पुराना मुद्दाका कारणले थिचिन थाले। यस स्थितिमा आ-आफ्ना क्षेत्र भित्र पर्ने विवादहरू कार्यपालिकीय अंगबाट हेरी निरोपण गर्ने पर्ने अपरिहार्य अवस्था आई लाग्यो। भारतमा १९७६ मा भएको संविधानको ४४ औं संशोधनले विभिन्न प्रशासकीय न्यायाधिकरणको जन्म दियो।[४] यी न्यायाधिकरणको स्थापनापछि विभिन्न अदालतमा रहेका सेवासँग सम्बन्धित विवादहरू यिनै न्यायाधिकरणमा सारी निर्णय दिन थालियो। हाल सम्म भारतभरी यस्ता १७ वटा इजलास रहेका छन् भने उच्च अदालतका इजलास ३३ वटा रहेका छन्।[५]

सरकारका कार्यमा भएका वृद्धिसँगै बढिरहेका जटिल र असीमित विवादहरूको छिनोफानोका लागि विश्वव्यापी रुपमा अर्द्धन्यायिक प्रकृतिका न्यायाधिकरण, वोर्ड र आयोग गठन गर्ने प्रक्रिया अगाडि बढिरहेको छ। नेपाल समेत यसको अपवाद बन्न सक्दैन।

## ५. प्राकृतिक न्यायको सिद्धान्त

माथि परिचय शीर्षकमा अर्द्धन्यायिक निकायले प्रकृतिक न्यायका सिद्धान्त अनिवार्य रुपमा पालना गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। प्रशासकीय निकायले न्यायिक कार्य गर्दा प्राकृतिक न्यायका सिद्धान्तलाई गायत्री र गीता मन्त्रको रुपमा पालन गर्नु पर्ने हुन्छ। तर प्राकृतिक न्याय भनेको के हो ? भन्ने प्रश्न स्वभाविक रुपमा उठ्छ। प्राकृतिक न्यायलाई सर्वमान्य रुपमा परिभाषित गर्न कठीन छ। विश्वव्यापी रुपमा गरिएका मुद्दाका निर्णयमा यसलाई विभिन्न ढङ्गले व्याख्या गरिएको भेटिन्छ। प्रशासकीय कानूनमा यसलाई स्वच्छ सुनुवाई वा कारवाहीको सिद्धान्त (Principle of Fair Hearing or Fair Play in Action) भन्ने गरिएको छ।[६] भारतमा स्वदेशी कटन मिल्सको मुद्दामा प्राकृतिक न्यायको सिद्धान्तलाई स्थिर र सुस्पष्ट रुपमा परिभाषित गर्न सकिदैन। यसलाई कुनै

४. Article 323 A Administrative Tribunal and Art–323B Tribunals for other Matters, The Constitution of India, 1950.
५. Ramesh Chidambaram, above No.1 p.21.
६. MP Jain & SN Jain, *Principles of Administrative Law,* 6th ed. (2010), Reprint 2011, LexisNexis Butterworths, Wadhwa Nagpur, pp213-14.

झोला भित्र राख्न वा कुनै कपडा जस्तो गरी लगाउन र बन्दी बनाउन सकिदैन । यसमा कालिदासको जस्तो स्वरुप छ जुन परिस्थितिगत तथ्यका आधारमा फरक हुन सक्छ ।[७] यसैगरी अर्को एक मुद्दा (क्यानरा बैंक समेत विरुद्ध श्री देवासिस दास समेत) मा भारतीय सर्वोच्च अदालतले प्राकृतिक न्यायको सिद्धान्तमा देहायका तत्वहरू विद्यमान हुन्छन् भनी व्याख्या गरेको छ ।[८]

- प्राकृतिक न्यायको सिद्धान्त भनेको सामान्य समझको न्याय (Commonsense Justice) को अर्को नाम हो ।
- प्राकृतिक न्यायका सिद्धान्त कुनै लिपिबद्ध र संग्रहित कानून होइनन् तर मानिसको अन्तर चेतनामा निहित रहेका सिद्धान्त हुन् ।
- यो सारभूत रुपमा प्राकृतिक आदर्श र माननवीय मूल्यमा आधारित हुन्छ ।
- कानूनी न्याय र प्राकृतिक न्यायलाई स्पष्ट भेद गर्न सकिदैन । जहाँ कानूनी न्याय पराजित हुन्छ, त्यहाँ प्राकृतिक न्यायले समर्थन गरी वास्तविक न्याय दिलाउन मद्दत गर्दछ । प्राकृतिक न्यायले कानूनी न्यायमा देखिने अनावश्यक प्राविधिकता, व्याकरणात्मक औपचारिकता र तार्किक विसंगतिबाट उन्मुक्त गराई निर्मित कानूनका कमजोरीहरूलाई सच्चाउने काम गर्दछ ।

भारतीय न्यायमूर्ति कृष्ण ऐयरले प्राकृतिक न्याय निरपेक्ष कानूनको महत्वपूर्ण पाटो हो जसले विधायन, प्रशासन र न्यायमा निष्पक्षता र स्वच्छता सञ्चारित र जीवित गराउँछ । यसका धेरै रंग, छाँया, अवस्था र आकार हुन्छन् जसले कानूनले आफूमा समाहित नगरेका अवस्थामा र अधिकारीका कार्यबाट जनतालाई प्रतिकूल असर पार्दा बचाउने कार्य गर्छ । यो स्वस्थ्य सरकारको मेरुदण्ड हो जुन प्राचिन समयदेखि मान्यता दिइदै आएको हो नकि न्यायाधीश निर्मित कानून ।[९]

प्राकृतिक न्यायका सिद्धान्तको मूल लक्ष्य न्याय प्राप्तिको सुनिश्चितता गर्नु र न्यायबाट विचलित हुनबाट रोक्नु हो । भारत र नेपालका न्यायपालिकाले प्राकृतिक न्यायको पालना गराउन संगतिपूर्ण भूमिका खेलेका छन् । भारतको कानून आयोगले अर्द्धन्यायिक कार्य गर्ने न्यायाधिकरणले प्राकृतिक न्यायको पालना गर्ने र आफ्ना कार्यहरू खुला, स्वच्छ र निष्पक्ष ढङ्गले सम्पादन गर्नु पर्ने सिफारिश गरेको छ । यस कारण प्राकृतिक न्यायलाई स्पष्ट रुपमा परिभाषित गर्न गाऱ्हो छ ।

---

७. Swadeshi Cotton Mills v. Union of India, AIR 1981 SC 818, 1981 SCR (2) 533.
८. Canara Bank and Others v. Sri Debasis Das and Others, AIR 2003 SC 2041.
९. Ramesh Chidambaram, above No.1 p.22.

## ५.१ प्राकृतिक न्यायका सिद्धान्तका आधारभूत परिकल्पनाहरू

प्राकृतिक न्यायका ३ वटा आधारभूत तत्वहरू रहेका छन् ।

१. आफ्नो मुद्दामा आफै न्यायाधीश हुनु हुँदैन ।

२. सुनुवाई नगरी कसैलाई पनि निन्दा/सजाय गरिदैन ।

३. न्याय गरेर मात्र हुँदैन, गरेको जस्तो देखिनु पनि पर्छ ।

### ५.१.१ आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नहुने (No one shall be a judge in his own Cause -*Nemo Judex in Causa Sua*)

यसलाई निष्पक्षताको सिद्धान्त (Principle of Impartiality) भन्ने गरिन्छ । यसको अर्थ अर्द्धन्यायिक अधिकारी निष्पक्ष हुनै पर्छ र असल नियतले काम गर्नु पर्छ । उसले आफू सामु आएको विवादलाई कुनै वहकाव र भावनाबाट प्रेरित नभई निरोपण गर्नु पर्छ । कुनै पूर्वनिश्चित मान्यता, पूर्वाग्रह र मनका आधारमा आरोपितलाई सजाय गर्ने मनस्थितिको व्यक्ति जाँचबुझ अधिकारी हुनै सक्तैन । यो सिद्धान्त आफै न्यायाधीश पक्ष वा विपक्ष भएकोमा मात्र सीमित नभई त्यस मुद्दामा दूर दृष्टिकोण (Remote Interest) रहेमा पनि लागू हुन्छ । त्यसै गरी कुनै व्यक्ति वादी, प्रतिवादी, साक्षी, अभियोजनकर्ता भएमा पनि त्यस्तो मुद्दामा उ न्यायकर्ता हुन सक्दैन ।

### ५.१.२. सुनुवाई नगरी कसैलाई पनि निन्दा/सजाय गरिदैन (No man shall be condemned unheard -*Audi Alteram Partem*)

***Audi Alteram Partem*** भनेको आफ्नो मुद्दासँग सम्बन्धित तथ्य र भनाई राख्न अवसर दिनै पर्छ भन्ने हो । यसलाई स्वच्छ सुनुवाईको सिद्धान्त (Principle of Fair Hearing ) भन्ने गरिन्छ । यसमा निर्णयकर्ताले आफू भर गर्न खोजेको प्रमाण दिने अवसर पक्षलाई दिनुको अतिरिक्त विरोधी पक्षका प्रमाण समेत आफ्नो उपस्थितिमा लिनु पर्छ । साक्षीहरूको जिरह गर्ने, प्रमाण पेश गर्ने र त्यसको व्याख्या गर्ने अवसर नदिइकन त्यसलाई निर्णयको मूल आधार बनाउन मिल्दैन भन्ने कुरामा यो सिद्धान्तले जोड दिन्छ । भारतीय सर्वोच्च अदालतले टि.आर. बर्माको मुद्दामा[१०] निर्णयकर्ताले मुद्दामा पक्षलाई आफ्नो दावी/जिकिरको समर्थनमा दिएका भौतिक सामग्रीहरू ग्रहण गर्नु पर्छ, लिखित वा मौखिक जे प्रमाण भएपनि विरोधी पक्षको उपस्थितिमा लिनु पर्छ र पेश भएका प्रमाणलाई एक अर्कोले खण्डन गर्ने, जिरह गर्ने र व्याख्या गर्ने अवसर प्रदान गर्नु पर्छ भनी व्याख्या गरिएको पाइन्छ । यदि सुनुवाईको मौका प्रदान गरिएको छैन भने प्राकृतिक न्यायको उल्लङ्घन गरेको मानिन्छ । त्यस्तो निर्णय शून्य हुन्छ । त्यस्तै कुमारी चित्राको

१०. Union of India v.T.R.Verma 1958 SCR, 499, 507.

मुद्दामा बोर्डले परीक्षामा उपस्थिति भइसकेको निवेदकलाई प्रवचन कक्षा (Lecture Class) मा उपस्थित नभएको कारण सुनुवाईको अवसर नदिई परीक्षा रद्द गारिदिएकोमा सो अवसर प्रदान नगरेको कारण प्राकृतिक न्यायको उल्लङ्घन भएकोले बोर्डको निर्णय खारेज गरिदिएको थियो । तथ्यमा नै विवाद नभएपछि यसमा सुनुवाईको कुनै अर्थ छैन भनी ( Facts were not in dispute and hece 'no useful purpose would have been served') बोर्डबाट जिकिर लिइएको थियो । तर अदालतले त्यो जिकिरलाई स्वीकार गरेन र भन्यो कि बोर्डले अर्द्धन्यायिक निकायको हैसियतमा काम गरेकाले प्राकृतिक न्यायको सिद्धान्तलाई पालन गर्नै पर्छ ।[११]

मुद्दाका पक्षलाई सुनुवाईको अवसर प्रदान नगरी अर्द्धन्यायिक निकायले कुनै पनि काम र निर्णय गर्नु हुँदैन । सुनुवाईको अवसर प्रदान गर्दा पनि सम्बन्धित पक्ष कुनै कारण विना उपस्थित हुँदैन र सूचनाको जबाफ फर्काउदैन भने त्यस अवस्थामा प्राकृतिक न्यायको उल्लङ्घन भएको मानिदैन । यसैगरी दुबै पक्षले अनुरोध गरेमा बाहेक चलिरहेको कारवाहीलाई पक्षको अनुपस्थितिको कारणले अर्द्धन्यायिक निकायले स्वत: स्थगित गर्न उपयुक्त मानिदैन ।

### ५.१.३. न्याय गरेर मात्र हुँदैन, गरेको जस्तो देखिनु पनि पर्छ (Justice should not only be done but should manifestly and undoubtedly be seen to be done )

यसलाई आधार र कारणको सिद्धान्त (Principle of Reasoned Decision) भन्ने गरिन्छ । प्रत्येक न्यायिक निर्णय वा आदेशहरू कारणमा आधारित हुनु पर्छ भन्ने मान्यता प्राप्त नियम हो । यो नियम न्यायिक निकायमा मात्र लागू नभई अर्द्धन्यायिक निकायबाट गरिने निर्णय वा आदेशमा पनि लागू हुन्छ । प्रशासकीय कानूनको व्यापक प्रयोगले नियमित अदालतहरू प्रशासकीय निकाय र न्यायाधिकरणबाट प्रतिस्थापित हुने भएपछि ती प्रशासकीय निकाय र न्यायाधिकरणले नियमित अदालतले अपनाउने गरेका स्वच्छ र उपयुक्त सुनुवाई पद्धतिलाई अनुसरण गर्नु त पर्छ नै । यसका साथै आफ्ना आदेश र निर्णयमा पर्याप्त र स्पष्ट कारण समेत उल्लेख गरिनु अपरिहार्य छ ।

### ५.२ प्राकृतिक न्यायका सहायक सिद्धान्तहरू (Subsidiary Principles of Natural Justice)

प्राकृतिक न्यायका सर्वमान्य र आधारभूत सिद्धान्तलाई थप बलियो बनाउन केही सहायक सिद्धान्तहरू समेत विकसित गरिएका छन् । ती सिद्धान्तहरू मध्ये केही सिद्धान्तहरूको यहाँ चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ ।

---

११. Board High School v. Kumari Chitra, AIR 1970 SC 1039.

### ५.२.१ पक्षता (पूर्वाग्रह) प्रमाणित हुनु जरुरी छैन, पक्षता (पूर्वाग्रह) देखिने शंका नै पर्याप्त हुन्छ (Bias need not to be proved–reasonable doubt or suspicion of bias is sufficient)

कुनै निर्णयको परिमाणबाट कुनै निर्णयकर्ता प्रत्यक्ष वा परोक्ष रुपमा लाभ प्राप्त गर्ने अवस्थामा छ भने त्यस्तो निर्णयको कारवाहीबाट उसलाई अलग गरिनु पर्दछ। वास्तविक पक्षता वा पूर्वाग्रह नभएपनि भइरहेको कारवाही वा हुने निर्णय पक्षपातपूर्ण हुन सक्छ भन्ने केही शंकायुक्त आधार देखिन्छ भने त्यस्तो शंका निर्विवाद रुपमा पुष्टि हुन जरुरी छैन । यो सिद्धान्तले जसले न्यायिक कार्य गर्दछ उ सधैं निर्विवाद र निष्पक्ष अवस्थामा रहनु पर्छ भन्ने मान्यता राख्दछ । निर्णयकर्तामा विवादको विषय उपर आर्थिक वा अन्य कुनै प्रकारको स्वार्थ हुनु हुँदैन। निर्णयकर्ताको कारणले मुद्दाका कुनै पक्ष आरोपित हुनु पनि हुँदैन । वास्तविक पक्षता प्रमाणित हुन जरुरी छैन, कुनै सम्बन्ध मात्र देखिन्छ भने त्यही नै पर्याप्त मानिन्छ। प्रसिद्ध बेलायती संविधान र प्रशासनविद् डे स्मिथले यदि निर्णयकर्ता पक्षधर जस्तो मात्र देखिन्छ भने पनि सो विषयको न्यायिक कार्य गर्न अयोग्य मानिन्छ भन्दै यस्तो पक्षता सांगठनिक सदस्यता, गैर न्यायिक क्रियाकलापमा बोलिएका कुराहरू, साक्षीको रुपमा बोलिएका तथ्यहरू, मुद्दामा पक्षप्रतिको मित्रता वा शत्रुता, पक्षप्रति पारिवारिक, पेशागत वा व्यापारिक सम्बन्ध जस्ता कुराबाट देखिन सक्छ भनेका छन् ।[१२]

### ५.२.२ जसले निर्णय गर्ने हो उसले नै सुनुवाई गरेको हुनुपर्छ (One who decides must hear)

यो सिद्धान्त न्यायिक मनको प्रयोगसँग सम्बन्धित छ। जस्ले मुद्दाको सुनुवाई गरेको छ त्यसमा उसले न्यायिक मनको प्रयोग गर्छ। एउटाले सुनुवाई गर्ने र अर्कोले निर्णय गर्ने गर्दा जिम्मेवारी विभाजित हुन्छ र न्यायिक मनको प्रयोग हुँदैन। तर यो सिद्धान्त त्यस्तो अवस्थामा लागू हुँदैन जब कुनै अधिकारीले सूचना दिन्छ, प्रमाण सङ्कलन गर्छ र सरुवा वा बढुवा वा मृत्यू हुन्छ। उसको स्थानमा अर्को अधिकारी आउँछ र उसले सुनुवाईका प्रक्रिया पूरा गरी निर्णय लिन्छ।

### ५.२.३ लिखित सुनुवाई पनि पर्याप्त हुन्छ(Written hearing is sufficient)

प्रतिवादीलाई आफ्ना भनाई राख्नका लागि लिखित र मौखिक दुबै अवसर दिनु ज्यादै राम्रो कुरा हो। तर कहिलेकाही यस्तो परिस्थिति पनि आउँछ जहाँ लिखित सुनुवाईको अवसर दिइएको छ, मौखिक सुनुवाईको अवसर दिइएको छैन,सो अवसर

---

१२. Stanley De Smith and Rodney Brazier, *Constitutional and Administrative Law,* Penguin Books, 1998, pp584-85.

नपाएको कारणले निजको सुनुवाई गैर कानूनी हुन सक्दैन । भारतीय सर्वोच्च अदालतले जेपि मिल्लरको मुद्दामा व्याख्या गरी यो सिद्धान्तलाई पक्षपोषण गरेको छ । यस मुद्दामा उच्च अदालतका न्यायाधीशको उमेरको विवादमा राष्ट्रपतिले गरेको निर्णय उपर मुद्दा परी निरोपण गर्ने निकायले लिखित प्रतिनिधित्वको अवसर दियो । तर मौखिक रुपमा भनाई राख्ने अवसर दिएन । यसमा प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप भएको भनी प्रश्न उठाइएकोमा सर्वोच्च अदालतले त्यस्तो जिकिरलाई मान्यता दिएन र मौखिक सुनुवाई विनाको निर्णयलाई सदर गर्‍यो ।[१३]

### ५.२.४ भूत प्रभावी सुनुवाई *(Ex-post facto* **Hearings***)*

कुनै अपवादात्मक परिस्थितिमा भूत प्रभावी सुनुवाई प्रतिवादीलाई उपलब्ध गराउन सकिने सिद्धान्त पनि विकसित भएको छ । भारतमा यसलाई निर्णयपश्चातको सुनुवाई (Post-decisional Hearing ) को सिद्धान्तका रुपमा स्थापित गरेको पाइन्छ ।[१४] भारतको प्रसिद्ध मनेका गान्धीको मुद्दामा यो सिद्धान्तको प्रयोग गरिएको थियो ।[१५] कुनै निश्चित परिस्थितिमा पूर्व सुनुवाई नगरिकनै कारवाही र निर्णय गर्न सकिन्छ तर पछि असर पर्ने पक्षलाई आफ्नो कुरा राख्ने र आफू विरुद्धको प्रमाणलाई विरोध वा खण्डन गर्ने अवसर पूरा गरिन्छ । भूतदर्शी सुनुवाई पूर्ण सुनुवाई जस्तो राम्रो पक्कै होइन । यसलाई ज्यादै अपवादात्मक परिस्थितिमा अदालतको टिप्पणीबाट बच्न प्रयोग गर्ने गरिएको पाइन्छ । कुनै त्यस्तो परिस्थिति जहाँ पूर्व सुनुवाई सम्भव नै छैन र त्यहाँ, कि सुनुवाई नै नगर्ने वा पश्चसुनुवाई गर्ने मात्र विकल्प बाँकी रहन्छ । प्रो.डे. स्मिथले पूर्व सुनुवाई (Prior hearing) पछिल्लो सुनुवाई (Subsequent hearing) भन्दा राम्रो हो तर पछिल्लो सुनुवाई, सुनुवाई नै नहुनुभन्दा राम्रो हो भनेका छन् । नेपाली उखान नहुनुभन्दा कानो मामा भए पनि निको भन्ने अंश यहाँ ठ्याक्कै मिल्छ । पहिला सुनुवाई नगरी कार्यवाही वा निर्णय गरिहाल्ने पछि प्रतिकूल असर पर्ने पक्षलाई फेरी सुन्ने भन्ने कुरामा यस भूतदर्शी सुनुवाईको सिद्धान्तले जोड दिन्छ ।

### ५.२.५ प्राकृतिक न्यायको नाउँमा गरिने अस्वभाविक फैलावट वाञ्छनीय मानिदैन (Unnatural expansion of natural justice not warranted)

अर्द्धन्यायिक कार्यविधिमा मुनासीव सुनुवाईको मौका प्रदान गरिनु पर्ने कुरा अपरीहार्य छ भनी हामीले भनिरहँदा कतै यस्तो अवसर कुनै जालसाजी वा धोखाघडी गर्ने क्रियामा उपयोग भइरहेको त छैन भन्ने कुरामा निर्णयकर्ता सचेत रहनै पर्छ । सुनुवाईका नाउमा दिइएको अवसर कार्यवाही वा मुद्दाको निर्णय ढीलो गराउन कारक त बनिरहेको

---

१३. Union of India v. J. P. Miller, AIR 1966 SC 675.
१४. Jain & Jain, Above No 6, pp 275-79.
१५. Maneka Gandhi v. Union of India, AIR 1978 SC 597.

छैन ? कतै यसलाई बदनियतपूर्वक प्रयोग गर्न त खोजिएको छैन ? यसको सन्तुलन निर्णयकर्ताले मिलाउन सक्नु पर्छ । सफाई पेश गर्ने मनासिव अवसरको दुरुपयोग हुन दिनु हुँदैन । जे कुराको पनि ठिक्क प्रयोग असल मानिन्छ अति प्रयोग राम्रो मानिदैन । प्राकृतिक न्यायको सिद्धान्तमा पनि यो प्रसंग लागू हुन्छ ।

### ५.२.६ अपवादात्मक परिस्थितिमा प्राकृतिक न्यायको प्रयोग (Natural Justice under exceptional circumstances)

प्राकृतिक न्यायका सिद्धान्त जडवादी वा सबै ठाउँ र परिस्थितिमा एकैनासले लागू हुन्छन् भन्ने होइन । प्रत्येक विवादमा निहित तथ्य, परिस्थिति, जाँचबुझका सन्दर्भमा देखिएका सबालहरू, आदेशको प्रकृति, असर पर्ने पक्षको हित, पक्षलाई उपलब्ध गराएको स्वच्छ र मनासिव सुनुवाईको अवस्था आदि कुराको आधारमा प्राकृतिक न्यायका सिद्धान्तको प्रयोग अदालतले गर्न सक्छ । प्राकृतिक न्यायका सिद्धान्त कुनै लिपिबद्ध नियम होइनन् नत यी मौखिक अधिकारका विषय नै हुन् । यिनीहरूको उद्देश्य न्याय प्रबर्द्धनमा सघाउ पु-याउनु र न्यायबाट विचलित हुन नदिनु हो । कहिलेकाँही कानूनले नै स्पष्ट रुपमा प्राकृतिक न्यायका सिद्धान्तलाई अनुसरण गर्न नपर्ने किटान गरेको अवस्थामा यी सिद्धान्तलाई प्रयोग गर्न सकिदैन । यी सिद्धान्त कानूनका परिपूरक (supplement) हुन् तर प्रतिस्थापक होइनन् । भारतीय सर्वोच्च अदालतले हिरानाथ विरुद्ध राजेन्द्र मेडिकल कलेज राँची भएको मुद्दामा[१६] एउटा केटा विद्यार्थी नाङ्गै केटीहरू रहेको छात्रावासमा प्रवेश गरी एउटी छात्राको हात समातेको आरोपमा कलेजले सो विद्यार्थीलाई निष्कासन गऱ्यो । त्यसमा त्यो विद्यार्थीलाई जिरहको मौका प्रदान गरिएको थिएन । यसैलाई प्रमुख सबाल बनाई उसले पुनरावेदन गरेकोमा अदालतले उसको जिकिरलाई स्वीकार गरेन र व्याख्या गऱ्यो कि सबै परिस्थितिमा प्राकृतिक न्यायका तत्वहरू (Requirements) समान ढङ्गले प्रयोग हुन सक्दैनन् । यी सिद्धान्त न्यायको उद्देश्य परिपूर्ति गर्न प्रयोग गरिन्छन् । यदि न्यायको उद्देश्य पूर्ति हुँदैन भने यी सिद्धान्तले कसैलाई मद्दत गर्न सक्तैनन् । यदि सबै अवस्थामा समान रुपले लागू गर्ने हो भने नोकर मालिक हुन्छ अथवा साधन साध्य भइदिन्छ ।

## ६. स्वच्छ कार्यविधिका आधारभूत तत्वहरू (Essential elements of fair quasi judicial proceeding)

उचित प्रक्रियाका शर्त अर्द्धन्यायिक सुनुवाईमा लागू हुन्छन् । अर्द्धन्यायिक सुनुवाई औपचारिक र कार्यविधिगत हुन्छन् तर अदालत जतिको औपचारिक भने हुँदैनन् । एउटा ख्याल गर्नु पर्ने कुरा के पनि हो भने निर्णय राम्रै गरिएको छ भने पनि यदि उचित कार्यविधि

१६. Hira Nath v. Rajendra Medical College Ranchi, AIR 1971 SC 40.

अपनाइएको छैन भने अदालतले त्यसलाई उल्टाइदिन सक्छ । कार्यविधिगत प्रक्रियाका आवश्यकताहरू भनेका एउटा केक बनाउने चाहिने आवश्यक सामग्री (Recipe) जस्तै हुन् । केक अचानक बन्ने होइन । त्यो बनाउन विभिन्न सामग्रीहरूको यत्नपूर्वक प्रयोग गरिएको हुन्छ । यदि केक बनाउनेले कुनै सामग्री नै प्रयोग गरिदिएन वा प्रयोग गरेका सामग्री पनि राम्रोसँग गरिएन भने यो कुरा स्पष्ट छ कि केक राम्रो बन्दैन । तसर्थ यो कुरा ज्यादै महत्वपूर्ण छ कि अर्द्धन्यायिक सुनुवाईमा कार्यविधिगत औपचारिकतालाई ज्यादै होशियारीका साथ अनुसरण गर्नु पर्छ । ती आधारभूत औपचारिकता वा तत्वहरू के के हुन ? भन्ने विषयमा विभिन्न तवरले उल्लेख र व्याख्या गरिएको पाइन्छ ।[१७] तिनीहरूको बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

### ६.१.पर्याप्त सूचना (Adequate Notice)

लेटिन शब्द Notitia बाट Notice शब्दको उत्पत्ति भएको हो । यसको अर्थ थाहा पाउनु (being known) भन्ने हुन्छ । मुद्दाका पक्षहरूले आफू उपरको आरोप थाहा पाउनु पर्छ र त्यस बारेमा आफ्नो भनाई राख्ने उचित अवसर पनि पाउनु पर्छ । प्रतिवादी वा अन्य सरोकारवाला पक्षले सुनुवाई हुने मिति, समय र स्थानको जानकारीको साथै निज उपर लागू हुने ऐन नियमका सन्दर्भ र आरोपको संक्षिप्त तथ्य सहितको सूचना पाउनु पर्ने हुन्छ । सम्बन्धित पक्षले पाएको सूचनाको आधारमा आफूले प्रतिरक्षाको तयारी गर्न सक्षम भयो भएन भन्ने कुरालाई जाँचको मापदण्ड बनाउने गरिन्छ । सूचनाले खोजेको आवश्यकता पूर्ण गर्ने अवसर वा तयारी गर्ने पर्याप्त समय सूचनामा हुनु पर्ने हुन्छ । उसले पाउने सम्भावित सजाय समेतको कुरा पूर्व सूचीत नगरिकन सजाय गर्न पाइदैन भन्ने मान्यता रहेको छ । सूचना दिदादिदै पनि प्रतिवादी अनुपस्थित रहन्छ भने जाँचबुझकर्ता वा निर्णयकर्ता अगाडि बढ्न सक्छ तर सम्बन्धित पक्षलाई सूचना प्राप्त भई सम्पूर्ण कुराको जानकारी भएको थियो भन्ने कुरामा सम्बन्धित अधिकारी विश्वस्त हुनु पर्छ ।

---

१७. Reasonable opportunity to present case, the right to know the opposing case, the right to legal representation, the right to cross examination, the duty to give reasons , appeals- The requirements of natural justice/fairness. Peter Leyland and Terry Woods, *Text Book on Administrative Law,* 4th ed. (2002), Indian ed. (2003), Oxford University Press, New Delhi, pp 379-99. Notice, receiving of evidence in the presence of concerned party, summoning of witness, opportunity to cross examine witness, right to counsel, reasoned decision, one who decides must hear, appeal – Components of Fair Hearing. Jain & Jain, Principles of Administrative Law, see above at 3, pp283-353.

## ६.२. निष्पक्ष सुनुवाईकर्ता (Impartial Hearing Officer)

अर्द्धन्यायिक सुनुवाई सञ्चालन गर्ने व्यक्ति पनि न्यायाधीश जस्तै हो । त्यसैले उ कुनै पनि आग्रह, पूर्वाग्रहबाट वा आर्थिक स्वार्थबाट अलग हुनुपर्छ भनिन्छ । पक्षता (Bias) वा पूर्वाग्रह (Prejudice) ले सम्पूर्ण अर्द्धन्यायिक कार्यवाहीलाई दुषित बनाउँछ । पक्षता भनेको वेमनासिव पक्षपात वा भेदभाव खास गरी कुनै विचारको आधारमा कुनै एक पक्ष प्रति राख्ने झुकाव वा प्राथमिकता हो भने पूर्वाग्रह भनेको कुनै विषयमा पहिले नै निष्कर्ष निकाल्ने कुरा हो । यदि पक्षतापूर्वक कुनै कारवाही वा निर्णय हुन्छ भने त्यसको परिणाम शून्य हुन्छ भनिएको छ । अर्थात् त्यो कार्यवाही न्यायाधीश विनाको वा अधिकारक्षेत्र विनाको जस्तो हुन्छ । पक्षता पनि वैयक्तिक, आर्थिक, विभागीय वा कार्यालय सम्बन्धी, पूर्व र्निधारित धारणा अथवा पूर्वाग्रह गरी विभिन्न स्वरुपका हुन्छन् । पूर्ण पक्षता (Complete Bias) मात्र होइन आंशिक पक्षता (Real liklihood of Bias), real danger, reasonable suspicion and real possibility[१८] लाई पनि आधार मानी काम कारवाही र निर्णय बदर भएका छन् ।

## ६.३ आवश्यकताको सिद्धान्त (Doctrine of Necessity)

यसलाई पक्षता वा निष्पक्षताको अपवाद हो भनिएको छ । भारतमा अशोक कुमार यादव विरुद्ध हरियाण प्रदेश समेत भएको मुद्दामा[१९] र जे मोहपात्र कम्पनी समेत विरुद्ध उडिसा राज्य समेत भएको मुद्दामा[२०] सर्वोच्च अदालतले यो सिद्धान्तलाई प्रतिपादन गरेको थियो । कहिलेकाही कुनै निर्णयाधिकारी नभएको कारणले सुनुवाई गर्ने प्रक्रिया नै अवरुद्ध हुन्छ वा इजलास गठन हुनै नसक्ने अवस्था रहन्छ भने त्यस अवस्थामा पक्षता हुने भएपनि आवश्यकताको सिद्धान्त अनुसार इजलास गठन गरी सुनुवाईको प्रक्रिया सुचारु गर्नु पर्छ । यस्तो अवस्था न्यायिक कारवाही र निर्णयमा आउँछ नै, त्यो अर्द्धन्यायिक र प्रशासनिक निकायमा पनि लागू हुन्छ ।

## ६.४ कानून व्यवसायीद्वारा प्रतिरक्षा वा प्रतिनिधित्व गराउन पाउने अधिकार (Right to be represented by or through a counsel)

मुद्दा वा कारवाहीका पक्षले आफ्नो भनाई वा प्रतिनिधित्व कानून व्यवसायीबाट गराउन चाहन्छु भने उसले त्यो मौका पाउँछ । यो अधिकार नै हो । यस्तो अधिकारलाई इन्कार गरियो भने त्यो स्वच्छ सुनुवाईको विपरीत हुन्छ ।

---

१८. HWR Wade and CF Forsyth, *Administrative Law,* 9th ed. (2004), Indian Edn(2005), Oxford University Press, New Delhi, pp 464-65.

१९. Ashok Kumar Yadav v. State of Hariyana and Others, AIR 1987 SC 454, SCR 1985 supl. (1) 657.

२०. J.Mohapatra and Company and Another v. State of Orissa and Another, AIR 1984 SC 1572, SCR1985 (1) 322.

### ६.५ मुद्दाका विपरीत पक्ष र साक्षीसँग सामना गर्न पाउने अधिकार (Right to confront parties and witnesses)

प्रतिद्वन्द्वात्मक कानूनी प्रणली अनुसरण गरेका मुलुकमा दुई पक्षको उपस्थितिमा सुनुवाई गर्ने, एक पक्षले लिएको दावी र प्रमाणलाई अर्को पक्षले खण्डन गर्न पाउने र आफ्नो विरुद्धको साक्षीलाई जिरह गर्न पाउने अधिकार मुद्दाका पक्षको हो । तर कहिलेकाँही कानूनले नै यस्तो अधिकार नरहने भनी स्पष्ट व्यवस्था गरेको खण्डमा जिरह गर्न नपाएको कारणलाई प्राकृतिक न्यायको विपरीत मानिदैन ।

### ६.६ प्रमाण पेश गर्न बाध्य गराउने अधिकार (Right to compel production of evidences )

कसैले कुनै कुराको दावीको जिकिर लिन्छ भन्ने आफ्नो दावीका जिकिरलाई समर्थन गर्ने प्रमाण पेश गर्न सक्नु पर्छ । यदि दावी र जिकिरका साथ प्रमाण पेश गरेको अवस्था छैन भने निजलाई प्रमाण पेश गर्न बाध्य गराउन सकिन्छ । यो कारवाही वा निर्णय गर्ने निकायले पनि गर्न सक्छ । कुनै पक्षको विशेष निवेदन वा आग्रहका आधारमा पनि गर्न सकिन्छ ।

### ६.७ निर्णयमा तथ्य र कानूनको विश्लेषण तथा कारण खोल्नै पर्ने अधिकार (Right to have findings of facts and law, an explicit reasons for decisions- speaking order)

विवादको निरोपण गर्ने निकाय अर्थात अर्द्धन्यायिक निकायले सङ्कलन गरेका तथ्य र प्रमाण, त्यसमा प्रयोग हुने कानूनको विवेचना र विश्लेषण गर्दै स्पष्ट आधार र कारण देखाई निर्णय गर्नु पर्दछ । माथि उल्लेखित भए झै न्याय गरेर मात्र हुँदैन गरेको जस्तो पनि देखिनु पर्छ भन्ने सिद्धान्तलाई निर्णय वा आदेशमा कारण र आधार खोल्नै पर्ने कुराले पृष्ठपोषण गर्दछ । आधार र कारण विनाको निर्णय वा आदेश कानूनको नजरमा निर्णय वा आदेश हुन सक्दैन । न्यायपालिकाले कारणसहितको निर्णय वा आदेशलाई अर्द्धन्यायिक निकायको लागि अत्यावश्यक गुण मान्दछ । कारण र आधार विनाको निर्णय वा आदेशलाई सुपरिवेक्षकीय निकायले बदर गर्न सक्छ । निर्णयकर्ताको सक्षमता, निर्णयको गुणस्तर र पारदर्शिता जाँच्नको लागि समेत आधार र कारणलाई अति महत्वपूर्ण मान्ने गरिन्छ ।

### ६.८ अर्द्धन्यायिक निकायका निर्णय न्यायिक पुनरावलोकन गराउने अधिकार (Right to judicial review of administrative decisions)

अर्द्धन्यायिक वा प्रशासकीय निकायले गरेका निर्णयहरू माथिल्लो तहको अदालतबाट पुनरावेदनको रोहवरमा परीक्षण गरिन्छन् । कमन ल अपनाउने मुलुकमा

यस्ता निर्णयका विरुद्धमा उत्प्रेषण र प्रतिषेधका रिटको उपचार प्रयोग गर्ने गरिन्छ । तर कानूनमा नै पुनरावेदनको व्यवास्था गरिएका नेपाल जस्ता मुलुकमा भने पुनरावेदनको रोहबाट न्यायिक पुनरावलोकन गरिन्छ । यसरी पुनरावलोकन गर्दा क्षेत्राधिकारको अभाव, कानूनको त्रुटी, तथ्यको खोजबिनमा त्रुटी, अख्तियारको दुरुपयोग, शक्तिको रंगीन प्रयोग, कार्यविधिको त्रुटी र न्यायिक मनको प्रयोग नभएको जस्ता कुरालाई आधार बनाउने गरिन्छ ।

## ७. नेपालमा अर्द्धन्यायिक निकायको विकास र तिनीहरूको न्यायिक कार्य

नेपालको अर्द्धन्यायिक निकायको इतिहास त्यति लामो छैन । राणाकालीन प्रधानमन्त्री जुद्ध समशेरको पालामा जारी गरिएको बि.सं. १९९७ साल असार १२ गतेको सनदबाट कार्यपालिकामा रहेको न्यायिक अधिकार प्रधान न्यायालयमा सारिएको थियो ।[२१] त्यस घट्नापछि नै न्यायपालिका बाहेकका अन्य प्रशासनिक निकायले आवश्यकता अनुसार गर्ने न्यायिक प्रकृतिको कार्यको शुरुवात भएको मान्नुपर्ने हुन्छ । २००७ साल पश्चात नेपालमा लोक कल्याणकारी राज्यको अवधारणालाई क्रमश: आत्मसात गर्न थालिएपछि प्रशासनिक निकायले पनि न्यायिक अधिकारको प्रयोग गर्नुपर्ने अपरिहार्यता महशुस गर्न थालियो । सर्वोच्च अदालतले केही मुद्दामा[२२] व्याख्या गरी अर्द्धन्यायिक निकायको स्वरुप, न्यायिक र प्रशासनिक कार्यसँग यसको भिन्नता र यसले अवलम्वन गर्नुपर्ने कार्यविधिका विषयमा निर्देश गरेको देखिन्छ । गृह, भूमि, वन, राजश्व र स्थानीय निकायहरूले सम्बन्धित ऐनले दिएको अधिकार अन्तर्गत न्यायिक अधिकारको प्रयोग गरिरहेको भएपनि यो अधिकारलाई २०४६ सम्म संवैधानिक दायरामा समेटिएको थिएन । नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायपालिकाको व्यवस्था अन्तर्गत अर्द्धन्यायिक निकायको अस्तित्वलाई स्वीकार गऱ्यो ।[२३] हाल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ ले समेत यसलाई निरन्तरता दिएको छ ।[२४]

हाल नेपालमा विभिन्न प्रकारका अर्द्धन्यायिक निकायहरू व्यवस्थापिकीय कानून अनुसार कार्यरत छन् । एक अनुसन्धानले देखाएको तथ्याङ्कबाट नेपालमा ८६ वटा अर्द्धन्यायिक निकायहरू अस्तित्वमा छन् ।[२५] ती निकायहरूको प्रकृति र तिनीहरूले प्रयोग

२१. रेवतीरमण खनाल, *नेपालको कानूनी इतिहासको रुपरेखा,* प्रथम संस्करण २०५९, श्रीमती सरस्वती खनाल, पृ. ३४६

२२. निवेदक ना.सु मुक्ति शर्मा विरुद्ध एस.पि. टेक बहादुर रायमाझी, ने.का.प. २०१७, नि.नं.१०८, पृ. १००, यज्ञमूर्ति बञ्जाडेको हकमा परशुराम बञ्जाडे विरुद्ध दुर्गादास श्रेष्ठ, बागमती विशेष अदालत समेत, नकाप २०२७, नि.नं.५४७, पृ. १५७.

२३.. धारा ८५, नेपाल अधिराज्यको संविधान, २०४७

२४.. धारा १०१, नेपालको अन्तरिम संविधान, २०६३

२५. *अर्द्धन्यायिक निकायबाट हुने फौजदारी न्याय सम्पादनको वर्तमान अवस्था,* अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६६, राष्ट्रिय न्यायिक प्रतिष्ठान ललितपुर, पृ.७४-८३

गर्ने अधिकारको स्वरुपका आधारमा निम्नानुसार बर्गीकरण गर्न सकिन्छ :

- **गृह प्रशासनसँग सम्बन्धित अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत जिल्ला प्रशासन कार्यालय, अध्यागमन विभाग, कारागार जस्ता निकायहरू पर्दछन् ।
- **भूमि प्रशासनसँग सम्बन्धित अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत मालपोत कार्यालय, भूमि सुधार कार्यालय, गुठी संस्थान जस्ता निकायहरू पर्दछन् ।
- **वन प्रशासनसँग सम्बन्धित अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत जिल्ला वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय, संरक्षण क्षेत्र कार्यालय जस्ता निकायहरू पर्दछन् ।
- **स्थानीय निकायसम्बन्धी अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत जिल्ला विकास समिति, नगरपालिका, गाँउ विकास समिति जस्ता निकायहरू पर्दछन् ।
- **श्रम प्रशासनसम्बन्धी अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत श्रम कार्यालयहरू, श्रम तथा रोजगार प्रबर्द्धन विभाग जस्ता निकायहरू पर्दछन् ।
- **राजश्व प्रशासनसम्बन्धी अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत आन्तरिक राजश्व कार्यालयहरू, आन्तरिक राजश्व विभाग, भन्सार विभाग, भन्सार कार्यालय जस्ता निकायहरू पर्दछन् ।
- **अन्य अर्द्धन्यायिक निकायहरू :** यस अन्तर्गत नेपाल सरकार, तोकिएको अधिकारी, आयोग, विभिन्न विभाग तथा कार्यालय, क्षेत्रिय निर्देशक(हुलाक), रजिष्ट्रार, विभिन्न समितिहरू, परिषद् जस्ता निकायहरू पर्दछन् ।

अर्द्धन्यायिक अधिकारीहरूले न्याय सम्पादनको कार्य गर्दा प्रथमतः आफ्नो जन्मदातृ ऐन (Parent Act) ले प्रदान गरेको अधिकार र कार्यविधि प्रयोग गर्नुपर्ने हुन्छ । नेपालको न्याय प्रशासनमा हाल सामान्य, संक्षिप्त र विशेष गरी ३ किसिमका कार्यविधि प्रयोगमा रहेका छन् । नेपालमा हालसम्म कुनै पनि कार्यविधि संहिता जारी गरी लागू नभएका कारण प्रचलित अभ्यासमा जे जस्ता कार्यविधि छन् ती कार्यविधि नै न्यायिक र अर्द्धन्यायिक दुबै निकायले अनुशरण गर्नुपर्ने हुन्छ । हालसम्म सामान्य कार्यविधि मुलुकी ऐन, २०२० ले तोके बमोजिम, संक्षिप्त कार्यविधि संक्षिप्त कार्यविधि ऐन, २०२८ ले तोके बमोजिम, विशेष कार्यविधि विशेष अदालत ऐन, २०५९ ले तोके बमोजिम, कुनै कुनै अवस्थामा कार्यविधिसम्बन्धी विवाद सर्वोच्च अदालतमा पुगी सो अदालतले निर्देश गरे बमोजिम र यी चारै विकल्प उपलब्ध नभएका अवस्थामा कानून र न्यायका मान्य सिद्धान्त तथा सम्बन्धित क्षेत्रगत कानूनका सिद्धान्तले मार्गदर्शन गरे अनुरुप न्याय सम्पादन भइआएका छन् । न्याय सम्पादनको कार्यमा देवानी न्याय प्रशासन, फौजदारी न्याय प्रशासन, कार्यविधि र प्रमाण कानूनका आधारभूत सिद्धान्तको प्रयोग अपरिहार्य छ । न्यायका मान्य सिद्धान्तहरूको अनुशरण नगरी गरिएको निर्णय स्वेच्छाचारी र अन्यायपूर्ण हुने सम्भावना बढी रहन्छ । त्यसैले नेपालको न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिने भनी

संविधानमा नै उल्लेख भएको पाइन्छ ।[२६] अर्द्धन्यायिक निकायले समेत देवानी र फौजदारी दुबै प्रकृतिका मुद्दाहरू हेर्नुपर्ने हुनाले न्यायका सर्वमान्य सिद्धान्त, फौजदारी न्यायका सिद्धान्त, देवानी न्यायका सिद्धान्त र कार्यविधि तथा प्रमाण कानूनका सिद्धान्तलाई पालन गर्नुपर्छ ।

## ८. न्यायका सर्वमान्य र आधारभूत सिद्धान्त

न्यायका सर्वमान्य र आधारभूत सिद्धान्त यी हुन् भनी आधिकारिक रुपमा बताइएको पाइदैन । न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीले पालन र प्रयोग गरिआएका तथा कतिपय अवस्थामा अदालतबाट व्याख्याको क्रममा स्थापित गरेका सिद्धान्तलाई नै मान्नुपर्ने हुन्छ । यी सिद्धान्तहरू मध्ये केही सिद्धान्त निम्नानुसार रहेका छन् ।[२७]

- न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीले आफ्ना काम कारवाहीमा कानून र कार्यविधिको पूर्ण पालन गर्नु पर्छ ।
- न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीले सदैव प्राकृतिक न्यायका सिद्धान्तको पालन गर्नु पर्छ ।
- न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीले आफ्नो अधिकार असल नियत र मनसायले प्रयोग गर्नुपर्छ । कपटपूर्ण वा दुराशयपूर्वक प्रयोग भएको देखिएमा त्यस्तो कारवाही वा निर्णय बदर हुन्छ ।
- निर्णयमा न्यायिक विवेक र मनको प्रयोग भएको हुनुपर्छ । मनासिव र पर्याप्त आधार र कारण उल्लेख नगरी भएको निर्णय बदरभागी हुन्छ ।
- न्यायिक अधिकार प्रत्यायोजन हुन सक्दैन । न्यायिक अधिकारको प्रयोग अधिकारी स्वयंले गर्नुपर्ने हुन्छ । मातहतको कर्मचारी वा अधिकारीलाई प्रत्यायोजन गरेमा त्यसको मान्यता शून्य हुन्छ ।
- न्यायसम्पादन गर्ने अधिकारीले हदम्याद, हकदैया र क्षेत्राधिकार नभएको विषयमा उजुरी लिन र कारवाही गर्न हुँदैन ।
- संविधान, ऐन, नियम र नजिरको विपरीत माथिल्लो निकायबाट जारी भएका परिपत्र पालन गर्नु पर्दैन ।

## ९. फौजदारी न्यायका सिद्धान्त

राज्य र समाजका विरुद्धमा हुने अपराधलाई निरुत्साहित गर्ने र दोषीलाई यथोचित सजाय गर्ने उद्देश्य फौजदारी न्यायका सिद्धान्तको रहेको हुन्छ । विश्वव्यापीरुपमा

---

२६. धारा १००, नेपालको अन्तरिम संविधान, २०६३

२७. *प्रभावकारी न्याय सम्पादनका लागि अर्द्धन्यायिक निकायको कार्यविधि दिग्दर्शन,* २०६३, नेपाल कानून समाज, काठमाडौ, पृ. ६-७

मान्यताप्राप्त स्वच्छ सुनुवाईका सिद्धान्त (Principles of Fair Trial ) विशेषतः फौजदारी न्याय प्रशासनमा प्रयोग गरिन्छ । यी सिद्धान्तहरूलाई न्यायिक र अर्द्धन्यायिक दुबै निकायले आफ्ना काम कारवाहीमा प्रयोग गर्नुपर्छ । केही प्रमुख सिद्धान्तहरूलाई नेपालमा मौलिक हककै रुपमा संविधानमा उल्लेख गरिएको छ ।[२८] फौजदारी न्यायका प्रमुख सिद्धान्तहरू निम्नानुसार रहेका छन् ।

- आरोप लागेको व्यक्तिको कसूर कानून बमोजिम प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिन्छ ।
- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायभागी हुँदैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिन पाइदैन ।
- कुनै पनि व्यक्तिउपर एउटै कसूरमा एकपटकभन्दा बढी मुद्दा चलाउन र सजाय गर्न पाइदैन ।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध बयान दिन कर गर्न पाइदैन ।
- अभियोग लागेको व्यक्तिलाई अभियोगको प्रकृति र जानकारी बुझ्ने भाषामा गराउनु पर्दछ ।
- गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तारीको कारणको जानकारीसहितको पूर्जी दिनुपर्छ ।
- पक्राउ परेको व्यक्तिलाई अनुसन्धान वा तहकिकातको सिलसिलामा यातना दिन वा कुनै प्रकारको अवानवीय कार्य गर्न पाइदैन ।
- पक्राउ परेको व्यक्तिलाई बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ ।
- पक्राउ परेको व्यक्तिलाई आफ्ना परिवारका सदस्य र आफन्तहरूसँग भेटघाट गर्ने र कानून व्यवसायीसँग सल्लाह लिने अधिकार छ ।
- कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक प्राप्त छ ।
- असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा पाउने हक छ ।

## १०. देवानी न्यायका सिद्धान्त

व्यक्तिको पद र सम्पत्तिको पुनर्स्थापन तथा दायित्वको परिपालनाका विषयहरूले देवानी न्यायसँग सरोकार रहन्छ । फौजदारी न्यायका सिद्धान्त जस्तो देवानी न्यायका सिद्धान्त परिभाषित र एकत्रित छैनन । न्यायका सर्वमान्य सिद्धान्त देवानी न्यायका

२८. धारा २४, नेपालको अन्तरिम संविधान, २०६३

सन्दर्भमा पनि लागू हुन्छन् । देवानी कानूनका केही सामान्य सिद्धान्त भने परिभाषित छन्[२९] जुन देवानी न्यायसँग प्रत्यक्ष सम्बन्धित छन् । यी सिद्धान्तहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- मुद्दाको कारवाही, सुनुवाई र किनारा कानून बमोजिम अधिकारप्राप्त सक्षम अदालतको खुला इजलासबाट हुन्छ ।
- हक बेहकको प्रश्न अदालतबाट मात्र निरुपण हुन्छ ।
- कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानूनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र हुन्छ ।
- मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा मुद्दाका पक्षहरूको हैसियत समान हुने र अदालतले प्रत्येक पक्षलाई समान व्यवहार गर्नुपर्छ ।
- फिराद दावी गर्न व्यक्तिको हकदैया र दावीको विषयमा सरोकार निहित रहनु अपरिहार्य छ ।
- अधिकार क्षेत्र शून्य हुँदैन । कुनै मुद्दाको दायरी, कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार कानूनले तोक्ने र नतोकेको अवस्थामा त्यस्तो अधिकार क्षेत्र शुरु तह अर्थात जिल्ला अदालतलाई हुन्छ ।
- न्यायाधीशले कानून अस्पष्ट वा अपर्याप्त भएको आधार लिई निर्णय गर्नबाट पन्छिन् मिल्दैन । त्यस्तो अवस्था आइपरेमा कानून र न्यायका मान्य सिद्धान्तका आधारमा निर्णय गर्नुपर्छ ।
- अदालतले कुनै पनि मुद्दाको फैसला गर्नु अघि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरूलाई अवसर दिनुपर्छ ।
- देवानी न्यायमा प्राङन्यायको सिद्धान्त लागू हुन्छ ।
- कुनै मुद्दामा फैसला भएकोमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदन गर्ने अवसर दिनुपर्छ ।

## ११. कार्यविधि कानून र यसका सिद्धान्त

न्यायिक वा अर्द्धन्यायिक निकायले काम कारवाही गर्दा कार्यविधि कानून र यसका सिद्धान्तलाई अक्षरशः अनुशरण गर्नुपर्ने भएकोले यसको बारेमा पनि अधिकारीहरूले सामान्य जानकारी राख्नुपर्ने हुन्छ । मानवीय व्यवहारलाई नियमित गर्ने कानूनलाई अधिकार र उपचारको दृष्टिले क्रमशः सारवान र कार्यविधि गरी दुई भागमा विभक्त गर्ने गरिएको छ । सारवान कानूनले हक अधिकारको सृजना गर्दछ भने त्यस्तो अधिकारको हनन् भएमा उपचारको व्यवस्था कार्यविधि कानूनले गरेको हुन्छ । कार्यविधि कानूनलाई

---

२९. **देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन, २०६७,** नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, पृ. ३६, ३०१,३०२

कारवाहीको कानून (Law of Actions) पनि भन्ने गरिएको पाइन्छ । दर्ता, सूचना, प्रमाण, बहस, फैसला र कार्यान्वयन जस्ता विभिन्न चरणबाट कार्यविधि कानूनको अवलम्बन गर्नुपर्ने हुन्छ । यसका केही महत्वपूर्ण मान्य सिद्धान्तहरू समेत विकसित भएका छन् । यी सिद्धान्तलाई विभिन्न ढङ्गले प्रस्तुत गरेको[३०] पाइए पनि सर्वमान्यता देखिएका केहीको सिद्धान्तलाई संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छ :

- निष्पक्ष निर्णयकर्ता र कारवाही समेत निष्पक्ष हुनुपर्ने तथा प्रतिरक्षा र सुनुवाईको मौका प्रदान नगरी कसैलाई असर पर्ने कारवाही र निर्णय गर्न नहुने प्राकृतिक न्यायको सिद्धान्त (Principles of Natural Justice),
- आफ्नो हकप्रति सजग र सचेत रही समयमै उपचारमा नजानेलाई कानूनले मद्दत गर्न सक्दैन भन्ने हदम्यादको सिद्धान्त (Principle of Limitation),
- जसलाई जे विषयको मुद्दा हेर्ने अधिकार दिइएको छ, उसैले कारवाही र निर्णय गर्नुपर्छ र अरुले ग्रहण गरेमा कानूनी मान्यता शून्य हुन्छ भन्ने अधिकार क्षेत्रको सिद्धान्त, (Principles of Jurisdiction),
- एउटै पक्ष र एउटै विषय वा कार्यकारणमा एउटै निकायबाट एकपटक मात्र निर्णय हुन्छ, पटक पटक कारवाही वा निर्णय गर्न मिल्दैन भन्ने प्राङ्न्यायको सिद्धान्त, (Principle of *Res judicata*),
- जसलाई जे कुरामा हक पुग्छ उसले मात्र नालिस वा मुद्दा गर्न पाउँछ र धेरैको सरोकार रहने विषयमा समेत आफ्नो सरोकार प्रमाणित गर्न सक्नुपर्छ भन्ने हकदैयाको सिद्धान्त (Principles of *Locus standi*),
- सर्वोच्च अदालतले मुद्दाको रोहमा प्रतिपादन गरेको सिद्धान्त कानूनसरह लागू हुन्छ भन्ने नजिरको सिद्धान्त (Principles of Precedent)।

## १२. प्रमाण कानून र यसका सिद्धान्त

न्यायिक वा अर्द्धन्यायिक निकायले प्रमाणका आधारमा निर्णय गर्नुपर्ने हुनाले प्रमाण कानून र यसका आधारभूत सिद्धान्तका बारेमा समेत जानकारी राख्नुपर्ने र अवलम्वन समेत गर्नुपर्ने समेत हुन्छ । त्यसैले ती सिद्धान्तलाई समेत यहाँ स्मरण गर्नु सान्दर्भिक देखिन्छ । केही सिद्धान्तहरू[३१] निम्नानुसार रहेका छन् :

- दावी प्रमाणित गर्नपर्ने भार उजूरीकर्तामा र जिकिर प्रमाणित गर्ने भार विपक्षीमा रहन्छ ।

---

३०. प्रभावकारी न्याय सम्पादनका लागि **अर्द्धन्यायिक निकायको कार्यविधि दिग्दर्शन**, २०६३, नेपाल कानून समाज काठमाडौं, पृ. ११-१६, पवन कुमार ओझा, **कार्यविधि कानून**, भाग १, आठराई प्रकासन, काठमाडौं, २०५०, पृ. ६६-१५९, ज्ञाइन्द्र बहादर श्रेष्ठ, **कार्यविधि कानूनको रुपरेखा,** पैरवी प्रकासन, काठमाडौं, २०५६, पृ. २३-५४

३१. विस्तृत जानकारीका लागि हेर्नुहोस्, पवन कुमार ओझा, **कानून तथा न्यायका आधारभूत सिद्धान्त**, प्रजातन्त्र विकास तथा कानून, काठमाडौं, २०५६,पृ. ७७ -७९

- मूल वा प्रत्यक्ष प्रमाणलाई सर्वोत्तम मानिन्छ। श्रुतानुश्रित प्रमाण (Hearsay Evidence) को मान्यता गौण हुन्छ। देवानी विवादमा लिखतलाई र फौजदारी विवादमा भौतिक वस्तु वा दशीलाई उत्तम प्रमाण मानिन्छ।
- मान्यता प्राप्त अनुमानका कुराहरूले पनि प्रमाणसरहको आधार ग्रहण गर्न सक्छन् तर यी कुराहरू खण्डनीय पनि हुन्छन्। खण्डन गर्न चाहनेले प्रमाणबाटै पुष्टि गर्नुपर्छ।
- परम्परा, सँस्कृति, कला र विज्ञानका विषयमा जानकारी राख्ने र विशेषज्ञता भएका व्यक्तिहरूको भनाई प्रमाणमा लिन सकिन्छ।
- कुनै विषयका सम्बन्धमा विवादका पक्षले लिखित वा मौखिक वा आचरणबाट कुनै कुरा स्वीकार गरेमा पछि त्यही विषयमा विवाद भएमा पहिलेको स्वीकारोक्ति निजका विरुद्धमा प्रमाण लाग्छ। यसलाई विवन्धनको सिद्धान्त (Principle of *Estoppel*) भनिन्छ।
- अदालतबाट परीक्षण नगरिएको र जिरह नगरिएको प्रमाण पक्का हुँदैन।
- पक्षले व्यक्त गरेको कुनै साविती वा स्वीकारोक्ति सो पक्षले स्वतन्त्र वा दवावरहित ढङ्गले व्यक्त गरेको थियो भन्ने प्रमाणित नभएसम्म निजको विरुद्धमा प्रमाणमा लिन मिल्दैन।

## १३. अर्द्धन्यायिक निकाय र अधिकारीमा हुनुपर्ने सक्षमता र त्यसप्रतिको न्यायिक दृष्टिकोण

न्यायिक वा अर्द्धन्यायिक कार्य सम्पादन गर्ने अधिकारीमा न्यायिक तवरले काम गर्ने शैली वा सीप (Judicial Approach) हुन नितान्त जरुरी मानिएको छ। यस्तो न्यायिक शैली वा सीप संवैधानिक, प्रशासनिक र अन्य कानूनको ज्ञान, विशेषज्ञता र अनुभवबाट प्राप्त हुन सक्छ। मुद्दा हेर्ने अधिकारी अथवा निकाय कानूनले स्थापना गरेर न्यायिक सक्षमता पूर्ण हुँदैन। सो निकायमा काम गर्ने अधिकारी समेत सक्षम हुनु पर्छ। यस्तो सक्षमता सम्बन्धित विषयको योग्यता, ज्ञान र विशेषज्ञताबाट मापन गर्न सकिन्छ। परम्परागत रुपमा अर्द्धन्यायिक अधिकारीको कार्य नियमको कार्यान्वयनसम्म गर्ने यान्त्रिक प्रकृतिको मान्ने गरिएको भएपनि हालको समयमा तिनीहरूले गर्ने कार्य अति जटिल हुन थालेकोले सबै क्षेत्रको ज्ञान हासिल गर्नुपर्ने भएको छ। विशेषतः प्रशासकीय अधिकारीहरूमा प्रशासनिक विषयको योग्यता र अनुभव रहने र तिनीहरूले न्यायिक तवरले कार्य गर्नका लागि न्याय सम्पादनका लागि कानून र न्यायका आधारभूत कुराहरू जान्नै पर्ने हुन्छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १४ ले त्यसका पक्ष राष्ट्रहरूले सक्षम न्यायाधिकरण स्थापना गरी नागरिकका हक हनन्का विषयमा स्वच्छ सुनुवाईको सुनिश्चित हुनुपर्ने प्रबन्ध गरी त्यसको कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या उपर सम्बोधनस्वरुप त्यसको कार्यकारी निकायको रुपमा

रहेको मानव अधिकार समितिले सामान्य टिप्पणी (General Comment) जारी गरी अर्द्धन्यायिक निकाय वा न्यायाधिकरणमा कार्यरत अधिकारी कानूनी शिक्षा वा तालिम प्राप्त हुनुपर्ने विषयमा जोड दिएको देखिन्छ ।[३२] नेपाल र भारत नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को पक्ष राष्ट्र भएको नाताले अन्य धाराको अतिरिक्त स्वच्छ सुनुवाई सम्बन्धी धारा १४ को व्यवस्थालाई कार्यान्वयन गराउन परेका रिट निवेदनमा सर्वोच्च अदालतहरूले सकारात्मक योगदान गरेका छन् । भारतीय सर्वोच्च अदालतले के जैनको मुद्दामा[३३] संविधानको धारा 323 A र 323 B बमोजिम गठन हुने न्यायाधिकरणको अध्यक्षता गर्ने अर्द्धन्यायिक अधिकारीले कानूनी तालिम लिन जरुरी छ भन्दै "It is necessary that those who adjudicate upon these matters should have legal expertise, judicial experience and modicum of legal training as on many occasion, different and complex questions of law which baffale the minds of even trained judges in the High Court and Supreme Court would raise for discussion and decision".

यसैगरी नेपालको सर्वोच्च अदालतले समेत अधिवक्ता अम्बर बहादुर राउतको मुद्दामा[३४] न्यायिक अधिकारीहरू आफ्नो काम गर्न स्वतन्त्र भएर मात्र पुग्दैन, सक्षम न्यायका लागि त्यस्ता अधिकारीहरूमा न्याय र कानूनको समसामयिक ज्ञान तथा न्यायिक प्रक्रियाका बारेमा पर्याप्त व्यवहारिक अनुभव पनि उत्तिकै आवश्यक हुन्छ । शिक्षा, अनुभव, तालिम र सोबाट आर्जित ज्ञानको अनुशासित र मर्यादित प्रयोगबाट नै कुनै पनि कार्य व्यवसायिक ढङ्गबाट सक्षमतापूर्वक गर्न सम्भव हुन्छ । न्यायिक कार्य पनि प्राविधिक र व्यवसायिक हुनुका साथै नागरिकको हक अधिकारसँग जोडिएको हुदा अन्य कार्यभन्दा विशिष्ट प्रकृतिको हुन्छ । यस्तो कार्यमा संलग्न हुने जनशक्तिका लागि कानूनी शिक्षा र व्यवहारिक अनुभवको आवश्यकता रहन्छ । कानूनी शिक्षाबाट सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्नेसम्मको अपेक्षा गर्न सकिए पनि न्यायिक कार्यको प्रकृति बुझ्नको लागि पर्याप्त तालिम वा अनुभव आदान प्रदान हुने वातावरणको समेत उत्तिकै जरुरत पर्दछ । एक प्रकृतिको ज्ञान, अनुभव, जिम्मेवारी र वातावरणमा रहेको अधिकारीबाट अर्को प्रकृतिको नतिजाको अपेक्षा गर्नु स्वभाविक र विवेकसम्मत हुँदैन ।

नियुक्तिका लागि कानूनी शिक्षा तथा कानून वा न्यायिक कार्यविधि सम्बन्धी आधारभूत तालिमको अनिवार्यता नहुने प्रमुख जिल्ला अधिकारी लगायतका प्रशासनिक अधिकारीहरूलाई गम्भीर प्रकृतिका फौजदारी मुद्दा सुनुवाई गरी कैद सजाय गर्ने क्षेत्राधिकार दिइएबाट निजहरूले सक्षमतापूर्वक न्यायिक कार्य सम्पादन गर्नसक्ने अवस्था

---

३२. Human Rights Committee, *General Comment No. 32*, Article 14: Right to equality before courts and tribunals and to a fair trial, U.N. Doc. CCPR/C/GC/32 (2007).

३३. K. Jain v. Union of India and Others, 1993 4SCC

३४. एडभोकेसी फोरम विरुद्ध गृह मन्त्रालय समेत, ने.का.प., २०६८, कार्तिक, नि.नं.८६४२,पृ. १०८३

देखिन आउँदैन भन्दै अर्द्धन्यायिक अधिकारीको समेत न्यायिक स्वतन्त्रता, निष्पक्षता र सक्षमता सुनिश्चित हुने कानूनी लगायतका अन्य व्यवस्थापकीय पूर्वाधारहरू तयार गर्न र सो व्यवस्था बहाल नभएसम्म कानूनमा स्नातकका साथै सम्बन्धित स्नातकस्तरको उपाधिसहितको ज्ञान, पाँच वर्षको सम्बन्धित क्षेत्रको अनुभव प्राप्त गरेको वा माथि उल्लिखित अन्य योग्यता र अनुभव भएको तर कानूनमा स्नातक नभएकाहरूको हकमा सम्बद्ध विषयसँग सम्बन्धित कानून एवम् न्यायिक प्रक्रिया सम्बन्धी राष्ट्रिय न्यायिक प्रतिष्ठान वा मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट कम्तिमा तीन महिनाको प्रशिक्षण प्राप्त गरेको व्यक्ति मध्येबाट छनौट गरी योग्य व्यक्तिलाई जिम्मेवारी दिन एक वर्ष भित्र जो चाहिने आवश्यक व्यवस्था गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु भनी नेपाल सरकारका नाउँमा २०६८ साल असोज ५ मा विशेष इजलासबाट परमादेश जारी भएको थियो । सो आदेशको आंशिक कार्यान्वयन स्वरुप प्रमुख जिल्ला अधिकारी र जिल्ला वन अधिकृतहरूलाई राष्ट्रिय न्यायिक प्रतिष्ठान र न्यायसेवा तालिम केन्द्रबाट तीन महिनाको प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेका छन् । ती प्रशिक्षणको प्रभावकारिता हाल प्रशिक्षार्थीहरूको कार्यस्थलबाट देखिन थालेको छ । कतै औपचारिक इजलास नै निर्माण गरी सुनुवाई गर्ने, न्यायिक कार्यविधिलाई अक्षरशः पालन गर्ने, कानून व्यवसायीको बहस सुन्ने जस्ता उत्साहजनक समाचारहरू प्रकाशमा आउँन थालेका छन् ।

## १४. वर्तमानका चुनौती र भविष्यमा गर्नुपर्ने कार्यहरू

सर्वोच्च अदालतको फैसलाले सरकारको ध्यानाकर्षण गराएका विषयहरू नेपालको अर्द्धन्यायिक निकायको अवस्था, विद्यमान चुनौती र सुधारका क्षेत्रहरू हुन् । विश्वभरकै अर्द्धन्यायिक प्रशासनको अवस्था त्यति सुदृढ र समृद्ध देखिदैन । अर्द्धन्यायिक निकायको लागि एकीकृत कार्यविधि संहिता समेत जारी भएको देखिदैन । न्यायाधीश निर्मित कानून (Case Laws) भने प्रशस्त भेटिन्छन् । भारतको मद्रास उच्च न्यायालयले केही वर्ष अगाडि महाराष्ट्र राज्यभरिका अर्द्धन्यायिक निकायका लागि भनी जारी गरेको कार्यविधि निर्देशिकाले[३५] भारतमा समेत यस सम्बन्धी एकीकृत कार्यविधि संहिता नरहेको बोध गराउँछ । नेपालको अर्द्धन्यायिक निकायको प्रशासनका चुनौतीका कुरा गर्ने हो भने निकै बोझिलो भार बोक्नु पर्ने अवस्था विद्यमान छ । केही प्रमुख चुनौतीका क्षेत्रहरूलाई निम्न अनुसार औंल्याउन सकिन्छ ।

---

३५. Smt. Savitri Chandrakesh Pal. V/s. State of Maharashtra & others, Bombay High Court Judgment on Writ Petition No. 4101 OF 2007, 2009(4) MhLa406, Lokmanya Nagar Priyadarshini v. State of Maharashtra, 2007 (1) Bom.C.R. 929 (decided on Friday, November 24, 2006, [ In the High Court of Bombay, Writ Petition 6158 Of 2006 ).**24/1**1/2006

१. कस्ता प्रकृतिका मुद्दा प्रशासकीय अधिकारीलाई, न्यायाधिकरणलाई र नियमित अदालतलाई सुम्पने र दण्ड सजायको हद कति हुने भन्ने स्पष्ट नीतिको अभाव छ ।
२. संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले पारित गरेको सामान्य टिप्पणीले न्यायिक निकायका अतिरिक्त न्यायाधिकरण र अर्द्धन्यायिक निकाय समेतको कार्यगत स्वतन्त्रताको सुनिश्चिततताको मापदण्ड निर्धारण हुन सकेको छैन ।
३. न्यायाधिकरण र अर्द्धन्यायिक निकाय समेतमा लागू गरिनु पर्ने स्वच्छ सुनुवाईका सिद्धान्त (Principles of Fair Trial ) कार्यान्वयन गराउने कडा र नरम (Hard and soft law) दुबै कार्यविधिको अभाव छ ।
४. अर्द्धन्यायिक प्रशासन गर्ने अधिकारीका लागि सम्बन्धित विषयमा हुनु पर्ने विशेषज्ञता र आधारभूत शैक्षिक योग्यताको अनिवार्यतालाई कडाइका साथ लागू गर्ने प्रयत्न भएको छैन ।
५. अन्य उपयुक्त व्यवस्था बहाल नभएसम्मका लागि वा भइरहेकै जनशक्तिलाई न्यायिक कार्यविधिका विषयमा प्रशिक्षणका माध्यमबाट क्षमता अभिवृद्धि गर्ने गराउने स्पष्ट नीति छैन ।
६. क्षमता अभिवृद्धिका लागि कानून र न्यायिक कार्यविधिको प्रशिक्षण प्रदान गर्ने सबल र सामर्थ्यवान संस्थाको कमी छ ।

माथि उल्लिखित समस्याहरू अर्द्धन्यायिक निकायको न्यायिक कार्यका सन्दर्भमा देखिएका ज्वलन्त विषय हुन् । विश्वव्यापी रुपमा बढ्दै गइरहेको प्रशासनिक निरोपणको परनिर्भतालाई कुनै पनि वहानामा कम गर्न सकिने अवस्था देखिदैन । बरु यसलाई कसरी नियमित न्यायिक प्रक्रियाको एक भरपर्दो र प्रभावकारी विकल्प बनाउन सकिन्छ, त्यसतर्फ अथक प्रयास जारी राख्न जरुरी छ । नेपालको सन्दर्भमा पनि यसको प्रबर्द्धन र एक भरपर्दो विकल्पको अवलम्बनका लागि विशेष प्रयास र प्रयत्न हुन त्यत्तिकै जरुरी देखिन्छ । एडभोकेसी फोरमको मुद्दामा निदान गरिएका विषयहरूलाई सरकारले सार्थक परिणाम प्राप्तिका दिशामा गम्भीर रुपले अगाडि बढाउनु पर्ने देखिएको छ । विशेषतः प्रशासनिक निरोपण (Administrative Adjudication) लाई एकमुष्ट सम्बोधन गर्न उच्चस्तरीय कार्यदलको गठन गरी स्पष्ट अधिकार क्षेत्र, न्यायिक कार्यविधि, अधिकारीहरूको न्यूनतम् र वाञ्छनीय योग्यता, निर्णयको कार्यान्वयन जस्ता विषयलाई समेट्ने छाता कानूनको मस्यौदा गर्न लगाई एक व्यापक कानून (Comprehensive Law) निर्माण गर्ने, अधिकारीहरूको कार्यगत स्वतन्त्रताको सुनिश्चितता गर्ने, सबै काम कारवाहीमा स्वच्छ सुनुवाईका सिद्धान्त (Principles of Fair Trial) अनुशरणको प्रत्याभूति गर्ने, अधिकारीहरूको क्षमता विकासको लागि उपयुक्त तालिमको प्रबन्ध गर्ने जस्ता विषय महत्वपूर्ण हुन सक्छन् । कम्तिमा यी विषयहरूमा सरकार गम्भीर भई अगाडि बढेमा नेपालको अर्द्धन्यायिक लगायतका अन्य प्रशासकीय न्यायाधिकरणको संस्थागत विकास हुन सक्ने कुरामा आशावादी हुन सकिन्छ ।

## १५. निष्कर्ष

आधुनिक राज्यका सामाजिक र आर्थिक क्रियाकलापहरूमा भएका वृद्धिसँगै राज्य र नागरिकहरूका बीचका सबै विवाद नियमित अदालतबाट निरोपण गर्न सम्भव नभएपछि प्रशासकीय निकायहरूले समेत केही विवादको निरोपण गर्नुपर्ने अपरिहार्यता छ। प्रशासनिक निकाय भएर पनि प्रशासकीय जिम्मेवारीको अतिरिक्त विवादको छिनोफानो गर्ने न्यायिक अधिकार प्रयोग गर्नुपर्ने निकायलाई अर्द्धन्यायिक निकाय भन्ने गरिएको पाइन्छ। यी निकायहरूले न्यायिक अधिकार प्रयोग गर्दा विद्यमान कानून, कार्यविधि र न्यायका मान्य सिद्धान्तको अनुशरण गर्नुपर्ने हुन्छ। न्यायका सिद्धान्तहरू मध्येमा प्राकृतिक न्यायका सिद्धान्तहरु सबैभन्दा श्रेष्ठ र उच्चकोटीका मानिन्छन्। वास्तवमा न्यायिक कार्यविधि यिनै सिद्धान्तको आधारमा सञ्चालित र पूर्ण हुन्छन्। निष्पक्षता, स्वच्छ सुनुवाई र न्याय गरेकै देखिनुपर्ने भन्ने यसका आधारभूत सिद्धान्त र यिनै मातहत विकसित अन्य सिद्धान्त (Subsidiary Principles) समेत रहेका छन्। अर्द्धन्यायिक निकायहरूले न्याय प्रशासन सम्बन्धी प्रचलित कानून, कार्यविधि र न्यायका सिद्धान्तका सम्बन्धमा जानकारी लिई यिनीहरूकै आधारमा आफ्ना काम र कारवाहीहरू अगाडि बढाउनु पर्छ। यिनीहरूको काम कारवाहीको सुपरिवेक्षण र परीक्षण समेत यिनै कुराहरूको आधारमा गर्ने परिपाटी रहिआएको छ।

संसारभरकै अभ्यासमा रहिरहेको अर्द्धन्यायिक प्रशासन सञ्चालन सम्बन्धी एकीकृत संहिता, कार्यविधि र निर्देशिकाको अभाव रहिरहेकै अवस्थामा नेपालमा यस्तो एकीकृत संहिता, कार्यविधि र निर्देशिकाको सर्वसुलभताको अपेक्षा स्वभाविक नहुने भएपनि नियमित न्यायिक निकायहरूले प्रयोग गरिआएका कानून, कार्यविधि र सिद्धान्तहरू अर्द्धन्यायिक निकायहरूले पनि अनुशरण गर्नु पर्छ। निश्चित मान्यता, नीति र मापदण्डका आधारमा यी निकायहरूको स्थापना, अधिकार क्षेत्र र कार्यविधिको निर्धारण, निरन्तर कानूनी शिक्षा तथा क्षमता अभिवृद्धिका कार्यक्रम समेतका विषयमा राज्यको कार्यकारी निकायले हस्तक्षेप गर्नु जरुरी भइसकेको छ।

# कार्यविधि कानूनको सुधारका लागि भएका प्रयासहरू र यसले न्याय सम्पादनमा पारेको प्रभाव

**नहकुल सुबेदी**♥


## सारांश

*न्यायिक कार्यको सबैभन्दा महत्वपूर्ण स्वभाव मुद्दाको कार्यविधि र निर्णयमा एकरुपता हुनु हो । अर्थात् एक किसिमको तथ्य वा मुद्दामा एकै किसिमको कार्यविधि र निर्णय हुनुपर्छ भन्ने मान्यता रहन्छ । तर मुद्दाको प्रकृति र स्वरुप अनुसार स्वभाविक रुपमा सबै किसिमका मुद्दामा एकै किसिमको कार्यविधि लागू हुँदैन । साथै, एकै तहका अदालतहरूमा एकै किसिमको कार्यविधि अवलम्बन गर्दा पनि प्रभावकारी नहुन सक्दछ । त्यसैले मुद्दाको किसिम वा प्रकृतिका आधारमा वा मुद्दा हेर्ने निकाय वा अड्डाको किसिमका आधारमा न्यायिक कार्यविधि फरक फरक हुन सक्दछ । प्रस्तुत लेखमा न्याय सम्पादनमा कार्यविधि कानूनको स्थान, कार्यविधि कानूनको वर्गीकरण, कार्यविधि कानूनको सुधारमा भएका अन्तर्राष्ट्रिय प्रयासहरू, नेपालमा कार्यविधि कानूनको विकासका चरणहरू, कार्यविधि कानूनको सुधारले न्याय प्रशासनमा पारेको प्रभाव र कार्यविधि कानूनमा देखिएका सुधारका केही पक्षहरूका बारेमा विश्लेषण गरिएको छ । कुनै पनि कानूनी प्रणालीका लागि मौजुदा कानूनहरूमा पुनरावलोकन, सुधार र परिमार्जन भनेको निरन्तर चलिरहने प्रक्रिया हो । यसैगरी कार्यविधि कानूनका सन्दर्भमा पनि समायनुकूल परिवर्तन र परिमार्जन गरी न्यायका याचकलाई न्याय प्राप्तिको अनुभूति दिलाउन र समयमा न्याय दिन सक्ने बनाउन कार्यविधि कानूनमा गर्नु पर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने प्रयास गरिएको छ ।*


## १. पृष्ठभूमि

न्यायिक काम कारबाहीलाई पारदर्शी बनाउने सबैभन्दा महत्वपूर्ण विधि निर्धारित कार्यविधिको अवलम्बन नै हो । निर्धारित कार्यविधिको अवलम्बन नगरी न्याय सम्पादनको कल्पना पनि गर्न सकिदैन । तर यही कार्यविधिको अनिवार्य अवलम्बनलाई कतिपय अवस्थामा न्याय सम्पादनको कार्य अपेक्षित रुपमा छिटो, छरितो र प्रभावकारी हुन नसक्नुको पछाडि प्रमुख कारणका रुपमा चित्रित गर्ने गरेको पाइन्छ । कार्यविधि कानून प्रक्रियामुखी, झञ्झटिलो, कठोर र बढी औपचारिक भयो भन्ने टिप्पणी न्यायप्रणालीलाई लाग्दै आएको सम्भवत सबैभन्दा चुनौतीपूर्ण आरोप पनि हो ।

---

♥ सहरजिष्ट्रार, सर्वोच्च अदालत

ढिलो न्याय दिनु न्याय दिन इन्कार गर्नु सरह हो (Delay in justice is denial of justice)। न्यायमा ढिलाई हुनुका अन्य विविध कारणहरूका अतिरिक्त तोकिएको कार्यविधि पूरा गर्न लाग्ने समय मुख्य रुपमा रहेको देखिन्छ। निर्धारित कार्यविधि पूरा गर्न नसकेकै कारण कतिपय मुद्दा अनपेक्षित रुपमा लम्बिन गै वर्षौसम्म पनि फैसला हुन नसकेको कटु अनुभव हामीले पाएका छौं। तर निर्धारित कार्यविधिको अवलम्बन गर्न समय लाग्ने यथार्थताको विकल्प कार्यविधि अलम्बन नै नगरी मुद्दाको फैसला गर्नु कदापि हुन सक्दैन। जस्तोसुकै परिस्थितिमा पनि निर्धारित कार्यविधिमा सम्झौता हुन नसक्नु न्याय सम्पादनको आधारभूत मूल्य (non-compromising values) हो। यसको विकल्प भनेको कार्यविधि कानूनमा समयानुकूल परिमार्जन र सुधार गर्दै गरी चुस्त बनाउँदै लैजानु हो जुन न्याय प्रणालीप्रति रहेको जनआस्था र विश्वास कायम राख्नका लागि अपरिहार्य पनि छ। छरितो र चुस्त कार्यविधिको अभावमा न्याय सम्पादन शीघ्र र शुलभ हुन सक्दैन। यो यथार्थलाई राज्यले आधारभूत रुपमा स्वीकार गरेको छ।

कार्यविधि कानूनको सुधारको प्रश्न न्याय पद्धतिको सुधारका सम्बन्धमा सर्वथा उच्च प्राथामिकतामा रही आएको तथ्य यसको परिमार्जन र सुधारमा सर्वोच्च अदालतबाट र सरकारका तर्फबाट भएका प्रयासहरूले पनि पुष्टि गर्छ। तथापि न्याय सम्पादनको काम कारवाइ छिटो छरितो चुस्त र प्रभावकारी हुन नसकेको र अदालतका काम कारवाई परिणामुखी नभई प्रक्रियामुखी भयो भन्ने आमसोचमा भने आधारभूत रुपमा परिवर्तन ल्याउन सकेको देखिंदैन। समयको परिवर्तनसँगै आम जनताको चेतनाको स्तरमा पनि अभिवृद्धि भएको छ। यातायात र सञ्चारको क्षेत्रमा भएको विकासले देशको भौगोलिक विकटताको पूर्वावस्थामा धेरै परिवर्तन ल्याएको छ। पछिल्लो समयमा आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा प्रविधि र व्यवस्थापनको संयोजनबाट विद्युतीय शासन प्रणाली (ई-गभर्नेन्स) को अवधारणा भित्रिइसकेको छ। यो परिवर्तनको प्रभावले न्याय क्षेत्रमा समेत तदनुकूल परिवर्तनको अपेक्षा गरिनु अस्वाभाविक होइन। यस सन्दर्भमा एकातर्फ न्याय सम्पादनमा समेत ई-जुडिसियरीको अवधारणालाई आत्मसात् गर्नुपर्ने अवस्था सृजना हुँदै छ भने अर्कातर्फ न्यायिक प्रक्रियामा बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कतिपय कार्यविधिगत व्यवस्थाहरू समयानुकूल परिमार्जन हुन नसक्दा न्याय प्रणालीको सुधारका लागि चालिएका प्रयासहरूमा अन्यौल र द्विविधा कायमै रहेको स्थिति समेत देखिन्छ।

मुलुकको न्याय प्रणालीलाई सुधार गर्दै लैजानका लागि विद्यमान कानूनको परिमार्जन वा नयाँ कानूनको निर्माणका क्रममा कार्यविधि कानूनको महत्वलाई कम आँकलन गरी सारवान पक्षलाई मात्र महत्व दिएमा न्याय प्रणालीमा अपेक्षित सुधार आउन सक्दैन। पछिल्ला केही दशकमा कानूनको विविध विधामा आधुनिकीकरण एवम् उल्लेख्य सुधार भएको भएतापनि कार्यविधि कानूनको क्षेत्रमा उल्लेख्य सुधार हुन नसकेको आम अनुभूति रहेको छ। न्यायका उपभोक्ताले दिनानुदिन अदालती काम कारवाहीमा

पुऱ्याउनु पर्ने रीत वा प्रक्रियामा महत्वपूर्ण परिवर्तन ल्याउन नसकिएसम्म न्याय सम्पादन प्रक्रियामा गुणात्मक सुधार भएको महसुस हुन सक्ने अवस्था रहदैन ।

## २. न्याय सम्पादनमा कार्यविधि कानूनको स्थान

कुनै पनि देशको कानून प्रणालीमा संवैधानिक तथा कानूनी हकाधिकारको सुनिश्चिततताका लागि न्यायिक उपचारको व्यवस्था र त्यसका लागि न्यायिक संयन्त्र निर्माण गरिएको हुन्छ । सारवान कानूनले प्रदान गरेको हक अधिकार उल्लङ्घन भएमा त्यस्तो अधिकारको प्राप्तिका लागि अवलम्बन गरिने तरिकालाई कार्यविधि कानूनले व्यवस्थित गरेको हुन्छ । त्यसैले कार्यविधि कानूनलाई उपचार प्रदान गराउने कानून पनि भन्ने गरिन्छ । यथार्थमा यो न्याय सम्पादनको मेरुदण्ड पनि हो । महत्वपूर्ण पक्ष त यो रहेको छ कि कार्यविधि कानूनले हक अधिकारको सिर्जना गर्ने नभएतापनि सारवान कानूनद्वारा प्रद्धत अधिकारको प्रचलन गराउन कार्यविधि कानूनको अवलम्बन अपरिहार्य भएकाले व्यवहारिक दृष्टिकोणमा कार्यविधि कानूनले समेत अधिकारको सृजना गरिरहेको हुन्छ । यस बाहेक, कानूनले अपनाउनु पर्ने अनिवार्य कार्यविधि नअपनाई भएका काम कारवाहीहरू अमान्य र बदरभागी हुने भएकाले कार्यविधि कानून पनि सारवान कानून जत्तिकै महत्वपूर्ण स्थानमा रहेको हुन्छ ।

व्याकरणीय दृष्टिमा कार्यविधि भनेको त्यस्तो कार्य हो जसले न्यायिक कारवाहीमा औपचारिक कार्य प्रणालीलाई व्यवस्थित गर्दछ । यसले कानूनद्वारा प्रद्धत्त अधिकार तथा कर्तव्य प्रचलित गर्ने र तिनको उल्लङ्घनमा उपचारको ठिक रुपमा प्रशासन गर्ने न्यायिक रीति निर्धारण गर्दछ ।[१]

कुनै व्यक्तिको हक अधिकार प्रचलन गराउने कार्यविधि तोक्ने ऐन वा कुनै व्यक्तिको हक अधिकार हनन् भएकोमा सो हनन् भएको वा आघात भएको हक अधिकार प्रचलन गराउने तरिकाको व्यवस्था गर्ने कानूनलाई कार्यविधि कानून भनिन्छ भनी सर्वोच्च अदालतबाट व्याख्या समेत भएको छ ।[२] सर्वोच्च अदालतबाट कार्यविधि कानूनले सारवान कानूनले गरेको कसूरको परिभाषा अनुसार सजाय गर्ने वा प्रत्याभूत गरेको अधिकार वा उपचार प्राप्त गर्ने तरिकालाई व्यवस्थित गरेको हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको छ ।[३]

सामान्यतः कार्यविधि कानूनले मुद्दा दर्तादेखि निर्णय कार्यान्वयनसम्म आइपर्ने समाव्हान, प्रतिवाद, प्रमाण सङ्कलन र मूल्याङ्कन एवम् निर्णय लगायतका सम्पूर्ण कार्यविधिलाई समेटेको हुन्छ । Salmond ले यसलाई Law of procedure governs the

---

१. टोपबहादुर सिंह, कानूनी शब्दकोष, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि. (२०४५) पृ. १६७

२. तुलसीराम उपाध्याय तिमिल्सिना वि. रणध्वज कार्की, ने.का.प. २०२८, नि.नं.५८२, पृ. १

३. ऐजन

process of litigation भनेका छन् । यो law of action हो । कतिपय अवस्थामा छुट्टै कार्यविधि कानूनको अभावमा अदालतको अन्तर्निहित अधिकार (Inherent Power) बाट मुद्दाको कार्यविधि नियन्त्रित र निर्देशित हुन सक्छ तर यो अधिकारको प्रयोग विधायिकी कानूनको प्रतिकूल नहुने गरी प्रयोग गर्नुपर्ने मान्यता रही आएको छ । सारवान कानून प्रदत्त हक अधिकारको संरक्षणको लागि लिइएको दावी वा प्रतिरक्षाको जिकिर कार्यविधि कानूनद्वारा परीक्षण गरिन्छ ।

कार्यविधि कानूनले सारवान कानूनले जस्तो अपराधको परिभाषा, सजायको व्यवस्था वा महत्वपूर्ण हक अधिकारको प्रत्याभूति नगर्ने भएतापनि कार्यविधि कानूनमार्फत सारवान कानून प्रदत्त हक अधिकारको प्रचलन गराइने भएकाले कार्यविधि कानूनको प्रयोग विना न्याय प्रशासनको उद्देश्य प्राप्त हुन सक्दैन । यस अर्थमा सारवान कानूनले हक अधिकारको व्यवस्था गरेको हुनाले यो न्याय प्रशासनको उद्देश्य (Ends) को रुपमा रहेको हुन्छ भने कार्यविधि कानूनलाई न्याय प्रशासनको उद्देश्य प्राप्तिको साधन (Means) को रुपमा लिन सकिन्छ । यसले विवादग्रस्त विषय (मुद्दा) को कारवाही र किनारा गर्दा अदालतले अवलम्बन गर्नुपर्ने नियम कार्यविधि कानूनले प्रदान गर्दछ । समग्रमा कार्यविधि कानूनका नियमहरू स्वच्छ सुनुवाई र निष्पक्ष न्यायका लागि हो ।

## ३. कार्यविधि कानूनको वर्गीकरण

न्यायिक कार्यको सबैभन्दा महत्वपूर्ण स्वभाव मुद्दाको कार्यविधि र निर्णयमा एकरुपता हो । अर्थात एकै किसिमको तथ्य वा मुद्दामा एकै किसिमको कार्यविधि र निर्णय हुनुपर्छ भन्ने मान्यता रहन्छ । तर मुद्दाको प्रकृति र स्वरुप अनुसार स्वभाविक रुपमा सबै किसिमका मुद्दामा एकै खालको कार्यविधि लागू हुँदैन । त्यसैगरी सबै तहका अदालतमा एकै कार्यविधि अवलम्बन गर्दा पनि प्रभावकारी हुन सक्दैन । त्यसैले मुद्दाको किसिम वा प्रकृतिका आधारमा वा मुद्दा हेर्ने निकाय वा अड्डाको किसिम वा प्रकृति वा अन्य कुनै पनि उपयुक्त आधारमा न्यायिक कार्यविधिको वर्गीकरण गर्न सकिन्छ ।

मुद्दाको प्रकृतिका आधारमा मुद्दामा अवलम्बन गरिने कार्यविधिलाई सामान्य आधारमा देवानी र फौजदारी कार्यविधि गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । देवानी मुद्दामा सामान्य रुपमा अवलम्बन गरिने कार्यविधिलाई देवानी कार्यविधि र फौजदारी मुद्दामा अवलम्बन गरिने कार्यविधिलाई फौजदारी कार्यविधि भन्न सकिन्छ । देवानी कार्यविधिको उद्देश्य देवानी मुद्दाको कारवाहीलाई शीघ्र र सुलभ बनाउनु नै हो । अर्कोतर्फ फौजदारी कानूनको उल्लङ्घनमा अभियुक्तलाई अदालतको कारवाहीमा ल्याउने कानूनी व्यवस्था फौजदारी कार्यविधि हो । फौजदारी मुद्दा राज्यको तर्फबाट अभियोजन हुने र अभियुक्तलाई कैद/जरिवाना लगाउने वा अभियोगबाट सफाई दिनेसँग सम्बन्धित भएकाले फौजदारी कार्यविधि अदालतमा मुद्दा दायर हुनुपूर्व वा अनुसन्धान तहकिकातकै अवस्थाबाट शुरु हुन्छ र अभियुक्तको आरोप शंकारहित तरिका (Beyond reasonable

doubt) ले पुष्टि हुनुपर्छ तर देवानी कार्यविधि व्यक्तिले दायर गर्ने भएकाले अदालतमा दावी प्रस्तुतीसँगै यसको शुरुवात हुन्छ । जुन प्रमाण बलियो हुन्छ सोको आधारमा (On the Balance of Probabilitation) मा दावी प्रमाणित हुने नहुने निर्णय गरिन्छ ।

मुद्दा हेर्ने निकायको प्रकृति र स्वरुपका आधारमा हेर्दा मुद्दामा अवलम्बन गरिने कार्यविधिलाई शुरु कार्यविधि र पुनरावेदकीय कार्यविधि भनी नामाकरण गर्न सकिन्छ । सामान्यतः शुरु कारवाई र किनारा गर्ने अदालतले साक्षीको बकपत्र लगायतका प्रमाण सङ्कलन गरी तथ्य निरुपण गर्न आवश्यक कार्यविधिको अवलम्बन गर्नुपर्ने, फैसलामा पुनरावेदनको म्याद दिनुपर्ने जस्ता कार्यविधि पर्दछ भने पुनरावेदकीय कार्यविधिमा शुरुको निर्णय फरक पर्ने भै उल्टाउदा प्रत्यर्थीलाई झिकाई आफ्नो कुरा राख्ने मनासिव मौका दिनुपर्ने, फैसला कार्यान्वयनका लागि थप समय कुरिरहनु नपर्ने लगायतका हुन सक्छन् ।

मुद्दाको कार्यविधिलाई वर्गीकरण गर्ने सुगम्य र प्रचलित पद्धति साधारण, संक्षिप्त र विशेष कार्यविधि पनि हो । कुनै खास ऐनमा छुट्टै विशेष व्यवस्था भएदेखि बाहेक सामान्यतः सबै तहका अदालतले सबै मुद्दामा अवलम्बन गर्ने कार्यविधि सामान्य कार्यविधि हो । विषय विषयमा छुट्टा-छुट्टै कानूनमा लेखिएका विषयमा सोही कानून बमोजिम र सोमा नलेखिएको कुरामा मुलुकी ऐन बमोजिम गर्नुपर्छ भन्ने मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं.मा उल्लेख भएबाट सामान्य कार्यविधि भनेको मुलुकी ऐनमा व्यवस्थित कार्यविधि हो ।

त्यसैगरी साना मुद्दाहरूमा छिटो छरितो कार्यविधि अपनाई चाँडो किनारा गर्न अवलम्बन गरिने कार्यविधि संक्षिप्त कार्यविधि हो । संक्षिप्त कार्यविधि ऐन, २०२८ को अनुसूची १ मा परेका सबै मुद्दाहरू र अनुसूची २ मा उल्लेखित मुद्दाहरू बाहेक देवानी मुद्दामा एक हजार रुपैयासम्म मोल बिगो भएका र फौजदारी मुद्दामा एक हजार रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय हुन सक्ने मुद्दामा संक्षिप्त कार्यविधि अवलम्बन गर्नु पर्ने व्यवस्था छ ।

विशेष अदालत ऐन, २०५९ (वा सो ऐन आउनु पूर्व विशेष अदालत ऐन, २०३१) अन्तर्गत हेरिने मुद्दामा अवलम्बन गरिनु पर्ने कार्यविधि सोही ऐनमा निर्धारण गरेको छ । यदि कुनै ऐनमा मुद्दा हेर्ने विषयमा छुट्टै कार्यविधिको निर्माण भै सो कार्यविधि अनुसार मुद्दाको कारवाही र किनारा गर्नु पर्ने व्यवस्था भएमा सो व्यवस्थालाई विशेष कार्यविधि नामाकरण गर्न सकिन्छ ।

## ४. कार्यविधि कानूनको सुधारमा भएका अन्तर्राष्ट्रिय प्रयासहरू

कार्यविधि कानून स्वाभाविक रुपमा राष्ट्रिय भौगोलिक क्षेत्राधिकार भित्र क्रियाशील रहने भएकाले यसका सुधारका प्रयासहरू पनि मूल रुपमा राष्ट्रिय भौगोलिक क्षेत्राधिकार भित्रैबाट भएको हो तापनि राष्ट्रिय भौगोलिक क्षेत्राधिकार भित्रकै कार्यविधिमा

सुधार परिमार्जन एकरुपता समेत कायम गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरू उल्लेख्य छन् । केही महत्वपूर्ण पक्षहरूलाई निम्न रुपमा उल्लेख गरिएको छ

- मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८ (Universal Declaration of Human Rights, 1948) ले प्रत्येक मानिसलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणमा प्रभावकारी उपचार पाउने, फौजदारी अभियोगको निर्धारणको लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा आधारित भै स्वच्छ र खुला सुनुवाई हुने, आरोप प्रमाणित नभएसम्म निर्दोष मानिने, कसूर गर्दा कायम रहेकोभन्दा बढी सजायको भागिदार नगराइने जस्ता अधिकारको प्रत्याभूति गरेको छ । (धारा ८, ९, १०)
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Convention on Civil and Political Rights, 1966) को धारा ९ ले कानूनले निर्धारित प्रक्रिया बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने, पक्राउ परेको व्यक्तिलाई कारण सहितको सूचना दिने, त्यस्तो व्यक्तिलाई सुनुवाईको लागि अविलम्व न्यायिक अधिकारी समक्ष पेश गर्ने, गैरकानूनी पक्राउ वा थुनाबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको अधिकार रहने, आफ्नो प्रतिरक्षा गर्नका लागि पर्याप्त समय र सुविधा पाउने, आफ्नो विरुद्ध अपराध स्वीकार गर्न बाध्य नगराइने एवम् फौजदारी अभियोग लागेका प्रत्येक व्यक्तिलाई कानूनद्वारा स्थापित सक्षम स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट सुनुवाई गरि पाउने अधिकार रहने व्यवस्थाको प्रत्याभूति गरेको छ । (धारा ९ र १४)
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (Child Rights Convention 1989) को धारा ४० ले फौजदारी कानूनको उल्लङ्घन गरेको आरोप लागेको बाल बालिकालाई दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गर्ने, आफू विरुद्ध लगाइएको अभियोगको जानकारी पाउने, निजहरूकै उपस्थितिमा विलम्व विना स्वच्छ सुनुवाई पाउने, प्रमाण दिन वा अपराध स्वीकार गर्न कर नलगाउने, पुनरावेदन गर्न पाउने र बालबालिकाले बुझ्न सक्ने भाषा प्रयोग गर्ने लगायतका कार्यविधि निर्धारण गरेको छ ।
- महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ (Convention on Elimination of All forms of Discrimination Against Women, 1979) को धारा १५ ले अदालत तथा न्यायाधिकरण समक्ष हुने सबै कार्यविधिमा सबै अवस्थामा समान व्यवहार हुने व्यवस्था गरेको छ ।
- अपराध र अख्तियारको दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ (Declaratoin on Basis Principle of Jusitce

for Victims of Crime and Abuse of Power, 1985) : पीडितलाई छिटो छरितो, स्वच्छ कम खर्चिलो र सुलभ औपचारिक/अनौपचारिक प्रक्रियाको माध्यमबाट न्याय दिन आवश्यकता अनुसार न्यायिक तथा प्रशासनिक संयन्त्रको स्थापना गर्ने, मुद्दाको फछ्र्यौट प्रक्रियामा र पीडितको हकमा भएका आज्ञप्ती र आदेशहरूको कार्यान्वयनमा आवश्यक ढिलाई हुन नदिने । (धारा ५, ६(ङ))

- न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी आधारभूत सिद्धान्तहरू, १९८५ ले अदालतमा दायर मुद्दा निर्धारित कार्यविधि अवलम्बन गरी किनारा गर्नुपर्ने र मुद्दाका पक्षको स्वच्छ र निष्पक्ष कार्यविधिद्वारा मुद्दाको निर्णय गराउन पाउने अधिकारको अदालतद्वारा सम्मानको सुनिश्चितता दिलाउनु पने ।
- UNECE [Convention on Access to Information, Public Participation in Decision Making and Access to Justice in Environmental Matters (1998)] ले वातावरणीय कानून सम्बन्धी मुद्दामा कार्यविधि कानूनले मुद्दाका पक्षलाई न्याय प्राप्त गर्ने अधिकार (Right to Justice), कारवाहीको सूचना पाउने अधिकार (Rights to Information) र कारवाहीमा सहभागी हुने अधिकार (Rights to Participation) को घोषणा गरेको छ ।
- सूचना प्रविधि, व्यापार लगायतका विश्वव्यापीकरणको प्रभावबाट शास्त्रीय अवधारणाको Sovereignty मा परिवर्तन आएकाले अन्तरदेशीय कारोवारहरूमा Conflict हटाउने र Harmonization गर्ने उद्देश्यले वित्तीय तथा व्यवसायिक मुद्दासँग सम्बन्धित कार्यविधि कानूनमा Harmonization र Proximation को प्रक्रिया शुरु भएको पाइन्छ । यसले खास प्रकृतिका मुद्दामा अन्तर्राष्ट्रिय स्तरमा नै कार्यविधि कानूनमा एकरुपता ल्याउदै गएको छ । यद्यपि सारवान कानूनको तुलनामा कार्यविधि कानूनको Harmonization र अन्तर्राष्ट्रिय मान्यताहरूको विकासमा कम प्रगति भएतापनि पछिल्लो समयमा Equality before the court, स्वच्छ र प्रभावकारी सुनुवाई लगायतका मानव अधिकारका आधारभूत मान्यताको विकासले कार्यविधि कानूनको विकासमा उल्लेख्य प्रभाव पारेको छ ।[४]
- निजी अन्तर्राष्ट्रिय कानूनको विद्यमान राष्ट्रिय कार्यविधि कानूनमा भएका विविधताहरू कम गर्ने उद्देश्यले Hague Convention on Service Abroad, Hague Convention on the Taking of Evidence Abroad, European Convention on Recognition of Judgment लगायतका अन्तर्राष्ट्रिय महासन्धिहरूले कार्यविधि कानूनका सिद्धान्तहरू अन्तर्राष्ट्रिय स्तरमै स्थापित गरेको पाइन्छ ।

४. Principles of Transnational Civil Procedures, www.cambridge.org

- Arbitration प्रक्रियाको कार्यविधि निर्धारण गर्ने सम्बन्धमा UNCITRAL Model Law ले मध्यस्थता सम्बन्धी राष्ट्रिय कानूनको निर्माणमा एकरुपता कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सोही अनुरुप विभिन्न देशमा राष्ट्रिय कानूनको निर्माण भै प्रचलनमा आएको छ ।
- सन् २००१ मा Intrnational Institute for the Unification of Private Law (UNIDROIT) को प्रयासमा Principles of Transnational Civil Procedure को तयारी गरेको थियो । उक्त Principle ले मूल रुपमा देवानी कार्यविधिमा क्षेत्राधिकार, दावी प्रस्तुत गर्ने प्रक्रिया, निर्णयकर्ताको तटस्थता, म्याद/सूचना तामेली, कार्यविधि कानूनमा सारवान कानूनको प्रभाव, विशेषज्ञको राय, निर्णय दिने प्रक्रिया, पुनरावेदन र फैसलाको अन्तिमताको सम्बन्धमा निश्चित स्वीकार्य नियमहरूका विकास गरेको छ । सो सिद्धान्तलाई राष्ट्रिय कार्यविधि संहिताको व्याख्या गर्दा अवलम्बन गर्नुपर्ने सिद्धान्त र कार्यविधि कानूनको सुधारको निर्देशक सिद्धान्तका रुपमा अधिकांश मुलुकहरूले ग्रहण गरेका छन् ।[५]

यी सिद्धान्तहरूले मूलतः दावीको प्रक्रिया, प्रमाणको प्रस्तुतीकरण (development of Evidence) र निर्णय प्रक्रियाका सम्बन्धमा निर्देशक मान्यताहरू स्थापित गराएका छन् । अधिकांश देशका कानूनी व्यवस्थामा न्यायिक प्रक्रियामा निष्पक्षता कायम गर्ने प्रयोजनको लागि आवश्यक परिमार्जन सहित यी सिद्धान्तहरूलाई अवलम्बन गरेको देखिन्छ । यी Guidelines हरू Civil र Common Law प्रणालीका राम्रा विशेषताहरूलाई अवलम्बन गरी निर्माण गरिएको देखिन्छ ।

कार्यविधि कानूनको सुधार र विकासका क्रममा उल्लिखित मान्यताहरू सिङ्गो कार्यविधिका सबै क्षेत्रलाई समेटने गरी भएका नभई देवानी, फौजदारी, व्यवसायिक वा कानूनका अन्य विविध विधामा छुट्टा छुट्टै रुपमा भएका अवधारणागत विकासबाट समग्र प्रणालीको सम्वृद्धि हुँदै गएको हो । हरेक मुलुकको कानून प्रणालीको आ-आफ्नै मौलिक विशेषता हुने भएकोले माथिका कतिपय व्यवस्थाहरू हाम्रो कानून प्रणालीमा जस्ताको तस्तै लागू हुने स्थिति नभएता पनि स्वच्छ सुनुवाईको सन्दर्भमा हाम्रो न्यायिक प्रणालीलाई अझै सम्वृद्ध बनाउन व्यवस्था सान्दर्भिक रहेका छन् ।

## ५. नेपालमा कार्यविधि कानूनको विकास

न्याय सम्पादनको कार्यलाई इतिहासका हरेक चरणमा राज्यले आफ्नो आधारभूत जिम्मेवारीको रुपमा लिएको पाइन्छ । परापूर्व कालदेखि नै न्याय सम्पादनका लागि खडा गरिएका संस्थाहरूले परम्पराको अवलम्बनको नाममा वा धर्म वा धर्मशास्त्रको

---

५. www.cambridge.org

पालनाको नाममा वा औपचारिक कानूनको कार्यान्वयनको नाउँमा कुनै न कुनै रुपमा न्याय सम्पादनको लागि एउटा निश्चित कानूनी कार्यविधिको अवलम्बन गरेको देखिन्छ। न्यायिक प्रक्रियामा अवलम्बन गरिएका न्यायिक कार्यविधिको आधारमा नेपालको कार्यविधि कानूनको विकासक्रमलाई अध्ययनको सुगमताको दृष्टिले निम्नानुसार चार कालखण्डमा विभाजन गर्न सकिन्छ।

(क) पूर्व प्राथमिक काल (वि.सं.१९१०भन्दा अगाडि)

(ख) प्राथमिक काल (वि.सं.१९१० देखि २०१९ सम्म)

(ग) माध्यमिक काल (वि.सं.२०२० देखि २०४७ सम्म)

(घ) आधुनिक काल (२०४७ देखि हालसम्म)

## (क) पूर्व प्राथमिक काल (वि.सं.१९१०भन्दा पूर्व)

राज्यले औपचारिक कानूनको निर्माण गरी न्यायिक कार्यविधि निर्धारण गर्ने अभ्यास पूर्वको अवधिलाई पूर्व प्राथमिककाल भनी नामाकरण गर्न सकिन्छ। किराँतकाल, लिच्छविकाल, मल्लकाल र वि.सं.१९१० को मुलुकी ऐन लागू हुनु पूर्वको शाह-राणा कालमा अवलम्बन गरिएको न्यायिक कार्यविधिबाट नेपालको कार्यविधि कानूनको प्रारम्भिक अवस्था देखिन्छ। हुनत यस अवधिमा न्यायिक कार्यविधिमा मूलत सामाजिक रीतिस्थिति र धार्मिक श्रुति स्मृतिहरूको प्रभाव रहेको देखिएतापनि किराँत कालको मुन्धुम, लिक्ष्विकालको मानव न्यायशास्त्र लगायतका कतिपय धर्ममा आधारित शास्त्रले औपचारिक कानून जत्तिकै स्थान लिएको देखिन्छ। यस कालको पछिल्लो अवधिमा शास्त्रले नसमेटेको कुरामा राजाले सनद जारी गरी कानून निर्माण गरेका प्रमाणहरू भेटिन्छन्। समग्र कानूनको स्वरुप नै प्रथाजनित प्रकृति (Customory Nature) को भएकोले कार्यविधि कानून सोही अनुरुप नै रहेको पाइन्छ।

इतिहासको यस कालखण्डमा खासगरी फौजदारी मुद्दाहरूमा अभियुक्तको साबितिलाई विशेष महत्व दिइने र प्रमाण सङ्कलनको क्रममा आगो, तेल, जलपरीक्षा जस्ता दिव्य परीक्षा लिने, अभियुक्त र साक्षीलाई देवतालाई छोएर सपथ खुवाउने जस्ता कार्यविधि र देवानी मुद्दामा लिखतको प्रमाणभन्दा भोगको आधारलाई मान्यता दिने कार्यविधि अवलम्बन गर्ने गरेको पाइन्छ। समग्रमा यो अवधिको पद्धति अन्वेषणात्मक प्रकृतिको देखिन्छ।

## (ख) प्राथमिक काल (वि.सं.१९१० देखि २०१९ सम्म)

वि.सं. १९१० सालको मुलुकी ऐन लागू भएदेखि नयाँ मुलुकी ऐन २०२० जारी हुनुभन्दा अगाडिको अवधिलाई प्राथमिककाल मान्न सकिन्छ। पूर्व प्राथमिककालमा विभिन्न प्रथा परम्परा, रीतिस्थिति र शास्त्रीय मान्यताका आधारमा कार्यविधि निर्धारण हुँदै आएकोमा १९१० मा जारी गरिएको यो मुलुकी ऐनले कार्यविधि कानूनको औपचारिक

थालनी गऱ्यो । मुद्दा दर्ता, म्याद तामेली, साक्षी प्रमाणको सङ्कलन, मूल्याङ्कन तथा फैसला र पुनरावेदन समेतका कार्यविधिगत व्यवस्थाहरू यसै मुलुकी ऐनले औपचारिक सुरुवात गरेकोमा ती व्यवस्थाहरू आवश्यक परिमार्जन सहित अद्यापि कायमै रहेका छन् । यो ऐन मूलतः पूर्वीय धर्म दर्शन र शास्त्रीय परम्पराको संहिता जस्तै भए तापनि कार्यविधिका दृष्टिले कमन ल प्रणाली तथा महाद्विपीय कानूनी प्रणालीका कैयौं विशेषताहरू समेत यस ऐनमा मिश्रित रुपमा पाउन सकिन्छ ।

यसै अवधिमा वि.सं.१९९७ देखि न्यायपालिका स्वतन्त्र अस्तित्वमा आयो । जसबाट न्यायिक कार्यविधि अदालत आफैले निर्धारण गर्ने अधिकार सिर्जना भयो । २००८ सालमा प्रधान न्यायालयको स्थापना भई छुट्टै न्यायिक संरचनाहरू खडा भए । २०२० सम्म पटक-पटक यी संरचनाहरूमा पुनरावलोकन भई अदालतको अधिकार क्षेत्र समेत थपघट हुँदै आयो । वि.सं. १९९९ मा कोर्ट फीको सबाल जारी भै कोर्ट फी सम्बन्धी व्यवस्थालाई नियमित गरियो । २००७ सालबाट कानून व्यवसाय शुरु भई बार एशोसिएशनले समेत संस्थागत स्वरुप लिई मुद्दाको कार्यविधिमा कानून व्यवसायीको स्थानलाई महत्वपूर्ण रुपमा स्थापित गरयो । २००८ सालबाट नजीर पद्धति अवलम्बन गरिएको र २०१५ सालबाट नेपाल कानून पत्रिका प्रकाशन हुन थालेपछि मुद्दामा नजीर अवलम्बन गर्ने पद्धति समेत संस्थागत हुन पुग्यो । यसै अवधिमा जारी भएको न्याय प्रशासन ऐन, सर्वोच्च अदालत ऐन/नियमावली, सरकारी मुद्दा सम्बन्धी ऐन/नियमावली र कोर्ट फी ऐन जस्ता कानूनी व्यवस्थाले मुद्दाको कार्यविधिगत व्यवस्थालाई संस्थागत गराएको पाइन्छ ।

## (ग) माध्यमिक काल (२०२० देखि २०४७ सम्म)

नयाँ मुलुकी ऐन २०२० जारी भएदेखि नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुनुभन्दा अघिको अवधिलाई माध्यमिककाल मान्न सकिन्छ । वि.सं. २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरियो । कतिपय प्रावधानहरूमा शास्त्रीय मान्यताको केही प्रभाव बाँकी रहेको भएपनि यो ऐनले कानूनी अभ्यासमा नयाँ युगको थालनी गऱ्यो । कार्यविधिगत निर्देश गर्ने दिशामा यो ऐनका व्यवस्थाहरू अहिलेसम्म यथावत् क्रियाशील रहेका छन् । माध्यमिक काल कार्यविधि कानूनको सन्दर्भमा सुधारको सुरुवात (Reform initiation) को रुपमा रहेको छ । यसै अवधिमा न्यायिक प्रक्रियामा हुने ढिलाई कम गरी न्याय प्रक्रियालाई छिटो छरितो बनाउने आवश्यक उपायहरूको सिफारिश गर्न एक उच्चस्तरीय न्यायिक सुधार आयोगको २०२८[६] गठन गरिएको थियो । उक्त आयोगले सुझावकै क्रममा सबै प्रकारका मुद्दाहरूमा एकै किसिमको कार्यविधि अपनाउँदा साना तिना मुद्दाहरूमा समेत पक्षहरूले अनावश्यक हैरानी र खर्च व्यहोर्नु पर्ने र त्यसबाट

६. ने.का.प. २०२८, भाग १३, अंक ८, पृ. १

अदालतको समय समेत अनावश्यक रुपमा बढी लाग्न गएको यथार्थलाई मध्यनजर राखी त्यस्ता मुद्दामा संक्षिप्त कार्यविधिको अवलम्बन गर्नुपर्ने सिफारिशका साथ सो ऐनको मसौदा सहित प्रतिवेदन प्रस्तुत गरेको थियो । हाल विद्यमान संक्षिप्त कार्यविधि ऐन, २०२८, सोही आयोगको प्रतिवेदन अनुरुप हु बहु जारी गरेको देखिन्छ । आजभन्दा चारदशकपूर्व जारी गरिएको उक्त ऐनका व्यवस्थाहरू कार्यविधिगत सुधारका दृष्टिकोणले अत्यन्त सान्दर्भिक र महत्वपूर्ण रहेका छन् । मुद्दा मामिलामा प्रक्रियागत सुधारका दृष्टिकोणले मर्का परेको पक्षले मौखिक रुपमा नै उजूरी गर्न सक्ने, ठाडो बयानबाट कारवाही चलाउन सकिने, प्रमाण बुझिसकेपछि पक्ष तारिखमा नरहेपनि हुने तथा तीन महिनाको अवधिभित्र मुद्दा फैसला गरिसक्नुपर्ने जस्ता व्यवस्था न्याय व्यवस्थामा क्रान्तिकारी सुधार भनी नामाकरण गर्न सकिने व्यवस्था हुन् । यो ऐनको प्रभावकारी कार्यान्वयन हालसम्म पनि हुन सकेको छैन । यसै गरी विशेष प्रकृतिका मुद्दाहरूमा प्रभावकारी कार्यविधिको अवलम्बन गरी छिटो छरितो निर्णय गर्नका लागि यस कालमा जारी गरिएको विशेष अदालत ऐन, २०३१, न्याय प्रशासन ऐन, २०३१, तथा प्रमाण ऐन, २०३१, कार्यविधिको सुधारका दृष्टिले ऐतिहासिक महत्वका रहेका छन् । यस अवधिमा अदालतको संरचना तथा क्षेत्राधिकारमा गरिएको पुनरावलोकन समेत कार्यविधिका दृष्टिमा उल्लेखनीय रहेको छ ।

यस बाहेक २०३९ सालमा गठन गरिएको शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०[७] समेत कार्यविधि कानूनका सुधारको दृष्टिले स्मरणीय रहेको छ । यस आयोगले आफ्नो प्रतिवेदनको न्याय प्रशासनमा कार्यविधि कानून भन्ने शीर्षक अन्तर्गत विनाकारण तारिख तोकिदिने, बयान बकपत्र गराउने भनी तोकिएको तारिखको दिन हुनु पर्ने काम नहुने र दैनिक पेशीमा चढेका मुद्दा हेर्न नभ्याएको भनी पटक पटक तारिख दिने प्रथाले म्याद भित्र मुद्दा किनारा हुन नसकी विना कारण पक्षले तारेखमा झुल्नु परेको यथार्थलाई अदालतको कार्यविधिगत कमजोरीका रुपमा प्रस्तुत गरी सो सम्बन्धमा कार्यविधि कानूनमा सुधार देखिएता पनि त्यस्ता समस्या आज पर्यन्त जस्ताको तस्तै रहेको छ भनी उल्लेख गरेको छ । प्रतिवेदनको सुझाव अनुकूल सम्बन्धित कार्यविधि कानूनमा समेत संशोधन गरी सुधारको पहल गरेको देखिन्छ ।

### (घ) आधुनिक काल (वि.सं. २०४७ देखि हालसम्म)

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएदेखि हालसम्मको अबधिलाई कार्यविधि कानूनको आधुनिककालको रुपमा लिन सकिन्छ । यस अवधिमा कार्यविधि कानूनको सुधारलाई न्यायप्रणालीको आधुनिकीकरण गर्ने अभियानको महत्वपूर्ण पाटोको रुपमा लिएको पाइन्छ । यस बाहेक यसै अवधिमा व्यक्तिगत स्वतन्त्रता र मानव

---

७ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०, शाही न्याय सुधार आयोग, २०४०

अधिकारको संरक्षणको पक्षमा उत्पन्न सचेतना र जनलहरले गर्दा कार्यविधि कानूनको सुधारलाई व्यक्तिको न्याय प्राप्त गर्ने अधिकारको सम्मान र न्यायमा सहज पहुँचको सुनिश्चितताको प्रत्याभूतिका लागि अनिवार्य तत्वको रुपमा लिएको देखिन्छ ।

वि.सं. २०४७ सालको संविधानले अदालतको तहगत संरचना परिवर्तन गऱ्यो । सर्वोच्च अदालतको क्षेत्राधिकारलाई पुनर्परिभाषित गऱ्यो । विशेष जाहेरी विभाग र न्यायिक समिति जस्ता स्वतन्त्र न्यायपालिकाको मान्यतासँग मेल नखाने संरचनाहरूलाई खारेज गरियो । न्याय परिषद् ऐन,[८] सर्वोच्च अदालत ऐन र न्याय प्रशासन ऐनलाई समय सापेक्ष रुपमा परिमार्जन सहित नयाँ रुपमा जारी गरियो । सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी भयो । मुलुकी ऐनमा पटक-पटक संशोधन गरी कार्यविधिगत सरलीकरणका प्रयासहरू भए मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू अनुमोदन गरियो । अदालत सम्बन्धी नियमावलीहरू नयाँ रुपमा जारी गरियो । न्यायप्रणालीको सुधारको लागि अनुसन्धानमूलक अध्ययन तथा योजनाबद्ध विकासको शुरुवात समेत गरियो । पछिल्लो समयमा मुलुकको कानूनी प्रणालीमा महत्वपूर्ण र दीर्घकालीन परिवर्तन ल्याउने उद्देश्यसाथ देवानी संहिता तथा फौजदारी संहिताको मस्यौदाका साथसाथै देवानी कार्यविधि संहिता तथा फौजदारी कार्यविधि संहितको छुट्टाछुट्टै मस्यौदा समेत तयार भैसकेको छ ।

यस अवधिमा भएका केही महत्वपूर्ण सुधारका पहलहरू निम्नानुसार छन्:

### (क) सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको सम्मेलनद्वारा पारित प्रस्तावहरू[९]

वि.सं. २०४८ सालमा पुनरावेदन अदालतको स्थापना भएपश्चात् आवधिक रुपमा गरिदै आएको सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको सम्मेलन कार्यविधि कानूनमा गरिनुपर्ने सुधारहरूको पहिचान तथा सुधारको स्वरुप निर्धारणका दृष्टिकोणले सम्भवत: सबैभन्दा महत्वपूर्ण संयन्त्रका रुपमा स्थापित भएको छ । विद्यमान कार्यविधि कानून र त्यसको प्रयोगमा देखिएका कठिनाईहरूका सम्बन्धमा पहिलो सम्मेलन २०५० मा असंगत कानूनमा संशोधन वा सुधार गर्नुपर्ने कुराहरूलाई छलफलको कार्यसूची बनाई कार्यविधि कानूनका सम्बन्धमा, जिल्ला अदालत नियमावली तुरुन्त जारी हुनुपर्ने प्रस्ताव पारित गरेको थियो । यसैगरी

---

८. उक्त ऐनले न्यायाधीशको कार्य क्षमता वा आचरणको मूल्याङ्कन गर्ने आधारका रुपमा मुद्दामा विनाकारण निर्धारित समयभित्र कारवाही र निर्णय नगर्ने लगायतका आधारहरू उल्लेख गरेको छ । दफा ४ क

९. सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको सम्मेलनद्वारा पारित प्रस्तावहरू (२०५०-२०५६), सर्वोच्च अदालत, २०५७ तथा सर्वोच्च अदालत बुलेटिनका विभिन्न अंकहरू, सर्वोच्च अदालत समेत

दोस्रो सम्मेलन २०५१ मा पारित प्रस्ताव मध्ये म्याद तामेली, प्रमाण मुकरर, कानून व्यवसायीले पेशी स्थगित गर्न पाउने आधार निर्धारण, जिल्ला अदालत नियमावली लागू, मुलतवी सम्बन्धमा स्पष्ट व्यवस्था, २ वर्ष नाघेका मुद्दाहरूको फछ्र्यौटमा शीघ्रता दिन विशेष व्यवस्था, इजलास व्यवस्थापन तथा बहस व्यवस्थापनको परिपाटी अपनाउने भन्ने प्रस्तावलाई अत्यन्त महत्वपूर्ण मान्न सकिन्छ ।

त्यसैगरी तेस्रो सम्मेलनबाट पारित फैसला कार्यान्वयनमा सक्रियता, अदालतको सक्रियतामा हुने मेलमिलाप सम्बन्धी व्यवस्था र पूराना मुद्दा फछ्र्यौटमा सक्रियताको प्रतिबद्दता जस्ता विषयहरू पनि कार्यविधि कानूनको सुधारसँग नै सम्बन्धित रहेका देखिन्छन् । सोही सम्मेलनमा कार्यविधि कानूनमा सरलीकरण शीर्षक अन्तर्गत म्याद तामेलीका लागि ढाँचा निर्धारण, मिलापत्रका लागि दरखास्त परे जहिलेसुकै मिलापत्र गराईदिनु पर्ने, बन्द इजलास सम्बन्धी अवधारणा जस्ता महत्वपूर्ण विषयहरू समेटिएको पाइन्छ ।

चौथो र पाँचौं सम्मेलनले समेत छुट्टा-छुट्टै देवानी र फौजदारी कार्यविधि कानून बन्नु पर्ने, मेलमिलाप सम्बन्धी कानून बनाउनु पर्ने, अदालती कार्यविधि निर्देशिका जारी गरी कानून र नजिरमा हुने परिवर्तनसँगै निर्देशिकालाई पनि अद्यावधिक गर्दै लैजाने, विषयवस्तु र मुद्दाको प्रकृति अनुसार सूचीबद्ध भएका सबै मुद्दाहरू एकै इजलासमा पेश गर्ने व्यवस्था मिलाउनु पर्ने, देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहिता तयार गरी लागू गर्नुपर्ने र हदम्याद सम्बन्धी छुट्टै कानूनी व्यवस्था गरिनुपर्ने भन्ने सम्मेलनको निष्कर्ष समेत कार्यविधि कानूनमा सरलीकरण गर्ने विषयसँग सम्वन्धित देखिन्छ ।

सातौं सम्मेलनमा तत्काल गरिनु पर्ने सुधारहरू र दीर्घकालीन सुधारहरू गरी दुई खण्डमा वर्गीकरण गरी म्याद तामेलीदेखि फैसला तयार गरी प्रतिलिपि दिने सम्मका सबै कार्यहरू कानूनले तोकेको समयमै सम्पन्न गर्ने कार्यप्रणाली विकसित गर्ने जस्ता विषयहरूलाई तत्काल गरिनुपर्ने विषय अन्तर्गत र मुद्दाको सुनुवाई सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन कार्यतालिका प्रणाली (Calendar of Operation) लागू गर्ने, नेपालको देवानी, फौजदारी, सारवान र कार्यविधि कानूनको पुनरावलोकन गरी व्यापक सुधार गरिनु पर्ने जस्ता विषयलाई दीर्घकालीन सुधार अन्तर्गत समावेश गरिएको पाइन्छ । त्यसका अतिरिक्त गहन प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा निरन्तर सुनुवाईको व्यवस्था हुनुपर्ने भन्ने सुझाव लाई महत्वपूर्ण रुपमा लिन सकिन्छ ।

आठौं सम्मेलनमा बहसका लागि Issue Frame गर्ने विषयमा र नवौं सम्मेलनमा न्यायिक व्यवस्थापन एवम् न्याय प्रशासनलाई चुस्त बनाउने क्रममा अदालत व्यवस्थापन समिति र अदालत सदृढीकरण सुझाव समितिद्वारा औंल्याईएका सुझाव एवम् प्रतिवेदनहरूको कार्यान्वयनमा जोड दिइएको थियो ।

दशौं सम्मेलनमा मुद्दा व्यवस्थापन, नागरिकहरूको न्यायमा सहज पहुँच, नवीनतम् विधिशास्त्रको विकास, सामाजिक न्याय जस्ता विषयहरूले प्रवेश पाएको

देखिन्छ । ती विषयहरू स्वभावतः अदालती काम कारवाहीलाई सहज र सरल बनाउने उद्देश्यद्वारा अभिप्रेरित हुने निश्चित नै छ ।

नेपालको संविधानले आत्मसात गरेको स्वतन्त्र एवम् सक्षम न्यायपालिकाको मूल मर्म र उद्देश्य शीघ्र, स्वच्छ र सुलभ न्याय प्रदान गर्नु हो भन्दै "जनताको लागि न्याय" भन्ने मान्यताको व्यावहारिक प्रयोग न्यायको सहज पहुँच र प्राप्तिमा निर्भर रहन्छ भन्ने निष्कर्ष नै एघारौं सम्मेलनको महत्वपूर्ण पक्ष हो । त्यसैगरी सर्वसुलभ न्याय (Justice for All) र जनताको लागि न्याय (Justice for People) को सार्थकताको लागि मौजुदा क्षेत्राधिकारमा सुधार आवश्यक रहेको, विषयगत न्यायकर्मीहरूको इजलास विशिष्टीकरण गरी सोही अनुरुपको इजलासको गठन गरी एकै प्रकारका विवादहरूको शीघ्र फछ्र्यौट गरी कार्यबोझ घटाउन र गुणस्तरीय फैसला प्रदान गर्न आवश्यक रहेको यस सम्मेलनको ठहर रहेको देखिन्छ ।

वाह्रौ सम्मेलन, २०६४ अन्तरिम संविधान पछिको वदलिँदो परिवेश र संविधानसभाद्वारा नयाँ संविधान बन्ने प्रक्रियाको प्रारम्भका वेलामा भएको हुँदा यस सम्मेलनमा मुलतः न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन, वर्तमान अवस्थामा न्यायपालिका समक्ष रहेका चुनौती एवम् सम्भावनाहरूको खोजी नै छलफका प्रमुख विषय बनाईएको थियो । सम्मेलनबाट न्यायिक सेबालाई न्यायका उपभोक्ताहरूको हित अनुकूल तुल्याउन तथा न्यायसम्मको पहुँचलाई सरल र सर्वसुलभ बनाउन अदालत व्यवस्थापनलाई प्रभावकारी बनाउने र न्याय सम्पादनको कार्यसँग सम्बन्धित विभिन्न सरोकारवाला निकायहरूसँग सहयोग र समन्वय अभिवृद्धि गर्ने कुरामा जोड दिइएको पाइन्छ ।

यसैगरी २०६५ सालमा सम्पन्न न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनले न्यायाधीशहरूको आचार संहिता आत्मसात गर्नुक साथै न्यायमा सहज पहुँचको सुनिश्चिततताप्रति प्रतिबद्धता ब्यक्त गरेको थियो ।

### (ख) अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५[१०]

यस सुझाव समितिले अदालती व्यवस्थामा सुलभ न्याय प्रदान गर्नमा मुख्य समस्याको रुपमा अवैज्ञानिक र अप्रभावकारी अदालत व्यवस्थापन, कार्यविधि कानूनका जटिलताहरू, परम्परागत कार्यशैली, कामप्रतिको उदासिनता, अदालती कारवाहीमा आधुनिक प्रविधिहरूको कमी, यातायात तथा सञ्चार साधनको सुलभताको अभाव र भौगोलिक विकटता जस्ता कारणहरू रहेको कुरालाई स्वीकार गर्दै कार्यविधि सम्बन्धी विभिन्न ऐन कानूनमा आवश्यक संशोधनहरू गरिनुपर्ने आवश्यकताबोध गरेको थियो । सो प्रतिवेदनमा मुद्दा प्रवाह व्यवस्थापन अन्तर्गत कार्यविधि कानूनमा सरलीकरणको

---

१०. अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत व्यवस्थापन समिति, सर्वोच्च अदालत

आवश्यकता शीर्षकमा कार्यविधि संहिता, म्याद तामेली, मुलतवी, मिसिल निरीक्षण, मुद्दाको प्रकृति अनुसार मुद्दाको वर्गीकरण, टिपोट किताव, अदालत दिग्दर्शन कार्यविधिमा एकरुपता, मुद्दाहरूको शीघ्र फछ्र्यौट र फैसला कार्यान्वयनका सन्दर्भहरू उल्लेख गरिएको छ ।

कार्यविधि सम्बन्धी कानूनलाई सरलीकरण नगरी न्याय सम्पादनको कार्य सरल हुन नसक्ने यथार्थलाई हृदयंगम गर्दै प्रतिवेदनले विद्यमान कानूनका कतिपय पक्षहरू समय सापेक्ष नभएको स्थितिबोध पनि गरेको छ । सोही आधारमा कार्यविधि कानूनलाई सरलीकृत गर्न र कार्यविधिमा एकरुपता ल्याउनका लागि सुधारका क्षेत्रहरू समेतको पहिचान गरी प्रतिवेदनमा प्रस्तुत गरिएको देखिन्छ ।

### (ग) अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८[११]

यस सुझाव समितिले "न्याय छिटो, कम खर्चिलो र सुलभ गराउन कार्यविधि कानूनको प्रमुख भूमिका रहने र शीघ्र न्यायका निमित्त कार्यविधि कानून सरल र संक्षिप्त हुनु पर्ने" भनी समय सापेक्ष सुधार हुनुपर्ने क्षेत्रको पहिचान गरी सुधारका लागि जोड दिएको छ ।

### (घ) नेपालको सर्वोच्च अदालतले उपयुक्त अबधिभित्र मुद्दा मामिलाको कारवाही र किनारा गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन मसौदा, २०५६[१२]

यो अध्ययन प्रतिवेदनमा मूलतः मुद्दाहरूको व्यवस्थापनका लागि मुद्दाबोझ व्यवस्थापन, मुद्दा अनुगमन (Case Tracking), समय व्यवस्थापन र मुद्दा प्रवाह व्यवस्थापनमा जोड दिएको थियो ।

### (ङ) फौजदारी कार्यविधि दिग्दर्शन, २०५८[१३]

यस दिग्दर्शनमा सरकारवादी फौजदारी मुद्दामा अवलम्बन गरिने कार्यविधि सम्बन्धी विद्यमान कानूनी व्यवस्थालाई एकीकृत रुपमा प्रस्तुत गरिएको र सो सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू, अन्तर्राष्ट्रिय मापदण्डहरू र फौजदारी न्यायका आधारभूत मान्यताहरूलाई यथास्थानमा प्रस्तुत गरिएबाट कार्यविधि कानूनको एकरुपतापूर्ण प्रयोगका दृष्टिले यो दिग्दर्शन उपयोगी देखिन्छ ।

---

११. अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, अदालत सुदृढीकरण सुझाव समिति, २०५८ ।

१२. नेपालको सर्वोच्च अदालतले उपयुक्त अबधिभित्र मुद्दा मामिलाको कारवाही र किनारा गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन, (अप्रकाशित) २०५६, राज्य अदालतहरूको लागि राष्ट्रिय केन्द्र (National Centre for State Court, USA).

१३. फौजदारी कार्यविधि दिग्दर्शन, २०५८ सेलर्ड, २०५८

### (च) दुनियावादी मुद्दा कार्यविधि दिग्दर्शन, २०६१[१४]

दुनियावादी देवानी र दुनियावादी फौजदारी मुद्दामा अवलम्बन गरिने कार्यविधिका सम्बन्धमा छरिएर रहेको कानूनी व्यवस्थालाई एकीकृत स्वरुप प्रदान गरी शुरु तहका सबै अदालतहरूमा कार्यविधिगत एकरुपता कायम गर्ने उद्देश्यले तयार पारिएको यो दिग्दर्शनमा मुद्दा दायरी, प्रतिवादी झिकाउने प्रक्रिया र तत्सम्बन्धी अन्य कार्यविधि, मुद्दा सुनुवाई प्रक्रिया र फैसला, फैसला कार्यान्वयन जस्ता कार्यविधिगत पक्षका साथै Basic Principles of the Independence of the Judiciary, Basic Principles of the Role of Lawyers, न्यायाधीशहरूले पालन गर्नुपर्ने आचरण, कानून व्यवसायीले पालन गर्नुपर्ने आचरण जस्ता महत्वपूर्ण दस्तावेजहरूलाई पनि समेटिएको छ ।

### (छ) न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना[१५]

नेपालको न्यायपालिकाको योजनाबद्ध विकास गर्ने उद्देश्यले सर्वोच्च अदालतले वि.सं. २०५९ सालमा न्यायपालिकाको पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको निर्माण गरेको थियो भने वि.सं. २०६४ मा दोश्रो पञ्चवर्षीय रणनीतिक योजनाको निर्माण गरी हाल अन्तिम चरणमा कार्यान्वयनको अवस्थामा छ । उक्त दुबै योजनाहरूले मानव अधिकार एवम् कानूनी राज्यको अवधारणालाई साकार पारी सबैलाई न्यायको प्रत्याभूति गर्न सक्ने स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो तथा जनआस्थामुखी न्याय प्रणालीको स्थापना गर्नुलाई नेपालको न्यायपालिकाको परिदृश्य (Vision) का रुपमा परिभाषित गरेका छन् । दोश्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारित उद्देश्य प्राप्त गर्ने मुख्य रणनीतिका रुपमा बैज्ञानिक मुद्दा व्यवस्थापन पद्धति अवलम्बन गर्ने रणनीति अख्तियार गर्दै यसका लागि कार्यविधि कानूनमा सुधार गरिनुपर्ने उल्लेख गरेको छ । तेस्रो योजनाले परिमार्जन सहित सुधारका लक्ष्य र रणनीतिहरु निर्धारण गरेको छ ।[१६]

### (ज) न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४[१७]

न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यले सर्वोच्च अदालत बार एशोसिएसनले न्यायपालिकाको जनआस्था अभिवृद्धिलाई अध्ययनको विषय बनाई त्यसमा विभिन्न कोणबाट अध्ययन गराएको पाइन्छ । न्याय सम्पादन सर्वसुलभ र छिटो छरितो नभएकोले न्याय महंगो र खर्चिलो हुन पुगेको, लामो र झण्झटिलो कार्यविधिगत

---

१४. दुनियावादी मुद्दाः कार्यविधि दिग्दर्शन, २०६१, न्यायपालिका सुधार कार्यक्रम, मु.ऐन, डि.पि.

१५. न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना (२०६१-२०६६), सर्वोच्च अदालत

१६. थप जानकारीका लागि हेर्न सकिन्छ : न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२ - २०७५/७६

१७. न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन, २०६४, सर्वोच्च अदालत बार एशोसिएसन, काठमाडौं ।

औपचारिकताका कारण अदालतमा अनावश्यक ढिलासुस्ती हुन्छ भन्ने नकारात्मक धारणाको विकास भएको र न्यायपालिका व्यवहारिक नभई बढी प्रक्रियामुखी भएको भन्ने जस्ता आक्षेपहरू न्यायपालिका प्रति लक्षित हुने गरेको सन्दर्भ कोट्याउँदै यस प्रतिवेदनले कार्यविधि कानून र सारवान कानूनमा देखिएका कमी कमजोरीहरूको विवरण समेत प्रस्तुत गरेको छ। त्यसका आधारमा कार्यविधि कानून र सारवान कानूनमा हुनुपर्ने सुधारका लागि सुझाव समेत प्रस्तुत गरिएको छ।

### (झ) फौजदारी तथा देवानी कार्यविधि संहिता[१८]

नेपालको अपराधसँग सम्बन्धित एवम् देवानी कानून सम्बन्धी व्यवस्था ज्यादै परम्परागत र विभिन्न कानूनमा छरिएर रहेको हुँदा अन्य देशमा सरह यसलाई व्यवस्थित गरी न्याय प्रशासनलाई आधुनिकीकरण गर्न आवश्यक भएको कुरालाई मनन् गरी तत्कालीन श्री ५ को सरकारले २०५८ मा एक अपराध संहिता तथा २०६१ सालमा देवानी संहिता (Civil Code) र देवानी कार्यविधि संहिता (Civil Procedure Code) को मसौदा तयार गर्न एउटा कार्यदल गठन गरिएको पाइन्छ। उक्त कार्यदलले प्रारम्भिक प्रतिवेदन बुझाइसकेको अवस्थामा पछि २०६५ सालमा पुनः अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको निर्माणको लागि एक कार्यदल र देवानी संहिता तथा देवानी कार्यविधि संहित निर्माणको लागि अर्को कार्यदल गठन भै उक्त कार्यदलले दुबै कार्यविधि संहिताको मसौदा तयार गरी सरकार समक्ष प्रस्तुत गरेको र उक्त संहिता कानून निर्माणको लागि व्यवस्थापिका संसदमा समेत पेश भै सकेको अवस्था छ। सो संहिताको प्रारम्भिक मसौदा अध्ययन गर्दा त्यसभित्र मूलतः अदालतको अधिकार क्षेत्र सम्बन्धी, मुद्दा सार्ने र फिर्ता लिने सम्बन्धी, हकदैया, फिरादपत्र सम्बन्धी, सरकारवादी हुने र विदेशी नागरिक, राज्य र कुटनैतिक प्रतिनिधिको मुद्दा सम्बन्धी विशेष व्यवस्था, म्याद तामेल सम्बन्धी, प्रतिउत्तर सम्बन्धी, वारेस सम्बन्धी, म्याद तारेख सम्बन्धी, प्रारम्भिक सुनुवाई सम्बन्धी, अन्तरकालीन आदेश सम्बन्धी, प्रमाण बुझ्ने सम्बन्धी, साक्षी परीक्षण सम्बन्धी, मेलमिलाप र मिलापत्र सम्बन्धी, तामेली र मुल्तवी सम्बन्धी, फैसला र पुनरावेदन सम्बन्धी, पुनरावलोकन र मुद्दा दोहोऱ्याई हेर्ने सम्बन्धी, फैसला कार्यान्वयन सम्बन्धी र विशेष कारवाही सम्बन्धी व्यवस्था गरेको पाइन्छ।

## ७. कार्यविधि कानूनको सुधारले न्याय प्रशासनमा पारेको प्रभाव

माथि प्रकरण ६ मा उल्लेख गरिएका विविध प्रयासहरूको विश्लेषणबाट कार्यविधि कानूनको सुधारको प्रयास लामो समयदेखि निरन्तर रुपमा चलिरहेको र यसले

१८. अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता र देवानी संहिता तथा देवानी कार्यविधि संहिता नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०६८

कार्यविधिका सबै पाटाहरूलाई सम्बोधन गर्न प्रयास गरेको पुष्टि हुन्छ । यद्यपि यो निरन्तर चलिरहने प्रक्रिया भएकाले पूर्ण हुन भने सम्भव छैन साथै यसका सबै पहलहरूलाई एउटै सन्दर्भमा उल्लेख गर्न सम्भव पनि छैन । अत यस सम्बन्धमा विगतका केही दशकमा गरिएको सुधारका प्रयासहरूबाट आधारभूत रुपमा प्रभावित भएका न्याय प्रशासनका केही पक्षहरूलाई उदाहरणका रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

## अधिकार क्षेत्र

वि.सं. २००८ मा प्रधान न्यायालयको स्थापना भएदेखि हालसम्म न्यायपालिकाको तहगत संरचनामा पटक पटक संशोधन हुँदै आएको छ । एकातर्फ विषयगत कानूनले कुनै अमुक विषयको मुद्दा हेर्ने क्षेत्राधिकार पटक पटक परिवर्तन गरेको देखिन्छ भने अर्को तर्फ न्यायपालिकाको संरचनामा गरिएका परिवर्तनले पनि मुद्दा हेर्ने क्षेत्राधिकारमा परिवर्तन हुँदै आएको छ । अदालतको संरचनामा आएको परिवर्तन, भौगोलिक क्षेत्राधिकारमा गरिएको परिवर्तन वा विषयगत क्षेत्राधिकारमा गरिएको परिवर्तनले न्याय सम्पादनमा सकारात्मक तथा नकारात्मक दुबै प्रभाव पारेको देखिन्छ । उदाहरणका लागि २०३१।४।१८ (अध्यादेश २०३०।१२।२०) मा जारी गरिएको न्याय प्रशासन सुधार ऐनले क्षेत्रीय अदालतको स्थापना गरेपछि जिल्ला अदालतको कतिपय फैसला उपर अञ्चल वा क्षेत्रीय कुन अदालतमा पुनरावेदन लाग्ने भन्ने अन्योलले न्यायका उपभोक्तका हक अधिकार समेत प्रभावित हुन पुगेको थियो । यस्तै, मिति २०६७।१२।१५ मा गरिएको न्याय प्रशासन ऐन २०४८ को संशोधनले एकातर्फ पुनरावेदन अदालतलाई उत्प्रेषण लगायतको रिट क्षेत्राधिकार र जिल्ला अदालतलाई निषेधाज्ञा तथा बन्दीप्रत्यक्षीकरणका निवेदन सुन्ने क्षेत्राधिकार प्रदान गरेबाट[१९] न्यायका उपभोक्तालाई सहज पहुँच हुन पुगेको छ भने अर्कातर्फ समानान्तर क्षेत्राधिकारको प्रयोगबाट कतिपय कार्यविधि गत कठिनाई पनि उत्पन्न हुन पुगेको छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा गरिएको सोही संशोधनले पुनरावेदन अदालतका कतिपय फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने अवस्थाको सृजना न्यायका उपभोक्तालाई मात्र नभई सम्बन्धित अदालतहरूलाई समेत भइरहेको देखिन्छ ।

## हकदैया

नेपाल सरकार वादी हुने मुद्दा र घुस खाने माग्ने सरकारी कर्मचारी कै हस्ताक्षरको लिखतको सबुत लिई नालिस गरेको घुस मुद्दा बाहेक जसको जुन कुरामा हक

१९. न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, नेपाल राजपत्र, खण्ड ६० अतिरिक्ताङ्क ३७, मिति २०६७।१२।१५

लाग्छ। उसले सो कुरामा दावी लिई नालिस गर्न सक्ने[२०] हकदैया सम्बन्धी मान्य कानूनी सिद्धान्त हो। यद्यपि नाबालक, वृद्धावस्था, होस ठेगानामा नभएको, बौलाएको, दुबै आँखा नदेख्ने अन्धा अन्धी वा वक्क लाटा लाटी मानिसहरूको र विदेशमा गई फर्की आउने ठेगान नभएका लगायतका केही अवस्थाका व्यक्तिहरूको हकमा हकबालाले नालीस गर्न पाउने[२१] र मुद्दाको विषय वा प्रकृतिबाट नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा नेपाल सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भै मुद्दा चलाउन सक्ने[२२] व्यवस्था उक्त हकपुग्नेले मात्र नालीस गर्न पाउने आधारभूत कानूनी सिद्धान्तको अपबादको रुपमा रहेको छ। मुलुकी ऐनमा २०४३ सालमा भएको नवौं संशोधनले सार्वजनिक हकहितको विषयमा एवम् असमर्थ वा अनुपस्थित पक्षको तर्फबाट अनुमति लिदा अवलम्बन गर्नुपर्ने कार्यविधिलाई व्यवस्थित गरेको छ।

यसबाहेक २०४७ जारी नेपाल अधिराज्यको संविधानमा गरिएको संवैधानिक वा कानूनी प्रश्न निहित भएको कुनै सार्वजनिक हक वा सरोकारको विवाद निरुपणका लागि जो सुकैले सिधै सर्वोच्च अदालतमा निवेदन दिन सक्ने संवैधानिक व्यवस्था हकदैयाका सम्बन्धमा अत्यन्त महत्वपूर्ण परिवर्तन हो जुन व्यवस्थालाई नेपालको अन्तरिम संविधान २०६३ ले समेत आत्मसात गरेको छ। उक्त संवैधानिक व्यवस्थाले प्रत्येक नेपाली नागरिकलाई न्यायिक पुनरावलोकनको लागि सर्वोच्च अदालतमा निवेदन दिन सक्ने हकदैया प्रदान गरेको छ। सर्वोच्च अदालतबाट सार्वजनिक हक वा सरोकारको विषयमा निवेदन गर्नको लागि विवादको विषय न्यायिक निरुपण (Justiciability) को विषय हुनु पर्ने, विवादको विषयसँग अर्थपूर्ण सम्बन्ध र सात्विक सरोकार Meaningful Relation र Substantial Interest राख्नु पर्ने, निवेदकले सरोकारवालाको सहि प्रतिनिधित्व गर्नु पर्ने एवम् आफूले सरोकार राख्ने पर्याप्त र मनासिव कारण हुनुपर्ने भनी हकदैया परीक्षणका आधार तयार गरेको छ।[२३] यस्ता सार्वजनिक सरोकारका विवाद सन्निहत मुद्दामा निवेदकको मृत्यु भएमा वा निवेदकले तारिख गुजारेको अवस्थामा पनि मुद्दा तामेली नहुने, निवेदकले मुद्दा फिर्ता समेत लिन नपाउने लगायतका कार्यविधि अवलम्बन गरेको पाइन्छ।[२४]

---

२०. मुलुकी ऐन, अ.व.८२ नं.
२१. मुलुकी ऐन, अ.व. ८३ नं.
२२. मुलुकी ऐन, अ.व.१० नं.
२३. राधेश्या अधिकारी वि.मन्त्रि परिषद् सचिबालय समेत, ने.का.प. २०४८ पृ ८१०
२४. प्रा.डा. चुडाराज भटराई वि. लोक सेवा आयोग समेत, फैसला मिति २०५४।४।२९

## मुद्दा दर्ता प्रक्रिया

कार्यविधि कानूनले सुधार गर्न खोजेको एउटा पक्ष मुद्दा दर्ता प्रक्रियाको सरलीकरण पनि हो। २०२८ सालमा नै संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दामा कसैले फिरादपत्र नदिई प्रमाण खुलाई उजूर निवेदनपत्र दिएमा अदालतले आवश्यकता अनुसार बयान गराई त्यसैबाट कारवाही गर्न पर्ने तथा मुद्दामा उजूरी दायर भएपछि दाबी वा अभियोग कानूनमा आधारित छ छैन वा वादीले प्रस्तुत गरेका प्रमाणहरू पर्याप्त र सरोकारका छन् छैनन हेरी उजूरी विश्वसनीय नभएमा तत्काल खारेज गर्न सक्ने कानूनी व्यवस्था सुरुवात गरेको हो।[२५] यद्यपि यो व्यवस्थाको व्यवहारिक कार्यान्वयन भएको देखिदैन तर यो व्यवस्थाको कार्यान्वयन हुन सकेमा मुद्दा दर्ता प्रक्रिया अत्यन्त सरल र सहज हुन जाने हुन्छ।

यस्तै दर्ता प्रक्रियालाई सहज बनाउनका लागि लागि सर्वोच्च अदालत तथा पुनरावेदन अदालतमा रजिष्ट्रार तथा जिल्ला अदालतमा श्रेस्तेदारलाई नै दर्ताको आदेश दिने अधिकार प्रदान गरिएको छ।[२६] जिल्ला अदालतमा मुद्दा दर्ता सम्बन्धी अधिकार श्रेस्तेदार लाई प्रदान गरिएपछि तुलनात्मक रुपमा कार्य सम्पादन सहज र सेवा प्रवाह प्रभावकारी भएको देखिएको छ। अदालतसम्बन्धी नियमावलीमा संशोधन गरी परम्परागत शैलीका फिराद, प्रतिउत्तर, पुनरावेदनपत्र तथा फैसलाका ढाँचाहरूमा परिवर्तन गरिएबाट यस्ता लिखतहरू तयार गर्न तथा हेर्न बुझ्न समेत सहज भएको छ। त्यसैगरी अदालतमा प्रस्तुत गरिने लिखतहरूमा वादी प्रतिवादीको नाम, थर, वतन, उमेर, बाबुको नाम, फिराद गर्नु परेको व्यहोरा, वस्तुस्थिति, हकदैया, क्षेत्राधिकार, हदम्याद कोर्ट फी, दावी सम्बन्धी कानून प्रमाणहरू, कार्यविधि खुलाउनु पर्ने व्यवस्थाले न्यायिक कामकारवाहीमा स्पष्टता एवम् निश्चितता सृजना गरेको छ भने अर्कोतर्फ नेपाल सरकार वादी भै चलेका मुद्दामा स्पष्ट र वास्तविक वतन खुलाउनुपर्ने सो नभएको स्थितिमा निज प्रतिवादीको हकमा मुद्दा नै दर्ता नहुने वा तामेलीमा राख्न सकिने[२७] व्यवस्था गरी अस्पष्ट वतन उल्लेख गरेबाट सृजना हुने जटिल परिस्थितिको अन्त्य गर्न सघाउ पुगेको छ। लिखतमा उपलब्ध भएसम्म पक्ष विपक्षको इमेल लगायतका विद्युतीय सम्पर्क ठेगाना उल्लेख गर्नुपर्ने तथा अदालतमा पेश गरिने मुख्य मुख्य लिखतको विद्युतीय प्रति समेत पेश गर्नुपर्ने[२८] कानूनी व्यवस्थाले मुद्दाको दर्तादेखि नै कारवाही प्रक्रियालाई छिटो छरितो बनाउन प्रयास गरेको देखिन्छ।

यस्तै, कोर्ट फी राख्न असमर्थ पक्षले कोर्ट फी ऐन, २०१७ को दफा २३ बमोजिमको सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरी न्यायिक पहुँचको अवस्था सृजना गरेको छ।

---

२५. संछिप्त कार्यविध ऐन २०२८, दफा ४, ५

२६. जिल्ला अदालत नियमावली, २०५२ को नियम ७(१)(क)

२७. जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क(४)

२८. सर्वोच्च अदालत नियमावली २०४९ नियम ११२क

## म्याद तामेली प्रक्रिया

मुद्दाको सरोकारवाला पक्षलाई सूचना नदिएसम्म निजको हक अधिकारमा आघात पुग्ने वा निजको दायित्व सृजना हुने गरी निर्णय हुन नसक्ने भएकाले मुद्दाका सरोकारवाला पक्षलाई सो बारेमा सुचना दिनु मुद्दाको सर्वाधिक महत्वपूर्ण कार्यविधि हो । प्रभावित हुने पक्षलाई सूचना नदिई फैसला गर्नु प्राकृतिक न्यायको सिद्धान्तको पनि प्रतिकूल हुन्छ । यसर्थ रीतपूर्वकको म्याद तामेली प्रक्रियालाई कार्यविधि कानूनमा अत्यन्त समबेदनशिलताका साथ हेरिएको हुन्छ । न्यायिक प्रक्रियाको सरलिकरणका लागि म्याद तामेली सम्बन्धी प्रक्रियामा सुधार हुनुपर्ने तर्फ कार्यविधि सुधार सम्बन्धी गरिएका अनेकौं अध्ययन प्रतिवेदनले इंगित गरेको पाइन्छ । यस सम्बन्धमा पर्याप्त सुधारको पहल भएको पनि देखिन्छ। यसका लागि मुलुकी ऐन तथा अदालत सम्बन्धी नियमावलीमा पटक पटक संशोधन भएको छ। रितपूर्वक म्याद तामेली नहुँदा एकातर्फ मुद्दाको कारवाही अगाडि बढ्न सक्दैन भने अर्कातर्फ तामेली बदर सम्बन्धी अर्को मुद्दाको सृजना हुने सम्भावना पनि संधै रहिरहन्छ ।

म्याद तामेली प्रक्रियालाई छिटो छरितो बनाउने क्रममा जिल्ला अदालतमा श्रेस्तेदारले प्रतिवादीलाई समाव्हान वा इतलायनामा वा म्याद पठाउने आदेश उसै दिन गरी म्याद तामेलका लागि ३ दिन भित्र सम्बन्धित फाँटमा पठाउनु पर्ने व्यवस्था[२९] गरेको छ । म्याद तामेली सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन सम्बन्धित स्थानमा नै गै म्याद तामेली गर्नुका अतिरिक्त यस सम्बन्धी कानूनमा पटक पटक संशोधन गरी हुलाकबाट रजिष्टरी गरी म्याद तामेल गर्न सकिने[३०] सम्बन्धित कार्यालयमा नै म्याद तामेल गर्न सकिने[३१] कानून व्यवसायीलाई म्याद तामेल गर्न सकिने[३२] लगायतका व्यवस्थाहरू अवलम्बन गरेको देखिन्छ। म्याद तामेली सम्बन्धी समस्यालाई अदालत सम्बन्धी नियमावली पनि पटक पटक संशोधन गरी सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ । म्याद तामेल गर्न जाँदा स्थानीय निकायका प्रतिनिधि वा सचिव फेला नपरेमा सोही स्थानमा रहेका कुनै सरकारी कर्मचारीलाई रोहवरमा राखी म्याद तामेल गर्न सकिने व्यवस्था एवम् मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११० नं. को प्रक्रियाबाट म्याद तामेल हुन नसकेको स्थितिमा विद्युतीय माध्यम वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेर वा अन्य सरकारी अड्डा वा स्थानीय निकायबाट समेत म्याद तामेल गर्न सकिने गरी[३३] भएका संशोधनलाई म्याद तामेलीका सन्दर्भमा गरिएको क्रान्तिकारी सुधारका रुपमा लिन

२९. जिल्ला अदालत नियमावली, २०५२ को नियम २२
३०. मुलुकी ऐन नवौ संशोधन २०४३
३१. ऐजन
३२. मुलुकी ऐन तेस्रो संशोधन २०२५
३३. सर्वोच्च अदालत नियमावली २०४९ को नियम १०४ च तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७(१)(र)

सकिन्छ । उल्लिखित व्यवस्थाको कार्यान्वयनबाट रीतपूर्वक म्याद तामेल नभई वर्षौंदेखि थन्किएर रहेका कैयौं मुद्दाहरूको कारवाई प्रक्रिया अगाडि बढेको अवस्था छ । यद्यपि यी व्यवस्थाहरूको पूर्ण प्रभावकारी कार्यान्वयन हुन सकेको भने पाइदैन ।

**म्याद तारेख सम्बन्धी**

निर्धारित पेशीका दिन मुद्दा सुनुवाई हुन नसककेका कारण वा मुद्दाको कारवाही प्रक्रिया सम्बन्धी कुनै आदेश भएका कारण अर्को पेशी वा तारिखका दिन अदालतमा उपस्थित हुन आउनु भनी पक्षलाई गरिने आदेश न्यायिक कार्यविधिको सामान्य प्रक्रिया हो । तर यसरी तोकिएको दिन सो दिनका लागि तोकिएको कार्यसम्पन्न हुन नसकी पटक पटक पेशी वा तारिख तोक्नुपर्ने अवस्थाको सृजना भने न्यायिक सुधारको लागि गम्भीर चुनौती हो । यसलाई आदिकवि भानुभक्त आचार्यले आजभन्दा करिव डेढसय वर्ष अघि नै कवितामार्फत ब्यङ्ग गरेका थिए । त्यही रुपमा नभएतापनि पटक पटक पेशी वा तारिखमा धाइरहनुपर्ने बाध्यता आज पनि न्यायिक प्रक्रियाको तितो यथार्थ हो । यसको अर्थ म्याद तारिख सम्बन्धी व्यवस्थालाई सरल सहज बनाउन प्रयास नै नभएको भने होइन । हुन त न्यायिक कार्यविधिमा कुनै पनि तारिख वा पेशीमा सो दिनका लागि तोकिएको कार्य हुनै पर्ने भनी २०४० सालको शाही न्याय सुधार आयोगले नै सुझाव दिएको थियो तापनि तदनुकूलको व्यवहार आज पनि विकसित हुनसकेको छैन । हुन त २०२८ सालमा नै संक्षिप्त कार्यविधि ऐन जारी गरी सो ऐन अन्तर्गतका मुद्दामा ७ दिनको[३४] म्याद जारी गरिने र सो म्याद गुज्रेमा १५ दिन मात्र थाम्न थमाउन सकिने व्यवस्था ल्याइएको थियो ।[३५] अदालतले प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमतिले तारिखमा नबसेपनि हुने व्यवस्था त सुधारका दृष्टिले अझै महत्वपूर्ण व्यवस्था हो[३६] यस्तै खाले तारिखमा नबसे पनि हुने व्यवस्था सर्वोच्च अदालत तथा पुनरावेदन अदालतमा लागू गर्न झण्डै तीन दशक कुर्नु परेको थियो ।[३७]

यसै गरी २०३१ सालको विशेष अदालत ऐनले सो ऐन अन्तर्गतको मुद्दामा १५ दिनको[३८] म्याद जारी गर्ने र सो म्याद गुज्रेमा १५ दिनको म्याद थाम्न थमाउन सकिने व्यवस्था गऱ्यो ।[३९] सामान्य कार्यविधिमा अवलम्बन गरिने ३० दिनको म्याद र अ.बं. ५९ नं. बमोजिम ३० दिन नै थाम्ने थमाउने व्यवस्थालाई ती उल्लिखित दुबै ऐन अन्तर्गतको मुद्दामा अवलम्बन नगरिएबाट खास प्रकारको मुद्दामा म्याद तारिख सम्बन्धी व्यवस्थाालाई

---

३४. संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ८
३५. अ.व.५९ नं., विशेष अदालत ऐनको दफा ११ र संक्षिप्त कार्यविधि ऐनको दफा ८
३६. संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११
३७. सर्वोच्च अदालत नियमावली २०४९ को नियम ५९
३८. विशेष अदालत ऐन, २०५९ को दफा ८
३९. अ.व.५९ नं., विशेष अदालत ऐनको दफा ११ र संक्षिप्त कार्यविधि ऐनको दफा ८

छिटो र प्रभावकारी व्यवस्थापन गर्न खोजेको देखिन्छ । त्यसो त बन्दी प्रत्यक्षीकरणको रिटमा ३ दिनको र अन्य रिटमा १५ दिनको म्याद जारी गरी क्रमशः ७ दिन र १५ दिन थाम्न थमाउन पाउने व्यवस्था छ ।[४०]

पेशी तारिख सम्बन्धी अर्को महत्वपूर्ण पहल मुद्दाको कारवाई प्रक्रियालाई अनुमानयोग्य बनाउने र तोकेको समयमा तोकेको कार्यविधि सम्पन्न गर्न मुद्दाको कारवाईको समय तालिका नै पक्षलाई उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्थाको अवलम्बन हो ।[४१] यद्यपि आवश्यक साधन स्रोतको अभाव लगायतका विविध समस्याका कारण व्यवस्थाको पनि पूर्ण परिपालना भएको देखिदैन तापनि सैद्धान्तिक रुपमा पेशी व्यवस्थापनको सुधारमा यो ठूलो फड्को हो । पछिल्लो दशकमा अदालतले मुद्दाको कार्यविधिलाई सूचना प्रविधिसँग आबद्ध गर्दै जाँदा अदालतका सेवाग्राहीले पेशीको जानकारी लगायतका अन्य कैयौं विषयमा जानकारी लिई लाभान्वित हुन सकेको देखिन्छ । दैनिक मुद्दा पेशी सूचीमा चढी सुनुवाईका लागि पेश भएको मुद्दा तारिख गुजारी थाम्ने थमाउने म्याद बाँकी भएका कारण वा वारिस वा कानून व्यवसायी उपस्थित नभएकै कारण सुनुवाई नरोकिने भन्ने सम्वन्धित नियमावलीको व्यवस्थाले पेशी तारिख प्रणालीलाई विश्वसनीय बनाउन प्रयास गरेको देखिन्छ ।

## कारवाई प्रक्रिया र प्रमाण सङ्कलन

कार्यविधि सुधारका लागि आजसम्म गरिएका सम्पूर्ण प्रयास नै व्यापक अर्थमा मुद्दाको कारवाई प्रक्रियाको सुधार हो । मुद्दा दर्ताको प्रक्रिया होस् वा म्याद तामेली वा तारेख वा पेशी व्यवस्थापनको कुरा किन नहोस् ती सबै व्यवस्था समग्रमा मुद्दाका कारवाई सुधारका पहल हुन् । प्रमाण वुझ्ने सम्बन्धमा, के कति कुरामा निर्णय दिनु पर्ने हो आदेशमा उल्लेख गरी त्यसको लागि कुन कुन प्रमाण वुझ्नुपर्ने हो प्रष्ट गरी मुलुकी ऐन अदालती बन्दोबस्तको १८४ नं.को अधीनमा रही प्रारम्भिक सुनुवाईको क्रममा नै प्रमाण बुझ्ने आदेश गर्नुपर्ने[४२] भन्ने कानूनी व्यवस्थालाई व्यवहारमा सुनुवाईपूर्वको छलफल (Pre-trial Conference) का रुपमा विकसित गराउनु पर्ने मान्यता प्रवल हुँदै आएको छ । कैयौं अदालत वा न्यायाधीशहरूले प्रमाण मुकरर सम्बन्धी यो कानूनी व्यवस्थालाई मुद्दा व्यवस्थापनको बैज्ञानिक पद्धतिको प्रारम्भिक चरणका रुपमा विकसित गरेको देखिन्छ ।[४३] प्रारम्भिक सुनुवाईका क्रममा नै मुद्दा किनारा गर्न सकिने जिल्ला अदालत नियमावलीको नियम ४६(क) को व्यवस्था, तोकिएको मुद्दामा लगातार कारवाही र सुनुवाई गरी मुद्दा

४०. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ क र पुनरावेदन अदालत नियमावलीको नियम ३६ क

४१. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५८(क)

४२. जिल्ला अदालत नियमावली, २०५२ को नियम २४

४३. उदाहरणका रुपमा ललितपुर जिल्ला अदालतले आ.व. २०७०।७१ मा छानिएका मुद्दाहरूमा यससम्बन्धी प्रभावकारी अभ्यास गरेको छ

किनारा गर्न सकिने नियम २३(ग) को व्यवस्था तथा बालबालिका, जबरजस्ती करणी, जिउमास्ने बेच्ने, नाताकायम, सम्बन्धविच्छेद सम्बन्धी मुद्दा वा खुला इजलासमा सुनुवाई गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासले हेर्ने भनी आदेश गरेको मुद्दाको सुनुवाई बन्द इजलासबाट हुने व्यवस्था कार्यविधि सुधारका दृष्टिले उल्लेखनीय छन् ।

अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०५८ ले अदालती बन्दोबस्तको १७१क नं. लाई संशोधन गरी मुद्दाको कारवाहीको क्रममा विवादसँग सम्बन्धित दावी पुग्न सक्ने सम्मको सम्पत्ति रोक्का राख्ने वा त्यस्तो आदेश कायम राखी राख्नुपर्ने स्थिति नदेखिएमा खारेज गर्न सक्ने सक्ने गरी गरेको व्यवस्थाले मुद्दाको कारवाईबाटै न्याय प्राप्तिका लागि सहज अवस्थाको सृजना हुन गएको देखिन्छ । यस्तै मुलुकी ऐनमा २०५९ सालमा भएको एघारौं संशोधनले जबरजस्ती करणीको १० नं. को दावी लिई दायर हुने मुद्दामा पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्था गरेकोमा प्रतिवादीको अंश लगायतको सम्पत्ति थुनछेकको आदेशको क्रममै रोक्का राख्नुपर्ने गरी जिल्ला अदालत नियमावलीमा गरिएको संशोधन,[४४] पीडित न्यायका दृष्टिले महत्वपूर्ण छ । जिल्ला अदालत नियमावलीको नियम ८५क मा भएको लोग्ने स्वास्नीको सम्बन्धविच्छेद हुने भएमा अदालतले निजहरूबीच अंशबण्डा गर्न लगाएर मात्र सम्बन्धविच्छेद हुने निर्णय गर्नु पर्ने भन्ने व्यवस्था पनि न्यायमा सहज पहुँचका लागि कार्यविधिमा गरिएको उल्लेखनीय सुधार हो ।

अदालतमा दायर भएको मुद्दा फैसला गर्ने सम्बन्धमा साधारण कार्यविधि अपनाउनु पर्ने मुद्दाहरूमा प्रतिवादी परेका वा पर्ने अवस्था पुगेको मितिबाट १ वर्ष भित्र, पुनरावेदन तहको फैसला शुरु मिसिल प्राप्त भएको ६ महिना भित्र र प्रमाण बुझिसकेको मुद्दा ३५ दिनभित्र फैसला गर्नु पर्ने[४५] व्यवस्था तथा विशेष अदालत ऐन अन्तर्गतको मुद्दा ६ महिनाभित्र र संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको मुद्दा ९० दिनभित्र किनारा लगाउनु पर्ने व्यवस्था पालना हुन सकेमा समयमा न्याय दिलाउने प्रतिबद्धता व्यवहारमा सही रुपमा कार्यान्वयन हुन जान्छ ।

## ६. कार्यविधि कानूनमा सुधारका केही पक्षहरू

विद्यमान कार्यविधि कानूनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा केही कठिनाई, र जटिलता तथा यसको प्रयोगमा विविधता भयो भन्ने आवाज बारम्बार उठ्ने गरेको टिप्पणी हो । यसैका कारण केही अनियमितता र ढिलासुस्ती समेत हुने गरेको आरोप हामीले खेप्नु नपरेको पनि होइन । तर संविधानले सुम्पेको न्यायपालिकाको दायित्वलाई सक्षम र सहज ढंगले निर्वाह गरी जनविश्वास वढाउदै लैजान सक्ने न्यायपालिकाको निर्माण

४४. जिल्ला अदालत नियमावली, २०५२ को नियम ३१क.

४५. मुलुकी ऐन अदालती बन्दोवस्तको १४

गर्न अदालतले यस अघि नै आफ्नो रणनीतिक योजना निर्माण गरी हाल कार्यान्वयनको गर्दै आएको पनि छ । स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त जनआस्थामा आधारित न्याय प्रणाली मार्फत मानव अधिकारको संरक्षण गर्दै कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय सुनिश्चित गर्ने नेपालको न्यायपालिकाको परिदृष्य र संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूको आधारमा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादन गर्नु नेपालको न्यायपालिकाको परिलक्ष्य निर्धारण गरी सो प्राप्तिका लागि न्यायिक सुधारको योजनाबद्ध अभियानको यात्रा जारी छ । सो उद्देश्य प्राप्तिका लागि विभिन्न मुख्य रणनीतिक उपायहरूको प्रक्षेपण गरी त्यसको कार्यान्वयनमा जोड दिएको छ । सो अन्तर्गत रणनीतिक उपाय अन्तर्गत नजीर, कानून र न्याय प्रणालीको अध्ययन, अनुसन्धान र प्रकाशन तथा अदालतबाट प्रदान गरिने सेवाको स्तरवृद्धि गर्न र न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्न न्याय प्रशासनसँग सम्बद्ध कानूनहरूको पुनरावलोकन गरी संशोधन तथा नया कानूनको निर्माणका लागि पहल गर्ने उल्लेख भएबाट कार्यविधि कानूनको सुधार न्यायपालिकाको निरन्तर सुधारको एउटा महत्वपूर्ण पहलका रुपमा रहेको छ ।

यसक्रममा न्यायिक कार्यविधिलाई प्रभावकारी र सहज बनाउनको लागि देहायका सुधारका पक्षहरू कार्यान्वयन गरिनुपर्छ :

- संक्षिप्त कार्यविधि ऐनमा संशोधन गरी ३ वर्षसम्म कैद वा ५०,०००।- रुपैयासम्म जरिवाना वा १,००,०००।- रुपैयासम्म विगो भएका मुद्दाहरू उक्त ऐन अन्तर्गतको कार्यविधि अवलम्बन गर्ने व्यवस्था गर्ने र सो ऐन बमोजिमका मुद्दाहरू पुनरावेदन अदालतबाटै अन्तिम हुने व्यवस्था गर्नु पर्दछ ।
- अर्द्धन्यायिक निकायले गरेका निर्णयहरू उपर पनि सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरी त्यस्ता मुद्दा पुनरावेदन अदालतबाट नै अन्तिम हुने व्यवस्था गर्नु पर्दछ । पुनरावेदन अदालतबाट अन्तिम हुने मुद्दाहरूको दोहोऱ्याई पाउन वा पुनरावलोकन सोही अदालतबाट गर्ने गरी कार्यविधि व्यवस्थित गरिनु पर्दछ ।
- हरेक अपराध वा अपकारको विषयवस्तु, त्यसको प्रकृति, त्यसले समाजमा पार्ने असर अर्थात गम्भीरता हेरी हदम्यादको व्यवस्था गरिएको हुनु पर्दछ । हदम्याद सम्बन्धी विधिशास्त्रीय मान्यताका आधारमा हदम्याद सम्बन्धी एउटा छुट्टै कानून निर्माण गर्ने, यसरी हदम्याद सम्बन्धी कानून निर्माण गर्दा हदम्यादका सैद्धान्तिक आधार उक्त कानूनले निर्धारण गर्ने र विषयगत हदम्यादको किटानी सम्बन्धित ऐनले गर्ने व्यवस्था हुनुपर्छ । हदम्याद सम्बन्धी वर्तमान कानूनको पुनरावलोकन गरी नयाँ कानून निर्माण गर्दा यातायात तथा सञ्चार क्षेत्रमा भएको विकास, विज्ञान र प्रविधिमा भएको पहुँच, जनचेतनामा आएको अभिवृद्धि र समग्र जीवनस्तरमा भएका सुधार समेतलाई मूल्याङ्कन गरी हाल कायम

रहेका हदम्याद सम्बन्धी अवधिलाई उल्लेख्य रुपमा घटाउनुपर्छ। थाहा पाएको मितिले हदम्याद कायम हुने व्यवस्थाले पारेको नकारात्मक प्रभावको मूल्याङ्कन गरी थाहा पाउने आधारहरू किटानी गर्नु पर्ने र मुद्दाको प्रकृति र विषयवस्तु हेरी थाहा पाइ सक्नु पर्ने अवधिलाई समेत सीमित तुल्याउनु पर्छ। हदम्याद उल्लेख नभएकोमा जहिलेसुकै नालेस गर्न पाइने वर्तमान व्यवस्थाको पुनरावलोकन गरी निश्चित समय सीमा निर्धारण गर्नु पर्ने।

- कोर्ट फी ऐनको दफा २३ बमोजिमको सुविधा पाउँ भनी परेका निवेदनमा मुद्दा दर्ता गर्ने अधिकारीले तत्कालै निकाशा दिने व्यवस्था हुनु पर्ने। सोही अधिकारीले नै प्रथम दृष्टिमा नै अधिकारक्षेत्र, हकदैया र हदम्याद नभएका वा प्रतिपादित सिद्धान्त विपरीत दायर हुन आउने निवेदनहरू दरपिठ गर्ने व्यवस्था भएमा वर्षौं मुद्दाको प्रक्रियामा अल्झिने र अन्त्यमा सोही आधारमा मुद्दा खारेज हुने अवस्था सृजना हुने थिएन।
- आय टिकट लिने विद्यमान कानूनी व्यवस्थाको व्यवहारिक औचित्यता नदेखिएको सो सम्बन्धी व्यवस्थाको पुनरावलोकन हुनु पर्ने तथा कोर्ट फी एनेको सामयिक पुनरावलोकन गरिनु समेत आवश्यक छ।
- संक्षिप्त कार्यविधि ऐनमा व्यवस्था भएको सो ऐन अन्तर्गतका मुद्दामा कसैको उजूरी परेमा अदालतले आवश्यकता अनुसार बयान गराई त्यसैबाट कारवाही गर्ने तथा मुद्दामा उजूरी दायर भएपछि दावी वा अभियोग कानूनमा आधारित छ छैन वा वादीले प्रस्तुत गरेका प्रमाणहरू पर्याप्त र सरोकारका छन् छैनन हेरी उजूरी विश्वसनीय नभएमा तत्काल खारेज गर्न सक्ने कानूनी व्यवस्थाको अनिवार्य पालना भएमा अनावश्यक मुद्दा लामो समयसम्म अदालतमा रही रहने अवस्था हुँदैन। यस ऐन अन्तर्गतका मुद्दा दर्ता भएपछि भोलिपल्टै प्रारम्भिक सुनुवाईका लागि पेश गरी म्याद जारी गर्ने नगर्ने सम्बन्धमा इजलासबाटै आदेश लिने व्यवस्था गर्ने। घर बहाल, मानाचामल, बाली भराई पाउँ जस्ता मुद्दाहरू वर्षैपिच्छे दायर गर्ने प्रवृत्ति देखिएको छ। एकपटक टुंगो लागिसकेपछि यस्ता मुद्दाहरू निवेदनको रोहमा सुनुवाई गर्न सकिने व्यवस्था हुनु उपयुक्त हुने देखिन्छ। प्रतिवादीलाई जारी गरिने म्यादमा प्रयुक्त भाषालाई सजिलै बुझ्न सकिने र शिष्ट बनाउने तथा म्यादमा नै निज उपर लागेको आरोप, दावीको ऐन दफा र सजायको सार उल्लेख गर्न सकिएमा पहुँचका दृष्टिले सरल हुन जान्छ।
- म्याद तामेली सम्बन्धी वर्तमान पद्धतिमा पुनरावलोकन गरी गा.वि.स. अन्तर्गतको म्याद स्थानीय निकायमार्फत र नगरपालिका क्षेत्रको म्याद अदालतको तामेलदार मार्फत तामेल गर्ने व्यवस्था गर्ने। सम्बन्धित पक्षको वारेस वा कानून व्यवसायी भए उनीहरूलाई म्याद बुझाउनु पर्ने गरी व्यवस्था गर्ने। विदेशी व्यक्ति वा विदेशमा रहेको व्यक्ति वा संस्थाका नाउँमा म्याद तामेल गर्ने सम्बन्धी नियम

तत्काल निर्माण गरी लागू गर्ने। स्वदेशमा रहेका कुटनीतिक नियोग वा त्यस्तो नियोगमा कार्यरत पदाधिकारीहरूका नाउको म्याद परराष्ट्र मन्त्रालय मार्फत तामेल गर्ने व्यवस्था गर्ने। मुद्दा दायर गर्ने पक्षलाई पनि म्याद तामेली कार्यमा सहयोग गर्ने तथा प्रतिवादीको घर देखाई दिने कुरामा मद्दत गर्नु पर्ने गरी दायित्व निर्धारण गर्ने। भौगोलिक अवस्था, यातायातको सुविधा र तामेली क्षेत्र समेतका आधारमा म्याद तामेल गर्ने समयावधि निर्धारण गर्ने। गलत ढंगले म्याद तामेल गर्ने गराउनेलाई हुने सजायलाई बढाउने र सो व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने। मुद्दाको पक्ष तारेखमा रहेको वा कानून व्यवसायीले प्रतिनिधित्व गरेको मुद्दामा भएको फैसलाको जनाउ छुट्टै म्याद तामेल गरी सूचना दिने वर्तमान अभ्यासमा पुनरावलोकन गरी सो फैसला भएकै दिन जानकारी पाएको अभिलेख राखिनु पर्ने। फैसलाको पूर्ण पाठ ढिला गरी तयार हुने व्यवहारिक पक्षलाई ध्यान दिई फैसलामा नै निर्णय सुनाएको मिति र पूर्ण पाठ तयार भएको मिति उल्लेख हुनुपर्छ।

- अ.व.५९ नं. समेतको म्याद थाम्ने थमाउने व्यवस्थाको पुनरावलोकन गरी भौगोलिक अवस्था यातायातको सुविधा समेतलाई विचार गरी त्यस्तो थाम्ने थमाउने म्यादका लागि फरक फरक मापदण्ड निर्धारण गर्ने। ७० दिने म्यादी पूर्जी स्थानीय पत्र पत्रिका (उपलब्ध भएसम्म) मा अनिवार्य रुपमा प्रकाशित गर्ने। मुल्तवी जगाउने सम्बन्धी अ.व ९६ नं. को अवधिलाई १९० नं. बमोजिमको समयावधि कायम गर्ने। अंश रोक्काको जिम्मेवारी स्थानीय नगरपालिका तथा गा.वि.स.लाई प्रदान गर्ने। सरकारवादी मुद्दाको पुनरावेदनको म्याद (७० दिन ३० दिन ३० दिनको म्याद) घटाई अरु मुद्दा सरह नै ३५ दिन कायम गर्ने। म्याद तारिख थाम्ने सम्बन्धी अ.व. ६२ नं. को समयावधिलाई उपयुक्तताको आधारमा पुनरावलोकन गरी सिफारिश गर्ने पदाधिकारीलाई गलत ब्यहोरा सिफारिश गरेको देखिएमा सजाय समेत हुने गरी जिम्मेवार बनाउने।
- मेलमिलाप वा यस्तै विवाद समाधानका अन्य बैकल्पिक उपायहरूको प्रयोगलाई प्राथामिकताका साथ अवलम्बन गरिनुपर्छ। मेलमिलाप ऐन लागू भइसकेको सन्दर्भमा प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने प्रत्येक मुद्दामा प्रतिउत्तर परिसकेपछि अनिवार्य रुपमा दुबै पक्षलाई मेलमिलाप गर्न प्रोत्साहन गर्ने गरी मेलमिलाप केन्द्रमा पठाइनुपर्छ। मेलमिलाप प्रक्रियालाई न्याय प्रणालीको महत्वपूर्ण पाटोको रुपमा स्थापित गराउन सक्नुपर्छ।
- अंश मुद्दाका वादी प्रतिवादीले फिराद प्रतिउत्तर साथ फाँटवारी समेत पेश गर्नु पर्ने व्यवस्था गरी अंश मुद्दाको कार्यविधि सरल र छोटो बनाउने थालनी गर्नु पर्दछ। अंशियार वा नाता सम्बन्धी विवादमा पुस्तावारी तालिका, लिखत बदर मुद्दामा जग्गाको हस्तान्तरण तालिका तयार गरी फिराद/प्रतिउत्तर साथै अनिवार्य पेश गर्नु पर्ने व्यवस्था गरिनु पर्दछ। अंश, मानाचामल, सम्बन्धविच्छेद तथा

नाताकायम जस्ता मुद्दाका पक्षको जिविकोपार्जनसँग सरोकार राख्ने विषयहरूमा न्याय र औचित्यताको दृष्टिले आवश्यक देखिएमा मुद्दाको कारवाहीको क्रममै मुद्दाको पक्षलाई अर्को पक्षबाट अन्तरिम राहत उपलब्ध गराउन आदेश दिन सक्ने गरी कानूनी व्यवस्था गर्ने ।

- सबै मुद्दामा समय तालिका निर्धारण गरी कार्य योजना बनाउनु पर्ने गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम ८५ख मा गरिएको व्यवस्था केही अदालतहरूले आंशिक रुपमा कार्यान्वयन गरेको भएतापनि यसको खासै कार्यान्वयन हुन सकेको छैन । अदालतमा दर्ता हुन आउने प्रत्येक मुद्दाका पक्षलाई उक्त मुद्दामा के कारवाही कहिले हुन्छ र किनारा कहिले लाग्छ भन्ने जानकारी पाउने हक रहन्छ । सो का लागि मुद्दाको कारवाईका लागि कुन दिन पेशी वा तारिख तोकिन्छ भन्ने अनुमानित तालिका पहिल्यै दिने एवम् त्यसरी तोकिएको दिन उक्त कार्य अनिवार्य रुपमा सम्पन्न गरी अदालतका काम कारवाईहरूलाई विश्वसनीय एवम् अनुमानयोग्य बनाउन जरुरी छ । यसका लागि कार्यतालिकाको निर्माण गरी कार्यान्वयन गरिने नियमको व्यवस्थालाई कडाईकासाथ पालना गरिनुपर्छ ।
- बहस व्यवस्थापनका सम्बन्धमा अदालत सम्बन्धी नियमावलीहरू[४६] मा निर्णय गर्नु पर्ने प्रश्नमा सीमित रही बहस गर्नु पर्ने, तोकिएको समय सीमाभित्र रही बहस गर्नु पर्ने लगायतका स्पष्ट व्यवस्था गरिएको भए पनि सोको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको देखिदैन । एउटै मुद्दामा एकभन्दा बढी दिन वा घण्टौं सम्म बहस हुने, निर्णय गर्नु पर्ने प्रश्नसँग असान्दर्भिक विषयमा समेत बहस हुने जस्ता प्रवृत्तीले मुद्दाको सुनुवाई अनपेक्षित रुपमा लम्बिन गएको आम अनुभूति रहेको छ । बहसनोट पेश गर्ने प्रवृत्ति एकदमै कम छ । बहसलाई व्यवस्थापनका सम्बन्धमा नियमावलीका व्यवस्थालाई कडाईका साथ पालना नगरेसम्म मुद्दाको सुनुवाई व्यवस्थित हुन सक्दैन ।
- मुद्दा अन्तिम फैसला भैसकेपछि फैसला कार्यान्वयनका लागि छुट्टै दरखास्त दिनु पर्ने विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गरी यसलाई मुद्दाको नियमित प्रक्रियामै आबद्ध गरिनुपर्छ। फैसला कार्यान्वयनलाई छुट्टै मुद्दाको रुपमा व्यवहार गरिंदा मुख्य विवादको अन्त्य भैसकेपछि पनि फैसला कार्यान्वयन सम्बन्धी छुट्टै मुद्दा रहिरहने अवस्था हुन्छ । फैसला कार्यान्वयनका सम्बन्धमा तहसिलदारले गरेको आदेश वा निर्णय उपर दण्ड संजायको ६१ नं. बमोजिम उजुर परेको अवस्थामा पनि इजलासले अन्यथा आदेश दिएकोमा बाहेक कार्यान्वयन रोकिन आवश्यक देखिदैन । फैसला कार्यान्वयन नरोकियोस् भन्नका लागि तहसिलदारको आदेश उपर परेका

४६. जिल्ला अदालत नियमावलीको नियम ३३, पुनरावेदन अदालत नियमावलीको नियम ५४, सर्वोच्च अदालत नियमावलीको नियम ६६

उजुरी दर्ता भएको भोलिपल्ट सुनुवाई गर्ने र सुनुवाई नसकिए वा प्रमाण झिकाउनु परे छोटो समय भित्रै त्यस्तो प्रक्रिया पूरा गर्ने व्यवस्था मिलाउनुपर्छ। मुद्दाको अन्तिम फैसलाबाट तिर्न बुझाउन पर्ने व्यक्तिले तिर्नु बुझाउनु पर्ने ठहरिएको बिगो वापतको नगद वा जेथा धरौटी धरौटी राखेर मात्र उजुर गर्न पाइने व्यवस्था गरेमा फैसला कार्यान्वयनलाई ढिला गराउने निहित उद्देश्यले मात्र उजूर गर्ने कतिपय अवस्था निरुत्साहित हुन जान्छ। फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन पटक पटक म्याद जारी गर्ने र सूचना दिनु पर्ने व्यवस्थामा सुधार गर्नुपर्छ। यसका लागि मुद्दा दर्ताको अवस्थामा नै वादी र प्रतिवादी दुबै पक्षको फैसला कार्यान्वयनका लागि उत्तिकै जिम्मेवारी हुने गरी दायित्व निर्धारण गरिनुपर्छ। फैसला कार्यान्वयनमा बाधा विरोध गर्नेलाई हुने सजाय किटान गर्ने अधिकार तहसिलदारलाई नै प्रदान गरी सो उपर जिल्ला न्यायाधीश समक्ष पुनरावेदन लाग्ने प्रबन्ध हुन उपयुक्त हुन्छ। फैसला बमोजिम फिर्ता पाउनु पर्ने कोर्ट फी समेतका दस्तुर फिर्ता लिदा अवलम्बन गर्नु पर्ने विद्यमान प्रक्रिया अत्यन्त झन्झिटिलो भएकोले तत्काल पुनरावलोकन गरी हरेक जिल्ला अदालतमा सोधभर्ना कोष खडा गर्ने। उक्त कोषबाट फिर्ता पाउनु पर्ने पक्षले तत्काल फिर्ता लिन सक्ने र त्यसरी फिर्ता गएको अनुपातमा रकम निकासा लिई कोष चालु राख्नु पर्ने व्यवस्था हुनुपर्ने।

## ७. उपसंहार

कुनै पनि कानून प्रणालीका लागि मौजुदा कानूनहरूमा पुनरावलोकन, सुधार र परिमार्जन भनेको निरन्तर चलिरहने प्रक्रिया हो। समाजमा निरन्तर चलिरहने आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनहरूलाई व्यवस्थापन गर्नका लागि पनि समसामयिक कानूनको निर्माण वा कानूनी व्यवस्थाको परिमार्जन अपरिहार्य मानिन्छ। यस यथार्थलाई हाम्रो कानूनी प्रणालीका सन्दर्भमा हेरिने हो भने विगतमा असाध्यै राम्रा भनिएका कानूनहरूले आजको सामाजिक कठिनाईहरूलाई संबोधन गर्न नसक्ने भएका छन्। यसैगरी आजका कानूनहरू भोलिको सामाजिक जटिलतालाई संवोधन गर्न नसक्ने वा भोलिको आर्थिक सामाजिक प्राविधिक विकास अनुकूलन हुन नसकी सन्दर्भहीन हुन पुग्नुलाई अस्वाभाविक ठानिदैन। अतः कानूनको सुधार भनेको समाजको समकालीन अवस्थाबाट पाठ सिक्दै भविष्यमा आउन सक्ने समस्याको आंकलन गरी त्यसलाई सम्बोधन गर्न सक्ने प्रबन्ध गर्नु हो। अझ वर्तमान सन्दर्भमा हेर्दा मुलुक यतिखेर पुनर्संरचनाको संघारमा उभिएको छ। नयाँ संविधान निर्माणको चरण प्रारम्भ भैसकेको छ। अब बन्ने नयाँ संविधानले परिकल्पना गर्ने राज्यको स्वरुप, कानून प्रणाली, अदालतको संरचना जस्ता कुराहरूले अहिले विद्यमान रहेका कानूनहरूलाई सोही बमोजिम रुपान्तरण गर्नुपर्ने बाध्यता सिर्जना हुन्छ। कार्यविधि कानूनको सुधारको सन्दर्भमा भन्नुपर्दा यसका सबै प्रयास न्यायिक प्रक्रियाको अधिकतम्

स्वच्छता कायम गर्नेतर्फ लक्षित हुनुपर्छ। कार्यविधि कानूनका सन्दर्भमा हामीले न्याय गरेर मात्र हुँदैन न्याय गरेको देखिनु पनि पर्छ भनी परम्परागत रुपमा भन्दै आएकोमा अवको सुधारले न्याय गरेको देखिएर मात्र पनि पुग्दैन, न्याय प्राप्त गरेको अनुभूति न्यायका याचकले गर्न सक्ने गरी न्यायिक पद्धतिको निर्माण गर्न सक्नु पर्छ।

# वाणिज्य इजलासको स्थापना र वर्तमान अवस्था

**नृपध्वज निरौला♥**


## सारांश

*न्याय प्रशासनका विकसित नयाँ आयामहरू मध्ये विशिष्टीकृत इजलास वा अदालतको अवधारणा पनि एक हो। व्यापार व्यवसाय सम्बन्धी कारोबारमा पूँजी लगानी भएको हुन्छ र वाणिज्य प्रकृतिका विवादहरु समयमा निरुपण नभएमा ठूलो आर्थिक नोक्सानी व्यहोर्नु पर्ने हुन्छ। त्यसैले त्यस्ता मुद्दाहरूको शीघ्र छिनोफानो गर्नका लागि विशिष्टीकृत इजलासको अवधारणा बमोजिम नै विज्ञ न्यायाधीशहरूबाट वाणिज्य सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुसार विवादको शीघ्र र प्रभावकारी समाधानका निमित्त छुट्टै र विशिष्टीकृत इजलास वा अदालत नेपालको सन्दर्भमा पनि रहनु पर्दछ भन्ने सन्दर्भलाई समेटेर हाल नेपालमा गठित वाणिज्य इजलासहरूको अवस्था, क्षेत्राधिकार मुद्दाको लगत र फछ्र्यौटको स्थिति र यस सम्बन्धी तथ्य एवम् सुधारका क्षेत्रहरू पहिल्याउने प्रयास यस लेखमार्फत गर्न खोजिएको छ।*


## १. पृष्ठभूमि

न्याय प्रशासन राज्यको परम्परागत र प्राथमिक कार्य हो। राज्यको न्यायिक अधिकारको प्रयोग न्यायपालिकाले गर्दछ। यस्तो अधिकार प्रयोग गरी व्यक्ति व्यक्तिबीचका विवाद तथा व्यक्ति र राज्यबीचका विवादहरू संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुसार समाधान गरी जनताको हक अधिकारको संरक्षण गर्ने दायित्व न्यायपालिकाउपर रहन्छ। त्यसैले स्वतन्त्र र सक्षम न्यायपालिकालाई प्रजातन्त्रको आधार स्तम्भको रुपमा स्वीकार गरिन्छ। यद्यपि कानून र अदालत न्यायका साधन मात्र हुन्, साध्य त न्याय नै हो। न्याय प्रशासन समय सापेक्ष र गतिशील भएमा मात्र यसले समय र समाजको आवश्यकतालाई पूरा गर्न सक्दछ। शीघ्र, स्वच्छ, सुलभ, प्रभावकारी एवम् गुणस्तरीय न्याय प्रशासनबाट मात्र जनताको हक अधिकारको संरक्षण भई समाजमा शान्ति, अमनचयन र विकास सम्भव हुन्छ। उन्नाइसौं शताब्दिका साधन र शैली अपनाएर आजका चुनौतीहरू समाधान गर्न सम्भव नहुने भएकोले विवाद समाधानमा पनि आधुनिक साधन र प्रविधिको प्रयोग गरी न्याय प्रशासन सञ्चालन गरिनु आवश्यक छ। विश्वव्यापीकरणको आजको युगमा कानून र न्यायबीचको खाडल कम गरी शीघ्र, सुलभ, निष्पक्ष, प्रभावकारी,

---

♥ रजिष्ट्रार, पुनरावेदन अदालत पाटन

गुणस्तरीय न्याय प्रदान गर्न नयाँ नयाँ प्रयोग र विधिशास्त्रीय मान्यताहरू विकास हुँदै आएको पाइन्छ । यसरी विकसित न्याय प्रशासनका नयाँ आयामहरूमध्ये विशिष्टीकृत इजलास वा अदालतको अवधारणा पनि एक हो ।

## २. विशिष्टीकृत अदालत वा इजलास सम्बन्धी अवधारणाको विकास

विवाद समाधानको अन्तिम र आधिकारिक निकाय अदालत वा न्यायिक निकाय नै हो । अदालतबाट छिटोछरितो, प्रभावकारी, स्तरीय र सुलभ न्याय प्रदान गर्ने प्रयास स्वरुप विभिन्न पद्धति र कार्यशैली अपनाउने गरेको पाइन्छ । सो अनुसार विशेष प्रकृतिका विवादहरू सम्बन्धित विषय विज्ञ न्यायकर्ताबाट निरोपण भएमा छिटो, सही, प्रभावकारी र वास्तविक न्याय प्रदान गर्न सकिने मान्यता अनुसार विशिष्टीकृत अदालत सम्बन्धी पद्धतिको विकास विश्वमा भएको पाइन्छ । अझ महाद्विपीय कानून प्रणालीमा प्रशासकीय अदालत र सामान्य अदालत छुट्टाछुट्टै संरचनालाई स्वीकारिएको पाइन्छ । सामान्य अदालत बाहेकका अन्य प्रशासकीय निकाय लगायत छुट्टै न्यायिक निकाय खडा गरी तिनलाई न्यायिक अधिकार दिइनु हुँदैन भन्ने मान्यता राख्ने कमन ल प्रणालीका समेत प्रशासकीय न्यायको बढ्दो लोकप्रियताबाट प्रभावित भएर नियमित खालका सामान्य अदालत बाहेकका न्यायिक निकायको अस्तित्वलाई स्वीकारिएको पाइन्छ ।

नेपालमा वि.सं. २००७ सालभन्दा पूर्व माल, बजार अड्डा, वन जाँच, रकम बन्दोबस्त अड्डा, कुमारीचोक जस्ता प्रशासकीय निकायले न्यायिक निर्णय गर्ने अधिकार पाएका थिए । २००७ सालको परिवर्तन पछि यिनीहरूको नाम र स्वरुपमा परिवर्तन आएता पनि वन, मालपोत, भूमिसुधार, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय निकुञ्ज, भन्सार, कर, अध्यागमन आदि कार्यालयका प्रमुखहरूलाई उनीहरूको कार्यालयसँग सम्बन्धित विवादहरू हेर्ने अधिकार दिइएको छ । यसबाहेक भ्रष्टाचार सम्बन्धी मुद्दा हेर्न विशेष अदालत, राजस्व सम्बन्धी अधिकारीहरूले गरेका निर्णय उपर पुनरावदेदन सुन्न राजस्व न्यायाधिकरण, श्रम कार्यालयको निर्णय उपर पुनरावेदन सुन्न श्रम अदालत, निजामती सेवाका कर्मचारीलाई विभागीय अदालत, बैकिङ्ग ऋण सम्बन्धी विवादको सुनुवाई गर्न ऋण असूली न्यायाधिकरण र सूचना प्रविधि सम्बन्धी विवाद हेर्न सूचना प्रविधि न्यायाधिकरण र सूचना प्रविधि पुनरावेदन न्यायाधिकरणको गठनलाई स्वीकार गरिएको छ ।

नेपालको संविधानले खास खास प्रकृतिका विवादहरू हेर्न खास खास किसिमका अदालतहरू स्थापना गर्न सकिने संवैधानिक मान्यता प्रदान गरेको छ । अदालत व्यवस्थापन सुझाव समितिले विशेष खालका मुद्दाहरू विशेष अदालतबाट हेर्न वर्तमान सन्दर्भमा पारिवारिक विवादहरूको समाधान पारिवारिक अदालत, बालबालिकासँग सम्बन्धित मुद्दा हेर्न बालबालिका सम्बन्धी ऐन, २०४८ ले परिकल्पना गरेको बाल अदालतको स्थापना हुनु जरुरी छ भने भ्रष्टाचारसँग सम्बन्धित मुद्दा हेर्न पनि छुट्टै प्रकृतिको ट्राइबुनल

स्थापना हुनु आवश्यक देखिन्छ । समयको परिवर्तनसँगै भविष्यमा वाणिज्य अदालत, उपभोक्ता हित संरक्षण सम्बन्धी अदालत लगायतका अन्य विशेष प्रकृतिका अदालतहरू गठन गर्नुपर्ने आवश्यकता आफ्नो प्रतिवेदनमा औल्याएको थियो ।[१] यस्तै उक्त प्रतिवेदनमा हाल प्रत्येक इजलासमा पेश हुने मुद्दाहरूको प्रकृतिमा एकरुपता नभएको स्थिति रहेबाट एकै समयमा अलग प्रकृतिका र फरक फरक कानूनी प्रश्न उठाइएका विवादहरू हेर्नुपर्ने अवस्थाले कुनै पनि न्यायाधीशको विषयगत विशिष्टीकरण वा विशेषज्ञता कायम हुन नसकी मुद्दाको कारवाहीमा अपेक्षाकृत बढी समय खर्च हुन गएको कुरालाई स्वीकार गरी विशिष्टीकृत इजलासको अवधारणालाई पनि अप्रत्यक्ष रुपमा स्वीकार गरिएको पाइन्छ ।[२] विशिष्टीकृत इजलासको अवधारणालाई अंगिकार गर्दै बालबालिका सम्बन्धी ऐन, २०४८ ले बाल अदालत वा बाल इजलास गठन गर्ने व्यवस्था गरेको छ ।[३] यस्तै जिल्ला अदालत नियमावली, २०५२ मा भएको तेस्रो संशोधनले जिल्ला अदालतहरूमा छुट्टा छुट्टै देवानी र फौजदारी इजलास गठन गर्न सक्ने व्यवस्था गरेको[४] मा हाल सातवटा जिल्ला अदालतहरूमा छुट्टाछुट्टै देवानी र फौजदारी इजलास अस्तित्वमा रहेका छन् ।

जहाँसम्म वाणिज्य इजलास वा अदालत गठनको कुरा छ, अहिले सिभिल ल र कमन ल प्रणाली अपनाइएका मुलुकहरूमा समानरुपमा वाणिज्य अदालतको आवश्यकतालाई महसुस गरी यस सम्बन्धी अदालतहरू अस्तित्वमा समानरुपमा वाणिज्य अदालतको आवश्यकतालाई महसुस गरी यस सम्बन्धी अदालतहरू अस्तित्वमा रहेका पाइन्छन् । फ्रान्समा व्यापारीहरू आफैले चुनेका न्यायाधीशले नेतृत्व गरेका २३० वटा वाणिज्य अदालतहरू अस्तित्वमा छन् ।[५] यस्तै वाणिज्य विवादहरूको शीघ्र, प्रभावकारी र अनावश्यक औपचारिकता विना समाधान गर्न बेलायतमा विशिष्टीकृत व्यापारिक अदालत सन् १८९५ देखि अस्तित्वमा छ । यसलाई The Administration of Justice Act 1970 ले मान्यता दिएको छ ।[६] यस्तै Courts and Legal Service Act 1990 अन्तर्गत निश्चित विगो भएका व्यापारिक विवादहरू County Court को क्षेत्राधिकारभित्र पर्दछन् । अन्य व्यापारिक विवादहरू High Court को Queen's Bench Division मा लाग्छन् । यस्ता वाणिज्य अदालतहरू Order 72 of the Rules of the Supreme Court / A Guide to Commercial Court Practice बाट निर्देशित हुन्छन् ।[७] वाणिज्य अदालतका

---

१. अदालत व्यवस्थापन समितिद्वारा प्रस्तुत अदालत व्यवस्थापनसम्बन्धी सुझाव प्रतिवेदन, २०५५, पृ. १०

२. ऐजन पृ. १३

३.. बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५

४. जिल्ला अदालत नियमावली, २०५२ को नियम ३क को उपनियमहरूमा भएका प्रावधान

५. Mechael Bogdan, *Comparative law,* Kluwer Law and Taxation Publisher, Norway, (1994), p.175

६. Administration of Justice Act, 1970, Section 3, http://www.legislation.gov.uk/ukpga/1970/31/pdfs/ukpga 1970031 en.pdf

७. http://www.justice.gov.uk/downloads/courts/admiralitycomm/admiralty-and-commercial-

न्यायाधीश वाणिज्य कानूनका विज्ञ हुन्छन् र यस्ता न्यायाधीशले मध्यस्थको रुपमा समेत काम गर्न सक्छन् । यस्ता अदालतका कार्यविधिहरू सरल हुन्छन् र सबै मुद्दाहरूको सुनुवाई तोकिएको समयमै सम्पन्न गरिन्छ । साथै निवेदनहरूको अदालतको नियमित समयपछि पनि सुनुवाई हुन्छ ।

यस्तै संयुक्त राज्य अमेरिकामा संघीय अदालती प्रणालीमा धेरै विशिष्टीकृत अदालतहरू छन् । करार सम्बन्धी विवाद US Claims Court बाट सुनुवाई हुन्छ[८] भने आयातित वस्तुमा लगाइएको कर सम्बन्धी विवाद US Court of International Trade ले हेर्छ ।[९] यस्तै दामासाही सम्बन्धी विवादहरू सन् १९८४ देखि US Bankruptcy Court मा लाग्छन् । पेटेन्ट, प्रतिलिपि, ट्रेडमार्क लगायतका धेरै प्रकारका विवादहरू र तल्ला वाणिज्य अदालतले गरेका निर्णयउपरको सुनुवाई The US Court of Appeal for the Federal Circuit मा हुन्छ ।

## ३. वाणिज्य इजलासको आवश्यकता

आधुनिक समाजमा आर्थिक, सामाजिक र प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले गर्दा नयाँ नयाँ कानूनी र सामाजिक समस्या, चुनौतीहरू सिर्जना भइरहेका छन् । यस्ता चुनौती र समस्याहरू समाधान गर्न नयाँ नयाँ कानूनको निर्माणका साथै अदालतहरूले आफ्नो कार्यक्षमता समेत बढाउनुपर्ने आवश्यकता खड्किदो छ। अहिलेको जटिल व्यावसायिक दुनियामा सबै विषयको विज्ञ एउटै व्यक्ति हुन असम्भव प्रायः छ । समाजका हरेक क्षेत्रमा विशेषज्ञताको विकास गर्नुपर्ने वर्तमान समयको माग हो । यस मान्यताबाट न्याय र कानूनको क्षेत्र पनि विमुख हुन सक्दैन। विश्वव्यापीकरण, उदारीकरण र सूचनाको क्षेत्रमा भएको विकासले गर्दा जटिल खालका विवादहरू बढिरहेका छन् । यस्ता विवादहरूको प्रभावकारी, छिटो र सही समाधानको लागि सो विषयका ज्ञाता न्यायकर्ता रहेको विशिष्टीकृत अदालतको स्थापना जरुरी भएको छ । यस्तो पद्धतिको विकासबाट विशेषज्ञता हासिल गर्न सघाउ पुऱ्याउनुको साथै सही ठाउँमा न्याय पर्न गई अपेक्षित नतिजा प्राप्त हुन सक्छ । सम्बन्धित विषयका ज्ञाता न्यायकर्ताबाट मुद्दाको निर्णय गर्दा विवादको विषयवस्तुलाई राम्रोसँग बुझ्ने र यस सम्बन्धी प्रचलन र अन्तर्राष्ट्रिय सिद्धान्त र व्यवहारलाई अंगालो सही न्याय प्रदान गर्न सकिन्छ । यसबाट न्यायकर्ताका अतिरिक्त कानून व्यवसायी र अन्य न्यायिक जनशक्तिमा समेत विशेषज्ञता विकास हुन गई न्याय छिटो, छरितो, सही र प्रभावकारी रुपमा समाधान गर्न नसकेमा हामीले अपेक्षित विदेशी लगानी र प्रविधि आकर्षित गर्न र आर्थिक विकास गर्न सक्दैनौं । व्यापारिक प्रकृतिका

---

commercial-courts-guide.pdf, visited at 06.05.2014

८. http://en.wikipedia.org/wiki/United_States_of_Claims

९. http://en.wikipedia.org/wiki/United _States_of_International_Trade

विवादहरू धेरै लामो समयसम्म रहिरहेमा यस क्षेत्रका लगानीकर्ताहरूमा उत्साह हराउँदै जान्छ। व्यापारिक विवादहरूको छिटो, प्रभावकारी समाधान गर्ने र पीडित पक्षले शीघ्र राहत पाउने संस्थागत विकास नभएसम्म आर्थिक विकासको पूर्वाधार तयार हुन सक्दैन। व्यापार व्यवसाय सम्बन्धी कारोबारमा सम्बन्धित व्यक्तिले आफ्नो पूँजी लगानी गरेको हुन्छ र समयमै विवाद समाधान नभए उसले आर्थिक नोक्सान वहन गर्नुपर्ने हुन्छ। अतः यस्ता मुद्दाको शीघ्र छिनोफानो गर्नुपर्ने हुन्छ। विश्वव्यापीकरण, उदारीकरण र सूचना प्रविधिमा अनुमान नै गर्न नसकिने गरी आएको विकासले सिर्जना गरेका भिन्न र जटिल प्रकारका विवादहरूलाई हेर्दा प्रभावकारी र द्रुत न्याय सम्पादनका लागि यस्ता विवादहरूको प्रकृति अनुसारका विशेष प्रकारका अदालत, न्यायाधिकरण वा इजलास गठन गरी विवादको निरोपण गर्नु आजको आवश्यकता बनेको छ। नेपालमा वाणिज्य इजलासको औचित्यलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

- वाणिज्य विषयका विज्ञ न्यायाधीशबाट वाणिज्य सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुसार विवादको शीघ्र र प्रभावकारी समाधान गरी व्यापारिक जगतको अदालतप्रतिको आस्था अभिवृद्धि गरी विवादको शान्तिपूर्ण समाधानलाई बढावा दिन,
- विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न विश्वस्त पारी देशको आर्थिक विकास गर्न,
- कम समय, पैसा र मेहनतमा वाणिज्य विभागको समाधान गर्न,
- न्यायाधीश, अदालतका कर्मचारीहरू तथा कानून व्यवसायीहरूमा विशेषज्ञताको विकास गर्न,
- न्यायमा पहुँचलाई प्रबर्द्धन गर्न।

## ४. वाणिज्य इजलासको गठन र क्षेत्राधिकार

सम्वत २०४६ को राजनीतिक परिवर्तन पछि आर्थिक उदारीकरण र खुला बजार अर्थतन्त्रको नीतिलाई नेपालको संविधानमा नै समावेश गरियो। राष्ट्रको मूल कानून संविधानमार्फत घोषित गरिएको यो नीतिको परिणाम निजी क्षेत्र समेत राष्ट्रको विकासको साझेदारको रुपमा हुर्कने अवसर मिल्यो। वैदेशिक लगानी समेत बढ्ने क्रममा रह्यो। निजी तथा गैरसरकारी क्षेत्र समेत विकासको सहयात्री भएपछि पूर्वाधार विकास, पर्यटन, वैकिङ्ग, नागरिक, उड्डयन, सञ्चारका क्षेत्रमा यिनको राम्रोसँग प्रवेश रह्यो। उद्यम व्यवसायमा निजी क्षेत्रले लगानी गर्न थाल्यो। वाणिज्य, व्यापार लगानी सम्बन्धी व्यवस्थापन र नियमन गर्न संसदबाट कानूनहरू जारी भए। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३; बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०६३; धितोपत्र सम्बन्धी ऐन, २०६३; सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४; बैंकिङ कसूर तथा सजाय ऐन, २०६४; अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन,

२०५५; राष्ट्र बैंक ऐन, २०५८; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९; औद्योगिक व्यवसाय ऐन, २०४९; मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३; कम्पनी ऐन, २०६३; दामाशाही सम्बन्धी ऐन, २०६३; प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३; विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ र प्रतिलिपि अधिकार ऐन, २०५९ जस्ता विषयका कानूनहरू तथा वाणिज्य नीति, २०६५; औद्योगिक नीति, २०६७ लगायत जारी भए । लागनी-मैत्री नीति तथा कानूनको अतिरिक्त उद्यम व्यवसायसँग सम्बन्धित विवादहरूको समाधानमा प्रभावकारी, भरपर्दो र विशिष्टीकृत निष्पक्ष संस्थागत संयन्त्रको आवश्यकता महसूस भई केही वाणिज्य प्रकृतिको विवादको विषयको लागि वाणिज्य इजलासको गठन गर्ने प्रावधान गरियो । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।९।९ को निर्णयानुसार २०६५ माघ १ गते देखि लागू हुने गरी देशका ४ वटा पुनरावेदन अदालतहरू - पुनरावेदन अदालत विराटनगर, पुनरावेदन अदालत पाटन, पुनरावेदन अदालत बुटवल र पुनरावेदन अदालत नेपालगञ्जमा[१०] वाणिज्य इजलासको गठन गरी सुरक्षित कारोबार ऐन, २०६३; कम्पनी ऐन, २०६३; दामाशाही सम्बन्धी ऐन, २०६३ तथा प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ अन्तर्गतका विवादहरूको कारवाही र किनारा गर्ने गरी तोकियो ।[११] बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ मा सो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अदालतसमक्ष दायर हुने भन्ने उल्लेख गरियो । सो अनुसार नेपाल सरकारले वैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन अन्तर्गत कसूरमा मुद्दा दायर गर्ने प्रयोजनको लागि मिति २०६६।४।५ बाट सम्बन्धित वाणिज्य इजलास तोकियो ।[१२] सोही बखतको अर्को सूचनाले कम्पनी ऐन, २०६३ को दफा १५९ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी ऐ. उपदफा (२) बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको निर्णयउपर सम्बन्धित वाणिज्य इजलासमा पुनरावेदन लाग्ने गरी तोकियो । साथै, सोही मितिको अर्को सूचनाबाट कम्पनी ऐनसँग सम्बन्धित विवादमा वाणिज्य इजलासबाट भएको निर्णयउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरी तोकियो ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।११।१९ को निर्णयानुसार मिति २०६७।१।१ देखि लागू हुने गरी पुनरावेदन अदालत हेटौंडामा वाणिज्य इजलास गठन गर्ने भई पुनरावेदन अदालत जनकपुर र पुनरावेदन अदालत हेटौंडाको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत उपरोक्त ऐन अन्तर्गत उत्पन्न हुने विवाद पुनरावेदन अदालत हेटौंडामा गठन

---

१०. पूर्वाञ्चल विकास क्षेत्रको लागि पुनरावेदन अदालत विराटनगर, मध्याञ्चल विकास क्षेत्रको लागि पाटन, पश्चिमाञ्चलको लागि बुटवल र मध्येपश्चिम र सुदूर पश्चिम विकास क्षेत्रमा उत्पन्न हुने विवादको कारवाही र किनाराको लागि पुनरावेदन अदालत नेपालगञ्जलाई तोकियो ।

११. नेपाल राजपत्र खण्ड ५८, काठमाडौं, पुस १४ गते २०६५ साल, संख्या ३७

१२. ऐ., खण्ड ५९, काठमाडौं, साउन ५ गते २०६६ साल संख्या १४

गरिएको वाणिज्य इजलासबाट कारवाही र किनारा गर्ने गरी तोकियो। पुनरावेदन अदालत पाटनमा साविकबाट रहेको वाणिज्य इजलासको प्रादेशिक क्षेत्राधिकारको सो हदसम्म घट्न पुग्यो ।

पुनरावेदन अदालत नियमावली, २०४८ मा मिति २०६४।१२।४ मा आठौं संशोधन गरी नियम १०क थप गरी वाणिज्य इजलास गठन सम्बन्धी कार्यविधिगत व्यवस्था गरियो। प्रचलित कानून बमोजिम वाणिज्य इजलासबाट काम कारवाही र किनारा गर्नुपर्ने मुद्दाको कारवाही र किनारा गर्न सर्वोच्च अदालतको सहमति लिई नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी पुनरावेदन अदालतमा आवश्यकतानुसार छुट्टै वाणिज्य इजलास गठन गर्न सक्नेछ। वाणिज्य इजलासको लागि प्रधानन्यायाधीशले तोकेको पुनरावेदन अदालतका न्यायाधीशले वाणिज्य इजलासको न्यायाधीशको रुपमा काम गर्नेछन्। वाणिज्य इजलासबाट हेरिने सम्पूर्ण निवेदन, प्रतिवेदन र मुद्दाहरू संयुक्त इजलासबाट हेरिने तर वाणिज्य इजलासको लागि तोकिएका कुनै न्यायाधीशको अनुपस्थितिका कारण संयुक्त इजलास गठन हुन नसकेमा विषयवस्तुको गम्भीर्यताको कारणले तुरुन्त सुनुवाई गर्नुपर्ने अवस्था परेमा अन्तिम किनारा बाहेकका विषयमा एक न्यायाधीशको इजलासबाट पनि सुनुवाई हुने गरी मुख्य न्यायाधीशले इजलास गठन गर्न सक्ने व्यवस्था गर्नुका साथै मुख्य न्यायाधीशले वाणिज्य इजलासमा काम गर्ने न्यायाधीशलाई आवश्यकतानुसार अन्य मुद्दा समेत हेर्ने गरी तोक्ने सक्ने, वाणिज्य इजलासमा पेश हुने मुद्दासँग सम्बन्धित अन्य लगाउका मुद्दा वाणिज्य इजलासबाट सुनुवाई गरिने प्रावधान समेत नियमावलीमा राखिएको छ ।

## ५. वाणिज्य इजलासमा पेश भएका मुद्दा

हाल पुनरावेदन अदालतहरू विराटनगर, हेटौंडा, पाटन, बुटवल र नेपालगञ्जमा वाणिज्य इजलास रहने गरी तोकिएको छ । वाणिज्य इजलासमा पेश हुने मुद्दा सुनुवाई गर्न सो पाँचवटा पुनरावेदन अदालतमा कम्तीमा पनि एक वटा वाणिज्य इजलास सञ्चालन रहने गरी तोकिएको छ। यस इजलासमा माथि उल्लेखित पाँचवटा ऐन अन्तर्गतका मुद्दाहरूको कारवाही र किनारा हुन्छन्। पुनरावेदन अदालत पाटनमा कम्तीमा तीनवटा वाणिज्य इजलास सञ्चालन हुन सक्ने गरी न्यायाधीश तोकिएको पाइन्छ। देशभर अर्थात् पाँचवटा पुनरावेदन अदालतमा रहेका वाणिज्य इजलासमा पेश भएका मुद्दाहरूको गत आर्थिक वर्ष २०६९।०७० को विवरण हेर्दा देहाय बमोजिम रहेको पाइन्छ ।

| अदालत | मुद्दाको लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| पुनरावेदन अदालत विराटनगर | ७ | ७ | ० |
| पुनरावेदन अदालत हेटौंडा | ० | ० | ० |
| पुनरावेदन अदालत पाटन | ३५२ | १६६ | १८६ |

| | | | |
|---|---|---|---|
| पुनरावेदन अदालत बुटवल | ४ | २ | २ |
| पुनरावेदन अदालत नेपालगञ्ज | ३ | १ | २ |
| **जम्मा** | **३६६** | **१७६** | **१९०** |

***स्रोतः उपरोक्त ५ वटा अदालतबाट प्राप्त विवरणको आधारमा ।***

त्यस्तैगरी यस आर्थिक वर्षमा देशभरका ५ वटा पुनरावेदन अदालतहरूमा रहेका वाणिज्य इजलासको २०७० चैत्र मसान्त सम्मको स्थिति विवरण यस्तो छ ।

**यस आ.व. २०७०।०७१ को चैत्रमसान्त सम्मको स्थिति**

| पु.अ.वाणिज्य इजलास | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| विराटनगर | १ | १ | ० |
| हेटौंडा | १४ | ४ | १० |
| पाटन | ३१५ | ११७ | १९८ |
| बुटवल | २ | २ | ० |
| नेपालगञ्ज | ३ | १ | २ |
| **जम्मा** | **३३५** | **१२५** | **२१०** |

***स्रोत : उपरोक्त ५ वटा अदालतबाट प्राप्त विवरणको आधारमा ।***

उपरोक्त तथ्यांक हेर्दा तोकिएको अन्य पुनरावेदन अदालतहरूमा वाणिज्य इजलासमा पेश हुने मुद्दाको संख्या न्यून देखिन्छ । पुनरावेदन अदालत पाटनको वाणिज्य इजलासमा मुद्दाको संख्या बढी रहेको देखिन्छ ।[१३] पुनरावेदन अदालत पाटनमा वाणिज्य इजलासको गठन भएपछि हालसम्मको स्थिति विवरण हेर्दा मुद्दा पर्ने क्रम बढ्दो रुपमा रहेको पाइएको छ । यस अदालतको वाणिज्य इजलासमा शुरु देखि हालसम्मको प्रत्येक आर्थिक वर्षको मुद्दाको विवरण हेर्दा देहाय बमोजिम रहेको पाउन सकिन्छ ।

| आ.व. | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|
| २०६५ माघ १ देखि २०६७ आषाढ मसान्त | ९९ | ४७ | ५२ |
| २०६७/०६८ | १२८ | ५७ | ७१ |
| २०६८/०६९ | २३७ | ११९ | ११८ |

१३. तसर्थ यस लेखमा पुनरावेदन अदालत पाटनको वाणिज्य इजलासमा रहेका मुद्दाको विवरण तथा प्रकृतिलाई आधार मानी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

| | | | |
|---|---|---|---|
| २०६९/०७० | ३५२ | १६६ | १८६ |
| २०७०/०७१ | ३१५ | ११७ | १९८ |

वाणिज्य इजलासमा पेश हुने गरी तोकिएको उपरोक्त अनुसार ऐन अन्तर्गतका मुद्दा मात्र हुन्। सुरक्षित कारोबार ऐन, २०६३ र प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ अन्तर्गतका मुद्दा पुनरावेदन अदालत पाटनमा हालसम्म परेका छैनन्। ऐनको विषयगत रुपमा हेर्दा गत आ.व. मा वाणिज्य इजलासमा देहाय अनुसारको विवरण रहेको पाइन्छ। यो आ.व. मा पनि गत वर्षकै जस्तो मुद्दाको प्रवृत्ति रहेको छ।

| सि.नं. | विषयगत ऐन | लगत | फछ्यौंट | बाँकी |
|---|---|---|---|---|
| १. | वैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ | ३१४ | १४५ | १६९ |
| २. | कम्पनी ऐन, २०६३ | ३४ | २० | १४ |
| ३. | दामाशाही सम्बन्धी ऐन, २०६३ | ४ | १ | ३ |
| ४. | सुरक्षित कारोबार ऐन, २०६३ | - | - | - |
| ५. | प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ | - | - | - |
| **जम्मा** | | **३५२** | **१६६** | **१८६** |

उपरोक्त तथ्यांकबाट पुनरावेदन अदालत पाटनको वाणिज्य इजलासबाट कारवाही र किनारा हुने पाँच वटा ऐनमध्ये दुईवटा ऐन अन्तर्गतको मुद्दा नै परेको अवस्था छैन भन्ने वैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतका मुद्दा बढी रहेका छन्। दामाशाही सम्बन्धी मुद्दा चारवटा मात्रको लगत रहेको देखिन्छ। वैंकिङ्ग कसूर मुद्दामा पनि केही चेक बाउन्चसँग सम्बन्धित रहेका छन् भने संख्यात्मक रुपमा कर्जा दुरुपयोग तथा अनियमितताको मुद्दा बढी रहेको पाइएको छ। बैंकिङ्ग संस्थाहरूको कर्जा दुरुपयोग र अनियमितता सम्बन्धी मुद्दामा अभियोग लगाइएका व्यक्तिहरूको संख्या ठूलो छ, विगो दावी धेरै नै छ, यिनै मुद्दामा कति प्रतिवादीहरू पूर्पक्षको लागि थुनामा रहेका छन्।

अधिकांश अनुपस्थित छन्। अर्थात् अभियोग साथ पेश नगरिएका प्रतिवादीको संख्या उल्लेखनीय छ। २०७० साल फागुन मसान्तसम्मको बाँकी मुद्दाको आधारमा १५ वटा बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित १७५ वटा मुद्दामा २१३६ जना प्रतिवादी भई साढे एघार अरबभन्दा बढी हानी नोक्सानीको बिगो दावी गरिएको अवस्था छ।

उपरोक्त मुद्दाको विवरणअनुसार बैंक तथा वित्तीय संस्थामा रहेको रकम त्यही संस्थाका प्रमुख, सञ्चालक, पदाधिकारी, कर्मचारीहरूले अनियमित रुपमा झिकी दुरुपयोग

गरेको, अन्यत्रको सहकारी लगायतका संस्थामा हस्तान्तरण गरेको, झुठो ऋणी खडा गरी ऋण प्रवाह गरेको, कमसल धितो राखी अधिक मूल्याङ्कन गरी धितोले खाम्नेभन्दा बढी कर्जा प्रवाह गरेको भन्ने लगायतका अभियोग दावी पेश भएका छन्। सम्बन्धित बैंक तथा वित्तीय संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारी देखी ऋण लिने भनिएका व्यक्तिहरू, धितो, मूल्याङ्कनकर्ता लगायत प्रतिवादी बनाइएका छन्। धेरै प्रतिवादी बनाई पेश गरिने अभियोगपत्र साथ न्यून संख्याका प्रतिवादीहरू अभियोजकले पेश गर्ने गरेको पाइएको छ।[१४] बहुसंख्यक प्रतिवादीहरू अनुसन्धानको क्रममा पक्राउ नपरेको भनी वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकील कार्यालय काठमाडौंले पेश गरेको अभियोग पत्रमा फरार देखाइने गरेको कारण अभियोग साथ प्रस्तुत भएका अभियुक्तको मात्र थुनछेक आदेश भई फरारी भनी अभियोगमा दावी लिइएकाको वतनमा वैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २२ बमोजिम तीस दिने म्याद जारी गरी जिल्ला अदालतमार्फत तामेल गरिन्छ। तर म्यादबाला प्रतिवादीको नाममा म्याद तामेल हुन नसके ऐनको दफा २३ बमोजिम राष्ट्रियस्तरको समाचारपत्रमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्ने गरिएको छ। तामेल भएको म्याद वा प्रकाशन भएको सूचनाको मितिले तोकिएको अवधिभित्र म्यादबाला प्रतिवादी उपस्थित भए पूर्पक्षमा रहने गर्दछन्। यस्तै बैंकिङ्ग कसूर मुद्दा नेपाल सरकारवादी हुने फौजदारी मुद्दा भई अभियोग साथ उपस्थित नगराइएका प्रतिवादीहरूको प्रहरी कहाँ फरारी सूचीमा रहने कारणले सो तामेली म्यादको अवधिभित्र फरार कतिपय प्रतिवादीलाई प्रहरीले पक्राउ गरी पूर्पक्षमा ल्याउने गरेको छ।

कम्पनी ऐन अन्तर्गतका मुद्दाहरूको संख्या बैंकिङ्ग कसूर ऐन अन्तर्गतको जति संख्यात्मक रुपमा बढी छैनन्। खासगरी कम्पनीको शेयर बाँडफाँड र हस्तान्तरण, शेयर लगत अभिलेख बदर, कम्पनीमा एकाधिकारको प्रयोग, कम्पनीको उद्देश्य विपरीत काम गरेकोले कारवाही गरिपाउँ, हिनामिना गरेको कम्पनीको रकम भराई सजाय गरिपाउँ, सञ्चालक सदस्य बदर गरिपाउँ भन्ने जस्ता विषयहरू विवादको विषय बनी यस पुनरावेदन अदालत पाटनको वाणिज्य इजलासमा प्रवेश गरेको पाइन्छ। अर्कोतर्फ दामाशाही सम्बन्धी ऐन, २०६३ अन्तर्गतका मुद्दा थोरै भएपनि कारवाहीमा लामो समय लाग्ने खालका छन्। दामाशाही सम्बन्धी ऐन, २०६३ को दफा ४ बमोजिम दामाशाहीमा परेको कम्पनी आफै, दामाशाही परेको कम्पनीका कूल साहु मध्ये कम्तिमा १० प्रतिशत ऋण दिने साहू वा साहूहरू, कम्पनीका कूल शेयरधनी मध्ये कम्तिमा पाँच प्रतिशत शेयर लिएका शेयरधनी वा धनीहरू कम्पनीका कूल डिवेञ्चर धनीमध्ये कम्तिमा पाँच प्रतिशत डिवेञ्चर लिएका डिवेञ्चर धनी वा धनीहरू, कम्पनी खारेज गर्नको लागि नियुक्ति

१४. कर्जा अनियमितता तथा दुरुपयोग सम्बन्धी वैंकिङ कसूरको पेश भएको अभियोगपत्र साथ अभियोग लगाइएका मध्ये २० प्रतिशतभन्दा कम अभियुक्त पेश गरिएको तथ्याङ्कबाट देखिन्छ

भएको लिक्विडेटर वा कुनै खास किसिमको व्यवसाय सञ्चालन गर्ने कम्पनीको हकमा त्यस्तो व्यवसायको प्रशासन र नियमन गर्ने अधिकार प्राप्त निकाय अर्थात् बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने बैंक वा वित्तीय संस्थाको हकमा नेपाल राष्ट्र बैंक, बीमा व्यवसाय गर्ने बीमा कम्पनीका हकमा बीमा समिति लगायतले दामाशाहीको कारवाही अगाडि बढाउन निवेदन दिन सक्ने व्यवस्था छ । यस अनुसार हालसम्म नियमनकारी निकाय राष्ट्र बैंकले दामाशाहीको लागि निवेदन गरेको मुद्दा दुई वटा रहेको छ भने दामाशाहीमा परेको कम्पनी आफैले निवेदन दिएको संख्या दुई वटा रहेको पाइन्छ । नेपाल राष्ट्र बैंकले दामाशाहीमा लैजानको लागि निवेदन दिई कारवाही अघि बढेको मुद्दामा अदालतले नियुक्ति गरेको जाँचबुझ अधिकारीको प्रतिवेदन उपर सुनुवाई तथा जाँचबुझ गरी लिक्वीडेशनमा लैजानु पर्ने देखेमा लिक्विडेटर नियुक्त गर्दछ । लिक्विडेटरले बैंक, वित्तीय संस्था वा कम्पनीको सम्पत्तिबाट निक्षेपकर्ताको निक्षेपको भुक्तानीको कारवाही अगाडि बढाउने क्रममा आफूहरूले प्राथमिकता पाउनु पर्ने भनी दामाशाही सम्बन्धी ऐन, २०६३ दफा ५७(१)(ज) अनुसारको सरोकाराबाला निक्षेपकर्ताको निवेदन पर्ने गरेको समेतका कारणबाट मुद्दाको लगत संख्या बढी देखिएपनि बैंक तथा वित्तीय संस्थाको दुई वटा र कम्पनीको दुईवटा गरी दामाशाहीसम्बन्धी हालसम्मका चारवटा मुद्दा मध्ये एउटा फछ्र्यौट भई तीनवटा कारवाहीयुक्त अवस्थामा छन् ।

## ६. अनुभूत गरिएका तथ्य र सुधारका क्षेत्रहरू

१. हाल वाणिज्य इजलासबाट पाँच वटा ऐनमा तोकिएका विवादहरूको कारवाही र किनारा गर्ने गरी तोकिएको पाइन्छ । वाणिज्य इजलासबाट कारवाही र किनारा गर्नुपर्ने मुद्दाको कारवाही र किनारा गर्न सर्वोच्च अदालतको सहमति लिई पुनरावेदन अदालतमा नेपाल सरकारले गठन गरेको वाणिज्य इजलासको लागि प्रधान न्यायाधीशबाट तोकिएका पुनरावेदन अदालतका न्यायाधीशहरूलाई पुनरावेदन अदालतका मुख्य न्यायाधीशले आवश्यकता अनुसार अन्य मुद्दासमेत हेर्ने गरी तोक्न सक्ने प्रावधान पुनरावेदन अदालत नियमावली, २०४८ मा गरिएको छ ।[१५] वाणिज्य इजलासमा पेश हुने मुद्दाको संख्यात्मक न्यूनता र पुनरावेदन अदालत पाटनमा रहेको कार्यबोझ तथा अदालतको वार्षिक कार्ययोजनामा लिइने गरेको न्यायाधीशगत, इजलासगत मुद्दा फछ्र्यौटको निर्धारित लक्ष्य पूरा गर्नुपर्ने अवस्था समेतलाई मध्येनजर गरी वाणिज्य इजलाससमेत हेर्ने गरी तोकिएका न्यायाधीशहरूलाई वाणिज्य इजलासमा पेश हुने बाहेकका मुद्दा खासगरी वाणिज्य प्रकृतिका अन्य मुद्दा तथा रिटहरूसमेत हेर्ने गरी तोकिएको अवस्था हो । तर वाणिज्य इजलासमा पेश हुने मुद्दाहरू बढ्दै गएको सन्दर्भ, वाणिज्य इजलासमा पेश हुने मुद्दाको अङ्ग पुगी सुनुवाईयोग्य चरणमा

१५. नियम १०क

पुगेको स्थिति, धेरै संख्याका प्रतिवादीहरूको हकमा शुरु क्षेत्राधिकार ग्रहण गरी बयान, थुनछेक बहस, आदेश, बकपत्र लगायतका कार्यमा बढी समय खर्चिनु पर्दा र वाणिज्य इजलासको छुट्टै फछ्र्यौट लक्ष्य निर्धारण भइसकेको अवस्थामा वाणिज्य इजलास समेत हेर्ने गरी तोकिएका न्यायाधीशहरूबाट वाणिज्य इजलाससमक्ष पेश हुने गरी तोकिएका मुद्दाहरूलाई पहिलो प्राथमिकताको साथ सुनुवाई गरी कारवाही र किनारा गर्ने पर्यत्न भएको छ ।

यद्यपि धेरै जनालाई लगाइएको अभियोगसाथ अभियोजकले न्यून संख्याका अभियुक्त उपस्थित गराउने, सरकारले फरारी भनेका बहुसंख्यक प्रतिवादीहरूलाई उपस्थितिको लागि अदालतले तीस दिने म्याद जारी गर्ने तर अस्पष्ट, गलत वतनको कारणले वा फरारी भनिएको वा बनाइएको प्रतिवादीको जालझेलको कारण जारी भएको सो म्याद बेपत्ते भई पुनः जारी तामेल गर्नुपर्ने र यसको लागि लामो समय लाग्ने गरेको र सबै प्रतिवादी चुक्ता नभई मुद्दाको अन्य कामकारवाही अगाडि बढ्न नसक्ने भई अभियोगसाथ दाखिल प्रतिवादी लामो समयसम्म पूर्पक्षको लागि थुना वा तारिखमा रहनु पर्ने वा परेको अवस्था छ । अनुसन्धानको क्रममा पक्राउ परी अदालतबाट अरु सबै म्याद थप भएका एउटै मुद्दाका कतिपय प्रतिवादीलाई अनुसन्धानकर्ताले हाजिरी जमानीमा छोडी अभियोग पत्र पेश गर्दा भने फरारी भनी उल्लेख गरिदिँदाको परिणाम तत्काल पूर्पक्ष हुने अवस्थाको प्रतिवादीलाई अदालतले पुनः म्याद जारी/तामेल गर्नुपर्ने अवस्था पनि आएको छ। एउटै बैंक वा वित्तीय संस्थाको लगभग एकै समयमा भएका कर्जा दुरुपयोग लगायतका वारदातमा एकै प्रतिवादीहरूउपर समग्रमा अनुसन्धान एकै पटक अभियोजन हुन सक्नेमा गोश्वारा रुपमा तर किस्ताबन्दीमा गरिने अभियोजनले अदालतको सुनुवाईको महत्वपूर्ण समयलाई खर्चेको मात्र होइन, मुद्दा प्रवाहमा अनावश्यक ढिलाई समेत हुन पुगेको छ । तर ढिलाईको दोष अदालतले खेप्नु परेको छ । त्यस्तै प्रत्येक आदेश उपर पर्ने गरेको अ.व. १७ नं. को निवेदन र सोमा लामो समय लाग्ने गरेको अवस्थामा गर्नुपर्ने मिसिल व्यवस्थापन, सुनुवाईको लागि पेश भएको मुद्दामा कानून व्यवसायीबाट आउने पटक पटकको स्थगन, स्थगन नभएकोमा बहुसंख्याका कानून व्यवसायीको लामो र व्यवस्थापन नगरिएको बहस, कतिपय आदेश कार्यान्वयन गर्न लाग्ने गरेको लामो समय, भौतिक व्यवस्थापनको समस्या, मुद्दामाथि मुद्दा परी लगाउमा रहने अवस्था लगायतका कारणले द्रुत गति प्रदान गर्नुपर्ने वाणिज्य मुद्दाहरूको प्रवाहले अपेक्षित गति लिन नसकेको यथार्थ हो । त्यस्तैगरी बैंकिङ्ग कसूर मुद्दाको अभियोगमा कथित फरारी अभियुक्तले त्यसैसँग सम्बन्धित निर्णय बदर, निषेधाज्ञा लगायतका मुद्दा वारिसमार्फत दायर गरी कानून छल्ने प्रवृत्ति पनि देखिएको छ । यसबाट वैंकिङ्ग कसूर मुद्दाको प्रवाहमा गति दिन मुश्किल पर्न जान्छ ।

२. वाणिज्य इजलासमा पेश भएको मुद्दा मध्ये अधिकांश मुद्दा वैंकिङ्ग कसूर सम्बन्धी मुद्दा रहेका छन् । त्यसमध्ये वैंक खातामा चेकमा उल्लेखित रकम नभई सो चेक अनादर भएको कारण रकम भुक्तानी हुन नसकेको आधारमा जाहेरी परी बैंकिङ्ग कसूर नामाकरण गरी ल्याएका मुद्दाहरू पनि परेका र पर्ने गर्दछन् । यस्तो विवाद वैंकिङ्ग कसूर भनी ल्याउँदा प्रतिवादीलाई बढीमा दश हजार रुपैयासम्म जरिवाना हुन सक्ने बाहेक बिगो भराउने व्यवस्था छैन, कसूर ठहरेमा न त कैद नै हुन सक्दछ । एक दिन पनि कैद नहुने र बढीमा दशहजार रुपैया सम्म जरिवानाको माग दावी हुने कसूरको अनुसन्धान तहकिकातको क्रममा अभियुक्तलाई ४५ दिनसम्म थुनामा राखी बैंकिङ्ग कसूरमा अभियोजन गर्ने प्रचलन रहेको पाइन्छ । अर्कोतिर सो अघि जिल्ला अदालतमा ठगी मुद्दामा अभियोजन भई थुनछेक आदेश भइसकेपछि सोही मुद्दाको अनुसन्धानको कागजातको फोटोकपि राखी बैंकिङ्ग कसूर (चेक बाउन्च) मा अभियोग पत्र दायर गर्ने प्रचलन सरकारी पक्षको रहेको छ । यही विवादमा दुनियाँवादी फौजदारी मुद्दाको रुपमा चेक अनादर मुद्दा पनि जिल्ला अदालतमा दायर हुने गरेको छ । त्यसैले यस्तोमा दुनियावादी फौजदारी मुद्दाको रुपमा चेक अनादरमा वा सरकारवादी फौजदारी मुद्दाको रुपमा ठगी वा बैंकिङ्ग कसूर मध्ये कुन दावी रहने हो, अझ स्पष्टता र एकरुपताको आवश्यकता छ ।

३. बैंकिङ्ग कसूर सम्बन्धी मुद्दामा करोडौं कर्जा दुरुपयोगको दावी हुने, त्यसमा संलग्न भनिएका प्रतिवादीहरू बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित हुन्छन् । सरकारको अभियोजनसँग नआई फरार सूचीमा रहेकालाई अदालतले तीस दिने म्याद जारी गरी तामेल गर्दछ । तर निज व्यक्तिको वास्तविक ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले म्याद तामेल हुन नसकेमा राष्ट्रियस्तरको समाचारपत्रमा दुई पटक प्रकाशन गर्नुपर्ने कानूनी प्रावधान छ । एक पटक सार्वजनिक सूचना गरे पुग्नेमा दुई-दुई पटकसम्म सार्वजनिक सूचना प्रकाशन गरिरहनुको कुनै औचित्य देखिदैन । अनुसन्धान र अभियोजनको क्रममा फेला परेका अभियुक्तको हकमा मात्र अभियोजन गरी तत्काल फेला नपरेका अभियुक्तको हकमा फेला परेपछि अभियोजन गर्ने कानूनी प्रावधानको विकास गर्न सकिएमा एकतिर अदालतलाई फरारीको हकमा म्याद तामेलीको अनावश्यक झन्झट रहँदैन भने अर्कोतिर अभियोगसाथ दाखिल भएका प्रतिवादीहरूले लामो समयसम्म पूर्पक्षमा बिताउनु पर्ने अवस्था रहँदैन ।

४. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १८ मा यस ऐन अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारवादी हुने र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा समावेश भएको मानिने प्रावधान छ । नेपाल राष्ट्र बैंकको कैफियत वा टिप्पणी नै अनुसन्धान र अभियोजनको आधार हुने गरेको पाइएको छ । परम्परागत फौजदारी कसूरको अनुसन्धान र अभियोजन झैं यसमा पनि अनुसन्धान हुने र जिल्ला सरकारी वकीलबाट पुनरावदेन अदालतको वाणिज्य इजलासमा अभियोजन

हुने गरेको छ। एउटै जाहेरी र एउटै बयानका आधारमा प्रमाणको रुपमा छाँयाप्रति कागजातको भरमा भिन्न-भिन्न अभियोजन गर्ने गरेको पनि पाइएको छ। अधिकांश प्रतिवादी बैंक वित्तीय संस्थासँग आबद्ध जिम्मेवार पदाधिकारी, कर्मचारी, ऋणी रहने र त्यस्ता व्यक्तिको व्यक्तिगत पहिचान खुल्ने कागजात सहजरुपमा उपलब्ध हुने अवस्थामा पनि अस्पष्ट र गलत ठेगाना उल्लेख गरी र कतिपयमा यथार्थ ठेगानासम्म पत्ता लाग्न नसकेका दर्जनौं व्यक्तिलाई एकै घानमा मुद्दासम्म चलाएर अनुसन्धान र अभियोजन पक्षले आफ्नो काम तामेल गरेको देखाइएको जस्तो सहजै अनुभूत हुन्छ। अभियोजन जिल्ला सरकारी वकीलबाट हुने तर बहस पैरवी पुनरावेदन सरकारी वकील कार्यालयबाट हुने गरेको छ।[१६] बैंकिङ्ग कसूर अन्तर्गतको कर्जा दुरुपयोग आर्थिक अपराध भएको हिसाबले सार्वजनिक पद धारण गरेको व्यक्ति वा राष्ट्रसेवक समेत सम्मिलित भई गरेको कर्जा दुरुपयोग समेतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान र अभियोजनको क्षेत्रमा पार्ने गरेको छ। यसबाट एकै प्रकृतिको आर्थिक अपराधको विषयमा भिन्न भिन्न कसूर नामाकरण गरी भिन्न भिन्न निकायबाट अनुसन्धान, अभियोजन र निर्णय हुने गरेको अवस्था छ।

५. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अनुसार यो ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिने प्रावधान गरेको र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा अदालतमा दायर भएको अनुसूची -१ मा उल्लिखित अपराधको अभियुक्त जहिलेसुकै गिरफ्तार भएमा पनि निजलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र सरकार वादी हुने फौजदारी मुद्दामा सकभर चाँडो प्रहरीले सरकारी वकीलमार्फत अदालतमा उपस्थित गराउनु पर्ने[१७] प्रावधान अनुसार प्रहरीले पक्राउ गरी उपस्थित गराउने गरेको छ। अदालतले पनि यसरी पक्राउ गरी ल्याइएको प्रतिवादीलाई पूर्पक्षमा ल्याउने गरेको छ। तर अभियोग पत्रमा अदालतबाट म्याद जारी गरी पाउँ भन्ने दावी लिने गरिएको वारेण्ट जारी नहुने यस्तो मुद्दाको अनुसन्धानको क्रममा नै अनुसन्धानकर्ताले बढी मेहेनत गरी अभियुक्त बनाइएका व्यक्तिलाई पक्राउ गरी ल्याउने तर्फ लाग्न सकिएमा मुद्दाको पूर्पक्षमा अपेक्षित शीघ्रता आउन सक्छ।

६. दामाशाही सम्बन्धी ऐन, २०६३ को दफा ४२ मा लिक्विडेटरले तीन महिनाभित्र

---

१६. नेपाल सरकारको मिति २०७०।७।२५ को निर्णयानुसार नेपाल सरकार वादी भई चल्ने र नेपाल सरकारलाई सरोकार पर्ने विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, पुनरावेदन अदालत पाटनमा रहेको वाणिज्य इजलास र प्रशासकीय अदालत काठमाडौंमा रहेका विभिन्न विषयगत विशेष प्रकृतिका मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने समेतको क्षेत्राधिकार तोकी महान्यायाधिवक्ताको कार्यालय मातहत रहने गरी विशेष सरकारी वकील कार्यालय काठमाडौं भर्खरै स्थापना भई सञ्चालनमा आएको छ। सेवामा विशिष्टीकरण लागि यो सकारात्मक कदम हो।

१७. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम ९ को उपनियम (५)

खारेजी सम्बन्धी प्रतिवेदन अदालत समक्ष पेश गर्नुपर्ने प्रावधान भएपनि बैंक तथा वित्तीय संस्थाको दामाशाहीको प्रक्रिया टुंगिन लामो समय लाग्ने अनुभवले देखाएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र दामाशाही सम्बन्धी ऐनमा भएको संस्था लिक्वीडेशनमा जाँदा भुक्तानीको प्राथमिकता निर्धारणसम्बन्धी प्रावधानको प्रयोगमा अस्पष्टता छ । दामाशाही प्रक्रिया न्यायिकभन्दा प्रशासनिक कार्यसँग बढी सम्बन्धित छ । वाणिज्य इजलासले जाँचबुझ अधिकारी, लिक्विडेटरको नियुक्तिदेखि निजका कामको अनुगमन, सुपरिवेक्षण गर्ने, काममा सहजीकरण गरी आवश्यक आदेश र निर्देशन दिने गर्न सक्दछ । तर लामो समयसम्म लिक्विडेटरले काम सम्पन्न गर्न नसक्दा अदालतको मुद्दाको लगत पूरानो भएर रहिरहन्छ । लिक्विडेटरले अदालतबाट तोकिएको काम सम्पन्न गर्ने क्रममा गरेका काम कारवाहीउपर अदालतमा पर्ने गरेका उजुरी निवेदनको प्रतिरक्षा गर्न तिर लाग्दा लिक्विडेशनको मूल काममा अझ ढिलाई हुन पुग्ने रहेछ । अर्कोतर्फ लिक्विडेटरको बोझिलो पारिश्रमिक र कार्यालय सञ्चालन खर्चको नाममा लामो समयसम्म सम्बन्धित संस्थाको खर्च भइरहेको हुन्छ । अदालतप्रति ढिलाईको आलोचना भइरहन्छ ।

७. वाणिज्य इजलासमा पेश हुने मुद्दा खासगरी वाणिज्य, बैकिङ्ग, व्यापार, कम्पनी लगायतका आर्थिक क्षेत्रसँग सम्बन्धित भई सबल आर्थिक हैसियत भएका मुद्दाका पक्ष विपक्षका लामो सूचीका कानून व्यवसायीहरूको लामो बहस पैरवीले अदालतको लामै समय लिने गर्दछ । बहस व्यवस्थापन हुन नसक्दा समग्रमा मुद्दा व्यवस्थापनमा असर परेको छ । निरन्तर सुनुवाईको प्रथाको विकास गर्न नसकिएसम्म मुद्दा प्रवाहले गति लिन कठिन छ । यसको लागि सम्बद्ध सबैको सकारात्मक सहयोग आवश्यक पर्दछ ।

८. वाणिज्य, व्यापारिक प्रकृतिका विवादको शीघ्र कारवाही र किनाराको लागि पुनरावेदन तहमा वाणिज्य इजलासको गठन गरियो । वाणिज्य इजलास गठनको सूचना राजपत्रमा प्रकाशन गरिदिएपछि वाणिज्य क्षेत्रको माग पूरा गरेको महसुस सरकारले गऱ्यो । शीघ्र कारवाहीको लागि न शीघ्र कार्यविधि कानून ल्याइयो, न वाणिज्य इजलासलाई भौतिक स्रोत साधन र प्रोत्साहनले सम्पन्न बनाइयो, न त वाणिज्य इजलासको लागि तोकिएका न्यायाधीश, कर्मचारी लगायतका जनशक्तिलाई विशिष्टीकृत ज्ञान सीप आवश्यक पर्छ भन्ने र अन्यत्रको असल अभ्यासको अध्ययन अवलोकन तिनलाई आवश्यक छ भन्ने कुरा सरकारले महसुस गऱ्यो । यसतर्फ गम्भीर हुनुपर्ने आवश्यकता देखिएको छ ।

९. वाणिज्य इजलासबाट कम्पनी ऐन, २०६३, दामाशाही सम्बन्धी ऐन, २०६३, बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४, सुरक्षित कारोबार ऐन, २०६३ र प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ अन्तर्गतका विवादहरूको निरोपण हुने गरी तोकिए पनि सुरक्षित कारोबार ऐन र प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन अन्तर्गतका

दायर हुन आएको देखिदैन। सुरक्षित कारोबार ऐन लागू गर्न संरचनागत पूर्वाधार तयार भइसकेको अवस्था छैन। त्यस्तैगरी वाणिज्य इजलासमा पेश हुने मुद्दा भनी निर्धारण गरिएका उपरोक्त पाँचवटा ऐन बाहेकका अन्य थुप्रै विवादहरू वाणिज्य प्रकृतिका छन्। सम्बन्धित ऐन संशोधन गरेर यिनलाई वाणिज्य इजलासको क्षेत्राधिकारभित्र ल्याउन सकिएमा इजलास विशिष्टीकरणले मूर्तरुप पाउन सक्छ।[१८] निवेदनको रुपमा पुनरावेदन अदालतको शुरु क्षेत्राधिकार अन्तर्गत आउने मध्यस्थ नियुक्ति र बदर, करार ऐनको दफा ८७ अन्तर्गतको अन्तरिम उपचारको लागि पर्न आउने निवेदनका अतिरिक्त शुरु जिल्ला अदालतले शुरु कारवाही र किनारा गरी पुनरावेदन परेका वाणिज्य प्रकृतिका करार, बीमा दावी, ट्रेडमार्क, पेटेन्ट र डिजाइन, प्रतिलिपि अधिकार, दुरसञ्चार प्रणाली हानी नोक्सानी, नेपाल राष्ट्र बैंक, उद्योग विभाग लगायतका नियामक निकायहरूले गरेको निर्णयउपरका पुनरावेदन तथा वाणिज्य र व्यापारिक प्रकृतिका विवादमा पर्न आउने रिट प्रकृतिका निवेदनहरू समेत वाणिज्य इजलासले पूर्णकालीन समय सुनुवाई गर्ने गरी नीतिगत रुपमा तोक्न सक्दा यस्ता प्रकृतिका विवाद निरोपणमा विशिष्टता, शीघ्रता, एकरुपता र प्रभावकारिता आउन सक्तछ।

## ७. निष्कर्ष

अदालत वा इजलास विशिष्टीकरणको उद्देश्य सम्बन्धित विषयमा जनशक्तिको विशेषज्ञता र काममा प्रभावकारिता ल्याउनु नै हो। यसको परिणाम गुणस्तरीयता तथा उत्पादकत्व बढ्छ, न्याय सम्पादनमा शीघ्रता आउँछ। कानूनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाट विना अनुचित ढिलाई न्याय प्राप्त गर्ने व्यक्तिको अधिकार भएकोले यो अधिकारको सुनिश्चितताको लागि इजलास वा अदालत विशिष्टीकरण एउटा महत्वपूर्ण माध्यम हुन सक्दछ। तर बिना अनुसन्धान खास प्रकृतिका मुद्दाहरूको सुनुवाईको लागि सरकारले न्यायाधिकरण वा अर्द्धन्यायिक निकाय स्थापना गर्दै मुद्दा हेर्ने अधिकारी नियुक्त गर्दै जाने हो भने न्यायिक स्वतन्त्रता जोखिममा पर्ने खतरा रहन्छ। समान प्रकृतिका विवादमा विविधता र अधिकार क्षेत्र खप्टिने सम्भावना पनि त्यत्तिकै

१८. वाणिज्य प्रकृतिका विवादहरू मध्यस्थ प्रक्रियाद्वारा भएको निर्णयउपर पुनरावेदन अदालतमा, बैंक तथा वित्तीय संस्थाको ऋण असूलीसम्बन्धमा ऋण असूली न्यायाधिकरणमा, कर सम्बन्धी विवाद राजश्व न्यायाधिकरण, मुद्रा निर्मलीकरण र भ्रष्टाचारसम्बन्धी मुद्दा विशेष अदालतमा दायर हुने भई वाणिज्य प्रकृतिका मुद्दाहरूको अनुसन्धान र सुनुवाई गर्ने विभिन्न संरचनागत निकायहरू रहेका छन्। बैकिङ्ग कसूर तथा सजाय ऐन अन्तर्गतको मुद्दा वाणिज्य इजलासले हेर्ने गरी तोकिए पनि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन अन्तर्गतको मुद्दामा वाणिज्य इजलासले क्षेत्राधिकार राख्दैन। See more- Commercial Bench in Nepali Courts: Prospects and Challenges, Rudra Sharma,http://www.google.com.np/>gws_rd=cr&ei=GSONU6rNEJW48gWPso HIDg# q=commercial+court +in+different+countries,visited 03.06.2014

रहन्छ । शीघ्रता र सक्षमताको नाममा कुनै वर्ग विशेषको स्वार्थको निकाय निर्माण हुन पुग्ने जोखिम रहने भनेर आलोचना हुने गरेको पाइन्छ । यी र यस्ता थुप्रै जोखिमहरूप्रति सचेत रहँदै खास प्रकृतिका विवादहरूको निरोपणमा शीघ्रता र प्रभावकारिता अभिवृद्धि गर्न अदालत वा इजलास विशिष्टीकरण गर्नु उपयुक्त नै हुन्छ । यही सन्दर्भमा पुनरावेदन तहको अदालतको संयुक्त इजलासले निश्चित विवादको शुरु कारवाही र किनारा गर्ने अख्तियारी प्रदान गरी वाणिज्य इजलासको गठन भएको छ । वाणिज्य प्रकृतिको विवादमा शीघ्र कारवाही र किनाराको लागि वाणिज्य इजलासको गठन गरिएपनि यसको उद्देश्य पूरा गर्न छुट्टै शीघ्र कार्यविधि तय हुन सकेको छैन । कम्पनी ऐन र प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐनमा संक्षिप्त कार्यविधि लाग्ने भनिएको भएपनि बैकिङ्ग कसूर तथा सजाय ऐन र सुरक्षित कारोबार ऐन अन्तर्गतको मुद्दामा सामान्य कार्यविधि नै प्रयोग गर्नुपर्ने अवस्था छ । मुद्दाको कारवाहीमा लाग्ने लामो समय, फरार रहेका भनिएकाहरूको नाउमा जारी तामेल गरिने लामो अवधिको म्याद तथा थुनछेक, बयान, बकपत्र लगायतका शुरु अदालतले गर्ने कार्यविधिहरू केही ढिलाई हुन पुगेको अवस्था हो । ढिलाइको आरोप अदालतलाई लाग्ने गरेको छ । तर ढिलाईका कारणहरू पहिचान गरी यसलाई न्यून गर्ने उपायहरू अवलम्बन गर्न सकिएमा वाणिज्य इजलासको प्रभावकारिता बढ्ने छ । यसको क्षेत्राधिकारमा वृद्धि पनि आवश्यक, क्षेत्राधिकार विस्तारलगायतको विषयमा अध्ययन अनुसन्धान हुन आवश्यक छ ।

कुनैपनि कुरा निरपेक्ष रुपमा पूर्ण र आलोचनामुक्त हुन सक्दैन । कुनै नयाँ कुराको थालनी अनि प्रयोगसँगै समस्या र चुनौतीहरू पनि देखा पर्न थाल्दछन् । वाणिज्य इजलासको हकमा पनि भएका कानून र कानूनको प्रयोगको क्रमलगायतमा केही समस्याहरू देखिदैछन्, देखिदै जानेछन् । कानूनको प्रयोग र मुद्दाको कारवाहीको क्रममा देखिएका उपरोक्त उल्लेखित पक्षहरूमा आवश्यक अध्ययन, अनुसन्धान र छलफल गरी यथोचित सम्बोधन गर्न सकिएमा वाणिज्य इजलासको प्रभावकारितामा अझ अभिवृद्धि गर्न सहज हुँदै जानेछ ।

# नेपालको फौजदारी न्याय प्रणालीमा अपराध अनुसन्धान र अभियोजन

कृष्णजीवी घिमिरे♥

## सारांश

*आधुनिक तथा सूचना प्रविधिको युगमा यससँग जोडिएका अपराधका स्वरुप र प्रवृत्तिमा भिन्नता देखिदै गएको छ। सूचना प्रविधिसँग जोडिएका अपराधहरू जस्तैः VOIP कल वाइपास, साइबर अपराध, सम्पत्ति शुद्धीकरण, संगठित अपराधहरू नियन्त्रणको लागि समय सापेक्ष कानूनी व्यवस्था गरिनु पर्ने आवश्यकता छ । चुस्त अपराध अनुसन्धान र अभियोजन संयन्त्र, पक्ष अनुसन्धान अधिकृत तथा अभियोजनकर्ता, अत्याधुनिक स्रोत र साधन सम्पन्नता तथा उपयुक्त तालिमको मार्फतबाट अनुसन्धान तथा अभियोजन प्रणालीमा सुधार ल्याउन सकिन्छ। प्रस्तुत लेखमा नेपालको फौजदारी न्याय प्रणाली अन्तर्गत सरकारीवादी फौजदारी मुद्दामा अपराध अनुसन्धान र अभियोजनको विगत र वर्तमान अवस्था, व्यवहारिक प्रयोग, देखिएका समस्याहरू, समाधानका अपेक्षित प्रयास र भविष्यका चुनौतीहरूका बारेमा उजागर पार्ने पर्यत्न गरिएको छ ।*

### १. पृष्ठभूमी

राज्य निर्माणको शुरुआतको पहिलो आधार नै शान्ति, सुरक्षा र सुव्यवस्था भएकोमा आधुनिक राज्य प्रणालीमा पनि राज्य दायित्वका यी आधारहरू यथावत नै रहेका छन् । यस सन्दर्भमा शान्ति सुरक्षाको लागि उपयुक्त वातावरण तयार गर्नु र यदि कोही कसैले शान्ति सुरक्षा सम्बन्धी कानूनी प्रावधान उल्लङ्घन गरेमा कानून बमोजिम उल्लङ्घनकर्तालाई सजाय गर्ने र पीडितलाई उचित क्षतिपूर्ति दिलाउने व्यवस्था गरिदै आएको लामो समय भैसकेको छ। यसका लागि अपराध अनुसन्धान गर्ने, अभियोजन गर्ने र कसूर घोषणा तथा सजाय गर्ने तीनवटा छुट्टाछुट्टै कार्य गर्न राज्यले प्रहरी, सरकारी वकील र अदालतको व्यवस्था गर्ने पद्धतिलाई नेपालले पनि अवलम्बन गर्दै आएको छ। राज्यको दृष्टिकोणबाट अपराध नियन्त्रण र शान्ति सुव्यवस्था एउटै प्रमुख उद्देश्य भए पनि यो कार्यका लागि गठित यी निकायहरूको व्यवस्था र कार्यक्षेत्र सम्बन्धी छुट्टाछुट्टै कानूनी व्यवस्थाहरू रहेका सन्दर्भमा छुट्टाछुट्टै कार्यको परिणामसम्म पुग्दा राज्यको उद्देश्य हासिल गर्ने क्रममा कैयन् असफलताहरू देखिएका छन्। यद्यपि असफलता सम्बन्धी समस्या पत्ता लगाई समाधान गर्ने प्रयासहरू नत पर्याप्त देखिन्छन् नत भएको प्रयासहरू नै कामयावी प्रतित भएका छन्। यस परिप्रेक्ष्यमा नेपालको फौजदारी न्याय प्रणाली

---

♥ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

अन्तर्गत सरकारवादी फौजदारी मुद्दामा अपराध अनुसन्धान र अभियोजनको विगत र वर्तमानको अवस्था, व्यावहारिक प्रयोग, वर्तमानमा देखिएका समस्या, समाधानका लागि अपेक्षित प्रयास र भविष्यका चुनौती बारेमा उल्लेख गरी उपयुक्त निचोडमा पुग्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## २. फौजदारी न्याय प्रणाली र फौजदारी कानून

राज्यमा अपराध नियन्त्रण गरी अपराधमुक्त तथा भयमुक्त समाजको स्थापना गर्नु फौजदारी न्याय प्रणालीको मूलभूत उद्देश्य हो । अपराधीलाई दण्ड र पीडितलाई राहत उपलब्ध गराएर मात्रै फौजदारी न्याय प्रशासनको उद्देश्य पूरा हुँदैन । निर्दोषलाई अपराधीकरण नगराइने प्रत्याभूतिका पर्याप्त र विश्वसनीय आधारहरू स्थापित गर्नु पर्दछ । वर्तमान विश्व परिवेशमा कुनै राज्यले कुनै गलत कार्यलाई कसूर मानी कानूनमा समावेश गरेका छन् भने त्यही कसूरलाई कुनै राज्यले कसूरको रुपमा नलिई कानूनमा समावेश गरेका छैनन् । यो राज्यको आफ्नै सामाजिक र साँस्कृतिक परिवेशमा निर्भर रहेको हुन्छ । तथापि मूलभूत रुपमा समाज र व्यक्ति विरुद्धका कार्यहरूलाई जुनसुकै मुलुकले कानूनमा व्यवस्था गरी कसूर मानेर सजायको व्यवस्था गरेका छन् । त्यसैले कसूर र सजायको विषय फौजदारी न्याय प्रणालीका लागि चुनौतीको विषय बनेका छन् र फौजदारी न्याय प्रशासनको महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

फौजदारी कानून आफैद्वारा व्यवस्थित दण्डमा आधारित एक श्रृंखलाबद्ध नियम हो । जसको उद्देश्य मानवीय व्यवहारलाई नियन्त्रण गर्नु हो । फौजदारी कानूनलाई राज्यका अन्य सामाजिक तथा व्यक्तिगत व्यवहार नियन्त्रण गर्ने संयन्त्रहरूबाट फरक छुट्टाउने मूल आधार दण्ड हो । जसलाई फौजदारी कानूनको हितमा झल्काउने दण्डका व्यवस्थित नियमले टेवा पुऱ्याउने हुन्छ[१] । फौजदारी कानूनले बैध प्रतिरक्षाका आधारलाई पनि उत्तिकै महत्व दिन्छ । किनकि आपराधिक कार्य एक्लैले न कोही दण्ड भागी हुन्छ नत आपराधिक कार्यको अभावमा हुने आपराधिक मनसायलाई दण्ड दिन सकिन्छ । आपराधिक मनसाय सहितको कार्यले मात्र व्यक्ति दण्डभागी हुन्छ । यसैकारण फौजदारी कानूनको दायरामा नपर्ने व्यक्तिहरूको सूची लामो हुन सक्छ । त्यसैले फौजदारी कानूनको निर्माण केमा आधारित हुनु पर्छ भन्ने सन्दर्भमा ठूलो मतान्तर छ । यसो हुनुमा समाजको व्यवहार र चेतनाको स्तर ठूलो शक्ति हो भने समाजको विकास र समय सापेक्ष प्रभाव अर्को आधार हो । जे होस यी नियमको निर्माण हुन दुई कुरा हुनैपर्छ भनिन्छ । ती हुन् मानवीय कार्य समाजले गलत सावित गरेकै हुनु पर्छ र त्यस्तो मानवीय कार्य फौजदारी कानूनको सहयोगको अभावमा नियन्त्रण गर्न सम्भव छैन भन्ने ठानिएको

१. C.M.V. Clarkson & H.M. Keating, *Criminal Law: Text and Materials,* 4th ed. Sweet & Maxwell, London, (1998), pp 1- 2

हुनुपर्छ[२] । तसर्थः फौजदारी कानूनको विश्वव्यापी कानूनी मान्यता भनेकै "कानूनको अभावमा अपराध हुँदैन र अपराध नभई सजाय गरिदैन" अर्थात (No crime without law "Nullum crimen sine lege" भन्ने हो र यो नै फौजदारी कानूनको मौलिक विशेषता हो ।[३] फौजदारी कानूनका मुलभूत दूई कार्यात्मक पक्ष मानवीय आचरण तथा व्यवहारलाई कसूर घोषणा गर्नु र घोषित कसूरमा उचित दण्डको प्रवन्ध निर्धारण गर्नु । फौजदारी कानूनका उल्लेखित उद्देश्यात्मक कार्यलाई यसरी छुट्टयाएर हेरिने गरिन्छः[४]

१) निश्चित प्रकारका मानव आचरणलाई कसूर घोषणा गर्नु (criminalize)
२) घोषित कसूरभन्दा बाहेकका आचरणलाई फौजदारी कानूनको दायराबाट बाहिर पार्नु (Decriminalize)
३) फौजदारी कानूनको दायरा बाहिर रहेका आचरणलाई पुनः दायरा भित्र पार्नु (Re Criminalize)

कस्ता मानवीय आचरणलाई फौजदारी कानूनको दायराभित्र पार्नुपर्छ भन्ने सम्बन्धमा मुख्यतया तीन थरी विचारधारा (School of Thoughts) विश्वमा पाइन्छन् । ती हुनः कानूनी नैतिकतावाद (Legal Moralism वा Moral School), क्षति सिद्धान्त (Liberalism वा Harm School) र आफू विरुद्ध वा अरु विरुद्ध हुने नोक्सानी सिद्धान्त (Legal Paternalism) । त्यसैले फौजदारी कानून समाजका सर्वरोग निरोधक रामबुटी (Panacea) होइन भन्ने कुरा राम्ररी हेक्का राख्नु पर्छ र व्यक्तिगत मानव अधिकारको सीमा नाघी निर्माण हुने फौजदारी कानून डायसले आफ्नो विधिशास्त्रमा उल्लेख गरे झै न्याय खोज्नु भनेको यति चुनौतीपूर्ण छ कि Holy Grail खोज्नुभन्दा पनि अति कठिन छदमभेषी वस्तु खोज्नु सरह हुन्छ र यसको अर्थ निराकार वस्तु निराधार स्थानमा छकी भनी संम्झनु सरह हुन्छ ।[५] C.M.V. Claruson भन्दछन् "फौजदारी कानूनले निश्चित समाजका विस्तृत मूल्य मान्यतालाई गलत र हानिकारक हुन् भनी मापदण्ड निर्धारण गर्दछ"।[६] त्यसैले वर्तमान समयमा आइपुग्दा फौजदारी कानूनको क्षेत्र नैतिकताका महत्वपूर्ण पाटोहरूलाई समेट्दै नयाँ कसूरहरूको जन्मलाई आत्मसात गरी समयानुकूल बनाउने प्रयासहरू निरन्तर जारी छन् । यस्तै फौजदारी कानूनको कार्यान्वयन निम्न अवस्थाको विद्यमानता पुष्टि भएमा मात्र सम्भव हुन्छ र फौजदारी कानूनको दायरामा

२. Ibid at, 4
३. M Cherif Bassoons, *Substantive Criminal Law,* Charles C Thomas Illinois, USA, (1977), at 50
४. Clarkson op.cit. p.2
५. R W M Dias, *Jurisprudence* 5th ed.. Aditya Books pvt. Ltd., New Delhi, (1994), at 65.
६. Clarkson op.cit. page, 12

व्यक्ति पर्दछ भनि निजले भनेको पाइन्छ ।[७]

- जानी बुझी गरेको कार्य,
- प्रतिरक्षाको दावी लिने अवस्थाको अभाव,
- फौजदारी कानूनले गर्नु भनेको काम नगरेको,
- फौजदारी कानूनले नगर्नु भनेको कार्य गरेको पुष्टि भएमा ।

यस सन्दर्भमा फौजदारी न्याय प्रणालीलाई राम्रोसँग हाँक्नको लागि उपयुक्त फौजदारी कानूनको निर्माण र कार्यान्वयन महत्वपूर्ण पाटोको रुपमा रहेको हुन्छ । व्यक्तिको सुरक्षा, स्वतन्त्रता तथा सम्पत्तिको रक्षा प्रभावकारी फौजदारी कानूनको व्यवस्था तथा कार्यान्वयनबाट मात्र सम्भव हुन्छ भन्ने Pillai[८] को भनाई ज्यादै महत्वपूर्ण रहेको छ ।

## ३. फौजदारी न्याय प्रशासन

हरेक राज्यको प्रमुख उद्देश्य अपराध विहीन समाजको निर्माण रहे पनि आ-आफ्नै सामाजिक, साँस्कृतिक, राजनैतिक, आर्थिक, भौगोलिक तथा ऐतिहासिक परिवेशका कारण फरक फरक ढङ्गले हरेक मुलुकले दण्ड विधानहरू लागू गर्दै आएका छन् । फौजदारी कानूनले व्यक्ति विशेषका विशेष परिस्थितिका कार्य तथा व्यवहारहरूलाई नियन्त्रित वा प्रतिबन्धित गर्ने कार्य गर्दछ[९] फौजदारी कानून सामाजिक परिवेशमा आधारित हुने भएकाले एउटा समाजको लागि उपयुक्त भनेर सजाय घोषणा गरी बनाइएको कानून अर्को समाजको लागि सजाययोग्य नबन्न सक्छ ।[१०] खासगरी Common Law System र Continental System को सेरोफेरोमा विकसित विभिन्न न्याय प्रणालीहरू अन्तर्गत विभिन्न मुलुकहरूका आ-आफ्नै दण्ड विधान सञ्चालन भैरहेका छन् । मुलुकको दण्डनीति बनाउनु, विधान बनाएर कार्यान्वयन गर्नु र विधानको उल्लङ्घन गरेका कसूरदारलाई सजाय तथा पीडितलाई संरक्षण गर्ने कार्य राज्यको हो र दण्ड विधानलाई सही ढङ्गबाट सञ्चालन गर्ने कार्य फौजदारी न्याय प्रशासनले गर्ने गर्दछ ।

त्यसैले हरेक राज्यको फौजदारी न्याय प्रशासनको उद्देश्य भनेको राज्यले बनाएको दण्ड विधान अन्तर्गत रही कसूरदारलाई सजाय गर्ने र पीडितलाई संरक्षण गर्नु रहेको हुन्छ । यस क्रममा कानूनद्वारा घोषणा गरिएका कसूरको विषयमा अनुसन्धान गर्ने, अभियोजन गर्ने, न्याय निरोपण गरी कसूरदारलाई सजाय र निर्दोषलाई इज्जतसाथ रिहाई

---

७. Andrew Ashworth, *Principles of Criminal Law*, 3rd ed. Oxford University Press, (1999), page 99

८. K I Vibute, *PSA Pillai's Criminal Law,* 10th ed. Butterworts Wadhwa, Nagpur, (2011) at 1

९. Ibid at 7.

१०. Ibid at 8.

गर्ने, पीडितलाई संरक्षण तथा क्षतिपूर्ति दिलाउने र कसूर घोषणा गरिएका व्यक्तिलाई सजाय कार्यान्वयन गराउनु, कसूरदारलाई प्रकृति अनुसार पुनः सामाजिकीकरण सम्मको कार्यहरूको सञ्चालन फौजदारी न्याय प्रशासनले गर्ने गर्दछ । फौजदारी न्याय प्रशासनलाई मुद्दाको असलियत छुट्याउने एउटा Filter को रुपमा John E. Conklin ले यसरी उल्लेख गरेका छन्: *"The Criminal justice system has been described as a funnel or sieve that sort out cases"*[११]

फौजदारी न्याय प्रशासनभित्र विधि निर्माण प्रक्रियादेखि कुनै कसूर ठहर भएपछि सजाय कार्यान्वयन सम्मको कार्यात्मक अवस्थालाई समेट्छ । समष्टिगत रुपमा फौजदारी न्याय प्रशासनमा विधि निर्माण गर्ने निकाय, अनुसन्धान गर्ने निकाय, अभियोजन गर्ने निकाय, न्याय निरोपण गर्ने तथा सजाय कार्यान्वयन/सामाजिकीकरण प्रक्रियामा आबद्ध निकायहरूको संलग्नता रहेको हुन्छ । फौजदारी न्याय प्रशासनले कसैले कानून उल्लङ्घन गरेमा उल्लङ्घनकर्तालाई कानूनको दायरामा ल्याई सजाय गर्ने मात्र हैन सामान्यतया कानून पालना गर्ने नागरिकलाई स्वेच्छाले अपराधबाट टाढै रहने वातावरणको सृजना गर्दछ ।[१२]

## ४. नेपालमा विगतको अवस्था

नेपालको अभियोजनको इतिहासमा सर्वप्रथम नेपाल सरकार वैधानिक कानून, २००४ को दफा १२ ले प्रधान कानूनी सल्लाहकारको व्यवस्था गरे पनि सो कानून लागू हुन सकेन । तर कार्यकारिणी आदेशबाट २००८ सालमा महान्यायाधिवक्ताको नियुक्ति भएपछि सरकारी वकीलको संस्थागत विकास प्रारम्भ भएको मानिन्छ । प्रधान न्यायालय ऐन, २००८ को पहिलो संशोधन २००९।६।३१ ले एटर्नी जनरलको व्यवस्था गरी दफा ४१(७) ले काम कर्तव्य र अधिकार तोकेको थियो । सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले सरकारबाट खटाइएको गभर्मेण्ट एडभोकेटले अदालतमा सरकारको प्रतिनिधित्व गर्ने व्यवस्था गरेको थियो ।[१३]

विश्वमा प्रचलित दुई कानूनी प्रणाली Common Law System र Inquisitorial System कै आधारमा अपराध अनुसन्धान तथा अभियोजन पद्धति पनि विकास हुँदै आएको परिप्रेक्ष्यमा नेपालमा सरकारी मुद्दा सम्बन्धी ऐन २०१७ ले संयुक्त अनुसन्धान तथा अभियोजन पद्धतिलाई स्थापित गरी आफूलाई फ्रेन्च कानूनी प्रणाली (Inquisitorial System) सँग नजिक राखेको थियो । उक्त ऐनको अनुसूची भित्रका मुद्दामा संयुक्त रुपमा अनुसन्धान गर्ने, संयुक्त रुपमा अभियोगपत्र पेश गर्ने, सरकारी वकील र प्रहरीको

---

११. John E. Conklin, *Criminalogy,* 5th ed. Allyn & Bacon, (1995), P. 398.

१२. Vibute, op.cit. P. 3

१३. नरेन्द्रप्रसाद पाठक, "सरकारी वकील विगत र वर्तमान", स्मारिका (२०५७), सरकारी वकील समाज, पृ. ३८, ३९

राय बाभिmएमा बाभिmएको राय सहित नै अदालतमा पेश गर्ने, अदालतले जुन उपयुक्त मान्दछ त्यही स्वीकार गरेको राय नै अभियोगको आधार मान्ने खालको पद्धतिलाई साविकमा अवलम्बन गरिएकोमा अनुसन्धानको शुरुवातदेखि अभियोगपत्र दायरीसम्म पनि सरकारी वकील र प्रहरीबीचसँगै कार्य गर्नुपर्दा समन्वय र सहयोग अपरिहार्य थियो र एकापसी द्वन्द्वहरू पनि समाधान गर्दै जानुपर्ने अवस्था थियो । कार्य सम्पादनमा संलग्न यी निकायको समान सहभागिताका आधार सहयोग र समन्वय भएकाले राज्यको अपराध नियन्त्रण प्रतिको प्रतिबद्धतामा समान संलग्नता र जिम्मेवारीका दृष्टिकोणले मापन गरिथ्यो ।

२०१७ सालअघि सबै प्रकारका मुद्दामा अभियुक्तका विरुद्ध उजुरबाला स्वयंले अदालतमा नालिस गर्नुपर्ने व्यवस्था थियो । सबुत प्रमाण जुटाउने र दोषी प्रमाणित गर्ने भार उजुरबालामा नै रहन्थ्यो र सबूदको अभावमा दोषी प्रमाणित गर्न नसके उजुरबालाले पाँच वर्षसम्म कैद सजाय भोग्नु पर्ने[१४] कानूनी व्यवस्था थियो । सजाय हुने डरले ज्यादै कम मात्रामा उजुरी आउने र समाजमा दण्डहीनता बढ्दै गैरहेको महसूस गरी पीडित व्यक्तिलाई मुद्दाको बहस पैरवीमा सहुलियत हुने तथा फौजदारी न्याय सम्पादनमा सहजता ल्याउने उद्देश्यले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ जारी भएपछि सरकारवादी मुद्दामा सरकारी वकीलको संलग्नता निरन्तर रही आएको छ । सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ ले सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षामा सरकारी वकील संलग्न रहने व्यवस्था गरेको र हालको सरकारी वकीलको संलग्नता अझ स्पष्ट रुपमा उल्लेख गरेको पाइन्छ । २०४७ साल अघिसम्म सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको काम कार्यपालिकाको तर्फबाट प्रहरी र सरकारी वकीलले संयुक्तरुपमा गरिआएकोमा अभियोजन कार्यमा प्रहरी र सरकारी वकीलको राय अलग अलग भएको अवस्थामा अदालतले एउटा रायलाई कायम राखी न्यायिक निर्णय गर्नु पर्ने हुँदा अभियोजनात्मक पद्धतिको विपरीत भूमिका अदालतबाट समेत निर्वाह गर्नु परेको देखिएपछि नेपाल अधिराज्यको संविधान, २०४७ पछि अभियोजन कार्यको जिम्मेवारी सरकारी वकीललाई दिई अनुसन्धान र अभियोजन कार्यलाई अलग अलग निकायमा रहने व्यवस्था गरियो । संविधानले गरेको व्यवस्था अनुरुप सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सो को नियमावली, २०५५ ले सरकारवादी मुद्दाको प्रक्रियामा सरकारी वकीलको संलग्नता सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । सरकारी वकीलको कार्यमा प्रयोग हुने नेपालको अन्तरिम संविधान, २०६३ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सो को अनुसुची -१ र २ सँग सम्बन्धित विभिन्न कानून, मुलुकी ऐन, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची १ र २ बाहेक अन्य सरकारवादी मुद्दासँग सम्बन्धित ऐन कानून, न्याय

---

१४. ज्ञाइन्द्र बहादुर श्रेष्ठ, *कार्यविधि कानूनको रुपरेखा,* पैरवी प्रकाशन (२०६९), पृ. २५०

प्रशासन ऐन, २०४८ सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५, सरकारी वकील सम्बन्धी नियमावली, २०५५ लगायतका प्रचलित नेपाल कानून सरकारी वकीलको दैनिक कामकाजसँग सम्बन्धित रहेका छन् ।

## ५. अपराध अनुसन्धान र अभियोजनको हालको पद्धति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) ले नेपाल सरकारको हक हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका अधिकृतबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने र संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा रहने व्यवस्था गरेको छ । वर्तमान संविधान जारी भएकै दिन महान्यायाधिवक्तामा रहेको यो अधिकार धारा १३५(६) बमोजिम मातहतका सरकारी वकीलले तोकिएको शर्तका अधीनमा रही प्रयोग र पालन गर्ने गरी अधिकार प्रत्यायोजन भएकोले सोही अधिकार प्रयोग गरी अभियोजनको कार्य सम्पन्न भएको छ । धेरै जना प्रतिवादी भएकोमा केही उपर अभियोजन हुने र कही उपर नहुने निर्णय भएकोमा सो निर्णय बदर गरी प्राप्त प्रमाणका आधारमा सबै उपर अभियोजन हुन सक्ने शर्त समेटिएको छैन । यसबाट महान्यायाधिवक्ताको अभियोजन सम्बन्धी अन्तिम अधिकार समेत न्यायिक पुनरावलोकनको दायरा भित्र पर्ने व्याख्या[१५] सर्वोच्च अदालतबाट भैसकेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले खडा गरेको अपराध अनुसन्धान र अभियोजन समेतको पृथक्कीकरणलाई नेपालको अन्तरिम संविधान २०६३ ले पनि निरन्तरता दिएको र कानूनी रुपमा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९, सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५, सरकारी वकील सम्बन्धी नियमावली २०५५ समेत यथावतै रहेको परिप्रेक्ष्यमा यी दुई कार्य स्वतन्त्र ढङ्गले छुट्टाछुट्टै सम्पादन हुँदा समग्रमा अनुसूची १ भित्रका मुद्दामा प्रभावकारिता आई मुद्दा सफलताको प्रतिशत बढ्नुपर्ने र अपराध नियन्त्रण कार्यमा सफलता वृद्धि भई जनविश्वास बढ्नुपर्ने अपेक्षा गरिएको थियो । तर अनुसन्धान तथा अभियोजन प्रणाली परिवर्तनको आज झण्डै २२ वर्ष पुग्दा साविकको संयुक्त अनुसन्धान तथा अभियोजन पद्धति (Joint Investigation and Prosecution System) को फडकोले के कस्तो प्रभावकारिता ल्यायो ? भन्ने विषय अनुत्तरित नै रहेको छ । हालको पद्धति प्रतिको जनविश्वास, कार्य प्रभावकारिता, उत्तरदायित्व, जिम्मेवारी र समग्र काम कारवाहीको सूचकांकहरू नत राज्यले प्रकाशन गर्न सकेको छ नत यस दिशाामा अध्ययन अनुसन्धान गर्ने कार्य नै भएको पाइएको छ । साथसाथै यी दुई निकायहरूको काम कारवाहीमा स्वतन्त्रताले उत्तरदायित्वलाई समेट्नुपर्नेमा जिम्मेवारीहीनता तथा जबाफदेही विहीनताको

१५. ने.का.प २०६८, अंक १, नि.नं ८५४१, पृ. ११२

स्थितिमा पुऱ्याई दिएकोले पद्धति परिवर्तनको असफलतामा गएर ठोक्किन पुगेको वर्तमानको तीतो यथार्थता रहेको छ ।

## ६. सरकारवादी मुद्दाको अनुसन्धान तहकिकात

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ बमोजिम हुने सरकारवादी मुद्दाको अनुसन्धान तहकिकात मुलतः ३ किसिमका पाइन्छ । तिनीहरू हुनः

१. अनुसूची १ मा परेका सरकारवादी फौजदारी मुद्दामा गरिने अनुसन्धान तहकिकात (सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ३ देखि दफा १६ सम्म उल्लेखित अनुसन्धान तहकिकातको प्रक्रिया)

२. अनुसूची १ मा नपरेका तर सरकारवादी हुने मुद्दामा गरिने अनुसन्धान तहकिकात (सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ३१ र सम्वन्धित ऐनमा सरकारवादी हुने भनी तोकिएका मुद्दामा सम्वन्धित ऐनमा तोकिएको प्रक्रिया)

३. अनुसूची २ मा परेका सरकारवादी देवानी मुद्दा वा अनुसूची २ मा नपरेका तर सरकारवादी वा सरकारको सरोकार भएको वा सार्वजनिक महत्वका मुद्दामा गरिने अनुसन्धान तहकिकात (सरकारी मुद्दा सम्बन्धी ऐनको दफा २२ बमोजिम गरिने अनुसन्धान तहकिकातको प्रक्रिया)

कानूनले अपराध अनुसन्धान तहकिकातको लागि छुट्टै अधिकारी नतोकेको अवस्थामा सरकारवादी हुने मुद्दामा कार्यालय प्रमुख स्वयंले अनुसन्धान तहकिकात गरी आफ्नो राय सहितको प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३१ गरेको पाइन्छ । उक्त ऐनको अनुसुची -१ का अपराधमा प्रहरीले अनुसन्धान गर्ने र अनुसन्धान तहकिकातको कार्य पूरा भएपछि आफ्नो राय सहितको मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्छ । अनुसूची भित्रका मुद्दामा उक्त ऐनको दफा ६(२) ले प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि प्रहरीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था र दफा ९ ले अभियुक्तको बयान सरकारी वकील समक्ष गर्ने व्यवस्थाबाट सरकारी वकीललाई अनुसन्धानको दायराबाट निरपेक्ष राखेको छैन ।[१६] यहाँ सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा परेका सरकारवादी फौजदारी मुद्दामा गरिने अनुसन्धान तहकिकात तथा अभियोजन बारेमा उल्लेख गरिनेछ ।

## ७. सरकारवादी मुद्दाको अभियोजन

सरकारवादी मुद्दामा अनुसन्धान सम्पन्न भएपछि को कसउपर मुद्दा चलाउने भन्ने निर्णय गरी सक्षम अदालत समक्ष अभियोगपत्र पेश गर्ने कार्यनै अभियोजन हो । साविकमा सरकारवादी मुद्दामा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्नेसम्मको कार्य

---

१६. ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६८, पृ. १३७६

सरकारी वकील र प्रहरीद्वारा संयुक्त रुपमा हुने गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि यसले अनुसन्धानको जिम्मेवारी प्रहरीलाई र अभियोजनको पूर्ण अधिकार महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीललाई प्रदान गऱ्यो भने नेपालको अन्तरिम संविधान, २०६३ जारी भए पश्चात् धारा १३५ ले यसलाई नै निरन्तरता दिँदै यसमा कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने र महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तका अधीनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने संवैधानिक व्यवस्था भए बमोजिम अधिकार प्रत्यायोजन भई सरकारी वकीलहरूले ऐनको व्यवस्था बमोजिम मुद्दा चलाउने वा नचलाउने भन्ने निर्णय गर्ने र अभियोगपत्र समेत पेश गर्ने कार्य गर्दै आएका छन् ।

अभियोजन के हो भन्ने सन्दर्भमा यसलाई Process of submitting a formal charge sheet against an offenders with specific accusation before the competent court on behalf of the state on the ground of admissible evidences collected by the competent body भनिएको पाइन्छ । अभियोजनको मूलभूत उद्देश्य कसूरबाट पीडितलाई न्याय र कसूरदारलाई दण्ड दिलाई समाजमा कानून र व्यवस्था कायम गर्नु रहेको छ । वेलायत, संयुक्त राज्य अमेरिका, जापान, जर्मनी, सिंगापुरमा अभियुक्तको प्रमाण परीक्षण र सार्वजनिक हितका आधारमा अभियोजन हुन्छ । नेपालमा Sufficient Evidence Principle लाई स्वीकार गरिएको छ । नेपालमा हालसम्म निजी अभियोजन, अभियोगपत्रमा संशोधन, पुनः अभियोजन र अभियोग पुष्टि हुन नसक्ने अवस्थामा सरकारी वकीलले फिर्ता लिन पाउने व्यवस्था छैन ।

## ८. सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू

### ८.१ अभियोजकहरूको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० (Guidelines on the Role of Prosecutors, 1990)

- यो मार्गदर्शन क्युवाको हवानामा १९९० अगस्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहार सम्बन्धी आठौं राष्ट्रसंघीय कंग्रेसद्वारा जारी गरिएको हो ।
- यसले अभियोजनकर्तालाई न्याय प्रशासनको अत्यावश्यक प्रतिनिधिको रुपमा आत्मसात गरेको छ ।
- न्यायप्रशासनमा अभियोजनकर्ताहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले र उनीहरूको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने कानूनले स्वच्छ र समतामूलक फौजदारी न्याय र अपराध विरुद्ध नागरिकहरूको प्रभावकारी संरक्षणलाई योगदान गर्नुपर्ने तथ्यलाई यसले मनन गरेको छ ।

- अभियोजनकर्ताहरूको योग्यता, छनौट र तालिम, सेवाको हैसियत र शर्त, अभिब्यक्ति र संगठन स्वतन्त्रता, फौजदारी कारबाही प्रक्रियामा अभियोजनकर्ताको भूमिका जस्ता विषयमा ब्यापक मार्गदर्शन गरेको छ ।

यसका महत्वपूर्ण व्यवस्थाहरु यस प्रकार रहेका छन् :

- स्वतन्त्र र निष्पक्ष निकायद्वारा नियुक्ति हुनुपर्ने,
- सेवाका शर्तहरू उच्च हैसियतलाई सम्बोधन हुने गरी व्यवस्था गर्ने तथा मर्का पर्ने गरी नघटाइने,
- व्यक्तिगत र संस्थागत स्वतन्त्रता,
- अभिव्यक्ति र संगठनको स्वतन्त्रता,
- फौजदारी कारवाहीमा स्वविवेकीय अधिकार,
- अभियोजनको बैकल्पिक उपाय,
- अभियोजनकर्तालाई सबै प्रकारको धम्की, अवरोध, हैरानी अनुचित हस्तक्षेप तथा अनुपयुक्त रुपमा आइलाग्ने देवानी र अन्य दायित्व मुक्त व्यावसायिक कार्य सम्पादनको प्रत्याभूति,
- अभियोजन कर्ता र निजको परिवारका सदस्यको भौतिक सुरक्षा, पर्याप्त पारिश्रमिक
- सुनिश्चित कार्यकाल, निवृत्तिभरण तथा अवकासको उमेर कानूनद्वारा सुरक्षित गरिनु पर्ने,
- फौजदारी मुद्दाको अनुसन्धान प्रक्रियामा निगरानी गर्ने र अदालती निर्णयको कार्यान्वयन,
- नियुक्ति, सरुवा, वढुवा गर्दा निश्चित मापदण्ड तयार गरी उनीहरूको व्यवसायीक योग्यता सक्षमता इमान्दारिता र अनुभव जस्ता निष्पक्ष र स्वच्छ कार्यविधिको आधारमा हुन पर्ने आदि जस्ता सिद्धान्त रहेका छन् ।

फौजदारी कारबाही-प्रक्रियामा अभियोजनकर्ताको भूमिकालाई सो मार्गदर्शनले यस प्रकार उल्लेख गरेको छ :

- अभियोजनकर्ताको कार्य न्यायिक कार्यभन्दा विल्कूलै अलग्ग हुने,
- अभियोजनकर्ताले फौजदारी न्याय प्रणालीको सुचारु सञ्चालन र उचित प्रक्रियालाई सुनिश्चित गर्नमा टेवा पुग्ने गरी कानून बमोजिम आफ्नो कर्तब्यको स्वच्छता, स्थिरता र तत्परतासाथ पालना र मानव मर्यादाको सम्मान तथा संरक्षण र मानवअधिकारको परिपालना गर्नुपर्ने
- आफ्ना कार्य निष्पक्षतापूर्वक सम्पादन गर्नुपर्ने र सबै राजनीतिक सामाजिक, धार्मिक, जातीय, साँस्कृतिक, लैङ्गिक वा अन्य कुनै किसिमको भेदभावलाई वर्जित गर्नुपर्ने,

- सार्वजनिक हितको रक्षा गर्नुपर्ने,
- वस्तुगत कार्यपद्धति अवलम्बन गर्नुपर्ने,
- आशंकितका निम्ति अनुकूल वा प्रतिकूल जेसुकै हुने भएतापनि सान्दर्भिक सबै परिस्थितिप्रति ध्यान दिनुपर्ने,
- पीडितका व्यक्तिगत हितमा असर पर्ने कुनै कुरा भएमा त्यसमा उनीहरूको दृष्टिकोण र सरोकार उपर विचार पुऱ्याउनुपर्नेछ र उनीहरूका अपराध तथा दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र अनुसारका अधिकारबारे पीडितहरू सुसूचीत रहेको कुरा निश्चित पार्नुपर्ने समेतका व्यवस्था गरेको छ ।

## ८.२ The IAP Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors, 1999)

- अभियोजनकर्ताहरूको अन्तर्राष्ट्रिय संगठनको स्थापना सन् १९९५ मा भएको हो ।
- यो संगठनले अभियोजनकर्ताको व्यवसायिक अधिकार र जिम्मेवारी सम्बन्धी मापदण्ड सन् १९९९ मा जारी गरेको थियो ।
- अपराध विरुद्ध स्वतन्त्रतापूर्वक र उपयुक्त किसिमले अभियोजन गर्न आवश्यक अन्तर्राष्ट्रिय रुपमा स्वीकार गरिएका मान्यताहरूलाई संहिताकरण गरी यो मापदण्डको निर्माण गरिएको हो ।
- यो मापदण्डमा अभियोजनकर्ताका व्यवसायिक आचरण, व्यवसायिक स्वतन्त्रता, निष्पक्षता र फौजदारी कारबाहीमा भूमिका, अन्य निकायहरूसँगको सम्बन्ध र समन्वय तथा सरकारी वकीलको नियुक्ति सेवाको सुरक्षा र उनीहरूलाई सशक्त बनाउने जस्ता विषयमा मापदण्डहरू तय गरिएका छन् ।

## ८.३ Council of Europe Committee of Ministers Recommendation Rec. 19, 2000

- यो सुझावलाई युरोपेली परिषद्को मन्त्रीस्तरीय समितिको बैठकले अक्टोबर ६, २००० मा स्वीकार गरेको हो ।
- फौजदारी न्याय प्रणालीमा सरकारी वकील (Public Prosecutor) को महत्वपूर्ण भूमिका हुने तथ्यलाई आत्मसात गर्दै सरकारी वकीलको परिभाषा, कार्य, उनीहरूले स्वतन्त्रतापूर्वक कार्यसम्पादनमा आवश्यक वातावरणको सुनिश्चितता, सरकारी वकील र अन्य निकायबीचको सम्बन्ध र समन्वय, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा यस सुझावमा मापदण्डहरू व्यवस्थित गरिएको छ ।

## ९. नेपालमा अनुसन्धान र अभियोजनको कार्य प्रभावकारिता र परिणाम

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानको जिम्मेवारी नेपाल प्रहरीलाई र अभियोजनको जिम्मेवारी महान्यायाधिवक्ता (प्रत्यायोजित अधिकार प्रयोग गरी सरकारी वकील) मा रहने व्यवस्था छ। अनुसन्धान र अभियोजनका हालको प्रभावकारिता र परिणामका सम्बन्धमा अध्ययनबाट देखिएका केही तथ्यहरू देहाय अनुसार प्रस्तुत गरिएको छ।

- सरकारवादी हुने मुद्दामा वैज्ञानिक प्रमाणको प्रयोग र विशेषज्ञको परीक्षण गर्ने कार्य ज्यादै न्यून रहेको साथै सरकारी वकीलले हदैसम्म सजाय माग गरेको प्रतिशत ७३ रहेको अध्ययनले देखाएको छ । (सेलर्ड, २००१, पृष्ट-९९-१००)
- आ.व. २०६७।६८ मा कूल २२.३९६ मुद्दा मध्ये ८७८ मुद्दामा अनुसन्धान गर्न सरकारी वकीलबाट प्रहरीलाई निर्देशन दिइएको प्रतिशत ३.९२ मात्र रहेको छ, आ.व. २०६८।६९ मा कूल २६८६४ मुद्दामध्ये ८९७ मुद्दामा अनुसन्धान गर्न सरकारी वकीलबाट प्रहरीलाई निर्देशन दिइएको संख्या लाई प्रतिशतमा हेर्दा झन घट्न गई ३.३४ मात्र रहेको छ भने आ.व. २०६९।७० मा कूल २७७४४ मुद्दा मध्ये ४३४ मुद्दामा अनुसन्धान गर्न सरकारी वकीलबाट प्रहरीलाई निर्देशन दिइएको संख्यालाई प्रतिशतमा हेर्दा झन घट्न गई १.५६ प्रतिशत मात्र रहेकोबाट यो तथ्य पुष्टि हुन्छ ।
- आ.व. ०६९।०७० मा प्रति सरकारी वकील जिल्लामा ६९२.६७, पु.स.व.का. मा ३००.६६ महान्यायाधिवक्ताको कार्यालयमा ५४२.९२ र औसतमा ५६६.७५ कार्यबोझ रहेको छ ।
- आ.व. ०६९।०७० मा प्रति मुद्दा खर्च जिल्ला सरकारी वकील कार्यालयमा रु. २८११.९४, पुनरावेदन सरकारी वकील कार्यालयमा रु. ३३५७.९१ र महान्यायाधिवक्ताको कार्यालयमा रु.२८१३.८७, रहेको छ ।
- जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरबी गरिएका अनुसूची भित्रका फौजदारी मुद्दाको सफलता असफलताको अवस्था हेर्दा आ.व ०६६।०६७ मा ७०.५९% मुद्दामा कसूर ठहर र आ.व. ०६७।०६८ मा ६९.०० % मुद्दामा कसूर ठहर, आ.व. ०६८।०६९ मा ६५.९७ % मुद्दामा कसूर ठहर, आ.व. ०६९।०७० मा ६९.३१ % मुद्दामा कसूर ठहर भएको पाइन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयको फौजदारी मुद्दामा सफलता प्रतिशत आ.व. ०६९।०७० मा जम्मा ४०.३७ रहेको छ ।
- विगत १२ वर्षको मुद्दा चल्ने नचल्ने निर्णयको तथ्याङ्क यस्तो रहेको छ ।

| क्र.सं. | आ.व. (सन्) | म. न्या. का. मा. दायर भएका मुद्दा | मुद्दा चलाएको | प्रतिशत | मुद्दा नचलाएको | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | २००१/०२ | ५२८५ | ५१२८ | ९७.०३ | १५७ | ३.०६ |
| २. | २००२/०३ | ५७९७ | ५६६७ | ९७.७६ | १३१ | २.३१ |
| ३. | २००३/०४ | ६१४५ | ६०७२ | ९८.८१ | ७३ | १.२० |
| ४. | २००४/०५ | ६५६६ | ६५१३ | ९९.१९ | ५३ | ०.८१ |
| ५. | २००५/०६ | ५५९९ | ५४९७ | ९८.१८ | १०२ | १.८६ |
| ६. | २००६/०७ | ८१९५ | ७७४९ | ९४.५६ | ४४६ | ५.७६ |
| ७. | २००७/०८ | ८२९५ | ८०९३ | ९७.५६ | २०२ | २.५० |
| ८. | २००८/०९ | ९८०५ | ९६४९ | ९८.४१ | १५६ | १.६२ |
| ९. | २००९/१० | ११८४७ | ११७९६ | ९९.५७ | १५१ | १.२८ |
| १०. | २०१०/११ | १४६८४ | १४२०० | ९६.७० | ४८४ | ३.४१ |
| ११. | २०११/१२ | १७११७ | १६५५१ | ९६.६९ | ५६६ | ३.४२ |
| १२. | २०१२/१३ | १६६६६ | १६६३६ | ९९.८२ | ३० | ०.१८ |
| १३. | २०१३/१४ | १८३३४ | १८३०३ | ९९.८३ | ३१ | ०.१७ |

***स्रोतः महान्यायाधिवक्ताको विभिन्न आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरू***

अभियोजन गरिएका मुद्दा सफलताको तथ्याङ्क र मुद्दा नचल्ने निर्णयको तथ्याङ्क तुलना गरी हेर्दा यस तथ्याङ्कले फौजदारी अपराधको अनुसन्धान र अभियोजनमा निर्दोष व्यक्तिलाई वा कसूर स्थापित गर्ने प्रमाणको अभावमा पनि सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय गरेको देखिन्छ। अत्यधिक मुद्दामा केवल जाहेरी दरखास्त वा सामान्य पोलकै आधारमा मात्रै मुद्दा चलाउने राय प्रहरीले ल्याउने र सरकारी वकीलले पनि यथार्थ अभियोजन गर्न पाउने उपयुक्त र विश्वसनीय वातावरण नहुनाले जस्ता मुद्दा पनि चलाइएको उल्लेखित तथ्याङ्कले पुष्टि गरेको छ।

## १०. अपराध अनुसन्धानमा देखिएका सैद्धान्तिक र कानूनी समस्याहरू

- जिम्मेवारी, उत्तरदायित्व र समन्वयमा समस्या रहेको।
- निष्पक्षता, दक्षता र व्यावसायिकताको अभाव।
- निर्दोषिताको अनुमान, पीडित, अभियुक्तको अधिकारको सम्मान, कानूनको उचित प्रक्रियाको प्रयोग र पालनाको अभाव।
- अनुसन्धान अधिकृत न्यून दर्जाको व्यक्ति हुने व्यवस्था।
- अनुसन्धानमा जनशक्तिको विशिष्टीकरण गर्ने कानूनी व्यवस्थाको अभाव

- अपराधको सूचना/म्याद विषयमा अभियोजनकर्तासँग परामर्श गर्नुपर्ने कानूनी व्यवस्थाको अभाव
- भौतिक र वैज्ञानिक सबुत प्रमाण सङ्कलन गर्नु पर्ने कानूनी व्यवस्था स्वविवेकीय छ । अनिवार्य व्यवस्था गरिएको छैन
- अनुसन्धान कमजोर भएमा त्यसको जिम्मेवारी अनुसन्धान अधिकृतको हुने र जबाफदेहिता लिनु पर्ने कानूनी व्यवस्थाको अभाव छ ।
- प्रारम्भिक प्रतिवेदन पठाउने कार्य औपचारिकतामा सीमित । सरकारी वकीलबाट सो सम्बन्धमा तत्काल निर्देशन दिने परिपाटी न्यून ।
- पक्राउ परेका र फरार रहेका अभियुक्तहरूको नाम, ठेगाना, वतन, हुलिया, नागरिकता नंबर जस्ता पहिचान खुल्ने विवरण खुलाउनेतर्फ अनुसन्धान अधिकृत सकृय हुने नगरेको ।
- पटके अपराध कायम हुने मुद्दाहरूमा त्यस सम्बन्धी विवरण अध्यावधिक राख्ने कार्य हुने नगरेको ।
- प्रमाण सङ्कलनका क्रममा तयार गरिने विभिन्न मुचुल्काहरूमा पु¥याउनु पर्ने कानूनी प्रक्रिया र रीत नपुग्ने गरेको ।
- अपराध भएको धेरै समयपछि अनुसन्धान प्रक्रिया अगाडि बढाउने कार्यले प्रमाण लोप हुन सक्ने र बुझ्नुपर्ने मानिस फेला नपर्ने जस्ता समस्या ।
- परीक्षण प्रतिवेदनहरू समयमा प्राप्त नहुने गरेको ।

## ११. नेपालको अभियोजनमा देखिएका समस्याहरू

### ११.१ सैद्धान्तिक र कानूनी समस्या-

- फौजदारी कसूर र सजाय सम्बन्धी एकीकृत कानूनको अभाव ।
- एउटै आपराधिक कार्यका लागि विभिन्न कानूनहरू आकर्षित हुने अवस्था रहेको छ । जस्तैः खोटाचलन, राष्ट्र बैंक ऐन, ठगी, कालो बजार, खाद्य र उपभोक्ता संरक्षण ।
- अभियोजनका सिद्धान्तहरूको पालना र प्रयोगमा कमी । अर्थात Fair, impartial and consistent decision र Right person is prosecuted for the right offence भन्ने सिद्धान्तको पालना हुन नसकेको ।
- झुट्ठा तथा विपरीत बकपत्र गर्ने साक्षीहरूलाई सजाय गर्ने र साक्षी संरक्षण तथा पीडित राहत सम्बन्धी कानूनी व्यवस्थाको अभाव ।
- अपराध अनुसन्धान र अभियोजनको अध्ययन एवम् अनुसन्धान गरी प्रतिवेदन दिने अपराधशास्त्रीय अध्ययन अनुसन्धान केन्द्रको अभाव रहेको ।
- अभियोजन सम्बन्धी अधिकारको सीमितताका कारण स-साना मुद्दामा अभियोजन गर्नु पर्ने, सबुत प्रमाणका आधारमा अभियोजन गर्नै पर्ने, निजी अभियोजन,

अभियोगमा संशोधन, पुनः अभियोजन र जिकिरको सौदाबाजी गर्न पाउने कानूनी व्यवस्थाको अभाव ।

- अभियोजन र अनुसन्धानकर्ताबीच समन्वय गर्ने संयन्त्रको कानूनी व्यवस्थाको कमी ।
- अभियोजनकर्ताको सेवा सुरक्षा र एवम् काम, कर्तव्य, अधिकार सम्बन्धी छुट्टै कानूनको अभाव ।
- अनुसन्धान र सबुत सङ्कलन गर्ने कार्यमा सरकारी वकील प्रारम्भदेखि नै संलग्न गराउनु पर्ने कानूनी व्यवस्थाको अभाव ।

## ११.२ व्यावहारिक समस्या

- अनुसन्धान सम्बन्धमा निर्देशन दिने व्यवस्थाको प्रयोगमा उदासीनता ।
- हचुवा र जथाभावी आधारमा अभियोजन गर्ने परीपाटी । अपराध र कसूर अनुसार सजायको मागदाबी लिने परीपाटीको अभाव ।
- प्रतिव्यक्ति सजाय मागदाबी नगरी गोश्वारा रूपमा अभियोजन गर्ने प्रचलन ।
- अभियोजन कार्यको प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणको कमी ।
- अभियोजन नगर्ने परिपाटीको कमी र जस्तोसुकै मुद्दामा पनि अभियोजन गर्ने र दायित्व पन्छाउने प्रवृत्ति ।
- बयान बकपत्र जस्ता विषयमा पर्याप्त ध्यान दिन नसकेको अवस्था ।
- नैतिक र आचरण सम्बन्धी व्यवहारमा शुद्धता नरहेको आरोप ।
- पीडित, साक्षी र अभियुक्तको अधिकारप्रति उचित सम्मान र संरक्षणमा संवेदनशील हुन नसकेको आरोप ।
- मुद्दा फिर्ता लिने विषयमा स्पष्ट मापदण्ड नभएको र मुद्दा चलाउने अन्तिम दायित्व रहेका महान्यायाधिवक्ता वा सरकारी वकीलको परामर्श लिनु पर्ने परीपाटीको विकास हुन नसकेको ।
- पच्चीस दिनभित्र मुद्दा निर्णय गर्नै पर्ने, मुद्दा चलाउनै पर्ने र ठूलो सजायको दावी लिने गलत परिपाटि रहेको ।
- अनुसन्धान पूर्ण नभएको अवस्थामा पूर्ण गर्न अनुसन्धान जारी राख्ने निर्देशन दिई पछि ऐनका हदम्यादभित्र मुद्दा पेश गर्न सकिन्छ भन्ने कुरामा ख्यालनै नगरी जथाभावि रुपमा, अपूरो अनुसन्धानलाई आधार लिई, ठूलो दाबी लिएपछि सुरक्षित हुन सकिन्छ भन्ने मानसिकता व्याप्त रहेको ।

## १२. अनुसन्धान तथा अभियोजन प्रणाली सुधारको प्रयास र भावि कार्यदिशा

नेपालको समग्र फौजदारी न्याय प्रणाली असफल प्रायः गरी पुनः परिवर्तनको संघारमा पुगेको र फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अङ्ग अनुसन्धान तथा अभियोजनका काम कारवाहीहरू पुनर्संरचनाको संघारमा पुगेका छन् । विश्वव्यापीकरण, उदारीकरण, विश्व व्यापार संगठनमा सदस्यता, आधुनिक संचार र सूचना प्रविधिको युगमा प्रवेशसँगै नेपालमा आधुनिक प्रविधिको प्रयोगमार्फत नयाँ अपराधहरूको जन्म हुँदै गएको छ । आधुनिक सूचना र प्रविधिको प्रयोग गरी हुने अपराधहरू जस्तै VOIP कल बाईपास, साईवर अपराध, सम्पत्ति शुद्धीकरण, संगठित अपराधहरू नियन्त्रणका लागि समय सापेक्ष कानूनी व्यवस्था, चुस्त अपराध अनुसन्धान र अभियोजन संयन्त्र, दक्ष अनुसन्धान अधिकृत तथा अभियोजनकर्ताहरू, अत्याधुनिक स्रोत र साधन सम्पन्नता, उपयुक्त तालिमहरूको आवश्यकता पर्दछ । नेपालको विद्यमान कानून प्रणाली पूरातनवादी, कार्यविधिगत रुपमा ज्यादै झन्झटिलो र ढिलासुस्तीपूर्ण रहेको, नियन्त्रण संयन्त्र पनि अप्रभावकारी रहेका कारण समग्र फौजदारी न्याय प्रणाली र यसको कार्यान्वयन संयन्त्रको रुपमा रहेको फौजदारी न्याय प्रशासन असफल प्रायः बनेको हुँदा यसको सुधारका लागि लगभग एक दशकदेखि प्रयास हुँदै आएको छ ।

वि.सं. २०५८ सालदेखि फौजदारी कानून, कार्यविधि कानून र फौजदारी कसूरमा सजाय तोक्ने छुट्टै कानूनी व्यवस्था गर्नु पर्ने र यसका लागि सम्बद्ध ऐनहरूलाई खारेजी, संशोधन वा नयाँ व्यवस्था गर्नको लागि विभिन्न कार्यदलहरू बनाइएको परिप्रेक्ष्यमा सर्वोच्च अदालतका माननीय न्यायाधीश कल्याण श्रेष्ठको संयोजकत्वमा २०६५ सालमा गठित कार्यदलले सिफारिश गरेका ३ वटा विधेयकहरू वि.सं. २०६७ सालमा व्यवस्थापिका-संसदमा प्रस्तुत भई विचाराधीन रहेको अवस्थामा व्यवस्थापिका-संसद विघटन भै अलपत्र परेकोमा २०७० मार्ग ५ गते दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भै व्यवस्थापिका-संसद गठन भएकोले आशा जगाएको छ । मुलुकको फौजदारी न्याय प्रणालीमा देखा परेका समस्याहरूलाई सुधार गरी समयानुकूल बनाउनका लागि पेश भएका विधेयकहरूमा अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन विद्यमान सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ खारेज गरी फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्नका लागि फौजदारी कार्यविधि संहिता पेश गरिएको हो ।

### १२.१ अनुसन्धान सम्बन्धमा नयाँ व्यवस्था

फौजदारी कार्यविधि संहितामा अपराध अनुसन्धान सम्बन्धमा गरिएका देहायका व्यवस्थाहरु महत्वपूर्ण रहेको पाइन्छः

- कसूरको दरखास्त वा सूचना प्रहरी कार्यालयमा दिनु पर्ने र जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा प्रमुख जिल्ला अधिकारी समक्ष र प्रमुख जिल्ला अधिकारी नै

अनुसन्धान अधिकारी भएमा क्षेत्रीय प्रशासक वा गृह मन्त्रालयमा उजुरी दिन सकिने व्यवस्था रहेको ।

- प्रमाण लोप वा नास हुन नदिने व्यवस्था । कसूरसँग सम्बन्धित प्राप्त दशी जिम्मा लिन नसकिनेमा स्थानीय निकायलाई जिम्मा दिन सकिने । कसूरसँग सम्बन्धित नभएको वस्तु सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गर्नु पर्ने ।
- कम्तीमा प्र.ना.नि. दर्जाको र लागू औषध, मानव बेचबिखन, विदेशी विनिमय तथा नेपाल सरकारले कसूरको गम्भीरता हेरी तोकेको मुद्दामा भने कम्तिमा प्रहरी निरीक्षक अनुसन्धान अधिकृत हुने ।
- एकै वारदातका चल्न सक्ने सबै मुद्दा एकै पटक अनुसन्धान गर्नुपर्ने ।
- अभियुक्तलाई पक्राउ गर्नु पर्ने भएमा पक्राउ पुर्जि जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी अनुमति लिनुपर्ने ।
- तर उम्कने भाग्ने वा दशी प्रमाणहरू नष्ट गर्ने सम्भावना भएमा तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी स्वीकृतिका लागि पेश गर्न सकिने ।
- कुनै कार्यालयमा अनुसूची १ वा २ को अपराध भएमा सम्बन्धित प्रहरी वा कार्यालय प्रमुख वा अधिकारीले पक्राउ गर्न सक्ने ।
- अपराधको सूचना पश्चात प्रारम्भिक अनुसन्धान गर्नु पर्ने, सो को प्रतिवेदन ती दिन भित्र सरकारी वकीललाई पठाउनु पर्ने ।
- प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले निर्देशन दिन सक्ने । सो को पालना गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हुने ।
- जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झुट्ठा वा काल्पनिक भई अनुसन्धान गर्नु आवश्यक नभएमा वा निरर्थक देखिएमा सरकारी वकील कार्यालयमा प्रतिवेदन पठाई सरकारी वकीलले तामेलीमा राख्न सक्ने ।
- कुनै कसूरको गम्भीरता हेरी अनुसन्धान गर्न तालुकवाला अधिकारीले वा प्रहरी महानिरीक्षकले महान्यायाधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गर्न सकिने ।
- हिरासतमा रहेको व्यक्तिको परिचय खुल्ने कागजी अभिलेख तयार गर्नु पर्ने । आवश्यकता अनुसार तस्वीर वा औंठाको छाप लिन सक्ने ।
- पक्राउ परेको चौबीस घण्टा भित्र म्याद थपका लागि पेश गर्नु पर्ने र बढीमा पच्चीस दिनको म्याद हुने । म्याद माग्दा आधार र कारण हुनुपर्ने ।
- गम्भीर प्रकृतिका मुद्दामा थप पैतीस दिनसम्म हिरासतमा राख्न सकिने ।
- ७ महिनाभन्दा बढी अवधिको गर्भवती महिला, नाबालक र ७५ वर्ष नाघेको व्यक्तिलाई अनुसन्धान अधिकारीले पर्चा खडा गरी तारेखमा राखी अनुसन्धान गर्न सकिने ।
- सरकारी वकीलको सहमति लिएर वा सम्भव नभएको कारण खुलाएको पर्चा

खडा गरी अनुसन्धान अधिकारीले हाजिर जमानीमा वा धरौटमा छाड्न सक्ने । तोकिएको तारेखमा हाजिर नगराएमा पाँच हजार रुपैयाँसम्म जरीवाना हुने ।

- अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष बयान लिने र सरकारी वकीललाई आवश्यक प्रश्न सोध्ने अधिकार हुने ।
- कुनै व्यक्तिलाई शारीरिक अस्वस्थताको कारणले उपस्थित हुन नसक्ने वा व्यक्तिगत सुरक्षाको कारणले उपस्थित गराउन अनुसन्धान अधिकारीले श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट बयान लिन वा सोधपुछ गर्न सक्ने ।
- सोधेको प्रश्नको जबाफ दिनु पर्ने तर कसूरको अभियोग लाग्न सक्ने किसिमको जबाफ दिन कर नलाग्ने ।
- खानतलासीमा जाने कर्मचारीले सम्बन्धित व्यक्तिले चाहेमा आफ्नो तलासी गर्न दिनुपर्ने र खानतलासी गर्न पाउने आधिकारिकताको परिचय पत्र देखाउनु पर्ने ।
- अनुसन्धान अधिकारीले डि.एन.ए. लगायतको भौतिक परीक्षण गराउन सक्ने ।
- हिरासतमा यातना दिएको देखिएमा उपचार गराई निजलाई अन्तरिम राहत उपलब्ध गराउन र यातना दिनेलाई विभागीय कारवाही गर्न अदालतले सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिनुपर्ने ।
- अनुसन्धान गर्ने प्रहरी अधिकृतले अभिलेख गर्न प्रहरी डायरी राख्नुपर्ने यस्तो डायरी आवश्यकता अनुसार सरकारी वकील वा अदालतले भिकाई हेर्न सक्ने ।
- अनुसन्धानको सन्दर्भमा महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्ने र अनुसन्धान अधिकारी वा विभागीय प्रमुखलाई निर्देशन दिन सक्ने ।
- बहिर्क्षेत्रीय अधिकारको व्यवस्था र प्राप्त कागजात नेपालीमा अनुवाद गर्ने व्यवस्था ।
- अनुसन्धान समाप्त भएपछि अनुसन्धान प्रतिवेदन तयार गरी सक्कल मिसिल साथ सरकारी वकील कार्यालयमा पठाउनु पर्ने आदि ।

## १२.२ अभियोजन सम्बन्धी महत्वपूर्ण व्यवस्था

अपराध अनुसन्धान पश्चात अनुसन्धान अधिकारीले अनुसन्धान प्रतिवेदन सहित सक्कल मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्ने र ततपश्चात् अभियोजन सन्दर्भमा निम्न महत्वपूर्ण नयाँ व्यवस्था कार्यविधि संहितामा समेटिएको छ ।

- मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुत प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुत प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपूछ गरी पठाउन वा अनुसन्धान जारी राख्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने । सरकारी वकीलले कसूरको थप अनुसन्धान

गर्न निर्देशन दिएमा अनुसन्धान अधिकारीले त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरिसक्नु पर्ने ।

- उल्लिखित अवधि भित्र थप अनुसन्धान पूरा हुन नसक्ने भन्ने अनुसन्धान अधिकारीलाई लागेमा र कुनै व्यक्ति हिरासतमा रहेको भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई माथवर व्यक्तिको जमानी लिई वा नलिई तारेखमा राख्न सक्ने ।
- मुद्दा चल्ने पर्याप्त प्रमाण देखिएमा अभियोगपत्र तयार गरी अदालतमा पेश गर्नु पर्ने
- अभियोगसँग सम्बन्धित दशी प्रमाण मात्र अदालतमा पेश गर्नु पर्ने ।
- मुद्दा चलाउन तत्काल सङ्कलित सबुत प्रमाण पर्याप्त नभई सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा त्यस्तो कसूरमा कुनै व्यक्तिको निजी सम्पत्ति वा विगो हानी नोक्सानी सम्बन्धी देवानी दायित्वका विषय समेत समावेश भएको रहेछ भने सरकारी वकीलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसूरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारी मार्फत दिनु पर्ने ।
- त्यस्तो सूचना प्राप्त भएको मितिले साठी दिन भित्र सम्वन्धित व्यक्तिले मुद्दा दायर गर्न चाहेमा अनुसूची-४ अन्तर्गतको कसूर सरह उजुर गर्न सक्ने ।
- अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्ति मध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा र नेपाल सरकार वादी हुने भई अनुसन्धान भएको तर सो मुद्दा नेपाल सरकार वादी भई चल्न सक्ने अवस्था नभई अन्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने निर्णय भएमा सोको जानकारी सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्ने ।
- कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा सो वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन त्यस्तो अधिकारीले सरकारी वकील समक्ष सिफारिश गर्न सक्ने र सरकारी वकीलले त्यस्तो अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरी शर्त सहितको मागदाबी लिई अभियोगपत्र दायर गर्न सक्ने ।
- फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा प्रस्ताव गरिएको छुट सजाय रद्द गरी थप सजायको माग गरी अदालतमा निवेदन दिनु पर्ने र त्यस्तो निवेदन सोही अभियोग पत्रको अभिन्न अङ्ग हुने ।
- सानातिना कसूरमा मुद्दा दायर गर्नु व्यावहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएको अभियोजनकर्तालाई लागेमा अभियोजनकर्ताले

महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति विरुद्ध मुद्दा दायर नगर्ने निर्णय गर्न सक्ने ।

- मुद्दा नचलाउने निर्णय गर्नु अघि अभियोजनकर्ताले कसूरको विगो जफत गर्नु पर्ने र जफत गरिएको विगो कसूरबाट पीडित भएको व्यक्ति रहेछ भने निजलाई र नभएमा कानून बमोजिम स्थापित पीडित राहत कोषमा दाखिला गर्नुपर्ने ।
- मुद्दा दायर नगरिएकोमा त्यस्तो व्यक्तिले सो मितिबाट तीन वर्षभित्र कुनै कसूर गरेमा निजलाई पहिले गरेको कसूरको सजाय समेत थप हुने ।
- निर्णय उपर चित्त नबुझ्ने पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्ने । त्यस्तो निर्णय भएको मितिले कानून बमोजिमको हदम्याद प्रारम्भ भएको मानिने ।
- कुनै मुद्दा अदालतमा दायर भैसकेपछि सो मुद्दामा अन्य अभियुक्तहरू उपर समेत दावी लिन पर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भई सकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दावी लिई सरकारी वकीलले मुद्दा दायर गर्न सक्ने ।
- अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दावी संशोधन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकीलले अभियोगपत्रमा संशोधन गर्न सम्बन्धित अदालतमा कारण खुलाई निवेदन गर्न सक्ने । मनासिव देखिए निवेदन बमोजिम माग दावी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्ने ।
- अदालतमा दायर भएको मुद्दाको अभियोगपत्रमा सानातिना त्रुटि भई सच्याउन परेमा सम्बन्धित सरकारी वकीलले सम्बन्धित जिल्ला अदालत समक्ष सोको कारण खुलाई निवेदन दिन सक्ने । अदालतले निवेदन जाँचबुझ गर्दा मनासिव ठहराएमा त्यस्तो त्रुटि सच्याउन आदेश दिन सक्ने ।
- बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा परेको उजुरीको अनुसन्धान तीन सदस्यीय समितिले गर्ने । समितिले अनुसन्धान गर्दा त्यसरी बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको देखिएमा सो सम्बन्धमा मुद्दा चलाउन सम्बन्धित सरकारी वकीलको कार्यालयलाई लेखी पठाउने व्यवस्था छ ।

## १२.३ अनुसन्धान र अभियोजनका लागि थपिने अवसर, द्विविधा र चुनौतीहरू

फौजदारी न्याय प्रणालीका महत्वपूर्ण स्तम्भको रुपमा रहेका अनुसन्धान तथा अभियोजनका सर्न्दभमा भएका विद्यमान कानूनी प्रावधान खारेज गरी नयाँ कार्यविधि संहिता जारी हुँदा फौजदारी न्याय प्रणाली सुधार गर्ने अवसर प्राप्त हुनेछ र यस कार्यका लागि धेरै चुनौतीहरू पनि रहेका छन् । यसबाट हुने प्राप्त अवसर, द्विविधा र चुनौतीहरू यसप्रकार रहेका छन् ।

**अवसरहरू**

- समग्र फौजदारी न्याय प्रणाली सुधारका लागि नयाँ कानूनी व्यवस्थाको प्रयोग अनुसन्धान र अभियोजनका लागि एउटा नयाँ अवसर हुनेछ ।
- फौजदारी न्यायका क्षेत्रमा विकसित नविनतम् सिद्धान्तको प्रवेश भएकाले नेपालको फौजदारी न्याय प्रणाली अत्याधुनिक बन्न जानेछ ।
- यसमा फौजदारी न्याय प्रणालीलाई सफलतम रुपमा सञ्चालन गरिरहेका जापान, अष्ट्रेलिया जस्ता मुलुकहरूका महत्वपूर्ण प्रावधानहरूलाई अध्ययन गरी समेट्न प्रयास गरिएकाले तुलनात्मक रुपमा नेपालको फौजदारी न्याय प्रणालीलाई बिश्व परिप्रेक्ष्यमा प्रस्तुत गर्न पाउने एउटा राम्रो अवसर हुनेछ ।
- नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय लिखतहरूका खास गरी पीडकको मानव अधिकार, पीडितलाई संरक्षण तथा क्षतीपूर्ति लगायतका फौजदारी न्याय सन्दर्भका महत्वपूर्ण प्रावधानहरूलाई राष्ट्रिय दायित्वका रुपमा समेट्न ध्यान दिइएकाले अन्तर्राष्ट्रिय रुपमा दायित्व पूरा गर्ने राष्ट्र र प्रणालीको रुपमा नेपालको पहिचान बन्नेछ ।
- नेपाललाई प्रतिद्वन्द्वात्मक, अभियोजनात्मक, मिश्रित लगायत विश्वमा प्रचलित मुख्य न्याय प्रणालीका महत्वपूर्ण र राम्रा पक्षहरूलाई अगाल्ने मिश्रित न्याय व्यवस्था (Hybrid System) को परिचायकको रुपमा विश्व समक्ष पहिचान हुनेछ ।
- फौजदारी न्याय प्रणालीमा महत्वपूर्ण पक्ष अभियुक्त, पीडित, साक्षी, विशेषज्ञ, न्यायका उपभोक्ता र समग्रमा राष्ट्रका वासिन्दाहरूका लागि निजहरूको स्वार्थ वा हितको उचित सम्बोधन र सम्मानको अनुभूति हुनेछ ।
- नेपाललाई उदारीकरण, विश्वव्यापीकरण (विश्वव्यापार संगठनमा प्रवेशले सृजना गरेका दायित्व पूरा गर्ने सन्दर्भमा), सूचना प्रविधिका आधुनिक पक्षहरूमा विश्व मापदण्ड वा विश्वस्तर समक्ष पुऱ्याउन र विश्वसनीय बनाउन आधुनिकताका सर्वपक्षीय मान्यताहरूलाई समेटेर बनाइएका यी कानूनी व्यवस्थाहरूबाट अत्यन्त ठूलो अवसर प्राप्त हुनेछ ।
- फौजदारी न्याय प्रशासनलाई ठिक बाटोमा (Right Leak) हिंडाउन, कामयावी, जनमुखी, उपभोक्ता मैत्री, विश्वसनीय र प्रभावकारी बनाउन मद्दत पुग्नेछ ।

**द्विविधा र सुधारका पक्षहरू**

फौजदारी न्याय प्रणाली सुधारका लागि प्रस्तुत भएका तीन वटा विधेयकहरू छलफलको क्रममा अझै केही समस्याहरू विद्यमान रहेको पाइन्छ । यसमा फौजदारी कार्यविधि संहितामा समाविष्ट खास गरी अनुसन्धान र अभियोजन सन्दर्भमा उठिरहेका समस्या र बाँकी रहेका द्विविधा देहाय बमोजिम रहेका छन्:

- अनुसन्धान गर्ने न्यायिक प्रहरीको छुट्टै व्यवस्था हुन सकेको छैन ।
- जाहेरी अस्वीकार गरी दरपिठ गर्दा सो जाहेरी कहाँ प्रस्तुत गर्ने अस्पष्ट रहेको ।
- अभियुक्तलाई २४ घण्टा भित्र म्याद थप गर्न ल्याउंदा अदालतले प्रारम्भिक सोधपुछ गर्दाको भनाइको अभिलेख रहदैन ।
- अनुसन्धान तथा प्रमाण सङ्कलन माथि सरकारी वकीलको नियन्त्रण फेरी पनि यस विधेयकमा समेटिएको छैन ।
- अनुसन्धान अभियोजनबाट अलग अस्तित्व भएको कार्य हैन भन्ने सिद्धान्तलाई स्पष्ट सम्बोधन नगरी त्यसै अनुत्तरित रहन गएको ।
- सरकारवादी हुने कसूरमा व्यक्तिवादी हुने कसूर एकै साथ भएको रहेछ भने के गर्ने ? भन्ने विषय विचारणीय छ ।
- साक्षीले जानाजान झुट्ठो बोलेमा न्यायाधीशले केही गर्न नसक्ने यथावत अवस्था ।
- सरकारी वकीलले दिएको निर्देशन पालन नगरेमा नगर्नेलाई के हुने सो को अस्पष्टता ।
- सजायको न्यूनतम् हद नहुँदा गलत अभिप्रायले ज्यादै न्यून सजाय गरेमा सरकारी वकील चित्त बुझाएर बस्नु पर्ने अवस्था ।
- प्रहरीले जमानतमा छाड्ने क्रियामा सरकारी वकीलको सहमति नलिइकन पनि हाजिर जमानीमा छाड्न सक्ने हुनाले शक्तिको दुरुपयोग हुने अवस्थालाई स्पष्ट सम्बोधन नभएको ।
- गलत अभियोजनको कारण निर्दोष व्यक्तिलाई अनुसन्धान, अभियोजन तथा सजाय भई पछि सफाई पाएमा क्षतिपूर्ति दिलाउने कुरामा स्पष्टता आवश्यक छ ।
- अपराध संहिता र कार्यविधि संहिताका केही प्रावधान वाझिएको अवस्था ।[१७]
- गोप्यता सम्बन्धी निर्देशिकालाई संहितामा पूर्णरुपमा आत्मसात नगरिएको अवस्था ।
- साक्षी परीक्षण पद्धतिको विश्वसनीयता र साक्षी आउने अवस्था ।
- घटनास्थलमा लिएका फोटो, भिडियोहरूलाई प्रमाणमा लिनु पर्ने अवस्थाको प्रत्याभूति ।
- दशी तथा मिसिलका सबै कागजात प्रहरी वा सरकारी वकीलमा नराखी अदालतमा पेश गर्ने र अदालतले अभिलेख राख्ने अवस्था ।
- विशेष कानूनका रुपमा रहेका कानूनी व्यवस्थाहरू अझै संहिताकरण हुन नसक्नु ।
- संहितामा अझै बाँकी देखिएका विभिन्न कमजोरी ।[१८]

---

१७. विस्तृत जानकारीका लागि हेर्नुहोसः अपराध संहिता, फौजदारी कार्यविधि संहिता र (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदामा गरिनुपर्ने परिमार्जन सम्बन्धी सुझावहरू, २०६८, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं, पृ. ४३–५६

१८. पूर्वपाद पृ. ३९–४२

**चुनौतीहरू**

प्रस्तुत संहितामा अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने सन्दर्भमा देहायका चुनौतीहरू विद्यमान रहेका छन् ।

- संहितामा भएका परिवर्तित व्यवस्थाहरूलाई अनुसन्धान तथा अभियोजन गर्ने निकायका अनुसन्धानकर्ता तथा अभियोजनकर्तालाई सुसूचीत गराउने विषय ।
- परिर्वतन किन, के-के र परिवर्तनलाई कसरी आत्मसात गराउने भन्ने ।
- कानूनप्रति रहेको सामान्य जनताको नकारात्मक मनोविज्ञान ।
- नयाँ र अत्याधुनिक सिद्धान्तलाई समेटिएका प्रावधानलाई लागू गराउने कुरा ।
- परिवर्तित प्रावधानलाई अपेक्षा अनुसार कार्यान्वयन गरी सफल बनाउन आवश्यक पर्ने सङ्गठन, दक्ष जन शक्ति, स्रोत साधनको व्यवस्था,
- कार्यरत जनशक्तिलाई परम्परागत र अपरिर्वतनशिलतायुक्त मानसिकताबाट उठाएर उत्तरदायित्वपूर्ण, पारदर्शी, स्वच्छ, निष्पक्ष, स्वतन्त्र, जिम्मेवार, उच्च नैतिकता, चरित्र र सक्रिय बनाउने प्रश्न ।
- अपराधको राजनीतिकरण र दण्डहीनताको अन्त गर्ने प्रश्न ।
- भावी संविधानमा अन्तरनिहित राज्यको ढाँचा, कार्यक्षेत्र तथा प्रस्तुत कानूनको तादात्म्यता ।
- प्रहरीको शक्ति र अत्याधिक तजबिजलाई कानूनको शासनमार्फत नियन्त्रित र सन्तुलित गर्नु पर्ने विषय ।
- वर्तमानमा अनुसन्धान निकाय तथा पदाधिकारीहरूमा रहेको अत्याधिक बाह्य प्रभाव, शक्तिको प्रभावमा मात्र चलायमान हुने, निर्दोष निरिहहरूको हकमा वास्तै नगर्ने प्रवृत्ति ।
- शक्तिका पछाडि निर्दोष, कमजोर व्यक्तिलाई जथाभावि थुनामा राख्ने र शक्तिशालीका हकमा पक्राउ नै नगर्ने प्रवृत्तिलाई नियन्त्रित र कम गर्दै जाने विषय ।
- अनुसन्धान र अभियोजन संयन्त्रलाई अन्तर्राष्ट्रिय रुपमै चुस्त दुरुस्त प्रभावकारी संयन्त्रको रुपमा उभ्याउने अवस्था ।
- परिर्वतित अवस्थालाई तत्कालै कार्यान्वयनमा लैजाने सक्ने सामर्थ्य र तयारी सम्बन्धी चुनौती रहेका छन् ।

## १३. समस्या समाधानका उपायहरू

### १३.१ कानूनी र सैद्धान्तिक उपायहरू

- फौजदारी न्याय प्रणालीकै पुनर्संरचना अन्तर्गत दीर्घकालीन समाधानका रुपमा व्यवस्थापिका–संसदमा प्रस्तुत भएका एकीकृत अपराध संहिता,

फौजदारी कार्यविधि संहिता र सजाय निर्धारण सम्बन्धी विधेयकलाई पारित गरी कार्यान्वयन गर्ने ।

- Perjury कानून, साक्षी र पीडितको संरक्षण सम्बन्धी कानून र सौदाबाजी सम्बन्धी कानूनको निर्माण ।
- भौतिक र वैज्ञानिक प्रमाण सङ्कलन गर्ने कार्यलाई अनिवार्य बनाउने तथा विधिविज्ञान प्रयोगशालाको क्षमता र संख्या विस्तार गर्ने ।
- अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन स्वतन्त्र र छुट्टै अनुसन्धान विभागको स्थापना गरी त्यसलाई व्यावसायिक, निष्पक्ष र दक्ष एकाई रुपमा स्थापित गर्ने ।
- अनुसन्धान र अभियोजनलाई समन्वयात्मक ढङ्गले अगाडि बढाउन कार्यात्मक संयन्त्रहरूको व्यवस्था गर्ने साथै प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने ।
- प्रमाणको पर्याप्तता र सार्वजनिक हित समेतका आधारमा अभियोक्ताले अभियोजनको निर्णय गर्न सक्ने कानूनी व्यवस्था गर्ने ।
- मुद्दा नचल्ने निर्णय भएकोमा वा आंशिक अभियोजन भएकोमा त्यस्तो निर्णयहरू पुनरावलोकन गर्न सक्ने र पुनः अभियोजन गर्न पाउने कानूनी व्यवस्था गर्ने ।
- महत्वपूर्ण तथ्य वा आधार फेला परेकोमा पुनः अभियोजन गर्न सक्ने, निजी अभियोजन गर्न पाउने, प्रमाणबाट अभियोग पुष्टि हुन नसक्ने अवस्थामा त्यस्तो अभियोग फिर्ता लिन सक्ने कानूनी व्यवस्था गर्ने ।
- मुद्दा फिर्ता सम्बन्धमा स्पष्ट मापदण्ड र नीति निर्धारण गर्ने ।

### १३.२ व्यवहारिक उपायहरू

- विद्यमान प्रवृत्ति र मानसिकतामा परिवर्तन गरी प्रभावकारी तथा वस्तुगत अनुसन्धान एवम् अभियोजनमा जोड दिने ।
- यसका लागि भौतिक प्रमाणको सङ्कलन र अपराध र त्यसको संलग्नताको आधारमा अभियोजन गर्ने परिपाटीको विकास गर्ने ।
- हचुवा एवम् गलत कार्य गर्नेलाई जिम्मेवार र उत्तरदायी बनाउन उचित दण्ड र राम्रो कार्य गर्नेलाई पुरस्कार (Carrot and Stick) को व्यवस्था ।
- दुबै निकायबीच समन्वय, पारस्परिक सहयोग विस्तार गर्न तल्लो तहसम्म संयन्त्र निर्माण गरी समन्वयको विस्तार गर्ने ।
- कसूरका आधारमा सजायको मागदाबी लिने परिपाटीको विकास गर्ने ।
- अनुसन्धानमा तोकिएको कानूनी प्रक्रियाको पालना र अभियोजनकर्ताले समयमा नै निर्देशन दिई अनुसन्धानलाई प्रभावकारी बनाउने ।
- महान्यायाधिवक्ताको कार्यालयबाट जारी गरिएका परिपत्रहरू, कार्य निर्देशिका र विशेष निर्देशनहरूको प्रयोग र पालना ।

- निर्देशन पालना नगरेकोमा अनुसन्धान अधिकारीलाई विभागीय कारबाही गर्न सकिने कानूनी व्यवस्था गर्नुपर्ने ।
- वस्तुनिष्ट आधारमा प्रमाणको मूल्याङ्कन गरी प्रतिव्यक्ति सजायको दाबी लिने परिपाटीको विकास ।
- अपराधको अनुसन्धान पूर्ण नभएकोमा मुद्दा दायर नगरी अनुसन्धान जारी राख्ने निर्देशन दिई पछि ऐनका हदम्यादभित्र मुद्दा पेश गर्ने परिपाटिलाई प्राथमिकता दिनुपर्ने । पच्चीस दिनभित्र मुद्दा निर्णय गर्नैपर्ने, मुद्दा चलाउनै पर्ने र ठूलो दावी लिएपछि सुरक्षित हुन सकिन्छ भन्ने मानसिकतालाई परिवर्तन गर्न महान्यायाधिवक्ताको कार्यालयबाट विशेष पहल शुरु गर्नुपर्ने ।
- अपूरो अनुसन्धानलाई आधार लिई, ठूलो दावी लिएपछि सुरक्षित हुने होईन जथाभावि कसैलाई मुद्दा लगाउनु पनि मानव अधिकारको हनन् हो र राज्यको स्रोत, साधन र पदीय अधिकारको दुरुपयोग पनि हो भन्ने कुरालाई जानकारी गराउन र काम कारवाहीमा एकरुपता ल्याउन निर्देशिका बनाई लागू गर्नुपर्ने ।
- अपराध अनुसन्धान र अभियोजनलाई राजनीतिकरणबाट संक्रमित हुनबाट बचाउन अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गर्न रोक्न अनुसन्धान र अभियोजन दक्ष, निष्पक्ष र स्वतन्त्र बनाउने ।
- अनुसन्धान र अभियोजन कार्यमा सरकारी वकीलको उत्तरदायित्व स्थापित गर्ने परिपाटीको विकास ।

## १४. निष्कर्ष

अनुसन्धान र अभियोजनका काम कारवाहीलाई पृथक गरी स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पादन गराई मुलुकमा प्रभावकारी, निष्पक्ष, भरपर्दो, पारदर्शी, जनविश्वास आर्जन गर्न सक्ने, उत्तरदायीपूर्ण फौजदारी न्यायप्रशासनमार्फत कानूनी राज्यको स्थापना गर्ने पुनित कार्यमा लगभग २२ वर्ष अघि अनुसन्धान र अभियोजन प्रणालीमा गरिएको परिवर्तनको औचित्यतामा आज प्रश्न उठेको छ । निरन्तर र अभिन्न बाटोको रुपमा विकास गरिएका प्रहरी र सरकारी वकीलका काम कारबाहीमा एकापसी समन्वय, सहयोग, सहभागिता, सकारात्मकताको माध्यमबाट अपराध नियन्त्रणको जिम्मेवारी पूरा हुनुको सट्टा यसपूर्वको संयुक्त अनुसन्धान तथा अभियोजन प्रणाली नै ठिक होकी भन्ने प्रश्नहरू पनि यदाकदा उठन थालिसकेका छन् । विद्यमान रहेका घटना नदेख्ने व्यक्तिले दिएको जाहेरी दरखास्त र सुनेको भरमा प्रहरीमा गरिएका केही कागजका भरमा मात्र २५ दिनभित्र जसरी भए पनि मुद्दा लैजानु पर्ने बाध्यता र परिपाटिले Prosecute but not Persecute भन्ने कुरालाई ओझेलमा पार्दै असफलतातर्फ लगेको अनुभव गरिंदैछ । अबको अनुसन्धानलाई सक्षम, स्वतन्त्र, प्रभावकारी र अभियोजनकर्ताप्रति उत्तरदायी

बनाउनुपर्ने र अभियोजनकर्तालाई स्वतन्त्र, निष्पक्ष र जनताप्रति उत्तरदायी बनाउनु जरुरी भैसकेको छ । त्यसैले यस कुरालाई मनन गर्दै, माथि उल्लेखित समस्या र चुनौतीहरूलाई मध्यनजर राखी दीर्घकालीन समाधानका लागि व्यवस्थापिका-संसदमा प्रस्तुत भई विचाराधीन रहेका तीन वटा विधेयकहरू पारित गर्ने र दीर्घकालीन दृष्टिकोण राखी समाधानका उपायहरू खोज्नु पर्ने भएको छ ।

# सरकारवादी मुद्दामा पुनरावेदन एवम् दोहोऱ्याई पाऊँ तथा पुनरावलोकन सम्बन्धी निवेदनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू

**किरण पौडेल♥**

## सारांश

*माथिल्लो अदालतले तल्लो अदालतका निर्णय जाँच गर्ने विभिन्न माध्यम मध्ये एउटा माध्यम पुनरावेदन हो । कानूनको उचित प्रयोग र व्याख्या भई जिम्मेवार तरिकाले न्यायिक निर्णय भएको अनुभूत गर्न तथा निर्णय क्षतिरहित रहेछ भनी विश्वस्त हुनका लागि मुद्दाका पक्षलाई तल्लो अदालतबाट भएको निर्णयको विरुद्ध पुनरावेदन गर्न पाउने सुनिश्चितता कानूनले गरेको हुन्छ । त्यस्तै कानूनले नै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको मुद्दा बाहेकका अन्य मुद्दालाई सर्वोच्च अदालतसम्म पुऱ्याउने कानूनी व्यवस्थाको रुपमा मुद्दा दोहोऱ्याई पाउन निवेदन दिन पाउने व्यवस्था रहेको छ । साथै पुनरावेदन सन्दर्भमा पुनरावेदन पक्षको अधिकार हो भन्ने मान्यतालाई नेपाल सरकारवादी हुने मुद्दामा पनि अन्यथा मानिदैन । केही सय पहिलेसम्म सरकारवादी भई चल्ने फौजदारी मुद्दामा एक तह पुनरावेदन गर्ने मान्यता सरकारी वकीलमा थियो । हाल पनि सफाई पाएका प्रतिवादी उपर पुनरावेदन गर्ने कुरालाई सामान्य नै भनिन्छ । यो मान्यता अमेरिकी र बेलायती मान्यतासँग दाँज्दा पनि अन्यथा भनिदैन । प्रस्तुत लेखमा सरकारवादी मुद्दामा पुनरावेदन सम्बन्धी व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यासहरू, त्यससँग सम्बन्धित केही तथ्याङ्कहरू, दोहोऱ्याई पाउँन दिइने निवेदन सम्बन्धी व्यवस्था, त्यस सम्बन्धी केही तथ्याङ्कहरूलाई संक्षिप्त रुपमा केलाउने प्रयास गरिएको छ ।*

## विषय प्रवेश

अदालत एवम् अन्य न्यायिक निकायबाट आफू समक्ष निर्णयका लागि आएका विवादको निरुपण गरिँदा कानून तथा न्यायिक सिद्धान्तको उचित प्रयोग भएको हुनु पर्ने हुन्छ । न्यायाधीश वा न्यायिक अधिकारीका व्यक्तिगत आग्रह पूर्वाग्रह एवम् निजको सामाजिक, साँस्कृतिक वा अन्य कारणले निजमा रहने पृथक सोचाइले न्याय सम्पादनमा असर पर्नु हुँदैन । न्यायसम्पादनको कामका लागि प्रत्येक न्यायाधीश व्यक्तिगत रूपमा आफूले निर्णय गरेको मुद्दाको पक्षप्रति जबाफदेही हुन पर्ने हुन्छ ।

---

♥ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

तल्लो तहका अदालतबाट गरिने निर्णयहरूमा माथि उल्लिखित कुनै त्रुटी रहेको छ कि भनेर शंका नरहोस् भन्नका लागि तथा न्यायाधीशलाई व्यक्तिगत रूपमा आफूले निर्णय गरेका मुद्दाका पक्षप्रति रहनु पर्ने जबाफदेहिताको बोध रही रहोस् भन्नका लागि माथिल्लो तहको अदालतलाई तल्लो अदालतको निर्णय जाँच गर्न पाउने अधिकार रहने व्यवस्था कानूनले गरेको हुन्छ । यस्तो अधिकार अन्तरगत माथिल्लो अदालतलाई कानून अनुसार विभिन्न अधिकार दिइएको हुन्छ । नेपालका पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतलाई प्रचलित कानूनको अधीनमा रही निम्न अनुसारको अधिकार प्राप्त छ ।[१]

(क) तल्लो अदालत, निकाय वा अधिकारीको निर्णय सदर, उल्टी वा केही उल्टी गर्ने,

(ख) तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने,

(ग) मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल तल्लो अदालत, निकाय वा अधिकारी कहाँ पठाउने, वा

(घ) तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरूमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब माफीको समय तोकी बाँकी प्रश्नहरूको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल तल्लो अदालत, निकाय वा अधिकारी कहाँ पठाउने ।

संविधानतः नेपालको सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भए बमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने वा निवेदन सुन्ने अधिकार छ[२] । सर्वोच्च अदालतका यी अधिकारलाई न्याय प्रशासन ऐन, २०४८ बाट व्यवस्थित गरिएको छ ।

## पुनरावेदन सम्बन्धी व्यवस्था

माथिल्लो अदालतले तल्लो अदालतको निर्णय जाँच गर्ने विभिन्न माध्यम मध्ये एउटा माध्यम पुनरावेदन हो । कानूनको उचित प्रयोग र व्याख्या भई जिम्मेवार तरिकाले न्यायिक निर्णय भएको अनुभूत गर्न तथा निर्णय त्रुटिरहित रहेछ भनी विश्वस्त हुनका लागि मुद्दाका पक्षलाई तल्लो अदालतबाट भएका निर्णयका विरुद्ध पुनरावेदन गर्न पाउने सुनिश्चितता कानूनले गरेको हुन्छ । यस्तो सुनिश्चितता पुनरावेदन सुन्ने अदालतको

१. दफा १४, न्याय प्रशासन ऐन, २०४८
२. धारा १०७ (३), नेपालको अन्तरिम संविधान, २०६३

अधिकारको रूपमा पनि गरिएको पाइन्छ । कानूनले नेपालका पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने तथा कानून बमोजिम साधक जाँच्ने अधिकार दिएको छ[३] ।

## पुनरावेदन पक्षको हक

आफ्ना सम्बन्धमा भएका र आफूलाई चित्त नबुझेका निर्णयहरूमा पुनरावेदन गर्न पाउने पक्षको अधिकार हो भन्ने मानिन्छ । यस अवधारणालाई नेपालमा पनि मान्यता प्राप्त छ । प्रचलित नेपाल कानूनका व्यवस्थाले पुनरावेदन गर्न पाउने कुरालाई स्पष्ट रूपमा अधिकार भनेको पाइदैंन । तर, मुद्दा फैसला गर्ने न्यायिक निकायले फैसलाको जानकारी पक्षलाई दिनु पर्ने र त्यसरी जानकारी दिँदा त्यस मुद्दामा पुनरावेदन लाग्ने भए मुद्दाका पक्षलाई पुनरावेदन लाग्ने निकायको नाम समेत दिनु पर्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्था निम्नानुसार छ[४]:

> अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको व्यहोराको कागज गराई राख्नु पर्छ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नुपर्छ । पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहवरमा भै फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहवरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पैतीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन पाउँछ, सो म्याद नाघेपछि पुनरावेदन लाग्न सक्दैन ।

पक्षले पुनरावेदन गर्न पाउने विषय कानूनी हक हो भनी सर्वोच्च अदालतबाट व्याख्या गरिएको छ । यस प्रकारको व्याख्या देवानी तथा फौजदारी दुबै प्रकारका विवादमा भएको पाइन्छ । उदाहरणार्थ, पुनरावेदकीय अधिकार कानूनी अधिकार हो । यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले

---

३. दफा ८, न्याय प्रशासन ऐन, २०४८
४. मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३ नं.

नै यस अधिकारलाई कानूनी अधिकारको रूपमा ग्रहण गरिने[५] भनी देवानी मुद्दामा भनिएको छ। यसैगरी, पुनरावेदकीय मार्ग व्यक्तिको कानूनी अधिकार भएकोले साधकको रोहबाट हेरी निर्णय गरिसकेको भन्ने अर्थमा पुनरावेदनको मार्गलाई निष्प्रभावी बनाउन नमिल्ने[६] भनी फौजदारी मुद्दामा बोलिएको छ।

यसका साथै कानूनमा पुनरावेदन दर्ता गर्ने सम्बन्धमा पुनरावेदन गर्न चहाने पक्षलाई सहज हुने गरी निम्न व्यवस्था रहेको छ[७]:

- मुद्दा फैसला गर्ने निकायको पुनरावेदन सुन्ने निकायमा पुनरावेदन दर्ता गर्न पाइने
- मुद्दा फैसला गर्ने निकायमा पुनरावेदन दर्ता गर्न पाइने
- थुनामा रहेको मानिसले कारागारबाटै पुनरावेदन दर्ता गर्न पाइने
- सरकारी कर्मचारीले आफू कार्यरत रहेको क्षेत्र वा काजमा खटिएको क्षेत्रको नजिकमा रहेको पुनरावेदन सुन्ने निकायमा, त्यस्तो निकाय नभएका अवस्थामा पुनरावेदन तहको मुद्दा सुन्ने अरू निकायमा र त्यस्तो निकाय पनि नभए मुद्दा हेर्ने अरू जुनसुकै निकायमा पुनरावेदन दर्ता गर्न पाइने

पुनरावेदन पक्षको अधिकार हो भन्ने मान्यतालाई नेपालमा सरकार वादी हुने मुद्दामा वादी पक्षका हकमा पनि अन्यथा मानिदैन। केही समय पहिलेसम्म सरकार वादी भै चल्ने फौजदारी मुद्दामा एक तह पुनरावेदन गर्नै पर्ने मान्यता सरकारी वकीलमा थियो। हाल पनि सफाई पाएका प्रतिवादी उपर पुनरावेदन गर्ने कुरालाई सामान्य नै मानिन्छ। यो मान्यतालाई अमेरिकी वा बेलायती मान्यतासँग दाँज्दा अनौठो लाग्ने अवस्था देखिन्छ।

## पुनरावेदनका सम्बन्धमा रहेका अमेरिकी र बेलायती मान्यता

अमेरिकी मान्यतामा फौजदारी मुद्दाका प्रतिवादीहरू जुरी वा न्यायाधीशबाट कसूरदार ठहरिएका छन् भने उक्त ठहर उपर पुनरावेदन गर्न पाउनु उनीहरूको पूर्ण अधिकार हो भन्ने स्वीकारिन्छ। तर, अदालतले प्रतिवादीलाई सफाइ दिएको छ भने त्यसरी कसूरदार होइन भनी दिइएको निर्णय उपर अभियोजनकर्ताबाट पुनरावेदन गरिनु अमेरिकी संविधानको पाँचौ संशोधनबाट व्यवस्था भएको दोहोरो खतराको सिद्धान्तको उल्लङ्घन हो भन्ने मानिन्छ। अभियोजनकर्ताले निजद्वारा प्रस्तुत गरिएका प्रमाणको पूर्पक्षका समयमा भएको ग्राह्यताको प्रश्न उठाएर भने पुनरावेदन गर्न सक्छ[८]।

बेलायती मान्यता पनि यसै प्रकृतिको देखिन्छ। त्यहाँ फौजदारी मुद्दामा प्रतिवादीले आफूलाई कसूरदार ठहर गरिएको वा सजाय दिइएको निर्णयका विरुद्धमा पूरावेदन गर्न सक्छ। यसलाई प्रतिवादीको पुनरावेदन गर्न पाउने अधिकारका रूपमा स्वीकार गरिएको

५. ने. का. प., २०६१, नि. नं. ७३९१, अंक ६, पृ. ६९९ (पू. इ.)
६. ने. का. प., २०६२, नि. नं. ७४७७, अंक १, पृ. १ (पू. इ.)
७. मुलुकी ऐन, अदालती बन्दोबस्तको १९५ नं.
८. http://www.justia.com/criminal/criminal-appeals/ (हेरिएको मितिः २०७१।२।१२)

छ । अर्को तर्फ महान्यायधिवक्ताले गम्भीर कसूरका मुद्दामा अनुपयुक्त तरिकाले नरम सजाय दिइएको लागेमा उक्त कुरा उल्लेख गरी त्यस विरुद्ध Court of Appeal मा जानकारीका लागि पठाउन सक्छ । त्यस्ता Referred Cases मा तल्लो अदालतबाट दिइएको सजाय उपर पुनर्विचार गरी Court of Appeal ले सजाय बढाउन सक्छ[९] ।

## सरकारको सरोकार रहने मुद्दामा सरकार पक्षले पुनरावेदन गर्ने सम्बन्धमा रहेको व्यवस्था[१०]

सरकारको सरोकार रहने मुद्दाहरूमा सरकार पक्षले पुनरावेदन गर्नु पर्ने अवस्थामा कसले गर्ने भन्ने सम्बन्धमा मुद्दाको हैसियत अनुसार र मुद्दाको अवस्था अनुसार फरक फरक निकाय तथा व्यक्तिलाई जिम्मेवारी दिने कानूनी व्यवस्था रहेको पाइन्छ । यी फरक व्यवस्था निम्नानुसार रहेका छन्:

क) नेपाल सरकार वादी हुने भनी लेखिएका मुद्दाहरू चाहे ती सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दाहरू हुन् वा अन्य कुनै ऐनमा लेखिएका हुन् ती मुद्दाहरूमा सम्वन्धित सरकारी वकीलले पूरावेदन गर्नु पर्छ ।

ख) नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दामा पुनरावेदन गर्नु पर्ने भएमा सम्वन्धित अधिकृत वा कार्यालय प्रमुख आफैंले पुनरावेदन गर्न सक्छ । यदि सम्वन्धित अधिकृत वा कार्यालय प्रमुखले पुनरावेदन गर्नका लागि लेखी पठाएका अवस्थामा सम्वन्धित सरकारी वकीलले पुनरावेदन गर्न सक्छ ।

ग) सरकारी काम कारवाहीको सम्वन्धमा सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा पुनरावेदन गर्नु पर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा नरहेको अवस्थामा त्यस पदमा हाल बहाल रहेका कर्मचारीको नामबाट पुनरावेदन गर्न सकिन्छ ।

सरकार वादी भएर चल्ने मुद्दामा पुनरावेदनका लागि प्राप्त हुने म्याद उक्त मुद्दाको प्रकृति अनुसार फरक फरक हुने कानूनी व्यवस्था छ। सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका मुद्दामा पुनरावेदन गर्नका लागि अदालतले सत्तरी दिनको म्याद दिनु पर्ने[११] व्यवस्था छ । विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्ने मुद्दामा र सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ वा २ मा लेखिएका बाहेकका नेपाल सरकार वादी भै चलेका मुद्दामा पुनरावेदन गर्नका लागि पैंतीस दिनको म्याद हुन्छ[१२] ।

---

९. https://www.judiciary.gov.uk/about-the-judiciary/the-judiciary-the-government-and-the-constitution/jud-acc-ind/right-2-appeal/ (हेरिएको मितिः २०७१।२।१२)

१०. दफा २४, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

११. दफा २६, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

१२. उदाहरणका लागिः दफा ६६ (२), वैदेशिक रोजगार ऐन, २०४९, दफा १७, विशेष अदालत ऐन, २०५९

संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने मुद्दामा पुनरावेदनका लागि तीस दिनको म्याद हुन्छ।[१३]

सरकार वादी मुद्दामा वादी पक्षका हकमा पुनरावेदनको म्याद कहिले देखि कायम हुने भन्ने सम्बन्धका फरक व्यवस्था रहेको छ।[१४] यस व्यवस्था अनुसार सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची-१ र २ मा उल्लेख भएका नेपाल सरकार वादी हुने मुद्दामा सम्बन्धित सरकारी वकील कार्यालयले जानकारी पाएको मितिबाट पुनरावेदनका लागि म्याद कायम हुन्छ। प्रचलित कानूनमा नेपाल सरकार वादी हुने भनी लेखिएका अन्य मुद्दामा सम्बन्धित विभाग, कार्यालय वा सरकारी वकील कार्यालयले जानकारी पाएको मितिबाट पुनरावेदनका लागि म्याद कायम हुन्छ। नेपाल सरकार पक्ष वा विपक्ष भै चलेको अन्य मुद्दामा सम्बन्धित कार्यालय, निकाय वा पदाधिकारीले जनाउ पाएको मितिबाट पुनरावेदनका लागि म्याद कायम हुन्छ।[१५]

नेपाल सरकारवादी हुने मुद्दामा कुनै अदालत वा न्यायिक निकायबाट भएको फैसलाको जनाउ प्राप्त भएपछि, मिसिल संलग्न प्रमाणबाट त्यस फैसला उपर पुनरावेदन गर्नु पर्ने देखिएको अवस्थामा, त्यो मुद्दा अभियोजन वा बहस पैरवी गर्न तोकिएको सरकारी वकील वा त्यस फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरु भएको दश दिनभित्र पठाइ सक्नु पर्छ[१६]। त्यसरी पुनरावेदन मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयको सरकारी वकीलले मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नु पर्ने देखेमा नेपाल सरकारको तर्फबाट अदालतमा पुनरावेदन दायर गर्नु पर्छ।

## पहिलो तहको पुनरावेदन सम्बन्धी व्यवस्था

प्रचलित नेपाल कानून अनुसार सामान्य रूपमा जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार रहेको छ[१७]। तर कानूनले नै अन्यथा व्यवस्था गरेको अवस्थामा अन्य निकायलाई पनि शुरु मुद्दा हेर्ने अधिकार दिइएको छ। जिल्ला अदालत वा अन्य निकायले गरेको निर्णय उपर अन्यथा व्यवस्था भएकोमा बाहेक पुनरावेदन अदालतमा पुनरावेदन लाग्छ।

---

१३. उदाहरणका लागिः दफा १५ (३), विद्युत चोरी नियन्त्रण ऐन, २०५८ (दफा ११क (३), संक्षिप्त कार्यविधि ऐन, २०२८)

१४. नियम १९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

१५. यस कानूनी व्यवस्थाको प्रयोग सरकार वादी भै चलेका मुद्दामा वादी पक्षबाट दिनु पर्ने अन्तरकालीन आदेश उपरका निवेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनको निमित्त गर्ने निवेदन समेतका लागि गरिन्छ।

१६. नियम १९, सरकारी वकील सम्बन्धी नियमावली, २०५५ यस कानूनी व्यवस्थाको प्रयोग सरकार वादी भै चलेका मुद्दामा वादी पक्षबाट दिनु पर्ने मुद्दा दोहोऱ्याउनको निमित्त गर्ने निवेदन समेतका लागि गरिन्छ।

१७. दफा ७, न्याय प्रशासन ऐन, २०४८

## सरकार वादी मुद्दामा जिल्ला तहको फैसला उपरको वादी पक्षको पुनरावेदनको अवस्था

जिल्ला तहका अदालत समेतले गरेका सरकार वादी मुद्दाका फैसलामा चित्त नबुझेका अवस्थामा वादी पक्षका तर्फबाट पुनरावेदन गर्ने जिम्मेवारी सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयमा रहेको छ। पछिल्ला तीनवटा आर्थिक वर्षमा देश भरीका पुनरावेदन सरकारी कार्यालयबाट पुनरावेदन अदालतमा पुनरावेदन गर्नको लागि भएको निर्णय सम्बन्धी तथ्याङ्क निम्न अनुसारको रहेको छः

| पुनरावेदन सम्बन्धी निर्णय | | | |
|---|---|---|---|
| **आर्थिक वर्ष** | **पुनरावेदन गर्ने** | **पुनरावेदन नगर्ने** | **पुनरावेदन गरिएको %** |
| २०६७/०६८ | २२७८ | १२७५ | ६४.११ |
| २०६८/०६९ | ३६७८ | १०१५ | ७८.३७ |
| २०६९/०७० | ४४६१ | ११४९ | ७९.५१ |

**स्रोतः महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरू**

उल्लिखित तथ्याङ्कले पुनरावेदन सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्नेभन्दा पुनरावेदन गर्ने निर्णय गरिएको संख्या मात्र होइन त्यसको प्रतिशत समेत पछिल्ला तीनवटा आर्थिक वर्षमा बढ्दै गै रहेको देखाएको छ। यसै अवधिमा पुनरावेदन सरकारी वकील कार्यालयबाट बहस गरिएका र फछ्र्यौट भएका मुद्दामा जिकिर कायम भएको प्रतिशत पुनरावेदन गरिएको प्रतिशतको तुलनामा कम छ। संयोगको कुरा यो प्रतिशत तीनवटै आर्थिक वर्षमा समान रहेको छ। जुन निम्न तालिकामा देखिन्छ :

| | **लगत** | | | **फछ्र्यौट** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **आर्थिक वर्ष** | **गत वर्षको** | **यस वर्षको** | **जम्मा** | **कसूर ठहर** | **कसूरबाट सफाई** | **अन्य** | **जम्मा** | **जिकिर कायम प्रतिशत** |
| २०६७/०६८ | २०१७ | ३०१४ | ५०३१ | १२५८ | १५६६ | २५ | २८४९ | ४४.१६ |
| २०६८/०६९ | २१९१ | ४७३४ | ६९२५ | १५७५ | १९६९ | १४ | ३५५४ | ४४.२० |
| २०६९/०७० | ३३६८ | ४९८४ | ८३५२ | १८०४ | २२२७ | १२ | ४०४३ | ४४.६२ |

**स्रोतः महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरू**

उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन अदालतहरूमा गरिनेमा पुनरावेदनमा प्राप्त भएको

सफलताको प्रतिशत स्थिर रहेको र कम रहेको देखाउँछ । अर्कोतर्फ, पुनरावेदनको संख्या भने यसै अवधिमा संख्यात्मक रूपले मात्र नभई प्रतिशतको आधारमा पनि बढेको छ । यसले पुनरावेदनको संख्या बढ्दै गैरहेको भए पनि यो वृद्धि गुणात्मक नभई संख्यात्मक मात्र रहेछ भन्ने देखिन्छ ।

### फरक कानूनले गरेको पहिलो तहको पुनरावेदन सम्बन्धी व्यवस्था

केही विशेष प्रकारका मुद्दा हेर्ने अदालतले गरेको निर्णय उपर सर्वोच्च अदालतमा पहिलो पुनरावेदन लाग्ने व्यवस्था नेपाल कानूनले गरेको छ । यस्तो व्यवस्थाको उदाहरणमा विशेष अदालत[१८], वैदेशिक रोजगार न्यायाधिकरण[१९], वाणिज्य इजलास आदिबाट भएका निर्णय उपर पुनरावेदनका व्यवस्थालाई लिन सकिन्छ ।

### सरकार वादी मुद्दामा दोश्रो तहको पुनरावेदन सम्बन्धी व्यवस्था

पुनरावेदन अदालतबाट फैसला भै सकेपछि सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरी नेपाल कानूनमा केही अवस्थाका मुद्दामा दोश्रो तहको पुनरावेदनको पनि व्यवस्था रहेको छ[२०] । दश वर्ष वा त्यसभन्दा बढी कैदको सजाय भएको मुद्दामा दोश्रो तहको पुनरावेदन सर्वोच्च अदालतमा लाग्छ । यसबाहेक, जिल्ला अदालत वा त्यस सरहको न्यायिक निकायबाट भएको निर्णय उपर पुनरावेदन सुन्दा शुरु तहको निर्णय पुनरावेदन अदालतबाट पूर्ण वा आंशिक रूपमा उल्टी गरिएको निम्न अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्छः

- तीन वर्ष वा त्यसभन्दा बढी कैदको सजाय भएको मुद्दा,
- पच्चीस हजार रुपैयाँ वा त्यसभन्दा बढी जरिवाना भएको मुद्दा,
- पचास हजार रुपैयाँ वा त्यसभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दा

### सरकार वादी मुद्दामा दोश्रो तह (पुनरावेदन तह) को फैसला उपरको पुनरावेदनको अवस्था

पुनरावेदन अदालतले गरेका सरकार वादी मुद्दाका फैसलामा चित्त नबुझेका अवस्थामा वादी पक्षका तर्फबाट पुनरावेदन गर्ने जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयको हो । महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित भएको पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्क निम्न अनुसारको रहेको छः

---

१८. दफा १७, विशेष अदालत ऐन, २०५९८
१९. दफा ६६(२), वैदेशिक रोजगार ऐन, २०६४
२०. दफा ९, न्याय प्रशासन ऐन, २०४८

| आ. व. | पुनरावेदनका लागि प्राप्त प्रस्ताव संख्या | | | निर्णय संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | पु. गर्ने | पु. नगर्ने | जम्मा | गर्न लेखी पठाउने | गर्ने | नगर्ने | जम्मा |
| २०६७/०६८ | २२३ | १३८४ | १६०७ | १०० | ४८१ | १०९५ | १६७६ |
| २०६८/०६९ | ३३७ | १३६४ | १७०१ | १७४ | ४२१ | १०७८ | १६७३ |
| २०६९/०७० | ३१० | १४९० | १८०० | १८२ | ३९९ | १२११ | १७९२ |

*स्रोतः महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरू*

(टिप्पणीः पुनरावेदनका लागि प्रस्ताव प्राप्त हुने अवधि र ती प्रस्तावमा निर्णय गरिने अवधिमा आर्थिक वर्षको अन्तर पर्न सक्ने हुँदा पुनरावेदनका लागि पुनरावेदन सरकारी वकील कार्यालयबाट प्राप्त प्रस्ताव र त्यस अवधिका भएका निर्णयको संख्या ठ्याक्कै नमिल्न सक्ने अवस्था रहन्छ ।)

उल्लिखित तथ्याङ्कलाई सरसर्ती हेर्दा सबै आर्थिक वर्षमा पुनरावेदन गर्नका लागिभन्दा नगर्नका लागि निकै बढी संख्यामा प्रस्तावहरू प्राप्त भएका छन् । तर पुनरावेदन गर्ने वा नगर्ने भन्ने निर्णय हुँदा पुनरावेदन गर्नका लागि प्राप्त प्रस्तावभन्दा झण्डै दुईगुना बढी संख्यामा पुनरावेदन गर्ने निर्णय भएको अवस्था छ । यसै अवधिको मुद्दा फछ्र्यौटको समग्र तथ्याङ्कलाई हेर्ने हो भने ४१%भन्दा कम मुद्दामा कसूर ठहर भएको देखिन्छ । जुन निम्न तालिकामा देखाइएको छ :

| आ. व. | बहस पैरवीको लगत विवरण | | | फछ्र्यौट | | | | ठहर प्रतिशत (सर्वोच्च अदालतको मात्र) |
|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको | यस वर्षको | जम्मा | कसूर ठहर | सफाइ भएको | अन्य | जम्मा | |
| २०६७ /०६८ | १८०५ (७७+१०) | ८९० (११०+३५) | २६९५ (१८७+४५) | ४२४ (६४+१३) | ३९८ (३०+६) | ६६४ (१७+८) | १४८६ (१११+२७) | २५.७५ |
| २०६८ /०६९ | ११६४ (७१+१९) | ७०३ (१३१+२७) | १८६७ (२०२+४६) | १५२ (४४+२७) | १२९ (७+३) | ३१ (२+१०) | ३१२ (५३+४०) | ३६.९८ |
| २०६९ / ०७० | १५५५ (१४९+६) | ७४८ (११८+१७) | २३०३ (२६७+२३) | २०५ (१०१+१६) | १४८ (२२+४) | १४ (६+०) | ३६७ (१२ ९+२०) | ४०.३६ |

*स्रोतः महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन*

(टिप्पणीः माथिको तालिकामा कोष्ठ भित्र राखिएका संख्याहरू महान्यायाधिवक्ताको कार्यालयको विशेष शाखाबाट विशेष अदालत तथा प्रशासकीय अदालतमा गरेको बहस पैरवीको संख्या हो । महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा गरेको यकीन संख्या निकाल्न कोष्ठ भित्र रहेका संख्यालाई कोष्ठ बाहिर रहेको संख्याबाट घटाउनु पर्ने हुन्छ ।)

यस तथ्याङ्कले महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा गरिने पुनरावेदनमा सफलताको प्रतिशत कम देखाउँछ । अर्को शब्दमा भन्नु पर्दा दावी कायम हुन नसक्ने अवस्थामा पनि पुनरावेदन गर्ने गरिएको रहेछ भन्ने देखिन्छ ।

## पुनरावेदन गर्ने आधार

न्याय प्रशासन ऐन, २०४८ ले गरेका व्यवस्थाले अदालतले पुनरावेदन स्वीकार गर्ने अधिकार क्षेत्रका विषयमा उल्लेख गरेको देखिन्छ । यस ऐनले उल्लेख गरेको सर्वोच्चमा पुनरावेदन लाग्ने आधार भनेको त्यस्तो अवस्थामा पुनरावेदन लाग्छ भन्ने हो । ती आधार अदालतबाट पुनरावेदन स्वीकार गर्ने वा गर्ने भनी प्रथम दृष्टिमा हेरिने आधार हुन् । तर सरकार वादी भै चलेका मुद्दाका विषय भित्र पसेर तल्लो अदालतबाट गरिएका फैसला उपर माथिल्लो अदालतमा पुनरावेदन गर्नु पर्ने आधार के हुन सक्छन् वा हुन् ? गरिएको फैसलामा के कस्तो अवस्थामा पुनरावेदन गर्नु पर्ने हो ? मुद्दामा उल्लेख गरिएका तथ्यलाई स्थापित गर्न नसकिएको अवस्थामा पुनरावेदन गर्नु उपयुक्त हो होइन ? मुद्दाको तथ्यलाई पुष्टि गर्ने प्रमाण अदालतमा प्रस्तुत गर्न नसकिएको अवस्थामा पुनरावेदन गर्नु पर्छ वा पर्दैन ? प्रस्तुत गरिएको प्रमाणलाई अदालतले ग्रहण गर्न अस्वीकार गरेको अवस्थामा कुन ढंगबाट पुनरावेदन गर्नु पर्ने होला ? भन्ने जस्ता पुनरावेदन गर्न वा नगर्नका लागि कुनै निश्चित आधार कानूनी वा अन्य कुनै रूपमा विकसित भएको पाइदैन ।

अभियोग दावी नपुग्ने गरी फैसला भएको अवस्थामा, अभियोग दावीभन्दा कमको कसूर कायम भएको अवस्थामा वा दावी गरिएका सबै प्रतिवादीलाई कसूर कायम नगरी सफाइ दिइएका अवस्थामा पुनरावेदन गर्ने वा नगर्ने भन्ने निर्णय गर्नु पर्ने अवस्था आउँछ भन्ने मान्यता रहेको छ । यसै अनुसारको अभ्यास पनि छ । तर, त्यसरी पुनरावेदन गर्ने वा नगर्ने निर्णयका आधार के हुने भन्ने निश्चितता छैन । कुनै मुद्दा फैसला भएको जनाउ प्राप्त भएपछि त्यस मुद्दामा पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा मिसिल संलग्न प्रमाणलाई आधार मान्नु पर्ने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावलीले गरेको छ तर व्यवहारमा त्यो आधार लागू हुन सकेको कमै पाइन्छ । दावी प्रमाणित गर्ने जिम्मा वादीको हो भन्ने कानूनी व्यवस्था[२१] अनुसार अदालतले वादी पक्षले अभियोग प्रमाणित गर्न प्रमाण प्रस्तुत गर्न सकेन भनेर प्रतिवादीलाई सफाइ दिएका अवस्थामा सरकारी पक्षको पुनरावेदन जिकिर नबुझी नहुने साक्षी हो भने अदालतले नै झिकाई बुझी फैसला गर्नु पर्ने कानूनी व्यवस्थाको प्रयोग गरी प्रतिवादीलाई कसूर ठहर गरिनु पर्थ्यो[२२] भन्ने हुन्छ । जुन कुरा अदालतले निकै कम मात्र स्वीकार्ने गरेको छ ।

२१. दफा २५, प्रमाण ऐन, २०३१
२२. मुलुकी ऐन, अदालती बन्दोबस्तको ११५ नं. को व्यवस्थाको प्रयोग

सरकार वादी मुद्दामा वादी पक्षले पुनरावेदन गर्ने अलिखित रूपमा मान्यता दिएका आधार दुईरूपमा रहेको पाउन सकिन्छ । पहिलो सकारात्मक आधार र दोश्रो नकारात्मक आधार ।

सकारात्मक आधारका रूपमा निम्न अवस्था देखिन्छन्:

क) प्रमाणको पर्याप्तता रहँदा रहँदै पनि ती प्रमाणलाई लिन अस्वीकार गर्दै निर्णय गरेका अवस्थामा त्यस आधारमा पुनरावेदन गर्ने गरिएको छ ।

ख) मुद्दाको तथ्यका आधारमा प्रयोग हुनु पर्ने कानूनको प्रयोग गरिएको छैन भने, त्यस्तो अवस्था व्याख्या गरिनु पर्ने अवस्थाको रहेछ भने पनि पुनरावेदन गरिन्छ ।

ग) अदालतबाट कसूर कायम गरिए पनि मुद्दाको तथ्यका आधारमा हेर्दा दिइएको सजाय अति नै नरम रहेको भन्ने आधारमा पुनरावेदन गर्ने प्रचलन विकास हुँदैछ ।

नकारात्मक आधारहरू निम्न प्रकारका देखिन्छन्:

**क) सन्तुलन मिलाउन गरिने पुनरावेदन:** दावी गरिएकोभन्दा कम कसूर गरेको भनी ठहर भएको अवस्थामा प्रतिवादीले सफाइ पाउन दावी गर्न सक्ने अवस्थालाई ध्यानमा राखेर दावी गरेको कसूर नै कायम होस् भनेर पनि पुनरावेदन गरिने गरिएको पाइन्छ ।

**ख) ठूलो दावीमा गरिने पुनरावेदन:** मुद्दामा प्रमाण छ वा छैन ? साक्षीहरू प्रतिकूल भएका छन् वा छैनन् ? पुनरावेदन गरिएका अवस्थामा निर्णय फेरिन सक्ने अवस्था छ वा छैन ? भन्ने जस्ता आधार नहेरी मुद्दाको गम्भीरताका आधारमा पुनरावेदन गर्ने गरिएको अवस्था छ ।

**ग) पीडितको चित्त बुझाउन गरिने पुनरावेदन**: कानूनमा रहेका कमी वा अभियोजनका समयमा भएका त्रुटी वा अन्य कारणले गर्दा पीडितले उपचार पाउन नसकेको देखिएका अवस्थामा ती कमीका कुरालाई बेवास्ता गरी पुनरावेदन गरिएको छ भन्ने देखाउन पनि पुनरावेदन गर्ने गरेको पाइन्छ ।

पुनरावेदन गरिँदा सामान्यतया पुनरावेदन गर्नुको आधार र कारण खुलाउने प्रयास गरिन्छ। के कुन आधारमा तल्लो अदालतको फैसलामा चित्त नबुझेको हो खुलाइन्छ । कानूनलाई तथ्यसँग नमिलाएरै फैसला गरिएको देखाइन्छ तथा समान तथ्यमा सर्वोच्च अदालतबाट गरिएका व्याख्यालाई स्वीकार नगरिएको कुरा पनि खुलाइन्छ ।

वादी दावी ठहर नभएको कुनै मुद्दामा पुनरावेदन गर्नु पर्दाका अवस्थामा त्यस मुद्दाका केही प्रतिवादीका हकमा पुनरावेदन गर्ने र केही प्रतिवादीका हकमा पुनरावेदन नगर्ने गरी निर्णय गर्ने गरिने प्रचलन छैन । त्यसकारण वादी दावी ठहर नभएका प्रतिवादी

मध्ये कुनै प्रतिवादीका हकमा पुनरावेदन गर्नुको कुनै औचित्य र अर्थ नभए पनि त्यस्ता प्रतिवादीलाई बाहेक गरी पुनरावेदन गरिँदैन[२३] ।

कतिपय अवस्थामा अदालतले मान्यता दिन अस्वीकार गर्दै आएका विषयमा पनि पुनरावेदन गर्ने गरिएको छ । खासगरी सबै प्रकारका चोरी मुद्दामा बरामद भएको बिगो मात्र ठहर गरिने अभ्यास अदालतबाट गरिएको पाइन्छ । तर, बरामद हुन नसकेको बिगोका हकमा उचित अनुसन्धान पनि नहुँने तथा दावी बमोजिमको बिगो बरामद नभए पनि ठहरिनु पर्छ भनी पुनरावेदन गर्ने क्रम अझै छुटेको छैन । यसैगरी मनोद्दीपक पदार्थ बरामद भएका अवस्थामा सञ्चय तथा ओसार पसारमा लिइने दावीलाई सामान्य अवस्थामा अदालतले अस्वीकार गरी ती वस्तुको सेवन गर्ने कसूर कायम गरी त्यसै अनुसारको सजाय गर्ने गरेको भए पनि दावी अनुसार नै सजाय हुनु पर्छ भनी पुनरावेदन गर्न छोडिएको छैन तर पुनरावेदन जिकिर पुगेको पनि सायद नै होला ।

व्यक्तिका कथनका आधारमा नै मुद्दा चलाउनु पर्ने अवस्था नेपालको यथार्थ हो । कसूर अनुसन्धानका समयमा अभियुक्तका विरुद्ध कागज गर्ने व्यक्तिहरूले अदालतमा आएपछि आफ्नो पहिलो कथनलाई अस्वीकार गरेको अवस्थामा र अन्य कुनै भौतिक प्रमाणले वादी दावीलाई पुष्टि गर्न सहयोग नगरेको अवस्थामा पनि गम्भीर प्रकारका मुद्दामा पुनरावेदन गर्दै आइएको छ । जसको परिणाम सकारात्मक देखिएको छैन ।

## दोहोऱ्याई पाऊन दिइने निवेदन सम्बन्धी व्यवस्था

मुद्दाको अन्तिम निर्णय कुन तहको अदालतबाट हुनु पर्छ भन्ने कुराको सामान्य सिद्धान्त सायद हुँदैन । मुद्दाका पक्षहरूले चित्त बुझाएका अवस्थामा शुरु तहको निर्णय नै पनि अन्तिम हुन सक्छ । तर नेपालको सन्दर्भमा हेर्ने हो भने मुद्दाका पक्षहरूले विवादलाई प्रायः सबैभन्दा माथिल्लो तहको न्यायिक निकायसम्म पुऱ्याएर र त्यस तहबाट प्राप्त हुन सक्ने सम्भाव्य सबै अवसरको उपभोग गर्ने कोसिस गरेर मात्रै चित्त बुझाउने गरेको देखिन्छ । यस प्रवृत्तिको अपवादमा सरकार वादी मुद्दाको वादी पक्ष पनि छैन ।

कानूनले नै सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेका मुद्दा बाहेकका अन्य मुद्दालाई सर्वोच्च अदालतसम्म पुऱ्याउने कानूनी व्यवस्थाको रूपमा मुद्दा दोहोऱ्याई पाउन निवेदन दिन पाउने व्यवस्था रहेको छ । मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने वा नगर्ने निर्णयका सम्बन्धमा पुनरावेदन अदालतबाट फैसलाको जानकारी प्राप्त भएको मितिले ३५ दिनभित्र[२४] गरि सक्नु पर्ने कानूनी व्यवस्था रहेको छ । यसका लागि कुनै मुद्दा दोहोऱ्याउन उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा पुनरावेदन दायर गर्न वा बहस पैरवी

---

२३. अति दुर्लभ अपवाद फेला परेका अवस्थामा अन्यथा मान्नु पर्ने अवस्था छैन ।

२४. दफा १२ को उपदफा (३), न्याय प्रशासन ऐन, २०४८ र नियम १९, सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले दश दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ[२५] ।

पुनरावेदन अदालतमा पुनरावेदन गर्ने सम्बन्धमा कानून कुनै शर्त नतोकेको भए पनि मुद्दा दोहोऱ्याउन निवेदन दिने सम्बन्धमा कानूनले नै निश्चित शर्त तोकेको देखिन्छ । उक्त शर्त पूरा गरेको देखिएको अवस्थामा मात्र सर्वोच्च अदालतले त्यस्तो मुद्दालाई दोहोऱ्याएर हेर्न सक्छ । यस सम्बन्धमा भएको कानूनी व्यवस्था निम्न प्रकार छ[२६]: प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरू[२७] पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेश देहायका अवस्थामा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्छ :

(क) पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर कानूनी त्रुटी भएको,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजीरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सर्वाजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, बृद्ध, अपाङ्ग वा मानसिक रोगबाट पीडित व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर परेको ।

मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्नका लागि कानूनले उल्लिखित चारवटा आधार तोकेको छ तापनि वादीका रूपमा सरकारले निवेदन दिने आधार पहिलो दुईवटा नै प्रयोगमा आएका छन् ।

उल्लिखित कानूनी व्यवस्था अनुसार मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न वा नगर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने प्रस्ताव तथा ती प्रस्तावहरू मध्ये मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने वा नगर्ने भनी महान्यायाधिवक्ताको कार्यालयबाट पछिल्लो तीन आर्थिक वर्षमा भएका निर्णयको स्थिति निम्न अनुसार देखिन्छ:

| आ. व. | दोहोऱ्याई पाउन निवेदनका लागि प्राप्त प्रस्ताव संख्या | | | महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्णय संख्या | | |
|---|---|---|---|---|---|---|
| | नि. गर्ने | नि. नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| २०६७/०६८ | २१५ | ८७१ | १०८६ | ३५१ | ६८३ | १०३४ |

२५. नियम २१ को उपनियम (१), सरकारी वकील सम्बन्धी नियमावली, २०५५

२६. दफा १२, न्याय प्रशासन ऐन, २०४८

२७. न्याय प्रशासन ऐन, २०४८ को दफा ९ ले गरेको व्यवस्था अन्तरगत पर्ने मुद्दाहरू बाहेकका मुद्दाहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०६८/०६९ | ४२५ | १४८७ | १९१२ | ५७१ | १३१७ | १८८८ |
| २०६९/०७० | ४२५ | २१६४ | २५८९ | ६३० | १९७७ | २६०७ |

***स्रोत: महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरू***

उल्लिखित तालिका अनुसार दोहोऱ्याई पाउन निवेदन गर्नका लागि प्राप्त प्रस्ताव संख्याभन्दा बढी संख्यामा महान्यायाधिवक्ताको कार्यालयबाट निवेदन गर्ने गरी निर्णय भएको अवस्था छ। यी निवेदनहरूमा निस्सा प्राप्ति हुने अवस्था बढीमा १० देखि १५ प्रतिशतमा हुने अनुमान गर्न सकिन्छ। अन्तिम फैसला हुँदा ठहर हुने प्रतिशत त्योभन्दा पनि कम छ। तर पनि केही मुद्दामा भएको फैसला[२८] लाई आधार बनाई महिला बालिका विरुद्धका मुद्दा निवेदन दिने गरिएको छ। मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने अवस्थामा मात्र मस्यौदा सहितको फाइल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने गरी सरकारी वकील सम्बन्धी नियमावलीमा २०६८ साल साउनदेखि संशोधन भएको भए पनि त्यो व्यवस्था हालसम्म कार्यान्वयन भएको अवस्था छैन।

एउटै मुद्दाका प्रतिवादी मध्ये केहीका हकमा दोश्रो तहमा पुनरावेदन लाग्ने अवस्था[२९] रही फैसला भएको तथा केहीका हकमा त्यस्तो नरहेको अवस्थामा त्यस्ता मुद्दाका प्रतिवादीहरूका हकमा सर्वोच्च अदालतमा पुनरावेदन गर्नु पर्ने हो वा मुद्दा दोहोऱ्याई हेरिपाउन निवेदन गर्नु पर्ने हो भन्ने सम्बन्धमा रहेको विवादमा समग्र मुद्दाका आधारमा पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने निष्कर्षमा पुग्नु पर्ने कानूनी व्यवस्था रहेको भनी दोश्रो तह पुनरावेदन लाग्न नसक्ने देखिएका प्रतिवादीका हकमा पनि पुनरावेदन नै गर्नु पर्ने भनी सर्वोच्च अदालतबाट व्याख्या भएको थियो[३०]। यसै व्याख्यालाई आधार बनाई एकजना प्रतिवादीको हकमा मुद्दा मुलतबीमा रहेको अवस्थामा हाल फैसला भएको प्रतिवादीलाई भएको सजायका आधारमा पुनरावेदनपत्र दर्ता नभएको अवस्थामा (मुद्दा दोहोऱ्याई पाउन निवेदन दिनु पर्छ भनिएका अवस्थामा) पछि मुद्दा मुलतबी रहेको प्रतिवादीका हकमा मुद्दा मुलतबीबाट जागी फैसला भएपछि दावी गरिएको सजाय भएका अवस्थामा पुनरावेदन गर्नु पर्दाका बखत प्रक्रियागत जटिलता उत्पन्न हुन्छ भन्ने जिकीर लिइ पुनरावेदन गरिएको थियो। त्यस जिकीरका हकमा सर्वोच्च अदालतबाट निम्न व्याख्या भएको छ[३१]:

२८. ने. का. प. २०६६, नि. नं. ८१७९, अंक ६, पृ. १०३८ र ने. का. प. २०६३, नि. नं. ७७७२, अंक १०, पृ. १२९४ (जबर्जस्ती करणीका यी फैसलामा मुद्दा दोहोऱ्याउने निस्सा प्राप्त भई प्रतिवादीलाई दावी बमोजिम कसूरदार ठहर गरिएको छ।)

२९. पूर्व पादटिप्पणी नं. २०

३०. ने. का. प. २०५९, नि. नं. ७०७०, अंक ३/४, पृ. १३२

३१. ने. का. प. २०६९, नि. नं. ८८५८, अंक ७, पृ. १०५७

"सो सम्बन्धमा विचार गर्दा, यस अदालतमा पुनरावेदन लाग्नेसम्बन्धी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्था एउटा मुद्दामा भएका र एकै पटक फैसला नभएका सबै प्रतिवादीहरूका हकमा निरपेक्षरुपमा आकर्षित हुने व्यवस्था होइन। कुनै मुद्दामा रहेका प्रतिवादीहरूमध्ये फैसला हुन बाँकी प्रतिवादीका हकमा पछि फैसला हुँदा सो दफाबमोजिम यस अदालतमा पुनरावेदन लाग्नसक्ने नसक्ने जो स्थिति देखिन आउँछ सोहीबमोजिम हुने नै हुन्छ। परन्तु पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज-जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने उक्त दफाको मनसाय हो। भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमूक प्रकारको निष्कर्ष निकाल्न मिल्दैन। तसर्थ प्रस्तुत मुद्दाको सन्दर्भमा पनि मुलतबी रहेको प्रतिवादीका हकमा पछि फैसला भएका अवस्थामा ठहरेबमोजिम पुनरावेदन लाग्ने वा नलाग्ने अवस्थाको निर्क्यौल उसैबेला हुने नै भएकोले प्रक्रियागत जटिलता उत्पन्न हुन्छ भन्नेसँग सहमत हुन सकिएन।"

मुद्दा दोहोऱ्याई पाउन निवेदन दिने एउटा आधार कानूनको त्रुटी हो। तर यसको प्रयोग अदालतबाट निवेदनलाई स्वीकार गरिएको वा नगरिएको भन्ने आधारमा पनि निर्धारण गर्ने गरिएकोछ। जस्तोः दक्षिण सीमा पारीबाट मनोद्वीपक पदार्थ लिएर आएका व्यक्तिका विरुद्धमा मनोद्वीपक पदार्थको पैठारी, खरिद, ओसार पसार र सञ्चय समेतको दावीलाई सामान्य अवस्थामा अदालतले अस्वीकार गरी ती वस्तुको सेवन सम्म गरेको कसूर कायम गरी त्यसै अनुसारको सजाय गर्ने हुँदा यस्तो कसूर भएका अवस्थामा अति असामान्य अवस्थामा बाहेक घटनाले दावीको तथ्यलाई देखाइरहेको भए पनि मुद्दा दोहोऱ्याउने निवेदन कमै गर्ने गरिएको छ। गम्भीर प्रकृतिका मानिएको परम्परागत कसूरमा बुझ्नु प्रमाण नबुझेको र बुझ्न नहुने प्रमाण बुझेकोले इन्साफमा तात्विक असर परेका भनी प्रमाण ऐन, २०३१ को दफा ५४ को गम्भीर त्रुटी रहेको भनेर पनि मुद्दा दोहोऱ्याउन निवेदन गर्ने गरिएको छ।

## पुनरावलोकनका लागि दिइने निवेदन सम्बन्धी

सर्वोच्च अदालतबाट भएका निर्णयहरू स्वयं सर्वोच्च अदालतले नै हेर्ने प्रक्रियाका रूपमा पुनरावलोकनको विषय नेपाल कानूनमा रहेको छ। मुद्दा दोहोर्याइ पाउनका लागि पक्षले दिएको निवेदनमा कानूनले तोकेका निश्चित अवस्था रहेको देखाउन सकेमा मात्र त्यस्ता निवेदनमा सुनवाइ गर्न सर्वोच्च अदालत तयार हुने व्यवस्था रहे जस्तै पुनरावलोकन गर्न सक्ने आधार कानूनले नै तोकेको छ। उक्त कानूनी व्यवस्था अनुसार सर्वोच्च अदालतबाट निर्णय भएको कुनै मुद्दाका सम्बन्धमा पुनरावलोकनको लागि माग गर्ने निवेदकले उक्त मुद्दामा निम्न अवस्था रहेको देखाउन सकेमा मात्र सर्वोच्च अदालतले

आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्छ[३२] :

(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्वन्धित पक्षलाई थाहा भएको देखिएमा, वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएमा ।

तर, निम्न अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन भन्ने नकारात्मक सूची पनि यस कानूनी व्यवस्थामा रहेको छः

(क) एक पटक सो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,

(ख) पुनरावलोकनको लागि परेको निवेदनमा उठाइएका प्रश्नहरू सर्वोच्च अदालतको संयुक्त इजलासमा पनि उठाइएको र त्यसमा न्यायाधीशहरूको राय नमिली पूर्ण इजलासबाट सुनुवाई भएकोमा सो प्रश्नहरूको निरूपण गरी निर्णय भैसकेको,

(ग) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम मुद्दा दोहऱ्याई निर्णय भैसकेको, वा

(घ) दोहोऱ्याई हेरिएको मुद्दामा पुनरावेदन अदालतको इन्साफ सदर भएको ।

पुनरावलोकनका लागि निवेदन दिने अभ्यासको प्रयोग अति अपवादका रूपमा गर्ने गरेको पाइन्छ । सरकार वादी हुने मुद्दा वा सरकारको सरोकारको मुद्दामा नगण्य मात्रामा यस्ता निवेदन गर्ने गरिएका छन् । यी निवेदनको प्रथम सुनुवाई हुँदा निवेदकलाई बहसका लागि बोलाउने अभ्यास पनि छैन । अदालतले निवेदन स्वीकार गरेका अवस्थामा र पुनरावलोकन गर्न निस्सा दिएका अवस्थामा दुबै पक्षको सुनुवाई गरिन्छ ।

पछिल्लो पटक नेपाल सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने महान्यायाधिवक्ताको अधिकारका सम्बन्धमा सर्वोच्च अदालतबाट यस पहिले गरिएकोभन्दा फरक व्याख्या गरिएपछि महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावलोकनको निवेदन दिइएको थियो ।

## उपसंहार

तल्लो अदालत वा न्यायिक निकायका निर्णय जाँच गर्ने माध्यमका विभिन्न रूप देशको कानून अनुसार फरक फरक हुन्छ । नेपालका सन्दर्भमा यस्ता माध्यमका रूपमा सरकार वादी भै चल्ने मुद्दाका हकमा पुनरावेदन, मुद्दा दोहोऱ्याई हेर्ने र पुनरावलोकन समेत तीनवटालाई स्वीकार गरिएको छ । सरकार वादी भै दायर हुने फौजदारी मुद्दामा

---

३२. दफा ११, न्याय प्रशासन ऐन, २०४८

वादी पक्षले पनि अभियुक्त सरह नै ती माध्यमको उपयोग र उपभोग गर्न पाउने हाम्रो कानूनी व्यवस्था र व्यवहार रहेको छ । कुनै फैसला उपर माथिल्लो अदालतमा जानु पर्ने हो वा होइन भन्ने द्विविधा भएका अवस्थामा जानु पर्ने भनी निर्णय लिइने हाम्रो परम्परा छ। कतिपय अवस्थामा अपवादका रूपमा गरिएका व्याख्यालाई सामान्यीकरण गरी व्यवहार गर्ने गरिएको छ ।

# सरकारवादी मुद्दामा अनुसन्धानको चरणमा गरिने प्रमाणको वैज्ञानिक परीक्षण एवम् सोको आधारमा गरिने अभियोजन सम्बन्धी निर्णय

**संजीवराज रेग्मी♥**

## सारांश

*सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा भौतिक प्रमाणको सङ्कलन, परीक्षण तथा विश्लेषण गर्ने र प्रमाणको रुपमा प्रस्तुत गर्ने परिपाटी ज्यादै कम रहेको छ । Scene of Crime Officer को प्रयोग र घटनास्थलबाट भौतिक प्रमाण वा सवूद सङ्कलन गर्ने कार्य पनि ज्यादै कम रहेको छ । प्रयोगशालामा परीक्षण गर्न पठाइएका सङ्कलित सबुतको परीक्षण प्रतिवेदन समयमा प्राप्त नहुने कारणबाट परीक्षण प्रतिवेदन वेगर नै अभियोजन गरिरहेको अवस्था रहेको छ । बैज्ञानिक प्रमाणको रुपमा रहेको डि.एन.ए. को प्रयोग फौजदारी मुद्दामा न्यून रहेको अवस्था छ । व्यक्ति वा साक्षीले भनेको कथन र अभियुक्तको बयान तथा सङ्कलित कागजात र दशीका आधारमा नै अभियोजन हुने गरेको यर्थाथता हाम्रो अगाडि छ । प्रस्तुत लेखमा सरकारवादी मुद्दामा अनुसन्धानको चरणमा गरिने प्रमाणको वैज्ञानिक परीक्षण एवम् सोको आधारमा गरिने अभियोजन सम्बन्धी निर्णयको अवस्था र सुधारका क्षेत्रहरु समेट्ने प्रयास गरिएको छ ।*

## १. भूमिका

समाजमा घट्ने अपराधजन्य कार्यहरूलाई नियन्त्रण गर्ने तथा घटित अपराधहरूको अनुसन्धान गरी प्रमाणका आधारमा अपराधमा संलग्न देखिएका व्यक्ति उपर कानून बमोजिम अभियोजन गरी दण्ड सजाय दिलाउनु फौजदारी न्याय प्रशासनको प्रमुख उद्देश्य हो । यसका लागि प्रभावकारी, निष्पक्ष तथा वैज्ञानिक अनुसन्धान तथा भौतिक प्रमाणमा आधारित अभियोजन प्रकृया आवश्यक पर्दछ । अपराधको अनुसन्धानले अपराध भएको र सो अपराधमा अमुक व्यक्तिको संलग्नता देखिने प्रमाणको सङ्कलन र तिनको वैज्ञानिक परीक्षण गरी अभियोजनलाई प्रभावकारी बनाउने कुरामा जोड दिन्छ । अपराधसँग सम्बन्धित प्रमाणको पहिचान गर्ने, कानूनले निर्धारण गरेको प्रकृयाको अवलम्बन गरी त्यस्ता प्रमाणको संरक्षण, सङ्कलन र वैज्ञानिक परीक्षण गराउनु अपराध अनुसन्धानको मूल आधार हो । अपराधको पुष्टि गर्ने सबुत प्रमाणको सङ्कलन र परीक्षण गरी उपयुक्त अभियोजन भएमा अदालतले अपराध गरेको व्यक्तिलाई कानूनले निर्धारण गरेको दण्ड सजाय तोक्दछ । अभियोजन र न्याय निरोपणको आधार वस्तुनिष्ठ प्रमाण

---

♥ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

भएकोले अनुसन्धान र अभियोजनका लागि भौतिक प्रमाण र तिनको वैज्ञानिक परीक्षण महत्वपूर्ण हुन्छ ।

## २. सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा भौतिक र वैज्ञानिक प्रमाण

अपराधको सत्यतथ्य पत्ता लगाउन अनुसन्धानको सिलसिलामा प्राप्त हुने भौतिक सबुत प्रमाणलाई तुलनात्मक अध्ययन विश्लेषण गर्न प्रयोग गरिने वैज्ञानिक पद्धतिलाई विधिविज्ञान भनिन्छ ।[१] विधिविज्ञानले सम्पर्क विनिमयको सिद्धान्त (Principle of Exchange), व्यक्तित्वको सिद्धान्त (Principle of Individuality), तुलनाको सिद्धान्त (Principle of Comparision) का आधारमा भौतिक वस्तुको वैज्ञानिक परीक्षण गर्दछ । अपराध र पीडित वा अपराध र अपराधीबीच सम्बन्ध देखाउने भौतिक चिजवस्तु वा पदार्थ भौतिक प्रमाण हुन । कुनैपनि अपराधिक घटना भएको स्थानमा दृश्य र अदृश्य अवस्थामा भौतिक प्रमाणको उपस्थिति रहेको हुन्छ । त्यस्ता भौतिक प्रमाणको सङ्कलन र परीक्षण गर्नु विधि विज्ञानको उद्देश्य हो यसबाट सो घटनाको प्रकृति, जिम्मेवार पक्ष र उद्देश्य पत्ता लगाउन सकिन्छ । विधिविज्ञानको प्रयोग गरी सङ्कलित प्रमाणहरूलाई Forensic evidence भनिन्छ । Forensic evidence is evidence obtained by scientific methods such as ballistics, blood, semen test and DNA test in the period of investigation and used in court. Forensic evidence often helps to establish the guilt or innocence of possible suspects. Analysis of forensic evidence is used in the investigation and prosecution of criminal proceedings. Forensic evidence can be used to link crimes that are thought to be related to one another.[२]

अपराध भएको घटनास्थलको संरक्षण, फेला परेका सम्बद्ध वस्तुहरू कव्जा वा वरामद गर्ने र तिनको वैज्ञानिक परीक्षण गर्ने कार्य अनुसन्धान अन्तर्गत पर्दछन् ।[३] जस्तो मानिसको मृत्यु भएको वारदातमा मृत्यु भएको व्यक्तिको शव परीक्षण गर्ने, सो स्थान र वरपर फेला परेका घटनासँग सम्बन्धित वस्तुको बरामदी, अभियुक्त वा पीडितको शारीरिक परीक्षण तथा प्राप्त गरिएका उल्लेखित प्रमाणहरूको वैज्ञानिक परीक्षण गर्ने कार्य पर्दछन् । अपराध अनुसन्धानले भरपर्दो र वस्तुनिष्ठ प्रमाणका आधारमा घटित र घटने सम्भावना भएका वारदातको सत्यता पत्ता लगाउने, अपराधसँग अपराध गर्ने व्यक्तिको सम्बन्ध स्थापित गर्ने भौतिक सबुत प्रमाणहरू सङ्कलन गर्ने र त्यस्ता भौतिक सबुतको वैज्ञानिक परीक्षण गर्ने कार्यमा जोड दिन्छ । सरकारवादी फौजदारी मुद्दाको अभियोजनको मुल आधार अपराधको अनुसन्धानबाट सङ्कलित सबुत प्रमाण नै हो । भौतिक सबुत प्रमाणको सङ्कलन र सो आधारमा गरिने अभियोजनले मात्र अभियुक्त उपरको अभियोग

---

१. सेलर्ड, डि.एन.ए विश्लेषण एवम् वैज्ञानिक प्रमाण सम्बन्धी कानूनशास्त्र ,पृ. ५१, २०७०

२. http://definitions.uslegal.com//forensic-evidence/ visited on 27th may 2014

३. सिंह टोपबहादुर - कानूनी शब्दकोष, पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि. (२०४५) पृ. १६७

शंकारहित रुपमा प्रमाणित गर्न सकिन्छ । किनकी फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार अभियोजनकर्तामा निहित रहन्छ । वैज्ञानिक प्रमाणहरूको सङ्कलन र परीक्षणबाट अभियुक्त उपरको अभियोग शंकारहित तरिकाबाट प्रमाणित गर्न सकिन्छ। किनकी मानिसको भनाई र धारणा अविश्वसनीय र असत्य हुनसक्छ तर विज्ञान असत्य हुँदैन ।

## ३. प्रमाणको वैज्ञानिक परीक्षणको औचित्य र महत्व

सरकारवादी फौजदारी अपराध सम्बन्धी मुद्दामा अपराध भएको पुष्टि गर्न र अपराधमा संलग्न व्यक्ति पत्ता लगाई अभियोजन गर्न भौतिक र वैज्ञानिक प्रमाणको महत्वपूर्ण भूमिका रहन्छ । अदालत वा मुद्दा हेर्ने अधिकार प्राप्त निकाय समक्ष प्रस्तुत विवादित विषयलाई पुष्टि वा खण्डन गर्नका लागि प्रस्तुत गरिने तथ्य, साक्षी वा भौतिक चिजवस्तु प्रमाण हो । अदालत वा न्यायिक अधिकारी समक्ष प्रस्तुत मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डित गर्न मद्दत गर्ने भौतिक वस्तु, लिखत, दशी वा साक्षी प्रमाण हो । सबुत र प्रमाण फरक अर्थ दिने चिज भएपनि हाम्रो बुझाई समान शव्दका रुपमा लिने र सोही बमोजिम प्रयोग गर्ने गरेको पाईन्छ । प्रमाण भनेको कुनै तथ्य हो जसले कुनै वस्तु वा घटनाको अस्तित्व प्रति ईंगित गर्दछ जुन अस्तित्वका बारेमा मानिसले आफनो ज्ञानेन्द्रीयबाट जानकारी पाउन सक्दछ । सबुत प्रमाणको मूल्य वा गुण हो जुन सिद्धान्त वा विचारका रुपमा रहेको हुन्छ ।

उदाहरणका लागि विष सेबनबाट मानिसको मृत्यु भएको अपराधमा घटनास्थलमा फेला परेको विषको बोतल, मृतकको लाश र सोको शव परीक्षण प्रतिवेदन घटनाका प्रमाणहरू हुन भने मृतकको रगतमा फेला परेको विष र बोतलमा फेला परेको विषको सम्बन्ध देखाउँने कुरा घटनाको सबुत मान्न सकिन्छ। तसर्थ सबुत प्रमाणको रुपमा अवस्थित वस्तु वा घटनाका रुपमा रहेको प्रमाणिक वस्तुसँग आबद्ध रहेको हुन्छ । प्रमाण सबुतको स्रोत हो आफैमा सबुत होईन । घटनास्थलबाट सङ्कलन गरिएको भौतिक वस्तु वा प्रमाणमा रहेको प्रमाणिक मूल्य वा गुण जसले घटनाको पुष्टि गर्न मद्दत गर्दछ त्यो सबुत हो । प्रमाणको व्याख्याद्वारा प्रमाणको निर्माण हुँदैन । प्रमाणको वस्तुगत अस्तित्व पुष्टि भएन भने त्यो प्रमाण हुन सक्दैन । वस्तु प्रमाणित हुनु र बरामद हुनु मात्र पनि प्रमाण हुँदैन । पेटमा ४ इन्च गहिरो र ३ इन्च चौडाइको घाउ घटनाको प्रमाण हो । बरामद ४ इन्च चौडाइ र ३ ईन्च लम्वाईको चक्कु वस्तु हो । तर प्रमाण होइन । किनकी ४ इन्च चौडाइको चक्कूले ३ इन्च चौडाईको घाउ लाग्न वैज्ञानिक परीक्षणबाट सम्भव हुँदैन ।

प्रमाण ऐन, २०३१ ले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुने व्यवस्था गरेको छ ।[४] सो ऐनले पक्षले व्यक्त गरेका कुरा,

४. प्रमाण ऐन, २०३१ दफा ३

घटना देख्ने वा पीडित हने व्यक्ति वा साक्षीले अदालतका समक्ष बकेका कुराहरू, दशी, अनुसन्धानबाट सङ्कलित चिजवस्तु तथा सोको परीक्षण गर्ने विशेषज्ञको प्रतिवेदन तथा निजले दिएको राय र अदालत समक्ष बकेका कुरा प्रमाणमा लिन हुने व्यवस्था गरेको छ ।[५] सम्बद्धता, विश्वसनियता र प्रमाणिक मूल्य गरी प्रमाणका तीन मुख्य विशेषताहरू हुन्छन् । अनुसन्धानबाट सङ्कलित प्रमाणमा यी तीन विशेषता हुनुपर्दछ । वैज्ञानिक प्रमाणमा पनि सङ्कलित प्रमाणको विधिपूर्वक सङ्कलन र वैज्ञानिक परीक्षण, परीक्षणको विश्वसनीय विधि र प्रकृया, परीक्षण गर्ने वैज्ञानिकको आधिकारिकता र विश्लेषणमा आधारित राय महत्वपूर्ण र विश्वसनीय प्रमाण हुन सक्दछ ।

मौखिक प्रमाणभन्दा भौतिक वा वस्तुगत प्रमाणलाई मुद्दामा बढी ग्राह्य मानिन्छ । मौखिक प्रमाण भनेको अपराधबाट पीडित वा साक्षीहरूको भनाई वा उनीहरूले भनेका कथन हुन् । तर भौतिक प्रमाण वास्तविक प्रमाण हुन जसलाई स्पर्श गर्न वा छुन सकिन्छ । रौ, औंठाछाप, रगत, वीर्य आदि शारीरिक पदार्थहरू भौतिक प्रमाणका उदाहरण हुन । यस्ता वस्तुहरू आफैमा प्रमाण हुँदैनन् । तिनीहरूको विधिपूर्वक सङ्कलन गरी वैज्ञानिकबाट परीक्षणबाट अपराध र अभियुक्तसँग सम्बन्ध स्थापित गर्न सकिएमा मात्र फौजदारी मुद्दामा प्रमाणिक महत्व राख्दछन् ।

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा भौतिक प्रमाणको सङ्कलन, परीक्षण तथा विश्लेषण गर्ने र प्रमाणको रुपमा प्रस्तुत गर्ने परिपाटी ज्यादै कम रहेको छ । Scene of Crime Officer को प्रयोग र घटनास्थलबाट भौतिक प्रमाण वा सवूद सङ्कलन गर्ने कार्य पनि ज्यादै कम रहेको छ ।[६] प्रयोगशालामा परीक्षण गर्न पठाइएका सङ्कलित सबुतको परीक्षण रिपोर्ट समयमा प्राप्त नहुने कारणबाट परीक्षण प्रतिवेदन बेगर नै अभियोजन गरिरहेको अवस्था रहेको छ । वैज्ञानिक प्रमाणको रुपमा रहेको डि.एन.ए. को प्रयोग फौजदारी मुद्दामा न्यून रहेको अवस्था छ । व्यक्ति वा साक्षीले भनेको कथन र अभियुक्तको बयान तथा सङ्कलित कागजात र दशीका आधारमा नै अभियोजन हुने गरेको यर्थाथता हाम्रो अगाडि छ । एक अध्ययन अनुसार सरकारवादी हुने मुद्दामा वैज्ञानिक प्रमाणको प्रयोग र विशेषज्ञको परीक्षण गर्ने कार्य ज्यादै न्यून रहेको छ ।[७] यी अवस्थाले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा विधिविज्ञानको प्रयोग कम रहेको र व्यक्तिका भनाई र कागजी कथनलाई प्रमाणको रुपमा प्रयोग गर्ने अभ्यास ज्यादा रहेको देखाउछ । यस्ता कागजी प्रमाणका आधारमा मात्र अपराध भएको र अपराधमा संलग्न भनी अभियोजन गरिएको व्यक्तिको कसूरमा संलग्नता शंकारहित तरिकाले प्रमाणित गर्न नसकिने हुन्छ । किनकी त्यस्ता प्रमाणको प्रमाणिक मूल्य भौतिक

५. ऐजन परिच्छेद ३

६. महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना, पृ. १६

७. सेलर्ड, नेपाली फौजदारी न्याय प्रणालीको विश्लेषण र सुधार, २००१

प्रमाणको सङ्कलन र विज्ञानमा आधारित परीक्षणबाट प्राप्त हुने विशेषज्ञको रायको तुलनामा अत्यन्त कम रहन्छ ।

सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा भौतिक प्रमाणको महत्व र व्यक्तिका अप्रमाणिक कथनको प्रमाणिक मूल्यबारे व्याख्या भएका छन् । नेपाल सरकार वि. विनय मानन्धरको कर्तव्य ज्यान मुद्दामा विश्वासिलो अकाट्य प्रमाणको अभावमा अनुमान, आशंका र सम्भावना जस्ता मनोगत प्रमाणलाई मात्र आधार बनाई कर्तव्यबाटै मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु न्यायोचित नहुने सिद्धान्त प्रतिपादन भएको छ ।[८] यस्तै जवर्जस्ती करणी मुद्दामा प्रमाणको पहिलो कडी पीडित र अर्को कडी Physical Examination of Victim हो भन्ने व्याख्या भएको छ ।[९] अभियुक्तले अनुसन्धानको क्रममा गरेको साविती बयानलाई मात्र अभियोग प्रमाणित गर्ने आधार बनाइए फौजदारी न्याय प्रणालीमा धेरै जटिलता आउँछ । व्यक्ति विशेषको अप्रमाणित कथनलाई सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिकै सीमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित हन सक्दैन । वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्यभन्दा बाहिर गएर मौखिक कथनका भरमा दोषी किटान गर्न सकिदैन भन्ने व्याख्या मनकुमारी नेपालिको मुद्दामा भएको छ ।[१०] सर्वोच्च अदालतबाट प्रतिपादित उल्लेखित सिद्धान्तका आधारमा पनि वैज्ञानिक प्रमाणको सङ्कलन र परीक्षण फौजदारी मुद्दाको लागि महत्वपूर्ण हो भन्ने देखिन्छ ।

## ४. वैज्ञानिक प्रमाणको सङ्कलन र परीक्षण गर्ने सम्बन्धी कानूनी व्यवस्था

प्रसिद्ध विद्वान Locard को Exchange Principle अनुसार कुनै पनि व्यक्ति कुनै घटनामा संलग्न हुन्छ भने उसले केही चिज त्यहाँ छोड्छ र केही चिज त्यहाँबाट उसमा समेत सर्दछ । यही सिद्धान्त अनुसार अपराध भएको घटनास्थलमा केही न केही भौतिक वस्तुको विद्यमानता हुन्छ र त्यसको आधारमा अनुसन्धानकर्तालाई अपराधको अनुसन्धान गर्न र अपराधमा संलग्न व्यक्तिसम्म पुग्न मद्दत पुग्दछ । रगत, विर्य, खकार वा र्‍याल जस्ता पदार्थहरू, औंठाछापहरू, कपाल वा रौं, पैतालाका डाम, हस्तरेखा आदि भौतिक वस्तु भित्र पर्दछन् । त्यस्ता वस्तु वा प्रमाणको सङ्कलन र त्यसको वैज्ञानिक परीक्षणले अपराध गर्ने व्यक्ति पहिचान गर्न र निजसँग घटित अपराधको सम्बन्ध स्थापित गर्न सकिन्छ । यस्ता वस्तुहरू कानूनले प्रमाणयोग्य मानेको अवस्थामा र कानूनले निर्धारण गरेको विधि र प्रकृया पूरा गरी नियन्त्रणमा लिइएको अवस्थामा मात्र प्रमाणमा लिन सकिन्छ । अन्यथा त्यस्तो प्रमाणले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । अनुसन्धानकर्ताले त्यस्ता प्रमाण सङ्कलन गर्दा तोकिएको कानूनले निर्धारण गरेको विधि र प्रकृया अबलम्बन

८. नेपाल सरकार वि. विनय मानन्धर ने.का.प. २०६७ अंक २, नि.नं.८३११
९. ने.का.प २०६७ अंक ७
१०. नेपाल सरकार वि. मनकमारी नेपाली, ने.का.प. २०६८, अंक १२, नि.न. ८७२६

गरेको हुनु पर्दछ। अनधिकृत व्यक्तिबाट तयार भएको मुचुल्काले मान्यता नपाउने र कानूनले निदृष्ट गरिएको प्रकृया र कार्यविधि पूरा नगरी भएको मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने भन्ने सिद्धान्त गोपाल सुवेदी वि. नेपाल सरकार भएको मुद्दामा प्रतिपादन भएको छ।[११]

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ ले अपराध भएको ठाउँको विवरण, वस्तुस्थिति तथा अपराध वा अपराधीसंग त्यसको सम्बन्ध, अपराध भएको ठाउं वा त्यसको वरपर लेखिएको वा पाईएको अन्य उल्लेखनीय कुरा खुलाई मुचुल्का तयार गर्ने, अपराध भएको स्थानको, सो ठाउंमा पाईएको औंला, खुट्टाको पाइला वा अन्य महत्वपूर्ण कुराको फोटो लिदा वा अपराधसँग सम्बन्धित कागजात वा वस्तु फेला पारेमा कव्जा गर्दा वा अपराधसँग सम्बन्धित कुनै पनि घटनास्थल, वरामदी, खानतलासी, लाशजांच, वस्तुस्थिति वा अपराध सग सम्बन्धीत दशी, वस्तु वा चिज कव्जा गर्दा वा परीक्षणका लागि नमुना लिदा कम्तीमा २ जना व्यक्ति र गा.वि.स./ न.पा. को एकजना सदस्य र त्यस्तो सदस्य नभए सरकारी कार्यालयको कर्मचारी र सम्भव भएसम्म अभियुक्तलाई रोहवरमा राख्नु पर्ने व्यवस्था गरेको छ।[१२] सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १२ ले अपराधको प्रकृतिबाट पक्राउ परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अङ्ग वा अन्य कुनै कुराको जाँच परीक्षण गरिएमा प्रमाण उपलब्ध हुन सक्ने आधार भएमा प्रयोगशालामा त्यस्तो रगत, वीर्य वा अन्य कुनै कुराको जाँच गर्न सक्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा १३ ले अपराधसँग सम्बन्धित विषयमा विशेषज्ञको राय लिन सक्ने व्यवस्था गरेको र प्रमाण ऐन, २०३१ को दफा २३(१) मा विशेषज्ञको राय प्रमाणमा लिन हुने व्यवस्था रहेको सन्दर्भमा फौजदारी मुद्दामा वैज्ञानिक प्रमाण र विशेषज्ञको रायलाई प्रमाणमा लिईन्छ। अदालतले यस्ता वैज्ञानिक प्रमाण र विशेषज्ञको रायलाई प्रमाणमा लिँदा अन्य प्रमाणले समर्थन गरे नगरे तर्फ पनि विचार गर्नु जरुरी हुन्छ। तथापी विशेषज्ञको रायले पनि वलियो प्रमाणको स्थान ग्रहण गर्न सक्छ भन्ने सन्दर्भ नै चिकित्सकीय प्रमाणको मूल मर्म हुने सिद्धान्त रहेको छ ।

प्रस्तावित फौजदारी कार्यविधि संहिता, २०६७ ले भौतिक प्रमाणको रुपमा कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौ वा अन्य कुनै चिजवस्तु वा डि.एन.ए. परीक्षण गर्दा कसूरदार पत्ता लगाउन वा कसूर सम्बन्धी प्रमाण उपलब्ध हुन सक्छ भन्ने लागेमा डि.एन.ए. परीक्षण गराउन सक्ने र त्यस्तो वस्तुको नमुना सम्बन्धित व्यक्तिले उपलब्ध गराउनु पर्ने प्रस्ताव गरेको छ।[१३] यस व्यवस्थाबाट अपराधको

---

११. ने.का.प. ०४७, पृ.४१६ नि.नं. ४१४२

१२. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७

१३. प्रस्तावित फौजदारी कार्यविधि संहिता, विधेयक, २०६७ को दफा २१

अनुसन्धानमा शंकित व्यक्तिको रगत लगायतका नमुना सो अपराधको अनुसन्धानको प्रयोजनका लागि अनुसन्धानकर्ताले लिन सक्ने र परीक्षण गराउन सक्ने देखिन्छ ।

## ५. सरकारवादी मुद्दामा प्रमाणको वैज्ञानिक परीक्षण गर्नुपर्ने अवस्था

घटनास्थलबाट सङ्कलित वस्तुहरू वा शंकित व्यक्तिसँग फेला परेका घटनासँग सम्बन्धित प्रमाण लाग्ने वस्तुहरू जस्तोः घटनामा प्रयोग भएको हतियार, वारदातमा प्रयोग भएका वस्तुहरू तथा लागू औषधको सङ्कलनले मात्र प्रमाणको रुप धारण गर्न सक्तैन । कर्तव्यबाट मृत्यु भएको मानिसको शबको वैज्ञानिक परीक्षण नगरी मृत्युको कारण पत्ता लगाउन सकिदैन । त्यसकारण विशेषज्ञबाट मृतक शबको परीक्षण गर्नुपर्ने अवस्था पर्दछ । त्यस्तै लागू औषध भनि बरामद भएको वस्तु, बरामद भएको गैडाको खाग, बन्यजन्तुका अङ्ग, नक्कली मुद्रा, विवादित लिखत, हस्ताक्षर कसैसँग फेला पर्दैमा अपराध स्थापीत गर्न सकिदैन । त्यस्ता वस्तुहरूको बिधिपूर्वक सङ्कलन, संरक्षण र प्याकिङ्ग गरी प्रयोगशालाका वैज्ञानिक समक्ष पठाई वैज्ञानिक परीक्षण गराउनु पर्दछ । वैज्ञानिक परीक्षण प्रतिवेदनबाट मात्र त्यस्ता वस्तुले अपराध भएको हो होइन भनी पुष्टि हुन सक्छ । त्यसकारण भौतिक प्रमाणको वैज्ञानिक परीक्षण गर्नु अत्यावश्यक हुन्छ अन्यथा त्यस्तो प्रमाणको प्रमाणिक मूल्य हुन सक्दैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ११ ले शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आमा चिकित्सकबाट शब परीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ ।[१४] साथै अपराधको प्रकृतिबाट पक्राउ परेको व्यक्तिको वीर्य, रगत वा शरिरको कुनै अङ्ग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्बन्धी प्रमाण उपलब्ध हुन सक्दछ भन्ने बिश्वास गर्ने मनासिव आधार भएमा चिकित्सक वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अङ्ग, वा अन्य कुनै कुराको जाँच गराउन सक्ने व्यवस्था गरेको छ ।[१५] त्यसै गरी अपराधसँग सम्बन्धित कागजात, वस्तु वा अन्य कुनै चिज फेला परेकोमा कव्जामा लिनुपर्ने र त्यस्ता वस्तु वा कागजात विशेषज्ञबाट परीक्षण गराउनु पर्ने हुन्छ । किनकी अनुसन्धानको क्रममा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सकिन्छ ।[१६]

प्रमाण ऐन, २०३१ को दफा २२ ले मुद्दासग सम्बन्धित जुनसुकै दशी वा चिजवस्तु प्रमाणमा लिन हुने व्यवस्था गरेबाट अपराधको अनुसन्धानको क्रममा सङ्कलित अपराधसँग सम्बन्धित कुनै पनि चिज वा वस्तुको विशेषज्ञबाट वैज्ञानिक परीक्षण गराउनु पर्ने आवश्यकता रहन्छ । दशी प्रमाण वास्तविक प्रमाण हो । त्यस्तो दशी प्रमाण प्रमाणयोग्य हुन अपराधसँग सम्बन्धित हुनुका साथै अपराध गर्ने व्यक्तिसँग

---

१४. स.मु.स. ऐन, २०४९ को दफा ११ (३)

१५. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १२

१६. ऐजन ऐनको दफा १३

त्यस्को सम्बन्ध स्थापीत गर्नुपर्छ। जुन वैज्ञानिक परीक्षणबाट मात्र स्थापीत हुन सक्छ। घटनास्थलमा फेला परेको रगत वा वीर्य शंकित व्यक्तिसँग लिइएको रगत वा वीर्यको नमुना परीक्षण गर्दा मिलेमा घटनास्थलमा शंकित व्यक्तिको उपस्थिति प्रमाणित गर्न सकिन्छ। वारदातमा प्रयोग भएको हतियारमा फेला परेको वा घटनास्थलमा रहेको हस्तरेखा (Finger Prints) वा पैतालाको डाम (Foot Marks) शंकित व्यक्तिको हस्तरेखा र पैतालाको डामको नमुनासँग Match भएमा वारदातमा निजको संलग्नता पुष्टि हुन सक्दछ। त्यस्तै बरामद वस्तु लागू औषध हो होइन भनी एकिन गर्न त्यस्तो वस्तु प्रयोगशालामा रहेको नमूना (Control sample) सँग तुलना गरी परीक्षण गर्दा मिलेमा त्यस्तो वस्तु लागू औषध पुष्टि हुन र सो वस्तु बरामद भएको व्यक्तिलाई लागू औषधको अपराधमा संलग्न रहेको प्रमाणित गर्न सकिन्छ। त्यसकारण अपराध नै भएको हो होइन भन्ने एकिन गर्न र सो अपराधमा संलग्न व्यक्ति पत्ता लगाउन र कानून सम्मत सबुत प्रमाणको रुप प्रदान गर्न त्यस्ता प्रमाणको विशेषज्ञबाट वैज्ञानिक परीक्षण गर्नुपर्ने आवश्यकता रहन्छ। अन्यथा अपराध भएको एकिन गर्न वा अपराधमा शंकित व्यक्तिको संलग्नता पुष्टि गर्न सम्भव हुँदैन। प्रमाण ऐन, २०३१ ले विशेषज्ञको रायलाई प्रमाणमा लिन मिल्ने व्यवस्था गरेको छ। विशेषज्ञले दिने राय बिज्ञानमा आधारित परीक्षण र विश्लेषणमा आधारित हुन्छ भन्ने आधारमा नै यसको प्रमाणिक महत्व रहन्छ।

## ६. भौतिक सबुत प्रमाण सङ्कलन, नमुना छनौट एवम् परीक्षण गर्न पठाउंदा ध्यान दिनुपर्ने कुराहरू

अपराध भएको पुष्टि गर्ने भौतिक सबुतहरूमा रगत, वीर्य, हाड, मासु, प्रयोग भएको हातहतियार, रौं, थुक, छाला, गोली, खोका, हत्केलाको छाप, पैतालाका डाम, हस्तरेखा आदि हुन सक्दछन्। यसका साथै निषेधित वस्तुहरू जस्तो लागू औषध, निषेधित बन्यजन्तुका छाला, हाड, सिङ्ग, ओखेटोपहार, हातहतियार, विष्फोटक पदार्थहरू अपराध भएको देखिने वस्तु भित्र पर्दछन्। यस्ता वस्तुहरू सङ्कलन गर्दा, नमुना छनौट गर्दा र परीक्षण गर्न प्रयोगशालामा पठाउदा अनुसन्धानकर्ता र अभियोजनकर्ताले विशेष ध्यान दिनु पर्दछ। त्यसका लागि विशेष दक्षता हासिल गरेका तालिम प्राप्त अनुसन्धानकर्ताको आवश्यकता रहन्छ। भौतिक सबुत प्रमाण संरक्षण सङ्कलन, नमूना छनौट र परीक्षण गर्न पठाउँदा ध्यान दिनु पर्ने कुराहरूमा मुख्यत निम्न कुरा पर्दछन्।

- अनुसन्धानकर्ता घटनास्थलमा पुग्ने बित्तिकै त्यसको संरक्षण गर्न घटनास्थलको वरिपरी डोरी, वा Crime Scene टेपको मद्दतबाट घेरा दिई सुरक्षित गर्नु पर्छ। ताकि घटनास्थलमा फेला पर्नसक्ने भौतिक प्रमाण नाश नहोस।
- घटनास्थलमा रहेका भौतिक सबुतको पहिचान गरी रितपूर्वक सङ्कलन गर्नु पर्दछ। सङ्कलित सबुत कागजको खाममा प्याकिङ्ग गरी लेवलिङ्ग गर्ने, जसमा सबुतको नाम, मिति, समय, मुद्दा र भौतिक सबुत नं. उल्लेख गर्ने, यस्ता

वस्तुहरू फेला परेको र अनुसन्धानका लागि घटनास्थलबाट सङ्कलन गरिएको व्यहोरा घटनास्थल मुचुल्कामा स्पष्ट उल्लेखित गर्ने ।

- सुकेको रगत, वीर्य, थुक, लगायतका चिज सङ्कलन गर्दा सफा सुतीको कपडा वा कटनमा Absorb गरी Air Dry गरी कागजको खाममा राखी लेवल लगाई सिलबन्दी गरी नमूना सङ्कलन गर्ने ।
- शंकित व्यक्ति वा कसैसँग अनुसन्धानका लागि रगत सङ्कलन गर्दा मेडिकल डाक्टरबाट सङ्कलन गराउने, सङ्कलित नमूना छिटो प्रयोगशालामा परीक्षणका लागि पठाउने ।
- तरल वीर्यको नमुना सङ्कलन गर्दा सुतीको कपडामा Absorb गरी Air Dry कागजको खाममा राखी लेवल गर्ने ।
- भौतिक सबुतहरू वैज्ञानिक परीक्षण गर्न पठाउदा प्रत्येक वस्तुमा मिति, समय, सङ्कलन गर्ने व्यक्तिको नाम, मुद्दा, मुद्दा नम्वर, नमूना नम्बर उल्लेख गरी पठाउने । असान्दर्भिक प्रश्नहरू नसोध्ने ।

## ७. वैज्ञानिक प्रमाण सङ्कलनमा सरकारी वकिलले दिने निर्देशन र यसको प्रभावकारिता

अनुसन्धानबाट सङ्कलित प्रमाण सहितको प्रतिवेदन प्राप्ति पश्चात त्यस्ता प्रमाणको विश्लेषण गरी मुद्दाको अभियोजन गर्नु र मुद्दालाई अन्तिम समयसम्म प्रतिरक्षा गर्ने जिम्मेवारी सरकारी वकीलमा हुने हुँदा सफल अभियोजनको लागि आवश्यक भौतिक प्रमाण सङ्कलनमा निर्देशन गर्नु सरकारी वकिलको कर्तब्य र दायित्व हो । वैज्ञानिक प्रमाण सङ्कलनमा सरकारी वकिलले दिने निर्देशन निम्न हुने देखिन्छ ।

### क) सबुत प्रमाण सङ्कलनमा अनुसन्धानकर्तालाई निर्देशन गर्ने

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ ले अपराधको तहकिकात सम्बन्धी प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ ।[१७] यस व्यवस्था अनुसार सरकारी वकीलले अनुसन्धानकर्तासँग आवश्यक परामर्श गरी अपराध अनुसन्धानको कानूनी कार्यबिधि र घटीत अपराधमा सङ्कलन गर्नु पर्ने प्रमाणको बैद्यता र सङ्कलन गर्नुपर्ने आवश्यक भौतिक प्रमाण र तिनीहरूको वैज्ञानिक परीक्षण लगायतका विषयमा निर्देशन गर्नु पर्दछ । भौतिक प्रमाणको रितपूर्वक सङ्कलन गर्ने र विशेषज्ञबाट वैज्ञानिक परीक्षण गर्न लगाउने, शव परीक्षण, भिषेरा जाँच, डिएनए परीक्षण, रगत, वीर्य, हस्ताक्षर, हस्तरेखा लगायत अपराधको प्रकृति अनुसार

१७. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ (२)

आवश्यक पर्ने प्रमाण र नमुना सङ्कलन गर्ने कुरामा सरकारी वकिलले निर्देशन दिनु आवश्यक हुन्छ ।

अनुसन्धानकर्ताले सरकारी वकीलसँग अपराधको अनुसन्धानका सम्बन्धमा मागेको निर्देशन र रायसल्लाह सरकारी वकीलले दिनुपर्ने हुन्छ । यसको उद्देश्य प्रभावकारी रुपमा फौजदारी कसूरको अनुसन्धान गर्नु तथा कसूरको अनुसन्धानमा आवश्यक सहयोग, सल्लाह र कानूनी परामर्श सरकारी वकिलबाट प्राप्त हुन सकोस भन्ने हो । किनकी अपराध भएको पुष्टि गर्ने प्रमाण, घटनास्थलमा फेलापर्न सक्ने भौतिक वस्तु र त्यस्ता वस्तुको वैज्ञानिक परीक्षणको फौजदारी मुद्दाको अभियोजनमा हुने महत्व, प्रमाण सङ्कलन गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया, सङ्कलन गरिएका प्रमाणहरूको ग्राह्यता, प्रमाणको प्रमाणिकता सम्बन्धमा अदालतको दृष्टिकोणको जानकारी स्वाभाविक रुपमा सरकारी वकिलसँग हुन्छ ।

## ख) सरकारी वकिलको निर्देशनको क्षेत्र

सरकारी वकिलले अनुसन्धानकर्तालाई दिने निर्देशनले निम्न कुराहरूलाई समेट्नु पर्दछ ।

१) अपराध भएको देखिने भौतिक वस्तु, अपराध भएको घटनास्थलको स्पष्ट चित्रण, घटनास्थल वरिपरि मौजुद भौतिक प्रमाणको पहिचान, संरक्षण र विधिपूर्वक सङ्कलन ।

२) घटनास्थलमा फेला पर्नसक्ने र परेका सङ्कलित भौतिक र वस्तुगत प्रमाणको विशेषज्ञबाट वैज्ञानिक परीक्षण गर्ने कार्य ।

३) घटना देख्ने थाहा पाउने व्यक्ति वा पीडितसँग सोध्नुपर्ने कुरा र त्यसको प्रमाणिकता स्थापित गर्ने विषय ।

४) मानव बेचबिखन, जबरजस्ती करणी जस्ता पीडित नै अपराधको प्रत्यक्ष प्रमाण हुने मुद्दामा पीडितबाट अपराधको सम्बन्धमा महत्व राख्ने भौतिक र लिखित वस्तुहरू जस्तो विदेश लैजाने ल्याउने टिकट, राहादानी, भिषा सम्बन्धी कागजात प्राप्ति र परीक्षण, फोन विवरण आदि ।

५) अभियुक्तको वैयक्तिक विवरण, शारीरिक अवस्था, ठेगाना, टेलिफोन नम्बर, नागरिकता, फोटो, इमेल आदि विवरणको सङ्कलन गर्ने विषय ।

६) मुद्दाको प्रकृति अनुसार आवश्यक अन्य कुराहरू ।

प्रारम्भिक सूचनाको आधारमा घटना घटेको हो होइन, घटनास्थलमा प्राप्त कुन कुन कुराको परीक्षण हुनु आवश्यक छ , घटना के कसरी घटेको हो, वारदातमा के कस्तो साधनको प्रयोग भएको हो, शंकित व्यक्ति उपरको आरोपको सम्बन्धमा समर्थन वा खण्डित हुने के कस्तो प्रमाण बुझ्न आवश्यक छ भन्ने सम्बन्धमा सरकारी वकिलको निर्देशन हुनु आवश्यक हुन्छ । सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध धौलिदेवी बिष्ट भएको ज्यान मुद्दामा अनुसन्धानको क्रममा निर्देशन दिनु सरकारी वकीलको कर्तब्य

हुने भन्दै अनुसन्धानलाई प्रभावकारी बनाउन निर्देशन आवश्यक भएको, वारदातको प्रकृतिअनुसार अनुसन्धान गर्नुपर्ने भन्नेतर्फ मार्गदर्शन गर्नु पर्ने, अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने अधिकार कानूनले दिएको कुरालाई सरकारी वकीलले विर्सनु हुँदैन भनिएको छ ।[१८]

### ग) थप प्रमाण सङ्कलन गर्ने निर्देशन दिने

अनुसन्धानकर्ताबाट राय सहित प्राप्त मिसिलमा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा आवश्यक देखिएमा सरकारी वकिलले थप प्रमाण सङ्कलन गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्न सक्दछ ।[१९] थप प्रमाण अन्तर्गत सरकारी वकिललाई अभियोजन गर्न आवश्यक पर्ने र सङ्कलन हुन सक्ने अन्य प्रमाण सङ्कलन गर्ने र आवश्यकता अनुसार त्यस्ता प्रमाणको परीक्षण गर्ने भन्ने उद्देश्य रहेको देखिन्छ । अनुसन्धानको प्रारम्भिक अवस्थामा सरकारी वकिलले अनुसन्धानकर्तालाई घटित अपराधमा संकलन गर्नुपर्ने र गर्न सकिने प्रमाण, त्यस्ता प्रमाण सङ्कलन गर्ने विधि र प्रकृया तथा वैज्ञानिक परीक्षण गर्ने सम्बन्धमा निर्देशन गरेको हुनुपर्छ । यसको लागि प्रमाणको ग्राह्यता र प्रमाणिक मूल्यका सम्बन्धमा सही दृष्टिकोण र प्रमाणलाई आबद्ध गर्ने क्षमता पनि आवश्यक हुन्छ । सरकारी वकिलले प्राप्त मिसिल हेर्दा सङ्कलन गर्नुपर्ने प्रमाणको सङ्कलन हुन नसकेको वा छुट हुन गएको, बरामद गर्नुपर्ने वस्तु बरामद नभएको, परीक्षण गरिनुपर्ने भौतिक प्रमाण परीक्षण नगरिएको वा पूरा गर्नु पर्ने कानूनी प्रक्रिया पूरा नभएको वा पुर्व निर्देशन अनुसार प्रमाण सङ्कलन गर्ने कार्य नभएकोमा थप निर्देशन दिनु पर्दछ । अभियोजनात्मक पद्धतिमा आधारित फौजदारी प्रकृयामा शंकाको सुबिधा अभियुक्तलाई प्राप्त हुन्छ र त्यो सफाईको आधार बन्दछ । यसै कुरालाई दृष्टिगत गरी शंकाको गुञ्जायस नरहने गरी प्रमाणको सङ्कलन र परीक्षण गर्ने कुरामा सरकारी वकिलको निर्देशन हुनुपर्दछ ।

## ८. अन्तर्राष्ट्रिय दस्तावेज, न्यायिक दृष्टिकोण र यसले पारेको प्रभाव

### ८.१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६

फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको कारवाहीमा निष्पक्ष र सार्वजनिक सुनुवाईको अधिकार सबै व्यक्तिलाई प्राप्त हुने व्यवस्था यस अनुबन्धले गरेको छ ।[२०] साथै फौजदारी कसूरको आरोप लागेको व्यक्तिलाई कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरि पाउने हक हुने[२१] हुदा यसले अभियोग लगाउने

---

१८. ने.का.प. २०६८, अंक ८, निर्णय नं. ८६६८,

१९. सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा १७

२०. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा १४ (१)

२१. ऐजन धारा १४ (२)

निकायले व्यक्ति विरुद्धको आरोप शंकारहित तवरले पुष्टि गर्नुपर्छ भन्ने मान्यता राख्दछ। किनकी कुनै व्यक्तिलाई आफनो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन पाइदैन।[२२] यातना वा बल प्रयोगबाट कसूर स्वीकार गर्न बाध्य पारी लिइएको बयानको प्रमाणिक मूल्य रहदैन। अनुसन्धानमा सङ्कलित सबुत प्रमाण र साक्षीहरूको परीक्षण गर्ने, खण्डन गर्न पाउने समेतका अधिकार अभियुक्तलाई प्राप्त हुन्छ।

कुनै पनि व्यक्ति विरुद्धको फौजदारी कारवाहीमा सम्बन्धित व्यक्तिको बयान र साक्षीको भनाई मात्रले अभियोजनकर्ताले आरोप पुष्टि गर्न सक्दैन र त्यसका लागि स्वतन्त्र र निष्पक्ष रुपमा भौतिक सबुत प्रमाणको बिधिपूर्वक सङ्कलन गर्ने तथा त्यस्ता प्रमाणको वैज्ञानिक परीक्षण गर्ने कुरा महत्वपूर्ण हुन्छ।[२३] अभियोग लागेको व्यक्ति उपरको आरोप शंकारहित तवर बाट पुष्टि हुनुपर्ने अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने सिद्धान्तले पनि भौतिक सबुत प्रमाणका आधारमा आरोपित उपरको कसूरमा संलग्नता देखाउन सकिएमा मात्र दोषी सिद्ध गर्न सकिन्छ।

## ८.२. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८

यस घोषणा पत्रले कुनै पनि व्यक्तिलाई दण्डनीय कसूरमा वाहेक गिरफतार गर्न नपाइने, दण्डनीय कसूरमा आरोपित व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष सुनुवाई गर्न पाउने, दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार हुने, शारीरिक यातना वा अमानवीय व्यवहार गर्न नपाइने जस्ता अधिकार प्राप्त हुने प्रत्याभूति गरेको छ।[२४] अपराध मानिने कसूर गरेको देखिने सबुत प्रमाण र सो अपराधमा संलग्नता रहेको देखिएको आधारमा मात्र कुनै पनि व्यक्तिलाई गिरफतार गर्न वा थुनामा राख्न सकिने देखिन्छ। साथै दोषी प्रमाणित गर्न निष्पक्ष र स्वतन्त्र रुपमा विधिपूर्वक सङ्कलन भएका सबुत प्रमाण र तिनको परीक्षणबाट मात्रै सम्भव हुने देखिन्छ। शंका रहित तवरबाट अभियोग पुष्टि गर्नु पर्ने दायित्व अभियोजनकर्तामा रहने हुँदा भौतिक र वैज्ञानिक सबुत प्रमाणबाट कसूरमा अभियुक्तको संलग्नता देखाउन सकिएमा मात्र दोषी प्रमाणित गर्न सकिन्छ।

## ८.३. अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन १९९०

अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० ले फौजदारी न्याय प्रणालीको सूचारु सञ्चालन र उचित प्रकृयालाई सुचारु गर्न अभियोजनकर्ताले स्वच्छ र निष्पक्ष रुपमा कार्य गर्नु पर्ने कर्तव्य निर्धारण गरेको छ। अपराधको अनुसन्धानमा सुपरिवेक्षण गर्ने, फौजदारी कारवाहीलाई निष्पक्ष, स्वच्छ र प्रभावकारी बनाउने, आशंकित

---

२२. ऐजन धारा १४ (६)

२३. ऐजन धारा १४ (३) (ङ)

२४. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा (४) (५) (९) (१०) (११)

र पीडितको अधिकारको सम्मान तथा संरक्षण गर्ने, अनुसन्धान र अभियोजनमा वस्तुगत कार्यपद्धति अवलम्वन गर्ने कुरामा यस मार्गदर्शनले निर्देश गरेको छ।[२५] यसैगरी न्याय सम्बन्धी आधारभूत सिद्धान्तको पालना गर्ने, निष्पक्ष र वस्तुगत अनुसन्धानबाट देखिएको प्रमाणका आधारमा अभियोजनको पहल गर्ने, अनुसन्धानले निराधार देखाएको अवस्थामा अभियोजनलाई निरन्तरता नदिने प्रावधान राखेको छ।[२६] यस मार्गदर्शनले अवलम्वन गरेका उपरोक्त सिद्धान्तहरूले फौजदारी कसूरको अनुसन्धान र अभियोजनमा वस्तुगत प्रमाणलाई जोड दिएको देखिन्छ। भौतिक प्रमाण र तीनको वैज्ञानिक परीक्षणले फौजदारी कारवाही निस्पक्ष र स्वच्छ हुन सक्छ। बिज्ञानमा आधारित अनुसन्धानबाट नै ठोस प्रमाण प्राप्त हुन सक्छ जसले अपराधमा भएको संलग्नता वा असंलग्नता पुष्टि गर्दछ। वैज्ञानिक प्रमाणको प्रयोगमा अभियोजन आधारित हुनुपर्ने र अभियोजनकर्ताले त्यस्तो प्रमाण सङ्कलन गर्ने कुरामा अनुसन्धानकर्तालाई निर्देशन र सुपरिवेक्षण गर्नुपर्दछ।

## ९. सरकारवादी फौजदारी मुद्दाको अभियोजनमा प्रमाणको वैज्ञानिक परीक्षणको स्थान

अनुसन्धानबाट सङ्कलित सबुत प्रमाणका आधारमा कुनैपनि व्यक्ति उपर निजले गरेको कसूर अपराधमा प्रचलित कानून बमोजिम सजायको दावी लिई अभियोग लगाउने कार्य अभियोजन हो। अभियोजनको उद्देश्य अपराधिक कार्यमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई अपराधिक दायित्व वहन गराउनु हो। तसर्थ यस अन्तर्गत मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न आवश्यक पर्ने भौतिक प्रमाण सङ्कलन गर्ने र त्यस्ता प्रमाणहरू विशेषज्ञबाट वैज्ञानिक परीक्षण गराउने, लगाईएको अभियोग प्रमाणित गर्न आवश्यक सबुत प्रमाण प्रस्तुत गर्ने विषयहरू पर्दछन्।

कानूनले तोकेको प्रकृया अबलम्बन गरी प्रमाण सङ्कलन गर्ने र त्यस्ता प्रमाणको वैज्ञानिक परीक्षण गराई सोही प्रमाणका आधारमा अभियोजन गर्ने जिम्मेवारी अनुसन्धानकर्ता र सरकारी वकिलको हो। अभियोजनात्मक पद्धतिमा अभियोजनकर्ताले अभियुक्त उपरको अभियोग शंकारहित तवरले प्रमाणित गर्नु पर्छ। अनुसन्धानकर्ताले अभियोजनकर्ताको निर्देशनमा रहेर मुद्दाको अनुसन्धान गर्नुपर्ने हुन्छ। यसर्थ अनुसन्धान र अभियोजनको कार्य अलग नभै अभियोजन भित्र नै अनुसन्धान पर्दछ।

सबुत प्रमाणबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गरिने भएकोले अनुसन्धान कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउने दायित्व सरकारी वकिलमा रहेको छ। यसका अलावा सरकार वादी फौजदारी मुद्दाको अभियोजनकर्ता भएकोले लगाईएको अभियोग प्रमाणित गर्ने दायित्व पनि सरकारी वकिलमा नै रहन्छ। यस्तो अभियोग पुष्टि

२५. अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० को धारा ११, १२, १३
२६. ऐजन धारा १४

गर्ने आधार भनेको वैज्ञानिक प्रमाण सङ्कलनमा आधारित अनुसन्धान नै हो । तसर्थ अभियोजनमा प्रमाणको वैज्ञानिक परीक्षणको महत्वपूर्ण स्थान रहन्छ । लागू औषध भनी बरामद गरिएको वस्तु लागू औषध हो होइन ? भए कस्तो प्रकृतिको लागू औषध हो भन्ने कुरा वैज्ञानिक परीक्षणबाट प्रमाणित नभएसम्म अभियोजन हुन कठिन हुन्छ । वैज्ञानिक परीक्षणबाट मृत्युको कारण प्रमाणित नहुँदा, गैडाको खाग भनिएको वस्तु, विवादीत लिखत वा कागजात, नक्कली वा खोटो मुद्राको वैज्ञानिक परीक्षण गरी विशेषज्ञबाट प्रतिवेदन नआएसम्म अभियोजन गर्न नसकिने र गरिएमा पनि अभियोजन प्रभावकारी हुन सक्दैन । किनकी अनुसन्धानको क्रममा सङ्कलित भौतिक वस्तुहरू वैज्ञानिक परीक्षण विना प्रमाण योग्य मानिदैनन् । त्यस्ता वस्तु वा चिजहरूको सङ्कलन, संरक्षण, प्याकिङ्ग,आधिकारिक प्रयोगशालामा परीक्षण गर्ने कुरामा सजगता अपनाउन सकिएको अवस्थामा मात्र त्यसले प्रमाणिक महत्व राख्दछ । अभियोग पत्र तयार गर्दा सङ्कलित प्रमाणबाट पुष्टि हुने के कस्तो कसूर अभियुक्तले गरेको हो र त्यो कसूर शंकारहित तवरले पुष्टि हुने प्रमाणको उल्लेखन र विश्लेषणमा ध्यान दिनु पर्दछ ।

## १०. वैज्ञानिक प्रमाणका आधारमा गरिने अभियोजन सम्बन्धी निर्णय

अभियुक्त उपर निजले गरेको कसूरको सङ्कलित प्रमाणका आधारमा सजाँयको माग दावी र सो मागदावी पुष्टि गर्ने आधार प्रमाणहरू उल्लेख गरिएको लिखत अभियोगपत्र हो । अभियोगपत्रको आधारमा नै सरकार बादी फौजदारी मुद्दाको कारवाही प्रारम्भ हुन्छ । अभियोगपत्रमा अभियुक्त उपर लगाइएको अभियोग, सो को आधार, प्रचलित कानून, माग गरिएको सजाँय र अभियोग प्रमाणित गर्ने प्रमाण उल्लेख गरिन्छ । अभियोगपत्रमा लगाईएको दावी अनुसारको कसूर अर्थात अभियोजन सम्बन्धी निर्णयको मुल आधार सङ्कलित प्रमाण र वैज्ञानिक परीक्षण प्रतिवेदन हो । सरकारी वकिलले प्रस्तुत गरेको अभियोग भौतिक तथा अन्य प्रमाणको परीक्षणबाट शंकारहित तवरले पुष्टि हुने नहुने निर्णय अदालतले गर्दछ । परीक्षण भएका भौतिक प्रमाण, परीक्षण प्रतिवेदन, विशेषज्ञको राय, अन्य प्रमाणसँगको सम्बद्धतालाई सिलसिलेवार र विश्लेषणयुक्त तरिकाले देखाउन सकेमा लगाइएको अभियोग पुष्टि गर्न मद्दत पुग्दछ। अनुसन्धानको क्रममा प्राप्त सबुतप्रमाणको प्राविधिक एवम् वैज्ञानिक परीक्षण गरेको अवस्थामा त्यस्तो विशेषज्ञको राय, भौतिक प्रमाण र सो रायको निष्कर्ष नै अभियोजनको आधार हो ।

## ११. अभियोजनमा वैज्ञानिक प्रमाणको विद्यमान अवस्था

फौजदारी अपराधको अनुसन्धानमा भौतिक प्रमाणको सङ्कलन गर्ने तथा परीक्षण गर्ने, विशेषज्ञको राय लिने र त्यस्ता प्रमाणका आधारमा अभियोजन गर्ने कार्य ज्यादै कम मुद्दामा मात्र हुने गरेको छ । साक्षीको भनाई र शंकित व्यक्तिको बयानका आधारमा फौजदारी अपराधको अभियोजन हुने अभ्यास बढी रहेको छ भने डि.एन.ए

प्रमाणको प्रयोग फौजदारी मुद्दामा न्यून रहेको अवस्था छ। सर्वोच्च अदालतले नेपाल सरकार वि. मगरे खाँ समेत भएको मुद्दामा भनेको छ फौजदारी अपराधमा अभियुक्तका विरुद्ध ठोस र शंकारहित प्रमाण सङ्कलन गर्नुपर्छ तवमात्र राज्यले अभियोग लगाउन सक्छ। विना प्रमाण राज्यले फौजदारी अभियोग लगाउछ भने अभियुक्तले सफाई पाउँछ। प्रस्तुत सिद्धान्तले नेपालको फौजदारी मुद्दाको अभियोजनको विद्यमान अवस्थालाई चित्रित गर्दछ। यसका अलावा अभियोजनमा वैज्ञानिक प्रमाणको प्रयोगको अवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- घटनास्थलमा तुरुन्त पुग्ने, सुरक्षा गर्ने, घटनास्थलबाट भौतिक प्रमाण वा सवूद सङ्कलन गर्ने कार्य ज्यादै कम हुने गरेको छ।
- विशेषज्ञको रिपोर्ट प्रष्ट नबुझिने र अष्पस्ट रहने कारणले अनुसन्धान तथा अभियोजनमा सही प्रयोग हुन सकेको छैन भने वैज्ञानिक परीक्षण रिपोर्ट समयमा नै प्राप्त नहुने, समयमा नै परीक्षण गर्न नपठाउने कारण वन्यजन्तुको आखेटोपहार, लागूऔषध, किर्ते, विद्युतिय अपराध जस्ता मुद्दामा परीक्षण प्रतिवेदन वेगर नै अभियोजन गर्ने गरिएको अवस्था छ ।
- सरकारी वकीलबाट तहकिकात गर्ने प्रहरीलाई भौतिक र अभियोजनलाई आवश्यक पर्ने प्रमाण सङ्कलन गर्न समयमानै निर्देशन दिने अभ्यास न्यून रहेको छ। तथ्यांकलाई हेर्दा आ.व.२०६७६८ मा कूल २२,३९६ मुद्दा मध्ये ८७८ वटा मुद्दामा अर्थात ३.९२ प्रतिशत, आ.व. ०६८।६९ मा १७,११७ अपराध मध्ये ८९७ बटा मुद्दामा अर्थात ५.२७ प्रतिशत, आ.व. ०६९।७० मा १८,३३४ मुद्दा मध्ये ४३६ अर्थात २.३७ प्रतिशत मुद्दामा मात्र सरकारी वकीलबाट तहकिकात गर्ने प्रहरीलाई प्रमाण सङ्कलन गर्न निर्देशन दिईएको देखिन्छ।
- अभियोजनको अवस्था हेर्दा जिल्ला अदालत तर्फ आ.ब.०६६।०६७ मा ७०.५९ प्रतिशत, आ.व. ०६७०६८, ०६८।०६९ र ०६९।७० मा क्रमश: ६९.२०, ६५.९७ र ६९.३१ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ। अभियोजन गरिएका लगभग ३० प्रतिशत फौजदारी मुद्दामा कसूर ठहर नभएको स्थिति रहेको छ। कसूर ठहर हुन नसक्नुको कारण अभियोजन पक्षले प्रर्याप्त प्रमाण विना अभियोजन गरेको र अभियोजन पुर्व भौतिक र वैज्ञानिक प्रमाणको सङ्कलनमा प्रर्याप्त ध्यान नदिएको अवस्था छ। सरकारवादी मुद्दामा सरकारी वकिलबाट अभियोजन गर्ने परिपाटी नै ज्यादा रहेको छ। केवल २ देखि ३% मात्र मुद्दा अभियोजन नगर्ने निणर्य गर्ने गरिएको तथ्याङ्क रहेको र कसूर ठहर भएको स्थिति सँग तुलना गर्दा अभियोग पुष्टि हुनसक्ने प्रमाणको अभावमा पनि अभियोजन गर्ने प्रचलन रहेको देखिन्छ।
- भौतिक सबुत प्रमाण सङ्कलन गर्ने र विशेषज्ञको राय लिने कुरालाई कानूनले स्वविवेकिय मानेको छ।

- प्रमाणले अपराध नै पुष्टि नभएको अवस्थामा पनि अभियोजन हुने गरेको । जस्तो ओखलढुंगाको ज्यान मुद्दा जसमा मृतकको लाश नै नभएको स्थिति थियो । परीक्षण प्रतिवेदन प्राप्त नहुँदै अभियोजन गर्ने प्रचलन रहेको जस्तो मगरे खाँ को मुद्दा ।

**१२. प्रमाणको वैज्ञानिक परीक्षणका सम्बन्धमा अदालतको दृष्टिकोण**

फौजदारी न्याय प्रणालीमा वैज्ञानिक प्रमाणले न्याय संपादन कार्य सरल र सहज बन्न सक्छ । प्रभावकारी अभियोजनका लागि वैज्ञानिक प्रमाण र सो प्रमाणको वैज्ञानिक परीक्षण गरी प्रतिवेदन दिने विशेषज्ञको रायको सहयोग अपरिहार्य हुन्छ । विशेषज्ञको राय पुर्वाग्रहरहित, विज्ञानमा आधारित हुनुपर्छ भन्ने मान्यता रहेको छ । नेपालको सर्वोच्च अदालतले वैज्ञानिक प्रमाण र विशेषज्ञको रायलाई प्रमाणमा लिने सम्बन्धमा केही मुद्दामा राखेको दृष्टिकोणलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

**(क) ने.का.प. २०१७ पृ. ३९ रेशमलाल वि. प्यारेलाल मारवाडी**

- हत्या, बलात्कार र विष सम्बन्धी मुद्दामा चिकित्सकिय प्रतिवेदनको कानूनी महत्व रहने । लाशजाँच गर्दा पेटमा पाईएको पदार्थहरू रासायनिक जाँचको लागि बचाएर राख्नुपर्ने ।

**(ख) नेपाल सरकार वि. विनय मानन्धर ने.का.प. २०६७, अंक २ नि.न. ८३११**

- विशेषज्ञको राय प्रतिवेदन यो यति कारणबाट शंकास्पद वा विरोधाभाषयुक्त छ भनी इजलाससमक्ष प्रष्टयाउनु पर्ने सम्बन्धित पक्षको दायित्व हुने हुँदा यस्तो दायित्वलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने । विशेषज्ञले दिएको प्रतिवेदन शंकास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिक झैं स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शंका उपशंका उठाउनु समेत न्यायोचित नहुने ।
- बिना आधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित हुने अवस्था उत्पन्न हुन जाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ । अपराधलाई प्रमाणित गर्ने कडीको रूपमा रहने अनुसन्धानको क्रममा सङ्कलित प्रमाणका रुपमा अभिन्न अङ्ग मानिने प्रतिवेदनलाई अस्वीकार गर्न अदालतलाई त्यति नै स्पष्ट आधार र कारणको आवश्यकता पर्दछ । यसमा वस्तुनिष्ठ व्याख्यान गरी अस्वीकार गर्नुपर्ने वैज्ञानिक आधार समेतको स्पष्ट उल्लेखन गरी विमति राखी खण्डन गर्न सक्नु पर्दछ र यो खण्डन चिकित्सा विधिशास्त्र (Medical Jurisprudence) का सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्ने ।

- विशेषज्ञ आफैँमा न्यायकर्ता होइन । उसको राय अदालतको सन्तुष्टिका लागि हो । तर यसो भन्दैमा प्रमाण कानूनमा विशेषज्ञको स्थान सामान्य साक्षी सरह मात्र हुँदैन । विशेषज्ञ आफ्नो विशेष अध्ययन, तालिम वा अनुभवका कारणले कुनै विषयमा विशेष ज्ञान प्राप्त व्यक्ति हुने भएको र निजको रायमा कसैप्रति कुनै आग्रह वा कसैप्रति पूर्वाग्रह नहुने मान्यता राखिने कारणबाट निजको रायले प्रामाणिक बल राख्दछ । खास गरी त्यस्तो राय जो विशेषज्ञको विचार मात्र नभएर विभिन्न आधारको विश्लेषणका साथ निकालिएको निष्कर्ष हुन्छ, त्यसले न्यायिक निष्कर्ष निकाल्न निकै सघाउ पुऱ्याउँछ । प्रस्तुत विवादको शव परीक्षण प्रतिवेदन र त्यो परीक्षण गर्ने विशेषज्ञ डाक्टरहरूको जिरहयुक्त बकपत्रमा व्यक्त विचारलाई अन्य स्वतन्त्र प्रमाणले समेत पुष्टि गरिरहेको अवस्थामा सन्देह गर्नुपर्ने अवस्था हुँदैन । मृतकको लाश र त्यसमा विशेषज्ञले गर्ने अध्ययनले मृत्युको कारणका बारेमा धारणा बनाउन अदालतलाई सहयोग गर्दछ । यस अर्थमा विशेषज्ञको रायले पनि बलियो प्रमाणको स्थान ग्रहण गर्न सक्दछ भन्ने सन्दर्भ नै चिकित्सकीय प्रमाण (Medico- Evidence) को मूल मर्म हो ।

**(ग) पदमबहादुर जुगलाली वि. नेपाल सरकार ने.का.प. २०६८ अंक २ नि.न. ८५६८**

- मृत शरिर नै सडी गली सकेको र मृतकको लाशजाँच मुचल्काले मृत्युको कारण भनी विशेषज्ञले उल्लेख गरेको Asphyxia due to strangulation भन्ने शव परीक्षण प्रतिवेदनको रायलाई समर्थन नगरेको, सडेगलेको लाशको भिषेरा परीक्षण समेत गर्नुपर्नेमा सो कार्य पूरा नगरी व्यक्त विशेषज्ञको रायमा भर गर्न नसकिने । अनुमान, आशंका र सम्भावना अनिश्चित तत्व भएकोले यस्ता अनिश्चित तत्वले ज्यान मारेको पुष्टि गर्ने प्रमाणको स्थान ग्रहण गर्न नसक्ने ।
- अनुसन्धानको साविती कतैबाट पुष्टि नभए प्रमाणयोग्य नहुने । वस्तुगत प्रमाणको अभावमा केवल मौखीक प्रमाणको आधारमा अपराधी घोषित गर्न नसकिने ।
- फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहेको र कसूर शंकारहित तवरबाट पुष्टि प्रमाणित गर्नुपर्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो ।

**(घ) नेपाल सरकार वि. मनकुमारी नेपाली समेत ने.का.प.२०६८, अंक १२, नि.न. ८७२६**

- लाश गाडिएको भनेको मलखादमा फेलापर्न सक्ने लाशका अशंहरू वा त्यस सम्बन्धी प्रमाणहरूको खोजि नगरिएको । वैज्ञानिक रुपबाटै पुष्टि हुने प्रकृतिका प्रमाण जुटाउनुको सट्टा साविती बयानलाई नै मुख्य प्रमाणको रुपमा प्रयोग गर्न खोजिएको । बगरमा मानिसको जस्तो खोपडी, नलीहाड, करङ्ग, फेलापरेकोमा मृतक चन्द्रबहादुर कै हुन भन्ने वैज्ञानिक प्रमाणबाट पुष्टि हुन नसकेको । कर्तव्य

ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्यभन्दा बाहिर गएर मौखिक कथनका भरमा कसैलाई दोषी किटान गर्न नमिल्ने ।

- कसैले कसैलाई हत्या गरेको भनिएको अवस्थामा हत्या भएको भनिएका व्यक्तिको शव नै सबैभन्दा ठूलो प्रमाणका रुपमा रहन्छ । शव फेला परेको अवस्थामा मृत्यु अघि (Postmortem) र मृत्यु पछि (Antemortem) का घाउचोटहरू र अवस्था समेतको परीक्षण गर्न सकिने र त्यसले मृतकको मृत्युको कारणका बारेमा यथार्थ जानकारी प्राप्त हुने अवस्था रहन्छ । शव फेला पर्न नसकेको अवस्थामा हत्याको अभियोग लागेका व्यक्तिले के कसरी र कहिले हत्या गरेको हो भन्ने तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षले वहन गर्नुपर्ने ।
- कुनै व्यक्ति विशेषको अप्रमाणित कथनलाई नै सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिमै सीमित राख्न हो भने सत्य कहिल्यै उद्घाटित नहुने अवस्थाको सिर्जना हुन जाने । सुनी थाहा पाएको भन्ने जस्ता अत्यन्त कमजोर प्रमाणलाई आधार बनाएर अन्य प्रमाणको खोजी नगर्ने हो भने अनुसन्धानको कुनै अर्थ रहँदैन र त्यसले अपराध र अपराधीका बारेमा सत्य तथ्यको खुलासा गर्न पनि नसकिने ।
- कसैलाई दोषी ठहऱ्याउन बयान लगायतका मौखिक प्रमाण बाहेकका अन्य स्वतन्त्र प्रमाणहरूको श्रृंखला जोडिनु पर्दछ र प्रमाणहरूको मालाकार कडीबाट त्यस्तो बयान व्यहोरा समर्थित नहुँदासम्म साविती बयानले कुनै प्रामाणिक महत्व राख्दैन भन्ने कुरालाई अनुसन्धान र अभियोजन पक्षले बुझ्नु जरुरी हुने ।
- कुनै व्यक्ति हराएकै आधारमा निजको हत्या भएको निष्कर्ष निकाल्दा भोलि त्यो व्यक्ति जीवितै समाजमा फर्केर आयो भने समस्त न्याय नै कलंकित हुन पुग्दछ । नौ जना अपराधी छुटे पनि एकजना निरपराधी पनि सजायको भागी नहोस् तथा शंकाको लाभ अभियुक्तले पाउँछ भन्ने मान्यताको अनुयायी कानूनी प्रणालीमा शवको प्रत्यक्षीकरण बिना कर्तव्य ज्यानको अभियोगमा कसैलाई सजाय गर्दा अत्यन्त सतर्कता अपनाउन पर्ने । Corpus Delecti को सिद्वान्तले मृत भनिएको व्यक्तिको शव फेला नपर्दासम्म कसैलाई दोषी ठहर गर्न नसकिने । शव फेला पर्नु र त्यसको वैज्ञानिक परीक्षणबाट कर्तव्य पुष्टि हुनु पर्छ ।
- पानीमा बगाइएको र आगोले डढाइएको जस्ता विषम परिस्थितिमा लास फेला नपर्न पनि सक्दछन् । लाशको अवशेष समेत लोप गराउने अभियुक्तको भगीरथ प्रयत्न पनि हुन सक्दछ। तर यस्ता क्रियाकलाप भएको वादीले पुष्टि गर्न सक्नुपर्ने । सावितीमा अभिव्यक्त तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन त आवश्यक छ नै, ती स्वाभाविक र मानव आचरण अनुकूल पनि देखिनु पर्ने ।

**(ङ) नेपाल सरकार वि. मगरे खाँ समेत ने.का.प. २०६६ अंक १० नि.न. ८२४३**

- अनुसन्धानको साविती कतैबाट पुष्टि नभए प्रमाणयोग्य नहुने । वस्तुगत प्रमाण जस्तो अदृश्य गोप्य क्यामेरा, खरिद गर्ने भनिएको व्यक्तिसँगको भेटवार्ता देखिने प्रमाण, कुरा गरेको Interception जस्ता भौतिक प्रमाणको अभावमा सावितीको आधारमा मात्र कसूरदार मान्न नसकिने ।
- फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहेको र वादी पक्षले Corpus Delecti प्रमाणित गर्नुपर्दछ । नक्कली लागू औषध लागूऔषधको परिभाषामा परेको देखिदैन । फौजदारी मुद्दामा ठोस र शंकारहित प्रमाण पेश गर्नु पर्छ । Confessional Statement Oriented Prosecution लाई सुधार गरी Evidence Supported Prosecution गर्नुपर्ने ।

उल्लेखित फैसलाहरूको आधारमा हेर्दा फौजदारी अपराध पुष्टि गर्न वैज्ञानिक प्रमाणको महत्वपूर्ण भूमिका रहन्छ । फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहेको र वादी पक्षले अपराधको Corpus Delecti प्रमाणित गर्नुपर्दछ र त्यसका लागि अपराध पुष्टि गर्ने वस्तु र सो को वैज्ञानिक परीक्षण गरी राय दिने विशेषज्ञको प्रतिवेदन अभियोजनका लागि महत्वपूर्ण हुन्छ । व्यक्तिका भनाईभन्दा वैज्ञानिक प्रमाणले स्थापित गरेको कुरा प्रमाण योग्य हुन्छ भन्ने दृष्टिकोण रहेको देखिन्छ ।

## १३. प्रमाणको वैज्ञानिक परीक्षण गर्ने निकायहरू, तीनले गर्ने परीक्षण

### क. केन्द्रीय प्रहरी बिधि बिज्ञान प्रयोगशाला

अपराध अनुसन्धानमा विधि बिज्ञानको महत्वलाई दृष्टिगत गरी २०५१।१०।११ मा नेपाल प्रहरी अन्तर्गत यसको स्थापना भएको हो । घटनास्थल वा अन्य कुनै स्थानबाट सङ्कलित भौतिक सबुतहरू प्रयोगशालाबाट परीक्षण नभएसम्म प्रमाणिक महत्व प्राप्त गर्न सक्दैनन । भौतिक सबुतको परीक्षण गर्ने प्रयोगशालाका विशेषज्ञको प्रतिवेदनले अपराध र अपराध गर्ने व्यक्ति पत्ता लगाउन मद्दत गर्दछ भन्ने उद्देश्यले प्रहरी बिधिबिज्ञान प्रयोगशालाको स्थापना भएको हो । यसमा व्यालिष्टिक युनिट, भौतिक बिज्ञान युनिट, विवाद ग्रस्त लिखत युनिट, फोटोग्राफी युनिट, रसायन तथा लागू औषध यूनिट, बिष बिज्ञान यूनिट, जीव बिज्ञान र औठाछाँप यूनिट रहेका छन् । हालै DNA ल्याव पनि स्थापना भएको छ ।

### ख. राष्ट्रिय बिधि बिज्ञान प्रयोगशाला

न्याय सुधार आयोग, २०४० को प्रतिवेदनले न्याय प्रणालीलाई आधुनिकिरण र वैज्ञानिक बनाउने सुझाव दिए अनुसार राष्ट्रिय बिधि बिज्ञान प्रयोगशालाको स्थापना २०४३ (१९८६) सालमा भएको हो । यसमा भौतिक बिज्ञान युनिट, विवाद ग्रस्त लिखत

युनिट, फोटोग्राफी युनिट, रसायन तथा लागू औषध युनिट, बिष बिज्ञान युनिट, जीव बिज्ञान र औठाछाँप युनिट रहेका छन् ।

### ग. अनुसन्धान र अभियोजनको क्रममा प्रमाणको वैज्ञानिक परीक्षण गर्ने निकायसँगको सम्बन्धः

अनुसन्धानको क्रममा सङ्कलित भौतिक वस्तुहरू अनुसन्धानकर्ताबाट केन्द्रीय प्रहरी बिधि बिज्ञान प्रयोगशाला र राष्ट्रिय बिधि बिज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउने गरिन्छ । वास्तवमा भौतिक वस्तुहरूको प्रमाणिकता प्रयोगशालाका वैज्ञानिकहरूबाट परीक्षण भै प्रतिवेदन प्राप्त भएपछि मात्र हुन्छ । प्राप्त नमूनाको परीक्षण गरी छिटोभन्दा छिटो प्रतिवेदन अनुसन्धानकर्ता वा अभियोजनकर्ता निकायलाई उपलब्ध गराउने दायित्व प्रयोगशालाको रहन्छ भने अनुसन्धानकर्ताले परीक्षण गर्न पठाउँदा नमुना प्रर्याप्त मात्रामा पठाउने, भौतिक वस्तु सहित Control Sample पठाउने, भौतिक वस्तु राम्रोसँग प्याकिङ्ग गरी पत्र साथ घटनाको History समेत उल्लेख गरी पठाउनु पर्दछ । जसले गर्दा प्रयोगशालालाई परीक्षण गरी राय दिन सजिलो हुन्छ ।

प्रयोगशालाका वैज्ञानिकहरू परीक्षणका बिज्ञ हुन । उनीहरूको बिज्ञतालाई अनुसन्धान र अभियोजनमा प्रयोग गर्न सकेमा नै फौजदारी मुद्दाको कारवाहीमा प्रभावकारीता आउँछ । नमुना पठाउने विषय, Sample सङ्कलन गर्ने, प्रतिवेदनमा अस्पष्ट भएका विषयमा अनुसन्धानकै क्रममा पनि प्रयोगशालामा बिज्ञसँग परामर्श गर्न र राय लिन सकिन्छ । साथै परीक्षण गर्ने विशेषज्ञलाई बकपत्र गर्न अदालतमा उपस्थित हुने कुरामा सरकारी वकीलले विशेषज्ञसँग समन्वय गर्ने, विशेषज्ञको राय प्रतिवेदन अध्ययन गरी बकपत्रका लागि तयार गराउने, बकपत्र गर्न उपस्थित हुने दिनको सूचना समयमा नै गर्ने जस्ता कार्यहरू सरकारी वकिलले गर्नुपर्छ । विशेषज्ञले राय व्यक्त गरेको कुरामा अदालतमा उपस्थित भै बकपत्र गर्ने कार्यलाई न्याय सम्पादनको कार्य हो भन्ने धारणा बनाउनु पर्छ । झन्झटिलो र अन्यथा कार्य हो भन्ने ठान्नु हुँदैन । प्रयोगशालाका वैज्ञानिकहरूसँगको नियमित सम्पर्क, अन्तरकृया र छलफलले पनि वैज्ञानिक प्रमाणको परीक्षणमा देखिने समस्याहरूलाई हटाउन सकिन्छ ।

## १४. वैज्ञानिक प्रमाणको परीक्षण र प्रयोगमा रहेका समस्या र समाधानका उपायहरू

- भौतिक प्रमाण प्राप्त हुनसक्ने घटनास्थलको संरक्षण गर्नुपर्छ भन्ने ज्ञानको अभावले प्रहरी नपुग्दै घटनास्थलमा मानिसहरू जाने र त्यहाँ छुने चलाउने गर्दा अनुसन्धानको लागि प्राप्त हुनसक्ने सबुत प्रमाण नाश हुने सम्भावना हुन्छ । प्रहरी पुगेपछि पनि घटनास्थलको सुरक्षा गर्ने व्यवस्था हुने गरेको पाईदैन । घटनास्थलको सुरक्षा गर्ने, सीमाक्षेत्र निर्धारण गर्ने Tape, प्रमाण Contamination

हुन नदिन अनुसन्धानकर्तालाई आवश्यक पर्ने सामग्रीको अभाव रहेको । यसका लागि सचेतना र घटनास्थलको सुरक्षा गर्न आवश्यक स्रोत साधनको व्यवस्था अनुसन्धानकर्तालाई उपलब्ध गराउने ।

- घटनास्थलबाट भौतिक प्रमाणको सङ्कलन गर्ने परिपाटी न्यून रहेको छ। अधिकाशं घटनामा अनुसन्धानकर्ता घटनास्थलमा पुग्न लामो समय लाग्ने कारण भौतिक वस्तु फेलापर्ने अवस्था कम हुन्छ । भौतिक वस्तु खोज्ने, सङ्कलन गर्ने, फेला परेका वस्तु रितपूर्वक उठाउने, प्याकिङ्ग गर्ने र परीक्षण गर्न पठाउने कार्य कम हुने गरेको । भएकोमा पनि Control Sample उपलब्ध नहुने, प्याकिङ्गमा त्रुटी, परीक्षण गर्न पठाउदा प्रर्याप्त नमुना नपठाउने, छिटो र समयमा नै नपठाउने जस्ता समस्या रहेको । भौतिक सबुत प्रमाणको सङ्कलन र वैज्ञानिक परीक्षणमा अनुसन्धानकर्ताको ध्यान जान जरुरी छ भने सरकारी वकिलले त्यस्ता प्रमाणको सङ्कलन गर्ने, प्रमाण के हुन सक्दछन् भन्ने विषयमा अनुसन्धानकर्तालाई समयमा नै निर्देश गर्नु पर्छ ।
- सरकारी वकिल बाट भौतिक र वैज्ञानिक प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकृतलाई निर्देशन दिने कार्य कम रहेको छ। प्रारम्भिक प्रतिवेदन प्राप्त हुनासाथ, अनुसन्धानको क्रममा र राय प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलबाट अपराध पुष्टि गर्ने र अभियुक्तको संलग्नता देखिने वैज्ञानिक प्रमाण सङ्कलन गर्ने, त्यस्ता प्रमाणको प्रयोगशालाबाट परीक्षण गराउने, समयमा नै परीक्षण प्रतिवेदन प्राप्त गर्ने तथा अभियोजनका लागि आवश्यक पर्ने प्रमाण सङ्कलन गर्न अनुसन्धानकर्तालाई निर्देशन दिने लगायतका कुरामा सरकारी वकिलको भूमिका प्रभावकारी हुन आवश्यक छ ।
- व्यक्ति वा साक्षीले भनेको कथन र अभियुक्तको बयान तथा बुझिएका मानिसहरूको भनाईका आधारमा अभियोजन हुने गरेको । वैज्ञानिक परीक्षण नगरी र वैज्ञानिक परीक्षणको राय प्राप्त नहुँदै अभियोजन गर्ने प्रचलनलाई अन्त्य गरिनु आवश्यक छ ।
- भौतिक सबुत प्रमाण र त्यसको वैज्ञानिक परीक्षण गर्ने अभ्यासको न्यून प्रयोगका कारण यस्ता प्रमाणको सङ्कलन गर्ने जनशक्ति र श्रोत साधन तथा परीक्षण गर्ने प्रयोगशाला कम रहेको । केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला खुमलटारबाट कार्यबोझ तथा प्रर्याप्त जनशक्तिको अभावले गर्दा समयमा सेवा उपलब्ध हुन सकेको छैन। परीक्षण प्रतिवेदन प्राप्त हुन समय लाग्ने कारण वैज्ञानिक परीक्षण प्रतिवेदन विना नै अभियोजन हुने गरेको । तसर्थ केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला र राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई आवश्यक विशेषज्ञ र साधनस्रोत सम्पन्न गर्नु पर्ने देखिन्छ ।
- भौतिक प्रमाणको महत्वपूर्ण स्वरुप मानिएको डि.एन.ए को फौजदारी मुद्दाको

अनुसन्धान र अभियोजनमा प्रभावकारी प्रयोग हुन सकेको छैन । साथै डि.एन.ए सङ्कलन गर्ने, संरक्षण गर्ने विधि र मापदण्ड, डि.एन.ए बैकको स्थापना, डि.एन.ए Storage र Disposal, डि.एन.ए को गोपनियता तथा डि.एन.ए प्रमाणमा लिने सम्बन्धी कानूनी व्यवस्थाको अभाब रहेको हुदा यस सम्बन्धी कानून निर्माण गरी लागू गर्ने ।

- घटनास्थल विज्ञ Scene of Crime Officer हरूको प्रयोग सहीढगंले हुन सकेको छैन भने अर्कोतर्फ श्रोत साधनको अपर्याप्तताका कारण घटनास्थलबाट भौतिक प्रमाण वा सवूद सङ्कलन गर्ने कार्य ज्यादै कम रहेको छ ।
- प्राप्त भएका विशेषज्ञको रिपोर्ट पनि प्रष्ट नबुझिने र अस्पष्ट रहने कारणले अनुसन्धान तथा अभियोजनमा तिनको सही प्रयोग हुन सकेको छैन ।
- विशेषज्ञबाट परीक्षण रिपोर्ट समयमा प्राप्त नहुने कारणले परीक्षण प्रतिवेदन वेगर नै अभियोजन गर्नुपर्ने र अभियोग पत्र दायर भएपछि प्राप्त हुने प्रतिवेदनले अभियोगलाई समर्थन नगर्ने अवस्था समेत रहने गरेको । लागू औषध भनि बरामद वस्तुको परीक्षण प्रतिवेदन प्राप्त नहुँदै लागू औषध भएको आधारमा अभियोग दायर हुने र परीक्षण प्रतिवेदन आउदा लागू औषध नदेखिएकोमा अभियोजन त्रुटीपूर्ण हुने ।
- विशेषज्ञलाई साक्षी सरह बकपत्र गर्ने कार्यमा समस्या रहेको छ । प्रचलित कानून र अभ्यास अनुसार चिकित्सक र विशेषज्ञ बकपत्र गर्नका लागि अदालतमा उपस्थित हुनुपर्छ । यस्तो कार्यविधिगत प्रक्रियालाई विशेषज्ञहरूले झन्झटिलो अवस्थाको रुपमा हेर्ने गर्दछन् । यसको कारण परीक्षण गरी प्रतिवेदन दिएको धेरैपछि मात्र अदालतबाट उनीहरूलाई बकपत्रका लागि झिकाउने गरिन्छ ।
- मेडिको लिगल परीक्षण सम्बन्धी कुनै अभिमुखीकरण र तालिम नदिई काममा खटाइने परिपाटीले चिकित्सकहरू राय दिन हिच्किचाउने वा उदासिन रहने र राय दिएकोमा तथ्यले समर्थन नगर्ने गरेको पाइन्छ । सडीगली सकेको लाशको Cause of Death मा Strangulation का कारण मृत्यु भएको भन्ने राय ।
- विशेषज्ञसँग अनुसन्धान र अभियोजन पक्षको उचित समन्वय नहुने र विशेषज्ञको सहयोग लिने परिपाटी ज्यादै कम रहेको छ । स्वास्थ्यकर्मीहरूलाई परीक्षण सम्बन्धी विषयमा कानूनी आवश्यकता, अभिलेखनका प्राविधिक पक्ष र मुद्दाको अनुसन्धानको क्रममा गरिनुपर्ने परीक्षणको आवश्यकता र महत्वको विषयमा अभिमुखीकरण नहुँदा अपेक्षा गरे अनुरुप स्पष्ट प्रतिवेदन वा राय प्राप्त नहुने गरेको पाईन्छ । प्रतिवेदनमा आएका तथ्यहरूको व्याख्या गर्ने ज्ञानको सीमितता अनुसन्धानकर्ता र अभियोजनकर्तामा रहेको छ । यसको लागि अनुसन्धान, अभियोजन र चिकित्सक एवम् वैज्ञानिकहरूबीच प्रर्याप्त समन्वय हुनु पर्ने देखिन्छ ।

- वैज्ञानिक प्रमाण सम्बन्धी अबधारणा, यसका प्राबिधिक र वैज्ञानिक पक्ष, परीक्षण प्रकृया विधि, विश्वसनियता सम्बन्धमा अनुसन्धान अधिकृत तथा अभियोजन पक्षमा प्रष्टता नभएको देखिन्छ। वैज्ञानिक परीक्षणबाट प्राप्त प्रमाण अपराध र अपराधीको सम्बन्ध स्थापना गर्न महत्वपूर्ण प्रमाण हो। तर यस्तो प्रमाण मिसिल संलग्न कागजातहरूबाट समर्थित हुनुपर्दछ। तसर्थ वैज्ञानिक परीक्षणका रायको विश्लेषण गरी अनुसन्धान कार्यलाई अगाडि बढाउन सम्भव भएको अवस्थामा सो अनुरुप अनुसन्धान भएमा मात्र यसले अनुसन्धान र अभियोजनलाई सहयोग गर्दछ।

## १५. निष्कर्ष

अभियोजनमा भौतिक र वैज्ञानिक प्रमाणको सङ्कलन, परीक्षण र त्यसको अभियुक्तसँगको सम्बन्धका आधारमा अभियोजन गर्ने परिपाटी विकास गर्न सकेमा फौजदारी न्याय प्रणाली प्रतिको जनविश्वाश वलियो हुन सक्दछ। साधनश्रोतको अभाव रहेको र व्यक्ति वा साक्षीले भनेको कथन र अभियुक्तको बयान तथा सङ्कलित दशी प्रमाणका आधारमा अभियोजन हुने कारण निर्दोष दोषी र दोषी निर्दोष हुने जोखिम रहेको वर्तमान सर्न्दभमा फौजदारी अपराधको अनुसन्धानमा वैज्ञानिक प्रमाणको महत्व रहने कुरामा दुई मत हुन सक्दैन। भौतिक सबुत प्रमाण र त्यसको वैज्ञानिक परीक्षण गर्ने अभ्यासको न्यून प्रयोगका कारण न्याय प्रदानको कार्य चुनौतीपुर्ण रहेको छ। यस्ता प्रमाणको सङ्कलन गर्ने जनशक्ति र श्रोत साधन तथा साधन सम्पन्न प्रयोगशालाको निर्माणका अलावा अपराधसँग अपराधीको सम्बन्ध स्थापित गर्ने भौतिक सबुतको रुपमा रहेको वैज्ञानिक प्रमाणको सङ्कलन र प्रयोग गरी अभियोजन गर्ने पद्धतिको विकास गर्नु जरुरी छ।

# सरकारी साक्षीको संरक्षण, उपस्थिति र परीक्षणको अवस्था

**महेश शर्मा पौडेल♥**


## सारांश

*साक्षी प्रमाण मौखिक प्रमाणको एउटा महत्वपूर्ण अंग हो । त्यसमा पनि पीडित साक्षीको भूमिका अन्य साक्षीभन्दा महत्वपूर्ण हुने गर्दछ । उनीहरूले आफूउपर भएको अपराधिक क्रियाकलाप प्रत्यक्ष रुपमा हुन्छन् । पीडित साक्षीलाई संरक्षण र सहायता प्रदान गर्न सके हाल देखिएका समस्या न्यून गर्न मद्दत हुने अनि कानूनको शासन कायम गर्न थप टेवा पुग्ने कुरामा दुई मत छैन । सरकारवादी हुने फौजदारी मुद्दाको असफलताका बारेमा भएको एक अध्ययनले अदालतमा साक्षीको उपस्थिति न्यून हुने गरेको, उपस्थित गराउन नसकिने कारण उल्लेख गरी पुनः मौका माग गर्ने अभ्यास कम रहेको र उपस्थिति भएर पनि बकपत्र नगरी छोड्ने प्रकृति पनि रहेको देखिन्छ । प्रस्तुत लेखमा साक्षी संरक्षणको परिचय, यसको क्षेत्र र मोडेलहरू, अन्तर्राष्ट्रिय अभ्यासहरू, नेपालमा साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्था, साक्षी संरक्षणसँग सम्बन्धित न्यायिक दृष्टिकोण, यससँग सम्बन्धित कानून कार्यान्वयनको अवस्था, सरकारवादी मुद्दामा साक्षीको उपस्थिति, साक्षी परीक्षण र साक्षी संरक्षणको विषयमा देखिएका समस्या तथा समाधानका उपाय समेतलाई बुँदागत रुपमा प्रष्टाउने प्रयास गरिएको छ ।*


## १. विषय प्रवेश

फौजदारी मुद्दाका सम्बन्धमा मुद्दाको इन्साफ गर्दा महत्वपूर्ण प्रमाणको रुपमा साक्षी रहेको हुन्छ । मुद्दामा प्रमाणको रुपमा प्रस्तुत गरिने विभिन्न प्रमाण मध्ये मौखिक प्रमाण साक्षी हो । यो जिवित प्रमाण पनि हो । कलिलो उमेर, अति बृद्ध , शारीरिक वा मानसिक रोग वा अन्य कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने र त्यसको युक्तियुक्त जबाफ दिन नसक्ने बाहेक जुनसुकै व्यक्ति साक्षी हुन सक्छन् । अनुसन्धान अधिकारी समक्ष अपराधका बारेमा जानकारी दिने वा सो कुरा अदालत वा अर्द्धन्यायिक निकायमा गई बकपत्र गर्ने व्यक्ति साक्षी हो । पीडित, मतियार लगायत घटनाका बारेमा जानकारी हुने व्यक्ति साक्षी हुन सक्छन् । नेपाल सरकारवादी हुने मुद्दामा अपराधको बारेमा अनुसन्धानका सन्दर्भमा जानकारी दिएको वा कागज गरेको जाहेरबाला, घटनाबाट पीडित व्यक्ति, घटनास्थल मुचुल्का, बरामद मुचुल्का, खानतलासी मुचुल्का लगायतमा

---

♥ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

रहेको व्यक्ति, विशेषज्ञ लगायतका व्यक्तिहरू सरकारी साक्षीको रुपमा रहेका हुन्छन् । सरकारवादी साक्षीहरूको संरक्षण, उनीहरूको अदालतमा उपस्थिति र परीक्षण सन्दर्भमा केन्द्रित रहेर यस सम्बन्धी कानूनी व्यवस्था, बिद्यमान अवस्था, सुधारका सम्भावना समेतका विषयहरू समेट्ने प्रयास गरिएको छ ।

## २. साक्षीको संरक्षण

### २.१ परिचय

साक्षीको संरक्षणको अवधारणा सन् १९७० मा अमेरिकाबाट सुरुभएको मानिन्छ ।[1] अपराधको सूचना दिने व्यक्ति सो कारणले वा निजले गरेको बकपत्र अथवा साक्षीले गरेको बकपत्र वा गर्ने बकपत्रका कारण असर पर्ने व्यक्तिले साक्षी र उसको परिवारको शारीरिक, मानसिक हानी नोक्सानी पुराउने वा त्यसको प्रयास हुन सक्छ । पीडित वा साक्षीलाई त्यस्तो अवस्थाबाट मुक्त राख्न गरिने प्रयास साक्षी संरक्षण सम्बन्धी अवधारणा हो । पीडित वा साक्षीहरूलाई उनीहरूले गरेको बकपत्र वा गर्ने बकपत्रका कारण सहनुपर्ने अपमान, पुग्नसक्ने अबरोध र आघात तथा खतराबाट मुक्त राख्ने कार्यलाई सामान्य रुपमा पीडित तथा साक्षीको संरक्षण भन्ने गरिन्छ । पीडित तथा साक्षीको संरक्षणको अवधारणामा पीडित वा साक्षीको मानसिक, भौतिक र आर्थिक सुरक्षा लगायत पीडित वा साक्षीको मानवीय प्रतिष्ठाको सुनिश्चितता र सम्मान जस्ता हक अधिकारको प्रत्याभूति पनि संरक्षणको अवधारणा अन्तर्गत पर्दछ । यसका अतिरिक्त पीडितको संरक्षणका सन्दर्भमा पीडितका अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय रुपमा विकसित मान्यतालाई पनि दृष्टिगत गर्नुपर्ने हुन्छ ।

### २.२ साक्षी संरक्षणको क्षेत्र

पीडित तथा साक्षी संरक्षणको विषय हरेक मुलुकको फौजदारी न्याय प्रणालीको अनिवार्य विषयवस्तु हो र यो विषयको सम्बोधन नभएको न्याय प्रणालीमा न्याय व्यवस्था प्रभावकारी रहन सक्तैन । पीडित तथा साक्षी संरक्षणभन्दा सामान्यतया पीडित तथा साक्षीको शारीरिक सुरक्षाको अर्थमा मात्र धेरैजसोले बुझ्ने गरेको पाईन्छ तर पीडित तथा साक्षी संरक्षणको विषय व्यापक अवधारणा समेट्ने विषय हो । पीडित तथा साक्षीको संरक्षणको विषय कुनै एक चरणमा मात्र नभै विभिन्न समय वा चरणमा आवश्यक पर्छ । तसर्थ अपराध वा घटनाको उद्धारका क्रमदेखि अनुसन्धान तथा अभियोजनका क्रममा, अदालती कारबाहीका क्रममा, फैसला भइसकेपछि कार्यान्वयनका क्रममा र

१. The Good Practices for the Protection of Witnesses in Criminal Proceedings involving Organized Crime, United Nation, New York, 2008 http://www.unodc.org/documents/organized-crime/Witness-protection-manual-Feb08.pdf

आवश्यकतानुसार त्यसपछिका दिनमा पनि पीडित तथा साक्षीको संरक्षण आवश्यक पर्न सक्छ। खासगरी गम्भीर प्रकृतिका अपराध र संगठित अपराधका पीडित तथा साक्षीलाई जीवनभर संरक्षणको आवश्यकता पनि पर्न सक्छ। पीडित तथा साक्षीको अधिकारको संरक्षण, पीडित तथा साक्षीले सम्मान र मानवोचित शिष्ट भाषा र व्यवहार पाउने विषय, पीडित तथा साक्षीको र सामग्रीको सुरक्षाको प्रत्याभूति, पीडित साक्षी भएमा उसले कारबाहीको जानकारी पाउने विषय, पीडित तथा साक्षीको गोपनीयताको प्रत्याभूति, पीडित तथा साक्षीको अवस्थाको निरन्तर अनुगमन, कारबाहीका हरेक चरणमा पीडित तथा साक्षीमैत्री वातावरण पीडित तथा साक्षीको संरक्षणको अवधारणाभित्र पर्ने विषयहरू हुन्। पीडित तथा साक्षीको संरक्षणको अवधारणामा शारीरिक, पारीवारिक सुरक्षा, बसोबास र पूनर्वास, आर्थिक सहयोग तथा क्षतिपूर्ति, औषधोपचार, सामाजिक पुनर्स्थापना, परामर्श, न्यायिक प्रक्रियामा सहजीकरण र भ्रमण खर्च आदि विषय पर्छन्।[२]

साक्षी संरक्षणमा विभिन्न उपायहरू हुन सक्छन्। कतिपय मुलुकमा व्यापक रुपमा साक्षी संरक्षण नीति र रणनीति नै निर्माण गरिएको पाइन्छ। यससन्दर्भमा अल्पकालीन र दीर्घकालीन दुवै उपाय अवलम्बन गर्नु पर्ने हुन्छ। [३]

**अल्पकालीन उपायहरू :** कुन साक्षीलाई कस्तो संरक्षण आवश्यक छ पहिचान गरी अल्पकालीन रुपमा सुरक्षा दिने लगायतका कुराहरू पर्दछन्। यसमा अनुसन्धानमा पहिचानको गोप्यताको विषय, साक्षी पीडितहरूलाई प्रहरी संरक्षण वा सुरक्षीत गृहमा राख्ने आदि उपायहरू अबलम्बन गरिन्छ।

**दीर्घकालीन उपायहरू :** साक्षी संरक्षणका लागि कानूनी कार्यविधिहरूद्वारा सुनिश्चितता र औपचारिक रुपमा साक्षी संरक्षणको योजना निर्माण गरी कार्यान्वययन गर्ने कुराहरू यसमा पर्दछन्। बन्द इजलासमा सुनुवाई, अस्थायी रुपमा प्रतिवादीलाई साक्षीको परीक्षणमा बाहेक गर्ने, पहिचानको गोप्यता, साक्षी पीडितलाई अनावश्यक प्रश्न सोध्न र हैरानी गर्न नपाइने, भिडियोद्वारा साक्षीको बकपत्र जस्ता कुराहरू कानूनमा व्यवस्था गर्ने कुराहरू यस अन्तर्गत पर्छन्।

विश्वका कतिपय मुलुकमा साक्षी संरक्षणको सन्दर्भमा व्यापक कार्य भएको छ भने कतिपयमा हुन सकेको छैन। संयुक्त राष्ट्रसंघीय लागू औषध र अपराध संगठनको एक अनुसन्धान अनुसार उसले अनुसन्धान गरेका मुलुकहरू मध्ये केही मुलुकमा पूर्ण कार्यक्रम र केहीमा कुनै पनि नभएको देखिन्छ। तलको चार्टले स्थिति बुझ्न सकिन्छ।

---

२. अपराध पीडित महिला , बालबालिका तथा साक्षीको संरक्षण दिग्दर्शन, २०६५, राष्ट्रिय न्यायिक प्रतिष्ठान समेत, पृ. ४

३. Witness Protection in Countries Emerging rrom Conflict, 2007 at 2-5 http://inprol.org/files/CR07008.pdf




*Source- The good practices for the protection of witness, UNODC*

## २.३ साक्षीको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था

साक्षीको सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धिहरूले व्यवस्था गरेको पाइन्छ। कतिपय राज्यले साक्षी संरक्षणलाई आफ्ना कानूनमा समावेश गरेको र पर्याप्त नीतिगत व्यवस्थाहरू समेत गरेको पाइन्छ। विभिन्न विश्वव्यापी महासन्धिहरूले पनि साक्षी संरक्षणका सम्बन्धमा विभिन्न दिशा निर्देश गरेका छन्।

### भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिले गरेको साक्षी, विशेषज्ञ र पीडितको सुरक्षा व्यवस्था

- साक्षी र विशेषज्ञ एवम् उनीहरूका नातेदार र अन्य निकटस्थ व्यक्तिहरूलाई सम्भावित दुर्व्यवहार वा त्रासबाट प्रभावकारी सुरक्षा प्रदान गर्न समुचित उपायहरू अवलम्बन गर्नेछन्,
- त्यस्ता व्यक्तिहरूको भौतिक सुरक्षामा आवश्यक पर्नेसम्म र सम्भव भएसम्म, उनीहरूलाई अन्यत्र पुनर्स्थापित गर्ने र यस्ता व्यक्तिहरूको गोप्यता कायम राख्ने तथा उनीहरूको पहिचान र अबस्थितिको खुलासा गर्न सीमा तोक्न अनुमति दिने कार्यविधिहरू स्थापित गर्ने कुराहरू,
- प्रावधानहरू पीडित व्यक्ति साक्षी रहेसम्म उनीहरूका लागि पनि लागू हुनेछन्,
- कसूरदार विरुद्धका फौजदारी कारवाहीका प्रत्येक उपयुक्त चरणहरूमा प्रतिवादीका अधिकारहरूमा प्रतिकूल प्रभाव नपर्ने तरीकाबाट, पीडित व्यक्तिहरूका दृष्टिकोण र सरोकारहरूलाई प्रस्तुत गर्न तथा ध्यान दिन सक्षम बनाउने छन्,
- कुनै व्यक्तिले सूचना पेश गरेकोमा निज विरुद्ध कुनै अन्यायपूर्ण व्यवहार हुनबाट

सुरक्षा प्रदान गर्न आफ्नो मुलुकको कानून प्रणालीमा समूचित उपायहरू अबलम्वन गर्ने व्यवस्था गर्न विचार गर्नेछन् ।

**Protection of Witnesses in Transnational Organized Crime, 2000**

- Each State Party shall take appropriate measures within its means to provide effective protection from potential retaliation or intimidation for witnesses in criminal proceedings who give testimony concerning offences covered by this Convention and, as appropriate, for their relatives and other persons close to them.
- *Establishing procedures for the physical protection of such persons,* such as, to the extent necessary and feasible, relocating them and permitting, where appropriate, non-disclosure or limitations on the disclosure of information concerning the identity and whereabouts of such persons;
- *Providing evidentiary rules to permit witness testimony to be given in* a manner that ensures the safety of the witness, such as permitting testimony to be given through the use of communications technology such as video links or other adequate means.
- States Parties shall consider entering into agreements or arrangements with other States for the relocation of persons referred to in paragraph 1 of this article.
- The provisions of this article shall also apply to victims insofar as they are witnesses.

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था**

- अदालतले साक्षीको सुरक्षा, शारीरिक तथा मनोबैज्ञानिक भलाई ,मर्यादा र गोपनीयताको संरक्षण गर्न उपयुक्त उपाय अपनाउने,
- साक्षीको हितका लागि बन्द इजलासमा सुनुवाई गर्ने,
- साक्षीको संरक्षणात्मक उपाय, सुरक्षा बन्दोबस्त, परामर्श र सहयोगबारेमा सुझाव दिने,
- प्रमाण वा जानकारीको खुलासाले साक्षी वा निजको परिवारको सुरक्षामा गम्भीर खतरा उत्पन्न हुन सक्ने भएमा अभियोक्ताले पुर्पक्ष पूर्व कारबाहीमा जानकारी रोकी सारांस पेश गर्न सक्ने ।

## २.४ नेपालमा साक्षी संरक्षण सम्बन्धी कानून

नेपालमा साक्षीको संरक्षण सम्बन्धी छुट्टै कानूनका व्यवस्था छैन । यसको आवश्यकता महसुस गरिएको भएपनि यद्यपि यो कानूनको व्यवस्था हुन सकेको छैन । नगण्य रुपमा केही कानूनमा साक्षीको संरक्षणसँग केही सान्दर्भिक व्यवस्थाहरू छरिएर रहेका छन् । त्यस्ता व्यवस्था देहाय बमोजिम छन् :

### मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

यस ऐनले मानव बेचविखनको पीडित र साक्षीको संरक्षणमा विभिन्न व्यवस्था गरेको छ । यस्ता व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् ।

- उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्ने ।
- पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने ।
- पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्ने ।
- बेचविखनको अपराधको प्रतिरोध गर्दा ज्यान मरेमा सजाय नहुने ।
- कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने ।
- सूचना दिने सुराकीको नाम ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्ने पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न नहुने ।
- अदालतमा बयान वा साक्षीको रुपमा गरेको बकपत्रको कारण सुरक्षामा खतरा भई सुरक्षाको लागि प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने, निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने, केन्द्रमा राख्ने व्यवस्था गरिदिनु पर्ने ।
- मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ।
- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ मा उजुर गर्ने व्यक्तिको गोप्यता, पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन, पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालन आदि व्यवस्थाहरू रहेको ।

### प्रमाण ऐन, २०३१

यस ऐनमा कुनै साक्षीलाई अनावश्यक रुपमा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्ने व्यवस्था रहेको छ ।

### सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दा सम्बन्धी नियमावली

यो ऐन तथा नियमावलीमा साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनुपर्ने व्यवस्था गरिएको छ ।

### सङ्गठित अपराध निवारण ऐन, २०७०

पीडित साक्षी संरक्षणका सन्दर्भमा यस ऐनको दफा ६ मा कसैले देहायको कुनै काम गरेमा निजले न्यायिक कारबाहीमा अवरोध गरेको मानिने उल्लेख छ :-

- कसैलाई मुद्दाको कारबाहीका सम्बन्धमा झुटो प्रमाण दिनको लागि साक्षीको रूपमा प्रस्तुत गर्ने वा झुटो प्रमाण पेस गर्न वा मुद्दाको कारबाही वा प्रमाण सङ्कलनको कार्यमा मुद्दाको पक्ष वा साक्षी वा उजुरीकर्तालाई झुटो बयान वा बकपत्र गर्न वा गराउनका लागि कुटपिट वा आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा कुनै प्रलोभन, अनुचित दबाब दिने वा अन्य कुनै तरिकाले अवरोध पुऱ्याउने,
- मुद्दाको कारबाहीका सम्बन्धमा कुनै साक्षीलाई अदालतमा उपस्थित हुन वा प्रमाणको सङ्कलन वा प्रस्तुतीकरण गर्न बाधा अवरोध गर्ने, वा
- न्याय सम्पादन वा कानून कार्यान्वयन गर्ने अधिकारीलाई कुटपिट वा आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा अनुचित प्रलोभन दिने वा आफ्नो पदीय जिम्मेवारी पूरा गर्नबाट कुनै तरिकाले बाधा अवरोध पुऱ्याउने ।
- प्रमाण सम्बन्धी विशेष व्यवस्था अन्तर्गत दफा ३४ मा सङ्गठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवादमार्फत उपस्थित गराउन सकिने ।
- यस्तो अवस्था भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालतसमक्ष निवेदन दिनुपर्ने ।
- यसरी निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवादमार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा अनुसन्धान अधिकारी वा प्रहरीले पालना गर्नुपर्ने सर्त समेत तोकिदिन सक्ने ।
- सङ्गठित अपराधको मुद्दाका सुराकी, उजुरीकर्ता वा कुनै साक्षीलाई बुझ्नु परेमा अदालतले श्रव्यदृश्य संवाद वा डोरमार्फत बुझ्न वा अभियुक्तले नदेख्ने गरी निजको बकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन

वा रुपान्तरण गरी बुझ्न वा अदालतबाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सक्ने । यस बमोजिम बयान वा बकपत्र भएमा मुद्दाको सम्बन्धित मिसिल वा फैसलामा सोही नाम उल्लेख गर्नुपर्ने ।

- सङ्गठित अपराधको मुद्दाको सुराकी, उजुरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ । यस बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल, आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नुपर्ने ।
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको मुद्दाका सुराकी, उजुरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न सक्दैन । तर त्यस्तो सुराकी, उजुरीकर्ता वा कुनै साक्षीलाई जिरह गर्न सक्ने गरी अदालतले आदेश दिएमा अभियुक्तको कानून व्यवसायीले श्रव्यदृश्य संवादमार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने व्यवस्था छ ।
- यसरी जिरह गर्ने कानून व्यवसायीले त्यस्तो सुराकी, उजुरीकर्ता वा साक्षीको नाम, थर, वतन लगायत परिचयात्मक विवरण र चिन्ह त्यस्तो अभियुक्त लगायत कसैलाई पनि कुनै पनि रूपमा प्रकट गर्नु हुँदैन ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैँले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा हुने व्यवस्था रहेको ।
- कसैले दफा ५४ विपरीत सुराकी, उजुरीकर्ता वा साक्षीको विवरण वा अभिलेख सार्वजनिक गरेमा निजलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था रहेको ।
- सङ्गठित अपराधको सुराकी गर्ने, उजुरी गर्ने वा सूचना दिने व्यक्तिले आफ्नो परिचय गोप्य राखिदिन अनुरोध गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायले निजको नाम, ठेगाना लगायत निजको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यवस्था छ ।
- सङ्गठित अपराधको मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालतसमक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सोको कारण खुलाई आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षाको प्रबन्ध गरिदिन अदालत वा प्रहरीसमक्ष निवेदन दिन सक्छ ।

- यसरी अदालतमा निवेदन परेको भए अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ र प्रहरीमा निवेदन परेको भए त्यस्तो व्यक्ति वा सदस्यलाई सुरक्षा उपलब्ध गराउनु पर्दछ। यस बमोजिम उजुरीकर्ता, साक्षी वा निजको परिवारका सदस्यको संरक्षणको लागि त्यस्ता व्यक्तिको नाम, थर, वतन लगायतका परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा साङ्केतिक नाम दिई राख्नुपर्नेछ र अदालतले उपयुक्त ठहऱ्याएको विवरण तथा मुद्दा सम्बन्धी अभिलेख गोप्य राख्ने वा मुद्दा मामिला सम्बन्धी अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्छ। सुराकी, उजुरीकर्ता वा साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइँदैन।

## बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१

प्रस्तुत ऐनले आयोगमा कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नुपर्ने, महिला वा बालबालिकालाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिनुपर्ने वा बयान वा बकपत्र गराउनु पर्ने भएमा आयोगले निजको इज्जत, आत्मसम्मान र सुरक्षाको विशेष प्रबन्ध गर्नुपर्ने र साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनीयता र मर्यादाको संरक्षण तोकिए बमोजिम हुने व्यवस्था गरेको छ।

## अदालतसँग सम्बन्धित नियमावलीहरू

- बालबालिका, जबर्जस्ती करणी, मानव बेचविखन तथा ओसारपसार मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट सुनुवाई गर्ने भनि तोकिएका मुद्दा बन्द इजलासबाट सुनुवाई हुने सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत नियमावलीमा व्यवस्था गरिएको छ।
- नेपाल सरकार बादी भएको गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीको उपस्थितिले साक्षीलाई बकपत्र गर्न अनुचित दवाव परेको वा पर्ने सम्भावना छ भन्ने अदालतलाई लागेमा अदालतले प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाई कानून ब्यबसायीको रोहबरमा गराउने व्यवस्था मिलाउने जिल्ला अदालत नियमावली, २०५२ मा व्यवस्था रहेको छ।
- जिल्ला अदालत नियमावलीमा निरन्तर सुनुवाईको व्यवस्था रहेको।

### २.५ प्रस्ताबित अपराध कार्यविधि संहिता,२०५९ मा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था

यो कार्यविधि संहितामा निम्न व्यवस्था गरिएको भएपनि कार्यान्वयनमा आएन ।

- खास कसूरबाट पीडित साक्षीको परिचय सार्वजनिक गर्दा निजको सामाजिक प्रतिष्ठा वा इज्जतमा प्रतिकूल प्रभाव पर्नसक्ने वा निज उपर अभियुक्त पक्षबाट अनुचित डर त्रास वा भय उत्पन्न हुनसक्ने वा जीउज्यानको प्रतिकूल असर पर्न सक्ने भएमा निजको नाम थर वतन गोप्य राख्न सकिने ।
- साक्षी भएकै कारण निजलाई अभियुक्त पक्षबाट अनुचित डर त्रास वा भय उत्पन्न हुनसक्ने वा जिउज्यानको प्रतिकूल असर पर्न सक्ने भनि प्रहरी तथा अदालतमा सूचना गरेमा त्यस्तो साक्षीको सुरक्षा राज्यले गर्नुपर्ने ।

### २.६ फौजदारी न्यायसँग सम्बन्धित प्रस्तावित विधेयकमा भएको लैंगिक हिंसाका पीडित र साक्षी संरक्षण सम्बन्धी व्यवस्थाहरू

नेपालको फौजदारी कानूनमा समय सापेक्ष सुधार गरी परिमार्जन गर्ने र तत्काल नेपाल सरकार समक्ष पेश भई प्रकाशित भएको अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदालाई परिमार्जन गर्ने, नेपालको दण्डनीतिको सुधारको सम्बन्धमा सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५।८।१८ को निर्णय अनुसार **सर्वोच्च अदालतका माननीय न्यायाधीश कल्याण श्रेष्ठज्यूको संयोजकत्वमा गठित फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदलले तयार गरेको अपराध संहिता, फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन**को विधेयक पहिलो संविधानसभा अन्तर्गतको व्यवस्थापिका-संसदमा पेश समेत भएको थियो । यी विधेयकमा लैगिंक हिंसाका पीडित तथा साक्षीको पृथक व्यवस्था नभएपनि पीडित तथा साक्षी संरक्षणका सन्दर्भमा केही व्यवस्थाहरू रहेका छन् । ती व्यवस्थाहरू निम्नानुसार रहेका छन् ।

#### प्रस्तावित अपराध संहितामा रहेका व्यवस्था

- अपराध संहितामा क्षतिपूर्तिलाई फौजदारी न्याय प्रणालीको अभिन्न अङ्गको रुपमा आत्मसात् गरिएको छ । जसमा प्राय सबै कसूरका सम्बन्धमा क्षतिपूर्तिको व्यवस्था गरी पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाले सीमित कानूनी व्यवस्थामा रहेको क्षतिपूर्तिको अभ्यासलाई बढाएको छ र पीडितको संरक्षणका सन्दर्भमा यो महत्वपूर्ण फड्को रहेको छ । नेपालको फौजदारी न्याय प्रणाली पीडितमुखी हुन सकेन भनी भन्ने गरिएको कुरालाई क्षतिपूर्तिको व्यवस्थाले धेरै हदमा संवोधन गर्ने अपेक्षा गर्न सकिन्छ । यसका साथै अन्तरिम क्षतिपूर्तिको व्यवस्था समेत प्रस्ताव गरिएको छ ।
- जबर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिव विश्वास भई वा

जर्बजस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा निजी रक्षाको रुपमा सजाय नहुने व्यवस्था गरिएको छ ।

- कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको विषयमा प्रहरी वा अधिकारप्राप्त अधिकारी समक्ष खवर वा सूचना दिन जाने व्यक्तिलाई कसैले छेकथुन गर्न वा अन्य कुनै किसिमले बाधा अवरोध पुऱ्याउनु हुंदैन भन्ने कुरा कसूरको रुपमा कायम गरिएको छ ।

**प्रस्तावित फौजदारी कार्यविधि संहितामा रहेका व्यवस्था**

- कुनै कसूरको सम्वन्धमा कुनै महत्वपूर्ण कुरा थाहा भएको कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग सोधपुछ गर्न सक्ने ।
- पोल वा उजूर गरे बापत कुनै सजाय नहुने ।
- प्रतिवादीहरू मुद्दामा उपस्थित नभएको कारण साक्षी परीक्षणको प्रक्रिया शुरु नभएकोमा कुनै पक्षले आफूले दिएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने कारण देखाई त्यस्ता साक्षीहरू तत्कालै उपस्थित गराई बकपत्र गराउन अनुरोध गर्न सक्ने ।
- साक्षी शारीरिक रुपमा अशक्त भएको वा नाबालक भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत गर्न माग गरेमा अदालतले गराउन सक्ने ।
- नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्वन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनु पर्ने ।
- साक्षीको आवश्यक सुरक्षाको व्यवस्था नेपाल सरकारले गर्नु पर्ने ।
- अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने र साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने ।
- मानव बेचविखन लगायतका मुद्दा फिर्ता लिन नपाइने व्यवस्था र व्यक्तिको सम्पति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा निजको स्वीकृति आवश्यक पर्ने ।
- पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको वावुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्ने कुनै खास कसूरबाट पिडीत व्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमा रहेका व्यक्तिले साक्षीका रुपमा रहेको कारणले

आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल प्रभाव पर्न सक्ने भनि प्रहरी एवम् अदालतमा सूचना दिएमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरि दिनु पर्ने ।

- कसूरबाट पीडित व्यक्ति, जाहेरबाला वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि अनुसन्धान अधिकारी समक्ष गरेको बयान वा कागजभन्दा प्रतिकूल हुने गरी बयान वा बकपत्र गराउन बाध्य गराउनेछ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा पीडित व्यक्ति, जाहेरबाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकीलको रोहवरमा श्रव्यदृष्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्ने ।

**प्रस्तावित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन**

- जरिबाना गर्दा कसूरदारले कसूरबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति समेत तिर्नु पर्ने गरी जरिवाना गरिने भए निजले त्यस्तो क्षतिपूर्ति तिर्न नसक्ने गरी जरिवाना गर्नु नहुने ।
- कसूरदारबाट पीडितलाई क्षतिपूर्ति निर्धारणका आधारहरूको व्यवस्था गरिएको ।
- कसूरदारबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहतकोष /क्षतिपूर्ति कोष खडा गरिने ।

**साक्षी संरक्षण सम्बन्धमा बनेको साक्षी संरक्षण विधेयक, २०६८ को मस्यौदा**

साक्षीहरूको संरक्षणका लागि कानून आयोगबाट बिस्तृत रुपमा एकीकृत कानूनको मस्यौदा भै अहिले सो मस्यौदा उपर छलफल भै रहेको छ । प्रस्तुत मस्यौदामा कसूरको अनुसन्धान तहकिकात र अदालती कारबाहीको सिलसिलामा साक्षीलाई सत्य तथ्य व्यक्त गरी न्याय प्रशासन तथा सम्पादनमा सहयोग पुऱ्याउन प्रोत्साहित गर्न, शङ्कास्पद व्यक्ति, अभियुक्त वा कसूरदार वा निज सम्बद्ध व्यक्तिबाट साक्षीका विरुद्ध हुन सक्ने खतरा एवम् अनुचित प्रभावबाट सुरक्षा प्रदान गर्न, साक्षी संरक्षणका कार्यक्रम सञ्चालन गर्न तथा साक्षीका विरुद्ध हुन सक्ने कसूर नियन्त्रण गर्ने सम्बन्धमा समेत व्यवस्था गरिएको छ ।[४]

**२.७ साक्षीको संरक्षणसँग सम्बन्धित न्यायिक दृष्टिकोण**

- साक्षीको संरक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धि र अन्य मुलुकको कानून समेतका आधारमा छुट्टै कानूनको तर्जुमा गर्न नेपाल सरकारलाई, साक्षीलाई

---

४. www.lawcommission.org.np

लाग्ने खर्च निकासा माग गर्न र दिन प्रहरी प्रधान कार्यालय र अर्थमन्त्रालयलाई, समिति समेत गठन गरी प्रहरी प्रधान कार्यालयमा साक्षी संरक्षण र सहायता शाखा राख्न, जिल्ला प्रहरी प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न, साक्षी संरक्षण अधिकृत तोक्न, साक्षी संरक्षण सम्बन्धी अन्य आवश्यक व्यवस्था गर्न देहायको विषयमा कार्ययोजना बनाई कार्यान्वयन गर्न गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयलाई निर्देशनात्मक आदेश जारी ।[५]

- हाम्रा न्याय प्रणालीमा बालबालिका सम्बन्धी ऐन नियमको छुट्टै व्यवस्था भएपनि बालबालिका पक्ष वा विपक्ष रहेको अवस्थामा गर्नुपर्ने सोधपुछ वा साक्षी परीक्षणको हरेक चरणमा देखाउनु पर्ने संवेदनशीलता र तद्अनुरुपको कार्य प्रक्रियाको व्यवहारिक रुपान्तरणको अभावले न्यायिक प्रक्रियामा उनीहरूको योगदान अपेक्षित मात्रा र स्तरमा हासिल गर्न नसकिएको दिनहुँ जस्तो देखिन्छ । बालकसँग गरिने सोधपुछ वा साक्षी परीक्षणजस्तो न्यायिक प्रक्रियामा जारी हुनुपर्ने निर्देशिका र सोको सही कार्यन्वयनको उपयुक्त वातावरण सहितको कार्यकक्षको अभावमा सत्यतथ्य कुराहरू भन्न नसक्ने वा लेखबद्ध वा प्रतिनिधित्व गर्न नसक्ने अवस्थाहरू रहन्छन् ।[६]
- पीडितले जुनसुकै ढंगले अन्याय भोग्नु परेको होस, त्यसमा मलहम लगाउनुको उपेक्षा कतिपय गलत विश्वासको कारण निजउपर नै हाम्रो सामाजिक दृष्टिकोण नकारात्मक बनेको पनि हुन सक्छ । त्यसो भयो भने उसले पहिले भोगेका हिंसाको अतिरिक्त दोस्रो चरणको हिंसा वा पीडा पनि निरन्तर व्यहोर्नु पर्ने अवस्था हुन सक्छ । त्यस्तो समस्यालाई निपट्न कानूनी लगायतको संरक्षणको अभावमा अन्य हक वा सुविधा भोग्नमा समेत व्यवधान उत्पन्न हुन गई न्यायको खोजी गर्नु पीडितको लागि बरदानभन्दा पनि अभिसाप बन्दछ भन्ने व्याख्या भई मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्नसक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचविखन, जीउ मास्ने बेच्ने, हाडनाता करणी एवम् महिला विरुद्धको हिंसालगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरू, बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू र एच.आई.भी./एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम गर्न कार्यविधि निर्देशिका २०६४ समेत जारी भएको ।[७]

---

५. आदेश मिति २०६६।७।१८

६. २०५८ सालको फौ.पु.नं. २७६१, आदेश मिति २०६३।१०।८

७. ने.का.प. २०६४, निर्णय नं.७८८०, पृ. १२०८

- जबर्जस्ती करणी अपराधबाट पीडित भएका कारण पीडितलाई पारिवारिक, मानवीय, मनोबैज्ञानिक, शारीरिक, पेशागत, बौद्धिक, सामाजिक,आर्थिक लगायत जीवनका विभिन्न पक्षमा परेको दुरगामी असरलाई ध्यानमा राखी क्षतिपूर्ति स्वरुप प्राप्त हुने सम्पत्ति भएकाले यस्तोमा पीडितलाई दण्ड सजायको महलको व्यवस्था लागू नहुने ।[८]

## २.८ साक्षी संरक्षण सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र समस्याहरू

साक्षीको संरक्षणका लागि रहेका व्यवस्थाहरू पर्याप्त छैनन् । सीमित रुपमा छरिएर रहेका कानूनी व्यवस्थाहरूको कार्यान्वयन पनि पूर्ण रुपमा हुन सकेको छैन ।

- सर्वोच्च अदालतबाट न्यायिक सक्रियता स्वरुप उत्साहजनक रुपमा गोपनीयता कायम गर्ने निर्देशिका जारी भएको छ । फलस्वरुप यसको कार्यान्वयन अभ्यासमा आउनु सकारात्मक पक्ष हो तर अझै यसको कार्यान्यिन गोपनीयता कायम गर्नुपर्ने मर्म अनुरुपको हदमा हुन सकेको छैन । गोपनीयता कायम गर्ने यो व्यवस्थाको पर्याप्त जानकारीको अभावका कारण अनुसन्धानमा गोपनीयता कायम गर्ने कार्य नहुने र त्यसले अदालतमा पनि निरन्तरता पाउने गरेको छ । यहाँसम्मकी सर्वोच्च अदालतमा आइसकेपछिमात्र गोपनीयता कायम गरिएको पनि देखिएको छ । अनुसन्धान निकायमा अपेक्षा अनुरुप गोपनीयता कायम गर्ने सीपको अभाव वा यसको मर्मलाई नबुझिदिदा गोपनीयता कायम गर्ने प्रयास गरिएको भएपनि पहिचानको गोप्यता कायम गर्न अपर्याप्त हुने गरी यसको कार्यान्वयन भइदिदा समस्या आएको छ । एक अध्ययनको प्रारम्भिक प्रतिवेदनले[९] केवल ५० प्रतिशतमात्र गोपनीयता कायम गर्ने सम्बन्धा कोडनाम दिने, सिल गर्ने, सूचनाहरू असम्बन्धित पक्षलाई नखुलाउने र गोप्यता कायम गर्ने कागजको नक्कल उपलब्ध नगराउने जस्ता उपायहरू अबलम्बन गरिएको औल्याएको पाइन्छ ।
- बन्द इजलास कायम गर्ने कुरामा पनि यस्ता इजलासको भौतिक अवस्थिति र वातावरणले पीडितलाई असर पारेको, बन्द इजलासहरू पीडतले पीडालाई भुल्न वा कम हुनसक्ने पर्याप्त वातावरण सृजना नगरिएको, बन्द इजलासमा पीडितहरूप्रति गरिनुपर्ने व्यवहार तथा बन्द इजलासमा गरिनुपर्ने आचरणसँग सम्बन्धित कार्यविधि अभाव रहेको, बन्द इजलासबाट हेरिने मुद्दाका सम्बन्धमा

---

८. ने.का.प. २०६७ अंक ५, नि.नं. ८१४८ पृ. ७८४

९. राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट भएको एक अनुसन्धानको प्रारम्भिक प्रतिवेदनको छलफलमा प्राप्त तथ्यांक अनुसार राखिएको तर यो अन्तिम प्रतिवेदन होइन

अदालतका कर्मचारीलाई पूर्ण रुपमा सचेत बनाउन नसकिएको, पीडित साक्षीहरूको बकपत्र बन्द इजलासमा हुने व्यवस्था यसको मर्मअनुरुप प्रभावकारी रुपमा हुन सकेको छैन । एक अध्ययन प्रतिवेदनले अध्ययन गरिएका २३ प्रतिशत अदालतमा बन्द इजलासको अभ्यास नभएको औल्याएको छ ।[१०]

- साक्षी संरक्षणको प्रयोजनका लागि जिल्ला अदालत नियमावलीमार्फत भित्राइएको निरन्तर सुनुवाईको व्यवस्था पनि कार्यान्वयन हुन सकेको छैन । निरन्तर सुनुवाई सम्बन्धी अवधारणागत स्पष्टताको अभावमा यो प्रक्रियामा जान सकेको छैन । एकाध जिल्लामा यो व्यवस्थाको अभ्यास आरम्भ गरेको भन्ने संचार माध्यममार्फत सार्वजनिक भएको भएपनि आम रुपमा यसको कार्यान्वयन हुनै सकेको छैन ।
- गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीको उपस्थितिले साक्षीलाई बकपत्र गर्न अनुचित दवाव परेको वा पर्ने सम्भावना छ भन्ने अदालतलाई लागेमा अदालतले प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाई कानून ब्यबसायीको रोहबरमा गराउने व्यवस्था मिलाउने भन्ने व्यवस्था जिल्ला अदालत नियमावलीमा रहेको भएपनि यो व्यवस्था पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । यससम्बन्धी स्पष्ट कार्यविधिको अभाव समेत भएकाले यो व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न नसकिएको अवस्था छ ।
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी भएको २० वर्ष र सरकारी मुद्दा सम्बन्धी नियमावली जारी भएको १५ वर्ष पुग्दा पनि अझैसम्म पीडित तथा साक्षीहरूलाई बकपत्रका क्रममा उपलब्ध गराउनु पर्ने भ्रमण खर्च उपलब्ध हुने सुनिश्चितता हुन नसकेको र सर्वोच्च अदालतबाट यस सन्दर्भमा निर्देशनात्मक आदेश जारी भएको ४ वर्ष व्यतित हुँदा पनि त्यसको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको तथा गत वर्ष सुरुआत गरिएको भत्ता उपलब्ध गराउने प्रयासले निरन्तरता समेत प्राप्त हुन नसकेको ।
- मानव बेचविखन ऐनको व्यवस्था अनुरुप व्यवहारिक रूपमा अनुसन्धान तथा अदालती प्रक्रियाहरूको समयमा समेत, मानव बेचबिखनका पीडितहरूलाई दीर्घकालीन पुनर्स्थापना सेवाहरू प्रदान गर्ने पूर्वाधारहरू तयार भएका छैनन् ।
- एक अध्ययन प्रतिवेदनले अध्ययन गरेका जिल्लाका आधारमा प्रतिवेदनमा भनेको छकी[११] "व्यवहारत: फौजदारी कारवाहीको अवधिमा मानव बेचबिखनका पीडितहरू तथा साक्षीहरूको सुरक्षा पर्याप्त नियमन, श्रोतहरू, समझदारी, तथा संयोजनको अभावको कारणले गर्दा कार्यान्वयन हुँदैनन्, वा प्रभावकारी हुँदैनन् । पीडित तथा

१०. Baseline Survey on Juvenile Justice System in Nepal,CeLLRd,2010 at 86

११. नेपालको लागि मानव बेचबिखन मूल्याङ्कन सामग्री प्रतिवेदन २०११, अमेरिकन बार एशोसिएशन, रुल अफ ल इनिसियटिभ, पृ.९२

साक्षीहरूको गोपनियता तथा सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउन अदालतसँग पर्याप्त पुर्वाधारहरू नभएको कुरा मोरङ्ग, मकवानपुर र कञ्चनपुरका अन्तरवार्तादाताहरूले बताए। हरेक अदालतमा एउटा मात्रै फौजदारी इजलास छ, कहिलेकाहीँ त एकै दिनमा एकभन्दा धेरै मुद्दाहरूमाथि छलफल गरिएका हुन्छन्। यी तीनवटा जिल्लाहरूमध्ये, मकवानपुरको अदालतमा मात्रै विशेष सुरक्षा सरोकार राख्नेहरूको लागि छुट्टै प्रतिक्षालय बनाइएको छ। यसबाहेक, मानव बेचबिखनका मुद्दाहरूमा अदालती प्रक्रियाहरूलाई बन्द इजलासमा कारबाही गर्नुपर्ने व्यवस्था सधैंभरि कार्यान्वयन भएको पाइदैन। अन्त्यमा, निवदेन गरेको अवस्थामा मात्रै प्रहरी सुरक्षा उपलब्ध हुन्छ र अधिकांश पीडित तथा साक्षीहरू यस विकल्पप्रति सचेत रहदैनन।"

## २.९ साक्षीको संरक्षण हुन नसकेका कारण न्याय प्रणालीमा परेको प्रभाव

साक्षी संरक्षणको नीति अबलम्बन राम्रोसँग गर्न नसकेको कारण देहाय बमोजिमका समस्याहरू परेको देखिन्छ।

- साक्षीको बैयक्तिक स्वतन्त्रता, मानव प्रतिष्ठा लगायतका अधिकारको सम्मान र संरक्षण गर्ने वातावरण सृजना हुन नसकेको कारण न्याय प्रणालीप्रति आम नागरिकको विश्वास कायम हुन कठिनाई भएको,
- साक्षीलाई सम्भावित शारीरिक, भौतिक , मानसिक खतराबाट जोगाउन नसकेको कारण न्यायिक प्रक्रियामा साक्षीको सहयोग लिन समस्या भएको,
- साक्षीउपर पुगेको मानसिक , शारीरिक, आर्थिक , सामाजिक, साँस्कृतिक पिडा र क्षतिको पूर्ति वा न्यूनिकरण गर्न नसक्दा साक्षीहरू न्याय प्रणाली प्रति विश्वस्त हुन नसेकेको,
- प्रमाण लोप हुने अवस्था सृजना भएको,
- साक्षीलाई Hostile हुने प्रवृत्ति बढीरहेको कारण न्याय सम्पादनमा समस्या परेको,
- पीडकलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउने कार्य प्रभावकारी रुपमा सम्पादित गर्न नसकिएको र कसूरदारले सफाई पाई दण्डहीनता बढदै जाने अवस्था सृजना भएको।

## २.१० साक्षीको संरक्षणका लागि गर्नु पर्ने कार्यहरू

यससम्बन्धमा अहिले भै रहेका व्यवस्थाहरूको कार्यान्वयनमा सुधार र अन्य मुलुकहरूमा अभ्यासमा आएका र हामीकहाँ अभाव रहेका नयाँ व्यवस्थाहरू पनि साथसाथै गर्दै जानु पर्छ। देहायका कार्यहरू गर्नु आवश्यक छ।

**प्रचलित व्यवस्थाहरू कार्यान्वयनमा सुधार**

- प्रचलित रहेका सान्दर्भिक कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- गोपनीयता, बन्द इजलासका मर्म व्यवहारमा पूर्णत रुपान्तरण र क्रियान्वित भई यसको अभिष्ट पूरा गर्न आवश्यक भौतिक लगायतका पूर्वाधार र वातावरण सृजना गर्ने ।
- साक्षी परीक्षणका क्रममा प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाउने, बन्द इजलासमा कायम हुनुपर्ने न्यूनतम् मापदण्ड र आचरण लगायतका विषयमा आवश्यक कार्यविधि तर्जुमा हुनु जरुरी छ ।
- कार्यान्वयनमा आउन नसकेको साक्षीको भ्रमण खर्चको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।
- प्रचलित कानूनले पीडितलाई क्षतिपूर्ति निर्धारण लगायतका विषयमा एकरुपता र निश्चितताका लागि स्पष्ट मापदण्डहरू विकास गर्नु आवश्यक छ ।

**साक्षी संरक्षण सम्बन्धी नयाँ व्यवस्थाहरू**

अहिले रहेका पीडित र साक्षीको सुरक्षा सम्बन्धी फुटकर कानूनी व्यवस्थाहरू पर्याप्त छैनन् । यस सन्दर्भमा देहाय बमोजिमका व्यवस्था गर्नु आवश्यक हुन्छ ।

- पीडित र साक्षीको सरक्षण सम्बन्धी नयाँ कानूनको तर्जुमा गर्ने । यस्तो कानूनमा पीडित र साक्षीको संरक्षण सम्बन्धमा यिनीहरूको संवेदनशीलता र आवश्यकतालाई अहिले कायम रहेका गोपनीयता, बन्द इजलास लगायतका व्यवस्था र भिडियो कन्फरेन्सबाट सुनुवाई गरिने आदि र आवश्यक अन्य विशेष व्यवस्थाहरू पनि गर्ने । खास गरी यस्तो कानूनमा साक्षी संरक्षणका अल्पकालीन र दीर्घकालीन तथा कार्यविधिगत व्यवस्थाहरू समावेश गर्ने । यो कानूनमा साक्षी तथा पीडितको संरक्षणका लागि समकालीन विश्वमा अवलम्बन गरिएका राम्रा अभ्यासहरूलाई राख्ने तथा साक्षी विरुद्धका कसूरहरूको पनि व्यवस्था गर्ने ।
- यस सन्दर्भमा कानून आयोगबाट मस्यौदा भएका विधेयकहरू यथाशीघ्र जारी हुनुपर्छ ।
- पीडित र साक्षी संरक्षण सम्बन्धी नीतिको तर्जुमा गर्ने ।
- पीडित र साक्षी संरक्षण सम्बन्धी कार्यक्रमहरू तयार गर्ने ।
- पीडितलाई क्षतिपूर्ति दिने विषय फौजदारी न्यायको अनिवार्य विषय बनाउने ।

## २.११ प्रस्तावित विधेयकमा परिमार्जनका क्षेत्रहरू

प्रस्तावित विधेयकले अहिले व्यवस्था रहेको पीडित र साक्षी संरक्षणको तुलनामा प्रगतिशिल व्यवस्थाहरू गरेको भएपनि पर्याप्तता भने रहेको पाइदैन । यससन्दर्भमा देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरेको छु ।

- अपराध संहितामा पीडित र साक्षी विरुद्धका कसूरहरूको व्यवस्था गरिएको छैन । साक्षीले बकपत्र गर्नबाट बाधा अवरोध दिने वा डरत्रासमा पार्ने, साक्षी र निजका आफन्तहरूलाई धम्की दिने, ललाउने फकाउने प्रलोभनमा पार्ने, हैरानी पार्ने जस्ता कार्यलाई पीडित र साक्षी विरुद्धको कसूरको रुपमा अपराध संहितामा व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- पीडितको अधिकार, क्षतिपूर्तिको अधिकार जस्ता मानव अधिकार कानून र अन्तर्राष्ट्रिय रुपमा स्वीकार गरेका मापदण्डलाई अपराधसंहिताको सामान्य सिद्धान्तमा उल्लेख गर्न श्रेयस्कर हुने ।
- पीडित तथा साक्षीको संरक्षणका सम्बन्धमा विकसित भएका र समकालीन विश्वमा प्रचलनमा रहेका राम्रा अभ्यासहरूलाई यसमा पूर्ण रुपमा समेट्न सकिएको छैन । अल्पकालीन र दीर्घकालीन रुपमा अपनाइने संरक्षणका व्यवस्थाहरू फौजदारी कार्यविधि संहिता थप रुपमा समेट्न आवश्यक छ ।
- नेपाल सरकारले पीडित र साक्षी संरक्षण नीति तथा साक्षी संरक्षण सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गर्ने छ भन्ने व्यवस्था राख्न उपयुक्त देखिन्छ ।
- लैगिंक हिंसाका पीडित तथा साक्षीको गोपनीयता कायम गर्ने कुरालाई कार्यविधि संहितामा बाध्यात्मक रुपमा राख्ने व्यवस्था गरिनु पर्छ ।
- जबर्जस्ती करणीलाई मुद्दा फिर्ता गर्न नसकिने व्यवस्था गरिनु पर्छ र मुद्दा फिर्ताका क्रममा पीडितसँग छलफल गर्ने र उनीहरूको सन्तुष्टिलाई ध्यान दिने कुरा पनि समावेश गर्दा पीडितको संरक्षण पक्ष बलीयो हुन्छ ।
- सजाय निर्धारणका क्रममा पीडितसँग परामर्श गर्ने र निजको सन्तुष्टिलाई समेत सजाय निर्धारणको आधारको रुपमा लिने तथा पुर्नस्थापकीय न्यायका अवधारणालाई आत्मसात गर्ने व्यवस्था गर्ने ।
- पीडितले पहिले अन्तरिम रुपमा पाएको क्षतिपूर्ति अभियुक्तले सफाइ पाएमा फिर्ता गर्नुपर्ने व्यवस्था पीडितको हित अनुकूल नभएकाले यसलाई परिमार्जन गरी राहत कोषबाट उपलब्ध गराउने व्यवस्था गर्नु पर्छ ।
- पीडित राहत कोष/क्षतिपूर्तिकोषको व्यवस्थामा पीडितले क्षतिपूर्ति तिर्न नसक्ने अवस्थामा यस कोषबाट भराइदिन सकिने स्पष्ट व्यवस्था सजाय निर्धारण ऐनमा हुन आवश्यक देखिन्छ ।

## ३ सरकारवादी मुद्दामा साक्षीको उपस्थिति

### ३.१ परिचय

प्रत्येक मुद्दामा को कसले प्रमाण पेश गर्ने वा कसमा प्रमाणको भार निहित रहने भन्ने प्रमाण कानून लगायत प्रचलित अन्य कानूनबाट व्यवस्थित गरिएको हुन्छ । यस्तो प्रमाणको प्रस्तुतीको विषय प्रमाणका भारसँग सम्बन्धित रहेको हुन्छ । कुनै तथ्यबारे

अदालतलाई बिश्वास दिलाउने अभिभारा कुन पक्ष उपर हुन्छ भन्ने निर्धारण गर्ने कुरालाइ प्रमाणको भार भनिन्छ । अर्थात अदालतमा प्रमाण पेश गर्ने वा प्रमाण द्वारा पुष्टि गराउने अभिभारा प्रमाणको भार हो । जसले जे कुरा भन्छ उसैले सो कुरा पुष्टि गर्नु पर्ने प्रमाण कानूनको सिद्धान्त छ । मुद्दा हेर्ने अधिकारी समक्ष पुऱ्याउनु पर्ने प्रमाणको भार र प्रमाण प्रस्तुतीका प्रक्रियाहरू मुलुकको प्रचलित कानूनमा व्यवस्था गरिएको हुन्छ ।[१२] प्रमाण पेश गर्नु पर्ने अभिभारा वा दायित्व भएका मुद्दाको पक्षले मुद्दा हेर्ने अधिकारी समक्ष प्रमाण पेश गर्नु पर्ने हुन्छ । यस क्रममा आफ्ना साक्षी अदालत समक्ष पक्षले उपस्थित गराउनु पर्ने हुन्छ । साक्षीलाई अदालतमा उपस्थित गराउने यो कुरा सरकारवादी साक्षीका हकमा सरकारी पक्षको नै हुन्छ ।

## ३.२ सरकारवादी मुद्दामा साक्षी परीक्षणको औचित्य, आवश्यकता र महत्व

प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार साक्षीको भनाइलाई अदालतले तवसम्म प्रमाणमा लिँदैन जबसम्म उसले अदालत समक्ष उपस्थित भई आफ्नो पूर्व भनाइलाई समर्थन गर्दैन । त्यसैले बादी पक्षले अनुसन्धानका क्रममा कागज गरेका व्यक्तिहरू अदालतमा उपस्थित गराई निजहरूको मौकाको कथन पुन अदालतमा पुष्टि नगराएमा सो पहिले गरेको कागजको व्यहोरा प्रमाण ग्राह्य हुँदैन र अभियोजनले सफलता नपाउने हुन्छ । सहि न्याय निरुपणमा सहि र सत्य प्रमाणको सर्वाधिक महत्वपूर्ण भूमिका हुन्छ । कुनै बिबाद वा घटनाका सम्बन्धमा साक्षीले सहि र सत्य कुरा बताओस भन्ने साक्षी परीक्षणको अभिष्ट हुन्छ । सोधपुछ, जीरह र पुनसोधपुछ जस्ता अदालतमा हुने साक्षी परीक्षणका चरणबाट सही तथ्य प्राप्त भै न्याय निरुपण गर्न, कसूरदारले कसूर गरे वा नगरेको कुरा पत्ता लगाउन र वास्तविक कसूरदारलाई सजाय र निर्दोष व्यक्तिलाई सफाई दिने कार्यमा साक्षी परीक्षण जरुरी हुन्छ ।

## ३.३ अभियोगपत्रमा साक्षीको उल्लेखन गर्दा ध्यान दिनु पर्ने कुराहरू

आफ्ना साक्षी प्रमाणहरू स्पष्टसँग उल्लेख गर्ने र प्रस्तुत गर्ने दायित्व वादी पक्षको हुन्छ । साक्षीहरूको उल्लेखन सहि किसिमले हुन नसकेमा उनीहरू बकपत्रमा उपस्थित गराउने कुरामा समस्या पर्न सक्छ । अभियोगपत्र साथ पेश गरिने सबुत प्रमाणहरू साक्षी, भौतिक चिज वस्तुहरू, दशी प्रमाणहरू र लिखत प्रमाणहरू जे जस्तो छन् तिनको प्रष्ट फेहरिस्त पनि अभियोग पत्रमा खुलाउनु पर्दछ । अहिले अभियोगपत्रमा साक्षीहरूको नाम वा आफ्ना तर्फका प्रमाणस्वरुप रहेका व्यक्तिहरूको नाम उल्लेख

---

१२. नेपलामा प्रमाणको प्रस्तुतीसँग सम्बन्धित यस्ता कानूनहरूमा प्रमाण ऐन, २०३१, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५, मुलुकी ऐन, विशेष अदालत ऐन, २०५९ लगायतका आदिमा व्यवस्था रहेको छ

नगरी गोश्वारा रुपमा वस्तुस्थितिका मानिस वा बुझिएका व्यक्तिहरू भन्ने अभ्यास देखिन्छ ।

अभियोगपत्रमा दावी लिदा अभियोगपत्रको साक्षी प्रमाण महलमा को को साक्षी प्रमाण हुन र कस कसलाई बुझ्नु पर्ने हो स्पष्ट लेखेमा पछि अदालतले सोही महल हेरेर बुझ्ने गर्छ र यसबाट महत्वपूर्ण साक्षी प्रमाण छुटन नगई मुद्दा बलियो हुन जान्छ भने यस्तो नभएमा गोलमटोल भई महत्वपूर्ण साक्षि प्रमाण बुझ्न छुट्नाले मुद्दा असफल हुन्छ । सरकारबादी मुद्दाको असफलता सम्बन्धमा गरिएको अध्ययन अनुसार अध्ययन गरिएका १२१ मुद्दामध्ये ४० वटा अर्थात ३३% मुद्दामा स्पष्ट रुपमा उल्लेख गरेको, ७३ वटा अर्थात ६०% मुद्दामा स्पष्ट रुपमा प्रमाणहरू उल्लेख नगरेको र ८ वटा अर्थात ७% मुद्दामा उल्लेख नै नगरेको पाइयो ।[१३] यस्तो अभ्यास गलत हो । प्रत्येक साक्षीको नाम नै उल्लेख गर्नु पर्छ । अनुसन्धानमा भएका कागज हटाउन मिल्दैन । यसैले कतिपय सङ्कलित कागज आफ्नो विरुद्धमा भएमा त्यस्ता व्यक्तिको नाम साक्षीको रुपमा उल्लेख नगर्न भने सकिन्छ । यसले गर्दा आफ्नो पक्षमा कुरा नभनेको व्यक्ति बादी पक्षको साक्षीको रुपमा उल्लेखन नहुने कुरा पनि सुनिश्चित हुन्छ । अभियोग पत्रमा साक्षीको उल्लेखन गर्दा देहायका कुरामा ध्यान दिनु आवश्यक हुन्छ ।

- साक्षी गवाहको पूरा नाम, थर, वतन उल्लेख गर्नु पर्छ ।
- देख्ने साक्षी (Eye Witness) लाई छुटाउनु हुँदैन ।
- अभियोगलाई पुष्टि नगर्ने व्यहोरा लेखाउने साक्षीलाई उल्लेख गर्नु हुंदैन ।
- वरामद दसी प्रमाण सनाखत (Identify) गराई दसी प्रमाण सिलसिलेबार प्रस्तुत गर्नु पर्छ ।
- भौतिक सवूद परीक्षण गरिएको विशेषज्ञको राय भए विशेषज्ञ साक्षीको उल्लेख गर्नु पर्छ ।
- म्याद थपको क्रममा अदालतमा प्रस्तुत भैसकेका कागजात झिक्न (Document Screening) हुँदैन, सबै प्रस्तुत गर्नु पर्छ । तर त्यस्ता व्यक्ति वादी पक्षको साक्षीको रुपमा उल्लेख भने गर्नु हुँदैन ।

### ३.४ साक्षीको उपस्थिति सम्बन्धी कानूनी व्यवस्था

वादी प्रतिवादीमा लेखिएका साक्षीहरूलाई अड्डाले तोकेको तारिखमा मुद्दाका पक्षहरू आफैंले उपस्थित गराउनु पर्ने हुन्छ । यद्दपी पूर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेश गर्न चाहेको साक्षीलाई अदालतबाटै झिकाई बुझी पाउँ भनी निवेदन दिएमा त्यस्ता साक्षीहरूलाई, नेपाल सरकार वादी भएको वा अन्य फौजदारी मुद्दामा

१३. न्यायमा पहुँच कार्यक्रमको सहयोगमा जस्टीस फर अल संस्थाले गरेको नेपाल सरकारबादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययन प्रतिवेदन (अप्रकाशित)

नबुझी नहुने भनी अदालतले ठहराएका साक्षीहरूलाई, साक्षीहरूलाई अदालत आफैंले म्याद जारी गरी उपस्थित गराई बुझ्न सक्दछ ।[१४] यसका अतिरिक्त नेपाल सरकार वादी हुने र हुलदङ्गा कुटपीट मुद्दामा फिरादपत्र वा प्रतिउत्तरपत्रमा लेखिएदेखि बाहेकका लिखित प्रमाण वा साक्षी वा सरजमीनका मानिस पनि बुझ्नु पर्ने देखिएमा अड्डाले झिकाई बुझ्न वादी प्रतिवादीका पेटवोलीमा लेखिएको मानिस नबुझी मुद्दा नछिनिने देखिएमा प्रमाणका तवरले अड्डाबाट बुझ्न हुने व्यवस्था पनि गरिएको छ ।[१५] सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतका नेपाल सरकार वादी हुने मुद्दामा अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारीत मिति र समयमा सरकारी वकीलमार्फत त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुने व्यवस्था छ ।[१६]

सरकारी पक्षको साक्षी, गवाहलाई अदालतले तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली तोकिएको ढाँचामा मुचुल्का खडा गरी प्रहरीले सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्नु पर्नेछ र सरकारी वकीलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ भन्ने व्यवस्था समेत सरकारी मुद्दा सम्बन्धी नियमावलीमा रहेको छ । सर्वोच्च अदालतबाट एकपटक उपस्थित गराउन नसकिएको भए पनि उपस्थित गराउने दायित्व निर्वाह गर्न सकिने सिद्धान्त कायम भएको छ । जसमा भनिएको छ , अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्बन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु नपर्ने । एकपटक साक्षी अदालतमा दाखिला गराउँदैमा साक्षीको बकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने ।[१७]

साक्षी गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुने कानूनी व्यवस्था गरेको हुँदा सो बमोजिमको कर्तव्य बहन गरी साक्षी उपस्थितिको सुनिश्चितता गर्न सबै जिल्ला प्रहरी कार्यालयमा र खास गरी काठमाडौंका प्रहरी कार्यालयमा विशेष रुपमा लेखी निरन्तर अनुगमनको समेत व्यवस्था गर्न सरकारी वकील सम्बन्धी

---

१४. उही १४४ नं.र ११५ नं

१५. उही ७७(१) नं., १३९ नं.

१६. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५

१७. नेपाल सरकार विरुद्ध धौलीदेवी विष्ट ने.का.प. २०६८ नि.नं. ८६६८, अंक ८ पृ. १३७६

नियमावली, २०५५ को नियम १० को उपनियम (६) बमोजिम प्रहरी महानिरीक्षकलाई लेखी पठाउने, साक्षी गवाहलाई तोकिएको दिन उपस्थित गराउन नसकेको अवस्थामा मनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलादमीहरूको रोहवरमा अनुसूची १४ बमोजिमको ढांचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्ने गर्नु भन्ने समेत लेखी पठाउने, मुद्दामा साक्षी उपस्थिति भए नभएको सम्बन्धमा मिसिलहरू समय समयमा हेरी अनुसन्धान गर्ने प्रहरी कार्यालयलाई प्रकरण १ र २ बमोजिमको व्यवस्था गर्न पत्र लेखी पठाउने गर्नु भनी सबै सरकारी वकील कार्यालयहरूमा लेखी पठाउने भनि महान्यायाधिवक्ताको कार्यालयबाट परिपत्र पनि जारी गरिएको अवस्था छ ।[१८]

## ३.५ उपस्थित गराउनु पर्ने साक्षी र विशेषज्ञ

देहाय बमोजिमका साक्षीहरूलाई परीक्षणका लागि बादी पक्षले अदालतमा प्रस्तुत गर्नु पर्ने हुन्छ ।

- वस्तुस्थिति मुचुल्काका मानिस
- सरजमिन मुचुल्काका मानिस
- खानतलासी तथा बरामदी मुचुल्काका मानिस
- घटनास्थल मुचुल्काका मानिस
- लाश जाँच मुचुल्काका मानिस
- मौका मुचुल्का (ठाडो कागज) का मानिस
- दरकस (मूल्य) मुचुल्का गरिदिने र रोहवरमा वस्ने मानिस
- मृत्युकालीन घोषणा सुन्ने मानिस
- जाहेरबाला तथा पीडित आदि ।

साक्षी नभएपनि देहाय बमोजिमका विशेषज्ञहरूलाई पनि परीक्षणका लागि उपस्थित गराउनु पर्ने हुनसक्छ ।

- लाश पोष्टमार्टम गर्ने डाक्टर
- शारीरिक परीक्षण गर्ने डाक्टर
- भिषेरा परीक्षण गर्ने विशेषज्ञ
- घाउ जाँच केश फारम गर्ने डाक्टर
- लागू औषध लगायत रासायनिक जाँच गर्ने विशेषज्ञ
- ल्याप्चे, हस्ताक्षर, फोटो आदि परीक्षण गर्ने विशेषज्ञ आदि ।

---

१८. महान्यायाधिवक्ताको कार्यालयको च.नं. ४७०२, मिति २०६७।९।१२ को परिपत्र

## ३.६ साक्षीको अदालतमा उपस्थितिको अवस्था

सरकारवादी हुने मुद्दामा साक्षीहरूलाई अदालतमा उपस्थित गराउने कुरा सन्तोषजनक रुपमा हुन सकेको छैन । सरकारवादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धमा गरिएको एक अध्ययन अनुसार अदालतमा साक्षीहरू उपस्थित भई अनुसन्धानका क्रममा भएको कागज व्यहोराको पुष्टि हुने गरी बकपत्र गरेमा मात्र त्यसले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्राह्य हुने हुँदा साक्षीको अदालतमा उपस्थितिको ज्यादै महत्व हुन्छ । यस सन्दर्भमा साक्षीको उपस्थितिको अवस्था कस्तो छ भनी अध्ययन गरिएकोमा अध्ययन गरिएका मुद्दाहरू १२१ मध्ये जम्मा ३६ प्रतिशत साक्षीहरूमात्र उपस्थित भएको र ६४ प्रतिशत साक्षीहरू उपस्थित नहुने गरेको पाइएको छ ।[१९] प्रमाण ऐनको दफा १८ र २५ बमोजिम वादीले प्रमाणको भार वहन गर्ने र अदालत वाहिर व्यक्त गरेको (अनुसन्धानमा) कुरा सो व्यक्त गर्ने व्यक्तिले अदालतमा गई बकेमा मात्र प्रमाणमा लिईने सन्दर्भमा सरकारवादी हुने मुद्दामा एकपटक साक्षीलाई बकपत्र गर्न झिकाएकोमा नआएको अवस्थामा साक्षी आउन नसकेको कारण देखाई पुनः बुझिपाउन मौका माग गर्ने गरेको वा नगरेको सम्बन्धमा अध्ययन गरिएका १३३ मुद्दामध्ये १४ वटामा अर्थात ११% मुद्दामा पत्र पठाई मौका माग गरेको र ११९ वटा अर्थात ८९% मुद्दामा पुन माग गरेको देखिएन ।[२०] यसरी नै अध्ययन गरिएका ११७ वटा मुद्दा मध्ये १०५ वटा अर्थात ९०% मुद्दामा उपस्थित भै बकपत्र गरेको तर १२ वटा अर्थात १०% मुद्दामा बकपत्र नगरी हिडेको समेत पाइएको छ । अध्ययन गरिएका १२६ मुद्दा मध्ये अ.बं. ११५ नं को प्रक्रिया बमोजिम झिकाउंदा ८० मुद्दा मध्ये ४ वटा अर्थात ५% मुद्दामा साक्षी उपस्थित भएको तर ७६ वटा अर्थात ९५% मुद्दामा अनुपस्थित रहेको पाइयो । अ.व. ११५ नं. बमोजिम अदालतले झिकाउंदा पनि नआउने साक्षीलाई रु.५०।- जरीवाना गरी बुझ्नुपर्ने, नआएमा पुन ७ दिनको म्याद पठाउने, नआएमा पक्रन पठाई ल्याउने, फेला नपरेमा पुन ७ दिनको म्याद पठाउने, नआएमा पुन पक्रन पठाई ल्याई १५ दिन देखि ४५ दिनसम्म कैद गर्नुपर्ने सम्मको प्रक्रिया रहेको छ । अ.व. ११५ नं. प्रयोग गरिएको धेरै मुद्दामा यी सबै प्रक्रिया पूरा गरेको देखिदैन भन्ने आलोचना गरिएको पाईन्छ । अध्ययन गरिएका मुद्दा मध्ये ३३% मुद्दामा सबै प्रक्रिया पूरा भएको तर ६७% मुद्दामा पूरा नभएको पाइएको छ ।[२१]

माथि उल्लेखित तथ्य समग्र मुद्दाका सन्दर्भमा गरिएको अध्ययनबाट पाइएको छ भने मानव बेचबिखन मुद्दाका सन्दर्भमा मात्र गरिएको एक फाइल अध्ययन अनुसार, अध्ययन गरिएका कूल मुद्दाका कूल साक्षीहरू मध्ये जम्मा २२.१९ प्रतिशत साक्षीहरू उपस्थित भएको देखिएको छ । राज्यले साक्षी संरक्षण गर्ने नीति प्रष्ट अंगिकार गर्न

१९. न्यायमा पहुँच कार्यक्रमको सहयोगमा जस्टिस फर अल संस्थाले गरेको नेपाल सरकारबादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययन प्रतिवेदन (अप्रकाशित)

२०. ऐ.ऐ.

२१. ऐ.ऐ.

नसकेको, साक्षी संरक्षणका लागि कानून अझै आउन नसकेको, साक्षीलाई नायव सुब्बाले पाउने सरहको दैनिक भ्रमण भत्ता दिने कानून कार्यान्वयनमा ल्याउन नसकिएको (आ.व. २०७०।७१ अघिसम्म) समेतका कारण साक्षी अनुपस्थित हुने दर बढ्दै जाँदा अन्ततः मुद्दा असफल भएको अध्ययनबाट पाइयो ।[२२]

साक्षीहरू बकपत्रका लागि उपस्थित हुन नसकेकोमा पुन मौका माग गर्ने गरिएको छ वा छैन भनि अध्ययन गरिएकोमा १३ प्रतिशत मुद्दामा पुनः मौका माग गर्ने गरेको पाईएको छ भने ८७ प्रतिशत मुद्दामा पुनः मौका माग गर्ने गरेको पाईएन । सरकारी वकीलले प्रचलित कानूनमा भएका व्यवस्था र प्रक्रियाहरूको गम्भीर भएर कार्यान्वयन गर्ने तर्फ ध्यान नदिएको कुरा माथि उल्लिखित तथ्याङ्कले देखाएको छ । ८७ प्रतिशत मुद्दामा साक्षीलाई उपस्थित गराउन पुनः मौका मागेको नदेखिदा मुद्दा सफल बनाउन गरिनु पर्ने प्रयास नभएको पाइयो । यद्यपि साक्षी उपस्थित गराउन मौका माग्दैमा उपस्थित हुन्छ भन्ने निश्चित नभएपनि सरकारी वकिलले कर्तवय पूरा गर्न नसक्दा मुद्दा असफलताको प्रतिशत बढेको देखियो ।[२३] यस अतिरिक्त अनुसन्धानबाट ३ प्रतिशत मुद्दामा उपस्थित भई बकपत्र नगरी हिडेको पनि पाइएको छ ।[२४]

उल्लेखित दुबै अध्ययन अनुसार अदालतमा साक्षीहरूको उपस्थिति न्यून रुपमा हुने गरेको, उपस्थित गराउन नसकिएको कारण उल्लेख गरी पुनः मौका माग गर्ने प्रतिशत पनि कम रहेको र उपस्थित भएर पनि बकपत्र नगरी हिड्ने प्रवृत्ति पनि रहेको देखिन्छ । यस्तो अवस्थालाई कसरी हटाउने भन्ने नै साक्षीको उपस्थिति सन्दर्भमा अहिले अहं सबाल र चुनौतीको रुपमा रहेको देखिन्छ ।

## ४ साक्षी परीक्षण

### ४.१ परिचय

फौजदारी मुद्दामा साक्षीको भूमिका महत्वपूर्ण हुन्छ । अभियोजनकर्ताले मुद्दाको अभियोजन गर्दा अदालत समक्ष प्रस्तुत गर्ने प्रमाणहरूमा साक्षी सर्वाधिक रुपमा प्रस्तुत हुने प्रमाणको रुपमा रही आएको छ । फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने अभिभारा वादी पक्षमा निहित रहने र वादी पक्षको अभियोग पुष्ट्याई गर्ने विभिन्न आधारहरू मध्ये साक्षी प्रमाण बलियो आधार भएको हुनाले फौजदारी मुद्दामा साक्षीको भूमिका महत्वपूर्ण मानिन्छ । साक्षीको कथन प्रमाण ग्राह्य हुनका लागि अदालतमा उनीहरूको परीक्षण हुनु आवश्यक हुन्छ । अदालतमा साक्षीको बकपत्र गर्ने कार्यलाई साक्षी परीक्षणले संवोधन गरिन्छ ।

---

२२. एशिया फाउण्डेशनको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अध्ययन प्रतिवेदन (अप्रकाशित)

२३. ऐ.ऐ.

२४. ऐ.ऐ.

साक्षीलाई अदालतमा उपस्थित गराई बकपत्र गराउने प्रक्रिया साक्षी परीक्षण हो । कुनै घटना ,बिबाद वा मुद्दाका सम्बन्धमा कुनै कुरा देख्ने, सुन्ने थाहा पाउने वा अनुभब गर्ने व्यक्तिलाई सो बिबाद वा मुद्दाको सुनुवाइ गर्ने निकाय वा अदालत समक्ष उपस्थित गराई बिबादित विषयमा निजलाइ सोध्ने र निजबाट जबाफ लिने प्रक्रियालाई साक्षी परीक्षण भनिन्छ । सहि न्याय निरुपणमा सहि र सत्य प्रमाणको सर्वाधिक महत्वपूर्ण भूमिका हुन्छ । कुनै बिबाद वा घटनाका सम्बन्धमा साक्षीले सहि र सत्य कुरा बताओस भन्ने साक्षी परीक्षणको अभिष्ट हुन्छ ।

प्रमाण ऐन, २०३१ को दफा ८ र दफा १८ ले साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरू मात्र प्रमाणमा लिन हुन्छ भनी उल्लेख गरेको छ । आफ्ना साक्षी उपस्थित गराई बकपत्र गराएर प्रमाणको भारको दायित्व निर्वाह गर्ने र अभियोजनलाई पुष्टि गराउन र अर्को पक्षको साक्षीको भनाई जीरहको माध्यमबाट खण्डन गर्नका लागि साक्षीको परीक्षणका दौरान सरकारी वकीलको भूमिका महत्वपूर्ण हुन्छ ।

प्रमाण कानूनमा Eye Witness अर्थात चश्मदीत गवाहको महत्वपूर्ण भूमिका हुन्छ । चश्मदीद गवाहहरूले घटना देखेको भन्ने भनाईलाई अभियोग लागेको अभियुक्तले अदालत समक्ष जाँच्नु पाउनु पर्ने । अदालत समक्ष यस्ता गवाहलाई पेश गरी अभियुक्तलाई गवाहको भनाई, बकाई साँचो हो होइन जिरहमार्फत परीक्षण गर्ने मौका प्रदान गर्नु पर्छ र त्यसरी त्यस्ता चश्मदीत गवाहलाई जाँच्न दिई साक्षी परीक्षणबाट गवाहको शंकारहित तबरबाट परीक्षण भएपछि मात्र त्यस्ता गवाहहरूको बकाईलाई Direct र Original Evidence मानिन्छ र त्यस्ता गवाहको आधारमा अभियोग प्रमाणित भएको मानिने हुन्छ । जिरहबाट समेत प्रत्यक्षदर्शी गवाह भन्ने देखिएको हुदाँ यी साक्षीहरू प्रमाण ऐन २०३१ बमोजिम साक्षी हुन सक्ने व्यक्ति भई दफा ५० बमोजिम जिरह समेत भएको हुदाँ उक्त साक्षीको बकाई Legally Admissible Evidence मान्नु पर्ने ।[२५]

## ४.२ साक्षी परीक्षण सम्बन्धी कानूनी व्यवस्था

साक्षी परीक्षण सम्बन्धमा हाम्रो प्रचलित कानूनहरूमा प्रमाण ऐन ,२०३१ , मुलुकी ऐन अदालती बन्दोबस्तका महलका केहि नम्बरहरू, स.मु. स. ऐन ,२०४९ को दफा ३०, न्याय प्रशासन ऐन २०४८ को दफा २४ (ख), स.मु.स.नियमाबली २०५५ को नियम १५, जिल्ला अदालत नियमाबली, २०५२ आदि सम्बन्धित छन् । अन्वेषणात्मक पध्दती अनुसार साक्षी परीक्षण अदालतबाटै गरिने, अदालतबाट सोधपुछ गरेपछि मुद्दाका दुबै पक्षले जीरह गर्न पाउँछन् । तर अभियोजनात्मक पद्धति अनुसार साक्षी परीक्षण अदालतबाट नभै मुद्दाका पक्षहरू स्वयंबाट हुन्छ । हामी कहाँ मिश्रित प्रणाली छ । मुद्दाका पक्षले अनुरोध गरेमा अदालतबाट पनि सोधपुछ हुन सक्छ ।

२५. नेपाल सरकार वि. बैद्यनाथ पण्डित, ने.का.प. २०६४ नि.नं. ७८०९ अंक १ पृ. ७३

### ४.३ साक्षी परीक्षण गर्दा अपनाइने प्रक्रिया

साक्षी परीक्षणका सन्दर्भमा देहाय बमोजिमका प्रक्रियाहरू अबलम्बन गर्ने गरिन्छ ।

- इमान धर्म सम्झि साँचो बकूला भन्ने सपथ गराइन्छ ।
- साक्षी दुबै पक्षको रोहवरमा बकाइन्छ । पक्षको दस्तखत गराइन्छ ।
- तोकिएको तारेख र समयमा कुनै पक्ष उपस्थित नभएपनि उपस्थित भए सम्मका पक्षहरूको रोहबरमा बकाइन्छ ।
- एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरि बकाउनुपर्छ ।
- साक्षी न्यायाधीशका इजलासमा बकाइन्छ ।
- साक्षीले कुनै खास प्रकारको हाउभाउ देखाएमा वा स्वभाबिक मानवीय क्रियाकलापभन्दा फरक क्रियाकलाप प्रर्दशन गरेमा सो कुरा न्यायाधीशले बकपत्रमा जनाइ सहि गर्नु पर्ने ।
- साक्षीलाइ अनुचित ,असम्बद्ध वा बेइज्जत गर्ने वा झिज्याउने प्रश्न सोध्न मनाही गर्नु पर्ने ।
- सरकारबादी गम्भिर फौजदारी मुद्दामा प्रतिवादीको उपस्थितिले अनुचित दवाव परेको वा पर्ने भएमा प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाइ प्रतिवादीको कानून व्यवसायी वा रोजेको व्यक्तिको रोहबरमा गराउने ।
- एक पटक बकाइसकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरि नबकाई नहुने भएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरि बकाउन हुन्छ ।

### ४.४ साक्षी परीक्षणका चरणहरू

**सोधपुछ**

अदालतबाट परिचयात्मक सोधपुछ गरेपछि जुनपक्षको साक्षी हो त्यसले आफ्नो दावी वा जिकिर पुष्टि गर्न साक्षीलाई सबाल गरि जबाफ लिने प्रक्रियालाइ सोधपुछ भनिन्छ । साक्षी जुन पक्षको हो उसैले निजसँग सोधपुछ गर्नु पर्छ । तर अदालतबाट सोधिपाउन पक्षको अनुरोध भएमा अदालत बाट सोधपुछ हुन सक्छ । मुलुकी ऐन ११५ नं. अनुसार बुझिएका साक्षीहरूलाई पनि जसले साक्षी राखेको हो उसैले सोधपुछ गर्छ । सोधपुछमा सूचक प्रश्न सोध्न पाइदैन ।

- साक्षी वकाउँदा सो साक्षी जुन पक्षको हो सो पक्षले नै सोधपुछ गर्नुपर्छ ।
- आफ्नो साक्षी आफैले सोधपुछ गर्न नचाही अदालतबाटै सोधपुछ गर्न निवेदन दिएमा त्यस्ता साक्षीलाई अदालतले सोधपुछ गर्न सक्ने ।
- अदालतबाट सोधपुछ गर्न चाहने पक्षले केही वा कुनै साक्षीका हकमा आफै र केही वा कुनै साक्षीका हकमा अदालतबाटै सोधपुछ गरियोस् भन्न नपाउने ।

- सोधपुछ मुद्दाको सम्बद्ध तथ्यको सम्बन्धमा मात्र गर्न सकिन्छ ।
- पक्षले आफ्नो साक्षी आफै पेश गर्नुपर्ने ।
- सामान्यतया साक्षीसँग सूचक प्रश्न (Leading Questions) सोध्न नपाइने ।
- काल्पनिक प्रश्न गर्न निषेध (विशेषज्ञको रायको सम्बन्धमा बाहेक) ।
- एकै प्रश्नलाई दोहोऱ्याएर प्रश्न गर्न नपाइने ।

## जिरह

जीरह सोधपुछ पछिको चरण हो । सम्बन्धित पक्षले सोधपुछ गरिसकेछि अर्को पक्षले पनि उक्त साक्षीलाई सोधपुछ गर्न सक्दछ । त्यस्तो बिपक्षीले सोधपुछ गर्ने कार्यलाई जीरह भनिन्छ । साक्षीको सत्यता परीक्षणका लागि जिरह प्रभावकारी माध्यम मानिन्छ । जिरहबाट साक्षीको चाहना ,उद्देश्य ,आग्रह ,पूर्वाग्रह ,तथ्यका बारेमा थाहा पाएको माध्यम र उसको स्मरण शक्ति थाहा पाउन सक्छौ । प्रमाणको सत्यता महत्व र मूल्य पत्ता लगाउन सकिन्छ । भनाइहरूकोबीचको भिन्नता पहिचान गर्न र लुकाइएका तथ्यहरूलाइ खोतल्न पनि जीरह फलदायी हुन्छ । जिरहको मुख्य उद्देश्य आफू विरुद्धमा भनिएका वा आफ्नो विरुद्ध बिपक्षीका साक्षीले भनेका कुरा असत्य वा कमजोर पार्नु हो । जुन पक्षको साक्षी हो उसले सोधपुछ सकेपछि अर्को पक्षले जीरह गर्छ । जिरहमा सूचक प्रश्न पनि सोध्न सकिन्छ ।

- सोधपुछ लगत्तै मुद्दाको अर्को पक्षले सो साक्षीको जिरह गर्न पाउने ।
- यसले विवादको सत्य तथ्य कुरालाई प्रष्ट्याउने प्रयास गर्दछ ।
- यो शिपमुलक प्रक्रिया हो, अन्यथा प्रयोग भएमा प्रत्युत्पादक हुनसक्छ ।
- वास्तवमा मुख्य सोधपुछ वा जिरह दुबै मुद्दाको सत्य तथ्य अदालतको सामु आओस् र न्याय प्रदान गर्न सजिलो होस् भन्ने उद्देश्यबाट आएको हो ।

## पुन : सोधपुछ

साक्षी परीक्षणको तेस्रो चरणको रुपमा पुनः सोधपुछलाई लिइन्छ । साक्षीलाई अर्को पक्षले जीरह गरिसकेपछि जुन पक्षको साक्षी हो त्यो पक्षले दोस्रो पटक पनि सोधपुछ गर्न सक्छ ,त्यस्तो सोधपुछलाइ पुनः सोधपुछ भनिन्छ । सोधपुछ र जिरहमा भएका बिरोधाभाषपूर्ण कथनलाइ स्पष्ट गर्न , जिरहबाट देखिएका शङ्काहरू निवारण गर्न, जीरहका बेला पूरा रुपमा आउन नसकेका तथ्यहरूलाई पूरा रुपमा प्रस्तुत गराउन, जिरहमा व्यक्त भनाइलाई प्रष्ट पार्न र साक्षीले सृजना गरेका द्विविधाजनक स्थितिलाई प्रष्ट गरी साक्षीको बकाई आफ्नो पक्षमा ल्याउनु नै पुन : सोधपुछको उद्देश्य मानिन्छ । पुन सोधपुछ जिरहमा मात्र सीमित रहनु पर्छ । यद्यपि अदालतले अनुमति दिएमा नयाँ प्रश्न पनि सोध्न सकिन्छ र नयाँ कुरा सोधिएमा पुनः जिरहको अवसर पाइन्छ । अदालतको अनुमति बेगर सूचक प्रश्न सोध्न पाइदैन ।

- जिरह प्रक्रिया पछि पहिले सोधपुछ गर्ने पक्षले नै जिरहमा सोधेका र उठेका कुराहरूमा सीमित रहेर आफ्नो साक्षीलाई पुनः सोधपुछ गर्नुपर्छ ।
- कुनै नयाँ प्रश्न सोध्नु जरूरी हुन आएको छ भनी पक्षले अदालतलाई विश्वास दिलाउन सकेमा अदालतले नयाँ प्रश्नहरू सोध्न अनुमति दिन सक्छ ।
- पुनः सोधपुछ गर्नुको उद्देश्य आफ्नो विग्रेको साक्षीलाई सपार्नु नभएर विपक्षीले प्रश्न गर्दा र सो को जबाफ दिंदा कुनै कुरा प्रष्ट नभएजस्तो लाग्यो भने सो लाई प्रष्ट पार्ने मात्र हो ।
- पुनः सोधपुछको क्रममा यदि कुनै नयाँ प्रश्नहरू सोधिएको छ र सो मा जिरह गर्नु पर्ने आवश्यक देखिएमा विपक्षीले जिरह गर्न पाउँछ ।

### ४.५ विशेषज्ञको बकपत्र र सरकारी वकीलले ध्यान दिनु पर्ने कुराहरू

कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुने व्यवस्था प्रमाण ऐनको दफा दफा १८ मा रहेको छ । यसरी नै कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रूपमा आफै अदालतमा उपस्थित भएमा मात्र प्रमाणमा लिन हुन्छ भनी सोही ऐनको दफा २३(७) मा रहेको छ । हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रितीरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा एकिन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउनु पर्छ । यसरी बकाएमा मुद्दाको पक्षहरूलाई जिरह गर्ने मौका दिनु पर्ने पनि सो ऐनको दफा ५२ मा व्यवस्था गरिएको छ ।

विशेषज्ञको रायमा अर्को पक्षले विवाद गरेमा निज विशेषज्ञलाई अदालतसमक्ष झिकाई बकपत्र गर्नु पर्ने भएकाले त्यस्ता विशेषज्ञलाई अदालतले उपस्थित गराउनका लागि आदेश गरेकोमा प्रहरीबाट उपस्थित गराई आएकोमा अदालतमा उपस्थित गराउनु पर्दछ । विशेषज्ञले दिएको राय र मिसिल कागजात पहिले नै आफ्नो कार्यालयमा हेर्न लगाउनु पर्दछ र निजलाई अदालतमा हुने बकपत्रमा सोधपुछ गर्नु पर्ने हुन्छ । विशेषज्ञलाई बकपत्र गराउँदा विषयवस्तुको बारेमा सरकारी वकील जानकार हुनु पर्दछ र प्राविधिक विषय भएकाले विशेष रुपमा मेहनत समेत गर्नु पर्ने हुन्छ ।

### ४.६ बन्द सबालद्वारा साक्षी बुझ्ने

ज्यान मुद्दामा देख्ने बाहेका सुन्ने साक्षी र अन्य मुद्दाका जुनसुकै साक्षीलाइ टाढाका भएमा नजिकको अदालतमार्फत बन्द सबालद्वारा बुझ्न सकिन्छ । कुनै मुद्दामा

नबुझि नहुने तर अदालतमा उपस्थित हुन नसक्ने असक्त बिमारिलाइ साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीको घरमा अदालतको कर्मचारी गइ साक्षीको बकपत्र गराइ ल्याउन सकिन्छ ।

## ४.७ विदेशमा रहेका व्यक्तिको साक्षी परीक्षण

नेपालमा हालै पारस्परिक कानूनी सहायता ऐन, २०७० पनि हालै जारी भै सकेको छ । यस ऐनले कुनै न्यायिक कारबाहीको सिलसिलामा विदेशमा रहे बसेको कुनै व्यक्तिलाई साक्षीको रुपमा बुझ्नु पर्ने देखिएमा र त्यस्तो व्यक्ति नेपालमा आउन नचाहेमा वा नसक्ने भएमा त्यस्तो व्यक्तिलाई विदेशी राज्यको अदालतबाट साक्षीको रुपमा बुझ्न अदालतले आदेश गर्न सक्ने, सो बमोजिम साक्षी परीक्षणको लागि आदेश गरिएकोमा त्यस्तो साक्षी विदेशी राज्यको अदालतमा उपस्थित हुन नसक्ने भएमा अदालतले बन्द सबालको माध्यमद्वारा साक्षी परीक्षण गर्न आदेश दिन सक्ने, कुनै साक्षी अति वृद्ध अवस्था वा शारीरिक अस्वस्थताको कारणले विदेशी राज्यको अदालतमा उपस्थित हुन नसक्ने वा कुनै साक्षी विदेशमा रहे बसेको कारण नेपालको अदालतमा उपस्थित हुन नसक्ने भई अदालतले त्यस्तो साक्षीलाई श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट परीक्षण हुन मनासिव देखेमा श्रव्यदृश्य संवादको माध्यमबाट साक्षी परीक्षण गर्न आदेश दिन सक्ने तथा यस्तो आदेश भएकोमा अदालतले केन्द्रीय अधिकारी समक्ष लेखी पठाउनु पर्ने व्यवस्था गरिएको छ । यसरी अर्को मुलुकमा रहेको साक्षीका सम्बन्धमा यस्तो सहयोग लिनका लागि सो मुलुकसँग पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धि हुनु वा पारस्पारिकताको आधारमा गर्नु पर्ने हुन्छ । यसका साथै सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १५ मा अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गै सक्ने वा अन्य कुनै कारणले उपस्थित हुननसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ भन्ने व्यवस्था रहेकाले त्यसको पनि आवश्यकतानुसार प्रयोग र अभ्यास गर्नु पर्ने हुन्छ ।

## ४.८ साक्षी परीक्षणको अवस्था

साक्षी परीक्षण सरकारी वकीलको एक महत्वपूर्ण र आधारभूत काम भएपनि यो कार्य सम्पादन पूर्ण रुपमा राम्रो सँग सम्पादन हुन सकेको भने छैन । सरकारवादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययन अनुसार[२६] बकपत्र गराउने काम सरकारी वकील आफैंले गराउनुपर्ने कानूनी व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ३० मा

२६. न्यायमा पहुँच कार्यक्रमको सहयोगमा जस्टिस फर अल संस्थाले गरेको नेपाल सरकारबादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययन प्रतिवेदन (अप्रकाशित)

रहेको छ । तर कतिपय अवस्थामा सरकारी वकील नगई सहायक स्तरका कर्मचारी पठाउने गरेको गुनासो सुनिन्छ । अध्ययन गरिएका ९७ वटा मुद्दा मध्ये ९२ वटा अर्थात ९३% मुद्दामा सरकारी वकील उपस्थित भएको पाईएको छ भने ७ वटा अर्थात ७% मुद्दामा सरकारी वकील बकपत्रमा उपस्थित भएको पाइएन । अध्ययन गरिएका १२६ वटा मुद्दा ९२ वटा अर्थात ९६% मुद्दामा सरकारी वकीलले बकपत्रमा जिरह गरेको देखिन्छ भने ४ वटा अर्थात ४% मुद्दामा जिरह गरेको देखिएन । अध्ययन गरिएका ९५ वटा मुद्दा मध्ये ८२ वटा अर्थात ८६% मुद्दामा उपयुक्त प्रश्न राखेको देखिन्छ भने १३ वटा अर्थात १४% मुद्दामा उपयुक्त प्रश्न गरेको देखिदैन । १% मुद्दामा अझै पनि बकपत्रमा सहायक कर्मचारी पठाएको पाइन्छ । अध्ययन गरिएका ८८ वटा बकपत्र भएका मुद्दा मध्ये ६५ वटा अर्थात ७४% मुद्दामा जाहेरबालाले विपरीत बकपत्र नगरेको तर २३ वटा अर्थात २६% मुद्दामा जाहेरबालाले विपरीत बकपत्र गरेको पाइयो । अध्ययन गरिएका १२६ मध्ये पीडितको बकपत्र भएका ५४ वटा मुद्दा मध्ये ३९ वटा अर्थात ७२% मुद्दामा पीडितले विपरीत बकपत्र गरको देखिंदैन भने १५ वटा अर्थात २८% मुद्दामा पीडितले विपरीत बकपत्र गरेको पाइयो । अध्ययन गरिएका उल्लेखित व्यक्तिको बकपत्र भएका ७३ वटा मुद्दा मध्ये ५२ वटा अर्थात ७१% मुद्दामा विपरीत बकपत्र भएको पाइएन भने २१ वटा अर्थात २९% मुद्दामा विपरीत बकपत्र गरेको पाइयो । जाहेरबाला, पीडित र कागज गर्ने अन्य व्यक्तिहरू समेत भएको ८२ वटा मुद्दामध्ये ५२ वटा अर्थात ६३% मुद्दामा निजहरूको भनाई बाझिएको देखिएन भने ३० वटा अर्थात ३७% मुद्दामा निजहरूको भनाई वाझिएको देखियो । अध्ययन गरिएका मध्ये बकपत्र भएका ७७ वटा मुद्दामा ४५ वटा अर्थात ५८% मुद्दामा एकआपसमा बकपत्र बाझिएको देखिएन भने ३२ वटा अर्थात ४२% मुद्दामा भने बकपत्र वाझिएको देखियो ।

मानव बेचबिखन मुद्दाको अनुसन्धान अनुसार[२७] बकपत्र गराउदा सरकारी वकील उपस्थित भएको छ वा छैन भनी अध्ययन गरिएकोमा ८५ प्रतिशत मुद्दामा बकपत्र गराउदा सरकारी वकील उपस्थित भएको पाईएको छ भने १५ प्रतिशत मुद्दामा बकपत्र गराउदा सरकारी वकील उपस्थित भएको पाईएन । १८ प्रतिशत मुद्दामा सरकारी वकीलले प्रतिवादीको बकपत्रमा जिरह गरेको पाइएन । सरकारी वकीलले सोधपुछ र जिरह गर्दा उपयुक्त प्रश्न राखेको छ वा छैन भनि अध्ययन गरिएकोमा ७३ प्रतिशत मुद्दामा उपयुक्त प्रश्न राखेको पाईएको छ भने २७ प्रतिशत मुद्दामा उपयुक्त प्रश्न राखेको पाईएन । जाहेरबालाले अदालतमा आई बकपत्र गर्दा विपरीत बकपत्र गरेको छ वा छैन भनि अध्ययन गरिएकोमा ५० प्रतिशत मुद्दामा विपरीत बकपत्र गरेको पाईएको छ, ३५ प्रतिशत मुद्दामा विपरीत बकपत्र नगरेको पाईएको छ भने १५ प्रतिशत मुद्दामा तथ्य तोडमोड मात्रै गरेको पाईएको छ । पीडितले अदालतमा आई बकपत्र गर्दा विपरीत

२७. एशिया फाउण्डेशनको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अध्ययन प्रतिवेदन (अप्रकाशित)

बकपत्र गरेको छ वा छैन भनि अध्ययन गरिएकोमा ४९ प्रतिशत मुद्दामा विपरीत बकपत्र गरेको पाईएको छ, ३९ प्रतिशत मुद्दामा विपरीत बकपत्र नगरेको पाईएको छ भने १२ प्रतिशत मुद्दामा तथ्य तोडमोड मात्रै गरेको पाईएको छ । मौकामा बुझिएका व्यक्ति, प्रतिबेदक, परीक्षणकर्ताहरूले विपरीत बकपत्र गरेको छ वा छैन भनि अध्ययन गरिएकोमा ३२ प्रतिशत मुद्दामा विपरीत बकपत्र गरेको पाईएको छ, ४५ प्रतिशत मुद्दामा विपरीत बकपत्र नगरेको पाईएको छ भने २३ प्रतिशत मुद्दामा तथ्य तोडमोड मात्रै गरेको पाईएको छ । जाहेरबाला, पीडित र कागज गर्नेको मौकाको भनाई र बकपत्र बाझिएको छ वा छैन भनि अध्ययन गरिएकोमा ५६ प्रतिशत मुद्दामा जाहेरबाला, पीडित र कागज गर्नेको मौकाको भनाई र बकपत्र बाझिएको पाईएको छ, ३४ प्रतिशत मुद्दामा बाझिएको पाईएन भने १० प्रतिशत मुद्दामा तथ्य तोडमोड मात्रै गरेको पाईएको छ ।

## ४.९ अध्ययनबाट देखिन आएका साक्षी परीक्षणसँग सम्बन्धित समस्याहरू

सरकारवादी फौजदारी मुद्दामा कसूरको पुष्टिका लागि सो कुरा देख्ने वा जानकारी रहेका व्यक्तिहरूको भनाई पनि एक प्रमाणको रुपमा ग्रहण गरिन्छ । भौतिक प्रमाणमा जोड दिन नसकिएको वर्तमान अवस्थामा त नेपालको फौजदारी न्याय प्रणालीमा साक्षीको कथन महत्वपूर्ण रुपमा रहेको छ । साक्षीको भनाईलाई अर्को पक्षले पनि जिरह गर्न पाउनुपर्ने हुन्छ । यसैले प्रमाण ऐन, २०३१ ले अदालतमा उपस्थित भई साक्षीले बकपत्र नगरेसम्म थुनछेक आदेशको प्रयोजन बाहेक अन्य अवस्थामा प्रमाणमा ग्रहण नगरिने व्यवस्था गरेको छ । साक्षीले प्रतिकूल बकपत्र गर्ने, साक्षी संरक्षण सम्बन्धी नीति र कानूनको अभाव जस्ता साक्षीका सम्बन्धमा थुप्रै समस्याहरू रहेका छन् । यस सम्बन्धमा सरकारवादी फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययनका क्रममा बिज्ञ सरोकारवालाहरूसँग लिईएको अन्तरवार्ताबाट देहाय बमोजिमका समस्याहरूबारे जानकारी प्राप्त हुन आएको छ ।[२८]

- साक्षीहरू Hostile हुने गरेको
- साक्षीको कागज गर्दा राम्रोसँग नसम्झाएका कारण अदालतमा अनभिज्ञता प्रकट गर्ने प्रबृती रहेको
- बकपत्रमा सरकारी वकील नगई सहायकलाई पठाउने गरेको वा प्रश्न अदालतका कर्मचारीलाई छोड्ने गरेको
- साक्षीलाई कानूनी रुपमा उल्लेख भएको सुविधा प्रदान नगरिएको
- साक्षीलाई अदालतबाट समयमानै बकपत्र नगराउने र अर्को दिनको तारेख तोक्ने गरेको

२८. न्यायमा पहुँच कार्यक्रमको सहयोगमा जस्टिस फर अल संस्थाले गरेको नेपाल सरकारबादी हुने फौजदारी मुद्दाको असफलता सम्बन्धी अध्ययन प्रतिवेदन (अप्रकाशित)

- प्रतिरक्षी कानून व्यवसायीबाट साक्षीलाई अनावश्यक प्रश्न सोधी दिक्क लगाउने गरेको
- साक्षीको संरक्षणको अभाव रहेको
- साक्षीलाई अदालतमा बकपत्रका लागि उपस्थित नगराइएको
- प्रहरीबाट साक्षीको उपस्थितिको लागि समयमै खवर गर्ने नगरेको
- फैसला लेख्दा बकपत्रमा उल्लेखित कुरालाई महत्व दिने नगरेको
- साक्षीलाई Follow up गर्ने संयन्त्र नभएको
- साक्षीको ठेगाना स्पष्ट नहुने गरेकोले उपस्थित गराउन कठिनाइ भएको
- झुठा बकपत्र गर्ने साक्षीलाई संजाय गर्ने कानूनी व्यवस्थाको कम मात्रै कार्यान्वयन भएको
- साक्षीको रुपमा रहेको सरकारी कर्मचारी ठाउँ ठाउँमा सरुवा भएको कारण समयमा अदालतमा उपस्थित हुन नसक्ने गरेको
- सरकारी वकीलबाट सोधपुछ र जिरहमा पर्याप्त ध्यान दिने नगरेको
- प्रतिवादीले वादीका साक्षीलाई खर्च खेप्दै अड्डासम्म ल्याउने परिपाटी भएकाले विपक्षकै पक्षमा बकपत्र गर्ने गरेको
- साक्षी बकपत्रको लागि उपयुक्त वातावरण बनाउन नसकेको
- साक्षीको बकपत्र पर्याप्त समय दिएर मात्र गर्न नसकिएको
- मुद्दा पेश गर्नासाथ साक्षी लैजाने गरी कानून संशोधन हुन नसकेको

यसरी नै मानव बेचबिखन सम्बन्धी मुद्दामा २९ जना सरकारी वकीलहरूले साक्षी उपस्थिति र बकपत्रलाई प्रभावकारी बनाउने सन्दर्भमा देहाय बमोजिमको सुझाव दिएका छन् ।[२९]

- साक्षीलाई मुद्दाको तथ्यको बारेमा परीक्षण पूर्व जानकारी दिनु पर्ने
- साक्षीलाई भत्ता, सुरक्षा र सुविधाको व्यवस्था हुनु पर्ने, साक्षीको भत्ताको व्यवस्था कार्यान्वयन हुनु पर्ने
- साक्षीलाई अभियुक्तको भयबाट मुक्त बनाउनु पर्ने
- साक्षीलाई कानूनी कार्यविधिको जानकारी दिनु पर्ने
- सबाल जबाफ गर्दा प्रष्टसँग सम्झाउने बुझाउने गर्नु पर्ने
- साक्षीलाई साधारण सबाल राखी सोधपुछ गर्नु पर्ने
- वादी पक्षको साक्षीलाई सञ्चार सम्पर्कमा राखी सुरक्षा र क्षतिपूर्तिको व्यवस्था कार्यान्वयन हुनु पर्ने
- साक्षीलाई आफ्नो पक्षमा बकपत्र गराउन विश्वासमा लिन सक्नु पर्ने

---

२९. एशिया फाउण्डेशनको सहयोगमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अध्ययन प्रतिवेदन (अप्रकाशित)

- साक्षी संरक्षणका लागि विशेष ऐनको व्यवस्था हुनु पर्ने र निरन्तर सुनुवाईलाई कार्यान्वयनमा लैजानु पर्ने
- शीघ्र बकपत्रको व्यवस्था र राज्यबाट साक्षीको सम्मान र कदरको व्यवस्था हुनु पर्ने
- साक्षी परीक्षणमा सरकारी वकीलले आफ्नो भूमिका सक्रिय रुपमा निर्वाह गर्नु पर्ने
- साक्षीको सम्पूर्ण सम्पर्क विवरणको सूची बनाइ राख्नु पर्ने
- अदालतको आदेशका दिन साक्षी उपस्थित गराउन नसकिएका साक्षीलाई पुनः उपस्थित गराउन मौका माग गर्नु पर्ने
- साक्षी बकपत्रमा सरकारी वकीलले प्रश्नावली पठाई झारा टार्ने कामलाई हटाई स्वयं उपस्थित भई बकपत्रमा सक्रिय हुनु पर्ने ।

## ४.१० साक्षी उपस्थिति र परीक्षण सम्बन्धमा देखिएका समस्याहरू

साक्षीको उपस्थिति र परीक्षण सम्बन्धमा देहाय बमोजिमका समस्याहरूसँग जुध्नु परिरहेको अवस्था छ ।

- अभियोग पेश गर्दा नै सरकारी साक्षीहरूको एकिन पहिचान गर्न नसक्नु ।
- अनुसन्धान तहकिकातका सन्दर्भमा मुचुल्कामा बस्ने साक्षीहरूको एकिन वतन नखोल्नु ।
- अदालतबाट उपस्थित गराउन आदेश भएका दिन साक्षीहरूलाई उपस्थित हुन जानकारी नहुनु ।
- उपस्थित हुने जानकारी भएपनि साक्षीलाई उपस्थित गराउन प्रहरी कर्मचारीमा सकारात्मक सोच नहुनु ।
- कानूनले निर्धारण गरेको रकम उपलब्ध नहुनु ।
- साक्षी उपस्थित गराउने कार्यमा सरकारी वकील औपचारिकतामा मात्र सीमित हुनु ।
- साक्षी वकाउने सम्बन्धमा अदालती प्रक्रिया ज्यादै लामो हुनु ।
- अदालतमा कार्यरत कर्मचारीबाट साक्षी उपर प्रायः सहयोगी भावना नहुनु ।
- निजी कानून व्यवसायीहरूमा साक्षीप्रति सहयोगात्मक भावनाको अभाव ।
- साक्षी परीक्षणका क्रममा सरकारी वकील बढी सक्रिय नदेखिनु ।
- उपस्थित साक्षी पनि प्रतिकूल भई दिनु ।
- साक्षीको संरक्षण र सुरक्षाको व्यवस्थाको अभाव ।

## ४.११ साक्षीको उपस्थिति र परीक्षणमा रहेका कमजोरीका सरकारबादी मुद्दाको निर्णमा परेको प्रभाव

साक्षीको उपस्थिति र परीक्षणमा रहेका कमजोरीका सरकारबादी मुद्दाको निर्णमा परेको प्रभाव परेको देखिन्छ ।

- न्याय सम्पादनमा असर परेको,
- सरकारवादी मुद्दाको असफलता हुने गरेको
- साक्षीलाई Hostile हुने प्रवृत्ति बढीरहेको,
- पीडकलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउने कार्य प्रभावकारी रुपमा गर्न बाधा पुगेको,
- सरकारवादी मुद्दाको असफलता भएका कारण शान्ति सुव्यवस्थामा समस्या हुने, सुशासन खल्बलिने र दण्डहीनता बढ्ने जस्ता थप नकारात्मक असरबाट मुलुक आक्रान्त बन्दै गएको ।

## ४.१२ साक्षी प्रतिकूल (Hostile) हुनुका कारणहरू र त्यसलाई रोक्न गर्नु पर्ने कुराहरू

साक्षीहरू प्रतिकूल रुपमा बकपत्र गर्ने गरेको पाइएको छ । यसका कारणहरू देहाय बमोजिम रहेका छन् ।

- समाजमा पाप र धर्म प्रति डर, त्रास र आस्था दिनानुदिन कमी हुँदै जानु ।
- साक्षीले झुट्टा बकेमा सजाय हुने कानूनी प्रावधान भएपनि व्यवहारमा सो पटक्कै लागू नहुनु ।
- साक्षीले बकपत्र गरे वापत केही पाउनुको बदला आफ्नो र परिवारकै जीउज्यान असुरक्षित महसुस गर्नु ।
- आर्थिक फाईदाको प्रलोभनमा पर्नु ।
- सरकारको तर्फबाट कुनै आर्थिक राहत तथा सुविधा नपाउनु ।
- आवेशमा आएर जाहेरी दिने र पछि इज्जत, सामाजिक मान मर्यादा र पारिवारिक संरचनामा आघात पुग्ने डर ।

साक्षीलाई प्रतिकूल हुन वा बिपरित बकपत्र गर्नबाट रोक्न देहाय बमोजिमका प्रयासहरू गर्नु आवश्यक हुन्छ ।

- साक्षीले झुट्ठा वा विपरीत बकपत्र नगरोस भनी सरकारी वकीलले आफ्नो साक्षीलाई निजले अनुसन्धानको क्रममा व्यक्त गरेको कुरा वा उल्लेख गरेको व्यहोरा निजलाई सुनाई दिनु पर्दछ ।
- बकपत्र गर्न उपस्थित भएको साक्षीलाई कुनै पनि किसिमको दवाव वा असुरक्षाबाट मुक्त रहेको विश्वास दिलाउनु पर्दछ ।
- कुनै साक्षीले झुट्ठा बके वा विपरीत बकपत्र गरेमा कानून बमोजिम सजाय हुन्छ भन्ने कुराको जानकारी निजलाई गराउनु पर्दछ ।

- कुनै साक्षीले झुट्ठा बके वा विपरीत बकपत्र गरेमा कानून बमोजिम सजाय गराउन मुद्दा हेर्ने अधिकारीलाई जानकारी गराउनु पर्दछ ।
- कुनै राष्ट्रसेवक साक्षीले जानीजानी वा वदनियतपूर्वक झुट्ठा बकेमा वा विपरीत बकपत्र गरेमा वा बकपत्र नगरेमा वाबीचैमा छाडी हिडेमा वा असहयोग गरेमा सम्वन्धित विभागीय कानून बमोजिम कारवाही गराउन सम्वन्धित कार्यालयलाई लेखि सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई गराउनु पर्दछ ।

## ४.१३ साक्षीप्रतिको सरकारी वकीलले गर्नु पर्ने व्यवहार

साक्षीको मानवीय मर्यादा कायम राख्न तथा निजको संरक्षण समेत गर्न सरकारी वकीलले निजप्रति देहाय बमोजिमको व्यवहार गर्नु पर्छ ।

- साक्षी प्रति मर्यादित व्यवहार गर्नु ।
- साक्षीलाई आफ्नो सहयोगीको रुपमा लिनु ।
- साक्षीले अदालत समक्ष व्यक्त गरेको कुरालाई लिएर साक्षीप्रति पूर्वाग्रही नहुनु ।
- साक्षीसग शिष्ट र नम्र भाषामा सबाल जबाफ गर्नु पर्दछ ।
- साक्षीलाई अदालतमा बकपत्र गराउदा आफ्नो पूर्व भनाई वा लेखाईको सत्यतामा आधारीत भएर बकपत्र गर्न प्रेरित गर्नु ।
- महिला, बालबालिका तथा बृद्ध व्यक्तिलाई साक्षीको रुपमा उपस्थित गराई बकपत्र गराउदा विशेष रुपमा संबेदनशील हुनु ।
- साक्षीलाई महत्वपूर्ण प्रमाणका.रुपमा लिनु ।

## ४.१४ साक्षी परीक्षण गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुराहरू

साक्षी परीक्षणका क्रममा सरकारी वकीलले देहायका कुरामा ध्यान दिनु आवश्यक हुन्छ ।

- साक्षी परीक्षण गर्न लागेको मुद्दाको अध्ययन गरी त्यसका तथ्य वा विषयवस्तुको बारेमा पूर्ण रुपमा जानकार हुनु पर्दछ ।
- साक्षीको परीक्षण गर्न लागेको मुद्दासँग सम्बन्धित कानूनको अध्ययन गर्नु पर्छ ।
- तत्काल उठेको प्रश्नको तत्कालै समाधान गरी विद्वतापूर्ण ढंगले साक्षीसँग आफूले चाहेको वा खोजेको जबाफ लिन सक्ने गरी आफूलाई अपडेट गर्नु पर्छ ।
- बकपत्र गराउने कार्यमा संवेदनसील हुन नसके त्यसले मुद्दाको निर्णयमा असर पार्दछ । तसर्थ पुरक सोधपुछ वा जिरहमा मुद्दासग सम्बद्ध, तर आफूलाई मुद्दामा प्रमाणित गर्न चाहिने प्रश्नमात्र सोध्ने कुरामा ध्यान दिनु पर्छ ।
- बकपत्रको त्रुटीले मुद्दाको सफलतामा असर पर्ने भएकाले सोधिएको प्रश्न असम्बन्धित र मुद्दाको निर्णयमा आफूलाई प्रतिकूल असर पर्ने हो, होइन भन्ने कुरालाई मनन गर्नु पर्छ ।

- लामा प्रश्न नसोधी छोटो छोटो सोध्नु उपयुक्त हुन्छ ।
- सोधपुछ र जीरह र पुनसोधपुछका चरणमा कौशलतापूर्वक भूमिका निर्वाह गर्नु पर्छ ।

**५. अन्त्यमा**

नेपालमा साक्षी संरक्षणको पक्ष ओभ्फेलमा परेको छ। न्याय प्रणालीमा साक्षी अति महत्वपूर्ण भएपनि यीनिहरूको सुरक्षाको विषय उपेक्षित बनेको छ। त्यसैले अनुसन्धानका क्रममा कागज गर्ने साक्षीहरू अदालतमा बकपत्र गर्न अनुपस्थित हुने क्रम बढेको छ। यसमा विभिन्न कारण हुन सक्छन्। ती कारणमध्ये साक्षीको सुरक्षा एक प्रमुख कारण रहेको यथार्थता नकार्न सकिदैन । केहि छरिएका कानूनी व्यवस्था बाहेक साक्षी संरक्षणका दिशामा खासै योजना, कार्यक्रम र नीति तर्जुमा हुन सकेको छैन । भएका नगण्य कानूनको पनि कार्यान्वयन हुन सकेको छैन । विश्वव्यापीकरणले अवसरका साथै अपराधको बढोत्तरी भै अपराध नियन्त्रणमा थप चुनौति पनि ल्याएको छ। यस सन्दर्भमा साक्षी संरक्षणको विषयमा अल्पकालीन र दीर्घकालीन योजना, तदनुरुप कानून र कार्यक्रम तर्जुमा र कार्यानवयन गर्न बिलम्ब गर्नु हुदैन । यसरी नै साक्षीको उपस्थिति र बकपत्रका दौरानमा विशेष ध्यान दिई आफ्ना प्रमाणलाई अदालतमा पुष्टि गराउन वादी पक्ष सक्रिय रहनु आवश्यक छ। यससन्दर्भमा सरकारी वकील संवेदनसील हुनु पनि जरुरी छ ।

# फैसला कार्यान्वयनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरु

**श्यामकुमार भट्टराई♥**

## सारांश

*फैसला कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्ने हो भने समग्र न्याय प्रशासनप्रति नै प्रश्नचिन्ह लाग्न सक्ने अवस्था रहन्छ। अदालतप्रतिको जनविश्वास प्रभावित हुन सक्ने हुन्छ । अदालती काम कारवाहीहरू औपचारिकतामा सीमित रहेको आरोप लाग्न सक्छ । कसूरदारलाई लागेको दण्ड जरिवाना असुल तहसिल नहुँदा पीडितहरू अन्याय सहन बाध्य हुन्छन् । हाम्रो सन्दर्भमा अदालतका धेरै फैसलाहरू कागजीरुपमा सीमित हुने अवस्था सिर्जना भएको छ। यसले कानूनको शासनको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न कठिन भएको छ । अदालतहरूमा असुल हुन बाँकी रहेको कैद र जरिवानाको लगत हेर्दा फैसला कार्यान्वयन तुलनात्मक रुपमा न्याय प्रशासनको समस्याग्रस्त क्षेत्रको रुपमा रहेको देखिन्छ । फैसला कार्यान्वयनमा हुने ढिलाइ र अनिश्चितताले दण्डहीनतालाई प्रश्रय दिनुको साथै समग्र न्याय प्रणालीको औचित्य र विश्वसनियतामा समेत प्रश्नचिन्ह खडा हुने भएकोले न्यायिक सुधारका पछिल्ला प्रयासहरुले फैसला कार्यान्वयनलाई महत्व दिएको देखिन्छ । प्रस्तुत लेखमा फैसला कार्यान्वयनको विद्यमान अवस्थाको चित्रण गरी सुधारका क्षेत्रहरु पहिचान गरिएको छ ।*

## विषय प्रवेश

अदालतबाट भएका फैसला र आदेशहरू कसले कार्यान्वयन गर्ने भन्ने विषयमा विभिन्न कानून प्रणालीमा भिन्नभिन्न अभ्यासहरू गरिएका छन्। देशपिच्छे पनि यस्तो भिन्नता देखिएको छ। कार्यान्वयन सम्बन्धी संरचना कार्यविधि र जिम्मेवारीमा पनि आआफ्नै मौलिक विशेषता देखिएका छन्। अन्यत्रको अभ्यासमा फैसला कार्यान्वयन जटिल विषयको रुपमा रहेको छैन । तर नेपालको न्यायिक अभ्यासमा सबैभन्दा जटिल विषयको रुपमा फैसला कार्यान्वयनलाई लिने गरिन्छ। पछिल्लो समयमा आएर न्यायिक सुधारको एजेण्डामा प्रमुखताका साथ फैसला कार्यान्वयनलाई लिइएको पाइएकोछ। न्याय प्रशासनको नेतृत्व तहबाट फैसला कार्यान्वयनप्रति प्रतिबद्धता समेत बारम्बार प्रकट भइरहेको छ। तर पनि अझै फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छैन । प्रस्तुत लेखमा फैसला कार्यान्वयनको विद्यमान अवस्था, सुधारका लागि गरिएका

---

♥ सहन्यायाधिवक्ता, हालः फ्याकल्टी, राष्ट्रिय न्यायिक प्रतिष्ठान

प्रयासहरू, यो क्षेत्रमा देखिएका समस्याहरू र समाधानका उपायहरूका बारेमा संक्षेपमा चर्चा गरिएको छ ।

## विद्यमान अवस्था

न्याय सम्पादन प्रक्रियाको उपलब्धिको रुपमा फैसला कार्यान्वयनलाई लिने गरिन्छ। समग्र न्याय सम्पादन प्रक्रियाको सार्थकता फैसला कार्यान्वयनको प्रभावकारिताबाट नै देखिने गर्दछ। भनिन्छ फैसला न्यायको उद्घोष हो र यसको सार्थकता कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। तर हाम्रो फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छैन । ९३ हजार वर्षभन्दा बढी कैद असुल गर्न बाँकी रहेको छ । आठ अर्वभन्दा बढी जरिवाना असुल गर्न बाँकी रहेको छ । प्रति वर्ष फैसला कार्यान्वयनसम्बन्धी दर्खास्तहरू ६० प्रतिशतको हाराहारीमा मात्र किनारा हुने गरेका छन्। कमभन्दा कम दर्खास्तहरू मात्र कानूनले निर्धारण गरेको अवधिभित्र किनारा हुन सकेका छन्। पछिल्लो पाँच वर्षको फैसला कार्यान्वयनको तथ्यांकीय स्थितिलाई तालिका नं. १, २ र ३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १**

**फैसला कार्यान्वयनसम्बन्धी दर्खास्तहरूको कारवाही र किनाराको अवस्था**

| आ.व. | लगत | फछ्र्यौट | बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|
| ०६६।०६७ | ११६७५ | ५६९७ | ५९७८ | ४८.८० |
| ०६६।०६७ | १२२९० | ६३७५ | ५९१५ | ५१.८७ |
| ०६७।०६८ | १३२९५ | ७००३ | ६२९२ | ५२.६८ |
| ०६८।०६९ | १३७७४ | ८३३९ | ५४३४ | ६०.५४ |
| ०६९।०७० | १३८२० | ५३६१ | ५३६१ | ६१.२१ |

**तालिका नं. २**

**जरिवाना असुल तहसिलको अवस्था**

| आ.व. | लगत | फछ्र्यौट | बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|
| ०६५।०६६ | ४,४१,३७,०५,११४।९६ | २३,५७,४३,६८६।१५ | ४,१७,७९,६१,४२८।८१ | ५.३४ |
| ०६६।०६७ | ४,४४,७४,१०,४६२।८८ | ४५,६४,३६,२७२।१५ | ३,९९,०९,७४,१९०।७३ | १०.२६ |
| ०६७।०६८ | ४,९९,३६,१०,१५९।९० | ७३,८६,४९,६९२।२२ | ४,२२,३०,८६,३४९।१२ | १४.७९ |

| | | | | |
|---|---|---|---|---|
| ०६८।०६९ | ८,८६,२७,६२,३९८।०८ | ७७,३४,७४,६१५।७४ | ८,०८,९२,८७,७८२।६३ | ८.७३ |
| ०६९।०७० | ९,५६,६६,४६,५७५।८९ | १,३०,५१,१६,२५५।२९ | ८,२६,१५,३०,३२०।६० | १३.६४ |

**तालिका नं. ३**
**कैद असुल तहसिलको अवस्था**

| आ.व. | लगत | फछ्र्यौट | बाँकी | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|
| ०६५।०६६ | ९५१०९।०८।०७ | १४१०३।०१।१८ | ८१००७।०६।१९ | १४.८३ |
| ०६६।०६७ | ९८५३७।१०।४ | १८६५७।१०।१६ | ७९८७९।११।१८ | १८.९३ |
| ०६७।०६८ | १०६५४५।७।२३ | १७५६२।६।१ | ८८९८३।१।२२ | १६.४८ |
| ०६८।०६९ | ११८७८०।१०।३ | २५०५४।९।२७ | ९३७२६।०।६ | २१.०९ |
| ०६९।०७० | १२६०८३।८।१७ | २७००३।२।२० | ९९०८०।५।२७ | २१.२४ |

***स्रोत : सर्वोच्च अदालतका वार्षिक प्रतिवेदनहरू***

फछ्र्यौटमा देखिएका उल्लिखित अंकहरू पनि बास्तविकरुपमा असुल तहसिल भएका होइनन् । दण्ड जरिवानाको लगत राख्ने वर्तमान पद्धतिले लगत फछ्र्यौटको नतिजा सहीरुपमा आउन सकेको अवस्था छैन । परम्परागत कानूनी व्यवस्था र साधन स्रोतविहीन तहसिल शाखाबाट दण्ड सजाय असुल तहसिलको अपेक्षा राख्नु आफैमा गलत हो ।[1] अपराध ठहर भएका व्यक्तिलाई निजामती कर्मचारीबाट पक्राउ गर्ने र असुल तहसिल गर्ने अवधारणा पनि आफैमा सही मान्न सकिदैन ।[2] अदालतबाटै वा सम्वन्धित मिसिलबाट नै सम्पत्ति रोक्का भएको देखिएको अवस्थामा पनि त्यस्तो व्यक्तिले जरिवाना बुझाउन नसकेको भनी चार वर्षसम्म कैद गरी पछि सम्पत्ति फुकुवा गर्ने अहिलेको प्रचलनलाई पनि सन्तोषजनक मान्न सकिदैन । ३६ हजार जरिवाना नतिरे वापत पनि चार वर्ष कैद वस्नु पर्ने र करोडौं जरिवाना नतिरे पनि चारै वर्ष कैद बस्नु पर्ने कानूनी

१. फैसला कार्यान्वयनका लागि विद्यमान कानूनी व्यवस्थामा सुधार गर्नका लागि छुट्टै फैसला कार्यान्वयन नियमावली तर्जूमा गर्नु पर्ने आवश्यकता दशाई २०६६ सालमा नै फैसला कार्यान्वयन निर्देशनालयबाट सर्वोच्च अदालतमा अनुरोध भएको देखिन्छ । तर हालसम्म त्यस्तो कुनै नियमावलीको मस्यौदा तयार हुन सकेको देखिदैन । त्यसैगरी फौजदारी कानून सुधार उच्चस्तरीय कार्यदलले समेत २०७० मा फैसला कार्यान्वयनका लागि छुट्टै कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता दर्शाइ सरकार समक्ष प्रतिवेदन पेश भएको देखिन्छ । (सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा सो समिति गठन भएको थियो ।)

२. गत वर्ष सरकारले फैसला कार्यान्वयन एवम् अदालत र न्यायाधीशहरूको सुरक्षाका लागि सत्र सयभन्दा बढी प्रहरीको दरबन्दी स्वीकृत गरेको छ । उल्लिखित दरबन्दी अनुसारका जनशक्ति न्यायालयमा आएपछि भने फैसला कार्यान्वयनमा केही सहजता आउला भन्न सकिन्छ

प्रवन्धलाई तत्काल परिमार्जन गर्नु पर्ने आवश्यकता रहेको छ ।[३] कसूरदार ठहर हुने, कैद जरिवानाको लगत कसिने तर त्यस्तो व्यक्तिको विवरण एवम् वतन नै नभेटिने अवस्था अहिलेको यथार्थ हो ।[४] समय समयमा हुने स्थानीय निकायको सीमाना र नामको परिवर्तन अनुसार अदालतले दण्ड जरिवानाको विवरणलाई अद्यावधिक गर्न नसक्दा अदालतले गरेको कतिपय कैद जरिवाना कागजमा मात्र सीमित भएको अवस्था छ । अदालतले दण्ड जरिवानाको लगत प्रभावकारीरुपमा सञ्चार गर्न सकेको छैन । लगत अभिलेख उपर सर्वसाधारणको पहुँच छैन । सरकारी वकीललाई फैसला कार्यान्वयनको प्रक्रियामा संलग्न गराउन सकिएको छैन । कैद जरिवाना असुलीको प्रमुख दायित्व निर्वाह गर्नु पर्ने प्रहरीसँग व्यवस्थित लगत रहेको छैन ।[५] दण्ड सजायको प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा सुनुवाई सबै तहले जिम्मेवारी लिनु पर्ने अवस्था छ । तर सरोकारवाला जिम्मेवार निकायहरू यो विषयप्रति गम्भीर र संवेदनशील हुन सकेको अवस्था छैन । अदालतहरू फैसला गरी दण्ड जरिवानाको लगत आम्दानी बाँधिरहेका छन् । वर्षेनी कैद जरिवानाको बेरुजूको अंक बढिरहेको छ । समग्रमा फैसला कार्यान्वयनको अवस्था अपेक्षितरुपमा प्रभावकारी हुन सकिरहेको छैन । सर्वोच्च अदालतको प्रकाशनमा भनिएको छ : **अदालतहरूमा असुल हुन बाँकी रहेको कैद र जरिवानाको लगत हेर्दा फैसला कार्यान्वयन तुलनात्मकरुपमा समस्याग्रस्त क्षेत्रको रुपमा रहेको देखिन्छ। फैसला कार्यान्वयनमा हुने ढिलाइ र अनिश्चितताले दण्डहीनतालाई बढावा दिनुको साथै समग्र न्याय प्रणालीको औचित्य र विश्वसनियतामा समेत प्रश्नचिन्ह खडा हुने गर्दछ ।**[६]

## फैसला कार्यान्वयनमा सुधारका लागि हालसम्म गरिएका प्रयासहरू

फैसला कार्यान्वयनको प्रभावकारिता देखिन नसकेको अनुभूति विगतदेखि नै भएको देखिन्छ । न्याय प्रशासनको सुधारका लागि गरिएका प्रायः सबैजसो प्रतिवेदनहरूले फैसला कार्यान्वयनको क्षेत्रमा सुधार गर्नु पर्ने आवश्यकता औंल्याएको पाइन्छ । उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ होस् वा शाही न्याय सुधार आयोगको

३. विद्यमान आर्थिक दण्ड नीतिमा रहेका कमी कमजोरी र सुधारका क्षेत्रहरूमा विज्ञहरूबाट अध्ययन गराउनका लागि सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको छ । (ने.का.प. २०६६ अंक ९ पृ. १४२५)

४. धेरै अदालतले त कैद जरिवानाको विवरण प्रहरी कार्यालयलाई पठाएको अवस्था छैन । पठाएको लगत विवरण अद्यावधिक गरी असुल तहसिल गर्न प्रहरीले प्राथमिकता दिएको देखिएको छैन । यो विषयलाई कानूनी रुपमा नै जिम्मेवार बनाउन नसकेसम्म यो विषयले अपेक्षित नतिजा दिन सक्ने अवस्था छैन ।

५. धेरै अदालतले त कैद जरिवानाको विवरण प्रहरी कार्यालयलाई पठाएको अवस्था छैन । पठाएको लगत विवरण अद्यावधिक गरी असुल तहसिल गर्न प्रहरीले प्राथमिकता दिएको देखिएको छैन । यो विषयलाई कानूनी रुपमा नै जिम्मेवार बनाउन नसकेसम्म यो विषयले अपेक्षित नतिजा दिन सकेको अवस्था छैन ।

६. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन, सर्वोच्च अदालत, २०६९ पृ. ३५

प्रतिवेदन, २०४० होस्, अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५ होस् वा अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८ होस् सबैले फैसला कार्यान्वयनको क्षेत्रमा सुधारका लागि सुझावहरू दिएको पाइन्छ । त्यसैगरी न्यायाधीशहरूका सम्मेलनहरूमा पनि यो विषयमा छलफल गरिएको पाइन्छ ।[७] राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययनमा फैसला कार्यान्वयनको वस्तुगत अवस्था चित्रण गरी दीर्घकालीन सोच राखेर सुधारका कारवाही अगाडि लैजान सुझाव दिइएको देखिन्छ ।[८] सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था विषयक अध्ययन प्रतिवेदनले सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी भएका आदेशहरूको कार्यान्वनयको अवस्थाको बारेमा वस्तुगत विवरण उल्लेख गर्दै सुधारका लागि सुझावहरू दिएको पाइन्छ ।[९] नेपाल कानून समाजसँगको सहकार्यमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन निर्देशनालयको स्थापनासम्बन्धी अध्ययन प्रतिवेदनले सो निर्देशनालयको स्थापनाको आधार प्रदान गरेको छ ।

त्यसैगरी तीन वर्षभन्दा कम कैद तथा सानातिना जरिवानाको लगतलाई व्यवस्थापन गर्न सर्वोच्च अदालतमा दिइएको प्रतिवेदनले दण्ड जरिवानाको लगत व्यवस्थापनका लागि महत्वपूर्ण सुझावहरू दिएको छ । मुद्दामा आएका जिन्सी सामानको व्यवस्थापनका लागि पनि अध्ययन भई प्रतिवेदन प्राप्त भएको छ । फैसला कार्यान्वयनको सहजताका लागि प्रतिष्ठानले फैसला कार्यान्वयन निर्देशिका तयार पारेको छ ।[१०] यो विषयलाई फौजदारी कानून सुधार उच्चस्तरीय कार्यदलको प्रतिवेदनमा समेत सुधारका लागि सुझाव दिइएको छ । पछिल्लो समयको वस्तुगत अवस्थाको बारेमा फैसला कार्यान्वयनसम्बन्धी विद्यमान अवस्था विषयक अनुसन्धानमूलक अध्ययन, २०७० तयार पारिएको छ । न्यायपालिकाको रणनीतिक योजनाले पनि यो विषयलाई प्राथमिकतामा राखेको पाइन्छ । उल्लिखित सबै प्रयासहरू विद्यमान संरचना र कार्यविधिमा सुधार गरी फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने दिशामा केन्द्रित रहेका छन् । तर सुधारका प्रयासहरूको नतिजा भने अपेक्षितरुपमा प्रभावकारी हुन सकको छैन ।

## फैसला कार्यान्वयनका लागि रणनीतिक योजनाले लिएका लक्ष्य र रणनीतिक उपायहरू

फैसला कार्यान्वयनको विषयलाई न्यायपालिकाको रणनीतिक योजनाले प्रारम्भदेखि नै महत्वका साथ उल्लेख गरेको पाइएको छ । दोस्रो रणनीतिक योजनाले

---

७. राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन, २०६५ मा उल्लिखित विषयको बारेमा चर्चा गरिएको छ ।

८. माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई समेतको समूहले सो अनुसन्धान गरेको हो ।

९. प्रतिष्ठानले सो अध्ययनलाई पुनरावलोकन गरी प्रकाशन समेत गरिसकेको छ ।

१०. माननीय न्यायाधीश श्री शम्भुबहादुर कार्कीको संयोजकत्वमा उल्लिखित कार्यहरू भएका हुन् ।

फैसला कार्यान्वयनसम्वन्धी दर्खास्तको कारवाई र किनाराका लागि लिएको लक्ष्य यसप्रकार रहेको थियो :

- फैसला कार्यान्वयनका लागि परेका ५० प्रतिशत निवेदनहरू छ महिना भित्र, ७५ प्रतिशत निवेदनहरू ९ महिना भित्र फछ्र्यौट गर्ने, कुनै पनि अवस्थामा एक वर्ष नाघ्न नदिने । योजनाको बाँकी अवधिभरमा बक्यौता निवेदनहरू ५० प्रतिशतले न्यून हुने ।
- प्रत्येक वर्ष कम्तीमा सो वर्ष बढ्न सक्ने दण्ड जरिवानाको लगत बरावर असुल उपर गर्ने र योजनाको बाँकी अवधिभरमा बेरुजू दण्ड जरिवानाको लगतमा १० प्रतिशतले न्यून हुने ।

योजनाले उल्लिखित लक्ष्य लिएको भएपनि मध्यावधि मूल्याङ्कनमा कैदको लगत १२.७७ प्रतिशत र जरिवानाको लगत ६.६८ प्रतिशत वृद्धि भएको देखिएको छ । त्यसैगरी फैसला कार्यान्वयनसम्बन्धी दर्खास्तहरूको संख्या पनि बढेको देखिएको छ । सो प्रतिवेदनमा तहसिल शाखाको सुदृढीकरण हुन नसक्नु, आवश्यकता बमोजिमको स्रोत साधन उपलब्ध हुन नसक्नु, फैसला कार्यान्वयनसम्बन्धी काम कारवाहीलाई सूचना प्रविधिसँग आत्मसात गर्न नसक्नु, धरौटी तथा जमानतको अभिलेखलाई व्यवस्थित गर्न नसक्नु, सरोकारवालाहरूसँग पर्याप्त समन्वय हुन नसक्नु र फैसला कार्यान्वयनसम्बन्धी विद्यमान कानून र कार्यविधिमा परिमार्जन र सरलीकरण हुन नसक्नुलाई योजनाले निर्धारण गरेका कार्य सम्पन्न हुन नसक्नुका कारकको रुपमा लिइएको छ ।[११]

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले समेत फैसला कार्यान्वयनका लक्ष्य र रणनीतिलाई पुनरावलोकन गरी सुधारका लागि रणनीतिक उपायहरू प्रस्ताव गरेको छ। सो योजनाले न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने लक्ष्य अन्तर्गत फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रुपमा सञ्चालन गर्ने रणनीति निर्धारण गरेको छ । सो अन्तर्गत देहायका विषयहरु समेटिएको छ :

१. देवानी मुद्दाको फैसला कार्यान्वयनका लागि परेका ५० प्रतिशत निवेदनहरु ६ महिनाभित्र फछ्र्यौट गर्ने, ७५ प्रतिशत निवेदनहरु ९ महिनाभित्र फछ्र्यौट गर्ने, कुनै पनि अवस्थामा एक वर्ष नाघ्न नदिने, योजना अवधिको अन्त्यमा फैसला कार्यान्वयनका लागि परेका बक्यौता निवेदनहरु शून्यमा आउँने ।

२. फौजदारी मुद्दामा लागेको कैद र जरिवानाको लगत असुल गर्ने तर्फ प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत बराबरको कैद र जरिवाना बराबरको कैद र जरिवाना असुलउपर हुने, योजनाको अन्त्यमा बेरुजु कैद र जरिवानाको लगत

११. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन, सर्वोच्च अदालत, २०६९ पृ. ३५, ३६

५० प्रतिशतले न्यून हुने ।

३. प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने फैसला कार्यान्वयनको नयाँ मुद्दा संख्या बराबरको लगत फछ्र्यौट हुने र योजना अवधिको अन्त्यमा बक्यौता लगतको संख्या ५० प्रतिशतले न्यून हुने ।

४. सार्वजनिक सरोकारका विषयमा भएका आदेशहरु आदेशमा उल्लेख भएकोमा सोही अवधिभित्र र उल्लेख नभएकोमा बढीमा १ वर्षभित्र सबै आदेशहरु कार्यान्वयन हुने ।

न्यायपालिकाको रणनीतिक योजनामा प्राथमिकतापूर्वक फैसला कार्यान्वयनलाई सम्बोधन गरिनु र कार्यान्वयन योजनामा वस्तुगत रणनीति तयार गरिनु आफैमा राम्रो विषय हो । तर राम्रा र महत्वाकांक्षी योजना तर्जूमा हुनु मात्र पर्याप्त हुँदैन, प्रशस्त स्रोत साधनको खर्च गर्नु मात्र पर्याप्त हुँदैन । यसका लागि कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल भएको हुनु पर्दछ । न्यायिक सुधारलाई भौतिक पूर्वाधार र अवसरको रुपमा नलिई न्यायिक सेवाका लाभग्राहीले सेवाबाट प्राप्त गरेका सन्तोष र प्रकट गरेका विश्वासका आधारमा सफलताको मापन गरिनु पर्ने हुन्छ ।

## फैसला कार्यान्वयनमा देखिएका समस्याहरू

फैसला कार्यान्वयनका लागि हरेक जिल्ला अदालतमा तहसिल शाखा रहेको छ । फैसला कार्यान्वयन गर्ने जिम्मेवार अधिकारीको रुपमा तहसिलदारको व्यवस्था गरिएको छ । फैसला कार्यान्वयनका लागि कानूनी व्यवस्था पनि छन् र जनशक्ति पनि खटाइएको छ । योजनाले यसलाई प्राथमिकतामा राखेको पनि देखिएको छ । तर पनि प्रभावकारी रुपमा फैसला कार्यान्वयन हुन सकेको छैन । यसरी संरचना, कार्यविधि, जनशक्ति एवम् रणनीति निर्धारण हुँदाहुँदै पनि अपेक्षित नतिजा हासिल हुन सकिरहेको देखिदैन । यसका लागि केही महत्वपूर्ण कारणहरू जिम्मेवार रहेका छन् । जसलाई देहायमा उल्लेख गरिएको छ :

- फैसलाको कार्यान्वयन सम्बन्धी जिम्मेवारी कसको हो ? सरकारको कि अदालतको ? भन्ने विषयमा अवधारणागत स्पष्टता आवश्यक रहेको छ । हाम्रो अभ्यासले कुन दृष्टिकोण अवलम्वन गरेको हो भन्न पनि असहज छ । फैसला कार्यान्वयनमा कार्यपालिका र न्यायपालिका दुबैको भूमिका महत्वपूर्ण रहेको छ तर उतरदायित्वको मात्रामा भने भिन्नता देखिएको छ र यसलाई न्यायपालिकाको कामको रुपमा मात्र लिने गरेको जस्तो देखिएको छ ।
- परम्परागत अवधारणाबाट निर्देशित फैसला कार्यान्वयन सम्वन्धी कानूनी व्यवस्थाहरू झन्झटिला छन् र कार्यविधिगत जटिलता रहेको छ । परम्परागत कानूनी व्यवस्थाले नयाँ समस्यालाई सम्वोधन गर्न सकेको छैन । पूर्वाधारको

विकास, सूचना प्रविधिको अवलम्वनको अवस्था, नागरिकको चेतनामा आएको सुधार समेतलाई हेर्दा फैसला कार्यान्वयनका लागि निर्धारण गरेका प्रक्रिया र म्यादमा पनि पुनरावलोकनको आवश्यकता देखिएको छ। पुराना कानूनले नयाँ समस्या सम्बोधन गर्ने अवस्था हुँदैन ।

- फैसला कार्यान्वयनका लागि तहसिल शाखाको व्यवस्था भए पनि सो संरचना कार्यबोझका आधारमा पुनरावलोकन हुन सकिरहेको छैन । तहसिल शाखाको क्षमता विकास गर्न सकिएको छैन । आवश्यक स्रोत साधन र जनशक्तिको अभाव रहेको छ। भएका जनशक्तिमा पनि अपेक्षित विज्ञता देखिन सकेको छैन ।
- मानिसको आचरण, व्यवहार र सँस्कृतिमा ठूलो परिवर्तन आइसकेको छ। मुद्दाका स्वरुप र प्रकारहरूमा पनि धेरै भिन्नता आइसकेको सन्दर्भमा सो विषयलाई सम्वोधन गर्ने गरी कानूनी व्यवस्थाको पुनरावलोकन हुन सकिरहेको देखिदैन । कतिपय कानूनी व्यवस्थाहरू असान्दर्भिक समेत भइसकेको भएपनि ती व्यवस्थाहरू निरन्तर क्रियाशील रहेका छन् ।[१२]
- दण्ड जरिवानाको अभिलेख राख्ने पद्धति नै वैज्ञानिक र व्यवस्थित रहेको छैन । दण्ड जरिवानाको लगतलाई अध्यावधिक रुपमा दुरुस्त राख्न सकिएको छैन । अभिलेख राख्ने तरिकामा नै विविधता छ । अनुसन्धान तथा अभियोजनको चरणमा कार्यान्वयनलाई केन्द्रबिन्दुमा राखेर विवरण अध्यावधिक गर्ने गरिएको पाइदैन ।
- फैसला कार्यान्वयनसम्बन्धी काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गर्न सकिएको छैन । असुल तहसिलका लागि खटिने डोरहरू पनि औपचारिकतामा सीमित रहेको अवस्था छ। डोरको प्रभावकारिता मूल्याङ्कन गर्न सकिएको देखिदैन ।
- अर्को समस्याको रुपमा लगत अभिलेखको सञ्चारको विषय रहेको छ। लगत सरुवा गर्ने पद्धतिले एउटै लगत अंक दोहोरो रुपमा गणना हुने गरेको छ र यसले वास्तविक लगत र फछ्र्यौटभन्दा धेरै अंक लगत एवम् फछ्र्यौट भएको देखाएको छ ।
- स्थानीय निकायहरू (गा.वि.स. तथा न.पा.) को नाम तथा सीमाना परिवर्तन भएका छन् तर सो अनुसार लगत अध्यावधिक भएको छैन। पूराना र अपूरा लगतहरूले निक्कै ठूलो हिस्सा ओगटेको छ ।
- दण्ड जरिवानाको विवरण सरोकारवाला र आमनागरिकको पहूँचमा रहेको छैन । प्रहरी कार्यालयसम्म दण्ड जरिवानाको सञ्चार भएको छैन । यदाकदा सञ्चार

१२. यसको उदाहरणको रुपमा २५ रुपैया वापत एकदिन कैद गर्ने व्यवस्थालाई लिन सकिन्छ । जबकि एक दिन थुनामा राख्नका लागि सरकारले करिव १०० रुपैंया बराबरको सिधा खर्च व्यहोर्नु पर्दछ । जति सुकै जरिवाना नतिरे पनि बढीमा चार वर्ष कैद हुने व्यवस्थालाई पनि यसको अर्को उदाहरणको रुपमा लिन सकिन्छ । रु २५ जरिवाना नतिरे बापत एक दिन कैद गर्ने व्यवस्थाको पुनरावलोकन हुन सकेको देखिदैन

भएकोमा पनि प्रहरीको सक्रियता देखिएको छैन ।

- सुरक्षा निकाय लगायत सरोकारवालाहरूसँग समन्वय र सहकार्यको अभाव रहेको छ। फैसला कार्यान्वयनलाई लक्षित गरी न्यायिक सुरक्षाबलको अवधारणाको बारेमा धेरै अगाडि देखि छलफल भए पनि अझै यसको प्रभावकारी परिचालन हुन सकेको देखिदैन ।
- विदेशी अदालतबाट भएका फैसलाको मान्यता कुन रुपमा हुने हो र त्यस्तो फैसलाको कार्यान्वयन गर्नु पर्ने अवस्थामा के कुन कार्यविधि पालना गर्नु पर्ने हो भन्ने सम्वन्धमा कानूनी व्यवस्था मौन रहेको छ ।[१३]
- स्रेस्ता प्रणाली वैज्ञानिक र व्यवस्थित नहुँदा कार्यान्वयनमा कठिनाइ हुने गरेको छ। सम्पत्तिको स्वामित्व र अभिलेख सर्वसाधारणले सहजरुपमा बुझ्ने खालको रहेको देखिदैन ।
- कसूर अपराधमा विदेशीहरूको संलग्नता बढ्दै गएको अवस्था छ। तर विदेशीलाई लागेको दण्ड जरिवाना असुलीका लागि स्पष्ट कानूनी प्रबन्ध हुन सकेको छैन ।
- धरौट तथा जेथा जमानतको अभिलेख पद्धति व्यवस्थित हुन सकेको छैन । जेथा जमानतको अध्यावधिक विवरणको अभाव छ। जेथाबाट दण्ड जरिवाना असुल तहसिल गरिएको देखिदैन ।
- दण्ड जरिवाना असुल तहसिलमा सरकारी वकिल र प्रहरीको संलग्नताको रहेको देखिदैन । त्यसैले अनुसन्धान र अभियोजनको चरणमा फैसला कार्यान्वयनप्रति संवेदनशीलता देखिन नसक्दा दण्ड जरिवाना असुल तहसिल प्रभावित भएको छ ।
- स्थानीय निकायलाई दण्ड जरिवाना असुल तहसिलका लागि संलग्न गराउन सकिएको छैन। स्थानीय तहसम्म दण्ड जरिवानाको लगत संचार हुन सकेको छैन ।
- दण्ड जरिवाना असुल तहसिलसम्वन्धी कानूनी व्यवस्थामा समयानुकूल सुधार गर्न सकिएको छैन ।

---

१३. विकी शेर्पा विरुद्ध अध्यागमन विभाग समेत भएको एउटा मुद्दामा सर्वोच्च अदालतले भनेको छ : नेपालमा foreign judgment enforcement act अर्थात विदेशी अदालतबाट भएका निर्णय कार्यान्वयन गर्ने कानून बनेको छैन। तापनि कुनै एक सार्वभौम राष्ट्र जसको न्यायपालिका स्वतन्त्र छ त्यस देशको अदालतको फैसलालाई यस अदालतले जुडिसियल नोटिसमा लिनु पर्दछ। ... एक देशको नागरिक अर्को देशमा गई बस्न सक्ने, अर्को देशमा वैवाहिक सम्वन्ध स्थापना गरी पेशा व्यवसाय सञ्चालन गर्न सक्ने हुँदा recognition and enforcement of foreign judgments सम्बन्धी कानून बनाउनु भनी नेपाल सरकार मन्त्रिपरिषद र कानून तथा न्याय मन्त्रालयका नाममा ध्यानाकर्षण गराउने। (ने.का.प. २०६७ अंक ११ नि.नं. ८५०५ पृ. १८८१) त्यसैगरी डा. पुष्करराज पाण्डे समेत विरुद्ध सविना पाण्डे भएको मुद्दामा सर्वोच्च अदालतले भनेको छ : निजी अन्तर्राष्ट्रिय कानूनका विज्ञहरू समेतलाई सहभागी गराई एउटा अध्ययन समिति गठन गरी विदेशी फैसलाको मान्यता र कार्यान्वयनसम्बन्धी ऐन तर्जुमा गरी लागू गर्नु भनी कानून तथा न्याय मन्त्रालयको नाँउमा निर्देशनात्मक आदेश जारी हुने। (ने.का.प. २०६८ अंक ३ नि.नं. ८५७२ पृ. ९३)

- मुद्दा हार्ने पक्षलाई फैसला कार्यान्वयनप्रति जिम्मेवार बनाउन सकिएको छैन ।
- फैसला कार्यान्वयन सरकारको प्राथमिकतामा परेको छैन नत यो कार्यात्मकरुपमा अदालतको प्राथमिकतामा परेको छ ।[१४] अदालतबाट जारी भएका महत्वपूर्ण निर्देशनात्मक आदेशहरू कार्यान्वयन हुन सकिरहेको पाइदैन ।[१५]
- दण्ड जरिवाना लागेका व्यक्तिको राज्ययन्त्र तथा राजनीतिक व्यक्तिहरूसँगको साँठगाँठले पनि फैसला कार्यान्वयन प्रभावकारी रुपमा हुन दिएको छैन भन्ने आरोप लागिरहेको छ । फैसला कार्यान्वयनको सन्दर्भमा जिम्मवार निकायहरूमा जबाफदेहिता र उत्तरदायित्वको अभाव देखिएको टिप्पणी सुनिने गरेको छ ।
- दण्ड जरिवाना लागेका व्यक्तिको पहिचानको समस्याले पनि कैद जरिवाना असुल तहसिल हुन सकेको छैन । दण्ड जरिवानाको विवरण सञ्चार हुन नसक्दा आम नागरिक र सरोकारवाला निकाय सूचित हुन सकेको अवस्था छैन ।[१६]
- दण्ड जरिवाना असुल तहसिलका लागि प्रभावकारी संयन्त्रको अभाव देखिएको छ । निजामती कर्मचारीहरू रहेको अदालतको एउटा सानो शाखाले कैद जरिवाना असुल तहसिल गर्न सक्ने अवस्था नै रहेको छैन ।
- अर्द्धन्यायिक निकायको फैसला कार्यान्वयनका लागि आवश्यक संरचना, स्रोत, साधन र जनशक्ति र कार्यविधिको समेत व्यवस्था हुन सकेको छैन । फैसला कार्यान्वयनका लागि भै रहेको कानूनी व्यवस्थाको प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको अवस्था छ ।

फैसला कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्दा समग्र न्याय प्रशासनप्रति नै प्रश्नचिन्ह लाग्न सक्ने अवस्था छ। यसले अदालतप्रतिको जनविश्वास प्रभावित हुन सक्ने स्थिति देखिएको छ। अदालती काम कारवाहीहरू औपचारिकतामा सीमित रहेको आरोप लागिरहेको अवस्था छ। कसूरदारलाई लागेको दण्ड जरिवाना असुल तहसिल नहुँदा पीडितहरू अन्याय सहन बाध्य भएको अवस्था छ। यसले अदालतका धेरै फैसलाहरू कागजीरुपमा सीमित हुने अवस्था सिर्जना भएको छ। यसले कानूनको शासनको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न कठिन भएको छ। न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनमा भनिएको छ : हाल

---

१४. नीतिगत रुपमा रणनीतिक योजनामार्फत फैसला कार्यान्वयनलाई प्राथमिकता दिएको देखिए पनि कार्यरुपमा सो अनुसारको स्रोत साधन र जनशक्ति एवम् कार्यक्रम र कानूनी व्यवस्था हुन सकेको अवस्था छैन ।

१५. तथापि निर्देशनात्मक आदेशको कार्यान्वयनको विषयमा विगतकोभन्दा स्थितिमा सुधार आएको छ। अनुगमन संयन्त्र क्रियाशील भएको छ । यससम्बन्धी थप जानकारीका लागि प्रतिष्ठानबाट गरिएको सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन २०७० हेर्न सकिन्छ ।

१६. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिले दण्ड जरिवाना लागेको व्यक्तिलाई सरकारको तर्फबाट प्रदान गरिने सार्वजनिक सेवा प्रदान नगर्ने व्यवस्था गर्न मिति २०७०।०९।२१ मा नीतिगत निर्णय गरी सरकार समक्ष पठाएको भए पनि सो अनुसारको कार्यान्वयन नीति बन्न सकेको देखिदैन ।

अदालतमा असुल हुन बाँकी रहेको कैद र जरिवानाको लगत हेर्दा फैसला कार्यान्वयन तुलनात्मक रुपमा बढी समस्याग्रस्त क्षेत्रको रुपमा रहेको देखिन्छ । फैसला कार्यान्वयनमा हुने ढिलाइ र अनिश्चितताले दण्डहीनतालाई बढावा दिनुका साथै समग्र न्याय प्रणालीको औचित्य र विश्वसनीयतामा समेत प्रश्नचिन्ह खडा हुने गर्दछ ।[१७]

**समस्या समाधानका उपायहरू**

न्याय प्रशासनको महत्वपूर्ण पाटो हुदाँहुँदै पनि फैसला कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । फैसला कार्यान्वयन प्रभावकारी नहुँदा यसले न्याय प्रशासनमा नकारात्मक प्रभाव पारिरहेको छ । यो समस्याको समाधानका लागि देहायका उपायहरू अपनाउन सकिन्छ :

- फैसला कार्यान्वयनको जिम्मेवारी कसको भन्ने विषयमा अवधारणागत स्पष्टता आवश्यक रहेको छ । यही रुपको स्रोत साधन र जनशक्ति एवम् कार्यविधिले अदालतको फैसला कार्यान्वयन प्रभावकारी हुन नसक्ने हुँदा अव अन्यत्रका असल अभ्यासहरूसमेतलाई अध्ययन गरी फैसला कार्यान्वयनका सन्दर्भमा स्पष्ट अवधारणा र नीति अंगिकार गर्नु पर्दछ र सोही अनुरुपको संरचना, कार्यविधि र स्रोत साधन एवम जनशक्तिको व्यवस्था अपेक्षित छ ।
- परम्परागत कानूनी व्यवस्थामा समयानुकूल सुधार गरी फैसला कार्यान्वयनसम्बन्धी स्पष्ट कानूनी प्रबन्ध गरिनु पर्दछ । कार्यविधिगत जटिलताले फैसला कार्यान्वयनमा पारेका नकारात्मक प्रभावलाई दृष्टिगत गरी कार्यविधिगत सरलीकरण गरिनु पर्दछ । यो विषयलाई उद्देश्यपरकरुपमा सम्वोधन गर्नका लागि फैसला कार्यान्वयनसम्बन्धी छुट्टै ऐन र नियम तर्जूमा गर्नु पर्ने आवश्यकता रहेको छ ।
- फैसला कार्यान्वयनसम्वन्धी प्रभावकारी संस्थागत प्रवन्ध गरी सोको सक्षमता अभिवृद्धि समेत गरिनु पर्दछ । धेरै लामो समयदेखिको बहसपछि न्यायिक प्रहरीको अवधारणा कार्यान्वयनमा ल्याउने प्रयत्न भएको छ । अदालतलाई उपलब्ध गराइने प्रहरीको परिचालन र जिम्मेवारीको बारेमा प्रष्ट कार्यविधि निर्देशिका बनाइनु पर्ने आवश्यकता छ । उनीहरूको सुपरिवेक्षण र नियन्त्रण एवम् उत्तरदायित्वको बारेमा स्पष्ट कानूनी व्यवस्था हुन नसके सञ्चालनमा जटिलता आँउन सक्ने अवस्था रहन्छ ।
- दण्ड जरिवानाको लगत अभिलेख राख्ने पद्धतिमा सुधार गरी आधुनिकीकरण गरिनु पर्दछ । यसलाई सूचना पद्धतिसँग आबद्ध गरी व्यापक प्रचारप्रसार गरिनु पर्दछ । लगत कस्ने र कट्टा गर्ने सम्बन्धी स्पष्ट आधारहरु निर्धारण गरिनु पर्दछ ।

---

१७ न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०६६।६७ २०७०।७१ मध्यावधि मूल्याङ्कन प्रतिवेदन, २०६९ पृ. ३५

- फौजदारी न्याय प्रशासनको अभिन्न अंगको रुपमा रहेका सरकारी वकील र प्रहरीमा समेत दण्ड जरिवानाको लगत राख्ने व्यवस्था गरी असुल तहसिलमा कानूनी रुपमा नै जिम्मेवार बनाइनु पर्दछ ।
- असुल हुन नसकेको लगत कट्टा तथा मिनाहा गर्न गठित समितिमा सरकारी वकील र प्रहरी अधिकारीको प्रतिनिधित्व गराउनु उपयुक्त हन्छ ।
- कुनै पनि निकायको एक्लो प्रयासबाट फैसला कार्यान्वयन प्रभावकारी हुन नसक्ने हुँदा फौजदारी न्याय प्रशासनका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने व्यवस्था गरिनु पर्दछ । साझा उत्तरदायित्व निर्धारण गरिनु पर्दछ र यसलाई सम्बद्ध जनशक्तिको कार्य सम्पादनसँग आबद्ध गरिनु पर्दछ ।
- फैसला कार्यान्वयनसम्वन्धी काम कारवाईको सुपरिवेक्षण, नियन्त्रण, निर्देशन गर्न तथा कार्यान्वयनमा आइ पर्ने द्विविधा र समस्याहरू समाधान गर्न फैसला कार्यान्वयन निर्देशनालयलाई स्रोत साधन र अधिकार सम्पन्न बनाइनु पर्दछ ।
- आवधिक रुपमा दण्ड जरिवानाको लगत प्रकाशन गरी आम नागरिक एवम् सराकारबालाहरूलाई सूचीत गरिनु पर्दछ । स्थानीय निकाय एवम् सार्वजनिक सेवा वितरण गर्ने निकायहरू तथा शान्ति सुरक्षा कायम गर्ने निकायहरूको सेवा वितरणसँग दण्ड जरिवानाको लगत आबद्ध गर्नु पर्नेछ । अर्द्धन्यायिक निकायको फैसला बमोजिम लागेको दण्ड जरिवानाको असुल तहसिलका लागि छुट्टै स्पष्ट कार्यविधिको आवश्यकता पर्दछ ।
- फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन न्यायक्षेत्र समन्वय समितिको सक्रियता अपेक्षित रहेको छ ।
- स्थानीय निकायलाई पनि दण्ड जरिवाना असुल तहसिलमा संलग्न गराउनका लागि दण्ड जरिवानाको लगत ती निकायहरू सम्म पठाउने व्यवस्था गरिनु पर्दछ । असुल तहसिल भएको दण्ड जरिवानाको ठूलो हिस्सा स्थानीय निकायले नै पाउने गरी दण्ड जरिवाना असुल तहसिलमा स्थानीय निकायलाई आकर्षित गरिनु पर्दछ ।
- दण्ड जरिवाना लागेका व्यक्तिलाई सार्वजनिक सेवा प्रदान नगरिने कानूनी तथा नीतिगत व्यवस्था गरिनु पर्दछ । यसका लागि दण्ड जरिवानाको अभिलेखलाई सार्वजनिक पहुँचको विषय बनाउनु पर्ने हुन्छ । दण्ड जरिवाना लागेको व्यक्तिलाई लुकाउने वा संरक्षण गर्ने विषयलाई अपराधको रुपमा परिभाषित गरी दण्ड जरिवाना निर्धारण गरिनु पर्दछ ।
- विदेशीलाई लागेको दण्ड जरिवाना असुल तहसिलका लागि विशेष कानूनी व्यवस्था गरिनु उपयुक्त हुन्छ । विदेशी अदालतमा भएको फैसलाको कार्यान्वयनका लागि अदालतले दिएको निर्देशनबमोजिम छुट्टै कानूनी व्यवस्था गर्न प्रयास गरी यथाशक्य छिटो कानूनी रिक्तताको परिपूर्ति गरिनु पर्दछ ।

- जन्म कैदलाई तुलनात्मक अध्ययनको आधारमा परिभाषित गरिनु पर्दछ। कैद वापत जरिवाना र जरिवाना वापत कैद गर्दाको अंकलाई मौद्रिक मूल्यका आधारमा पुनरावलोकन गरिनु पर्दछ। र यसलाई आवधिकरुपमा समीक्षा गर्ने व्यवस्था गरिनु पर्दछ।
- जरिवाना वापत कैद गर्ने समयावधिको पुनरावलोकन गरिनु पर्दछ। मौद्रिक मूल्यलाई विचार गरी यसको उपल्लो हद निर्धारण गर्नु पर्ने देखिन्छ।
- जेथा जमानतको एकीकृत विवरण तयार गर्ने र त्यस्तो जेथा जमानतबाट कैद जरिवाना असुल गर्ने गरी कार्यविधिगत प्रवन्ध गरिनु पर्दछ।
- दुनियाँले सिधा खर्च दाखिल गरी थुनामा राख्नु पर्ने व्यवस्थाको पुनरावलोकन गरिनु पर्दछ। सर्वस्व गरिने विद्यमान सजायको पुनरावलोकन गरी यस्तो व्यवस्था हटाउनु उपयुक्त देखिन्छ।
- आरोप लागेको व्यक्ति पहिचान हुने गरी मुद्दाको हरेक चरणको काम कारवाहीमा अभिलेखीकरण गर्ने प्रबन्ध गरिनु पर्दछ।

## यसका विकल्पहरू

विद्यमान व्यवस्थाबाट फैसला कार्यान्वयनमा प्रभावकारिता नदेखिएको र यो कार्य कार्यकारीको हो भन्ने तर्क उठ्ने गरेको सन्दर्भमा यसका विकल्पहरूको बारेमा सरकार र न्यायालयले खुला छलफल गर्नु पर्ने आवश्यकता रहेको छ। सरकारले यो जिम्मेवारी लिन तत्परता प्रदर्शन गर्ने हो भने न्यायपालिकाले सहर्ष त्यो जिम्मेवारी कार्यकारीलाई हस्तान्तरण गर्नु पर्ने हुन्छ। तर त्यस्तो तत्परता नदेखिएसम्म जबरजस्ती जिम्मा लगाएर न्यायपालिका आफ्नो दायित्वबाट मुक्त हुन सक्दैन। नीतिगत टुंगो वा अवधारणागत स्पष्टता नभएसम्म तत्कालका लागि देवानी मुद्दाको फैसला कार्यान्वयन र देवानी दायित्वको परिपूरणको जिम्मेवारी जिल्ला अदालतको तहसिल शाखामा रहने व्यवस्था गर्नु नै उपयुक्त देखिन्छ। फौजदारी मुद्दामा कसूरदार ठहरिएका फरार व्यक्तिलाई पक्राउ गरी असुल तहसिल गर्ने कार्यको जिम्मा स्थानीय प्रहरी कार्यालय वा कार्यकारी निकायलाई दिइनु पर्दछ। यस्ता व्यक्तिहरूको केन्द्रीय डाटावेस तयार गरी सरोकारवाला निकायहरूको पहुँच कायम हुने व्यवस्था गरिनु पर्दछ। असाधारण अधिकारक्षेत्र अन्तर्गत जारी भएका आदेशहरूको कार्यान्वयनको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। सो आधारमा फैसला कार्यान्वयनसम्बन्धी ऐन नियमको तर्जूमा गरी प्राथमिकताका साथ कार्यान्वयनमा लैजान सकेमात्र सुधारका प्रयासको सार्थकता रहन्छ।

**निष्कर्ष**

स्वतन्त्र, सक्षम, निष्पक्ष र प्रभावकारी न्यायपालिका प्रजातान्त्रिक शासन व्यवस्थाको आधार हो। यसले नागरिक हक अधिकारको संरक्षण र प्रचलन गराउने जिम्मेवारी प्राप्त गरेको हुन्छ। आफ्ना काम कारवाहीलाई समयबद्धरुपमा सञ्चालन गरी अनुमानयोग्य बनाउन सक्नु पर्ने हुन्छ। त्यसैगरी फैसलाको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसैबाट अदालतप्रतिको आस्था र विश्वसनीयता अभिवृद्धि हुनसक्छ। फैसलाले निधार्रण गरेको दण्ड जरिवाना असुल तहसील भएन वा पीडित पक्षलाई प्रदान गरिएको उपचार कार्यान्वयनको तहबाट प्राप्त भएन भने अदालतबाट गरिएका फैसलाहरू निरर्थक सावित हुन पुग्दछन्। जसले न्यायपालिकाप्रतिको आमधारणामा नै नकारात्मक असर पार्न सक्छ। फैसला कार्यान्वयनको क्षेत्रका प्रशस्त समस्याहरू रहेका छन्। ती समस्याहरूको समाधानको लागि कानूनी, संस्थागत र मानवीय श्रोत साधनको व्यवस्थापन र क्षमता अभिवृद्धिको आवश्यकता छ। अदालतको एक्लो प्रयासले मात्र यो सम्भव हुन सक्दैन। यसका लागि सरोकारवाला निकाय र राज्यका जिम्मेवार अंगको उत्तिकै सक्रियता सहयोग र समन्वयको आवश्यकता रहेको छ।

**सन्दर्भ सामग्रीहरू**

**ऐन कानूनहरू**

- मुलुकी ऐन, दण्ड सजायको महल
- अदालत सम्बन्धी नियमावलीहरु

**प्रतिवेदनहरू**

- उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८
- शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०
- अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५,
- अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८,
- सर्वोच्च अदालतका वार्षिक प्रतिवेदनहरू
- न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन, २०६९
- फौजदारी कानून सुधार उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६९
- न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१
- सर्वोच्च अदालका वार्षिक प्रतिवेदनहरु

**अनुसन्धानमूलक अध्ययनहरू**

- फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू, राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६५

- फैसला कार्यान्वयन निर्देशनालय स्थापनासम्बन्धी अध्ययन, सर्वोच्च अदालत, २०६६
- फैसला कार्यान्वयनसम्बन्धी अवस्थाका सम्वन्धमा गरिएको अनुसन्धानमूलक अध्ययन, २०७०
- सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था विषयक अनुसन्धानमूलक अध्ययन, २०७०

**पुस्तक**

- न्यायप्रशासनका आयामहरू, सोपान मासिक, २०६१

**अन्य**

- नेपाल कानून पत्रिकाका विभिन्न अंकहरू

# रिट क्षेत्राधिकारको विकेन्द्रीकरण र त्यसले पारेको प्रभाव

**उमेश कोइराला♥**

**सारांश**

*न्यायिक विकेन्द्रीकरणको विषय न्यायिक सुधारको एउटा महत्वपूर्ण आयामका रुपमा रहेको छ। न्यायमा जनताको सहज पहुँच सुनिश्चित गर्न तल्लो तहका अदालतहरूलाई बढी अधिकार प्रदान गर्ने क्रममा जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुन्ने र पुनरावेदन अदालतलाई उत्प्रेषण समेतको अधिकार दिइएको छ। जिल्ला अदालतलाई प्राप्त रिट क्षेत्राधिकार सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतको रिट क्षेत्राधिकार सरहको होइन भन्ने कुरामा स्पष्ट हुन जरुरी छ। सर्वोच्च अदालतले संविधान प्रदत्त अख्तियारी अन्तर्गत मौलिक हकको प्रचलन गराउन यो अधिकार प्रयोग गर्दछ भने मातहतका अदालतले न्याय प्रशासन ऐन, २०४८ र नागरिक अधिकार ऐन, २०१२ ले प्रदान गरेको कानूनी अख्तियारी अन्तर्गत कानूनी हकको संरक्षणका लागि यो अधिकारक्षेत्र ग्रहण गर्दछन्। प्रस्तुत लेखमा रिट क्षेत्राधिकारको विकेन्द्रीकरणको पछि त्यसले पारेको प्रभावको बारेमा समीक्षा गरिएको छ।*

## १. विषय प्रवेश

विद्यमान कानूनमा समसामयिक पुनरावलोकन, न्यायिक विकेन्द्रीकरण र त्यसमार्फत न्यायमा जनताको सहज पहुँच कायम गर्ने विषय न्यायिक सुधारका अन्तरनिहित विषय बन्दै आएका हुन्। यही प्रसंगमा सर्वोच्च अदालत र केही हदसम्म पुनरावेदन अदालतमा सीमित भएको रिट क्षेत्राधिकारलाई जिल्ला अदालतसम्म पुऱ्याउनु पर्ने आवाज न्यायिक मञ्चहरूमा उठ्न थालेको र समयले विकेन्द्रित न्यायको माग गरेको परिप्रेक्ष्यमा २०६७।१२।१५ मा न्याय प्रशासन ऐन, २०४८ मा संशोधन गरी पुनरावेदन अदालतलाई **उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा** समेतको आदेश जारी गर्ने र जिल्ला अदालतलाई **बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा**को आदेश जारी गर्ने अधिकार प्रदान गरियो। त्यसको कार्यान्वयनका लागि २०६८।२।२ देखि लागू हुने गरी पुनरावेदन अदालत नियमावली र जिल्ला अदालत नियमावलीमा समेत संशोधन गरिएको छ। यसरी न्यायिक अधिकारको निक्षेपण गर्ने गरी भएको कानूनी व्यवस्थाका आधारमा जिल्ला अदालतले प्राप्त गरेको नयाँ जिम्मेवारी पछिको प्रभाव मूल्याङ्कन गरी सुधारका क्षेत्रहरूको पहिचान

---

♥ माननीय जिल्ला न्यायाधीश

गर्नु आवश्यक देखिएको छ । त्यसैले अध्ययन अनुसन्धानका लागि यतिखेर यो विषय नवीनतम् विधाका रुपमा रहन गएको छ । उल्लिखित सन्दर्भमा यस आलेखमा जिल्ला अदालतलाई प्रदान गरिएको रिट अधिकारक्षेत्र, यसले अधिकार संरक्षण र न्यायमा सहज पहुँचमा पुऱ्याएको योगदान र यसको प्रभाव समेतका बारेमा विश्लेषण गर्न खोजिएको छ ।

## २. अबधारणा

विकेन्द्रीकरणमा अधिकार, जिम्मेवारी तथा जबाफदेहिता स्थानीय स्तरमा हस्तान्तरण गरिन्छ । Dannis A. Rondinelli का अनुसार विकेन्द्रीकरण भनेको केन्द्रीय सरकार र यसका एजेन्सीहरूबाट क्षेत्रको संगठनहरू, सरकारका सहायक निकायहरू, अर्द्ध स्वायत्त सरकारी संस्थान क्षेत्रीय एवम् निश्चित भौगोलिक निकायहरू, कार्यगत निकायहरू तथा गैरसरकारी संस्थाहरूलाई योजना तर्जुमा, निर्णय निर्माण तथा व्यवस्थापनको अधिकार प्रत्यायोजन गरी हस्तान्तरण गर्नु हो । विकेन्द्रीकरणले स्थानीय जनतालाई अधिकार सम्पन्न बनाउँछ, त्यही अधिकारको जगमा आफ्ना समस्याहरूको पहिचान गरी त्यसको समाधानका उपायहरू पहिल्याउन जनता सक्षम हुन्छन् । विकेन्द्रीकरणको यही वैशिष्ठ्यका कारणबाट Lord Bryce ले विकेन्द्रीकरणलाई प्रजातन्त्रको उत्कृष्ट पाठशाला भन्दछन् ।

नेपालमा विकेन्द्रीकरणलाई सुशासन प्रबर्द्धन, प्रशासनिक, राजनीतिक, सामाजिक, आर्थिक र विकास निर्माणका कार्य सञ्चालन गर्ने प्रमुख माध्यमको रुपमा स्वीकार गरिएको छ ।

न्यायिक विकेन्द्रीकरणको स्वाभाविक अर्थ केन्द्रीय न्यायिक निकायमा रहेको अधिकारलाई जनताको निकटमा पुऱ्याई न्यायिक प्रक्रियामा जनताको सहज पहुँच स्थापित गर्नु हुन्छ । यसमा विशेष गरी गाउँ वा नगर स्तरीय इकाई वा प्रादेशिक कानूनद्वारा स्थापित अन्य निकायलाई न्यायिक अधिकार प्रदान गरिन्छ । औपचारिक कानूनी प्रक्रियाबाट मात्र अदालतमा दिनहुँ आउने जटिल विवादहरूको समाधान गर्न सकिँदैन । कानूनमा धेरै अस्पष्टता र व्याख्याको गुन्जायस रहने हुँदा एउटै प्रकृतिको विवादमा पनि फरक फरक निर्णय हुने गर्दछ, यसले न्यायिक प्रक्रियाप्रति जनताको विश्वास डग्मगाउन सक्छ । त्यसैगरी अदालत राजनीतिक प्रभावबाट मुक्त हुन सक्दैन, फलस्वरुप अदालतका काम कारबाही जहिले पनि प्रभावशाली वर्गको पक्षमा हुन पुग्दछन् भन्ने दृष्टिकोणका साथ Critical Legal Study आन्दोलन अघि बढाइएको पाइन्छ । यसले पनि न्यायको परम्परागत मान्यता र प्रक्रियालाई चुनौती दिएको छ । फलस्वरुप कानून निर्माण देखि विवादको समाधान सम्ममा स्थानीय जनताको सहभागितामा जोड दिन थालियो । यसै सन्दर्भमा Gerald E. Frug ले Local Government Law को वकालत गर्दै स्थानीय समस्या वा विवाद समाधानमा निर्णयबाट असर पर्ने व्यक्तिको भूमिकामा

जोड दिए । केन्द्रबाट निर्मित कानूनले व्यक्तिका हरेक क्रियाकलापलाई नियमित गर्न र केन्द्रिकृत अदालती संरचनाले विवादको सही समाधान गर्न सक्दैन भन्ने मान्यताका साथ उत्तरआधुनिक दृष्टिकोणले जन्म लियो, जसले कानून निर्माण एवम् विवाद समाधानमा पनि स्थानीयकरणमा जोड दियो । न्यायिक विकेन्द्रीकरणलाई विधिशास्त्रीय मतसँग दाँजेर हेर्ने हो भने यसलाई अधिकार केन्द्रित अवधारणा (Right Based Approach) को नजिकै पाउन सकिन्छ । यस प्रसंगमा Ronald Dworkin ले आफ्नो कृति Taking Right Seriously मा "Individuals have legal rights beyond those explicitly laid down and that they have political and moral rights against the state that are prior to the welfare of the majority." भनी व्यक्त गरेको कथन र John Rawls ले Theory of Justice अन्तर्गत "The distribution of other primary goods in society including material wealth and social economic and political opportunity." भनी व्यक्त गरेको मतलाई जनताको नजिकै पुगेर न्याय प्रदान गर्ने विकेन्द्रीकरणको उद्देश्यसँग जोड्न सकिन्छ । त्यसैले यी विधिशास्त्रीय मतहरू र न्यायिक विकेन्द्रीकरणको अवधारणाकाबीचमा सामिप्यता देखिन्छ ।

विकसित पछिल्ला अवधारणाको जगमा न्यायिक विकेन्द्रीकरणको धारणा उभिएको छ, जसले न्यायिक अधिकारको निक्षेपणमा जोड दिन्छ । जसले विवाद समाधानमा मेलमिलाप, मध्यस्थता लगायतका वैकल्पिक उपायको प्रयोगलाई पनि उत्तिकै महत्व प्रदान गर्दछ । यस्तो अधिकार स्थानीय निकाय र स्थानीय समूदायलाई हस्तान्तरण गर्न सकिन्छ ।

## ३. नेपालमा न्यायिक विकेन्द्रीकरण

न्यायिक विकेन्द्रीकरण नेपालको न्यायिक इतिहाससँग पनि जोडिएको विषय हो । नेपालको न्यायिक इतिहासलाई खोतल्दा विभिन्न कालखण्डमा न्यायिक परिपाटिमा परिवर्तन हुँदै आएको र केन्द्रिकृत न्यायिक अधिकार क्रमशः विकेन्द्रित हुँदै आएको पाइन्छ । तर कानूनी इतिहासको गतिशिलतालाई कहिले एकातिर र कहिले अर्कोतिर मोडिएको कारणबाट न्यायिक विकेन्द्रीकरणको प्रक्रियाले स्वाभाविक मार्ग पक्डन नसकी बीचैमा अबरुद्ध हुन पुगेको अवस्था देखिन आउँछ । न्यायिक विकेन्द्रीकरणका सानदार दृष्टान्तका रुपमा रहेका किराँतकालीन पाण्टुम्याङ, लिच्छवीकालीन पाञ्चाली, मल्लकालीन छरिदार, परमान, द्वारे, शाहकालको प्रारम्भ ताकाका कौशी (भारदारी), वांगे बैठक (कुमारीचोक), दफ्तरखाना र छेभडेल, त्यसपछिका भारदारी, कौशल, धर्मकचहरी र पञ्चायतलाई त्यही गतिमा अघि बढाउन सकिएन । २००८ सालमा प्रधान न्यायालय ऐनद्वारा रिट सम्बन्धी अधिकार सर्वप्रथम प्रधान न्यायालयले पाएकोमाबीचको केही अबधिसम्म त्यसलाई हठात् अबरुद्ध पारियो । तर २०१३ सालमा सर्वोच्च अदालत ऐन जारी भै राज्यको सर्वोच्च

न्यायिक निकायका रुपमा सर्वोच्च अदालतको स्थापनासँगै रिट क्षेत्राधिकारको प्रयोग पुनः गरिएको देखिन्छ ।

त्यसैगरी २०१४ सालमा "दौडाहा न्याय प्रशासन (विशेष व्यवस्था) ऐन" जारी भई सर्वोच्च अदालतका न्यायाधीशबाट मुद्दा फछर्यौट गर्ने, निरीक्षण गर्ने कार्य समेत भएको देखिन्छ भने २०२६ सालमा सर्वोच्च अदालतको पूर्व दौडाहा विराटनगर बेञ्च र पश्चिम दौडाहा नेपालगन्ज बेन्च कायम गरी मुद्दा फैसला गर्ने समेतको व्यवस्था भएको पाइन्छ । यसलाई न्यायिक विकेन्द्रीकरणको अभ्यासका रुपमा लिन सकिन्छ ।

यसबीचमा अदालतको तहगत संरचनामा पनि फेरबदल भए । १९०४ साल अघिसम्म राज्यसभाले सर्वोच्च न्यायिक निकायका रुपमा कार्य गर्दथ्यो भने त्यस अन्तर्गत इटाचपली, कोटिलिंग, टक्सार, धनसार नामका चार अदालत थिए । त्यसबेला शुरु तहको अदालतका रुपमा तराई अदालत, पहाडी अदालत, काठमाडौं उपत्यका पश्चिमी र पूर्वी अदालत जस्ता अदालतहरू अस्तित्वमा थिए । १९९७ सालमा सर्वोच्च न्यायिक निकायका रुपमा प्रधानन्यायालयको व्यवस्था गरी त्यस अन्तर्गत भारदारी अदालत, अपिल अदालत र जिल्ला अदालत गरी चार तहका अदालतको व्यवस्था गरियो । २००८ सालमा प्रधानन्यायालय, अपिल अड्डा, जिल्ला अदालत र अमाल गरी चार तहको अदालती संरचना कायम गरियो । सर्वोच्च अदालत ऐन, २०१३ जारी भएपछि सर्वोच्च अदालत सर्वोच्च न्यायिक निकायका रुपमा र त्यस अन्तर्गत अपिल अड्डा र शुरु अदालत रहने व्यवस्था गरियो । न्याय प्रशासन ऐन, २०१६ जारी भएपछि साविकको अदालती संरचनामा परिवर्तन गरी सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र इलाका अदालतको व्यवस्था गरियो । त्यसपछि लामो समयसम्म सर्वोच्च अदालत, क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालत गरी चार तहको अदालत कायम गरियो ।[1] विभिन्न कालखण्डका यी तहगत संरचनाले केही हदसम्म भएपनि न्यायिक निकायलाई जनताको निकटमा पुऱ्याउन खोजिएको पाइन्छ ।

२०४७ सालमा नेपाल अधिराज्यको संविधान जारी भएपछि त्यसले तीन तहको अदालतको व्यवस्था गऱ्यो, जुन अहिलेसम्म पनि कायम छ । विकेन्द्रित शासन व्यवस्थाको सोचका साथ जारी भएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकाय (गाउँ विकास समिति र नगरपालिका) लाई महत्वपूर्ण न्यायिक अधिकार प्रदान गऱ्यो । तर सो कानूनी व्यवस्थालाई अहिलेसम्म पनि कार्यान्वयनमा ल्याइएन ।

न्यायिक विकेन्द्रीकरणको विषय न्यायिक सुधारको एउटा महत्वपूर्ण आयामका रुपमा रहेको छ । यही मेसोमा न्यायमा जनताको सहज पहुँच सुनिश्चित गर्न अदालतको तल्लो निकायहरूलाई बढी अधिकार प्रदान गर्नुपर्ने, जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुन्ने र पुनरावेदन अदालतलाई उत्प्रेषण समेतको अधिकार

१. न्याय दर्शन दिग्दर्शन, भाग १, विष्णु सुवेदी, प्रेमप्रसाद आचार्य, २०६७, पृ. १९८-२०६

दिइनु पर्छ भन्ने दृष्टिकोण न्यायपालिकाको रणनीतिक योजनाका माध्यमबाट सार्वजनिक गरियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनर्संरचनाको सङ्कल्प गरेको र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणको आवश्यकतावोध गरेको छ। यसै सन्दर्भमा संविधानसभा अन्तर्गतको न्यायप्रणाली समितिले न्यायप्रणालीका हकमा एकीकृत ढाँचाको संरचनालाई नै स्वीकार गरी सबै नागरिकको न्यायमा सहज पहुँच पुऱ्याउनको लागि राज्यको हरेक जिल्लामा एउटा जिल्ला अदालत रहने, प्रादेशिक कानूनद्वारा स्थापित न्यायिक निकाय वा इलाका, नगर वा गाउँ स्तरीय अदालतहरू जिल्ला अदालतका मातहतमा रहने र यो अदालतले आफ्नो मातहतका न्यायिक निकाय वा इलाका, नगर वा गाउँ स्तरीय अदालतहरूको निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने प्रस्ताव गरेको देखिन्छ। यो दृष्टिकोणले यतिखेर वैधानिक अर्थ नराखे पनि अबको सम्भावित गन्तव्यलाई भने उजागर गरेको मान्न सकिन्छ ।

यसरी न्यायिक अधिकारको प्रयोगमा नवीनतम् दृष्टिकोण निर्माण हुँदै गरेको परिप्रेक्ष्यमा न्यायिक विकेन्द्रीकरणको एउटा पाटोको रुपमा पछिल्लो समयमा आएर जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन सुन्ने अधिकार प्रदान गरिएको छ। यसरी न्यायिक विकेन्द्रीकरणतर्फ चालिएको पाइलालाई रोकिन नदिई इलाका, नगर वा गाउँ स्तरीय अदालतहरूको स्थापनातर्फ उन्मूख गराएर स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई प्रदान गरेको न्यायिक अधिकार लगायतका सानातिना विवादहरूको निरुपण गर्ने जिम्मेवारी सुम्पनु अहिलेको माग हो ।

## ४. तुलनात्मक अध्ययन

न्यायिक विकेन्द्रीकरण जनतालाई उसैको नजिकमा पुगेर न्याय दिने प्रक्रिया भएकाले विश्वका विकसित मुलुकहरू यस प्रक्रियालाई विभिन्न रुपमा आत्मसात् गरेको तेजीका साथ अघि बढेको पाइन्छ । अमेरिकामा विभिन्न राज्यले Small Claims Courts का रुपमा सानातिना विवादको समाधान सहज र सरल रुपमा गर्ने गरी प्रक्रिया सुनिश्चित गरेको पाइन्छ भने बेलायतमा County Courts का रुपमा यसलाई प्रभावकारी बनाउने कोशिस गरिएको छ । नेपालको छिमेकी मुलुक भारतमा लोक अदालतको अवधारणा अघि सारियो भने श्रीलंकामा Community Mediation, फिलिपिन्समा Barangay Justice System र बंगलादेशमा Shalish का रुपमा मेलमिलाप पद्धतिमा आधारित न्यायमा जोड दिइएको छ । यी सबै न्यायिक विकेन्द्रीकरणको नमूनाका रुपमा रहेका छन् । यसमध्ये अमेरिका, बेलायत र भारतमा स्थानीय तहमा रहने औपचारिक न्यायिक संयन्त्रमार्फत नै अधिकारको प्रयोग हुने गरेको पाइन्छ भने श्रीलंका, फिलिपिन्स र बंगलादेशका

अभ्यासहरू अनौपचारिक पद्धति, विशेषतः Mediation, मा आधारित छन् । तर ती मुलुकमा अनौपचारिक पद्धतिलाई पनि कानूनी मान्यता प्रदान गरिएको हुँदा त्यसले स्थानीय विवाद समाधानमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको पाइन्छ । ती देशका अभ्यासलाई यहाँ छुट्टा छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ ।

## ४.१ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा संघीय संरचना रहेको र न्यायिक संरचना पनि तदनुरुप नै रहेको पाइन्छ । तहगत रुपका संघीय अदालत र राज्य अदालतहरूको सञ्जालले त्यहाँको न्यायिक प्रक्रियामा जनताको पहुँचको खासै समस्या देखिँदैन । त्यसमा पनि जिल्ला अदालतमा विशेष सेसनका रुपमा सञ्चालन हुने Small Claim Court को अवधारणाले न्यायमा पहुँचलाई अझ सरल र सहज बनाएको छ । यस्तो सेसनमा साधारण, अनौपचारिक र सुलभ प्रक्रियाको अवलम्बन गरी विवादको समाधान खोजिने हुँदा यसले न्यायिक प्रक्रियाप्रति जनताको विश्वास जागृत गर्न पनि सफल भएको छ । अमेरिकी राज्यहरूमा न्यायिक प्रक्रियाकै अभिन्न अंगका रुपमा मेलमिलाप पद्धतिलाई व्यापक रुपमा अभ्यास गरिएको पाइन्छ । विशेष गरी १९६० को दशकमा सामाजिक र राजनीतिक क्षेत्रमा मात्र होइन सरकारी र गैरसरकारी क्षेत्रमा समेत न्याय प्रणाली सुधारका लागि सामुदायिक मेलमिलाप अभियान चलाइएको देखिन्छ । सामाजिक र राजनीतिक क्षेत्रले सरकारी निकाय (यसमा अदालत पनि पर्दछ) को असक्षमता, अकर्मण्यता, स्वेच्छाचारिता र अस्वच्छतालाई नियन्त्रण गर्ने महत्वपूर्ण औजारका रुपमा सामुदायिक मेलमिलाप अभियान चलाएको पाइन्छ भने सरकारी पक्षले पनि आफ्ना कमी कमजोरीलाई स्वीकार गर्दै त्यसमा सुधार ल्याउन यो प्रक्रियालाई एउटा विकल्पका रुपमा ग्रहण गर्दै यही प्रक्रियामार्फत Multi-Door Courthouse को स्थापनातर्फ उन्मुख हुन खोजेको पाइन्छ । तर यसलाई न्याय प्रणालीको समानान्तर, नागरिकद्वारा सञ्चालित र सामुदाय केन्द्रित बनाउन भने उनीहरू तयार देखिँदैनन् । अर्थात् सरकार र अदालत स्वयं पनि मेलमिलाप पद्धति प्रति आकर्षित मात्र होइन, त्यसको प्रबर्द्धनका लागि तयार भैसकेका छन्, तर त्यसलाई न्यायिक प्रक्रियाको अभिन्न अंगका रुपमा (Court-Based) राख्नु पर्ने भन्ने धारणा राख्दछन् । यसका लागि अमेरिकामा संघीय कानूनमार्फत प्रारम्भिक रुपमा योगदान पुऱ्याउन Law Enforcement Assistance Administration (LEAA) को समेत स्थापना गरिएको पाइन्छ ।[२]

२. Community Mediation And The Court System: The Ties That Bind, *Tim Hedeen & Patrick G. Coy*, *First published in the Mediation Quarterly, Volume 17, Number 4* **J**une 2000, available at http://www.mediate.com/articles/cohed2.cfm. Website Visited on 18 July, 2013.

यसरी Small Claims Disputes को समाधानमा Small Claims Courts ले उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । त्यसैगरी विवाद समाधानमा पछिल्लो समयमा भित्र्याइएको Communitive Mediation Movement बाट मुद्दाको कारबाही प्रक्रियामा प्रभावकारीता, अदालती प्रक्रियामा लाग्ने खर्च कटौती, नियमित मुद्दा प्रक्रियामा थप ध्यान दिन सकिने अवस्था र न्यायमा गुणस्तरीयता अभिवृद्धि जस्ता उपलब्धि हासिल भएको (A Justice Department report outlined five goals for the employment of mediation in small claims disputes : 1. Increasing the efficiency of case processing; 2. Reducing court system costs; 3. Allowing judges to provide added attention to cases on the regular civil docket; 4. Improving the quality of justice; and 5. Improving collection of judgments.) भन्ने एउटा अध्ययनले देखाएको छ ।[३] यसबाट संयुक्त राज्य अमेरिकामा पनि न्यायिक विकेन्द्रीकरणको उच्चतम अभ्यास भएको भन्ने देखिन्छ ।

## ४.२ बेलायत

बेलायतमा देवानी र फौजदारी मुद्दा हेर्न दुई थरी न्यायिक संरचना कायम गरिएको पाइन्छ । त्यसमध्ये फौजदारीतर्फ Magistrates' Courts र देवानीतर्फ County Courts ले सानातिना मुद्दाको न्याय निरुपण गर्ने अधिकार ग्रहण गर्दछन् । Magistrates Court मा साना शहर र केन्द्रदेखि टाढा रहेका ठाउँका लागि छुट्टै खालको व्यवस्था गरिएको छ भने County Courts का रुपमा देशभरि छरिएका चारसयभन्दा बढी संख्यामा रहेका अदालतहरूले जनतालाई आफू निकटको न्यायिक निकायबाट न्याय पाउने अधिकार सुनिश्चित गरेका छन् । त्यसमध्ये केही County Court लाई साना मूल्यका वाणिज्य सम्बन्धी विवादको समाधान गर्ने अधिकार दिइएको पाइन्छ भने केहीलाई Admiralty, Bankruptcy वा Family सम्बन्धी विवाद समाधानको क्षेत्राधिकार सुम्पिएको पाइन्छ ।[४] अत्यन्त साना खालका विवादको निरुपण जिल्ला न्यायाधीशले र त्यस बाहेकका अन्य विवादको निरुपण Circuit Judge बाट हुने गरी व्यवस्था गरिएको छ । करार सम्बन्धी दावीका लागि Small Claims court सर्वाधिक उपयोगी मानिन्छ । तर त्यसका लागि Track Limit तोकिएको छ । अप्रिल १, २०१३ देखि लागू हुने गरी तोकिएको Track Limits अनुसार England र Wales मा १०,००० पाउण्ड र Scotland र Northern Ireland मा ३,००० पाउण्ड तोकिएको छ ।[५] तर त्यही सीमाभित्रकै भए पनि विवादको विषयवस्तु अत्यन्त जटिल रहेको भन्ने न्यायाधीशलाई लागेमा त्यस्तो विवादलाई Small Claims का रुपमा सुनुवाई नगर्न पनि सकिन्छ । Small Claims Case का सम्बन्धमा

---

३. Ibid.

४. THE UNITED KINGDOM JUDICIAL SYSTEM, available at K_EN_TheUKJudicialSystem, Website Visited on 15 July, 2013

५. Ibid.

बेलायतको अभ्यासलाई हेर्दा England र Wales मा त्यस्ता विवादको समाधानमा मेलमिलाप पद्धतिलाई प्राथमिकता दिने गरेको पाइन्छ । त्यस्ता विवादलाई Mediation Service मा प्रेषित गर्न सकिने भएपनि त्यस प्रक्रियामा जानै पर्ने बाध्यता भने रहेको पाइदैन । तर Mediation बाट सुल्झिएको विवादमा त्यसको परिणामलाई स्वीकार गर्नै पर्ने हुन्छ, अन्यथा त्यस्ता पक्षलाई न्यायाधीशले जरिवाना समेत गर्न सक्दछन् ।

### ४.३ भारत

भारतले संघात्मक शासन प्रणालीलाई अवलम्वन गरेको भए पनि त्यहाँको न्यायिक संरचना भने एकात्मक प्रकृतिको छ । त्यहाँको अदालती संरचना हेर्दा नेपालसँग मिल्दोजुल्दो नै देखिन्छ। तर त्यहाँ न्यायिक विकेन्द्रीकरणको प्रक्रियालाई अत्यन्त प्रभावकारी बनाइएको पाइन्छ । सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने संरचनागत व्यवस्थासँगै साना प्रकृतिका मुद्दा हेर्ने गरी स-साना इकाइका रुपमा न्याय पञ्चायत, Munsif Court र Small Causes Court को समेत व्यवस्था गरिएको छ । त्यसैगरी विवाद समाधानको वैकल्पिक व्यवस्थाका रुपमा लोक अदालतको अवधारणा अघि सारिएको छ । The Legal Services Authorities Act, 1987 ले त्यसलाई वैधानिकता प्रदान गरेको छ । लोक अदालतले आफूसमक्ष प्राप्त भएका विवादहरू वार्ता, मेलमिलाप, मध्यस्थताद्वारा मिलाई नियमित अदालतको पुरकको रुपमा काम गर्दछन् ।

पक्षहरूले नियमित अदालतमा जस्तो झन्झटिलो कार्यविधिमा अल्झिनु नपर्ने, दस्तुर, अनावश्यक खर्च, ढिलाई जस्ता समस्याको सामना गर्नु नपर्ने हुँदा लोक अदालतप्रति र समग्रमा न्यायप्रणाली प्रति जनताको विश्वास बढ्दै गएको छ । यी अदालतले विवाद समाधान गर्दा समन्याय, न्यायका मान्य सिद्धान्त र अन्य कानूनी सिद्धान्तको आधारमा गर्छन् र समाधान गरेका विवादमा नियमित अदालतमा राखेको कोर्ट फि समेत फिर्ता दिइन्छ । पक्षहरू स्वेच्छिक रुपमा लोक अदालतमा प्रवेश गर्ने र लोक अदालतबाट भएका निर्णय अन्तिम हुने व्यवस्था गरिएको छ । लोक अदालतमा आएका मुद्दामा कुनै किसिमबाट विवादको समाधान हुन नसकेमा मुद्दाका पक्षहरूलाई अदालतमा जानु भनी राय दिन सकिन्छ ।

केन्द्रीय अधिकारी वा मुद्दा अनुसार हरेक राज्यको अधिकारीले सार्वजनिक सेवाका विषयहरूका लागि स्थायी लोक अदालत स्थापना गर्न सक्छन् । यस्ता अदालतको अध्यक्षमा जिल्ला अदालतका वहालबाला वा अवकाश प्राप्त न्यायाधीश रहन्छन् । कानूनका विद्यार्थी, शिक्षक, कानून अधिकृत, सामाजिक कार्यकर्ता आदि जो सुकैले यसमा योगदान दिन सक्छन् । पक्षहरू आफैले कुनै विवाद समाधानार्थ लोक अदालतमा अनुरोध गर्न सक्छन् वा कुनै अदालतमा विचराधीन मुद्दा पक्षको अनुरोधमा वा लोक अदालतबाट समाधान गराउनु उपयुक्त छ भनी कुनै अदालतले पठाएको विवादमा लोक अदालतको क्षेत्राधिकार रहन्छ ।

उल्लिखित विशेषता भएकै कारणले गर्दा भारतमा लोक अदालतका प्रति गौरव गरिन्छ, उनीहरू यसलाई गरिवका पक्षमा न्यायदिने अनौपचारिक न्यायिक संयन्त्रका रुपमा ग्रहण गर्दछन् । लोक अदालतको प्रभाव मूल्याङ्कन गर्दै यसलाई भारतीय न्यायपालिकाको Flagship का रुपमा समेत चित्रण गरिएको पाइन्छ ।[६]

## ४.४ श्रीलंका

विवाद समाधानमा वैकल्पिक उपायलाई महत्वका साथ व्यवहार गर्ने मुलुकको श्रेणीमा श्रीलंका पनि अग्रपङ्तीमा आउँछ । श्रीलंका द्वन्द्वग्रस्त मुलुकका रुपमा रहँदै आएको परिप्रेक्ष्यमा त्यहाँको न्याय व्यवस्थाप्रति जनताको विश्वास जागृत गर्नका लागि सन् १९९० मा त्यहाँको न्याय मन्त्रालय अन्तर्गत परिचालित हुने गरी Community Mediation Boards Programme सञ्चालन गरियो । जसलाई Mediation Boards Act, 1988 ले वैधानिक आधार प्रदान गरेको छ । श्रीलंकाभर छरिएर रहेका ३०९ वटा Mediation Board का माध्यमबाट देवानी र फौजदारी दुबै किसिमका विवादहरूको समाधान हुँदै आएको छ । खासगरी कुटपीट, कर्जा विवाद र जग्गा विवाद समाधानमा यो प्रक्रिया प्रभावकारी देखिएको छ । जग्गा विवादमा अपुताली, बण्डा, स्वामित्व, सीमा विवाद, खिचोला जस्ता विवादहरू प्रमुख रुपमा रहेको पाइन्छ । अझ युद्धग्रस्त क्षेत्रमा व्यापक रुपमा विस्थापित हुनु परेको अवस्था र उनीहरूको पुनर्स्थापनको विषय अत्यन्त पेचिलो बनेको भएपनि यो प्रक्रियाले समुदायबीचको सुमधुर सम्बन्ध कायम गर्दै विवादको सहज समाधान गर्न योगदान पुऱ्याएको देखिन्छ । समग्रमा सामुदायिक मेलमिलापले न्यायमा सहज पहुँच स्थापित गर्न योगदान पुऱ्याएको, सामाजिक सद्भाव कायम गरेको र यसले राज्य र समाजबीचको सम्बन्धसूत्रका रुपमा काम गरेको भनी श्रीलंकामा यसलाई महत्वपूर्ण अभियानका रुपमा हेर्ने गरिएको पाइन्छ ।[७]

## ५. न्यायिक विकेन्द्रीकरणको औचित्य र आवश्यकता

देशको न्यायिक अधिकार न्यायपालिकामा निहीत रहन्छ र न्यायपालिकाभित्र विभिन्न तहगत संरचनाहरू रहेका हुन्छन् । न्यायिक अधिकार कहिल्यै पनि प्रत्यायोजित हुँदैन । त्यसैले प्रत्येक न्यायिक निकायलाई अधिकार प्रदान गर्ने कार्य कानूनमार्फत नै हुनु पर्दछ । न्यायपालिकाको केन्द्रीय निकायमा मात्र अधिकार केन्द्रित गर्ने हो भने जनता

६. "The Lok Adalats are the flagship of the Indian judiciary for dispensation of justice to the poor." LOK ADALATS AS MOST POPULAR ADR MODE IN INDIA: WITH SPECIAL REFERENCE TO H.P., available at LOK_ADALATS_IN_H.P.- Final, Website Visited on 10 July, 2013

७. COMMUNITY MEDIATION AND SOCIAL HARMONY IN SRI LANKA, Craig Valters, May 2013, available at JSRP4-Theories-in-Practice-Sri-Lanka, Website Visited on 12 July, 2013

न्यायबाट विमुख हुनु पर्ने बाध्यता सिर्जना हुन्छ । त्यसैले जनतालाई आफ्नो नजिकको इकाइबाट सेवा प्राप्त गर्ने बाटो खोलिदिनु पर्दछ । आफ्नो सम्पत्ति, हक, अधिकार र स्वतन्त्रता खोसिएको अवस्थामा सहज, शीघ्र, सुलभ न्याय पाउनु जनताको नैसर्गिक अधिकार हो, त्यसका लागि न्यायिक विकेन्द्रीकरण नै सर्वोत्तम विकल्प हो ।

न्यायिक विकेन्द्रीकरणले न्यायमा जनताको सहज पहुँच सुनिश्चित गर्दछ, जनतालाई औपचारिक न्यायिक प्रक्रियाप्रति विश्वस्त तुल्याउँछ, न्यायपालिका र समग्र राज्य संयन्त्रप्रतिको विश्वास अभिवृद्धि गर्दछ, जनतामा आफ्नो अधिकारको संरक्षणका लागि राज्य संवेदनशील रहेको सन्देश प्रवाहित गर्दछ । त्यसैले यो आवश्यक छ ।

विश्वव्यापीकरणको प्रभावस्वरुप मुलुकहरूको भौगोलिक सीमाना भत्किँदै गएको छ, विश्व एउटा सानो इकाइमा परिणत हुन पुगेको छ । साँघुरिँदै गएको विश्वमा मानव अधिकार, जनतालाई न्याय, लोकतन्त्र, समावेशीकरण जस्ता विषयहरू एउटा राष्ट्र विशेषसँग मात्र सम्बन्धित हुने अवस्था रहँदैन । त्यसैले न्यायिक विकेन्द्रीकरणको विषय पनि एउटा राष्ट्रको आन्तरिक विषय मात्र नभएर अन्तर्राष्ट्रिय चासो र सरोकारको विषय बन्न पुगेको छ । मानव अधिकारसँग प्रत्यक्ष जोडिएका यी विषयहरूलाई मानव अधिकारका अन्तर्राष्ट्रिय आलेखहरूले राष्ट्रिय दायित्वका रुपमा उभ्याएका छन् । न्यायिक विकेन्द्रीकरण विना न्यायमा सहज पहुँच सम्भव हुँदैन र जनता आफ्नो अधिकारको संरक्षण गर्नबाट बञ्चित हुने अवस्था आउँछ । त्यस आधारमा पनि न्यायिक विकेन्द्रीकरणको आवश्यकता टड्कारो देखिन्छ ।

## ६. न्यायिक विकेन्द्रीकरणले पुऱ्याउन सक्ने योगदान

विकेन्द्रीकरणले जनतालाई राज्य संयन्त्रसँग जोड्ने काम गर्दछ । नेपालमा विकेन्द्रीकरणलाई सुशासन प्रबर्द्धन, प्रशासनिक, राजनीतिक, सामाजिक, आर्थिक र विकास निर्माणका कार्य सञ्चालन गर्ने प्रक्रिया, जनसहभागिता अभिवृद्धि गर्ने रणनीति र जनसशक्तीकरणको प्रमुख माध्यमका रुपमा समेत स्वीकार गरिएको छ । यसै मेसोमा न्यायपालिका पनि जनतालाई उनीहरूको नजिकको न्यायिक निकायमार्फत न्याय दिने अभियानमा जुटेको छ । न्यायिक विकेन्द्रीकरणको पछिल्लो प्रयास स्वरुप जिल्ला अदालतलाई रिट क्षेत्राधिकार प्रदान गरिएको छ । त्यसैले न्यायिक विकेन्द्रीकरणको पछिल्लो अभ्यासका रुपमा जिल्ला अदालतले प्राप्त गरेको रिट क्षेत्राधिकारले जनतालाई उनीहरूको न्याय प्राप्तिको मार्गमा पुऱ्याउन सक्ने योगदानका बारेमा चर्चा गर्नु सान्दर्भिक नै हुन्छ ।

आजको युग सभ्यताको युग हो । आज शासक र शासितका पूराना मान्यताहरू भत्किसकेका छन् । जनता शासन सञ्चालनको निर्णायक शक्तिका रुपमा रहन पुगेकोले जनताको इच्छामा आधारित रहेर मात्र शासन व्यवस्था सञ्चालन गर्नु पर्ने हुन्छ । त्यसैले स्वेच्छाचारी एवम् निरंकुश शासन असान्दर्भिक हुँदै गएका छन् र संविधानबाद, कानूनको

शासन, नागरिक स्वतन्त्रता, मानव अधिकार, मौलिक अधिकार, जनसहभागिता जस्ता विषयहरू शासन सञ्चालनका मानकका रुपमा रहन पुगेका छन् ।

जनता नै राज्य सञ्चालनको केन्द्रबिन्दु भएकाले जनताका अधिकार संरक्षण गर्नु नै राज्यको प्रमुख जिम्मेवारी हो । अधिकारको संरक्षणमा मूलतः दुईवटा विषय महत्वपूर्ण मानिन्छन् । **पहिलो-** हक अधिकारको प्रत्याभूति र त्यसको उल्लङ्घनमा प्रभावकारी उपचारको व्यवस्था र **दोस्रो-** अधिकारको संरक्षण र प्रबर्द्धनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था । यसमध्ये दोस्रो विषयमा अदालतले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विशेष गरी रिट क्षेत्राधिकार अन्तर्गत पूर्ण न्यायको अबधारणालाई समेत आत्मसात् गरी अदालतले आफूलाई अधिकारको संरक्षकका रुपमा उभ्याउन सक्छ । जिल्ला अदालतलाई रिट/निवेदन सुन्ने अधिकार प्रदान गरिएकोले जनताको अधिकार संरक्षणमा जिल्ला अदालतले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने मार्ग प्रशस्त हुन पुगेको छ ।

न्यायपालिकाको प्रमुख कार्य जनतालाई न्याय प्रदान गर्नु हो । जनताका हक अधिकारहरू खोसिएको अवस्थामा न्यायपालिकाले पुनर्स्थापित गर्न सक्छ भन्ने प्रत्याभूति जनतालाई गराउनु पनि न्यायपालिकाको कर्तव्य हो । "जनतालाई न्याय" भन्ने कुरा सुन्नमा जति प्रिय छ, त्यतिनै कठीन पनि छ । न्यायमा सहज पहुँच नहुँदासम्म न्याय प्राप्ति दुरुह हुन्छ । सहज पहुँचलाई औपचारिक पहुँचका रुपमाभन्दा सार्थक र सारभूत पहुँचका रुपमा बुझ्नु पर्दछ । त्यसैले न्यायिक निकायसम्म पुग्न पाउने अधिकारको सुनिश्चितताले मात्र न्यायमा सहज पहुँच स्थापित भएको मान्न सकिँदैन । यस भित्र न्याय प्रदान गर्ने निकायसम्म पुग्ने, कानून बनाउने र कार्यान्वयन गर्ने प्रक्रियामा सहभागी हुने अवसर र सामर्थ्य पनि पर्दछ ।

न्यायप्राप्तिको मार्गमा अबरोध रहितता नै न्यायमा सहज पहुँच हो । यसले औपचारिक वा अनौपचारिक न्यायिक निकायमार्फत उपचार खोज्ने र पाउने जनताको क्षमतालाई दर्शाउँछ । न्यायिक प्रक्रियाका बारेमा अनभिज्ञ र भयभित, आर्थिक कारणले असमर्थ, कानूनी सहायताबाट बञ्चित, आफ्नो अधिकारका बारेमा अनभिज्ञ व्यक्तिका लागि न्याय प्राप्तिको विषय अत्यन्त कठीन झैं लाग्दछ । त्यसैले कानूनी सचेतना, कानूनी सहायता, भौतिक सहजता, सबल नागरिक समाज, अनौपचारिक न्यायिक संयन्त्र, विवाद समाधानका स्थानीय परम्परा र औपचारिक न्यायिक प्रक्रियाबीचको समन्वय, स्वच्छ न्याय, खुला र पारदर्शी न्यायिक प्रक्रिया, पहुँचमा समानता, कानूनको समान एवम् प्रभावकारी प्रयोगको सुनिश्चितता, न्यायिक निर्णयको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरूले मात्र न्यायमा सहज पहुँचलाई सुनिश्चित गर्दछन् । न्यायमा सहज पहुँच बिना अधिकारको संरक्षण सम्भव हुँदैन, त्यसैले मानव अधिकार र सहज पहुँचको विषय एक अर्काका परिपूरकका रुपमा रहन पुगेका छन् । न्यायमा सहज पहुँचलाई

कसैले न्यायिक प्रक्रियामा सहभागी हुने क्षमताका रुपमा[८] त कसैले मानव अधिकार अन्तर्गत शीघ्र न्यायका रुपमा[९] र कसैले गुणस्तरीय न्याय अन्तर्गतको शीघ्र, पहुँचयोग्य र वितरणात्मक न्यायका रुपमा[१०] अर्थ्याउने गरेको पाइन्छ । यसबाट पनि न्यायमा सहज पहुँचको विषय मानव अधिकारको महत्वपूर्ण आयामका रुपमा रहन पुगेको छ ।

नेपालको समग्र भौगोलिक अवस्थितिका दृष्टिले पनि सर्वोच्च अदालत र पुनरावेदन अदालतको तुलनामा जिल्ला अदालतमा जनताको सहज पहुँच रहने कुरामा विवाद हुन सक्दैन । जनताले आफू निकटको अदालतबाट सेवा पाउने यो व्यवस्थालाई पनि एकहदसम्म न्यायिक विकेन्द्रीकरणको अभ्यासका रुपमा लिन सकिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले स्पष्ट रुपमा वर्गीय, जातीय, भाषिक, लैंगिक, साँस्कृतिक, धार्मिक, क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिने[११] र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा व्यवस्था गरिने[१२] बाचा गरेको छ । यसरी राज्यको मूल कानूनले नै राज्यको केन्द्रीकृत स्वरुपलाई बदल्नु पर्ने र विकेन्द्रीकरण र अधिकारको निक्षेपणलाई लोकतन्त्रको संस्थागत विकासको आधार मानेको परिप्रेक्ष्यमा विकेन्द्रीकरण प्रमुख मुद्दा बन्नु अस्वाभाविक होइन । त्यसैको फलस्वरुप न्यायपालिकाभित्र पनि न्यायिक विकेन्द्रीकरणको विषय प्राथमिकतामा पऱ्यो । पछिल्लो समयमा त्यसको शुरुवात रिट क्षेत्राधिकारलाई जिल्ला तहसम्म विस्तारित गरेर गरिएको छ ।

न्यायमा सहज पहुँच न्यायपालिकाको पनि प्राथमिकताको विषय हो। न्यायपालिकाको पहिलो र दोस्रो पञ्चवर्षीय रणनीतिक योजना समेतले स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटो छरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित न्यायप्रणालीमार्फत मानव अधिकारको संरक्षण गर्दै कानूनको शासनको माध्यमद्वारा सबैको निम्ति न्याय सुनिश्चित गर्नुलाई नेपालको न्यायपालिकाको परिदृश्यका रुपमा राखिएबाट नै न्यायपालिकाको प्राथमिकता स्वतः स्पष्ट भएको छ । योजना दस्तावेजले न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्ने विषयलाई रणनीतिक उपायका रुपमा राखेको छ ।

---

८. Upendra Baxi, ACCESS, DEVELOPMENT AND DISTRIBUTIVE JUSTICE- ACCESS PROlbEMS OF THE RURAL POPULATION, JILI Vol.18, July-Sep 1976, No.3, at 376

९. M.G.Chitakra, *Lok Adalat and the Poor*, Ashish Publishing House, New Delhi, 1993, at 60

१०. Jasdeep Randhawa, *Realishing our Justice Nomo,* available at www.rfgindia.org/publications/Guest%20Column%20-%20Jasdeep, Website Visited on 14 May, 2013

११. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८(१)

१२. ऐ.ऐ. धारा १३९(१)

यसै सन्दर्भमा सर्वोच्च अदालतमा परेको एउटा रिट निवेदनका रोहमा (अधिवक्ता माधवकुमार बस्नेत समेत वि. मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६७, अंक ४, पृ. ३९९) **न्यायमा सहज पहुँचका लागि विभिन्न कानूनी व्यवस्थाहरूको पुनरावलोकन गरी समसामयिक संशोधन, परिमार्जन, अदालतको क्षेत्राधिकारको पुनरावलोकन, न्यायिक विकेन्द्रीकरण जस्ता विषयहरूमा ध्यान जानु जरुरी हुन्छ** भनी स्पष्ट न्यायिक दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ।

यसरी न्यायपालिकाले अधिकारको संरक्षण र न्यायमा सहज पहुँचको कुरालाई उठाउँदै आएको परिप्रेक्ष्यमा जिल्ला अदालतलाई **व्यक्तिको कानून प्रदत्त हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार** प्राप्त भएको छ। यसले जनतालाई आफ्नो अधिकारको संरक्षणमा आफ्नो सबैभन्दा नजिकमा रहेको न्यायिक निकायको ढोका ढक्ढक्याउने सुविधा उपलब्ध भएको छ, जसलाई सहज पहुँचको एउटा महत्वपूर्ण खुड्किलो मान्न सकिन्छ। तर त्यसरी निवेदन दिन पाउने अधिकार सिर्जना भएको बारेमा जनतालाई जानकारी गराउनु पर्ने, कानून व्यवसायीहरू त्यसका लागि तयार हुनु पर्ने, असमर्थ पक्षका लागि कानूनी सहायता सुनिश्चित गरिनु पर्ने, अदालतको वातावरण सेवाग्राही मैत्री हुनु पर्ने, नागरिक समाज र सरोकारवाला अन्य निकायहरू सहयोगी बन्नु पर्ने जस्ता कुराहरू महत्वपूर्ण हुन आउँछन्। यस्ता महत्वपूर्ण पक्षतिर ध्यान नदिँदासम्म न्यायिक विकेन्द्रीकरणको यो प्रयासले अपेक्षित योगदान नदिन पनि सक्छ। त्यसैले न्यायिक विकेन्द्रीकरणका पक्षमा गरिएको यो अभ्यासलाई सार्थक र परिणाममूखी तुल्याउन आवश्यक पर्ने सबै प्रबन्ध मिलाउनु आवश्यक देखिन्छ।

## ७. रिट क्षेत्राधिकारका सन्दर्भमा बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञा सम्बन्धी हाम्रो अभ्यास

रिट क्षेत्राधिकार अन्तर्गत व्यक्तिको अधिकार संरक्षणका लागि असाधारण अधिकारको प्रयोग गरिने हुँदा यसलाई उपचारात्मक हक (Remedial Right ) को एउटा महत्वपूर्ण औजार मानिन्छ। रिटको अवधारणा खासगरी उपचार विनाको कुनै अधिकार हुँदैन (*Ubi Jus ibi remedium*) भन्ने सिद्धान्तमा आधारित छ। रिटमा जनताको संविधान एवम् कानून प्रदत्त हकको संरक्षण गर्ने बृहत्तर क्षेत्राधिकार अन्तरनिहित भएकाले सानातिना कार्यविधिगत त्रुटि कमजोरीलाई आधार बनाएर अर्थात् सामान्य प्राविधिक कुरामा अल्झिएर जनताको न्याय प्राप्तिको हक कुण्ठित हुने गरी अदालतले रिट क्षेत्राधिकारलाई सङ्कुचित बनाउँदैन।

नेपालमा राजाहरूबाट रिट प्रकृतिका आदेशहरू जारी गर्ने प्रचलन रहेपनि यसलाई कानूनी अस्तित्व प्रदान गर्ने काम भने प्रधान न्यायालय ऐन, २००८ ले मात्र गर्‍यो। ऐनको दफा ३० मा "प्रधान न्यायालयलाई नेपाल भर मुलुकमा जहाँसुकै पनि आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सबै कुरामा विधानद्वारा प्रदत्त अधिकारको प्रचलनका

लागि जुनसुकै व्यक्ति वा व्यक्तिहरू, कम्पनी कर्पोरेशन वा अधिकारी वर्गलाई जो चाहिने आज्ञापत्र वा आदेश, जसमा बन्दीप्रत्यक्षीकरण (हेवियस कर्पस), परमादेश (म्याण्डामस), प्रतिषेध (प्रोहिबिसन), अधिकारपृक्षा (क्वोवारन्टो) र उत्प्रेषण (सर्सीओररी) का पूर्जी समेत सामेल छन्, जारी गर्ने अख्तियार हुनेछ" भन्ने व्यवस्था गरी रिटको आधुनिक अवधारणालाई पहिलो पटक आत्मसात् गरियो ।

त्यसपछि केही समय अन्यौल र द्विविधा कायम रहेको[१३] भएपनि त्यसपछि नेपालको सर्वोच्च अदालतले असाधारण अधिकारका रुपमा रिट क्षेत्राधिकारको प्रयोग निरन्तर रुपमा गर्दै आएको छ ।

यसरी विश्वव्यापी रुपमा स्वीकार्य र नेपालमा पनि मूलतः बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण, अधिकारपृच्छा गरी पाँच प्रकारका रिट निवेदनहरू प्रचलनमा रहेको पाइन्छ । रिटलाई सर्वोच्च न्यायिक निकायको विशेषाधिकारका रुपमा लिइए पनि अभ्यासका क्रममा रिट जारी हुने नहुने र यो क्षेत्राधिकार आकर्षित हुने नहुने सम्बन्धमा सीमारेखाहरू कोरिएका छन् । प्रत्येक रिटहरूको उत्पत्ति, विकास र प्रयोगको आ-आफ्नो इतिहास र पृष्ठभूमि रहेको छ । तर यस आलेखमा जिल्ला अदालतलाई प्रदान गरिएको रिट क्षेत्राधिकार र न्यायिक विकेन्द्रीकरणमा त्यसको सान्दर्भिकताको विषयमा चर्चा गरिएको हुँदा यहाँ जिल्ला अदालतले प्राप्त गरेको अधिकारमा सीमित रहेर बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाका सम्बन्धमा मात्र संक्षेपमा उल्लेख गरिएको छ ।

यस सन्दर्भमा के बुझ्नु जरुरी छ भने, जिल्ला अदालतलाई प्राप्त रिट क्षेत्राधिकार सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतको रिट क्षेत्राधिकार सरहको होइन । सर्वोच्च अदालतले संविधान प्रदत्त अख्तियारी अन्तर्गत संविधान प्रदत्त हकको प्रचलन गराउन यो अधिकारको प्रयोग गर्दछ भने मातहतका अदालत, अर्थात् पुनरावेदन अदालत र जिल्ला अदालतले न्याय प्रशासन ऐन, २०४८ र नागरिक अधिकार ऐन, २०१२ ले प्रदान गरेको कानूनी अख्तियारी अन्तर्गत कानूनी हकको संरक्षणका लागि यो अधिकार क्षेत्र ग्रहण गर्दछन् । विभिन्न रिट मध्ये पुनरावेदन अदालतलाई साविकदेखि नै बन्दीप्रत्यक्षीकरण र परमादेशको आदेश जारी गर्ने अधिकार रहेकोमा हाल **उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा** समेतको आदेश जारी गर्ने अधिकार थप गरिएको छ भने जिल्ला अदालतलाई **बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा**को आदेश जारी गर्ने अधिकार प्रदान गरिएको छ ।

---

१३. प्रधान न्यायालय ऐनमा २०१० सालमा गरिएको दोस्रो संशोधनले मूल ऐनको दफा ३० लाई खारेज गरेको र त्यसमा सर्वत्र विरोध भएकाले २०११ साल फागुन २१ को शाही घोषणाद्वारा सो व्यवस्था पुनः कायम गरियो २०१२ सालमा गरिएको ऐनको तेस्रो संशोधनमा उक्त दफा ३० पूर्ववत् कायम गरिएको हुँदा केही समयका लागि अदालतको रिट क्षेत्राधिकार निष्कृय हुन पुगको पाइन्छ

## ७.१ बन्दीप्रत्यक्षीकरण

बन्दीप्रत्यक्षीकरणको रिटलाई सर्वाधिक पूरानो रिटका रुपमा लिइन्छ, त्यसैले यसलाई रिटहरूको राजा (King of the Writs) को उपमा पनि दिने गरिन्छ। थुनामा रहेको बन्दीलाई सशरीर अदालत समक्ष उपस्थित गराउ भनी जारी गरिने आदेश नै बन्दीप्रत्यक्षीकरण हो। कुनै व्यक्तिलाई थुनामा राखिएको अवस्थामा त्यसलाई चुनौती दिई परेको निवेदनको रोहमा उक्त थुना गैरकानूनी हो वा होइन भन्ने परीक्षण गर्नको लागि यस्तो आदेश जारी गरिन्छ। उचित प्रक्रिया बेगर कसैको पनि वैयक्तिक स्वतन्त्रताको अपहरण गर्न नपाइने मान्यतामा यो आधारित छ। वैयक्तिक स्वतन्त्रताको पहिलो सुरक्षाका रुपमा लिइने यो रिट नेपालमा पहिलो पटक व्यक्तिगत स्वतन्त्रता ऐन, २००६ मा गरिएको बन्दीप्रत्यक्षीकरण प्रकृतिको निवेदन दिन सकिने व्यवस्थाबाट प्रारम्भ भएको पाइन्छ।

बन्दीप्रत्यक्षीकरणको निवेदनमा अदालतले मूलतः देहायका कुराहरूमा विचार गर्दछ :

- थुना कानूनी वा गैरकानूनी के हो ?
- थुनामा राख्ने निकायलाई त्यस्तो अधिकार छ, छैन ?
- थुनामा राख्दा कानूनी प्रक्रियाको अवलम्वन गरिएको छ, छैन ?
- थुनामा राखिएका आधार र कारणहरू पर्याप्त छन्, छैनन् ?

बन्दीप्रत्यक्षीकरणको रिटका विशेषताहरूलाई केलाउँदा त्यसलाई देहायबमोजिम सूचीकृत गर्न सकिन्छ :

- यो रिटले केबल बन्दी बनाएको विषयलाई मात्र हेर्दछ।
- सामान्यतया रिट सरकारी निकायका विरुद्धमा जारी हुन आदेश भए पनि बन्दीप्रत्यक्षीकरणको रिट भने सरकारी निकाय एवम् व्यक्ति विरुद्ध पनि जारी हुन सक्दछ।
- अन्य रिटमाभन्दा यो रिटमा छोटो कार्यविधि अवलम्वन गरिन्छ।
- यो रिटको सुनुवाईलाई प्राथमिकता वा अग्राधिकार प्रदान गरिन्छ।[१४]
- यो रिटमा थुनामा राख्नुको कारणसहित बन्दीलाई अदालतमा उपस्थित गराउने आदेश समेत गरिन्छ।[१५]
- यो रिट बन्दीको तर्फबाट अन्य व्यक्ति (परिवारका सदस्य, नातेदार र साथी लगायत) ले पनि दायर गर्न सकिन्छ। यसमा हकदैयाको उदार व्यवस्था गरिएको पाइन्छ।[१६]
- यो रिटमा आवश्यकतानुसार खानतलासी पूर्जी (सर्च वारेन्ट) समेत जारी गर्न

---

१४. जिल्ला अदालत नियमावली, २०५२ को नियम ३१(२)

१५. ऐ.ऐ. नियम १८ख(१)

१६. ऐ.ऐ. नियम १८क(२)

सकिन्छ ।[१७]

- बन्दीप्रत्यक्षीकरणको निवेदनमा उल्लेख भएका विपक्षी बाहेकका अन्यलाई समेत विपक्षी कायम गर्न[१८] र निवेदनमा उल्लेख भएका कसैलाई विपक्षीबाट हटाउने गरी इजलासले आदेश दिन सक्नेछ ।[१९]
- यसबाट उपचार प्रदान गरिन्छ, दण्ड दिइँदैन (Habeas Corpus is Remedial, not Punitive), त्यसैले यसलाई उपचारात्मक रिटका रुपमा लिइन्छ ।
- यो रिट सङ्कटकालीन आदेश जारी भएको अवस्थामा समेत जारी हुन सक्छ ।
- मातहत अदालतबाट बन्दीप्रत्यक्षीकरणको रिट जारी भए उपर माथिल्लो अदालतले पुनरावेदन सुनी पुनः थुनामा राख्ने गरी आदेश जारी गर्न मिल्दैन ।[२०]
- जुन बखतमा थुनाको वैधताको परीक्षण भइरहेको छ, सो समयमा थुना कानूनी देखिन आउँछ भने बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न मिल्दैन । पूर्व अवैधता (Antecedent Illigality) बन्दीको मुक्तिको आधार हुन्छ भनी मान्न उपयुक्त हुँदैन ।[२१]

### ७.२ निषेधाज्ञा

निषेधाज्ञाको शाब्दिक अर्थ निषेध गर्ने आदेश भन्ने हुन्छ । कुनै व्यक्ति वा सार्वजनिक पदाधिकारीहरूको कुनै कार्यद्वारा मर्का पर्ने पक्षको हक अधिकारमा आघात पुग्न जाने स्थिति देखिएमा त्यस प्रकारको कार्य गर्नबाट रोक्नको लागि अदालतबाट जारी गरिने आदेशलाई निषेधाज्ञा भनिन्छ । कुनै काम गर्नबाट रोक्नको लागि नै निषेधाज्ञाको आदेश जारी हुने गर्दछ । यो आशंकामा आधारित हुन्छ, सम्पन्न भैसकेको कार्यमा निषेधाज्ञा आकर्षित हुँदैन । निषेधाज्ञामा निवेदनबाटै कारबाही उठान हुने भएपनि यो रिट होइन, यो समन्याय (Equity) मा आधारित हुन्छ । निषेधाज्ञाको आदेशबाट कसैको हक अधिकारको सिर्जना हुँदैन, न त कसैको हक अधिकारको समाप्ति नै हुन्छ ।

सामान्यतया देहायको अवस्था विद्यमान भएमा मात्र निषेधाज्ञाको आदेश जारी हुन्छ :

- विपक्षीको कार्यद्वारा निवेदकको हक अधिकारमा आघात पुग्न जाने आशंका विद्यमान भएमा ।

---

१७. ऐ.ऐ. नियम १८घ

१८. ऐ.ऐ. नियम १८ख (४)

१९. सिंह टोपबहादुर - कानूनी शब्दकोष, पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि. (२०४५) पृ. १६७

२०. ऐ.ऐ. नियम १८ख(३)

२१. अम्बरबहादुर गुरुङ्ग विरुद्ध जि.प्र.का. काठमाडौं समेत, ने.का.प. २०४९, नि.नं.४४५०, पृ. ३३, लोप्साङ्ग दावा लामाको हकमा नन्दबहादुर विरुद्ध काठमाडौं जिल्ला अदालत समेत, ने.का.प. २०५७, नि.नं. ६८४९, पृ. ७६

- विवादित कार्यद्वारा वस्तु वा स्थानको रुप परिवर्तन हुन सक्ने सम्भावना देखिएमा ।
- विवादित वस्तुमा निवेदकको निर्विवाद हक कायम भएको अवस्था देखिएमा ।

## ७.३ हाम्रो अभ्यास र त्यसबाट परेको समग्र प्रभाव

नेपालमा व्यक्तिगत स्वतन्त्रता ऐन, २००६ बाट प्रारम्भ भएको बन्दीप्रत्यक्षीकरणको अभ्यास छ दशक परानो भैसकेको छ भने नागरिक अधिकार ऐन, २०१२ पछि प्रारम्भ भएको निषेधाज्ञाले पनि लामो यात्रा पार गरिसकेको छ । यसबीचमा अदालतले जारी गरेका आदेशहरूबाट अदालत वैयक्तिक स्वतन्त्रता र हक अधिकारको संरक्षकका रुपमा स्थापित हुन पुगेको छ । प्रस्तुत अबधारणापत्र मूलतः जिल्ला अदालतको रिट क्षेत्राधिकारसँग सम्बन्धित भएकाले त्यसैमा सीमित हुनुपर्ने अवस्था छ ।

नेपालमा यो रिट पहिलो पटक विश्वेश्वरप्रसाद कोइरालालाई स्थानहद गरिएको बेला जारी गरिएको थियो ।[२२] बन्दीप्रत्यक्षीकरणको निवेदन बन्दी बनाइएको व्यक्ति बाहेकका अन्य व्यक्तिले पनि दायर गर्न सक्दछन् भने निवेदन दायर गर्नका लागि कुनै दस्तुर लाग्दैन । यसबाट मर्का पर्ने पक्षले सहज रुपमा न्याय पाउने अवस्था बनेका छ भने पुनरावेदन अदालतहरूमा समेत अधिकार विकेन्द्रित गरिएको कारणले न्यायका लागि सर्वोच्च अदालतसम्म आउनु पर्ने बाध्यता पनि हटेको छ । सर्वोच्च अदालतले आफ्नो अभ्यासद्वारा यस सम्बन्धी प्रक्रियालाई अझ सहज तुल्याएको छ ।[२३]

रिट व्यक्तिको हक अधिकार रक्षाका लागि राज्य संयन्त्रका विरुद्धमा जारी हुने आदेश हो । तर बन्दीप्रत्यक्षीकरणको हकमा हाम्रो अभ्यासले नयाँ विधिशास्त्रको जन्म गराएको छ । नाबालक छोरालाई आमासँग भेटघाट गर्न र टेलिफोनमा कुरा गर्न समेत नदिने गरी बाबुले राखेको अवस्थामा त्यसलाई गैरकानूनी ठहर गरी नाबालकलाई आमाको जिम्मा लगाउन व्यक्तिका विरुद्धमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको[२४] र बाबु आमा दुबैलाई लागू हुने गरी निर्देशन समेत जारी भएको[२५] पाइन्छ ।

त्यसैगरी निषेधाज्ञाको सन्दर्भमा २०६८ साल अघिसम्म यस्तो निवेदन सुन्ने

---

२२. विश्वेश्वरप्रसाद कोइराला विरुद्ध काठमाडौं मजिष्ट्रेट (भिमार्जुन आचार्यले आफ्नो अनुसन्धानमा आधारित भनी यो तथ्य उल्लेख गरेका छन् । हेर्नुहोस् : भिमार्जुन आचार्य, रिटको अवधारणा, न्याय प्रशासनका आयामहरू, सोपान मासिक, २०६१, काठमाडौं, पृ. ४५

२३. ओम इटाभट्टा, बेलहाकट्टी, सिराहामा कार्यरत ६२ जना भारतीय नागरिकलाई बन्धक बनाई राखेको भनी प्रधान न्यायाधीशलाई सम्वोधन गरी अंग्रेजी भाषामा लेखिएको सामान्य निवेदनलाई रिट निवेदनमा रुपा( न्तरण गरी त्यसैका आधारमा मिसिल खडा गरिएको र निजहरूलाई आफ्नो देशमा पुनरागमनका लागि पठाउने भनी भएको आदेशबाट निजहरूको स्वतन्त्रता रक्षा गरिएको दृष्टान्त समेत पाइन्छ (सेवा राम विरुद्ध जिल्ला प्रशासन कार्यालय, सिराहा समेत, ने.का.प. २०७०, अंक ३, पृ. ३६०)

२४. विवेक चालिसे समेत विरुद्ध सत्यवती चालिसे समेत, ने.का.प. २०६१, अंक ६, पृ. ६७६

२५. अतुल शाह विरुद्ध मल्लिका शाह समेत, ने.का.प. २०६८, अंक ८, पृ. १४१२, सिद्धिका के.सी.को हकमा सुनिता बिष्ट विरुद्ध समीर के.सी. समेत, ने.का.प. २०७०, अंक ३, पृ. ३९३

क्षेत्राधिकार पुनरावेदन अदालतलाई मात्र रहेको थियो । सोही परिवेशलाई आधार बनाएर कायम भएका न्यायिक सिद्धान्त अनुसार पुनरावेदन अदालतले यो अधिकारको प्रयोग गरी विवादित कार्यबाट हुने आशंकित आघातलाई रोक्न, बढी नोक्सानी हुन नदिन वा हालको स्थितिलाई कायम राख्न सक्दछ ।[२६] निषेधाज्ञाको आदेश जारी गर्ने वा नगर्ने अदालतको स्वविवेकीय अधिकार हो, जारी गरी माग्ने कुनै व्यक्ति वा पक्षको हक होइन भन्ने लगायतका नियमहरू सर्वोच्च अदालतले धेरै अघि नै स्थापित गरिसकेको पाइन्छ ।[२७] निषेधाज्ञा जारी भए पनि कानूनी मार्ग बन्द हुँदैन ।[२८] त्यसैगरी निर्विवाद हक स्थापित नभएको अवस्थामा,[२९] अदालतमा विचाराधीन रहेको मुद्दालाई असर पर्ने देखिएमा[३०] र अनुसन्धानको कार्य अबरुद्ध हुने अवस्था देखिएमा[३१] निषेधाज्ञा जारी नहुने भनी न्यायिक सिद्धान्तहरू स्थापित भएका छन् ।

निषेधाज्ञाको आदेश जारी गर्नु अघि त्यसबाट पर्ने असरलाई पनि हेरिन्छ । त्यस्तो आदेशबाट सार्वजनिक हक हितमा असर पर्ने वा समाज र समुदायको हित प्रतिकूल हुन जाने वा सामाजिक सद्भाव खल्बलिने वा कुनै समुदायको साँस्कृतिक एवम् धार्मिक मान्यतामा आँच आउने अवस्था देखिएमा निषेधाज्ञाको आदेश जारी गरिँदैन । यस सम्बन्धमा नेपालको न्यायिक अभ्यासलाई हेर्दा सार्वजनिक बाटो, जग्गालाई सार्वजनिक रुपमै सबै व्यक्ति तथा नागरिकहरूले उपभोग गर्न पाउने हुँदा खुल्ला बाटो निकास अवरोध हुने गरी कार्य गर्न नमिल्ने,[३२] खानेपानी जस्तो अत्यावश्यक कार्यका लागि सञ्चालित हुन गैरहेको आयोजनाबाट निवेदकको हक वा स्वामित्वमा असर परेको मान्न नमिल्ने,[३३] धनहर खेतको सिँचाईको लागिभन्दा पिउने पानीको आवश्यकताले औचित्यको दृष्टिले स्वतः प्राथमिकता पाउने[३४] भन्ने जस्ता निर्णयहरू भएको पाइन्छ ।

कानूनी हकको सुरक्षाको प्राथमिक उपचारका रुपमा निषेधाज्ञा सम्बन्धी कानूनी व्यवस्था भएपछि यस सम्बन्धी अन्यौलको अन्त्यका लागि सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम १३ वटा नियम सहितको आदेश जारी भएको पाइन्छ :[३५]

- निषेधाज्ञा कुनै मुद्दा मामिलामा जारी गर्ने नगर्ने विषयमा अवस्था हेरी अपिल सुन्ने

२६. कृष्णबहादुर चिपालु विरुद्ध रामकुमार राठी, ने.का.प. २०५२, अंक ९, पृ. ८११
२७. सर्वोच्च अदालत पूर्ण वैठकको निर्णय, ने.का.प. २०१६, भाग २, पृ. ८
२८. नरेन्द्र विक्रम सिंह थापा क्षेत्री विरुद्ध गुठी संस्थान, ने.का.प. २०३०, अंक ३, पृ. १३२
२९. उमा दिव्यश्वरी थापा विरुद्ध माकली थापा, ने.का.प. २०४४, अंक १, पृ. २७
३०. मनोहर शाह विरुद्ध रुद्रप्रसाद भूर्तेल, ने.का.प. २०५२, अंक ११, पृ. ९६९
३१. दिवाकर शर्मा समेत विरुद्ध छवी नेपाल समेत, ने.का.प. २०५९, अंक ९, पृ. ७०७
३२. विराटनगर उपमहानगरपालिका कार्यालय र आफ्नो हकमा समेत कार्यकारी अधिकृत नारायण ज्ञवाली विरुद्ध उमादेवी शर्मा समेत, ने.का.प. २०६६, अंक ९, पृ. १५१०
३३. मनजीत डाँगी समेत विरुद्ध जिल्ला खानेपानी शाखा, सुर्खेत समेत, ने.का.प. २०५३, अंक ७, पृ. ६०७
३४. राजु के.सी.समेत विरुद्ध पृथ्वीबहादुर के.सी. समेत, ने.का.प. २०५६, अंक ११, पृ. ८०६
३५. ने.का.प. २०१६, भाग २, पृ. ८

अदालतले तजबिज गर्नु पर्दछ । यो विषय उक्त अदालतको तजबिजको हो, सो जारी गरी माग्ने कुनै व्यक्ति वा पक्षको हक होइन ।

- निषेधाज्ञाको कुनै कार्य गर्न निषेध वा मनाही गर्न (Prohibitory) मात्र नभई सो जारी भएका निषेधाज्ञा कार्यान्वित गर्न यसो गर्नु भनी कर लगाउन पनि हुन सक्छ ।
- जुन मुद्दा मामिलामा अपिल अदालतका चित्तमा क्षतिपूर्ति वा मुआब्जा दिए न्याय पर्छ भन्ने लागेमा त्यस्तो कलममा निषेधाज्ञा जारी गर्न मिल्ने छैन ।
- कस्तो अन्तरकालीन निषेधाज्ञा जारी गरी पाऊँ भन्ने उजूर नालिस पर्नासाथ अपिल अदालतले उजूरीमा लेखेको विषयमा उजूरबालाको देखादेखी (Prima Facie) हक दावी लाग्ने नलाग्ने के हो ? विचार गरी हक दावी पुग्ने देखेमा मात्र निषेधाज्ञा जारी गर्नु हुन्छ । त्यस्तो गर्नलाई अपिल अदालतले हक दावी प्रष्ट गर्ने सबुत प्रमाण दाखिल गर्न उजूरबालालाई कर लगाउन हुन्छ ।
- यस्तो निषधाज्ञा जारी भएकोमा विपक्षी वा अन्य कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्ता व्यक्तिले प्रचलित कानूनको रित पुऱ्याई निषेधाज्ञा जारी गराई माग्ने पक्षउपर नालिस गर्नु हुन्छ र त्यस्तो नालिस उजूर पर्न आएमा शुरु नालिस हेर्ने अदालतले पनि लिई प्रचलित कानून बमोजिम गर्नु पर्छ ।
- उक्त निषेधाज्ञा जारी हुँदा वा सोभन्दा अगावै प्रस्तुत मुद्दा मामिलामा अवस्था हेरी विपक्षलाई बुझ्न न्यायोचित लागेमा अधिकृत अदालतले विपक्षलाई म्याद समन तामेल गरी बुझ्न हुन्छ । सो नभई अवस्था विचार गर्दा तुरुन्तै अन्तरकालीन निषेधाज्ञा जारी गर्न आवश्यक ठहर्न आएमा एकतर्फी (Exparte) सुनुवाई जारी गर्न पनि हुन्छ ।
- निषेधाज्ञा जारी गरी पाऊँ भनी निवेदनपत्र दिने निवेदकले अर्काको हक दावीमा आघात गर्न खोज्दा चित्त बुझाई रहेको वा अकारण ढिला सुस्ती गरी निवेदन वा उजूर गरेको वा हक दावीको विषयमा आफ्नोतर्फबाट कानूनले गर्नुपर्ने वा गर्न नहुने गरिसकेको देखिए मात्र निजको उजूरमा अदालतले विचार गर्नु पर्दछ ।
- यस्तो निषेधाज्ञा एकपटक जारी भएपछि मुद्दा मामिलाको अन्तिम टुंगो नलागेसम्म वा अदालतले तोकेको मितिसम्म वा अर्को आदेश जारी नगरेसम्म लागू हुनेछ ।
- निषेधाज्ञा जारी भएका विषयमा सो आज्ञा नमानी उल्लङ्घन गर्ने पक्ष वा व्यक्तिलाई अदालतको अवहेलना वा बेइज्जती गरे बापत प्रचलित कानूनले तोकेको सजाय हुनेछ ।
- निषेधाज्ञा जारी गर्दा अदालतले मनासिब माफिकको शर्त बन्देज (Condition) लगाई जारी गर्न पनि हुन्छ ।
- एकपटक जारी गरेको निषेधाज्ञालाई अदालतले केही समयका लागि त्यस्तो गर्न

उचित लागेमा स्थगित गर्न पनि हुन्छ ।

- निषेधाज्ञा जारी गर्न वा परिरहेको मुद्दै छिनी दिन जुन चाँडो हुन्छ, सो गरिदिनु पर्छ ।
- निषेधाज्ञा नागरिक अधिकार ऐन, २०१२ ले कुनै नागरिकलाई दिएको अधिकार सुरक्षित गर्नलाई बाहेक अरु कलममा जारी गर्न हुँदैन ।

उल्लिखित नियमले प्रारम्भिक अवस्थामा सम्बन्धित अदालतलाई महत्वपूर्ण मार्ग दर्शन प्रदान गरेको र निरन्तरको अभ्यासबाट यसमा थप स्पष्टता कायम हुन पुगेको देखिन्छ । ती नियमहरू अहिलेका सन्दर्भमा पनि उत्तिकै महत्वपूर्ण र प्रासाङ्गिक छन् ।

यसरी रिट क्षेत्राधिकारबाट अदालतले अधिकारको संरक्षणमा सक्रियता देखाएको र यसका कारणबाट अदालतप्रति जनताको विश्वास अभिवृद्धि हुन पुगेको यथार्थ एकातिर छ भने अर्कोतर्फ रिट/आदेशको दुरुपयोग गर्ने मनसायका साथ निवेदन दायर भएका दृष्टान्त पनि यदकदा भेटिन्छन् । आफूले गरेको आपराधिक क्रिया वापत हुनसक्ने कारबाहीबाट बच्नका लागि बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गर्ने, आफ्ना विरुद्धमा चलेका मुद्दालाई प्रभावित गर्ने वा त्यसको कारबाहीलाई अबरुद्ध तुल्याउने गरी निषेधाज्ञाको निवेदन दायर गर्ने प्रवृत्ति पनि देखिएका छन् । प्रभावको मूल्याङ्कनबाट सकारात्मक नकारात्मक दुबै अवस्था देखिए पनि बन्दीप्रत्यक्षीकरणको रिटबाट वैयक्तिक स्वतन्त्रताको रक्षामा र निषेधाज्ञाको आदेशका माध्यमबाट दिइएको उपचारले व्यक्तिको अधिकार रक्षामा महत्वपूर्ण योगदान पुगेको यथार्थलाई भने इन्कार गर्न सकिँदैन ।

## ७.४ जिल्ला अदालतमा गरिएको अभ्यासबाट परेको प्रभाव

जिल्ला अदालतले २०६८।२।२ देखि यो अधिकारक्षेत्र ग्रहण गरेको सन्दर्भमा यति छोटो अबधिमा त्यसको प्रभाव मूल्याङ्कन गर्नु त्यति परिपक्क ठहर्दैन । तथापि यस अबधिमा जिल्ला अदालतमा के कति निवेदन दायर भए र त्यसको फछ्र्यौटको अवस्था कस्तो रह्यो भन्ने सम्बन्धमा सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन[३६] मा आधारित भएर विश्लेषण गर्न सकिने हुँदा देहायको तालिकामा केही तथ्यांक प्रस्तुत गरिएको छ :

| **आर्थिक वर्ष** | **विषय** | **लगत** | **फछ्र्यौट** | **बाँकी** | **फछ्र्यौट प्रतिशत** |
|---|---|---|---|---|---|
| २०६७/०६८ | बन्दीप्रत्यक्षीकरण | १५ | १२ | ३ | ३१.०१ |
| | निषेधाज्ञा | १४३ | ३७ | १०६ | |
| | **जम्मा** | **१५८** | **४९** | **१०९** | |

३६. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरू २०६७/०६८, २०६८/०६९ र २०६९/०७०

| | | | | | |
|---|---|---|---|---|---|
| २०६८/०६९ | बन्दीप्रत्यक्षीकरण | ६२ | ६१ | १ | ६८.८० |
| | निषेधाज्ञा | ७८१ | ५१९ | २६२ | |
| | जम्मा | ८४३ | ५८० | २६३ | |
| २०६९/०७० | बन्दीप्रत्यक्षीकरण | ७२ | ६८ | ४ | ६२.८२ |
| | निषेधाज्ञा | ९५८ | ५७९ | ३७९ | |
| | **जम्मा** | **१०३०** | **६४७** | **३८३** | |

***स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ।***

उल्लिखित तथ्यांकलाई आधार बनाउँदा क्षेत्राधिकार विस्तार पछिको पहिलो वर्षको छोटो अबधिमै त्यस्ता निवेदनहरू पर्याप्त मात्रामा दर्ता भएपनि अंग नपुगेको कारणबाट फछ्र्यौटमा न्यूनता देखिएको छ । तर दोस्रो र तेस्रो वर्षमा भने लगतसँगै फछ्र्यौट प्रतिशत पनि उल्लेख्य मात्रामा बढेको छ । प्रतिवेदनमा उल्लेख गरिएको जिल्लागत विवरणलाई केलाउँदा पहिलो वर्ष ९ वटा जिल्ला अदालतमा मात्र बन्दीप्रत्यक्षीकरणको निवेदन दायर भएकोमा दोस्रो र तेस्रो वर्षमा जिल्ला संख्या बढेर क्रमशः २३ र २६ पुग्यो । त्यसैगरी निषेधाज्ञाको निवेदन पहिलो वर्ष ३० वटा जिल्ला अदालतमा मात्र दर्ता भएकोमा दोस्रो र तेस्रो वर्ष जिल्ला संख्या क्रमशः ४५ र ३९ पुग्यो । त्यस्ता निवेदन दायर भएका जिल्ला अदालतहरूमा काठमाडौं, रुपन्देही, धनुषा लगायतका जिल्ला अदालतहरू अग्रपंक्तिमा रहेको देखिन्छ । यसले पुनरावेदन अदालत वा सर्वोच्च अदालतसम्मको सहज पहुँच भएका स्थानका सेवाग्राहीको रोजाईमा समेत जिल्ला अदालत परेको यथार्थ चित्रण गर्दछ, जसबाट न्यायिक विकेन्द्रीकरणको यो व्यवस्था जन अनुमोदित भएको मान्न सकिन्छ ।

यो अधिकारक्षेत्रको प्रयोगको अवस्थालाई उल्लिखित तथ्यांकले केही हदसम्म स्पष्ट पार्ने भएपनि त्यसबाट मात्र प्रभाव मूल्याङ्कन पूर्ण हुँदैन । साँचो अर्थमा प्रभाव मूल्याङ्कन गर्ने हो भने देहायका प्रश्नहरूलाई केन्द्रबिन्दुमा राखेर त्यसको जबाफ खोज्नु पर्ने हुन्छ :

- जिल्ला अदालतले यो अधिकारकारक्षेत्रको प्रयोग गरेपछि पुनरावेदन अदालत र सर्वोच्च अदालतमा यस प्रकृतिका निवेदनको चाप घट्यो घटेन ?
- के कति अबधिभित्र त्यस्ता निवेदनहरू फछ्र्यौट भए ?
- सेवाग्राही जनताले त्यसबाट सहज रुपमा न्याय प्राप्त गरेको अनुभूति गर्न पाए पाएनन् ?
- आफ्नो अधिकार संरक्षणमा योगदान पुगेको महशुस जनताले गरे गरेनन् ?
- यस प्रकृतिका निवेदनमा न्याय निरुपण गर्ने क्षमता जिल्ला न्यायाधीशहरूमा देखियो देखिएन ?

- यस प्रक्रियामा सरोकारवाला निकाय एवम् नागरिक समाजको अपेक्षित सहयोग प्राप्त भयो भएन ?
- स्थानीय कानून व्यवसायीहरूले यस्ता विवादलाई उपयुक्त रुपमा अदालत समक्ष पुऱ्याउन र बहस पैरवी गर्न आफ्नो व्यावसायिक दक्षता र प्रभावकारीता देखाउन सके सकेनन् ?

उल्लिखित सबै प्रश्नको जबाफ खोज्नु त्यति सहज छैन। यसका लागि बृहत्स्तरको अनुसन्धान जरुरी हुन्छ। त्यसैले यहाँ पहिलो प्रश्नमा मात्र सीमित रहेर अदालतमा परेका यस सम्बन्धी निवेदहरूको संख्यात्मक विवरणलाई हेर्न खोजिएको छ। जिल्ला अदालतलाई यो अधिकार प्राप्त भएपछिका वर्षहरू अर्थात् आर्थिक वर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० को तथ्यांक यस्तो देखिन्छ :[३७]

| आर्थिक वर्ष | विषय | पुनरावेदन अदालत | सर्वोच्च अदालत |
|---|---|---|---|
| २०६७/०६८ | बन्दीप्रत्यक्षीकरण | ३०४ | ९४ |
| | निषेधाज्ञा | २३५४ | - |
| | जम्मा | २६५८ | ९४ |
| २०६८/०६९ | बन्दीप्रत्यक्षीकरण | २५१ | ९४ |
| | निषेधाज्ञा | २२०४ | - |
| | जम्मा | २४५५ | ९४ |
| २०६९/०७० | बन्दीप्रत्यक्षीकरण | २४२ | १०३ |
| | निषेधाज्ञा | २५३१ | - |
| | जम्मा | २७७३ | १०३ |

**स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन।**

उल्लिखित तथ्यांकबाट जिल्ला अदालतलाई रिट क्षेत्राधिकार प्रदान गरेपछि पुनरावेदन अदालत र सर्वोच्च अदालतमा त्यस्ता निवेदन दर्ता हुने क्रम घटेको अवस्था देखिँदैन। तर केन्द्रदेखि धेरै टाढा दूर दराजमा बसेका जनता सर्वोच्च अदालत र पुनरावेदन अदालतसम्मको पहुँचबाट बञ्चित हुनु परेको कारणले उनीहरू आफूले अन्यायको महशुस गरेर पनि त्यसको उपचारको खोजी नगरिकन बस्न बाध्य हुनु परेको अवस्था अन्त्य भएर अहिले आफू नजिकको अदालतबाट उपचारको खोजी गर्ने अवसर जनतालाई प्राप्त भएको हुनु पर्छ।

---

३७. ऐ.ऐ.

सर्वोच्च अदालतले प्रदान गर्ने उपचारको प्रकृति र क्षेत्राधिकार फरक भएकाले जिल्ला अदालतको अधिकारक्षेत्र विस्तार र त्यसका आधारमा जिल्ला अदालतमा परेका निवेदन संख्यासँग सर्वोच्च अदालतमा परेका त्यस्तै प्रकृतिका निवेदन संख्याको कुनै सम्बन्ध रहँदैन । जहाँसम्म पुनरावेदन अदालतको तथ्यांकको सन्दर्भ छ, पुनरावेदन अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन केही मात्रामा भने पनि घटेको देखिएको छ । उक्त तथ्यांकमा आधारित भएर विश्लेषण गर्दा प्रारम्भिक रुपमै के भन्न सकिन्छ भने जिल्ला अदालतले प्राप्त गरेको यो अधिकारक्षेत्रको प्रयोगमा जनताको सहयोग र सहभागिता उत्साहजनक रहेको छ । यस प्रक्रियाबाट आफ्नो अधिकारको संरक्षण सम्भव छ भन्ने कुरामा जनता विश्वस्त हुन थालेका छन् र जनतामा आफू नजिकको न्यायिक निकायबाट आफ्नो अधिकारको रक्षा गर्ने र अधिकार प्राप्तिका लागि न्यायिक लडाईं लड्ने साहस, सामर्थ्य र जागरुकता बढेको छ ।

## ८. निष्कर्ष

नेपालमा न्यायिक विकेन्द्रीकरणको विषयलाई नवीनतम अभ्यासका रुपमा लिइन्छ । तर यस अघि गरिएको ऐतिहासिक सिंहावलोकनबाट यो विषयलाई नवीनतम अभ्यासको संज्ञा दिनु इतिहासप्रति नै अन्याय हुन जाने देखिन्छ । विगततिर फर्केर हेर्दा कहिले विकेन्द्रित भैसकेको न्यायलाई उल्ट्याएर केन्द्रीकृत गराउन खोजिएको, कहिले जनताको निकट पुग्न खोजेको र कहिले टाढिँदै जान थालेको अवस्था उजागर हुन्छ । त्यसैले यस किसिमको अस्थीर प्रवृत्तिलाई स्थीरतामा बदल्नु र जनताको निकटमा रहेर न्याय निरुपण गर्नका लागि न्यायिक विकेन्द्रीकरणको विषयलाई संवैधानिक एवम् कानूनी रुपमा नै प्रत्याभूत गर्नु जरुरी देखिन्छ ।

जनताको न्याय प्राप्तिको हकलाई सुनिश्चित गर्न र उनीहरूलाई न्यायमा सहज पहुँच कायम गर्न न्यायिक विकेन्द्रीकरणका सबै आयामहरूलाई प्रयोगमा ल्याउन न्यायपालिका स्वयंले पनि सक्रियता देखाउनु पर्ने हुन्छ । मेलमिलाप सम्बन्धी ऐन, २०६६ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायलाई प्रदान गरेको न्यायिक अधिकारको कार्यान्वयन तत्कालका लागि महत्वपूर्ण आधार बन्न सक्दछ । तर न्याय प्रदान गर्ने कार्य न्यायिक विवेकमा आधारित हुने हुँदा न्यायिक अधिकार कुनै पनि प्रशासनिक वा निर्वाचित निकायलाई प्रदान गर्ने कुरा न्यायिक दृष्टिले औचित्यपूर्ण मानिँदैन भन्ने सैद्धान्तिक मान्यतालाई भने सदैव हृदयंगम गरिनु पर्दछ ।

जिल्ला अदालतलाई थप गरिएको रिट क्षेत्राधिकारलाई न्यायिक विकेन्द्रीकरणको महत्वपूर्ण आधारका रुपमा अर्थ्याउन खोजिएको भए पनि यसले मात्र न्यायिक विकेन्द्रीकरणलाई प्रतिनिधित्व गर्न सक्दैन । किनभने छुट्टै न्यायिक जिल्लामार्फत अधिकारको प्रयोग गरिने नभै प्रशासनिक जिल्लालाई नै जिल्ला अदालतहरूको स्थापनाको आधार बनाइएको हुँदा स्वाभाविक रुपमा ती अदालतहरू जिल्ला सदरमुकाममा अवस्थित

छन् । फलतः सदरमुकाम देखि टाढा, भौगोलिक रुपमा विकट र दूरदराजमा रहेका जनता त्यत्तिकै खुम्चेर बस्नु पर्ने अवस्था हुन सक्छ । त्यसैले स्थानीय तहमा अदालतको स्थापना गरी न्यायिक अधिकार विकेन्द्रित नगर्दासम्म वास्तविक रुपमा न्यायिक विकेन्द्रीकरण हुँदैन, जनताको न्यायमा पहुँच स्थापित हुन सक्दैन र आम जनताका अधिकारहरू संरक्षित हुन सक्दैनन् ।

यसरी हाल प्रदान गरिएको रिट क्षेत्राधिकारले मात्र न्यायिक विकेन्द्रीकरणलाई सम्बोधन गर्न नसक्ने निष्कर्षमा पुग्न सकिने भए पनि उक्त अधिकारको प्रयोगबाट केही हदसम्म जनताको अधिकारको संरक्षण र न्यायमा जनताको सहज पहुँच कायम गराउन सक्ने यथार्थलाई भने स्वीकार गर्नै पर्दछ । त्यसैले यो क्षेत्राधिकारको प्रयोगको प्रभावकारीता बढाउनु नै अहिलेको आवश्यकता हो । जसका लागि तत्कालै देहाय बमोजिम व्यवस्थापन गरिनु अपरिहार्य देखिएको छ :

- अदालत एवम् सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने,
- परिवर्तित कानूनी व्यवस्थाका बारेमा जनतालाई सुसूचीत गर्दै जागरुक तुल्याउने,
- नागरिक समाज एवम् स्थानीय निकायलाई सहयोगी भूमिका निर्वाह गर्न उत्प्रेरित गर्ने,
- नवीनतम अभ्यासपछिको प्रभावका बारेमा वस्तुगत मूल्याङ्कन गर्ने,
- सेवाग्राहीहरूको सन्तुष्टी मापनको पद्धति बसाल्ने, र
- प्रभाव मूल्याङ्कन एवम् सेवाग्राहीको सन्तुष्टी मापन पद्धतिबाट प्राप्त नतिजाका आधारमा कानूनी एवम् संरचनात्मक सुधार गर्दै लैजाने ।

# अपराधीकरणसम्बन्धी सिद्धान्त र प्रस्तावित अपराध संहिता, २०६७

**श्रीप्रकाश उप्रेती**♥


## सारांश

*समकालीन समाजको चाहना, हानिकारक कार्यहरूको पहिचान, सार्वजनिक गल्ती, कल्याणकारी कार्यहरू, स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनहरूले निर्धारण गरेका मापदण्ड र दायित्वहरू तथा अपराधको दुनियाँमा देखिएका नयाँ आयामहरू समेतलाई विचार गरी देशको फौजदारी कानूनी संरचनाको निर्माण गर्नु पर्दछ । यही आवश्यकता पूरा गर्नको लागि फौजदारी कानूनलाई आधुनिकीकरण गर्न विभिन्न प्रयासहरू भएका छन् । यसको अन्तिम कडीको रूपमा अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७ सम्बन्धित कार्यदलबाट तयार भई सरकारसमक्ष पेश भई अघिल्लो व्यवस्थापिका-संसदमा प्रवेश पाएको थियो । यसबाट उक्त प्रस्तावित संहिताले पुनः विधायिकामा प्रवेश पाउने अपेक्षा गर्नु स्वाभाविक हुन्छ । प्रस्तावित संहिताले फौजदारी कानून र फौजदारी कार्यविधि कानूनलाई आधुनिकीकरण गर्ने प्रयास गरेको छ । संहितामा प्रस्तावित कानूनी व्यवस्थाले नेपालको भावी फौजदारी कानूनी प्रणालीलाई निर्धारण र सञ्चालन गर्ने भएकाले यसको विशेष महत्व छ । प्रस्तुत लेखमा अपराधीकरण सम्बन्धी सिद्धान्तहरू, प्रस्तावित अपराध संहितामा अपराधीकरण, यसको विश्लेषण र मूल्याङ्कनलाई नियाल्ने प्रयास गरिएको छ ।*


## १. पृष्ठभूमि

निश्चित भू-भागभित्र बसोवास गर्ने राजनीतिक समुदाय र तिनका सदस्यहरूको व्यवहार (Human Conduct) लाई मार्गदर्शन, नियमन तथा नियन्त्रण गर्ने कार्य त्यस्तो समुदायमा प्रचलित विभिन्न नियमहरूले संयुक्त रुपमा गरिरहेका हुन्छन् । यस्ता नियमहरूमा समाजमा प्रचलित प्रथा, साँस्कृति तथा धार्मिक नियमहरू, विवेक, औपचारिक निकायहरूका प्रशासकीय निर्णय एवम् कार्यहरू, विभिन्न नियमनकारी नियमहरू, देवानी कानून र फौजदारी कानूनहरू पर्दछन् । यी विभिन्न साधनहरूमध्ये आवश्यक परेको अवस्थामा वैधानिक दण्डको समेत साहरा लिएर समकालीन समाजको नजरमा अवाञ्छित

♥ माननीय जिल्ला न्यायाधीश

वा हानीकारक मानिएको मानव कार्य वा व्यवहारलाई नियन्त्रण गर्ने कार्य फौजदारी कानूनले मात्र गर्दछ। त्यसैले फौजदारी कानूनलाई समाजमा मानिसहरूको कार्य एवम् व्यवहारलाई सामाजिक अपेक्षा अनुकूल नियमन तथा नियन्त्रण गर्ने अन्तिम साधन (Last Resort) को रुपमा लिइन्छ। फौजदारी कानूनको प्राथमिक चरित्र नै निश्चित मानव कार्यहरूलाई खास परिस्थितिको उल्लेख गरी निषेध गर्नु र यस्ता निषेधित कार्य कसैले गरेमा सारवान र कार्यविधिगत फौजदारी कानून बमोजिम दण्ड दिने व्यवस्था गर्नु हो। फौजदारी कानूनको प्रमुख सरोकार व्यक्ति तथा समाजका केही मौलिक मूल्यहरू वा संस्थाहरूको विरुद्धमा हुने गम्भीर गल्तीहरूलाई निषेध गर्नु हो।[१] समाजमा अपराध शून्यताको अवस्था असम्भव भएकोले फौजदारी कानूनको सर्वकालिक आवश्यकता रहन्छ। फौजदारी कानूनले "मानव कार्य (Human Conduct)" लाई निषेध गर्ने भएकोले यो मानिसको स्वतन्त्रता (Individual Liberty) सँग द्वन्द्वको अवस्थामा रहन्छ। अर्थात जति धेरै फौजदारी कानूनको निर्माण हुन्छ, त्यति नै धेरै मानव स्वतन्त्रतामा सङ्कुचन आउँछ। स्वतन्त्रता मानिसको लागि सायद सर्वप्रिय अवस्था हो। तर यही स्वतन्त्रताको रक्षाको लागि केही फौजदारी कानूनको पनि आवश्यकता हुने कुरामा विवाद छैन। फ्रान्सेली समाजशास्त्री एमाइल डुर्कहाइम (Emile Durkheim) ले अपराध समाजमा अवश्यम्भावी मात्र हैन समाज विकासको लागि अपेक्षित पनि छ भन्दै उनले 'अपराध हामीले स्वतन्त्रताको लागि तिरेको एउटा मूल्य हो' भनेका छन्।[२] यस अवस्थामा मानिसको उच्चतम् स्वतन्त्रताको रक्षा र समाजमा अवाञ्छित वा हानीकारक मानिएका मानव कार्य वा व्यवहारलाई नियन्त्रण गर्ने फौजदारी कानूनको दायित्वकोबीचमा सही सन्तुलन स्थापित गर्नु नै उदार राज्यप्रणालीको सफलता मानिन्छ।

कुनै पनि मानव कार्य (वा केही अवस्थामा अकार्य) लाई अपराधको परिभाषा भित्र समाहित गर्ने (Criminalization), अपराधको रुपमा परिभाषित कार्यलाई अपराधको परिभाषाबाट हटाउने (Decriminalization) सम्बन्धी पूर्णाधिकार (Exclusive Power) विधायिकाको हो। विधायिकाले समकालीन समाजको निरन्तर प्रतिनिधित्व गर्ने हुनाले उसलाई यो अधिकार प्राप्त भएको मानिन्छ। विधायिकाले नै कानून निर्माण गरी समाजका लागि हानिकारक मानिएका निश्चित कार्यलाई अपराध भनी घोषणा गर्दछ र सजाय तोक्दछ अथवा आपराधिक कार्यको रुपमा व्यवस्थित कुनै परिभाषालाई संशोधन गरी त्यस्तो कार्य अपराध नहुने गरी परिभाषा गर्दछ र तोकिएको सजायलाई हटाउँदछ। के कस्ता मानव कार्य वा अकार्यलाई अपराधको रुपमा परिभाषित गरी निषेधित गर्ने भन्ने विषय विवादास्पद् हुन सक्दछन् र यसको अन्तिम निर्णय समकालीन राजनीतिले

---

१. Andrew Ashworth, *Principles of Criminal Law*, New York: Oxford University Press, (2009), p. 1.

२. Ahamad Siddique, *Criminology Prolbems & Perspectives,* Lalbag, Lucknow: Eastern Book Company, (2001), p. 264.

वैधानिक विधायिकामार्फत गर्दछ । ज्यान, जबरजस्ती करणी, चोरी जस्ता केही परम्परागत अपराधहरूमा हानिकारक तत्व (Harm) र अनैतिकता (Immorality) दुबै रहेका हुन्छन्, जसलाई सर्वव्यापी अपराध *(mala in se)* को रुपमा लिइन्छ । तर, त्यस्ता धेरै मानव कार्य वा व्यवहारलाई अपराधको रुपमा परिभाषित गरिएको हुन्छ, जसमा, परम्परागत अर्थमा, अनैतिकताको तत्व रहेको हुँदैन र यसलाई सापेक्षित अपराध (*mala prohibita)* को रुपमा लिइन्छ ।[३] तर आधुनिक अर्थमा फौजदारी कानून निर्माण गरी विधायिकाले कुनै कार्य (वा अकार्य) लाई अपराध मानेपछि सो कानूनको प्रयोजनको लागि अपराध *mala in se* वा *mala prohibita* हो वा समाजको लागि हानीकारक वा अनैतिक छ, छैन भन्ने तथ्य असान्दर्भिक हुन्छ । प्रचलित फौजदारी कानूनले कुनै निश्चित मानव कार्यलाई अपराध भनी स्पष्टसँग परिभाषित गरेको छ वा छैन भन्ने कुरा मात्र महत्वपूर्ण हुन्छ ।

फौजदारी कानूनको निषेधात्मक चरित्र र दण्डको रुपमा व्यक्तिको इच्छा विपरीत पीडा थोपर्नसक्ने वैधानिक प्राधिकारको रुपमा राज्य रहने हुनाले फौजदारी कानूनको निर्माण र प्रयोग विश्वव्यापी मानव अधिकारको विषय बनेको छ । मानव व्यवहारलाई अपराधको रुपमा परिभाषित गर्ने, दण्डारोपण गर्ने र पीडितलाई परिपूरण गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनहरूले मापदण्ड निर्धारण गरेका छन् । नेपाल यस्ता प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिहरूको पक्ष राष्ट्रको रुपमा रहेको छ । ICCPR, CRC, CAT, CEDAW र यिनका इच्छाधीन आलेखहरूको दायित्वलाई स्वीकार गर्न नेपालले मञ्जुरी प्रदान गरिसकेको छ । यी दस्तावेजहरूले प्रचलित फौजदारी कानूनलाई मापदण्ड अनुकूल बनाउनु पर्ने दायित्व सिर्जना गरेका छन् ।

व्यक्तिलाई विषयवस्तुको रुपमा राखी निषेध र स्वतन्त्रताको तालमेल गर्ने सन्दर्भमा के कस्ता कार्यहरूलाई अपराधको रुपमा परिभाषित गर्ने वा अपराधीकरण गर्ने भन्ने विषय चुनौतीपूर्ण हुन जान्छ । यस सम्बन्धमा फौजदारी विधिशास्त्रभित्र विभिन्न सिद्धान्तहरू विकसित भएका छन् । समकालीन समाजको चहना, हानिकारक कार्यहरूको पहिचान, सार्वजनिक गल्ती, कल्याणकारी कार्यहरू, स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनहरूले निर्धारण गरेका मापदण्ड र दायित्वहरू तथा अपराधको दुनियाँमा देखिएका नयाँ आयामहरू समेतलाई विचार गरी देशको फौजदारी कानूनी संरचनाको निर्माण गर्नु पर्दछ । यही आवश्यकता पूरा गर्नको लागि फौजदारी कानूनलाई आधुनिकीकरण गर्न विभिन्न प्रयासहरू भएका छन् । यसको अन्तिम कडीको रूपमा अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७ सम्बन्धित कार्यदलबाट तयार भई सरकारसमक्ष पेश भई अघिल्लो व्यवस्थापिका-संसदमा प्रवेश पाएको थियो ।

---

३. Ibid p. 12.

यसबाट उक्त प्रस्तावित संहिताले पुनः विधायिकामा प्रवेश पाउने अपेक्षा गर्नु स्वाभाविक हुन्छ। यो प्रस्तावित संहिताले फौजदारी कानून र फौजदारी कार्यविधि कानूनलाई आधुनिकीकरण गर्ने प्रयास गरेको छ। संहितामा प्रस्तावित कानूनी व्यवस्थाले नेपालको भावी फौजदारी कानूनी प्रणालीलाई निर्धारण र सञ्चालन गर्ने भएकाले यसको विषेश महत्व छ। उक्त संहिताले विभिन्न मानव कार्यहरूलाई के कसरी अपराधीकरण गरेको छ, वैयक्तिक स्वतन्त्रता र निषधकोबीचमा के कसरी संयोजन गरेको छ र मानव कार्यलाई बढीअपराधीकरण (Overcriminalization) गरेको छ, छैन भन्ने विषयमा अपराधीकरण सम्बन्धी सिद्धान्त (Principle of Criminalization) को आधारमा छलफल गर्ने प्रयास गरिएको छ। यहाँ संहिताको अन्य पक्षमा उल्लेख गरिएको छैन।

## २. अपराधीकरण सम्बन्धी सिद्धान्तहरू (Principles of Criminalization)

समाजमा शान्ति र व्यवस्था कायम गर्नु पर्ने र वैयक्तिक स्वतन्त्रताको रक्षा गर्नु पर्ने दुबै राज्यको दायित्व भएको र यी दुईको सही संयोजन समाज विकासको लागि अपरिहार्य भएको हुनाले कुन हदसम्म वा के कस्ता आधारमा मानव कार्यहरूलाई अपराधको रुपमा परिभाषित गर्ने भन्ने सन्दर्भमा फौजदारी विधिशास्त्रले केही सिद्धान्तहरू विकास गरेको पाइन्छ।[४] ती सिद्धान्तहरूलाई संक्षेपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### २.१. वैयक्तिक स्वतन्त्रताको सिद्धान्त (Principle of Individual Autonomy):

फौजदारी कानूनको औचित्य स्थापित गर्ने एउटा आधारभूत तथा परम्परागत सिद्धान्त वैयक्तिक स्वतन्त्रताको सिद्धान्त हो। यो सिद्धान्तअनुसार प्रत्येक व्यक्तिलाई उसको व्यवहारको लागि जिम्मेवार मानिन्छ। यो सिद्धान्तले तथ्यगत (Factual) र सैद्धान्तिक (Normative) दुबै तत्वलाई समाहित गरेको छ। वैयक्तिक स्वायत्तता वा स्वतन्त्रताभित्रको तथ्यगत (Factual) स्वतन्तत्रताले सामान्यतया मानिसहरूसँग आफ्नो कार्यको छनौट गर्ने क्षमता र स्वतन्त्र इच्छा रहेको हुन्छ भन्ने मान्दछ। कुनै पनि व्यक्तिले आफूले गरेको कार्य उसको स्वतन्त्र इच्छामा गरेको र त्यस्तो कार्य गर्ने निर्णय गर्ने क्षमता उसँग भएको भनी विश्वास गरिन्छ। अन्य पक्षको अनुचित दवाव वा धम्कीमा परी गरेको कार्य बाहेकका सबै कार्यका लागि सो काम गर्ने व्यक्ति नै जिम्मेवार हुनु पर्ने अवधारणा रहेको छ। वैयक्तिक स्वतन्त्रताको Normative तत्व पनि महत्वपूर्ण रहेको छ। यसले प्रत्येक व्यक्तिलाई आफ्नो कार्य र अकार्य छनौट गर्न सक्ने विवेकशील प्राणीको रुपमा सम्मान र व्यवहार गरिनु पर्ने कुरालाई जोड दिन्छ। Ronald Dworkin को "प्रत्येक व्यक्ति समान सम्मान र चासोका लागि अधिकृत हुन्छन्"[५] भन्ने र HLA

---

४. Andrew Ashworth, *Principles of Criminal Law*, New York: Oxford University Press, (2009), p. 23.

५. R. Dworkin, *Talking Rights Seriously*, London: Duckworth, (1977), p. 180.

Hart को "कुनै पनि व्यक्तिलाई उसँग अन्यथा गर्ने स्वच्छ अवसर र क्षमता नभएसम्म फौजदारी दायित्वाधीन गरिनु हुँदैन"[६] भन्ने धारणाले व्यक्तिगत स्वायत्तताको सिद्धान्तलाई जोड दिएको छ। कुनै पनि व्यक्तिको कार्य उसको स्वतन्त्र इच्छा र क्षमतामा भएसम्म निज सो कार्यका लागि जिम्मेवार हुनुपर्ने भन्ने नै यो सिद्धान्तको सार हो। यसबाट कुनै निषेधित कार्य आपराधिक दायित्व सिर्जना गर्नको लागि योग्य हुन सो कार्य कर्ताले स्वेच्छाले गरेको हुनुपर्ने पूर्वशर्तलाई स्वीकार गरिनु पर्दछ।

## २.२ कल्याणकारी सिद्धान्त (Principle of Welfare)

मानव कार्यलाई अपराधको दायरामा ल्याउने कुरालाई राज्यको कल्याणकारी दायित्वसँग पनि जोडेर हेर्नुपर्ने अवधारणा यो सिद्धान्तले अगाडी सारेको छ। कतिपय अवस्थामा सार्वजनिक हित तथा साझा हितको लागि, वैयक्तिक स्वतन्त्रताको सिद्धान्तभन्दा वृहतरुपमा, केही कार्यहरूलाई अपराधको परिभाषाले समेट्नु पर्ने हुन्छ। यो सिद्धान्तले वैयक्तिकभन्दा सामुहिकताको अवधारणालाई जोड दिएको छ। सामुहिक वा साझा वस्तुको उपयोग, औद्योगिक सुरक्षा, खाद्य सुरक्षा, वातावरणीय सुरक्षा वा यस्तै विषयसँग सम्बन्धित कानूनले कतिपय कार्यहरूलाई आपराधिक कार्यको रुपमा परिभाषित गरी निषेध गर्नु पर्ने भनाई यो सिद्धान्तको रहेको छ। यो सिद्धान्तले वैयक्तिक अधिकारभन्दा सामुहिक हितलाई जोड दिने हुँदा राज्यद्वारा समुदायको नाममा वैयक्तिक स्वतन्त्रतालाई अनादर गरिने खतरा यसमा सधैं रहन्छ। त्यसैले न्यूनतम् वैयक्तिक अधिकारहरूलाई सुनिश्चित गरी यो सिद्धान्तलाई अन्य सिद्धान्तसँग समायोजन गरी प्रयोग गर्न सकिन्छ।

## २.३ हानीको सिद्धान्त र सार्वजनिक गल्ती (The Harm Principle and Public Wrong)

कुनै पनि मानव कार्यलाई अपराधीकरण गर्नुपर्ने छलफको शुरुवात नै हानीको सिद्धान्तबाट भएको पाइन्छ। यस सिद्धान्त अनुसार राज्यले कुनै मानव कार्यलाई अपराधको दायरामा राखी निषेध गर्ने आधारको रुपमा सो कार्यले अरुलाई हानी पुऱ्याउने वा हानीको जोखिम पैदा गर्ने आधार लिएको हुन्छ। John Stuart Mill को "एउटा सभ्य समुदायको सदस्यमाथि उसको इच्छा विपरीत गरिएको शक्तिको प्रयोग अन्य व्यक्तिलाई हुने हानी रोक्ने एउटै उद्देश्यका लागि मात्र सही हुन सक्दछ" भन्ने भनाई यो सिद्धान्तसँग सान्दर्भिक रहेको छ। हानीको सिद्धान्तले "अनैतिक" वा अन्य दृष्टिबाट अस्वीकार्य कार्यहरूलाई दण्डनीय बनाइनु हुँदैन भन्ने धारणा राखी अपराधीकरणको दायरा सीमित गर्ने प्रयास गरको छ। हानीलाई कसरी परिभाषित गर्ने भन्ने विषय

६. HLA Hart, *Punishment and Responsibility*, Oxford: Oxford University Press, (2008), chs 2 and 7.

विवादित हुन सक्दछ । शारीरिक हानी, मानसिक हानी, साम्पतिक, सोचाईमा हानी, अप्रत्यक्ष हानी जस्ता प्रश्नको स्पष्ट निराकरण नभएसम्म फौजदारी दायित्व सिर्जना गर्न कठीन हुने हुँदा यसमा "सार्वजनिक गल्ती" लाई समेत आधार लिई मानव कार्यहरू निषेध गर्न सकिने अवधारणा विकास गरिएको छ । यदि हानीलाई मानिसहरूको वैधानिक चाख र सरोकारको सुरक्षाको चुनौतीको रुपमा लिने हो भने प्रचलित प्रणालिभित्र स्वीकार गरिएका उनीहरूका नैतिक, साँस्कृतिक तथा राजनीतिक सरोकारहरूप्रति चनाखो हुनु पर्दछ । कतिपय अवस्थामा हानी स्वतः अनैतिकताको दायरामा पर्ने भएपनि सबै हानी अनैतिक हुँदैनन् र सबै अनैतिक कार्य हानीकारक नहुने भएकाले केही कार्यहरूलाई सार्वजनिक गल्तीको रुपमा निषेधित गर्नु पर्दछ । "कसैको विरुद्धमा गल्ती भएमा परिणाम हानीकारक नभए पनि अपराधको रुपमा परिभाषित गर्नु पर्दछ"[७] भन्ने John Gardner and Stephen Shute को तर्कले हानी अनुभुत नभएको अवस्थामा पनि गम्भीर गल्तीलाई अपराध मान्नु पर्ने अवधारणा प्रस्तुत गरेको छ । पीडित पूर्ण बेहोस भएको अवस्थामा जबरजस्ती करणी भएको थाहा नपाए पनि, त्यसबाट कुनै शारीरिक र मानसिक हानी नोक्सानी नभएको अवस्था भए पनि यस्तो कार्यलाई जबरजस्ती करणीको अपराध मानिनु पर्ने कारण पीडतको विरुद्धमा भएको गम्भीर गल्ती नै हो भनी निजहरूले उदाहरण पेश गरेका छन् ।[८] हानीको सिद्धान्तले हानीको आधारमा कार्यलाई अपराधीकरण गर्नुपर्ने कुरामा जोड दिएको छ भने गल्तीको सिद्धान्तले कुनै कार्यलाई सार्वजनिक गल्तीको रुपमा स्वीकार गरिन्छ भने अपराधीकरण गरिनु पर्दछ भन्ने धारणा प्रस्तुत गरेको छ ।

### २.४ नैतिक रुपमा गलत व्यवहार (Morally Wrong Behaviour)

कुनै मानव कार्यलाई निषेध गर्ने सन्दर्भमा "नैतिकता" विवादास्पद् हुन सक्दछ । यो समय, स्थान, धर्म, सँस्कृति, समाज, क्षेत्राधिकार लगायतका अन्य मानक सापेक्ष हुन्छ । यसले गर्दा यसको एउटै अवस्था वा स्तर रहँदैन । अझ कुनै कार्यलाई केवल अनैतिक भयो भन्ने आधारमा मात्र अपराधको दायरामा ल्याउनु पर्ने अवस्थामा यो बढी विवादास्पद् हुन सक्दछ । खासगरी मानिसहरूका विभिन्न किसिमका स्वेच्छिक यौनजन्य क्रियाकलापहरूमध्ये कस्ता कार्यलाई निषेध गर्नुपर्ने हदसम्मको अनैतिक मान्ने भन्ने विषय विवादमा रहने गरेको छ । यसैगरी केही क्षेत्राधिकारहरूमा बिवाहको उमेर, गर्भपतन, हाडनाता करणी, वेश्यावृत्ति, बहुबिवाह, समलिङ्गी विबाह, निश्चित प्रकृतिका लागू पदार्थ सेवन जस्ता विषयहरूलाई नैतिकतासँग जोडेर निषेध गर्ने/नगर्ने बारेमा विवाद हुने गरेको छ । Lord Devlin र HLA Hart कोबीचमा यस सन्दर्भमा उल्लेखनीय विचार आदान-प्रदान भएको थियो । Lord Devlin ले अनैतिक कार्यले समाजको आधारभूत

---

७. Andrew Ashworth, (2009), *Principles of Criminal Law*, New York: Oxford University Press, p. 29.

८. *Ibid*

संरचनामा असर पार्ने हुनाले अनैतिक कार्यलाई फौजदारी कानूनको दायरामा ल्याउनु पर्ने विचार राख्दै समाजको साझा नैतिकताको स्तर (Common Moral Standard of Society) सामान्य जनमानसको सोचाईको आधारमा तय गर्नु पर्ने विचार व्यक्त गरेका छन् । यसको विपरीत HLA Hart ले John Stuart Mill को “एउटा सभ्य समुदायको सदस्यमाथि उसको इच्छा विपरीत गरिएको शक्तिको प्रयोग अन्य व्यक्तिलाई हुने हानी रोक्ने एउटै उद्देश्यका लागि मात्र सही हुन सक्दछ” भन्ने भनाईलाई समर्थन गर्दै केवल अनैतिक भयो भन्ने मात्र आधारमा मानव कार्यलाई अपराध घोषित गर्नु नहुने विचार राखेको पाइन्छ । यसका अतिरिक्त Devlin ले नैतिकताको विषय धर्मसँग अविभाज्य रुपमा गाँसिएको हुन्छ भन्दै नागरिकहरूले विभिन्न धर्म मान्नसक्ने हुँदा साझा धर्म मान्ने ठूलो समुदायहरूको आधारमा नैतिकताको स्तर तय गर्न सकिने राय दिएका छन् । नैतिकताको आधार र स्तरमा विविधता रहेको अवस्था भए पनि यसलाई या त स्वतन्त्र रुपमा या अन्य आधारसँग समन्वय गरेर मानव कार्यलाई अपराधीकरण गर्ने गरिएको छ ।

## २.५ न्यून अपराधीकरणसम्बन्धी दृष्टिकोण (The Minimalist Approach)

अन्य साधन वा संयन्त्रले काम गर्ने अवस्था रहेसम्म मानव व्यवहारलाई नियमित वा नियन्त्रित गर्न फौजदारी कानूनको साहरा लिनु हुँदैन वा यथासम्भव कम मानव कार्यहरूलाई अपराधको दायरामा राख्नु पर्दछ भन्ने धारणा फौजदारी विधिशास्त्रभित्र रहेको पाइन्छ । यो अवधारणाले फौजदारी कानूनको महत्व र औचित्यलाई उच्च स्थान दिएको छ, तर यसको प्रयोग कामभन्दा कम हुनुपर्दछ भन्ने कुरामा पनि जोड दिएको पाइन्छ । यो दृष्टिकोण फौजदारी कानूनको खास अवधारणामा आधारित छ र यसको सम्बन्ध वैयक्तिक स्वतन्त्रतादेखि अन्य प्रकारका सामाजिक नियन्त्रणका स्वरुपहरूसँग रहेको छ । यो अवधारणाभित्रका मुख्य चारवटा सिद्धान्तहरू निम्नानुसार रहेका छन् ।

**(क) मानव अधिकारको सम्मान गरिनु पर्ने सिद्धान्त :** अपराधीकरणका सम्बन्धमा न्यून अपराधीकरणसम्बन्धी दृष्टिकोणले स्वीकार गरेको पहिलो पक्ष नै कुनै पनि मानव कार्यलाई अपराधीकरण गर्दा मानव अधिकार संरक्षणलाई सम्मान गरिनु पर्दछ भन्ने हो । फौजदारी कानूनले सदैव अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने तथा संगठनको स्वतन्त्रता, विचार तथा धर्मको स्वतन्त्रता, गोपनीयताको अधिकार, समानताको अधिकार जस्ता आधारभूत मानव अधिकारहरूलाई सम्मान गर्नु पर्दछ भन्ने अवधारणा रहेको छ । समाजको बृहत्तर हितको आधारमा यी अधिकारहरूमा सीमा हुनसक्ने कुरालाई स्वीकार गरिएकोले यो अवधारणाले मानव अधिकारको सम्मानलाई जोड दिएको हो ।

**(ख) राज्यबाट दण्डित नहुने अधिकार :** मानिसहरूसँग राज्यको तर्फबाट दण्डित नहुने अधिकार सुरक्षित रहेको हुन्छ भन्ने मान्यतालाई स्वीकार गरिनु पर्दछ भन्ने तर्कमा यो सिद्धान्त आधारित छ । कुनै कार्यलाई अपराधीकरण गर्ने र दण्डको

आधार निर्माण गर्ने विधायिकी निर्णय कर लगाउने वा प्रशासनिक नियमहरू निर्माण गर्ने निर्णयभन्दा पृथक हुनुपर्दछ भन्ने कुरालाई यो सिद्धान्तले जोड दिएको छ । फौजदारी दण्ड हुने, अझ खास गरी कारावासको सजाय हुने गरी कुनै कार्यलाई अपराधीकरण गरिनुपूर्व त्यसको स्पष्ट र पर्याप्त औचित्य स्थापित हुनुपर्ने कुरामा यो सिद्धान्तले जोड दिएको छ ।

(ग) **अपराधीकरणलाई अन्तिम उपायको रुपमा लिइनु पर्ने :** फौजदारी कानून अनिच्छित कार्यहरूलाई निषेधित गर्ने तथा त्यस्ता कार्यबाट समाजलाई संरक्षित गर्ने संयन्त्र हो । समाजमा मानव व्यवहारलाई नियमन तथा नियन्त्रण गर्ने सन्दर्भमा सामाजिक प्रथा, नैतिकता, धार्मिक नियमहरू जस्ता कानूनभन्दा बाहिरका संयन्त्रहरूले काम गरिरहेका हुन्छन् । कानूनभित्रै पनि देवानी कानून, प्रशासकीय नियमहरू, करार कानून, क्षतिपूर्तिसम्बन्धी कानूनहरू जस्ता फौजदारी कानून बाहेकका अन्य कानूनहरूले भूमिका निर्वाह गरिरहेका हुन्छन् । यदि अवाञ्छित मानव कार्यहरूलाई नियमन/नियन्त्रण गर्ने सन्दर्भमा उल्लेखित फौजदारी कानून बाहेकका अन्य उपायहरू पर्याप्त भएसम्म फौजदारी कानूनको सहारा लिनु हुँदैन र फौजदारी कानूनको प्रयोग गम्भीर प्रकृतिका हानी, गल्ती, वा अन्य उपायले नियन्त्रण गर्न नसकिने कार्यको लागि मात्र प्रयोग गरिनु पर्दछ भन्ने नै यो सिद्धान्तको सार हो । Jeremy Bentham को Utilitarian Foundation सँग यो अवधारणाको सम्बन्ध रहेको पाइन्छ । फौजदारी कानूनको प्रयोग नगरी सस्तो मूल्यमा कुनै दुष्कृति हटाउन सकिन्छ भने फौजदारी कानूनको उपयोग नगर्नु उत्तम हो भन्ने उनको धारणा थियो ।

(घ) **प्रत्युत्पादक हुने अवस्थामा अपराधीकरण गर्न नहुने सिद्धान्त :** जहाँ निषेध प्रभावकारी हुन सक्दैन वा कुनै सानो वा कम हानीकारक कार्यलाई अपराधीकरण गर्दा प्रतिक्रियास्वरुप उत्पन्न हुने सामाजिक हानी त्यसलाई अपराधीकरण नगर्दाभन्दा बढी हुन्छ भने त्यस्तो कार्यलाई अपराधीकरण गरिनु हुँदैन भन्ने नै यो सिद्धान्तको सार हो । प्रत्युत्पादक हानी प्रारम्भिक हानीभन्दा बढी भएमा प्रारम्भिक हानी सहनु नै समाजको लागि श्रेयस्कर हुन्छ । तर यो धारणालाई चुनौती दिने प्रखर आधारहरू छन् । फौजदारी कानूनको उद्देश्य मूलतः, घोषणात्मक (Declaratory), सुरक्षात्मक (Preventive) र कारवाही तथा सजाय गर्ने (Censuring) रहेको हुन्छ । कुनै कार्यलाई अपराधको रुपमा घोषणा मात्रै गर्दा पनि यसले मानिसमा स्वाभाविक त्रास पैदा गरी सो कार्य गर्नबाट रोक्दछ । कुनै कार्यलाई अपराधको रुपमा घोषणा गरिसकेपछि सो कार्य हुनबाट रोक्न सम्बन्धित निकायले सुरक्षात्मक कदम चाल्नको लागि कानूनी अख्तियारी पाउन सक्दछ । यदि आपराधिक कार्य घटेको अवस्थामा सो उपर कावाही र सजाय गराउने पनि फौजदारी कानूनको उद्देश्य भएकोले केवल कुनै निश्चित कार्यलाई

अपराधीकरण गर्दा सो कार्यलाई अपराधीकरण नगर्दा हुने हानीको तुलना गरेर गलत कार्यलाई अपराधको दायराबाट बाहिर राख्नु हुँदैन भन्ने दृष्टिकोण रहेको पाइन्छ । तथापि साना तथा कम हानीकारक प्रकृतिका कार्यहरूको सन्दर्भमा यो सिद्धन्त उपयोगी हुन सक्दछ ।

### २.६ अप्रत्यक्ष हानी (Remote Harm)

परिणाममा हानी उत्पन्न गर्ने कार्यलाई निषेध गर्नु फौजदारी कानूनको एउटा उद्देश्य हो । कुनै कार्य आफैँ हानीकारक नभए पनि त्यसले पछि गम्भीर हानी पुऱ्याउन सक्ने अवस्थाको सिर्जना गर्न सक्छ भन्ने आधारमा सो कार्यलाई अपराधीकरणको दायरामा ल्याउने गरेको पाइन्छ । यसैलाई फौजदारी विधिशास्त्रमा अपराधीकरणको सन्दर्भमा अप्रत्यक्ष हानी (Remote Harm) भनिन्छ । फौजदारी कानूनको सुरक्षात्मक उद्देश्य (Preventive Purpose) ले कुनै कार्य आफैँ गलत वा हानीकारक नभए पनि निश्चित हानीको जोखिम उत्पन्न गर्ने सो कार्यलाई निषेध गर्ने अधिकार राज्यलाई प्रदान गरेको हुन्छ । निश्चित सीमाभन्दा बढी गतिमा सवारी चलाउनु, निजी रुपमा बन्दुक वा हातहतियार राख्नु, मानिसहरूलाई उत्तेजित गराउने कुरा प्रदर्शित गर्नु जस्ता कार्यलाई अपराधीकरण गर्ने आधारहरू अप्रत्यक्ष हानी नै हो । तर अपराधीकरणको यो आधारको विरुद्धमा आलोचना रहेको पाइन्छ । कुनै कार्य आफैँमा हानीकारक हुँदैन भने त्यसले फौजदारी दायित्वलाई आकर्षित गर्न सक्दैन भन्ने तर्क रहेको छ ।

कुनै पनि मानव कार्यलाई फौजदारी कानूनको दायराभित्र पार्नको लागि पर्याप्त आधार र कारणहरू आवश्यक पर्दछ । सैद्धान्तिक रुपमा यसको औचित्य स्थापित भएको हुनुपर्दछ । यस सम्बन्धमा माथि चर्चा गरिएका विभिन्न सैद्धान्तिक आधारहरू आकर्षित हुने भए पनि कुनै एउटा सिद्धान्त मात्र पर्याप्त हुने अवस्था हुँदैन । प्रत्येक सिद्धान्तको आफ्नै विशिष्ठ तर्क र सन्देश भए पनि राज्यले फौजदारी कानूनको निर्माण गर्दा विभिन्न सिद्धान्तहरूको एकीकृत प्रयोग गर्नुपर्ने अवस्था हुन सक्दछ ।

## ३. प्रस्तावित अपराध संहितामा अपराधीकरण

प्रस्तावित संहिताले मानव कार्यहरूलाई अपराधीकरण गर्ने सन्दर्भमा विभिन्न प्रमुख विषयवस्तुहरूलाई समावेश गरेको पाइन्छ ।[९] सो संहिताले हाल प्रचलित कानूनमा कसूरको रुपमा परिभाषित भैसकेका कसूरहरूलाई फौजदारी कसूरको रुपमा यथावत व्यवस्था गर्दै कतिपय नयाँ कसूरहरूलाई पनि कसूरको रुपमा परिभाषित गरेको छ । विभिन्न प्रकारका कसूरहरूलाई विषयगत रुपमा एकीकृत गरेको छ । यसरी व्यवस्था

९. अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७, काठमाण्डौः नेपाल सरकार कानून तथा न्याय मन्त्रालय, पृ. ७-१२

गर्दा कसूरहरूलाई राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसूर, सार्वजनिक न्याय विरुद्धका कसूर, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर, हातहतियार तथा खरखजाना सम्बन्धी कसूर, विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर, धर्म सम्बन्धी कसूर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर, विवाह सम्बन्धी कसूर, ज्यान सम्बन्धी कसूर, गर्भ संरक्षण विरुद्धको कसूर, कुटपिट सम्बन्धी कसूर, गैरकानूनी थुना सम्बन्धी कसूर, व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर, अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर, करणी सम्बन्धी कसूर, इलाज सम्बन्धी कसूर, चोरी तथा डकैती सम्बन्धी कसूर, ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूर, मुद्रा सम्बन्धी कसूर, टिकट सम्बन्धी कसूर, नापतौल सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर तथा चौपाया सम्बन्धी कसूर गरी २७ वटा परिच्छेदमा प्रस्ताव गरिएको छ । यस मध्ये धेरै कसूरहरू मौजुदा कानूनमा नै व्यवस्था भएका छन् भने केही नयाँ कसूरहरू समावेश गरिएका छन् ।

संहिताले देवानी प्रकृतिका वा आपराधिक दायित्व भएका दुष्कृतिहरू भए तापनि प्रचलित न्याय प्रशासनमा फौजदारी कसूर सरह स्वीकार गरिएका गाली बेइज्जतीको कसूर अन्तर्गत गाली गर्ने तथा बेइज्जती अन्तर्गत जीवित वा मृत व्यक्तिलाई बेइज्जती गर्ने कार्यलाई फौजदारी दुष्कृतिको रुपमा परिभाषित गर्ने तथा विद्युतीय वा अन्य आमसञ्चारका माध्यमबाट बेइज्जती गरेमा थप सजाय समेत हुने व्यवस्था प्रस्ताव गरेको छ । यसका अतिरिक्त गोपनीयता विरुद्धका केही कार्यहरूलाई गोपनीयता विरुद्धको कसूरको रुपमा परिभाषित गरेको छ ।

प्रस्तावित अपराध संहिताले हाल प्रचलित कानूनमा व्यवस्थित परम्परागत प्रकृतिका कसूरहरूलाई (Traditional Crimes) कायमै राखी हाल असान्दर्भीक भएकोमा बाहेक गैरआपराधिकरण (Decriminalization) गरेको छैन । तर हाल प्रचलित कानूनले समेट्न नसकेका तर समाज र राष्ट्रलाई हानि नोक्सानी पुऱ्याउने कतिपय अवाञ्छित व्यवहार तथा मानव अधिकार सम्बन्धी महासन्धिबाट सिर्जित दायित्व पूरा गर्ने सन्दर्भमा नयाँ कसूरहरू पहिचान गरी अपराधीकरण गर्ने व्यवस्था प्रस्ताव गरिएको संहितामा उल्लेख छ ।

जातिहत्या गर्ने, राष्ट्रपति उपर आक्रमण गर्ने, सरुवा रोग फैलाउने, मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिबाणु (एच.आई.भी. पोजिटिभ) को रोग फैलाउने, पानी दुषित पार्ने, वेश्यागमनको प्रचार गर्ने तथा सोका लागि घर, जग्गा प्रयोग गर्न दिने, सामाजिक नैतिकताको दृष्टिले अवाञ्छित अश्लील किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्ने, उपभोग्य वस्तु बिक्री नगरी जम्माखोरी गर्ने, आणविक, रासायनिक जिबााणुयक्त (जैविक) तथा विषालु हातहितयार उत्पादन वा कारोबार गर्ने, बारुदी सुरुङ्ग

बनाउने वा ओछ्याउने, सार्वजनिक सम्पदा, घर, जग्गा आफ्नो बनाउने, प्राकृतिक सम्पदा माथि अतिक्रमण गर्ने, नेपाल वा नेपालसँग कुटनीतिक सम्बन्ध भएका विदेशी मुलुकको झण्डा वा निशाना छापको अपमान वा क्षति गर्ने, धर्मस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याउने, धार्मिक भावनामा आघात पुऱ्याउने, धर्म परिवर्तन गराउने, भेदभावपूर्ण व्यवहार गर्ने, जबर्जस्ती काममा लगाउने वा दास बनाउने, बाँधा राख्ने, यातना दिने वा अमानवीय व्यवहार गर्ने, मञ्जूरी विना मानव शरीरमा परीक्षण गर्ने, ठेक्का वा करारको काममा फरक पार्ने, सम्पत्तिको आपराधिक प्रयोग गर्ने, बैंक नोट वा सिक्का जलाउने, चौपायाप्रति निर्दयी व्यवहार गर्ने समेतका परम्परागत रुपमा परिभाषित नभएका कार्यहरूलाई फौजदारी कसूरका रुपमा परिभाषित गरी संहितामा सजायको व्यवस्था प्रस्ताव गरिएको छ ।

यसैगरी नेपालमा हालको अभ्यासमा अपराधको रुपमा स्पष्ट परिभाषित नभएका वा विभिन्न ऐनहरूमा विभिन्न स्वरुपमा रहेका सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी विषयहरू, सार्वजनिक न्याय विरुद्धका कसूर, राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर, आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूर, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव जस्ता कसूरहरूको पहिचान संहितामा गरिएको छ ।

## ४. प्रस्तावित अपराध संहितामा अपराधीकरणको दृष्टिकोणबाट विचारणीय पक्ष

प्रस्तावित अपराध संहिताले नेपालको फौजदारी न्याय प्रशासनलाई आधुनिक, सिद्धान्त सापेक्ष, एकीकृत, स्पष्ट तथा सरल बनाउने उद्देश्यले कानूनी व्यवस्थाहरू प्रस्ताव गरेको छ । माथि चर्चा गरिएबमोजिम हाल प्रचलनमा रहेका आपराधिक कार्यलाई समय सापेक्ष रुपमा गैरअपराधीकरण गर्नुपर्ने अवस्था बाहेक निरन्तरता दिएको, कतिपय कार्यहरूलाई स्पष्ट गर्ने गरी अपराधको परिभाषाभित्र सामेल गरेको र कतिपय नयाँ अपराधहरूको पहिचान गरेको पाइन्छ । यो प्रक्रिया नयाँ अपराध संहिताको निर्माण गर्ने क्रममा अपनाइने स्वाभाविक प्रक्रिया हो । यहाँ संहिताले समावेश गरेका समग्र आपराधिक कार्यहरू अपराधीकरणसँग सम्बन्धित विभिन्न सिद्धान्तअनुसार के कसरी समायोजन गरिएका छन् भन्ने सन्दर्भमा विचारणीय देखिएका निम्न पक्षहरूमा ध्यान दिनु आवश्यक देखिएकोले उल्लेख गरिएको छ ।

**४.१ आपराधिक षड्यन्त्र, उद्योग तथा दूरुत्साहन जस्ता अपूर्ण अपराधको पृथक अपराधीकरण:** सामान्यतया यस्ता अपूर्ण आपराधिक कार्यलाई पृथक अपराधको रुपमा परिभाषित गर्दा सम्बन्धित महलमा नै अपराधीकरण गर्ने गरिन्छ । प्रस्तुत संहिताले पनि कतिपय महलमा यसरी नै अपूर्ण अपराधलाई अपराधीकरण गरेको छ । यसको कारण सबै प्रकृतिका अपराधहरूमा अपूर्ण अपराध नहुन पनि सक्दछन् । फौजदारी

कानूनको सुरक्षात्मक उद्देश्य प्राप्तिको लागि फौजदारी विधिशास्त्रले अपूर्ण कार्यलाई पृथक अपराधको रुपमा परिभाषित गर्ने कुरालाई स्वीकार गरेको छ र यो आवश्यक पनि हुन्छ । तर प्रस्तुत संहिताले परिच्छेद ३ मा आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियार सम्बन्धी व्यवस्था गरी संहिताले समेटेका सबै प्रकारका आपराधिक कार्यका लागि गोश्वारा रुपमा अपराधीकरण गरेको छ । यसबाट अपराधीकरण गरिनु नहुने कतिपय कार्यहरू बढी अपराधीकरण (Overcriminalization) हुन पुगेका छन् । दुरुत्साहन सम्बन्धमा दफा ३४(३)(क) र मतियार सम्बन्धमा दफा ३५(३)(क) मा प्रस्ताव गरिएको व्यवस्थाले सम्बन्धित महलमा यस सम्बन्धमा गरिएको व्यवस्था तथा फौजदारी विधिशास्त्रले स्वीकार गरेको अनुपातिक दायित्वको सिद्धान्त अनुसार निर्धारण हुनसक्ने दायित्वभन्दा बढी आपराधिक दायित्व बहन गराएको छ । यसरी छुट्टै महलको रुपमा कानूनी व्यवस्था गर्ने हो भने कतिपय अपूर्ण स्वरुपका कार्यलाई अपराधीकरण गर्नु नपर्ने अवस्थाहरूलाई विचार गरी बाहेक गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

**४.२. थप सजायको व्यवस्था:** अपराध संहिताको दफा ७६(१) मा समाव्हान, इतलायनामा इत्यादिको तामेलीमा वाधा पुऱ्याउन नहुने भनी बाधा पुऱ्याउने कार्यलाई सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसूरको रुपमा परिभाषित गरिएको छ । यसमा उपदफा (२) मा बाधा बिरोध गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैंयासम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ भने उपदफा (३) मा सोही कसूर राष्ट्रसेवकले गरेको भए निजलाई तीन महिनासम्म थप कैद सजाय हुने व्यवस्था गरिएको छ । कुनै पनि व्यक्तिको राष्ट्र सेवकको हैसियत करारीय हैसियत हुने र निजले सो हैसियतको गलत प्रयोग नगरेसम्म थप सजायको भागी हुनुपर्ने आधार छैन् । यो विषयमा समानताको दृष्टिबाट तथा फौजदारी कानूनको निरपेक्ष चरित्रको दृष्टिबाट पनि बढी अपराधीकरण देखिएको छ ।

**४.३ सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसूर अन्तर्गत बढी अपराधीकरण:** यसमा दफा ७७ मा समाव्हान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काउन नहुने र दफा ७८ मा समाव्हान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिड्न नहुने भनी कुनै व्यक्तिका नाममा जारी भएको समाव्हान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझाउन ल्याएकोमा बदनियतपूर्वक नबुझ्ने र बदनियतपूर्वक छलि हिडने कार्यलाई अपराधीकरण गरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैंयासम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ । यहाँ कसैले आफूलाई सुनुवाईको मौका प्रदान गर्न जारी भएका यस्ता कागजात नबुझेमा सोही व्यहोरा जनाई अदातली कारवाही अगाडी बढ्न सक्ने र पक्रउपूर्जीको

हकमा सम्बन्धित व्यक्तिलाई पक्राउ गर्ने अख्तियारी सोही पूर्जीबाट हुने अवस्था रहन्छ । सरकारवादी फौजदारी मुद्दामा चुप लाग्न पाउने अधिकार संविधानतः शसंकित व्यक्तिमा रहेको अवस्थामा उल्लेखित अपराधीकरणको सैद्धान्तिक आधार देखिँदैन ।

**४.४ फौजदारी कानून कठोर निर्माणको सिद्धान्त विपरीत अपराधीकरणः** सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर शीर्षक अन्तर्गत दफा १०८ मा सरुवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गर्न नहुने भन्ने व्यवस्था गरी उपदफा (१) मा कसैले नेपाल सरकारले वा नेपाल सरकारबाट वा कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सरुवा रोगको सम्बन्धमा जारी गरेको नियम, निर्देशन वा आदेश उल्लङ्घन गर्न हुंदैन भनी अपराधीकरण गरिएको छ । कुनै पनि फौजदारी कानून उल्लङ्घनको परिणामस्वरुप सजाय हुने सामान्य सिद्धान्त रहेको छ । तर सरुवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गर्न नहुने भन्ने व्यवस्था गरी अन्य दफामा उल्लेखित कानूनी व्यवस्था उल्लङ्घनीय हुनकी भन्ने भ्रम एकातिर सिर्जना भएको छ भने अर्कातिर फौजदारी कानूनको निर्माण सर्वोच्च विधायिकाले मात्र गर्नसक्ने फौजदारी कानूनको सामान्य सिद्धान्त विपरीत अनिश्चित रुपमा अपराधीकरणको दायरा विस्तार हुनसक्ने ठाउँ छाडिएको छ ।

**४.५ वेश्यागमनसम्बन्धी अपराधीकरणको विषय :** प्रस्तावित संहिताको सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर अन्तर्गत दफा १२१ मा वेश्यागमनको प्रचार गर्न नहुने र दफा १२२ मा वेश्यावृति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुने व्यवस्था प्रस्ताव गरी ती कार्यहरूलाई अपराधीकरण गरिएको छ । तर वेश्यागमन गर्ने वा गराउने कार्यलाई अपराधीकरण गरिएको छैन । यसबाट जुन कार्य अपराधीकरण गरिएको छैन सो कार्यसँग सम्बन्धित अन्य सहायक कार्यहरूलाई अपराधीकरण गरिएको अवस्था छ । सार्वजनिक नैतिकताको आधारमा कुनै अमुक मानव कार्यलाई अपराधीकरण गर्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको छ । तर मुख्य कार्यलाई निषेध नगरी सोसँग सम्बन्धित अन्य कार्य मात्र निषेध गर्दा अपराधीकरणको सिद्धान्त अनुकूल मान्न नसकिने हुँदा यी व्यवस्थाहरू अपराधीकरणको सिद्धान्त अनुसार विचारणीय रहेका छन् । यसमाा प्रयोग भएको "वेश्यागमन" भन्ने शब्दावलीलाई पनि लैङ्गक सम्मानको दृष्टिबाट विचार गरी उपयुक्त शब्द चयन गर्नु राम्रो हुन्छ ।

**४.६ बहुविवाह सम्बन्धी व्यवस्था :** प्रस्तवित संहितको दफा १७७ (१) ले बहुविवाह गर्न नहुने भनी बहुविहालाई निषेध गरेको छ । हाल प्रचलित कानूनकै निरन्तरताको रुपमा यो व्यवस्था गरिएको छ । तर सो दफाको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पति वा पत्नीलाई सामान्य रुपबाट दाम्पत्य जीवन विताउन वा यौन सम्बन्ध कायम राख्न असमर्थ हुने गरी शारीरिक वा मानसिक रोग लागेको कुरा प्रमाणित

भई कुनै व्यक्तिले अर्को विवाह गरेमा निजलाई सजाय हुने छैन भन्ने व्यवस्था गरिएको छ। यो अपवादात्मक व्यवस्थामा प्रयुक्त सामान्य रुपबाट दाम्पत्य जीवन विताउन ... असमर्थ हुने गरी शारीरिक वा मानसिक रोग लागेको कुरा प्रमाणित भएमा भन्ने वाक्यांश बढी अमुर्त रहेको छ। अपराधीकरण गर्दा के कस्तो कार्य अपराधीकरण गरिएको भन्ने कानूनमा स्पष्ट हुनु आवश्यक हुन्छ। संहिताले नै स्पष्ट आधार तोक्न सकेको अवस्थामा न्यायिक निर्णयमा एकरुपताको मात्रा वृद्धि हुन्छ।

**४.७ देवानी दायित्वलाई अपराधीकरण :** प्रस्तवित संहितको दफा २५० मा ठेक्का वा करारको काममा फरक पार्न नहुने भानी उपदफा (१) मा निर्माण सम्बन्धी काम वा अन्य कुनै काम गर्ने जिम्मेवारी लिएको व्यक्तिले वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटीबढी पारी वा अन्य कुनै किसिमबाट निर्धारित गुणस्तरभन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गर्न वा गराउन हुंदैन भन्ने कानूनी व्यवस्था गरी उपदफा (२) मा उक्त कसूर गर्ने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिवाना हुने व्यवस्था गरिएको छ। यसैगरी उक्त दफाको उपदफा (३) मा कुनै माल, वस्तु वा सेवा आपूर्ति गर्ने जिम्मेवारी भएको व्यक्ति वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले बेइमानीका नियतले कमसल वा घटी परिमाणका माल, वस्तु वा सेवा आपूर्ति गर्न वा अन्य कुनै किसिमबाट तोकिएकोभन्दा फरक गुणको माल, वस्तु वा सेवा उपलब्ध गराउनु हुंदैन भन्ने व्यवस्था गरिएको छ भने उपदफा (४) मा उपदफा (३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरिएको छ। प्रस्तुत दफामा अपराधीकरण गरिएको विषय करारीय दयित्व अन्तर्गत पर्ने देवानी प्रकृतिको विषय हो। फौजदारी कानूनलाई अन्तिम उपायको रुपमा प्रयोग गर्नु पर्ने अपराधीकरणको सिद्धान्त अनुसार यी विषयहरूलाई अपराधीकरणको दायराबाट बाहिर राख्नु नै उपयुक्त हुन्छ। कतिपय अवस्थामा देवानी र फौजदारी दायित्व परस्परमा खप्टिएको अवस्था (Overlap) समेत हुन सक्दछ। यस्तोमा आपरधिक मनसाय (Criminal Intent) को आधारमा अपराधीकरण गर्नु पर्दछ। सबै करारीय विषयलाई नसमेट्न गरी करारको आडमा भएका मनसाययुक्त आपराधिक कार्यलाई मात्रै समेट्ने गरी परिभाषालाई सीमित र स्पष्ट गर्नु उपयुक्त हुन्छ।

**४.८ चौपाय सम्बन्धी कसूर :** प्रस्तावित अपराध संहिताले अपराधीकरण गरेका विषयहरूमा दफा २९१ मा गरेको गाई, गोरु मार्न वा कुट्न नहुने व्यवस्था र कुनै गाई वा गोरु मर्न गएमा त्यस्तो काम गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद हुनेछ भन्ने व्यवस्था विवादित रहने गरेको छ। विगतमा नेपाल हिन्दु अधिराज्यको रुपमा रहेको अवस्थामा बनेको मुलुकी ऐन र हाल नेपाल धर्म निरपेक्ष भएको अवस्थामा हिन्दुहरूले पूजा गर्ने र हाल पनि राष्ट्रिय

जनावरको रुपमा राखिएको[१०] गाईको सन्दर्भमा गरिएको व्यवस्थामा सजायको मात्रामा उल्लेख्य रुपमा भिन्नता रहेको पनि छ। समाजले स्थापित गरेको नैतिकताको आमस्तर तथा सामाजिक सहिष्णुतालाई कायम राख्ने फौजदारी कानूनको दायित्वको हिसाबले हेर्दा हाल प्रस्ताव गरिएको व्यवस्थालाई अनुपयुक्त मान्नु पर्ने अवस्था छैन्। यसलाई नेपालको सन्दर्भमा *Mala Prohibita* को रुपमा लिन सकिन्छ। यो विषयमा कानूनी बहुलवाद (Legal Pluralism) को आधारमा कानून निर्माण गर्नेतर्फ पनि विचार गर्न सकिन्छ।

## ५. विश्लेषणात्मक मूल्याङ्कन

एकीकृत अपराध संहिता र फौजदारी कार्यविधि संहिताको निर्माण गर्ने प्रयासहरू विगतमा भए पनि २०६३ सालमा भएको आधारभूत परिवर्तनलाई फौजदारी न्याय प्रशासनमा समाहित गर्न विगतमा तयार भएका अपराध संहिता र फौजदारी कार्यविधि संहिताको समयसापेक्ष परिमार्जन गरी नेपालको विद्यमान परम्परागत फौजदारी न्याय प्रणालीबाट गुणात्मक फड्को मार्न र फौजदारी न्याय प्रणालीलाई रुपान्तरण गरी संहिताबद्ध कानूनी व्यवस्थातर्फ जान अत्यन्त आवश्यक भइसकेको कुरा आत्मसात गरी यी संहिताहरू तयार भएका हुन्। यी अपराध संहिता र फौजदारी कार्यविधि संहितामा फौजदारी न्याय प्रशासनमा विकसित नवीनतम् मान्यता र अभ्यासहरूलाई समेट्न पनि त्यत्तिकै प्रयास गरिएको छ।

फौजदारी कानून कठोर र दण्डात्मक हुने तथा स्वतन्त्रतालाई सीमित गर्ने प्रकृतिको हुने हुँदा कुनै पनि मानव कार्यलाई अपराधीकरण गर्न स्पष्ट आधार र औचित्य हुनु पर्दछ। अपराधीकरणका सम्बन्धमा विभिन्न सिद्धान्तहरू विकसित भएका छन्। प्रस्तुत संहिताले विभिन्न कार्यहरूलाई अपराधीकरण गर्दा समाज र राष्ट्रलाई हानि नोक्सानी पुऱ्याउने कतिपय अवाञ्छित व्यवहार तथा मानव अधिकार सम्बन्धी महासन्धिबाट सिर्जित दायित्व पूरा गर्ने भनी अपराधीकरणको आधारको रुपमा उल्लेख गरेपनि यसले माथि उल्लेख गरिएका वैयक्तिक स्वतन्त्रताको सिद्धान्त (Principle of Individual Autonomy), कल्याणकारी सिद्धान्त (Principle of Welfare), हानीको सिद्धान्त र सार्वजनिक गल्ती (The Harm Principle and Public Wrong), नैतिक रुपमा गलत व्यवहार (Morally Wrong Behaviour), अप्रत्यक्ष हानी (Remote Harm) तथा न्यून अपराधीकरणसम्बन्धी दृष्टिकोण (The Minimalist Approach) अन्तर्गत विकसित मानव अधिकारको सम्मान गरिनु पर्ने सिद्धान्त, राज्यबाट दण्डित नहुने अधिकार, अपराधीकरणलाई अन्तिम उपायको रुपमा लिइनु पर्ने, प्रत्युत्पादक हुने अवस्थामा अपराधीकरण गर्नु नहुने सिद्धान्तहरूलाई विभिन्न दफाहरूमा स्वीकार गरेको पाइन्छ।

कहिलेकाँही फौजदारी कानून लागू गर्ने निकायहरूको संस्थागत क्षमताको कमिको

१०. नेपालको अन्तरिम संविधान, २०६३, धारा ७(२)

कारणले समाजमा फौजदारी कानूनको उद्देश्य पूरा नभएको वा फौजदारी कानूनको औचित्यमा नै प्रश्न उठ्ने गरेको पाइन्छ। कानून ठीक भए पनि जनमानसमा त्यसको कार्यान्वयनको समस्यालाई लिएर शंका उत्पन्न हुन सक्दछ। यस्तो अवस्थामा सरकारले कानून कार्यानवयन गर्ने निकायको कमजोरी लुकाउन वा संस्थागत क्षमतामा अभिवृद्धि गर्नुको सट्टा विधायिकामार्फत कडा फौजदारी कानून निर्माणमार्फत त्रास उत्पन्न (Deterrent Effect of Criminal Law) गरी सोको माध्यमबाट फौजदारी कानूनको उद्देश्य पूरा गर्ने प्रयास गर्दछ। यस्तो अवस्था भएमा बढी अपराधीकरणको जोखिम रहन्छ र यो अवस्थमा विधायिका, कार्यपालिका तथा न्यायपालिकाकोबीचमा असहज परिस्थितिको निर्माण हुने जोखिम समेत रहन्छ।

फौजदारी कानून निर्माण गर्ने अधिकार विधायिकामा मात्र हुने तर विधायिकी कानून फौजदारी विधिशास्त्रले विकास गरेको अपराधीकरणको सिद्धान्त विपरीत हुने अवस्था आएमा न्यायपालिकाले यसलाई सहज रुपमा स्वीकार्न नसक्ने अवस्था हुन्छ। यसले अप्रत्यक्ष रुपमा “सफाईको मात्रा” बढाउन सक्ने खतरा समेत हुन्छ। यो अवस्था सफल र सुचारु फौजदारी न्यायप्रणालीको सङ्केत होइन। यही कुरा प्रस्तुत प्रस्तावित संहिताको सन्दर्भमा पनि उत्तिकै विचारणीय हुन्छ। समकालीन समाजमा समस्याको रुपमा देखिएका केही विषयहरूलाई फौजदारी संहिताले सामेल गर्ने प्रयास गरेको देखिनु यसको उदाहरण हो। नितान्त करारीय विषय, सुनुवाइको हकको रुपमा दिइने सूचना बुझ्न इन्कार गर्ने विषय जस्ता विषयहरूलाई अन्य देवानी वा प्रशासकीय रुपका कानूनले नियमन गर्न नसकिने होइन तर समकालीन समस्यालाई विचार गरेर यो संहिताले समेटेको जस्तो देखिएको छ। करारीय दायित्वको आडमा हुने आपराधिक कार्य र सार्वजनिक गल्तीहरूलाई स्पष्ट र सीमित रुपमा अपराधको दायरामा ल्याउँदा फौजदारी कानूनको दुरुपयोगको सम्भावनालाई सीमित गर्न सकिन्छ। कानून कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमतालाई सुधार गरेर प्राप्त गर्न सकिने सफलताको लागि फौजदारी कानूनको अनुचित विस्तारलाई पनि स्वाभाविक मान्न सकिँदैन। समाजमा शान्ति र सुरक्षा राज्यको न्यूनतम् शर्त हो र यसको लागि अन्तिम उपायको रुपमा फौजदारी कानूनको प्रयोग पनि अपेक्षित र स्वीकार्य हुन्छ तर फौजदारी कानूनको उपयोग विना देवानी कानून, नियमहरू, प्रशासकीय निर्णय जस्ता उपायको प्रयोगले नियमन गर्न सकिने विषयहरूलाई सोही उपाय उपयुक्त हुन्छ।

## ६. निष्कर्ष

प्रस्तुत संहिता निर्माणको प्रयासलाई नेपालको कानूनी इतिहासको विकासमा एउटा महत्वपूर्ण कडीको रुपमा लिनु पर्दछ। १९१० सालको मुलुकी ऐन, र २०२० सालको नयाँ मुलुकी ऐन जस्तै यसले भविष्यमा नेपालको कानूनी प्रणालीमा योगदान गर्नेछ। यो कानूनको रुपमा लागू हुनुपूर्व नै यसमा रहेका कमिकमजोरी हटाउने आजको

आवश्यकता र जिम्मेवारी हो । प्रस्तुत संहिताले अपराधीकरण गरेका विषयहरूमा केही सुधार तथा परिमार्जन गर्न सकिने ठाउँहरू रहेका छन् । फौजदारी कानूनलाई न्यूनतम् र अन्तिम उपायको रुपमा मात्रै प्रयोग गरिनु पर्ने अपराधीकरणको सिद्धान्तलाई ध्यान दिई यसको पुनरावलोकन गर्दा भावी फौजदारी न्याय प्रणाली राम्रो हुन्छ ।

**सन्दर्भ सामग्री**


- अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७, काठमाडौं: नेपाल सरकार कानून तथा न्याय मन्त्रालय
- नेपालको अन्तरिम संविधान, २०६३
- Ashworth, Andrew (2009), *Principles of Criminal Law*, New York: Oxford University Press
- Dworkin, R. (1977), *Talking Rights Seriously*, London: Duckworth
- Hart, HLA (2008), *Punishment and Responsibility*, Oxford: Oxford University Press
- Qadri, S.M.A. (2009), *Ahamad Siddique's Criminology & Penology*, Lucknow: Eastern Book Company
- Siddique, Ahamad (2001), *Criminology Prolbems & Perspectives,* Lalbag, Lucknow: Eastern Book Company

# सुशासनको अवधारणा र अवलम्बनका अभ्यासहरू

**झंकनाथ ढकाल**[♥]

**सारांश**

*सुशासनको अवधारणाको सम्बन्धमा विभिन्न सैद्धान्तिक एवम् व्यवहारिक पक्षहरू रहेको पाइन्छ । सुरुवातमा विकासका साझेदारद्वारा सहायता प्रदान गर्ने शर्तका रुपमा आएको यो नीतिगत अवधारणा आज विश्वको अति विकसित मुलुकदेखि अल्प विकसित मुलुक, संयुक्त राष्ट्रसंघीय निकायदेखि गैरसरकारी संस्था, केन्द्रीय सरकारदेखि स्थानीय सरकार अनि विधिको शासनदेखि दिगो मानव विकाससम्मका अवधारणा सहित राष्ट्रसंघद्वारा घोषित सहश्राब्दी घोषणाका लक्ष्य हासिल गर्न महत्वपूर्ण तत्वको रुपमा रहेको छ । प्रस्तुत लेखमा सुशासनको अवधारणा, सैद्धान्तिक पक्ष, सुशासन सम्बन्धी कानूनी व्यवस्था, नेपालमा सुशासनको प्रयोगको स्थिति र यससँग सम्बन्धित समस्याका साथै समाधानका उपायहरूलाई संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।*

## १. परिचय

सुशासन शासनको शाखा हो, जहाँ समाजका आवश्यकतालाई सम्बोधन गर्न सार्वजनिक स्रोत साधनको प्रभावकारी, कार्यकुशल र मितव्ययितापूर्वक व्यवस्थापन गरिन्छ । प्रभावकारी लोकतान्त्रिक शासन जनसहभागिता, उत्तरदायित्व र पारदर्शितामा निर्भर गर्दछ ।[१] त्यसैले भनिन्छ, सुशासन अन्य कुराका अतिरिक्त सहभागितामूलक, पारदर्शी, र उत्तरदायी पनि हुन्छ । यो कार्यकुशल र समतामूलक हुन्छ र यसले विधिको शासन स्वच्छ रुपमा प्रबर्द्धन समेत गर्दछ । सुशासनले विकासात्मक श्रोतहरूको विनियोजनको निर्णय गर्दा गरिब र अत्यन्त जोखिममा रहेका समुदायहरूको आवाजलाई सम्मान गर्दछ । यसका साथै राज्यका राजनीतिक, सामाजिक र आर्थिक प्राथमिकताहरू तीनवटै सरोकारवालाहरू (सरकार, निजी क्षेत्र र नागरिक)बीचको व्यापक सहमतिमा निर्धारण गरिन्छ । यी तीनवटै सरोकारवालाहरू मानव विकासलाई दिगो बनाउन महत्वपूर्ण छन् । यी मध्ये सरकारले सञ्चालकीय राजनीतिक र कानूनी वातावरण सिर्जना गर्दछ, बजारले आय र रोजगारी सिर्जना गर्दछ त तेश्रो क्षेत्र अर्थात् नागरिक समाजका संगठनहरूले राजनीतिक र सामाजिक अन्तरक्रियालाई सहजीकरण गर्दछन् । विश्वव्यापीकरणको

---

♥ उपसचिव, गृह मन्त्रालय ।

१. An Introduction Governance, Good Governance and the proces of Engendering Economic governance, United Nations funds for Women (UNIFEM) http://www1.aucegypt.edu/src/engendering/ good_governance.html

आगमन र अर्थतन्त्रहरूको एकीकरणले उदयीमान बजारका अवसरहरूबाट फाइदा प्राप्त गर्ने र सुरक्षित तथा स्थिर सामाजिक आर्थिक वातावरण प्रदानबीच कामबीच सन्तुलन पत्ता लगाउने कार्यहरू पनि राज्यको जिम्मेवारी अन्तर्गत पर्दछ ।

सुशासन नयाँ अवधारणा होइन, सन् १९८० को दशकको अन्ततिर विश्वबैंकद्वारा सञ्चालित संरचनात्मक समायोजन कार्यक्रमको कार्यान्वयनबाट समेत सबसहारान अफ्रिकन देशहरूमा सुधार कार्यक्रमले सही दिशा लिन नसकेपछि संस्थाहरूमा रहेको त्रुटीका कारण नै शासन अगाडि बढ्न नसेको हो भन्ने निष्कर्ष निकालियो । सार्वजनिक क्षेत्रलाई प्रभावकारी बनाउन शुरुवात गरिएको यो अवधारणा तत्पश्चात् सहायता शर्तको रुपमा विकास हुँदै आयो । विश्व बैकका तत्कालीन अध्यक्ष Conable ले प्रभावकारी सार्वजनिक क्षेत्र, विश्वासयोग्य न्यायप्रणाली तथा जनताप्रति उत्तरदायी प्रशासकीय व्यवस्थाको उचित संयोजनलाई सुशासनका रुपमा अगाडि सारेका थिए । प्रारम्भमा सार्वजनिक क्षेत्रको व्यवस्थापन, उत्तरदायित्व, पारदर्शिता तथा कानूनको शासन जस्ता विषयलाई सुशासनका आधारस्तम्भको रुपमा लिइएको थियो भने सन् १९९० को दशकदेखि भने सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने स्वतन्त्रता जस्ता विषयहरू समेत समेटिन पुगेका छन् ।[२]

संयुक्त राष्ट्रसंघका पूर्व महासचिव कोफि अन्नानले भने सुशासनलाई गरिबी निवारण र विकास प्रबर्द्धनका लागि सम्भवत: एकल महत्वपूर्ण कारक तत्व हो भनेका छन् ।[३] नेपालका पूर्वमन्त्री डा. देवेन्द्रराज पाण्डेले सुशासन अधिकारको न्यायोचित प्रयोग बाहेक अरु केही होइन भनी उल्लेख गर्नु भएको छ ।[४] यसलाई थप स्पष्ट पार्दै पाण्डेले समस्या र द्वन्द्व समाधान गर्ने प्रभावकारी संयन्त्रको उपलब्धता सुशासनको आवश्यक तत्व हो भन्नु भएको छ । राज्यको चरित्र, सार्वजनिक नीतिको छनौट र सार्वजनिक पदाधिकारीको व्यवहारमा शासनको न्यायपूर्णता वा उपयुक्ततता प्रतिविम्वित हुने कुराले नै सुशासन सुनिश्चित हुन सक्छ भन्ने उहाँको धारणा रहेको छ ।

उपरोक्त परिभाषाहरूलाई हेर्दा मुलुकको सार्वजनिक मामला व्यवस्थापनमा राजनीतिक, आर्थिक र प्रशासनिक अधिकारको प्रयोग गर्नुलाई शासन भनिन्छ । यस अन्तर्गत संयन्त्रहरू, प्रक्रियाहरू, सम्बन्धहरू र संस्थाहरू पर्दछन्, जसबाट नागरिक र समूहहरू उनीहरूका हित अभिव्यक्त गर्दछन्, अधिकार प्रयोग र दायित्व निर्वाह र फरकताहरू मध्यतता गर्दछन् । शासनमा राज्यका पात्रहरू मात्र समावेश हुँदैनन्, त्यहाँ

२. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन,२०७०, पृ. २५४

३. Vries, Michiel dec The Challenge of Good Governance, The Innovation Journal: The Public Sector Innovation Journal, 18(1), 2013, article 2, P. 3,

४. संविधानसभा,राज्यको शासकीय रुवरुप निर्धारण समिति अवधारणापत्र एवम् व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन पृ. ९५, संविधानसधा राज्यको शासकीय स्वरुप निर्धारण समिति सिंहदरबार, काठमाडौं, नेपाल

अन्य पात्रहरू र उनीहरूबीचको अन्तरक्रिया पनि समावेश हुन्छ । नागरिक समाजका संगठनहरू, गैरसरकारी संगठनहरू, स्थानीय निकाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय र सरकारले शासनमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । सरकारले शासनका अन्य पात्रहरूसँग मिलेर नीतिहरू तर्जुमा र कार्यान्वयन गर्दछन् । सबै पात्रहरूलाई समन्वित रुपमा ल्याएर उठेका विषयहरूलाई साझा ध्येय निर्माणकासाथ सम्बोधन गर्न सरकारको महत्वपूर्ण भूमिका हुन्छ । सार्वजनिक शासनको संस्थागत संयन्त्रले सरकार सञ्चालनको तरीकालाई आकार दिने गर्दछ ।

## २. सुशासनको सैद्धान्तिक पक्ष

शासनको अवधारणा संस्थागत/संवैधानिक अर्थशास्त्र, नयाँ संस्थावाद, राजनीतिक र संगठनको आर्थिक सिद्धान्त र व्यवहारिक विज्ञानमा विकास भएको हो । सन् १९९० को दशकको मध्यदेखि उदारवादी अवधारणाको प्रयोग सम्बन्धमा विकासोन्मुख मुलुकहरूमा बजारबाट सामाजिक क्षेत्रमा पर्याप्त सहयोग नहुने, लगानीका लागि पूँजी बजारको विकास भइसकेको नहुने, अर्थतन्त्र बाह्य कारक तत्वहरूबाट अत्यधिक प्रभावित हुने (जस्तै तेल तथा अन्यबाट) जस्ता सीमितताहरू विद्यमान रहने हुँदा आम जनता खासगरी सीमान्तीकृत र सङ्कटासन्न वर्गलाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गर्नका लागि सरकारले आफ्नो परम्परागत भूमिका पूर्णरुपमा छोड्न नसक्ने विषय अगाडि आयो । संयुक्त राष्ट्रसंघ र अन्य द्विपक्षीय र बहुपक्षीय संस्थाहरूले आर्थिक सामाजिक रुपमा पछाडी परेका वर्ग र समुदायलाई शासन व्यवस्थामा सहभागिताका लागि पैरवी गर्दै लगे जसले सुशासनका अवधारणामा पारदर्शिता, उत्तरदायित्व, विधिको शासन र सहभागिताका अतिरिक्त, समता, समानता, समावेशीता, सरोकारवाला संलग्नताका अतिरिक्त सदाचार, नैतिकता जस्ता अवधारणा पनि जोड दिइयो जसले सुशासनको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न मार्गदर्शन गर्दछन् । यसरी हेर्दा सुशासन विकसित भइरहेको अवधारणा हो । यस अवधारणाको शुरुवातमा मूलतः चारवटा सिद्धान्त थिए । समयक्रममा यसका थप सिद्धान्तहरू प्रतिपादन भए । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले तयार गरेको एवम् विश्वव्यापी रुपमा पनि मान्यता पाएका सिद्धान्तहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## तालिका १
## सुशासनका सिद्धान्त[५]

| सुशासनका पाँच सिद्धान्त | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र यससँग सम्बद्ध दस्तावेजकामा उल्लेखित सुशासनका विशेषता |
|---|---|
| वैधानिकता र सहभागिता | सहभागिताः सबै महिला र पुरुष प्रत्यक्ष वा वैधानिक मध्यस्त संस्थामार्फत् निर्णय निर्माणमा सहभागी हुन पाउनुपर्छ जसमा उनीहरूको आवश्यकताको प्रतिनिधित्व हुन्छ। यस प्रकारको व्यापक सहभागिताले संगठन गर्ने र बोल्ने स्वतन्त्रताका साथसाथै निर्माणात्मक रुपमा सहभागी हुने स्वतन्त्रता पनि दिलाउछ। <br> सहमति उन्मुखताः सुशासनले फरक फरक स्वार्थको मध्यस्त गरी समूहको लागि के नीति र कार्यविधि उपयुक्त हुन सक्छ त्यसमा सहमतिमा पुग्न मद्दत गर्दछ। |
| निर्देशन | रणनीतिक उन्मुखताः विकास, सुशासन र मानव विकासका लागि के आवश्यक छ भन्ने सम्बन्धमा नेताहरू, र जनतामा फराकिलो र दिर्घकालीन परिप्रेक्ष्य हुनुपर्छ। यसमा यी परिप्रेक्ष्यसँग जोडिएका ऐतिहासिक, साँस्कृतिक र सामाजिक जटिलताहरूको बुझाई पनि हुनुपर्छ। |
| कार्यसम्पादन | जिम्मेवारीपनाः संस्था र प्रक्रियाहरूले सबै सरोकारवालाहरूलाई सेवा गर्ने प्रयास गर्नुपर्छ । <br> प्रभावकारिता र कार्यकुशलताः संस्था र प्रक्रियाहरूले स्रोतको महत्तम परिचालन गरी आवश्यकता पूरा गर्ने नतिजा हासिल गर्नुपर्छ। |
| उत्तरदायित्व | उत्तरदायित्वः सरकार, निजी क्षेत्र र नागरिक समाजका संगठनका निर्णयकर्ताहरू जनताका साथसाथै संस्थागत सरोकारवालाहरूप्रति उत्तरदायी हुनुपर्छ। यी उत्तरदायित्वहरू संगठनहरूको भिन्नता र आन्तरिक वा बाह्य निर्णयमा भर पर्दछन्। <br> पारदर्शिताः सूचनाको स्वतन्त्र प्रवाहमार्फत् पारदर्शिता निर्माण गर्न सकिन्छ। प्रक्रिया, संस्था र सूचनाहरू सरोकारवालाहरूका लागि पहुँचयोग्य हुनुपर्छ। |

५. Principle for God Governance in 21th century, Policy briefs No. 15: Institute on Governance, Ottawa, Canada)

| | |
|---|---|
| स्वच्छपना | समताः सबै पुरुष र महिलालाई तिनीहरूको आफ्नो राम्रो जीवनस्तर कायम गर्ने अवसर हुनुपर्छ । कानूनको शासनः कानूनी ढाँचा स्वच्छ हुनैपर्छ र त्यसलाई लागू पनि निष्पक्षतापूर्वक गर्नु पर्दछ । |

यस प्रकार सुशासनको अवधारणा सम्बन्धमा विभिन्न सैद्धान्तिक एवम् व्यवहारिक पक्षहरू रहेको पाइन्छ । शुरुवातमा विकासका साझेदारद्वारा सहायता प्रदान गर्ने सर्तको रुपमा आएको यो नीतिगत अवधारणा आज विश्वका अति विकसित मुलुकदेखि अल्प विकसित मुलुक, संयुक्त राष्ट्रसंघीय निकायदेखि गैरसरकारी संस्था, केन्द्रीय सरकारदेखि स्थानीय सरकार अनि विधिको शासनदेखि दिगो मानव विकाससम्मका अवधारणा सहित राष्ट्रसंघद्वारा घोषित सहश्राव्दी घोषणाका लक्ष्य हासिल गर्न महत्वपूर्ण तत्वको रुपमा रहेको छ । यसका साथै सार्वजनिक क्षेत्रमा सुशासन कायम गर्नका लागि समेत विभिन्न व्यवहारिक मान्यता र सिद्धान्त विकास भएका छन् जसलाई निम्नानुसार चित्रमा प्रस्तुत गर्न सकिन्छ ।

## तालिका २
## सार्वजनिक क्षेत्रमा सुशासन कायम गर्नका लागि आवश्यक सिद्धान्तहरू[६]




६. Good Governance in the Public Sector- Consultation Draft for an International Framework 2013, The Chartered Institute of Public Finance and Accountability

माथि चित्रमा प्रस्तुत गरिए अनुरुप सार्वजनिक क्षेत्रका सुशासनका सिद्धान्तहरूलाई विश्लेषण गर्दा देहाय बमोजिम निष्कर्ष निकाल्न सकिन्छ ।

१) सार्वजनिक क्षेत्रमा सुशासनको कार्य भनेको निकायहरूले सबै समय सार्वजनिक हितका लागि कार्य गर्दछन् भन्ने कुरा सनिश्चित गर्नु हो ।

२) सार्वजनिक हितमा काम गर्नका लागि सदाचार, नैतिक मूल्यहरू र विधिको शासनका साथसाथै खुलापना र बृहद् जनसंलग्नता आवश्यक पर्दछ ।

३) सार्वजनिक क्षेत्रमा सार्वजनिक हितमा कार्य गर्नका लागि माथि उल्लेखित कुराका अतिरिक्त निम्न कुराहरू आवश्यक पर्दछः

- दिगो आर्थिक, सामाजिक र वातावरणीय लाभको रुपमा प्रतिफल परिभाषित गर्नुपर्छ
- अपेक्षित प्रतिफल प्राप्तिलाई महत्तम बनाउन आवश्यक हस्तक्षेप निर्धारण गर्नुपर्छ,
- निकायहरू र यस भित्र कार्यरत नेतृत्व लगायत जनशक्तिको क्षमता विकास गर्नुपर्दछ,
- प्रभावकारी आन्तरिक नियन्त्रण र सबल सार्वजनिक वित्तीय व्यवस्थापनमार्फत् जोखिम र कार्यसम्पादन व्यवस्थापन गर्नुपर्दछ,
- उत्तम अभ्यासहरू पारदर्शितापूर्वक कार्यान्वयन गर्नुपर्दछ र उत्तरदायित्वको सुनिश्चितताका लागि प्रतिवेदन संयन्त्र व्यवस्था गर्नुपर्दछ ।

यस आधारमा हेर्दा सुशासनका सिद्धान्तको सैद्धान्तिक आधार नवउदार दृष्टिकोण (विवेकशील छनौटको सिद्धान्त, समाजशास्त्रीय विचार (नयाँ संस्थावाद) प्रतिरोध र नागरिक समाजका धारणाहरू (नागरिकहरू र विश्वव्यापी नागरिक समाजका संगठनहरू जस्तै एमनेष्टी इन्टरनेशनल, ग्रीनपीस) बाट नयाँ शासनको अवधारणा (प्रणाली सिद्धान्त) विकसित भएको हो । खासगरी नयाँ शासनको अवधारणाले शासनले बजार, सञ्जाल र गैरराज्यका पात्रहरूको भूमिका अगाडि बढाएको देखिन्छ जुन सुशासन कायम गर्न व्यहारिक रुपमा नै महत्वपूर्ण सिद्ध भएको छ ।[७]

## ३. सुशासन सम्बन्धी कानूनी व्यवस्था

नेपालमा संबैधानिक विकासका प्रयाससँगै विभिन्न रुपमा सुशासन प्रबर्द्धनका संवैधानिक व्यवस्था गरिएको थियो । नेपालमा सुशासन कायम गरी आम जनताको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउने उदेश्य सहित नेपालको अन्तरिम संविधान २०६३ र अन्य कानूनहरूमा यो अवधारणालाई समावेश गरिएको छ, जसलाई देहाय

७. Sharina Elena, *Government and Governance Traditional and Novel Research Agenda,* Meiji University, Graduate School of Governance Studies

बमोजिम उल्लेख गर्न सकिन्छः

१) नेपालको अन्तरिम संविधान २०६३: यस संविधानले पारदर्शिता, सहभागिता, उत्तरदायित्व, जबाफदेहिता, विधिको शासन, लैंगिक संवेदनशीलता सहितको शासन र मानव अधिकारको उपयोग गर्ने अवसरको प्राप्तिलाई सुशासनको प्रमुख आधारको रुपमा अंगिकार गरी सुशासन प्रबर्द्धन गर्ने प्रयास गरेको छ। यसका अतिरिक्त संविधानमा सुशासनका अन्य अनिवार्य तत्वहरूलाई समेत महत्वकासाथ समावेश गरिएको छ। केही प्रमुख व्यवस्थाहरूमा अविभेदको सिद्धान्त, स्वच्छ प्रतिनिधित्व र समावेशीता, आधारभूत मानव अधिकारको संरक्षण, उत्तरदायिन्व र शक्ति नियन्त्रणको सिद्धान्तको अवलम्वन रहेका छन्। अन्तरिम संविधानले प्रगतिशील राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन र राज्यको अग्रगामी पुर्नसंरचना गर्ने विषयलाई समेत निर्देशक सिद्धान्तमा व्यवस्था गरेको छ। शासन व्यवस्थामा अनुशासन कायम राख्न न्यायालयलाई स्वतन्त्र र सक्षम बनाउने परिकल्पना गरिएको छ र कानूनको शासन गराउन न्यायालयलाई असाधारण अधिकार प्रदान गरिएको छ।

२) भ्रष्टाचार निवारण ऐन २०५९: सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितका निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने उदेश्यले यो ऐन जारी भई कार्यान्वयनको क्रममा रहेको छ। ऐनमा भएका भ्रष्टाचार र अनुचित कार्यको नियन्त्रण र कारवाहीसम्बन्धी व्यवस्थाबाट सुशासन कायम गर्ने कार्यमा मद्दत पुग्न सक्ने देखिन्छ।

३) सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४: यस ऐनको प्रस्तावनामा सार्वजनिक प्रशासनलाई जनमुखी, उत्तरदायी, पारदर्शी, समावेशी र जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधरणलाई उपलब्ध गराउने उद्देश्य राखिएको छ। कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र सोको कुशल व्यवस्थापन जस्ता सुशासनका मूल्यहरू उल्लेख गरिएको छ। यो ऐनले नागरिकको अधिकार परिपालनामा सुशासनका मूल्यहरूलाई मान्यता दिएको छ। शासकीय सुधारलाई व्यवस्थित गर्न आएको यस ऐनमा सार्वजनिक सेबालाई पारदर्शी बनाउन सार्वजनिक लेखापरीक्षण, गुनासो व्यवस्थापन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरू समेत सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

४) सूचनाको हकसम्बन्धी ऐन २०६४: यस ऐनले सरकारको काम खुला र पारदर्शी बनाउँदै सरकारी तथा सार्वजनिक निकायहरूलाई नागरिकप्रति जिम्मेवार बनाउनु र सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँच सजिलोसँग पुऱ्याउँदै नागरिकको सुसूचीत हुने अधिकार संरक्षण गर्नुलाई प्रमुख उदेश्यको रुपमा लिएको छ।

५) सुशासन कार्ययोजना २०६८: सुशासन कार्ययोजना मा सरकारले धेरै नयाँ पहलहरू लिएको छ। ती मध्ये केही उल्लेखनीय विशेषतालाई निम्नानुसार प्रस्तुत गरिएको छ:
   क) जिल्ला सदरमुकामबाट टाढाका स्थानमा एकीकृत सेवा केन्द्रको स्थापनाको प्रस्ताव,
   ख) निजामती कर्मचारीहरूको आचारसंहिताको कार्यान्वयन,
   ग) जनताका गुनासा व्यवस्थापन गर्नका लागि कम्प्यूटर सञ्जाल निर्माण गर्ने,
   घ) क्षतिपूर्ति सहितको नागरिक बडापत्रको प्रावधान,
   ङ) एक महिनाभित्र भ्रष्टाचार विरुद्धको उजूरीको अनुसन्धान,

यसका अतिरिक्त आवधिक योजना र वार्षिक बजेटमार्फत् समेत सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयलाई प्राथमिकताका दिइएको पाइन्छ। महालेखापरीक्षकबाट हुने लेखापरीक्षण र सुधारका लागि प्रदान गरिने पृष्ठपोषण, योग्यता, दक्षता र क्षमताको कसीमा उत्तीर्ण भएकालाई मात्र राज्य सञ्चालनको जिम्मेवारी दिने व्यवस्थाको कार्यान्वयनका लागि स्थापित लोक सेवा आयोगको व्यवस्था, स्वच्छ र निष्पक्ष रुपमा आफ्ना प्रतिनिधि चयन गर्नका लागि निर्वाचन आयोगको व्यवस्था र राष्ट्रिय सतर्कता केन्द्र लगायतका थुप्रै नियामक निकायहरू समेत सुशासन कायम गर्न क्रियाशील रहेका छन्। यी सबै विषयलाई विश्लेषण गर्दा नेपालमा सुशासनका लागि पर्याप्त कानूनी, संस्थागत र प्रशासकीय संयन्त्र र पूर्वाधार तयार गरिएका छन्। तर शासन व्यवस्थालाई असल नै बनाउने विषय अझ टाढा नै रहेको छ कि यसमा थुप्रै समस्या, चुनौती कमजोरी, र न्यूनता कायम रहेका छन्।

## ४. अन्तर्राष्ट्रिय दस्तावेजमा सुशासन सम्बन्धी व्यवस्था

विश्व बैकद्वारा सन् १९८९ मा सवसहारन अफ्रिकाका सम्बन्धमा प्रकाशित From crisis to Sustainable Growth नामक प्रतिवेदनले संस्थागत व्यवस्था कमजोर हुँदा सुधार कार्यक्रम प्रभावकारी हुन नसकेको भन्ने विषय उठान गरेपश्चात् अन्तर्राष्ट्रिय विकास साहित्य, प्रशासन, व्यवस्थापन, मानव अधिकार, वातावरण संरक्षण र दिगो विकाससम्मका दस्तावेजहरूमा यो विषयले प्राथमिकता पाउँदै आएको छ। केही प्रमुख दस्तावेजमा व्यवस्थाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ:

क) विश्व बैक "शासन र विकास" प्रतिवेदन (१९९२) बैकका क्रियाकलापमा यो अवधारणाको प्रयोगलाई व्यापकता दिइयो। विकासशील एवम् विकासोन्मुख देशमा सहायता प्रवाह गर्दा ती मुलुकमा शासन व्यवस्थामा लोकतान्त्रिक पद्धतिमार्फत् प्रतिनिधिहरूको चयन, व्यक्तिगत स्वतन्त्रता, राज्यका कामकारवाही पारदर्शी र जबाफदेही हुनुका अतिरिक्त मानव अधिकार र कानूनको शासनको

सम्मान भएको अवस्था विद्यमान हुनुपर्ने विषय यो प्रतिवेदनमा उल्लेख गरिएको छ ।[८]

ख) संयुक्त राष्ट्रसंघीय मानव अधिकारको उच्चायुक्तको कार्यालयको प्रतिवेदन : यस प्रतिवेदनले पारदर्शिता, जिम्मेवारी, उत्तरदायित्व र जिम्मेवारीपना कायम गर्नुपर्ने जस्ता सुशासनका चारवटा विशेषतालाई उल्लेख गरेको छ ।[९]

ग) राष्ट्रसंघीय प्रस्ताव २०००।६४ सबल वातावरणसँग सुशासनको सम्बन्धलाई देखिने गरी अभिव्यक्त गरेको छ । यसले मानव अधिकार उपभोगको प्रबर्द्धन र वृद्धि र दिगो विकास प्रबर्द्धनमा समेत जोड दिएको छ । यो प्रस्तावले विकास र सुशासनका लागि अधिकारमा आधारित संरचना स्थापनाको प्रतिनिधित्व मात्र छैन विकासको अधिकार प्राप्तिको संयन्त्रको पनि प्रतिनिधित्व गरेको छ ।

घ) संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक परिषदको सार्वजनिक प्रशासनका विशेषज्ञ समितिको "संयुक्त राष्ट्रसंघीय सहश्राव्दी घोषणा कार्यान्वयनमा सार्वजनिक प्रशासन र सुशासनः संस्थागत क्षमता विकास" नामक महत्वपूर्ण प्रतिवेदन (२००२) उक्त प्रतिवेदनमा लोकतन्त्रका लागि सुशासन आवश्यक छ, जुन समावेशी सहभागिता, पारदर्शिता, उत्तरदायित्व र कानूनको शासनमा निर्भर गर्दछ भन्ने उल्लेख भएको पाइन्छ । यसले संरचनाको रुपमा शासनले केवल राजनीतिक अधिकारलाई मात्र जनाउँदैन, मुलुकको सबै तहको व्यवस्थापनमा आवश्यक आर्थिक र प्रशासनिक अधिकारलाई पनि जनाउंछ भन्ने मात्र उल्लेख छैन कि शासनको अवधारणा केवल राज्यका संयन्त्रमा मात्र सीमित छैन, निजी क्षेत्र र नागरिक समाजका संस्थासँग पनि सम्बन्धित छ भन्ने विषय पनि उजागर गरिदियो ।[१०] लोकतन्त्र र सुशासनबीच व्यवहारिक सम्बन्ध स्थापित गरेको छ । अतः यी दुईबीच एकअर्कामा परस्पर अन्तरनिर्भरता आवश्यक छ ।

ङ) New Delhi Declaration of Principle of International of Law Relating to Sustainable Development : यस घोषणापत्रले प्रगतिशील विकास र दिगो विकाससँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको संहिताकरणका लागि सुशासनको सिद्धान्त आधारभूत छ भन्ने कुरा उल्लेख गरेको छ ।[११]

च) यूरोपियन आयोगको यूरोपियन शासन नामक श्वेतपत्रः उक्त श्वेतपत्रले पहिचान

८. World Bank, *Governance and Development* ,Washington: World Bank, 1992.

९. *United Nations Millennium Declaratoin*, GA Res. 55/9, UN GAOR, 2000, ch. III [*Millennium Declaratoin*], online: OHCHR <http://www.ohchr.org/english/law/millennium.htm

१०. *United Nations Millennium Declaratoin*, GA Res. 55/9, UN GAOR, 2000, ch. III [*Millennium Declaratoin*], online: OHCHR <http://www.ohchr.org/english/law/millennium.htm

११. International Law Association (ILA) Resolution 3/2002: "New Delhi Declaratoin of Principles of International Law Relating To Sustainable Development" in ILA, *Report of the Seventieth Conference*, New Delhi (London: ILA, 2002), available online: ILA <http://www.ila-hq.org>.

गरेका पांचवटा सिद्धान्त निम्नानुसार छन्[१२]

- खुलापनः निकायको निर्णयमा सर्वसाधारणको पहुंचयोग्यता सहज बनाउने सञ्चार नीतिहरूको सुदृढीकरण र उदारीकरण गर्ने ।
- सहभागिताः निकायका नीति तर्जुमा र कार्यान्वयनमा व्यापक सहभागिताले साधारणतया नीतिको प्रभावकारिता र स्वीकारयोग्यता बढाउछ ।
- उत्तरदायित्वः विधायिकी र न्यायिक भूमिका स्पष्ट पार्नुपर्दछ जसले कुनै खास निकाय कुन क्षेत्रमा निर्णयका लागि जिम्मेवार छ भन्ने जानकारी हुन्छ ।
- प्रभावकारिताः नीति तय गरिएको समयसीमाभित्र र कार्यढाँचामा उल्लेखित उदेश्य अनुरुप कार्यान्वयन गर्नुपर्दछ । यसमा दिगोपना, प्रभाव लेखाजोखा र उपलब्ध भएसम्म सिकिएको पाठ पनि समावेश गर्नुपर्छ ।
- सुसंगत नीतिहरू प्रयोगकर्ता मैत्री तवरबाट तर्जुमा गर्नुपर्छ । यो खासगरी राज्यका नीतिहरूको विकसित अवस्थामा र निर्णय निर्माण कार्यढांचाको जटिलतामा वृद्धिको अवस्थामा अति नै महत्व छ ।

छ) जोहानेशबर्ग कार्ययोजनाः यसले दिगो विकासका लागि राष्ट्र राज्यले निरन्तर रुपमा राष्ट्रिय स्तरमा सुसंगत र समन्वयात्मक शैली प्रबर्द्धन गर्नुपर्छ । नीति निर्माण, समन्वय तथा कानूनको कार्यान्वयनका लागि विद्यमान अधिकारीहरू र संयन्त्रलाई सुदृढीकरण गनूपर्छ । राष्ट्रिय स्तरमा दिगो विकासका लागि यसलाई सहयोग पुग्ने गरी स्पष्ट र प्रभावकारी कानूनको तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ । सरकारी संस्थाहरूको सुदृढीकरण गर्नुपर्दछ । सोको लागि आवश्यक पूर्वाधारहरूको प्रावधान र प्रशासकीय संस्थाहरूमा पारदर्शिता, उत्तरदायित्व र स्वच्छता प्रबर्द्धन गर्नुपर्दछ ।[१३]

ज) Ulaanbaatar Declaratoinः यसले न्यायपूर्ण, समतामूलक, स्थिर र सुरक्षित समाज सिर्जना गर्न लोकतन्त्र, मानव अधिकार र सुशासन एवम् विकासका लागि महत्वपूर्ण छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।[१४] त्यसैगरी संयुक्त राष्ट्रसंघको सहस्राब्दी घोषणा, २००० Monterrey Conference of 2002 र United Nations' 2005 World Summit समेतमा यो विषय समेटिएको छ ।

---

१२. Johannesburg Plan of Implementation, Report of the World Summit on Sustainable Development, Johannesburg, South Africa, 4 September 2002,

१३. Commission of the European Communities, European Governance: A White Paper, Brussels, 25.7.2001 COM (2001) 428,online:EUROPA<http://europa.eu.int/comm/governance/white_paper/en.pdf

१४. *Ulaanbaatar Declaratoin*, The Fifth International Conference of New or Restored Democracies, 10-12 September 2003,*Democracy, Good Governance and Civil Society*, 58th Sess., UN Doc. A/58/387 (2003)

## ५. न्यायिक दृष्टिकोण

स्वतन्त्र न्यायपालिकाले कानूनको शासन, पारदर्शिता र उत्तरदायित्व प्रबर्द्धनद्वारा मुलुकमा लोकतान्त्रिकलाई संस्थागत गर्न पनि महत्वपूर्ण भूमिका खेल्दछ। न्यायालयले भ्रष्टाचार, शक्ति र अधिकारको दुरुपयोग एवम् विकास र शासनका धेरै मुद्दाहरू व्यवस्थापन गरिसकेको छ जसले सुशासनको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न मद्दत गरेको छ।[१५]

नेपालको न्यायपालिकाले वातावरण संरक्षणको क्षेत्रमा पनि ठूलो योगदान गरेको छ जुन अन्तरपुस्ता समन्याय कायम गर्ने विषयमा महत्वपूर्ण छ। व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणको अधिकार हुने, वातावरण संरक्षणको विषय सार्वजनिक सरोकारको विषय हुने, वातावरण संरक्षण र विकासबीच अन्तरसम्बन्ध र अन्तरनिर्भरता हुने वातावरण प्रदूषण गर्नेले हर्जाना तिर्नुपर्ने समेतका न्यायिक सिद्धान्तहरूले जनताको मौलिक अधिकारको संरक्षण गरी सुशासन स्थापनामा योगदान गरेको छ।[१६] यसैगरी नेपालको न्यायिक अभ्यासमा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत कानूनी अधिकारको प्रश्न समावेश भएको ध्रुवबहादुर कार्की विरुद्ध हिमाल सिमेन्ट कम्पनी (फैसला मिति २०५८।१०।०४) भएको मुद्दामा सर्वोच्च अदालत पूर्ण इजलासले हिमाल सिमेन्ट कम्पनीले उत्पादन गरेको कमसल गुणस्तरको सिमेन्टले घर ढलान गरेकोका केही दिनमै भत्केको कारण क्षतिपूर्तिको दावी भएकोमा कमसल गुणस्तरको वस्तु आपूर्ति र बिक्री वितरण गर्ने कम्पनीले दावीकर्तालाई क्षतिपूर्ति तिर्नुपर्ने ठहर गरेको पाइन्छ। त्यस्तै प्रकाशमणि शर्मा विरुद्ध खानेपानी संस्थान समेत (२०४७ सालको रिट नं २२३७, आदेश मिति २०५७।०३।२६) भएको मुद्दामा शुद्ध, सफा र स्वस्थकर पानी उपलब्ध गराउनुपर्ने दायित्वबाट राज्य बञ्चित हुन मिल्दैन भन्ने निर्णय भएको पाइन्छ।[१७]

यसैगरी भूमिसम्बन्धी ऐन २०२१ को चौथो संशाधनले मोहियानी हक लागेको जग्गामा जग्गाधनीले विना क्षतिपूर्ति मोहीलाई आधा जग्गा दिनुपर्ने कानूनी व्यवस्था संविधानद्वारा प्रत्याभूत सम्पत्ति सम्बन्धी अधिकारको विपरीत भएकोले बदर गरीपाउं भनी परेको मिथिलेश कुमार सिंह विरुद्ध प्रधानमन्त्री समेत भएको रिट निवेदनमा सर्वोच्च अदालतले भूमि सम्बन्धी ऐनको चौथो संशोधन सम्पत्ति सम्बन्धी हकको विरुद्ध नहुने निर्देशक सिद्धान्त वा नीतिको कार्यान्वयनका लागि राज्यले कानून बनाउन सक्ने नै हुँदा सम्पत्ति सम्बन्धी अधिकार जग्गा धनी र मोहीले कानूनद्वारा सँगसँगै उपभोग गर्न पाउने र सामाजिक न्यायका दृष्टिले उचित नै भएको ठहर गऱ्यो।[१८] प्रचलित कानूनको

---

१५. अकुत सम्पत्ति आर्जनसँग सम्बन्धित मुद्दामा सर्वोच्च अदालतले गरेको व्याख्यालाई यसको उदाहरणको रुपमा लिन सकिन्छ

१६. संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन २०६६ पृ. २६३

१७. संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन २०६६ पृ. ३७१

१८. ने.का.प २०५६, अंक ४१ पृ. ४७८

अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र अन्य कारोबार गर्ने हक हुने भन्ने व्यवस्थाको व्याख्या गरी कानूनमा आधारित मौलिक हकको व्यवस्थाबाट विधायिकालाई कानून बनाउन पाउने अख्तियारी रहेको हुँदा सामाजिक न्यायका लागि बनेको उक्त कानून संविधान विपरीत नभएको व्याख्या भएको पाइन्छ ।[१९]

पछिल्लो पटक सम्मानित सर्वोच्च अदालतले स्थानीय निकायमा जनप्रतिनिधिविहीनताको लामो श्रृङ्खलाको अन्तका लागि जारी गरेको निर्देशनात्मक आदेशमा उल्लेख भएको न्यायिक दृष्टिकोणलाई समेत सुशासनका सम्बन्धमा महत्वपूर्ण मान्न सकिन्छ । जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट अख्तियार प्राप्त माधवप्रसाद पौडेल समेत विरुद्ध सम्माननीय प्रधानमन्त्री समेत[२०] उपरको आदेशमा "लामो अवधिसम्म स्थानीय निकायमा जनप्रतिनिधिको निर्वाचन हुन नसक्दा संविधानको धारा १३९(१) को कार्यान्वयन हुन नसकेको, राज्यका तर्फबाट ती निकायमार्फत जनताले पाउने सेवा सुविधाहरू र विकास निर्माणका कामकारवाही प्रभावित भएका, जनताले आफ्नो प्रतिनिधि छनौट गर्न पाउने अधिकारको प्रयोग गर्न नपाएका, लोकतन्त्र र स्थानीय स्वायत्त शासनमा नकारात्मक असर परेको तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ समेतका कानूनको कार्यान्वयनमा समस्याहरू देखा परेको अवस्थालाई विचार गरी उपयुक्त र आवश्यक प्रबन्ध मिलाई यो विषयलाई प्राथमिकता दिई यथासमयमा स्थानीय निकायको निर्वाचन गर्न गराउन विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरिदिइएको छ" भन्ने उल्लेख भएको पाइन्छ ।

यसमा अतिरिक्त न्यायालयले मुलुकमा कानूनको शासन कायम राख्न, शक्ति र अधिकारको स्वेच्छाचारी प्रयोग हुन नदिन, कानूनको अगाडि समानता र समान संरक्षण कायम गर्न, शासनमा जनताको सहभागिता र निगरानी कायम गर्न, शासन व्यवस्थामा उत्तरदायित्व प्रबर्द्धन गर्न, पारदर्शिता कायम गर्न महत्वपूर्ण निर्देशन गरेको छ । विशेषतः शासन पद्धतिको मूलधारमा आउन नसकेका वर्ग र समुदायको हकहितको संरक्षण र परिचालन गर्न गराउन न्यायपालिकाले निर्वाह गरेको भूमिकाले मुलुकमा सुशासनको स्थापना गर्न आधार प्रदान गरेको अवस्था छ ।

समग्रमा, नेपालको न्यायपालिकाबाट वातावरण र विकासबीचको अन्तरनिर्भरता, गुणस्तरीय वस्तु तथा सेवाको प्रवाह, सामाजिक न्याय कायम गर्ने मौलिक अधिकारका विषयदेखि स्थानीय सुशासन कायम गर्ने विषय समेतमा महत्वपूर्ण सिद्धान्तको प्रतिपादन र आवश्यक आदेश जारी गरेको पाइन्छ । जुन आम जनतामा सुशासन अनूभूति गराउने कार्यमा अत्यन्त महत्व राख्ने विषय हुन् ।

---

१९. संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन २०६६ पृ. २४१

२०. रिट नं. २०६८-**WO**-०७८६,फैसला मिति २०६९।०७।२२

## ६. नेपालमा सुशासनको प्रयोगको स्थिति

प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सन् १९९० को दशकमा शासन व्यवस्था र सेवा प्रवाह प्रणालीमा सुधारका पहलहरू लिइए । तत्कालीन समयमा विश्वव्यापी रुपमा आएका सुधारका अवधारणा समेतलाई समावेश गरी समग्र राज्य प्रणालीलाई व्यवस्थित गर्न प्रशासन सुधार आयोग गठन गरियो । यससँगै शासन व्यवस्थामा पारदर्शिता, जबाफदेहिता र सहभागिता केन्द्रित सुधार सघन रुपमा अगाडि बढ्यो, जसलाई सुशासनको अवधारणको वास्तविक प्रयोगको शुरुवातको बिन्दु मान्न सकिन्छ ।

नेपालमा सुशासनको अवधारणाको व्यवहारिक अवलम्बन प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८ सिफारिश पश्चात् भएको मान्न सकिन्छ यस प्रतिवेदनले शासन पद्धतिमा सुधारका लागि महत्वपूर्ण उपायहरू सुझाएको थियो । यसका प्रमुख सिफारिशहरूमा विकेन्द्रीकरण, पारदर्शिता, उत्तरदायित्व, निजामती सेवामा सुधार र प्रशासनको पुनर्सरचना, सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, विकास प्रशासनमा सुधार र प्रशासनमा दक्षता, प्रभावकारिता र दूरदर्शिता ल्याउने रहेका थिए । यस आयोगका सिफारिशहरू सुशासनलाई व्यवहारमा ल्याउन महत्वपूर्ण हुँदाहुँदै पनि वास्तविक रुपमा कार्यान्वयन हुन सकेनन् । तापनि यस प्रतिवेदनका सिफारसहरूको प्रभाव आजसम्म पनि परिरहेको छ ।

एशियाली विकास बैंकको सहयोगमा शुरु गरिएको शासकीय सुधार कार्यक्रमको मार्गचित्र सुशासनका सन्दर्भमा लिइएको अर्को महत्वपूर्ण पहल हो । यसले सुशासन कायम गर्नका लागि निम्नलिखित विषयमा जोड दिएको थियो:

क) समावेशी निजामती सेवाका लागि सकारात्मक कार्य,
ख) ल्याकतमा आधारित वृत्ति विकास,
ग) कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली,
घ) विकेन्द्रित निजामती सेवा ।

नेपालमा सुशासन कायम गर्नका लागि उपरोक्त दुई प्रमुख व्यवस्थाका अतिरिक्त प्रशासन पुर्नसंरचना आयोगका सिफारिश र सोको कार्यान्वयन, नेपाल पोर्टफोलियो पर्फमेन्स रिभ्यू, नागरिक बडापत्रदेखि स्थानीय स्तरका विकास व्यवस्थापनका कार्यमा सुशासन कायम गर्नका लागि प्रत्यर्थी जोखिम व्यवस्थापन कार्ययोजना, सहायता प्रभावकारिताका क्षेत्रमा विकास भएका अवधारणाको आत्मसात लगायतका व्यवस्था कार्यान्वयनमा रहेका छन् । यी प्रावधानहरूको कार्यान्वयनबाट हालसम्म नेपालको शासन व्यवस्थापनमा परेको प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । उपयुक्त प्रयासहरूले नेपालमा सुशासनका सन्दर्भमा मिश्रित परिणाम देखाएका पाइन्छ ।

सुशासनको अवधारणाले सार्वजनिक प्रशासनलाई विशिष्टीकरण गर्न र सञ्जालमा आधारित बनाउन मद्दत गरेको छ । यस अवधारणाले शासनका क्षेत्रमा

ल्याएका सम्भावनालाई संरचनात्मक, कार्यविधिगत र धारणात्मक गरी तीन तबरमा प्रस्तुत गर्न सकिन्छ ।

**१. संरचनात्मक**

यसले राज्य नियन्त्रित कर्मचारीतन्त्रीय प्रशासकीय व्यवस्थालाई बढी लचक, बजारमा आधारित प्रशासनतर्फ उन्मुख गराउन मद्दत गरेको छ ।

- महत्तम रुपमा अधिकारको विकेन्द्रीकरण को सोचको विकास,
- पदसोपानलाई समतल बनाउन मद्दत,
- कर्मचारीतन्त्रलाई छरितो बनाउन सहयोग,
- प्रशासनलाई बढी पारदर्शी बनाउने,
- Top Down प्रशासनिक निर्णय निर्माणलाई Bottom Up ढांचामा रुपान्तरण गर्न मद्दत गरेको छ, जसले निर्णय निर्माणमा स्थानीय जनताको सहभागिता अभिवृद्धि गर्न मद्दत गरेको छ ।

**२. कार्यविधिगत**

- Leasing Out /Contracting Out Service, सेवा प्रवाहमा गुणस्तरीयता र कार्य सम्पादन मापनको विभिन्न पद्धतिहरू अवलम्बन गर्न सकिन्छ ।

यसका अतिरिक्त सेवा प्रवाहका पहलहरू (Service Quality Initiatives-SQIs) जस्तैः सम्पूर्ण गुणस्तर व्यवस्थापन, Counter Services, नागरिक बडापत्र र अन्य विभिन्न उपायहरूको अवलम्बन गरिएका हुन् । स्तरीय सेवाका लागि सार्वजनिक प्रशासनमा यी लगायत अन्य थुप्रै उपाय अबलम्बन गरिएका छन् । नगर प्रशासनको प्रभावकारिताका लागि सम्पूर्ण गुणस्तर व्यवस्थापन उपयोगी सिद्ध भएको छ ।

**३. धारणात्मक**

सुशासनको अवधारणाले शासनको संरचनात्मक र कार्यविधिगत पक्षमा त सम्भावनाहरू ल्याएको छ नै यसभन्दा पनि महत्वपूर्ण प्रशासक र नागरिकको धारणा एवम् सोचमा नै परिवर्तन ल्याइदिएको छ । मनोवैज्ञानिक तहमा सुशासनको प्रभावलाई निम्नानुसार प्रभाव पारेको छः

- प्रशासकको साथसाथै नागरिकहरूको बुझाईमा परिवर्तन ल्याएको छ । पहिले नागरिकलाई सेवाका निष्क्रिय प्रापकको रुपमा हेरिने अवधारणामा परिवर्तन आएको छ, अहिले विकास कार्यक्रमको केन्द्रबिन्दुमा नागरिक रहने अवधारणा विकास भएको छ ।

- नागरिकको सेवा गर्नु नयाँ पुस्ताको सार्वजनिक प्रशासनको प्रमुख चासो रहेको छ ।
- सार्वजनिक र निजी क्षेत्रबीचको खाडल विस्तारै पुरिदै गएको छ । सुशासनको अवधारणाले सार्वजनिक, निजी र गैर सरकारी संस्थाहरूबीच अन्तरक्रिया, सहकार्य र साझेदारी निर्माण गर्न मद्दत पुगेको छ ।

उपरोक्त तथ्यहरूका आधारमा सुशासनको अवधारणाले प्रशासनलाई मितव्ययिता, दक्षता र प्रभावकारितातर्फ उन्मुख गराएको छ ।

उल्लेखित सम्भावनाहरू र उपलब्धि भए पनि सुशासनको अवधारणा समस्यारहित भने छैन । यस अवधारणाले पनि कार्यसम्पादनमा अपेक्षित रुपान्तरण ल्याउन सकेको छैन । कमजोर शासन नै सुशासनको प्रमुख समस्या हो र यो अन्य धेरै समस्याको स्रोत पनि हो । ती मध्ये राजनीतिक अस्थिरता, घरेलु द्वन्द्व र सामाजिक असमावेशिता प्रमुख रहेका छन् । एशियाली विकास बैंकको २००५ को एक अध्ययनले कमजोर शासनको दशकले द्वन्द्वलाई बढाउन मद्दत गऱ्यो भनी उल्लेख गरेको छ । Pai Panandiker ले विकासोन्मुख देशमा सुशासनका समस्या दुईवटा श्रोतबाट आएको उल्लेख गरेका छन् । पहिलो सरकारको भूमिका बढी विस्तार गरिनु, र दोश्रो, शासनका संस्थाहरूमा कार्यसम्पादनका लागि असक्षमता । (सुशासनका समस्याहरूलाई विस्तृत रुपमा पछाडी उल्लेख गरिएको छ)

सन् १९९६ देखि विश्व बैकले शासनको गुणस्तरका बारेमा अनुसन्धान गरी विभिन्न सूचकांक सहितको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । जसलाई World Governance Indicator (WGI) नामले चिनिन्छ । यस प्रतिवेदनमा समावेश गरिने तथ्यांकहरू विभिन्न सर्भे संगठनहरू, सोच विचारकहरू, गैरसरकारी संगठन, अन्तर्राष्ट्रिय संस्थाहरू, र निजी क्षेत्रका फर्महरूबाट लिइन्छ । सन् २००७ देखि २०१२ सम्ममा नेपालको शासन सम्बन्धी सूचकांकको समग्र अवस्था तपशिल बमोजिम रहेको छ ।

**तालिका ३**

**नेपालमा सुशासनको अवस्था**[२१]

| विषय | २००७ | २००८ | २००९ | २०१० | २०११ | २०१२ |
|---|---|---|---|---|---|---|
| सहभागिता र उत्तरदायित्व | ३०.३ | ३०.८ | ३१.३ | ३१.३ | ३१.५ | २८ |
| राजनीतिक स्थायित्व/हिंसाको नियन्त्रणको अवस्था | ५.८ | ५.७ | ६.६ | ५.७ | ६.१ | ९ |
| सरकारको प्रभावकारिता | २९.१ | २३.८ | २१.५ | २५.८ | २२.७ | १७ |
| नियमनकारिताको गुणस्तर | ३३.३ | ३०.१ | २९.१ | २६.३ | २४.९ | २३ |

२१. http://data.worldbank.org/data-catalog/worldwide-governance-indicators

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कानूनको शासन | ३०.१ | २६ | १९.४ | २८.७ | २३.७ | २३ |
| भ्रष्टाचार नियन्त्रण | २५.७ | २६.२ | २८.२ | २८.७ | २३.७ | २३ |

***Governance I. (percentile rank; a higher value indicates better performance)***

उपरोक्त तालिकामा उल्लेखित सहभागिता र उत्तरदायित्व अन्तर्गत सरकारको चयन, अनुगमन र प्रतिस्थापन हुने प्रक्रिया अर्थात् शक्तिको विधिसम्मत हस्तान्तरण लगायतका विषय समेटिएको छ। सैन्यशक्तिद्वारा सत्ता हत्याउने, विद्रोह, आतंकवाद, नागरिक द्वन्द्व जस्ता पक्षहरूको अवस्था राजनीतिक स्थायित्व अन्तर्गत समावेश गरिएको छ। यसै गरी सरकारको प्रभावकारिता अन्तर्गत सार्वजनिक सेवाका प्रावधान, कर्मचारीतन्त्रको गुणस्तर, निजामती सेवाको सक्षमता, नीतिप्रति सरकारको प्रतिबद्धता प्रतिको विश्वसनीयता, नीतिमा एकरुपता र बजेट प्रक्रिया आदि विषय राखिएको छ। नियमनको गुणस्तर अन्तर्गत नियमहरू, विदेशी लगानी, सरकारी हस्तक्षेप, करको प्रभावकारिता जस्ता समेटिएको छ। कानूनको शासनको अवस्था परीक्षणका लागि अपराध, न्यायिक निकायको गुणस्तर, प्रहरी सम्बन्धी सेवाको गुणस्तर, कालो बजारीको अवस्था जस्ता विषय राखिएको छ र अन्तमा भ्रष्टाचार नियन्त्रणमा नियन्त्रणका उपायहरू, सरकारप्रति जनताको विश्वासलाई परीक्षण गर्ने व्यवस्था गरिएको छ।

विश्व बैंकद्वारा निरन्तर रुपमा हेरिने यी समग्र पक्षहरूमा नेपालको अवस्था अत्यन्त कमजोर देखाउछ। लामो द्वन्द्वपश्चात्को संक्रमणकालीन अवस्थामा स्वभाविक रुपमा शासन व्यवस्था प्रभावकारी हुन नसक्ने यथार्थलाई इन्कार गर्न नसकिने भएपनि सामान्य रुपमा लागू र पालना गर्न सकिने विषयमा समेत न्यूनस्तरको कार्यसम्पादनले सकारात्मक सन्देश दिन सक्दैन। खुला तथा उदार आर्थिक नीति अवलम्बन गरको दुई दशक व्यतित भैसक्दा समेत आम जनताले पैसा तिरेर पनि आफूले चाहेको सेवा प्राप्त गर्न नसक्नु राज्य संयन्त्रको कमजोरी मात्र हैन, हदैसम्मको बेजिम्मेवारीपना हो। यी र यस्तै प्रकारका कारक तत्वहरूका कारण नेपालमा सुशासनको अवस्था कमजोर देखिएको हो।

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि विभन्न पहलहरू लिएको छ। भ्रष्टाचारको रोकथामका लागि राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सशक्त बनाइएको छ। यद्यपि लागू गराउने र रोकथामका क्रियाकलापहरू अगाडि बढाइएका छन्। थुप्रै कार्यहरू गर्न बाँकी छन्। संस्थाको क्षमता विकास, व्यवसायिकता, र एकाइहरूलाई जिल्ला तहसम्म विस्तार गर्ने कार्य केही प्रमुख कार्यहरू हुन्। भ्रष्टाचारको अवस्था सम्बन्धमा प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको बेलायतमा आधारित ट्रान्सपरेन्सी इन्टरनेशनलले सन् २०१३ मा सार्वजनिक गरको प्रतिवेदनमा नेपालमा भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा विगतको तुलनामा उल्लेख्य प्रगति भएको देखाएको छ।

उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार कूल १७७ मुलकमध्ये नेपाल ११६ औं स्थानमा रहेको छ । यस अधिको प्रतिवेदनमा जम्मा १७६ देश मध्ये नेपाल १३९ औं स्थानमा रहेको थियो । नेपाल Corruption Perceptions Index (CPI) मा सन् २००४ देखि समावेश भएको थियो । यस सूचकांकमा यदि शून्य अंक भएमा अति भ्रष्ट मुलुकको रुपमा रहेको मानिन्छ भने १०० अंक भएमा स्वच्छ को रुपमा चिनिन्छ । CPI ५० अंकभन्दा कम आएमा त्यो मलुकलाई भ्रष्ट मुलुक कै सूचीमा राखिन्छ ।नेपालले विगतमा २७ अंक प्राप्त गरेको थियो भने यस वर्ष ३१ अंक प्राप्त गरेको छ । यस प्रतिवेदनले भ्रष्टाचार नियन्त्रणका हालका प्रयासहरू पर्याप्त छैनन् । यदि मुलुकलाई भ्रष्टाचार मुक्त बनाउने हो भने प्रभावकारी उपायहरू अवलम्वन गर्नु अपरिहार्य छ । यस आधारमा विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने नेपालको शासन पद्धतिमा रहेका कमजोरीका कारण भ्रष्टाचार बढिरहेको छ ।[२२]

दक्षिण एशियाका अन्य मुलुकहरूको तुलनामा नेपालको न्यायालयमा सुशासनको अवस्था अत्यन्त कमजोर छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको केही समय अघिको सर्भेक्षण प्रतिवेदन अनुसार आधाभन्दा कम नागरिक जसले नियमित रुपमा न्यायालयसँग अन्तरक्रिया गर्दछन् उनीहरू भ्रष्टाचारको सामना गरिरहेका छन् भन्ने देखाएको छ ।[२३] समग्र अवस्थाको विश्लेषण गर्दा नेपालमा सुशासनको स्थापनाका लागि भएका प्रयास सन्तोषजनक नरहेको देखाउछ ।

## ७. समस्या र समाधानका लागि सुझाव

नेपालमा सुशासनका सम्बन्धमा रहेका समस्यालाई दुई भागमा विभाजन गर्न सुकिन्छ । ती हुन् : अवधारणात्मक र व्यवहारिक समस्या जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क) अवधारणागत समस्या

सुशासनको एजेण्डा यथार्थ रुपमा लामो र समयक्रममा वृद्धि भैरहेको छ । शासन सुधारका क्षेत्रमा हरेक विषय गर्नैपर्ने भनी अगाडि आउँछ । तर त्यहाँ कुन कुरा नगरी नहुने र कुन नगर्दा पनि हुने भन्ने बारेमा ठोस निर्देशन भएको पाइदैन । यसै गरी कुन कुरा पहिले र कुन कुरा तत्पश्चात्, कुन कुरा तत्काल र कुन कुरा दीर्घकालमा गर्ने, के सम्भव छ के छैन भन्ने विषयमा पनि स्पष्टताको अभाव देखिन्छ ।

२) सुशासनको शब्दावलीमा धेरै सूचकांक प्रयोग गरी यसलाई कठिन बनाइएको छ

---

२२. http://www.globalpost.com/dispatch/news/xinhua-news-agency/131203/nepal-at-116th-position-corruption-perceptions-index-2013

२३. http://www.transparency.org/news/pressrelease/police_then_judiciary_most_corrupt_public_ institutions _in_south_asia_reveal

जसले वास्तविक असल शासन प्राप्ति प्राय असम्भव जस्तै बनाइदिएको छ ।

३) सुशासनका अधिकांश एजेण्डा सरकारको राजनीतिक, प्रशासनिक र वित्तीय व्यवथापनलाई राम्रो बनाउनु पर्छ भन्ने कुरामा केन्द्रित छन् । तर सरकारसँग यी प्रतिबद्धता पूरा गर्न क्षमता (वित्तीय र मानव स्रोत) कमजोर मात्र छैन, स्वार्थबीचको द्वन्द्व पनि त्यति कै छ ।

## ख) व्यवहारिक समस्या

नेपालमा सुशासनका समस्यालाई यस प्रकार सूचीकरण गर्ने गरेको पाइन्छ :[२४]

- स्वामित्व र राजनीतिक इच्छाशक्तिको अभाव,
- कमजोर संस्थाहरू र कार्यान्वयन पक्ष पनि कमजोर हुनु,
- सिद्धान्त र व्यवहारमा ठूलो खाडल,
- बढ्दो भ्रष्टाचार र उत्तरदायित्व र पारदर्शिताको अभाव,
- विकेन्द्रीकरण प्रभावकारी नहुनु,
- सीमान्तीकृत समुदायका आवाज सुनुवाई नहुनु,
- निगरानी गर्ने संयन्त्र कमजोर हुनु,
- निजामती सेवामा अत्यधिक राजनीतिकरण,
- नागरिक समाजका संगठनहरूको दबाब कमजोर हुनु,
- सुधार कार्यक्रमहरू दाता निर्देशित हुनु ।

## ग) सुझावहरू

सुशासनका सिद्धान्तको अवलम्वन गरी गुणस्तरीय सेवा र विकास व्यवस्थापनमा प्रभावकारिता हासिल गर्न विभिन्न रणनीतिहरू पहिचान गरिएका छन् । माथि देखिएका समस्याहरूको समाधानका लागि राज्यका सबै क्षेत्रको साझा प्रयास आवश्यक हुन्छ यसका लागि उत्तरदायी र पारदर्शी सरकार, जिम्मेवार निजी क्षेत्र, जनताका आवश्यकताप्रति संवेदनशील नागरिक समाज, इमान्दार सञ्चार माध्यम र सूचीत जनसममुदाय आवश्यक पर्दछ । सुशासनको विषयलाई निजामती सेवाका क्रियाकलापमा मात्र सीमित नराखी अन्य पात्रहरूका नीति, योजना, कार्यक्रम र सो अनुरुप सञ्चालन भएका क्रियाकलापतर्फ केन्द्रित गर्नुपर्छ जसबाट सार्वजनिक वस्तु तथा सेवा प्रदान गर्ने सबै पात्रहरूमा जिम्मेवारी, पारदर्शी र उत्तरदायित्वको भावना विकास हुन सकोस् यो अवधारणाको मान्यता विकास र प्रबर्द्धन अहिलेको अहंम सबाल हो । ती मध्ये सरकार र विकासका साझेदारले खेल्नुपर्ने भूमिका निम्नानुसार उल्लेख गर्न सकिन्छः

२४. Madhu Raman Acharya, *Business of Bureaucracy,* Bidyarthi Pustak Bhandar, Kathmandu

**सरकार**

क) सक्षम निजामती सेवाका लागि शिक्षित, तालिम प्राप्त र सकारात्मक सोच विकास गर्ने, व्यक्तिगत स्वार्थयुक्त दबाब समूहको प्रतिरोध गर्न सक्ने इच्छा र खुबी सहितको निजामती सेवा विकास गर्ने,

ख) सरकार, निजी क्षेत्र, नागरिक समाज र परिवारका लागि सन्तुलन र नियन्त्रण अवस्था सिर्जना गर्ने,

ग) नागरिकको जीवन र काममा असर गर्ने निर्णयमा उनीहरूको लोकप्रिय सहभागिताको अवसर प्रदान गर्ने,

घ) स्वतन्त्र बजारले दक्षतापूर्वक काम गर्न सक्ने बनाउने, बजार असफलतालाई सुधार गर्ने,

ङ) सीमान्तीकृत वर्ग र समुदायलाई कल्याण नीतिहरूमा विशेष प्राथमिकता दिने,

च) जनतालाई सधै साध्यको रुपमा लिने ।

**दातृ निकाय**

क) सेवा र सहायता प्रदान गर्दा विनयशीलता, शान्त शैली आत्मसात् गर्ने, नकारात्मक असर गर्ने अर्थात् प्रापकलाई हानी पुग्ने खालका शर्तबन्धन नराख्ने,

ख) विकासका विभिन्न शैलीहरू हुन्छन् भन्ने कुरा स्वीकार गर्ने विश्वभर एकै किसिमको पद्धति लागू गर्ने प्रयास नगर्ने, अर्थशास्त्र विज्ञान होइन भन्ने कुरा लाई दृष्टिगत गरी भू-राजनीतिक आर्थिक परिवेशलाई केन्द्रबिन्दुमा राखी विकासका प्राथमिकता निर्धारण गर्ने ।

ग) सहायता राशीको उच्च अनुपात सामाजिक प्राथमिकतामा लगानी गर्ने ।

घ) सहायताको प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय रुपमा निर्धारण र स्वीकार गरिएका पेरिस घोषणापत्रमा उल्लेखित अपनत्व, आबद्धता, परस्पर उत्तरदायित्व, विकास नतिजाका लागि व्यवस्थापन, संस्वरात्मकताका सिद्धान्तको अबलम्वन गर्ने ।

उल्लेखित कुराका अतिरिक्त नेपालमा सुशासनका सम्बन्धका समस्याहरूको समाधानका देहायका सुझावहरू समेत सान्दर्भिक रहेको पाइन्छ :[२५]

- सुशासनको अवधारणालाई राजनीतिक लोकप्रियता र नारामा मात्र सीमित नराखी व्यवहारिक रुपमा नतिजा देखिने गरी आत्मसात गर्नुपर्ने,
- सुशासनका विषयलाई संविधान कानून र सरकारका कार्यक्रममा राखेर मात्र हुँदैन, दृढ राजनीतिक इच्छा, कर्मचारीतन्त्रको प्रतिबद्धता र सरोकारवालाहरूको निरन्तर दबाब आवश्यक पर्दछ,

२५. Ibid

- प्रशासन र राजनीतिको सबै तहमा उत्तरदायित्व सुदृढीकरण गनुपर्ने, लामो समयदेखि रिक्त स्थानीय निकायमा जनप्रतिनिधिको व्यवस्था गनुपर्ने,
- सुशासनलाई अगाडि बढाउन भ्रष्टाचार नियन्त्रण गर्ने संयन्त्रमा सुधार गनुपर्ने,
- सूचनाको हकसम्बन्धी ऐनका प्रावधानको कार्यान्वयनमार्फत् पारदर्शिता सुनिश्चित गर्नुपर्ने,
- सुशासनसम्बन्धी कार्यक्रमको स्वामित्व सरकारले लिनुपर्ने,
- संसदीय निगरानी, लेखापरीक्षण र भ्रष्टाचार नियन्त्रण संयन्त्रलाई सुदृढीकरण गर्नुपर्ने ।

समग्रमा सुशासन कायम गर्नु राज्यको प्रमुख जिम्मेवारी भए पनि यसमा संलग्न सबैको साझा प्रयास आवश्यक हुन्छ । माथि प्रस्तुत गरिएका सुझावहरूका अतिरिक्त यसमा वैज्ञानिक, नीति निर्माता, अभ्यासकर्ताहरू, गैरसरकारी संस्था र सामुदायिक संस्थाहरूकोबीचमा सिकाई र ज्ञानको आदानप्रदान पनि त्यतिकै महत्वपूर्ण छ ।

## ८. निष्कर्ष

सन् १९८० को दशकको अन्ततिर सार्वजनिक क्षेत्र व्यवस्थापनमा प्रभावकारिताका लागि शुरुवात गरिएको सुशासनको अवधारणाले हाल दिगो मानव विकाससम्मका विषयलाई समेट्न पुगेको छ । यो विश्वव्यापी रुपमा मान्यताप्राप्त सिद्धान्त हो जसले यथार्थमा नै संगठनहरूको कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्दछ । अझ महत्वपूर्ण रुपमा यसले संगठनको विद्यमान कामकारवाहीमा पारदर्शिता, सदाचार र स्वच्छपना प्रबर्द्धन गर्दछ । यसकारण अधिकांश संगठनहरूले आफ्नो घोषित उदेश्य र लक्ष्य प्राप्तिको लागि सुशासनको सिद्धान्त अवलम्वन गरेका छन् ।

सुशासनका सिद्धान्तहरूलाई नेपालले पनि विभिन्न संवैधानिक, कानूनी, र संस्थागत रुपमा आत्मसात् गरिआएको छ । यसबाट सार्वजनिक क्षेत्र खासगरी निजामती सेवामा सुधार, सार्वजनिक वस्तु तथा सेवा प्रवाहमा राज्यका अन्य पात्रहरूसँग केही हदसम्म सहकार्य र साझेदारीको सँस्कृतिलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

नागरिकको मौलिक अधिकारको संरक्षण र भ्रष्टाचार विरुद्धको कारवाहीमा समेत नेपालको न्यायपालिकाबाट प्रतिपादित सिद्धान्त र भएका आदेश सुशासन कायम गर्न महत्वपूर्ण छन् । आम जनताको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहमा राज्यलाई जिम्मेवार, पारदर्शी र उत्तरदायी बनाउदै विधिको शासन स्थापनामा न्यायालयले पूर्वजागरुक भूमिका निर्वाह गरेको छ । मानव अधिकारका विश्वव्यापी रुपमा स्वीकार्य सिद्धान्तको सम्मान, संरक्षण र परिपालना गर्ने दायित्वतर्फ राज्यलाई अभिमुख गराउन समेत न्यायपालिकाको योगदान रही आएको छ ।

सुशासनको प्रयोगको अवस्था सम्बन्धमा सार्वजनिक गरिने सूचकांकमा नेपालको अवस्था सन्तोषजनक देखिदैंन । विश्व शासन सूचकांक र भ्रष्टाचार सम्बन्धी सूचकांकमा

न्यूनतम् अंक प्राप्त गर्न पनि शासनका कैयौं पक्षमा सुधार गर्नु जरुरी छ। अब एउटै साझा ध्येय सहकार्यात्मक सँस्कृति, सहकार्यात्मक नेतृत्वबाट उनीहरूका समस्या सम्बोधन गर्न सकिन्छ। यसका लागि सरकारमा विश्वास, उत्तरदायित्व र सहभागिता सुनिश्चित गर्ने, निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राख्नुपर्छ भने गैर सरकारी क्षेत्रबाट सरकार र निजी क्षेत्र दुबैबाट वितरण नहुने सार्वजनिक वस्तु तथा सेवा वितरणमा ध्यान केन्द्रित गर्नुपर्दछ।

निष्कर्षमा, संयुक्त राष्ट्रसंघका पूर्व महासचिव कोफि अन्नानले उल्लेख गर्नु भए जस्तै सुशासन गरिवी निवारण र विकास प्रबर्द्धनका लागि सम्भवत: एकल महत्वपूर्ण कारक तत्व हो। यही भनाइको मर्म र भावना अनुरुप सरकार र अन्य सार्वजनिक निकायहरू, निजी क्षेत्र र नागरिक समाजका संगठनले समाजका समस्याहरू समाधान गर्ने र सामाजिक अवसरहरू सिर्जना गर्ने कार्यमा सहकार्य र साझेदारीका साथ हातेमालो गर्नु आवश्यक छ।

## सन्दर्भ सामग्रीहरू


- नेपालको अन्तरिम संविधान २०६३, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०, प्रशासन सुधार समिति २०७० सिंहदरवार, नेपाल।
- भ्रष्टाचार निवारण ऐन २०५९, कानून किताब व्यवस्था समिति,बबरमहल, काठमाडौं।
- सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- सुशासन कार्ययोजना २०६८, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं।
- सूचनाको हकसम्बन्धी ऐन २०६४, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- संविधानसभा,राज्यको शासकीय रुवरुप निर्धारण समिति अवधारणापत्र एवम् व्याख्यात्मक टिप्पणीसहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, संविधानसभा राज्यको शासकीय स्वरुप निर्धारण समिति सिंहदरवार, काठमाडौं, नेपाल।
- संविधानसभा, मौलिक अधिकार तथा निदेशक सिद्धान्त सिद्धान्त समितिको प्रतिवेदन २०६६, संविधानसभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, सिंहदरवार, काठमाडौं, नेपाल।
- क्षेत्री, सुबरा, प्रशासन सुधार आयोगका प्रतिवेदनहरू, सून्यन क्षेत्री, काठमाडौं।

- Acharya, Madhuram, Business of Bureaucracy, Bidyarthi Pustak Bhandar, ,Bhotahity, Kathmandu, 2013
- Aktan, Coskun Can and Ozler, Hayrettin Good Governance: A New Manageralism 168, Uluslararasi Hukka ve Politika Cilt 4 No: 14 pp165- 187 2008,
- An Introduction Governance, Good Governance and the proces of Engendering Economic governance, United Nations funds for Women (UNIFEM) http://www1.aucegypt.edu/src/engendering/good_governance.html
- Chakrabarthy, V. and Chand, S., Public Administration in a Globalizing World,Theories and Practices, Sage Publications, 2012
- Chowdhury N, Skarstedt CE, The Principle of Good Governance, March 2005 oxford, United Kingdom,
- Good Governance in the Public Sector- Consultation Draft for an International Framework, The Chartered Institute of Public Finance and Accountability, 2013
- Hyden, Goran, Governance, Development and Poverty Eradication University of Florida
- http://www.globalpost.com/dispatch/news/xinhua-news-agency/131203/nepal-at-116th-position-corruption-perceptions-index-2013
- http://www.transparency.org/news/pressrelease/police_then_judiciary_most_corrupt_public_institutions_in_south_asia_reveal
- http://www.bmz.de/en/what_we_issues/goodgovernance/gutere gierung/internatvereinbarungen/index.html
- http://data.worldbank.org/data-catalog/worldwide-governance-indicators
- Jain RB, *Towards Good Governance: A South Asian Perspective*, Nepalese Journal of Public Policy and Governance, Vol. xxv, No.2, December, 2009 http://pactu.edu.np/contents/njpg/dec2009/1-rb-jain-towards-good-governance-a-south-asian-perspective.pdf
- Maldonado Nicole, *The world Bank's Evolving concept of Good Governance and Its Impact on Human Rights,* Doctoral workshop on

development and international orgnizations Stocholm, Sweden, May 29-30, 2010

- Principle for Good Governance in 21th century, Policy briefs No. 15: Institute on Governance, Ottawa, Canada
- Sharina Elena, Government and Governance Traditional and Novel Research Agenda, Meiji University, Graduate School of Governance Studies,
- Vries, Michiel dec, The Challenge of Good Governance, The Innovation Journal: The Public Sector Innovation Journal, 18(1), article 2, Page 3, 2013
- World Bank, *Governance and Development,* Washington: World Bank, 1992.

# न्याय प्रशासनमा निरीक्षण, अनुगमन र मूल्याङ्कन

**विमल पौडेल♥**

**सारांश**

*कतिपय अवस्थामा न्यायपालिकाले लिने उद्देश्य एवम् लक्ष्यहरू परिमाणात्मक रुपमा मापन गर्न कठिनाई हुने गर्दछ, त्यसको मापन कसरी गर्ने ? के त्यो दिशातर्फ न्यायपालिका अग्रसर रहेको छ वा छैन भन्ने विषय कसरी जाँच्ने भन्ने कुरामा विवाद देखिन सक्छ । जस्तो न्यायपालिकाप्रतिको जनआस्था वृद्धि गर्ने उद्देश्य राखियो भने यसलाई कसरी मापन गर्ने, कति प्रतिशत सकारात्मक जबाफ आएमा जनआस्था वृद्धि भएको मान्ने, हार्ने पक्षले न्यायालयलाई लगाएको आक्षेपले महत्व राख्ने वा नराख्ने तथा कहिल्यै पनि अदालतको सेवा नलिएको व्यक्तिले व्यक्त गरेको धारणालाई कसरी हेर्ने आदि जस्ता विषयहरू यस क्षेत्रमा गरिने सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कनका चुनौतीहरू रहेका छन् । प्रस्तुत लेखमा न्याय प्रशासनमा गरिने निरीक्षण, अनुगमन र सोको मूल्याङ्कनको अवस्थाको बारेमा समीक्षा गरिएको छ ।*

## अवधारणागत पक्ष

कुनैपनि संगठनको निर्धारित लक्ष्य एवम् उद्देश्य हासिल गर्न सञ्चालन गरिने क्रियाकलापहरू सही दिशा एवम् गतिमा सञ्चालन भए नभएको हेर्न, जाँच्न, बुझ्नको लागि प्रयोग गरिने व्यवस्थापकीय साधन वा संयन्त्रको रुपमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कनलाई लिइने गरेको पाइन्छ । शाब्दिक प्रयोगका हिसावले यी शब्दहरूमा भिन्नता भएको पाईए पनि निरीक्षण, अनुगमन एवम् मूल्याङ्कनको प्रयोग उपल्लो निकाय वा उच्च व्यवस्थापकद्वारा मातहतको निकाय वा निकायले सम्पादन गर्ने कार्यको वस्तुस्थिति जानकारी लिनुका साथै उक्त काम कारवाहीले पार्ने प्रभावहरूको लेखाजोखा गर्ने सन्दर्भमा प्रयोग हुने गरेको पाइन्छ ।

यद्यपि निरीक्षण, अनुगमन र मूल्याङ्कनको प्रयोग बढी मात्रामा विकास योजना, परियोजना नीति कार्यक्रम सञ्चालन गर्ने एवम् प्रभावकारी कार्यान्वयन गर्ने क्रममा बढी प्रयोगमा आएको पाइए तापनि यी साधनहरू (Tools) को प्रयोग न्यायिक एवम् कानूनी क्षेत्रमा पनि त्यत्तिकै सान्दर्भिक रहेको देखिन्छ । कानूनद्वारा निर्धारित प्रक्रिया, कार्यविधिको पालना गरिए नगरिएको, कानूनले निर्धारण गरेको समय सीमा भित्र मुद्दा फछ्र्यौट गरे नगरेको, योजनाद्वारा निर्धारण गरिएका काम कारवाहीहरू हासिल भए नभएको, कानूनको

♥ उप रजिष्ट्रार

कार्यान्वयन पश्चात त्यसले पारेको असर लगायतका न्यायिक काम कारवाहीका अलावा न्याय प्रशासन एवम् व्यवस्थापनसँग जोडीएका विविध विषयहरूको अद्यावधिक स्थितिको बारेमा यथार्थतासँग साक्षात्कार हुने अवसर निरीक्षण, अनुगमन, मूल्याङ्कन जस्ता व्यवस्थापकीय साधनहरूको प्रयोगबाट मात्र सम्भव हुने देखिन्छ । साथै यिनै विधिको प्रयोगबाट नै कुनैपनि संगठनको दिशा निर्देश गरिनुका साथै लक्ष्यभन्दा अन्य दिशातर्फ गतिविधि सञ्चालन भएको पाइएमा समयमै सो कुरालाई सच्चाई सही दिशातर्फ एवम् गन्तव्यतर्फ काम कारवाही लक्षित गर्न पनि सहयोगी सिद्ध भएको पाइन्छ ।

## परिभाषा

निरीक्षण एवम् सुपरिवेक्षण भन्नाले तोकिएको कामकाज ठीकसँग भयो भएन भनि सम्बन्धित तहबाट गरिने रेखदेख वा जाँचबुझलाई जनाउछ । कुनै काम ठीकसँग भए नभएको सम्बन्धमा माथिल्लो तहबाट मातहतमा हेर्ने कार्य तथा माथिल्लो तहबाट हुने निर्देशन, नियन्त्रण, सुझाव, निरीक्षण र समन्वय सुपरिवक्षेण भित्र पर्दछन् । निरीक्षण सुपरिवेक्षणको एउटा पक्ष हो ।[१] अनलाईन डिक्सनरी (www.thefreedictionary.com) मा निरीक्षण (Inspection) भन्नाले कुनै विषयमा विस्तृत एवम् सचेत हिसावले गरिएको जाँचवुझ भनी उल्लेख गरिएको पाइन्छ । साथै यो शब्दले कुनै चिजको वा विषयवस्तुको औपचारिक रुपमा गरिएको जाँचवुझ एवम् पुनरावलोकन (Review) लाई जनाउँदछ ।

अनुगमन (Monitoring) भन्नाले योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रभाव समुचित ढंगले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनि विभिन्न तहका व्यवस्थापन र व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ ।[२]

The OECD(2002a) ले अनुगमनलाई यसरी परिभाषित गरेको छ : Monitoring is a continuous function that uses the systematic collection of data on specified indicators to provide management and the main stakeholders of an ongoing development intervention with indications of the extent of progress and achievement of objectives and progress in the use of allocated funds.[३]

मूल्याङ्कन (Evaluation) भन्नाले कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन्

१. निरीक्षण तथा अनुगमन निर्देशिका, २०७० (प्रस्तावित), सर्वोच्च अदालत, पृ १

२. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरवार २०७०,परिभाषा तथा व्याख्या खण्ड

३. Jody Zall Kusek, *Ten steps to result based monitoring and evaluation system,* The World Bank,Washington DC,2004 at p.12

तथा के-कस्ता उपलब्धी एवम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र वाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ ।[४]

त्यसैगरी The OECD (2002a) ले मूल्याङ्कनलाई यसरी परिभाषित गरेको पाइन्छ : Evaluation is the systematic and objective assessment of an ongoing or completed project, program, or policy, including its design, implementation, and results. The aim is to determine the relevance and fulfillment of objectives, development efficiency, effectiveness, impact, and sustainability. An evaluation should provide information that is credible and useful, enabling the incorporation of lessons learned into the decision-making process of both recipients and donors.[५]

जहाँसम्म न्यायिक क्षेत्रमा प्रयोग हुने निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, मूल्याङ्कन जस्ता शब्दको अर्थ खोज्दा न्यायाधीशहरूको एवम् न्याय प्रशासन सँग आबद्ध पदाधिकारीहरूको कार्यसम्पादनको उद्देश्यमूलक एवम् पारदर्शी रुपमा गरिने लेखाजोखालाई जनाएको पाइन्छ । Monitoring is understood to mean an objective and transparent observation and assessment of the judicial system to identify areas of potential improvements. In particular, monitoring shall consists in observing and scanning the performance of the judges,… monitoring does not imply the exercise of individual control or any other form of supervision of the functioning of courts…. Monitoring process should not be seen as being an opportunity for further appeal process for litigants dissatisfied with the outcome of their cases.[६] न्याय प्रशासन ऐन, २०४८ को दफा २०, २१ तथा सर्वोच्च अदालत एवम् पुनरावेदन अदालत नियमावलीहरूमा भएको व्यवस्थाका आधारमा आफूले पुनरावेदन सुन्ने मातहतका अदालत वा निकायहरूको काम कारवाहीहरूको लेखाजोखा गर्ने, जाँच्ने क्रियाकलापलाई बुझिन्छ । साथै सो का अलावा मातहतका अदालतहरूले विगतमा दिएका निरीक्षण निर्देशनहरूको परिपालना के कसरी गरिरहेका छन् भनेर गरिने लेखाजोखा समेतलाई बुझाउँछ ।[७]

त्यसैगरी अदालतहरूमा प्रचलित निरीक्षण गर्ने शब्दले आफ्नै अदालतमा रहेका

---

४. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरवार २०७०,परिभाषा तथा व्याख्या खण्ड

५. Kusek, op.cit, p.12

६. Guidelines on Monitoring, mentoring and Advising of EULEX Judges,2008, at p 5 available at: http://www.eulex-kosovo.eu/docs/justice/assembly/2nd/MMA%20final%20integrated%20document%20FINAL.pdf

७. नियम ९५ तथा ९६, पुनरावेदन अदालत नियमावली, २०४८

मिसिलहरूको वर्षमा कम्तिमा दुईपटक गरिने आन्तरिक निरीक्षणलाई समेत जनाउँछ ।[८] सो का अलावा उपल्लो तहका व्यवस्थापकहरूबाट गरिने प्रशासनिक, जिन्सी, लेखा सम्बन्धी निरीक्षण एवम् सुपरिवेक्षणको कार्यलाई समेत जनाउछ ।

## निरीक्षण, अनुगमन र मूल्याङ्कनका केही अन्तर्राष्ट्रिय अभ्यासहरू

दक्षिण अफ्रिकाको संविधान,१९९६ को सत्रौ संशोधन २०१२ ले धारा १६५(६) थप गरि प्रधान न्यायाधीशले सबै अदालतहरूले न्यायिक काम कारवाही गर्दा अपनाउनु पर्ने मूल्य मान्यता तथा मापदण्डहरू बनाएर जारी गरी सो को कार्यान्वयनको अनुगमन गर्ने अधिकार प्रदान गरिएको पाइन्छ ।[९] सोही अधिकार बमोजिम प्रधान न्यायाधीशले २८ फेब्रुअरी २०१४ मा न्यायिक काम कारवाही गर्दा अवलम्वन गर्नुपर्ने मूल्य मान्यता एवम् मापदण्डहरू विकास गरेको र सो का आधारमा अनुगमन गर्ने गरेको पाइन्छ ।[१०] नेपालको अन्तरिम संविधान,२०६३ ले पनि करिब करिब दक्षिण अफ्रिकाको संविधानको जस्तै अधिकार नेपालका प्रधान न्यायाधीशलाई प्रदान गरेको पाइन्छ । दक्षिण अफ्रिकाको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान,२०६३ को धारा ११२ मा भएकै व्यवस्था सँग करिब करिब मिल्दो व्यवस्था देखिन्छ । सो धाराले नेपालको न्याय प्रशासनलाई प्रभावकारी बनाउन संविधान तथा अन्य कानूनको अधीनमा रही सर्वोच्च अदालत तथा मातहत अदालतलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको पाइन्छ ।

स्वीजरल्याण्डमा संघीय सर्वोच्च अदलातले मातहतका अदालतहरूको सुपरिवेक्षण गर्ने अधिकार राख्दछ भने, संविधानको धारा १६९ ले संघीय संसदले त्यहाँको अदालतहरूमाथि सुपरिवेक्षकीय नियन्त्रण राख्ने अधिकार ग्रहण गर्छन भन्दै न्यायिक निर्णयहरूकोभन्दा पनि व्यवस्थापकीय कार्यहरूको सुपरिवेक्षण गर्ने गरेको पाइन्छ ।[११] वेलायतमा Constitutional Reform Act, 2005 जारी भई २००९ को अक्टोबर १ बाट पहिलेको हाउस अफ लर्डसको स्थानमा सर्वोच्च अदालत स्थापना भई नयाँ स्वरुपमा काम शुरु गरेको पाइन्छ, यसले अन्तिम पुनरावेदन सुन्ने अधिकार राख्नुका साथै उच्च अदालत तथा मजिस्टेट अदालतहरू यसै मातहत हुने गरेको पाइन्छ ।[१२]

अमेरिकामा संघीय र राज्यको आफ्नो आफ्नो न्याय प्रणाली रहेको पाइन्छ । संघीय सर्वोच्च अदालतले संघीय उच्च अदालत तथा संघीय जिल्ला अदालतको काम कारवाही हेर्ने गर्दछ । संघीय सर्वोच्च अदालतले मातहतका काम कारवाहीहरूको नियन्त्रण

---

८. ऐ. नियम १०१क

९. Art 165(6) of constitution of republic of South Africa,1996

१०. Available at: http://www.justice.gov.za/legislation/notices/2014/2014-02-28-gg37390_gon147-supcourts.pdf

११. Dr iur. Andreas Lienhard, Supervisory Control and Court Management, *International Journal for Court Administration,* August 2009, vol 2 no.1

१२. See more on: http://www.supremecourt.uk/about/uk-judicial-system.html

गर्ने माध्यम भनेको उत्प्रेषणको रिट हो भनी उल्लेख पाइन्छ ।[१३] भारतमा सर्वोच्च अदालत अन्तिम पुनरावेदन सुन्ने अदालत संविधानको संरक्षक लगाएत रिट जारी गर्ने अधिकार सम्पन्न अदालत हो । उच्च अदालतहरू सर्वोच्च अदालत मातहत हुने र जिल्ला अदालतहरू उच्च अदालतको प्रशासकीय नियन्त्रणमा रहने देखिन्छ ।[१४] तल्लो तहको अदालतको फैसला उपर पुनरावेदनको रोहबाट जाँच्ने वाहेक नेपालमा जस्तो उपल्लो तहको अदालतहरूले तल्लो तहको अदालत वा निकायको निरीक्षण, सुपरिवेक्षण, एवम् मूल्याङ्कन गर्ने प्रष्ट व्यवस्था धेरै देशहरूमा रहेको पाईदैन ।

## निरीक्षण, अनुगमन र मूल्याङ्कनका सन्दर्भमा राष्ट्रिय कानूनी व्यवस्था

माथि नै चर्चा गरिएझै निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको महत्व, योजना, परियोजना, कार्यक्रम, नीति कार्यान्वयन जस्ता विकास निर्माण सम्बन्धी गतिविधिमा बढी प्रयोग हुने शब्दावली भएपनि यसको अभ्यास न्यायिक क्षेत्रमा समेत पहिले देखि नै हुँदै आएको पाइन्छ । चाहे स्थलगत रुपमा गएर आफूले पुनरावेदन सुन्ने निकायहरूको निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको होस वा त्यस्ता निकायले निर्णय गरेका मुद्दा मामिला उपर पुनरावेदनको रोहबाट जाँच्ने काम आधुनिक न्यायपालिकाको शुरुवातबाटै अभ्यासमा रहेको देखिन्छ । सो अभ्यासलाई विगतदेखि निरन्तरता दिने क्रममा हाल न्याय प्रशासन, व्यवस्थापन

सम्बन्धी विभिन्न ऐन, नियम, रणनीतिक योजना, परिपत्रहरूले समेत समेटेको पाइन्छ, जसलाई तल चर्चा गरिनेछ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२(२) मा संविधान सभा अदालतबाहेक नेपालका अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहत हुनेछन् । सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तै धारा ११२ मा प्रधान न्यायाधीशको जिम्मेवारी अन्तर्गत मुलुकको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुनेछ र सो प्रयोजनको लागि निजले यस संविधान तथा अन्य कानूनको अधीनमा रही सर्वोच्च अदालत तथा मातहतका अदालतलाई आवश्यक निर्देशन दिन सक्नेछ भनी उल्लेख भएको पाइन्छ ।

न्याय प्रशासन ऐन, २०४८ को दफा २० मा पुनरावेदन सुन्ने अदालतले आफ्नो मातहतको अदालत र आफूले पुनरावेदन सुन्ने निकाय वा अधिकारीको कार्यालयको वर्षमा कम्तिमा एक पटक निरीक्षण गर्नुपर्छ भन्ने उल्लेख गरेको पाइन्छ ।[१५] उक्त व्यवस्थाको कार्यान्वयन स्वरुप उपल्लो तहको अदालतबाट तल्लो तहको अदालत वा

१३. Rule 10 of Rules of the Supreme Court of the United States,2013
१४. See more on: Constitution of India,1949, Part V, Chapter IV and Part VI, Chapter V
१५. न्याय प्रशासन ऐन, २०४८ को दफा २०

अर्द्धन्यायिक निकायको निरीक्षणको लागि न्यायाधीश खटिजाने र निजबाटै निरीक्षण हुने गरेको पाइन्छ । त्यसरी निरीक्षणमा खटिने न्यायाधीशले मातहतको अदालत वा निकाय समक्ष विचाराधीन रहेको मुद्दाहरूमा अवलम्बन गर्नुपर्ने कानून वमोजिमको कार्यविधि अवलम्बन गरिएको छ वा छैन भन्ने सम्बन्धमा जाँचवुझ गरी वेरितको देखिए आवश्यक्तानुसार आदेश समेत गर्न सक्दछ ।[१६]

सोही दफाको उपदफा (३) मा निरीक्षण गर्ने न्यायाधीशले देहायका मुद्दा सम्बन्धी मिसिलहरू अनिवार्य रुपमा निरीक्षण गर्नु पर्ने भनी ४ प्रकारका विषयवस्तु समेटेको पाइन्छ ।[१७] जसअनुसार :

- पूर्पक्षको लागि थुनामा रहेका व्यक्तिको मुद्दा
- पुनरावेदन नपरी अन्तिम भएका मुद्दाहरू मध्येका केही मुद्दाहरू
- पक्षको रुपमा बालक, वृद्ध, महिला वा अपाङ्ग सम्मिलित रहेको मुद्दा र
- सार्वजनिक सरोकार वा महत्वको विषय समावेश भएको मुद्दा ।

उपरोक्त प्रकृतिका मुद्दाहरूका अलावा पनि निरीक्षण गर्ने न्यायाधीशले निरीक्षणका क्रममा विभिन्न अन्य कुराहरूको समेत जाँचबुझ गर्नुपर्दछ भनी उल्लेख भएको पाइन्छ । जसअनुसारः

- फैसला कार्यान्वयन गर्ने काम कानून बमोजिम उचित समयमा भएको छ वा छैन,
- माथिका अदालतहरूबाट भएका आदेश वा निर्देशनहरूको पालना भएको छ वा छैन, र
- दायर रहेको मुद्दामा काम कारवाही सन्तोषजनक ढङ्गबाट भएको छ वा छैन ?

उपरोक्त व्यवस्थाहरूको उल्लेखनबाट के देखिन्छ भने माथिल्लो तहको अदालतबाट हुने निरीक्षण तल्ला तहका अदालत एवम् निकायमा दायर रहेका मुद्दाहरूसँग सम्बन्धित काम कारवाहीहरूको बारेमा जाँचवुझ गर्ने देखिन्छ । सो प्रयोजनका लागि तथा अदालत वा निकायहरूका अन्य कामकारवाहीहरूका बारेमा जानकारी लिनको लागि अन्य सेवाग्राही वा सरोकारवालाहरूसँग समेत बुझ्न सक्ने देखिन्छ ।[१८]

त्यसैगरी सर्वोच्च अदालतले वा पुनरावेदन अदालतले आवश्यकतानुसार मातहतको अदालतको आकस्मिक निरीक्षण गर्न सक्ने[१९] व्यवस्था गर्नुका साथै सबै प्रकारको निरीक्षण सम्पन्न गरिसके पछि सो को प्रतिवेदन सर्वोच्च अदालत तथा न्यायपरिषद समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको पाइन्छ । त्यसरी निरीक्षण प्रतिवेदनबाट कुनै न्यायाधीश वा अधिकारीउपर कुनै कारवाही वा मुद्दा चलाउनु पर्ने देखिएमा सर्वोच्च

---

१६. न्याय प्रशासन ऐन, २०४८ को दफा २०(२)
१७. न्याय प्रशासन ऐन, २०४८ को दफा २०(३)
१८. न्याय प्रशासन ऐन, २०४८ को दफा २०(५)
१९. न्याय प्रशासन ऐन, २०४८ को दफा २१

अदालतले न्याय परिषद् वा सम्बन्धित मन्त्रालयलाई सो कुराको जानकारी दिनुपर्ने[२०] पनि व्यवस्था सोही ऐनमा पाइन्छ ।

यसैगरी न्याय प्रशासनको सुप्रबन्ध एवम् सुव्यवस्थाको लागि मातहतका अदालत, निकाय वा अधिकारीलाई कुनै कुराको निर्देशन दिन आवश्यक छ भन्ने लागेमा सर्वोच्च अदालतले प्रचलित कानूनसँग नबाझिने गरी निर्देशन दिन सक्नेछ र मातहतका अदालत, निकाय वा अधिकारीले त्यस्तो निर्देशनको पालना गर्नुपर्छ[२१] भन्ने व्यवस्था न्याय प्रशासन ऐनमा समेटिएको पाइन्छ ।

न्यायाधीशहरूको कामको मूल्याङ्कन गर्ने परिपाटीलाई न्याय परिषद् ऐनले उल्लेख गर्दै वहाँहरूद्वारा सम्पादित कामको विभिन्न कोणबाट मूल्याङ्कन गर्ने व्यवस्था समेटेको छ । सो व्यवस्थाले न्यायाधीशहरूलाई दण्ड र पुरस्कार दिनको लागि यस्तो निरीक्षण एवम् अनुगमनको निष्कर्ष सहायक सिद्ध हुने देखिन्छ । उक्त व्यवस्थाले न्यायाधीशको कार्य क्षमता वा आचरण मूल्याङ्कन गर्ने विभिन्न आधारहरू उल्लेख गरेको पाइन्छ । सो बमोजिम न्यायपरिषद् ऐन, २०४८ को दफा ४(क) मा संविधानको धारा १०९ को उपधारा (१०) को प्रयोजनको लागि न्यायाधीशको कार्यक्षमता वा आचरणको मूल्याङ्कन गर्दा अन्य कुराहरूको अतिरिक्त उपदफा (२), (३) र (४) मा उल्लेख भएका विभिन्न आधार तथा अवस्थाहरूको विधमानता भएमा न्यायाधीशमा कार्यक्षमताको अभाव हुने, तथा विभिन्न अवस्थामा पदीय कर्तव्यको ईमान्दारितापूर्वक पालन नगरेको मानिने तथा केही विशेष अवस्थामा न्यायाधीशको आचरण खराब भएको मानिने भनि विभिन्न परिस्थितिहरूको व्यवस्था गरेको पाइन्छ ।[२२] उपदफा (२), (३) र (४) मा उल्लेखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरूप आफ्नो काम, कारवाई वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाई चलाउन सक्नेछ । तर खराब आचरणको अभियोगमा कारवाही चलाउनको लागि यस उपदफा बमोजिम सचेत गराउन आवश्यक हुने छैन । परिषद्ले उचित र आवश्यक सम्झेमा त्यस्तो अभियोगमा संविधान र यस ऐन बमोजिम सोझै कारवाई चलाउन सक्ने व्यवस्था सोही दफाको उपदफा ५ मा रहेको पाइन्छ ।

उक्त ऐनको दफा ४(ख) मा मुख्य न्यायाधीशले मातहत अदालतहरूको निरीक्षण पश्चात निरीक्षण र मूल्याङ्कन प्रतिवेदन न्यायपरिषद् सचिबालय समक्ष न्यायाधीशहरूको हाजिरी, वर्षभरीमा गरेका फैसला, फैसला उल्टी भएमा सो को विवरण तथा अदालत व्यवस्थापनमा न्यायाधीशको भूमिका जस्ता कुराहरू उल्लेख गरी प्रतिवेदन दिनुपर्ने र सो प्रतिवेदनलाई समेत परिषद्ले मूल्याङ्कनको आधार बनाउनुपर्ने व्यवस्था समेटिएको पाइन्छ ।

---

२०. न्याय प्रशासन ऐन,२०४८ को दफा २२

२१. न्याय प्रशासन ऐन, २०४८ को दफा ३०

२२. न्याय परिषद ऐन,२०४८ को दफा ४क

मुलुकी ऐन अदालती बन्दोवस्तको महलको १७ नं.को व्यवस्था मातहतका अड्डामा परेको मुद्दामामिलाको काम कारवाहीमा म्याद नाघेको वा वेरित भएको छ भन्ने उजुर परेमा सो सम्बन्धमा बुझि म्याद नाघेको वा वेरित देखिएमा कानून बमोजिम गर्न लगाउनुपर्ने उल्लेख रहेको पाइन्छ । त्यस्तै गरी सोही महलको १४ नं. ले मुद्दा फछ्र्यौट गर्नुपर्ने समयावधि निश्चित गरेको छ र सो समयावधि भित्र फैसला गर्न नसकिएको कुनै कारण परेमा सोही महलको १५ नं. ले सो व्यहोरा पुनरावेदन सुन्ने निकायमा जाहेर गर्नुपर्ने र सो अड्डाले जाँच्दा पनि अड्काउ मनासिब देखिए एक महिनासम्म म्याद थप आफैले दिने र सोभन्दा बढी दिन पर्ने भए आफूभन्दा माथिल्लो तहमा जाहेर गरेर म्याद लिनुपर्ने व्यवस्था गरेको पाइन्छ ।[२३]

यस्तै पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ९५ र ९६ मा मातहत अदालत वा निकायको निरीक्षण गर्ने व्यवस्था उल्लेख गरेको पाइन्छ । त्यसरी निरीक्षण गर्न जाने न्यायाधीशले न्याय प्रशासन ऐन, २०४८ को दफा २० ले उल्लेख गरेका कुराहरूको अतिरिक्त निम्न कुराहरूको समेत जाँच गर्नुपर्ने व्यवस्था समेटेको देखिन्छ ।[२४]

- मुलतवी रहेका मुद्दाहरू,
- मुलतवी कानून बमोजिम राखिएको हो वा होईन ? मुल्तवी जगाउने काम यथा समयमा भएको छ वा छैन ?
- मिसिल, दर्ता किताब तथा अन्य लिखतहरू रितपूर्वक र व्यवस्थित ढंगबाट राखिएको छ वा छैन ?
- कोर्ट फि, टिकट दस्तुर कानून बमोजिम लिएको छ वा छैन ?
- दायरी र छिनुवा मिसिल सुरक्षित राखिएको छ वा छैन ?
- मिसिलमा रीतपूर्वक टिपोट किताब र तायदाती फाराम संलग्न गरिएको छ वा छैन ?
- तायदाती फाराम सबै लिखतहरूको विवरण जनाई दुरुस्त राखिएको छ वा छैन ?
- कानूनका पुस्तकहरू चाहिने जति र सुरक्षित राखिएको छ वा छैन ?
- फैसला कार्यान्वयन सम्बन्धी निर्देशन र परिपत्र बमोजिमको काम समयमा सम्पन्न भएको छ, छैन ?
- जिल्ला अदालतको लगत फछ्र्यौट समितिबाट भएको लगत कट्टाको काम कानून बमोजिम भएको छ वा छैन ?
- परिपत्रहरू सालवसाली र पटके छुट्याई पन्जिका बनाई दुरुस्त राखिएको छ वा छैन ?

२३. हेर्नुहोस मुलुकी ऐन, २०२०, अ.व. १४, १५ र १७ नंम्बरहरू
२४. पुनरावेदन अदालत नियमावली, नियम ९६

- पुनरावेदन परेको सम्बन्धी मिसिल र प्रमाणको मिसिल यथासमयमा पठाएको छ वा छैन ?
- म्याद तामेली सम्बन्धी व्यवस्था ठीकसँग सञ्चालन भएको छ वा छैन ?
- कानूनको म्यादभित्र म्याद तामेल भएको छ वा छैन ?
- दर्ता चलानी फाँटको काम यथासमयमा फछ्र्यौट भएको छ वा छैन ?

उपरोक्त व्यवस्थाहरूको अतिरिक्त कार्यसञ्चालन गर्ने अदालत समेत नियमित रुपमा आफ्ना अदालतमा दर्ता भएका मुद्दा सम्बन्धी मिसिलको वर्षमा कम्तिमा २ पटक आन्तरिक निरीक्षण गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको पाइन्छ।[२५] मिसिलको आन्तरिक निरीक्षण गर्ने कार्य सम्बन्धित फाँटको सुपरिवेक्षक, रजिष्ट्रार वा निजले तोकेको अधिकारीले वा कतिपय अवस्थामा आन्तरिक निरीक्षणको लागि न्यायाधीश खटिएमा निजद्वारा उक्त कार्य सम्पन्न गर्न सकिने उल्लेख छ।[२६] यसरी निरीक्षण गर्ने निरीक्षणकर्ताले अन्य कुराहरूका अतिरिक्त निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ :-[२७]

- ऐन, नियमले निर्दिष्ट गरे बमोजिमको काम, कारवाही समयमा सम्पन्न भएको छ, छैन ?
- आदेशानुसारको काम कारवाही समयमा भएको छ, छैन ?
- म्याद तामेली वा म्याद तारेख मिलेको छ, छैन ?
- अंग पुगिसकेपछि मुद्दा पेशी चढाएको छ, छैन ?
- मिसिलमा हुनुपर्ने कागजातहरू अद्यावधिक छ, छैन ?
- एउटै त्रुटी पटक-पटक दोहोरिएको छ, छैन ?

निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, मूल्याङ्कनका सम्बन्धमा भएका उपरोक्त कानूनी व्यवस्थाको अलावा न्यायपालिकाको समग्र स्थितिमा गुणात्मक सुधार ल्याउँदै स्वतन्त्र, सक्षम, पहुँचयोग्य, जनविश्वासी संस्थाको रुपमा अदालतलाई अगाडी वढाउन सकियोस भन्ने सङ्कल्पसाथ अस्तित्वमा आएको न्यायपालिकाको रणनीतिक योजनाले पनि निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई प्राथमिकताका साथ उठाएको पाइन्छ। निरीक्षण, अनुगमन मूल्याङ्कन गर्ने कार्यले कतै स्वतन्त्र न्यायपालिकाको संस्थागत एवम् कार्यगत स्वतन्त्रतामा त आँच पुग्दैन भन्ने तर्फ सचेत रहदै मातहतका अदालतहरूलाई अझ बढी जिम्मेवार एवम् जबाफदेही वनाई भएका काम कारवाहीहरू अझ बढी पारदर्शी बनाउन तथा उत्तरदायित्व एवम् जिम्मेवारी बोध गराई जन विश्वास आर्जन गरी वान्छित नतिजा हासिल गर्न सुपरिवेक्षण, अनुगमन एवम् मूल्याङ्कन आवश्यक रहेको भनी न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजनाले

२५. सर्वोच्च अदालत नियमावली, नियम १०४क
२६. सर्वोच्च अदालत नियमावली, अनुसूची ११
२७. सर्वोच्च अदालत नियमावली, २०४९, पुनरावेदन अदालत नियमावली, २०४८ र जिल्ला अदालत नियमावली, २०४९ को अनुसूची ११

आत्मसात गरेको देखिन्छ ।[२८]

त्यसैगरी न्यायपालिकाको दोश्रो पञ्चवर्षीय रणनैतिक योजनाले सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन गर्ने विषयवस्तुलाई प्रथम योजनाले दिएको महत्वभन्दा अरु बढी महत्व दिई न्यायपालिकाले गर्ने प्रमुख ३ वटा कार्यमध्ये एउटामा यसलाई पारेको देखिन्छ ।[२९] यस व्यवस्थाबाट यस योजनाले न्यायपालिकाले आफ्नो उद्देश्य, लक्ष्य एवम् ऐन नियमले निर्दिष्ट गरेका विशिष्ट जिम्मेवारीहरू सम्पादन गर्न सफल भयो कि भएन भनेर नतिजाको आधारमा विश्लेषण गर्नको लागि नै सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन कार्यलाई प्राथमिकता दिएको महसुस गर्न सकिन्छ । यस योजनाले सुपरिवेक्षण तथा अनुगमनको कार्य अन्तर्गत मिसिलको आन्तरिक निरीक्षण तथा मातहतका अदालत एवम् निकायहरूको निरीक्षण गर्ने कार्यलाई समेटेको पाइन्छ । सो प्रयोजनको लागि निरीक्षण एवम् सुपरिवेक्षण संयन्त्रको सुदृढीकरण गर्ने, सूचनाप्रविधिको प्रयोग गरी स्वचालित अनुगमन प्रणालीको विकास गर्ने, निरीक्षण तथा अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने, निरीक्षण तथा अनुगमन सम्बन्धी कार्यको तथ्याङ्क संग्रह पद्धतिको विकास गर्ने र निरीक्षण तथा सुपरिवेक्षणलाई वृत्ति विकाससँग आबद्ध गर्ने जस्ता रणनीतिहरू अवलम्बन गर्ने जमर्को गरेको छ ।[३०]

अदालतकै निरीक्षण सम्बन्धमा प्रशासकीय निरीक्षण गर्ने कार्य सर्वोच्च अदालतको रजिष्ट्रार एवम् पुनरावेदन अदालतका रजिष्ट्रारहरूबाट हुने व्यवस्था गरेको पाइन्छ । प्रधान न्यायाधीशले दिएको विशेष वा सामान्य निर्देशनका अधीनमा सर्वोच्च अदालतका कर्मचारी र प्रशासकीय व्यवस्थाको रेखदेख र नियन्त्रण गर्ने काम, कर्तव्य रजिष्ट्रारको हुने ।[३१] त्यसैगरी सर्वोच्च अदालतको सामान्य वा विशेष निर्देशनको अधीनमा रही अदालतको प्रशासकीय कामको सामान्य रेखदेख गर्ने र मातहतका अदालत वा निकायहरूको नियन्त्रण गर्ने काम मुख्य न्यायाधीशको हुने । तथा मुख्य न्यायाधीशको सामान्य नियन्त्रणमा रही अदालतको प्रशासन सम्बन्धी कामको जिम्मेवारी रजिष्ट्रारको हुने ।[३२] भनी उल्लेख गरेको पाइन्छ । मातहत अदालतको कर्मचारी, जिन्सी तथा प्रशासकीय व्यवस्थाको निरीक्षण गरी व्यवस्थित गर्ने गराउने जिम्मेवारी एवम् अधिकार सर्वोच्च अदालतको रजिष्ट्रारलाई हुने भनी उल्लेख भएको पाइन्छ ।[३३]

---

२८. न्यायपालिकाको प्रथम रणनैतिक योजना २०६०।६१-०६४।६५, सर्वोच्च अदालत नेपाल पृ. ७७

२९. हेर्नुहोस न्यायपालिकाको दोश्रो रणनीतिक योजना २०६६।६७ -०७०।७१ का मूल कार्यहरू जस्मा पहिलो नम्बरमा न्याय निरोपण गर्ने, दोस्रो नम्बरमा फैसला कार्यान्वयन गर्ने तथा तेस्रो नम्बरमा सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई पारेको पाइन्छ ।

३०. न्यायपालिकाको दोश्रो पञ्चवर्षीय रणनैतिक योजना २०६६।६७ -०७०।७१, सर्वोच्च अदालत नेपाल पृ. ६८

३१. सर्वोच्च अदालत नियमावली,२०४९ नियम १५(१) (ढ)

३२. हेर्नुहोस् पुनरावेदन अदालत नियमावली,२०४८को नियम ३(१) र नियम १४

३३. सर्वोच्च अदालत नियमावली,२०४९ को नियम १५(ण)

सो का अलावा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार हरेक कार्यालयको प्रमुखले वर्षमा कम्तिमा एकपटक आफैले जिन्सी मालसामानको निरीक्षण गरी जिन्सी किताबमा आम्दानी बाधिएको छ वा छैन ? मालसामानको संरक्षण र संभार राम्रोसँग भएको छ वा छैन ? के कति सामान मर्मत संभार गर्नुपर्ने, के कति लिलाम गर्नुपर्ने छन् ? आदि कुराहरूको स्थिति खुलाउनुपर्ने तथा जिन्सी हिनामिना हुन नदिने जिम्मेवारी सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने भनी उल्लेख भएको पाइन्छ ।[३४]

पहिलो पञ्चवर्षीय रणनीतिक योजनाको शुरुवातसँगै परम्परागत रुपमा मापन गर्न नसकिने अवस्थाका अदालतका काम कारवाहीहरूलाई मापन गर्न सकिने सूचकहरू विकास गरी लक्ष्य एवम् उद्देश्य किटान गरी सोही आधारमा अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई आत्मसात गरिएको पाइन्छ । यसै क्रममा सर्वोच्च अदालतमा अनुगमन तथा निरीक्षण महाशाखा एवम् हरेक पुनरावेदन अदालतमा अनुगमन तथा निरीक्षण शाखाको स्थापना भैसकेको पाइन्छ ।[३५] सो का अलावा सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट गरिने मातहत अदालत र निकायहरूको निरीक्षण सम्बन्धमा भएका कानूनी व्यवस्थाहरू, योजनाले निर्धारण गरेको लक्ष्य र कार्यनीतिहरू, न्यायाधीशले पालन गर्नुपर्ने आचरणहरू, निरीक्षणका क्रममा हेर्नुपर्ने विषयहरू तथा निरीक्षण सम्बन्धी निर्देशन र परिपत्रहरू समावेश गरी निरीक्षण निर्देशिका तयारीको क्रममा रहेको पाइन्छ ।[३६] सरकारी कार्यालय निरीक्षण सम्बन्धी पूरानो नियमावलीलाई खारेज गरेको सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०६५ ले प्रत्येक सचिवले, विभागिय प्रमुखले र कार्यालय प्रमुखले नियमित रुपमा तथा वर्षको कम्तिमा एकपटक आफ्नो कार्यालय तथा मातहतका कार्यालयहरूको आफैले वा आफूले अख्तियार सुम्पेको कुनै कर्मचारीद्वारा समेत निरीक्षण गर्नु गराउनु पर्छ भनी उल्लेख पाइन्छ ।[३७]

## सर्वोच्च अदालत अनुगमन तथा निरीक्षण महाशाखाको भूमिका

सर्वोच्च अदालत नियमावली अनुसार स्थापना भएको यस महाशाखाको जिम्मेवारीको क्षेत्रमा निरीक्षण तथा अनुगमन गर्ने, अभिलेख व्यवस्थापन गर्ने र सूचना प्रविधि सम्बन्धी कामहरूको रेखदेख एवम् संयोजन गर्ने भन्ने उल्लेख रहेको पाइन्छ ।[३८] उपरोक्त कार्यहरू सम्पादन गर्ने सन्दर्भमा मातहत अदालतहरूको निरीक्षण तथा अनुगमन गर्नको लागि सर्वोच्च अदालतबाट खटि जाने माननीय न्यायाधीशज्यूहरूलाई आवश्यक

---

३४. हेर्नुहोस आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५१ तथा ४६

३५. न्यायपालिकाको दोस्रो राणनीतिक योजना. पृ. ३९

३६. ऐ.ऐ.

३७. सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली, २०६५ नियमहरू ४,५,६ तथा ४०

३८. सर्वोच्च अदालत नियमावली,२०४९, नियम ११५

पर्ने तथ्याकं एवम् सूचनाहरूको उपलब्धताका साथसाथै सो कार्यको संयोजन एवम् समन्वयय गर्ने कार्य समेत गर्ने गरेको पाइन्छ । त्यसैगरी सर्वोच्च अदालतमा रहेका विभिन्न शाखाहरूको काम कारवाहीको अनुगमन, निरीक्षण गर्नुका साथै अदालतमा दर्ता रहेका मिसिलहरूको नियमित रुपमा आन्तरिक निरीक्षण गर्ने जिम्मेवारी तोकिएको देखिन्छ ।

उपरोक्त बमोजिमका कार्यहरूको अलावा यस महाशाखाले सर्वोच्च अदालत तथा अन्य मातहतका अदालतहरूको प्रशासनिक एवम् अन्य व्यवस्थापकीय काम कारवाहीको निरीक्षण अनुगमन गर्ने प्रयोजनका लागि विभिन्न १५ वटा बुँदाहरू औल्याएको पाइन्छ । जसअनुसार निम्न कुराहरूलाई प्राथमिकता राखी अनुगमन तथा निरीक्षणको कार्य गर्ने गरेको पाइन्छ :

- न्याय क्षेत्र समन्वय समितिको गतिविधि
- अभिलेख व्यवस्थापन सम्बन्धी
- पूराना निरीक्षण निर्देशनको परिपालना एवम् कार्यान्वयन
- निरन्तर सुनुवाई सम्बन्धी व्यवस्थाको कार्यान्वयन
- म्याद तामेली र तामेलदारको कार्यको अवस्था
- कर्मचारीको उपस्थिति तथा नियमितता
- २ वर्ष पूराना मुद्दाहरूको स्थिति
- वैतनिक कानून व्यवसायीको प्रभावकारिता
- अदालतका जिन्सी सामानको व्यवस्थापन आदि ।

## निरीक्षण निर्देशनको प्रयोग, पालना र कार्यान्वयनको अवस्था

माथि नै चर्चा गरिएझै निरीक्षण गर्ने कार्य भित्र मिसिलहरूको आन्तरिक निरीक्षण गर्ने कार्य र मातहत अदालत वा निकायहरूको निरीक्षण गर्ने कार्यलाई समेटिएको र दुबै प्रकारको निरीक्षण पश्चात निरीक्षणकर्ताले आफ्नो जाँचवुझबाट देखिएको कुरा औल्याएर दिने निर्देशनलाई निरीक्षण निर्देशन भनिन्छ । आन्तरिक निरीक्षण गर्ने निरीक्षणकर्ताले सामान्यतया छुट्टै प्रतिवेदन पेश गर्ने नभई मिसिल संलग्न रहेको फाराममा के के काम गर्नुपर्ने देखिन्छ, साथै कार्यविधिगत कुरामा केही सुझाव भए औंल्याउने गरेको पाइन्छ । त्यसरी निरीक्षणकर्ताले के के निरीक्षण गर्ने, कसरी निरीक्षणकर्ताले आदेशानुसारको काम कारवाही समयमा भएको छ, छैन, म्याद तामेली, म्याद तारेख सम्बन्धी कुराहरू, मिसिलको अंग पुगे नपुगेको तथा मिसिलमा हुनुपर्ने कागजातहरू भए नभएको आदि जस्ता कुराहरू हेरी निर्देशन दिनुपर्ने हुन्छ ।[३९] अदालत सम्बन्धी नियमावलीले आन्तरिक निरीक्षण वर्षमा कम्तिमा २ पटक गर्ने भनी उल्लेख गरेको तथा न्यायपालिकाको रणनीतिक योजनाले

३९. सर्वोच्च अदालत नियमावली, २०४९, अनुसूची ११, द्रष्टव्य २,

यसलाई मूल कार्य अन्तर्गत राखेको हुँदा उक्त व्यवस्थाको उचित मात्रामा कार्यान्वयन भएको देखिन्छ । दोश्रो पञ्चवर्षीय रणनैतिक योजनाको मध्यावधी मूल्याङ्कनले सबै तहका अदालतहरूमा गरेर ३,५२,११६ थान मिसिलहरू रहेकोमा १,२१,९७९ थान मिसिलहरूमा १ पटक र ८१,५९१ थान मिसिलहरूमा २ पटक आन्तरिक निरीक्षण भएको तथ्याङ्क पाइन्छ ।[४०] प्रतिशतका हिसावले हेर्दा जम्मा ३४.६४% मिसिलहरूको १ पटक र २३.१७% मिसिलहरूको २ पटक निरीक्षण भएको देखिन्छ । अदालतगत हर्दा सबैभन्दा कम प्रतिशत निरीक्षण सर्वोच्च अदालतमा भएको देखिन्छ । जहाँ कूल मिसिल ४८३०३ मध्ये जम्मा ६६७५ वटा मिसिलहरूको एक पटक निरीक्षण भएको छ भने दुई पटक निरीक्षण भएको मिसिल संख्या शून्य रहेको तथ्याङ्कले देखाउछ ।[४१]

वर्षको कम्तिमा एक पटक आफूले पुनरावेदन सुन्ने न्यायिक एवम् अर्द्धन्यायिक निकायको निरीक्षण गर्नुपर्ने कानूनी व्यवस्थालाई सम्भव भएसम्म कार्यान्वयन गरिएको पाइन्छ । दोश्रो रणनीतिक योजनाले सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन गर्ने कार्यलाई मूल कार्य मानिसकेपछि अदालतहरूका वार्षिक कार्यान्वयन योजनामा मातहतका निकायहरूको निरीक्षण गर्ने कामले प्राथमिकता पाएको र सोही आधारमा नै मूल्याङ्कन हुने परिपाटी विस्तारै विकास हुँदै आएको देखिन्छ । निरीक्षण तथा अनुगमन गर्ने कार्यको लागि सर्वोच्च अदालतका न्यायाधीशहरूलाई तथा पुनरावेदन अदालतका न्यायाधीशहरूलाई मातहतको क्षेत्रगत जिम्मेवारी तोकेर शुरुबाटै उक्त कार्यको लागि तोकिएको न्यायाधीश नै जबाफदेही हुने कामको थालनी भैसकेको छ । विगतमा नेपालमा भएको द्वन्द्वको कारणले यो काम कतिपय क्षेत्रमा प्रभावकारी रुपमा हुन नसकेको[४२] भएपनि सो उप्रान्त यो कामले निरन्तरता पाएको र विस्तारै संस्थागत भएको पाइन्छ ।

देशभर कतिवटा निकायको निरीक्षण गर्नुपर्ने रहेछ त भनि हेर्दा सर्वोच्च अदालतले २३ वटा निकायको निरीक्षण गर्नुपर्ने देखिन्छ भने सोह्र वटा पुनरावेदन अदालतहरूले आफू मातहतका अदालत, निकाय एवम् कारागारहरू गरी कूल ४५० वटा निकायको निरीक्षण एवम् अनुगमन गर्नुपर्ने हुन्छ । सर्वोच्च र पुनरावेदन अदालतहरूले कुल निरीक्षण गर्नुपर्ने निकाय तथा अदालतहरूको संख्या ४७३ रहेकोमा दोश्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनसम्म आईपुग्दा आ.व. २०६६/६७ मा ३८१ वटा, आ.व. २०६७/६८ मा ४२३ वटा निकायहरूको निरीक्षण तथा अनुगमन भएको देखिन्छ ।[४३]

४०. न्यायपालिकाको दोश्रो पञ्चवर्षीय रणनैतिक योजनाको मध्यावधि मूल्याङ्कन पृ. ३१-३२
४१. ऐ.ऐ.
४२. ऐ.ऐ. पृ. iii
४३. ऐ.ऐ. पृ. ३२

निरीक्षणका क्रममा मुद्दामा कानून बमोजिम हुनुपर्ने काम नभएको वा नहुनुपर्ने काम भएको देखिएमा वा अदालतको समग्र व्यवस्थापनमा सुधार गर्नुपर्ने कुनै कुरा भए सो समेत उल्लेख गरी अदालतको काम कारवाही पारदर्शी, चुस्त दुरुस्त वनाई सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गरी विश्वास आर्जन गर्न आवश्यक हुने प्रकृतिका काम कारवाही अगाडि बढाउनु भनि निर्देशन दिने गरिएको पाइन्छ। यसरी निर्देशन दिईएकोमा ती निर्देशनहरूको कार्यान्वयन गर्नु प्रत्येक अदालत र निकायको कर्तव्य हुन आउँछ। यसै सम्बन्धमा यस्ता निर्देशनहरूको कार्यान्वयनको स्थिति हेर्दा दोश्रो पञ्चवर्षीय रणनैतिक योजनाको मध्यावधि मूल्याङ्कन अवधि सम्म पटक पटक गरेर कूल १०११ वटा अदालत एवम् निकायहरूको निरीक्षण गरि कुल ३१९८ वटा निर्देशनहरू दिईएको देखिन्छ। ती निर्देशनहरू मध्ये कूल २६४१ वटा निर्देशनहरू मूल्याङ्कनको अवधिसम्म कार्यान्वयन भई ५५७ थान निर्देशनहरू कार्यान्वयन हुन् बाँकी रहेको पाइन्छ।[४४] उपरोक्त निर्देशनहरू मध्ये कस्ता प्रकृतिका निर्देशनहरू कार्यान्वयन भए वा कस्ता प्रकृतिका निर्देशनहरू कार्यान्वयन हुन नसकेको हुन भन्ने सन्दर्भमा विषयगत निर्देशनको सन्दर्भमा मूल्याङ्कन भएको नपाईएकाले सो तर्फ चर्चा गर्न सकिएन।

## समस्या र चुनौतीहरू

न्यायिक काम कारवाहीलाई चुस्त दुरुस्त राख्न तथा मातहत अदालत, न्यायाधिकरण तथा अर्द्धन्यायिक निकायहरूको काम कारवाहीमा प्रभावकारिता ल्याउने उद्देश्य साथ निरीक्षण एवम् अनुगमन मूल्याङ्कन गर्ने परिपाटी एवम् सयन्त्रको विकास गर्न आवश्यक भएको हुँदा ऐन, नियमहरूमा यस सम्बन्धी व्यवस्था गरिएको पाइन्छ।[४५] सोहि बमोजिम निरीक्षण एवम् सुपरिवेक्षण गर्ने कार्यलाई न्यायपालिकाको रणनैतिक योजनाले पनि उचित स्थान दिएको देखिन्छ।[४६] यति हुँदा हुँदै पनि सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन गर्ने कार्यमा कमी कमजोरीहरू तथा चुनौती एवम् समस्याहरू रहेको पाइन्छ। यी समस्याहरूलाई वुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

- न्यायपालिकामा सुपरिवेक्षण, निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको कार्य खास अर्थमा न्यायिक जबाफदेहिता एवम् उत्तरदायित्व प्रबर्द्धन गर्न आवश्यक हुन्छ। तर कतिपय विद्वानहरूले न्यायपालिकाका काम कारवाहीमा सुपरिवेक्षण तथा अनुगमन गर्ने जस्ता कार्यले न्यायिक स्वतन्त्रता (Judicial Independence) लाई निस्तेज पार्दै न्यायिक उत्तरदायित्व (Judicial Accountability) लाई मात्र बढी महत्व दिन खोजेको त छैन भन्ने कुरातर्फ पनि ध्यान दिनुपर्ने हुन्छ

४४. ऐ.ऐ.पृ. ३३

४५. निरीक्षण तथा अनुगमन निर्देशिका, २०७०, (प्रस्तावित), सर्वोच्च अदालत, पृ. १

४६. अदालतले गर्नुपर्ने ३ वटा मूल कार्य अन्तर्गत एउटा कार्यमा यस्लाई राखेको हुँदा यसलाई महत्व दिएको देखिन्छ।

भनेका छन् ।[४७] यसका साथै निरीक्षण, अनुगमन, मूल्याङ्कन व्यवस्थापकीय साधन भएकाले माथिल्लो तहका न्यायाधीशले यी साधनहरूको प्रयोग गरेको भएपनि मातहत अदालतहरूले न्याय निस्पादन गर्ने क्रममा गरेका आदेशहरूलाई निरीक्षणको रोहबाट हेरिनु कति उचित हो, निरीक्षणको कार्य न्यायिक कार्य हो वा माथिल्लो तहको न्यायाधीशबाट हुने व्यवस्थापकीय कार्य हो ? भिन्नता प्रष्ट हुन जरुरी देखिन्छ ।

- नेपालको न्यायपालिकाले अंगिकार गरेको पद्धति निरीक्षण तथा सुपरिवेक्षण गर्ने भन्ने सम्म रहेको देखिन्छ ।[४८] निरीक्षण र सुपरिवेक्षण वा अनुगमन गर्ने कार्यसँग मूल्याङ्कन गर्ने परिपाटी पनि विकास हुन जरुरी देखिन्छ । चाहे मिसिलहरूको आन्तरिक निरीक्षण गर्दा देखिएका कमि कमजोरीका आधारमा सम्बन्धित कर्मचारीको मूल्याङ्कन गर्ने होस वा मातहतको अदालत निरीक्षणका क्रममा देखिएका कमी कमजोरीको आधारमा मातहतका पदाधिकारीको मूल्याङ्कन गरेर सो लाई वृत्ति विकास सँग tie-up गर्न नसके सम्म सुपरिवेक्षण निरीक्षण अनुगमनले मात्र सोचे अनुरुपको प्रतिफल नदिन सक्छ । निरीक्षण पश्चात मातहतका न्यायाधीशहरूको मूल्याङ्कन फाराम भरेर न्यायपरिषद समक्ष पठाउने गरिएपनि सो मूल्याङ्कनलाई औपचारिकतामा सीमित गरिएको पाइन्छ ।
- अवको रणनीति न्यायपालिकाको काम कारवाहीमा संख्यात्मकभन्दा गुणात्मक परिवर्तन गराउने तर्फ लक्षित हुन जरुरी देखिन्छ । गुणात्मक परिवर्तनका लागि गुण मापन गर्ने प्रकृतिको मापदण्ड एवम् सूचकहरूको विकास गर्दै सोही आधारमा निरीक्षण, अनुगमन, सुपरिवेक्षण एवम् मूल्याङ्कनको कार्य गर्नुपर्दछ । जस्तो, उदाहरणको लागि Costs, Performance र Management यी ३ वटा आधार हरूमा अनुगमन तथा सुपरिवेक्षण गर्नुका साथै Result (Impact/ Outcomes) का आधारमा मूल्याङ्कन गरिनुपर्नेमा सो हुने गरेको पाईदैन ।
- निरीक्षण एवम् अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक बनाउनको लागि Data Collection (तथ्याङ्क सङ्कलन) लाई समेत भरपर्दो एवम् विश्वसनीय बनाउनु पर्दछ । तर यसको लागि तथ्याङ्क सङ्कलन, प्रशोधन गर्न निपुर्ण भएको जनशक्तिको व्यवस्था अनुगमन, निरीक्षण शाखामा हुन सकेको पाईदैन ।
- कार्यसम्पादनमा खटिने कर्मचारीहरू विशेष गरी तल्लो तहमा कार्यरत जनशक्तिमा न्यायिक एवम् कानूनी ज्ञानको अभाव भएकाले निजहरूको काम कारवाहीमा त्रुटी देखिने गरेको, सो को यथोचित संम्बोधन नगरी अनुगमन, निरीक्षण, मूल्याङ्कन

---

४७. Gar Yein Ng, Marco Velicogna and Cristina Dalara, *Monitoring and evaluation of court Activities and Performance*, International Journal for Court Administration, Jan 2008, at p 61

४८. न्याय प्रशासन ऐन, २०४८, सर्वोच्च अदालत नियमावली, २०४९ र पुनरावेदन अदालत नियमावली, २०४८

गर्ने मात्र गरिदा एकांकी मात्र हुने हो कि भन्ने चुनौती रहेको ।

- सुपरिवेक्षण, निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्न खटिने उपल्लो स्तरको न्यायाधीश वा अधिकृतहरूमा समेत अनुगमन मूल्याङ्कन सम्बन्धी प्राविधिक ज्ञानको कतिपय अवस्थामा अभाव रहने देखिएकोले अुनगमन निरीक्षण औपचारिक एवम् कर्मकाण्डी मात्र हुने गरेको देखिन्छ । तसर्थ सो को निराकरणको लागि यथोचित कदम चालेर अगाडी वढ्नुपर्ने देखिन्छ ।
- सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन गर्ने संरचनागत संयन्त्र सर्वोच्च अदालतमा प्रभावकारी भएपनि पुनरावेदन अदालतहरूमा तदर्थवाद बाट गुज्रिएको छ। पुनरावेदन अदालतहरू सर्वोच्च र जिल्ला अदालतहरूबीचको सम्बन्धको सेतु एवम् तल्ला तहकाको लागि सुपरिवेक्षण गर्ने निकाय समेत भएकाले यी अदालतहरूमा पनि स्थायी संयन्त्रहरूको विकास गर्नुपर्ने चुनौती रहेको छ ।
- सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन मूल्याङ्कन गर्ने कार्यलाई सूचना प्रविधिसँग आबद्ध गर्न खोजिएको भएपनि यो कार्य प्रभावकारी देखिएको छैन । आजभोली पनि तल्लो अदालतको प्रगति विवरण थाहा पाउन १ महिना पर्खिनु पर्ने र मासिक प्रतिवेदन प्राप्त भएपछि मात्र मूल्याङ्कन गर्न सकिने परिपाटीमा सुधार आउन जरुरी छ ।
- निरीक्षण अनुगमन पश्चात दिइएका निर्देशनहरूमा समेत एकरुपता पाईदैन । निरीक्षणकर्ताहरूको भिन्न पृष्ठभूमि, कार्यशैली एवम् अनुभवका आधारमा यस्तो समस्या देखिने गरेको पाइन्छ । तसर्थ सो को उचित समयमै निराकारण गर्न सकिएन भने झन ठूलो द्विविधा हुने देखिन्छ । साथै निरीक्षण निर्देशनहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्यले संस्थागत रुप लिन नसकेकोले सो को प्रभावकारी कार्यान्वयन हुन सकेको पाईदैन ।
- सुपरिवेक्षण एवम् निरीक्षणको कार्य सम्पन्न गर्नको लागि भौतिक साधन श्रोतको पनि पर्याप्तता हुनुपर्दछ । त्यसको अभावमा यसले प्रभावकारी परिणाम दिन सक्दैन । तर नेपालको भौगोलिक अवस्थिति एवम् साधन श्रोतको अभावले निरीक्षण कार्य पूर्णरुपमा कार्यान्वयन गर्न सकिएको छैन ।
- स्पष्ट लक्ष्य निर्धारण गरी सो लक्ष्य प्राप्त भए नभएको जाँच्ने Process को र Result को अनुगमन मूल्याङ्कन गर्नुपर्ने सन्दर्भमा हामीले विकास गर्ने सूचकहरू SMART- Simple Measurable, (Achievable) Attainable, Reliable, Time Bound हुनुपर्ने हुन्छ तर सबै अवस्थामा न्यायपालिकामा विकास गरिएका सूचकहरू SMART नहुने गरेको छ जस्ले गर्दा निरीक्षण, अनुगमन, मूल्याङ्कन प्रभावकारी रुपमा गर्न सकिएको छैन । जस्तो उदाहरणको लागि न्यायपालिकाको मुद्दा फछ्र्यौट लक्ष्य वर्षभरिको तय गरिएको हुन्छ तर जिल्ला अदालतहरूमा वेशाख जेष्ठमा दर्ता भएको मुद्दा कुनै पनि अवस्थामा आषाढ महिना भित्र

फछ्र्यौट गर्न सकिदैन भन्ने जान्दा जान्दै पनि सो समयका मुद्दालाई समेत जोडेर लक्ष्य पुगे नपुगेको जाँच्नु व्यवहारिक रुपमा नमिल्दो देखिन्छ ।

- निरीक्षण, सुपरिवेक्षण एवम् अनुगमन तथा मूल्याङ्कन गर्ने सम्बन्धमा भएका सीमित कानूनी व्यवस्थाहरूको समेत प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेको देखिदैन ।
- मिसिलको आन्तरिक निरीक्षण गर्ने कार्यमा सुपरिवेक्षकलेसम्म गर्ने गरेको सोभन्दा माथिल्लो अधिकारी वा न्यायाधीशले अपवादमा मात्र हेर्ने गरेको देखिन्छ ।
- सुशासन ऐन,२०६४ तथा सुशासन नियमावली,२०६५ बमोजिम काम कारवाही हुन सकेका छन् वा छैनन भनेर अनुगमन गरिदैन । जस्तो पारदर्शी व्यवहार, उत्तरदायि एवम् जबाफदेही प्रशासन संयन्त्र छ छैन ? साथै पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था पालन गरे नगरेको, नागरिक वडापत्र लागू गरे नगरेको तथा कार्यान्वयन गरे नगरेको, सार्वजनिक सुनुवाई गरे नगरेको, सूचना प्रविधिलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउने काम भए नभएको आदि जस्ता कुराहरूमा निरीक्षण अनुगमन केन्द्रित हुन नसकेको ।

## समस्या समाधानका उपायहरू

भनिन्छ समाधान बिनाको समस्या नै हुँदैन । केवल सो को लागि ईच्छा शक्ति र उपयुक्त ज्ञान एवम् साधन श्रोतको खाँचो पर्दछ । निरीक्षण, सुपरिवेक्षण, अनुगमन एवम् मूल्याङ्कन सम्बन्धी सीपको न्यायपालिका भित्र प्रयोग गर्दा कतिपय अवस्थामा नीतिगत, कतिपय अवस्थामा संरचनागत, कतिपय अवस्थामा साधन श्रोतको अभाव छ त कतिपय अवस्थामा पर्याप्त ज्ञान सीप क्षमताको कारणले समस्या एवम् चुनौती रहेको तथ्य माथि नै उजागर गरी सकियो । हाम्रो न्यायपालिका अहिले कुन स्थानमा छ र यस्को गन्तव्य के हो भन्ने जस्ता विषयवस्तुका आधारमा यसको लागत, काम कारवाही, सेवाग्राहीलाई पारेको सन्तुष्टि आदि जस्ता विषयवस्तुको सन्र्दभमा तयार पारिएका सूचकहरूका आधारमा निरीक्षण, सुपरिवेक्षण एवम् अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

कतिपय अवस्थामा न्यायपालिकाले लिने उद्देश्य एवम् लक्ष्यहरू परिमाणात्मक रुपमा मापन गर्न कठिनाई हुने गर्दछ, त्यसको मापन कसरी गर्ने ? के त्यो दिशातर्फ न्यायपालिका अग्रसर रहेको छ, वा छैन भन्ने विषय कसरी जाँच्ने भन्ने कुरामा विवाद देखिन सक्छ । जस्तो न्यायपालिकाप्रतिको जनआस्था वृद्धि गर्ने उद्देश्य राखियो भने यसलाई कसरी मापन गर्ने, कति प्रतिशत सकारात्मक जबाफ आएमा जनआस्था वृद्धि भएको मान्ने, हार्ने पक्षले न्यायालयलाई लगाएको आक्षेपले महत्व राख्ने वा नराख्ने तथा कहिल्यै पनि अदालतको सेवा नलिएको व्यक्तिले व्यक्त गरेको धारणालाई कसरी हेर्ने आदि जस्ता विषयहरू यस क्षेत्रमा गरिने सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कनका चुनौतीहरू रहेका छन् ।

त्यसैगरी उत्प्रेरित जनशक्तिले नै संस्थाको लक्ष्य एवम् उद्देश्यलाई हासिल गर्नेतर्फ अग्रसर हुने देखिन्छ। यदि कार्यरत जनशक्तिलाई काम प्रति उत्प्रेरित गराउने कार्य गर्न सकिएन भने त्यस्तो संस्थाले लक्षित उद्देश्य समयमै हासिल गर्ने कुरामा द्विविधा देखिन्छ। के गर्दा उत्प्रेरित हुन्छ के गर्दा उत्प्रेरित हुँदैन भन्ने कुराको पहिचान गरी सो पक्षमा हेर्न सकिएको पाईदैन। मौद्रिक एवम् गैर मौद्रिक दुबै कुराहरू उत्प्रेरणाको लागि त्यत्तिकै आवश्यकता पर्दछ भने दण्ड र पुरस्कारको व्यवस्थाको कार्यान्वयनको महत्वलाई पनि कम आक्न मिल्दैन। यस सन्दर्भमा निरीक्षण सुपरिवेक्षण तथा अनुगमन मूल्याङ्कन गर्ने क्रममा केवल नकारात्मक कुराहरूको टिपोट गरेर सो मात्रै औंल्याउनु कदापि पनि उत्प्रेरणाको सिद्धान्त अनुकूल नहुन सक्छ। तसर्थ असल काम गर्ने न्यायाधीश एवम् कर्मचारीको मुक्त कण्ठले प्रशंसा गर्दै काम कारवाहीमा त्रुटी भएको भए सुधारको लागि सुझाव दिनु उपयुक्त देखिन्छ।

यी माथि उल्लेखित कुराहरूका अलावा सुपरिवेक्षण एवम् अनुगमन, मूल्याङ्कन क्षेत्रमा देखिएका कमी कमजोरीहरू, चुनौतीहरू एवम् समस्याहरूलाई समाधानका लागि निम्न बमोजिमको कदमहरू चाल्नुपर्ने देखिन्छ।

१) मातहत अदालत एवम् अर्द्धन्यायिक निकायहरूको निरीक्षण सुपरिवेक्षण एवम् अनुगमन मूल्याङ्कन गर्न जाने न्यायाधीशहरूसँग निरीक्षण एवम् सुपरिवेक्षण तथा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थापकीय साधनको प्रयोग कुशलतापूर्वक गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्दछ। सो का लागि राष्ट्रिय न्यायिक प्रतिष्ठान जस्ता संस्थाहरूसँग समन्वयय गरी आवश्यक कार्यक्रम सन्चालन गर्नुपर्दछ।

२) निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई सूचना प्रविधिको प्रयोगद्वारा अझ प्रभावकारी एवम् व्यवस्थित बनाउनुपर्ने देखिन्छ। जस्तो उदाहरणको लागि जिल्ला अदालत नियमावली, २०४९ को नियम ८९ मा अदालतमा कुनै लिखत दर्ता गर्न ल्याउने पक्ष वा निजको वारेसको अदालतबाट लागेको कैद, दण्ड, जरिवाना, दशौद आदेशले बाँकी रहेको कोर्ट फि र सरकारी विगो बाँकी छ, छैन सो सम्बन्धमा तहसील शाखाले हेरी भिडाई सो दर्ता गर्न ल्याएको लिखतको पीठमा लेखी प्रमाणित गर्नुपर्ने भन्ने रहेको छ तर सो बमोजिम लगत भिडाउने प्रयोजनको लागि लगतहरू अधावधिक रुपमा सफटवेयरमा प्रविष्टी भएको अवस्थामा कार्यान्वयन गर्न सहज हुन्छ भने सो को आधारमा मातहतका कर्मचारीहरूले काम गरे नगरेको निरीक्षण एवम् मूल्याङ्कन गर्न सहज हुन्छ।

३) निरीक्षण, सुपरिवेक्षण गर्ने कार्यलाई औपचारिकतामा मात्र सीमित नराखी यर्थाथपरक बनाउनुका साथै सो लाई वृत्ति विकासको अवसर सँग पनि हेर्नुपर्ने देखिन्छ। निरीक्षणका क्रममा औंल्याईएका कमि कमजोरी पटक पटक

दोहरयाउने पदाधिकारीलाई कानून बमोजिम दण्ड दिन तथा निरीक्षणबाट उत्कृष्ट कार्य गरेको भनि देखिएको पदाधिकारीलाई पुरस्कार दिन पनि त्यो सहायक सिद्ध हुने व्यवस्था गर्नुपर्दछ ।

४) निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, मूल्याङ्कन सम्बन्धी संयन्त्र तल्लो तहसम्मै प्रभावकारी बनाउनु पर्दछ । निरीक्षण अनुगमन मूल्याङ्कनको महत्व तल्लो तहको अदालत वा निकायले आफूहरूको काम कारवाही सुधार्ने अवसरको रुपमा लिन नसकेसम्म यसको प्रभावकारीता माथि प्रश्न खडा हुन्छ । तसर्थ यस्लाई सकरात्मक हिसाबले ग्रहण गर्ने (Positively Receptive Approach) सँस्कृतिको विकास गर्न सक्नु पर्दछ ।

५) उपल्लो तहका न्यायाधीशहरूबाट हुने निरीक्षण केही हदसम्म संस्थागत भएको पाइएतापनि उपल्लो स्तरको व्यवस्थापन समूह (रजिष्ट्रार एवम् सह रजिष्ट्रार) बाट हुने निरीक्षण एवम् सुपरिवेक्षणको कार्य संस्थागत हुन सकेको पाईदैन, तसर्थ उच्च व्यवस्थापकहरूबाट गरिने सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई समेत नियमित एवम् व्यवस्थित गराउदै लैजान आवश्यक देखिन्छ ।

६) निरीक्षण पश्चात दिइने निरीक्षण निर्देशनहरूमा एकरुपता नभएमा मातहतको अदालत एवम् निकायलाई झन बढी अन्यौलको स्थिति सिर्जना हुन जाने देखिँदा सो सम्बन्धमा ध्यान दिएर एकरुपता कायम गर्न केन्द्रीय तहबाटै निरीक्षण सम्बन्धी कार्यविधिहरूलाई समेटेर दिर्ग्दशन एवम् निर्देशिका बनाएर सोको आधारमा सबै अदालत एवम् निकायहरूको निरीक्षण गर्ने तथा सोही दिर्ग्दशनका आधारमा निर्देशन दिई एकरुपता कायम गर्ने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

७) सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा प्राविधिक जनशक्तिहरू जस्तै ईन्जिनियर, व्यवस्थापनविद्, लेखा विश्लेषकहरू जस्ता दरबन्दी कायम गरी सोही विज्ञ टोलीबाट भौतिक स्रोत साधनको परिचालन, आर्थिक एवम् प्रशासनिक काम कारवाही एवम् योजनाको कार्यान्वयनको स्थितिको जाँचबुझ गर्ने गराउने गरिएमा नतिजा यर्थाथपरक एवम् वास्तविक आउन सक्ने देखिन्छ ।

८) निर्धारण गरिने लक्ष्य एवम् उद्देश्यहरू हासिल भए नभएको जाँचने भनेको सूचकहरूका आधारमा हो । अदालती काम कारवाहीका कतिपय सूचकहरू सजिलै मापन गर्न नसकिने गरेका हुन्छन् । यस सन्र्दभमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन पद्धतिको उच्चतम उपभोग गर्नको लागि विकास गरिने सूचकहरू SMART- Simple, Measuarable, Achievable, Reliable and Time Bound भित्र हासिल गर्न सम्भव हुने खालका बनाउनु पर्दछ । सो भएमा मात्र वास्तविक रुपमा अनुगमन तथा मूल्याङ्कनले लक्षित नतिजा प्रदान गर्न सक्दछ ।

९) परम्परागत रुपमा गरिदै आएको Implementation Based Monitoring and Evaluation (कार्यान्वयनका आधारमा) गर्नुका साटो नतिजा वा असर (Result Based Monitoring and Evaluation) लाई आत्मसात गर्नुपर्दछ। कति खर्च भयो भनेर हेर्नुभन्दा पनि सो खर्चले के असर पार्‍यो वा के उपलब्धी हासिल गर्न सकियो भनेर अनुगमन एवम् मूल्याङ्कन गरिनुपर्दछ र यो पद्धतिको न्यायपालिकामा पनि प्रयोग गर्न जरुरी देखिन्छ।

१०) कर्मचारीहरूको कामको नियमित रुपमा अनुगमन गर्न तथा सो को वस्तुनिष्ठ रुपमा मूल्याङ्कन गर्नको लागि सो पद वा कर्मचारीहरूलाई प्रष्ट रुपमा लिखित कार्य विवरण (Job Description) दिएर कार्यक्षेत्रमा पठाइएको अवस्थामा मात्र मूल्याङ्कन गर्न सहज हुने र कार्य सम्पादन मूल्याङ्कन अझ बढी व्यवहारिक एवम् पारदर्शी हुने देखिएकोले सो बमोजिम कार्य विवरण बनाई लागू गर्न आवश्यक देखिन्छ।

११) सुशासन ऐन, २०६४ तथा सुशासन नियमावली,२०६५ को पूर्ण कार्यान्वयनबाट नै सेवाको गुणस्तर बढनुका साथै न्यायपालिका प्रतिको जनआस्थामा पनि वृद्धि हुने हुनाले सो को प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्दछ।

१२) दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारी रुपमा लागू गरिनुका साथै निरीक्षण निर्देशनलाई वृत्ति विकाससँग जोडेर हेर्ने सँस्कृति विकास गरिनुपर्ने।

१३) मातहत अदालत निरीक्षणको लागि जिम्मेवारी तोकिएको न्यायाधीश उक्त आ.व.को लागि सो मातहत अदालतको र उपल्लो अदालतकोबीचको सम्बन्धको सेतु बनाएर तल्लो अदालतमा सिर्जित समस्यालाई तुरुन्तै समाधान गर्ने पद्धतिको विकास गरिनुपर्दछ।

# राष्ट्रिय न्यायिक प्रतिष्ठानको एक दशकः संक्षिप्त समीक्षा

**श्रीकृष्ण मुल्मी**[♥]

*राष्ट्रिय न्यायिक प्रतिष्ठानले स्थापनाको दश वर्ष पार गरी सक्दा प्रतिष्ठानले प्रतिष्ठानका विभिन्न कार्यक्रमहरूमार्फत नेपालको न्यायपालिकाको सुधारका लागि केही योगदान पक्कै पनि गरेको छ । प्रतिष्ठानको स्थापना पछिको दश वर्षमा धेरै प्रशिक्षण लगायतका क्षमता विकास कार्यक्रमहरू सम्पन्न भइसकेका छन् । विभिन्न स्रोत सामग्री र अनुसन्धानमूलक प्रतिवेदनहरु प्रकाशित भएका छन् । प्रस्तुत लेखमा विगत दश वर्षमा प्रतिष्ठानले सम्पादन गरेका कार्यहरु र त्यसले न्याय प्रशासनमा पुऱ्याएको योगदानको वस्तुगत मूल्याङ्कन गर्ने समय भएको छ । प्रस्तुत लेखमा प्रतिष्ठानको स्थापनाको पृष्ठभूमि, प्रतिष्ठानले सम्पन्न गरेका कार्यक्रमहरू र यसका प्रकृतिहरू, प्रतिष्ठानको अनुसन्धान र प्रकाशन समेतका गतिविधि, प्रतिष्ठानको सहकार्य समेतका विषयमा संक्षिप्त समीक्षा गरिएको छ । साथै यस अवधिमा प्रतिष्ठानले हासिल गरेका उपलब्धिहरू, थप अवसरका बाटाहरू तथा प्रतिष्ठान सामु देखिएका चुनौतीहरूलाई समेत उजागर गर्ने प्रयास गरिएको छ ।*

## १. परिचय

राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना भएको दश वर्ष भई सकेको छ । यस अवधिमा नेपालको न्यायपालिकामा पनि धेरै सुधार प्रयासहरू भएका छन् । न्यायपालिकाको सुधारका धेरै प्रयासहरूमध्ये न्यायाधीश लगायत न्यायिक जनशक्तिको क्षमता विकास पनि एक महत्वपूर्ण विषयवस्तु हो । तर प्रतिष्ठान स्थापना हुनुअघि न्यायिक शिक्षाका लागि प्रतिष्ठानको स्थापना गर्न आवश्यकता छ वा छैन भन्ने बहस रहेको थियो । न्यायिक शिक्षाको आवश्यकता सन्दर्भमा न्याय क्षेत्रमै फरक फरक धारणा रहेको थियो । न्यायिक शिक्षा न्यायिक स्वतन्त्रताको विपरीत हुन्छ भन्ने धारणा थियो । तर हाल आएर न्यायिक शिक्षा र प्रतिष्ठानको आवश्यकताको विषयमा मतैक्यता छ । विश्वभरि नै न्यायिक शिक्षाको आवश्यकता तथा महत्वलाई स्वीकार पनि गरिसकेको छ । विश्वका धेरै देशहरूले न्यायिक शिक्षालाई अवलम्बन गरिसकेका छन् ।[१] नेपालमा प्रतिष्ठानको

♥ उप-निर्देशक, राष्ट्रिय न्याीयक प्रतिष्ठान, नेपाल

१. Judicial Education and Training: Journal of International Organisation for Judicial Training (Ed. Prof Amnon Garni) Vol. 1, No.1, Aug. 2013 p. 9.

स्थापना पछिको दश वर्षको अवधिमा धेरै क्षमता विकास कार्यक्रमहरू सञ्चालन भई सकेका छन्, धेरै प्रकाशनहरू समेत गरी सकेको अवस्था छ। यसको काम कारवाही कसरी प्रभावकारी बनाउने, कस्ता कार्यक्रममा जोड दिने, कस्ता क्षमता विकास कार्यक्रम उपयुक्त हुन्छन्, अनुसन्धान र प्रकाशनहरूलाई कसरी स्तरीय बनाउने भन्ने विषयमा छलफल गर्न सान्दर्भिक रहेको देखिन्छ। तसर्थ यस लेखमा प्रतिष्ठानले विगतका अवधिका सञ्चालन गरेको प्रशिक्षण, अनुसन्धान लगायतका क्षमता विकास कार्यक्रमको उपलब्धि, मूल्याङ्कन लगायत विद्यमान अवस्थामा रहेका चुनौती तथा सुधारका उपायहरू पहिल्याउने प्रयास गरिएको छ।

## २. न्यायिक शिक्षाको आवश्यकता

विश्व विद्यालयको ज्ञान र व्यवहारमा वस्तुस्थिति फरक हुन सक्छ। न्यायाधीश, अधिकृत लगायत अन्य जनशक्तिले धेरै समय अगाडि नै विश्वविद्यालयहरूमा अध्ययन गरेको हुन सक्छन्। समयको अन्तरालमा न्याय सम्बन्धी विधा तथा कानूनको विकासले फड्को मारेको हुन सक्छ र नयाँ विधिशास्त्रको विकास भएको हुन सक्छ। अन्तर्राष्ट्रिय कानूनको क्षेत्रमा नयाँ आयाम थपिएको हुन सक्छ र राज्य पक्ष कायम भएपछि अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन गर्ने सन्दर्भमा अदालतको भूमिकामा फरक आवश्यकता हुन सक्छ।

न्याय भनेको जनताको विश्वासमा अडेको हुन्छ। तर जनविश्वास आर्जन गर्ने विषय न्यायपालिकाको संस्थागत स्वरुप तथा न्यायाधीश तथा कर्मचारीलगायतका ज्ञान तथा सीपमा भर पर्दछ। कतिपय अवस्थामा न्यायपालिकाको परम्परागत प्रचलन वा कार्यशैलीका कारण न्यायपालिकाप्रति नकारात्मक धारणा रहेको हुन सक्छ। जनताले अदालती काम कारवाहीलाई अनावश्यक झन्झटिलो प्रक्रियाको रुपमा लिएको पनि हुन सक्छन्। जनताको विश्वास जित्न न्यायिक प्रक्रिया स्वच्छ, निष्पक्ष, छिटो छरितो तथा सबैको लागि पहुँचयोग्य हुनुपर्दछ। अदालती काम कारवाही पारदर्शी हुनुपर्दछ। नव नियुक्त न्यायाधीश तथा कर्मचारीहरूलाई व्यवहारिक अनुभवको अवसर पाएको हुँदैन। यस्ता विषयहरू कुनै पनि विद्यालय विश्वविद्यालयहरूमा सिक्ने विषय पनि होइन। यो छलफल तथा अनुभवीहरूको अनुभव आदानप्रदानबाट निखार्ने विषय हो।

कानून तथा न्यायको क्षेत्रमा दिन प्रतिदिन विकसित चुनौतीहरूलाई निपट्न नयाँ पद्धतिहरू, अवधारणाहरू र सीपहरूको विकास भएका हुन्छन्, त्यसलाई ग्रहण गर्नु आवश्यक हुन्छ। सरोकारवालाहरूसँग र सहभागीहरूबीच छलफल गर्नु, अनुभवीहरूको अनुभावबाट सिक्नु र उत्तम अभ्यासहरू ग्रहण गर्नु तथा परम्परागत प्रचलन तथा कार्यशैलीलाई सुधार गर्नुपर्ने (Delearining) देखिन्छ। न्यायिक शिक्षाले न्यायाधीश लगायत न्याय क्षेत्रमा काम गर्ने जनशक्तिहरूको कामप्रतिको बफादारिता, उत्तरदायित्वको भावना, आत्मविश्वास र साहसमा अभिवृद्धि गरी न्याय सेबालाई पारदर्शी, प्रभावकारी र चुस्त दुरुस्त गरी जनताको विश्वासलाई जित्न सक्दछ।

## ३. प्रतिष्ठान स्थापनाको पृष्ठभूमि

प्रारम्भमा नेपालमा व्यावसायिक न्यायिक शिक्षा प्रणाली काम गर्दै सिक्दै जाने (Learning by Doing) प्रचलनबाट सुरू भएको हो। त्यसपछि माथिल्लो तहका पदाधिकारीहरूको निर्देशन र सल्लाह अनुसार मातहत कर्मचारीले सिक्दै जानेक्रमको विकास भयो। कानून स्नातक जनशक्ति न्याय सेवामा प्रवेश गर्दै आएपछि कानूनका विश्वविद्यालयबाट हासिल गरेको शिक्षा मात्र व्यावसायिक रूपमा पर्याप्त नहुने कुरा महसुस हुन थाल्यो। फलतः अन्य विकल्पको अभावमा त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), लोक सेवा आयोग, सामान्य प्रशासन मन्त्रालयद्वारा विशेषतः नेपाल प्रशासन सेवाका पदाधिकारीहरूका लागि आयोजित प्रशिक्षण कार्यक्रमहरूमा न्यायाधीश तथा अन्य पदाधिकारीहरूलाई समेत प्रशिक्षणको निमित्त पठाउन थालियो।[२] २०३० को दशकदेखि आयोजना गर्न थालिएको सर्वोच्च अदालतका न्यायाधीशहरू र तत्कालीन क्षेत्रीय अदालतका मुख्य न्यायाधीशहरूको वार्षिक सम्मेलनलाई व्यावसायिक ज्ञान अदान प्रदान गर्ने पहिलो माध्यमको रूपमा लिन सकिन्छ। पछि गएर हरेक दुई वर्षमा विभिन्न क्षेत्र स्थित क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको सम्मेलन आयोजना गर्न थालियो।

यसै क्रममा न्यायाधीश तथा न्याय क्षेत्रका अन्य पदाधिकारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २०३८ सालमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत विभाग स्तरको न्याय सेवा तालिम केन्द्रको स्थापना गरियो। २०४७ सालको संवैधानिक परिवर्तनपछि न्यायाधीशहरूलाई प्रशिक्षणको निमित्त कार्यपालिका अन्तर्गतको उक्त न्याय सेवा तालिम केन्द्रमा पठाउन छाडियो। यसै क्रममा कानून तथा न्याय क्षेत्रको समुचा जनशक्तिलाई प्रशिक्षण प्रदान गर्न एवम् कानूनी एवम् न्यायिक अनुसन्धानको लागि एक साझा संस्थाको आवश्यकता महसुस हुन थाल्यो। सर्वोच्च अदालतको पूर्ण बैठकबाट २०५३ सालतिर राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना गर्ने नीतिगत सहमति भएअनुसार २०५४ सालमा विधेयक मस्यौदा तयार भएको पाइन्छ। यद्यपि आर्थिक र प्राविधिक कठिनाईका कारण केही समय यो काम सम्पन्न हुन सकेन।[३]

प्रारम्भमा न्यायिक प्रतिष्ठान स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोगको लागि सर्वोच्च अदालतमार्फत तत्कालीन नेपाल सरकार समक्ष अनुरोध भएको थियो। नेपाल सरकारले २०५७ सालको प्रारम्भतिर एशियाली विकास बैङ्कबाट सहयोग प्राप्त हुने सम्भावना देखाएको थियो। कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयका अधिकृतहरू, कानून व्यवसायी र एशियाली विकास बैङ्कअन्तर्गत सङ्गठित र वित्तीय शासन परियोजनाका

२. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक पहिलो प्रतिवेदन, २०६१/६२
३. ऐजन

प्रतिनिधि समेतको एक कार्य टोली गठन भयो । उक्त कार्य टोलीको निर्णयानुसार प्रतिष्ठानको सरोकारवाला सम्पूर्ण सम्भावित पक्षहरू र अन्य कानून तथा न्याय क्षेत्रका उच्चस्थ पदाधिकारीहरूसमेत सम्मिलित गोष्ठीमा न्यायिक प्रतिष्ठानको स्थापनाको अवधारणापत्रमा छलफल भएको थियो । अवधारणापत्रमा प्रस्ताव गरिएअनुसार गोष्ठीले राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापना आवश्यक भएको कुरा पारित गरेको थियो ।[४]

यसैबीच शासकीय व्यवस्थामा पारदर्शिता र जबाफदेहिता अभिवृद्धि गर्ने एवम् आर्थिक क्षेत्रका आधारभूत संरचनामा सुधार ल्याउने समेत उद्देश्यले २०५७ पौष ९ गते (२४ डिसेम्बर २०००) मा श्री ५ को सरकार र एसियाली विकास बैंकबीच सङ्गठित र वित्तीय शासन परियोजनासम्बन्धी संझौता (Corporate and Financial Governance [CFG] Project Agreement) सम्पन्न भयो । संझौता अन्तर्गत सङ्गठित शासन र पूँजी बजार, कानूनी कार्यान्वयन संयन्त्र र न्यायिक दक्षता अभिवृद्धि र सूचना तथा सञ्चार प्रविधि विकास गर्ने गरी मुलतः तीनवटा परियोजनाहरू समावेश थिए । राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना कानूनी कार्यान्वयन संयन्त्र र न्यायिक दक्षता अभिवृद्धि (Improving Legal Enforcement Mechanism & Judicial Capacity) परियोजना अन्तर्गत थिए । प्रतिष्ठानको स्थापनापूर्व एशियाली विकास बैंकको परामर्शदाता युनिक्वेष्ट प्रा.लि.को तर्फबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । साथै सर्वोच्च अदालतले उक्त संस्था युनिक्वेष्ट प्रा.लि.सँग सहकार्य गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न तत्कालीन पुनरावेदन अदालतका माननीय न्यायाधीश द्वय श्री कल्याण श्रेष्ठ र श्री केशरीराज पण्डित र कपिलवस्तु जिल्ला अदालतका तत्कालीन माननीय जिल्ला न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराईलाई काजमा खटाइएको थियो । परियोजनाको प्रारम्भिक चरणमा प्रतिष्ठानले भविष्यमा सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रम तर्जुमाको लागि प्रशिक्षण आवश्यकता विश्लेषण, प्रशिक्षक प्रशिक्षण, न्यायाधीश, अदालतका अधिकृतहरू, सरकारी वकीलहरू तथा निजी कानून व्यवसायीहरूको लागि अभिमुखीकरण जस्ता कार्यक्रमहरू परियोजनाको सहयोगमा सञ्चालन भएका थिए ।

## ४. राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना

राष्ट्रिय न्यायिक प्रतिष्ठानको औपचारिक स्थापना राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश २०६० अन्तर्गत मिति २०६० साल चैत्र ४ गते भयो । तत्पश्चात् नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ बमोजिम प्रत्येक छ महिनामा सो अध्यादेश जारी हुँदै आइरहेको थियो । २०६१ साल भाद्रमा प्रतिष्ठानको कार्यकारी निर्देशकमा पुनरावेदन अदालत हेटौडाका तत्कालीन माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको नियुक्ति भयो । उहाँ मुख्य न्यायाधीश हुनु भई सर्वोच्च अदालतमा नियुक्ति भई सकेपछि

४. ऐजन

सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री टोपबहादुर सिंह कार्यकारी निर्देशकको रुपमा नियुक्ति हुनु भयो भने पुनरावेदन अदालतका पूर्व न्यायाधीश एवम् पूर्व महान्यायाधिवक्ता श्री राघव लाल वैद्य कार्यकारी निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ । हाल राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ लागू भएपछि उक्त ऐन बमोजिम प्रतिष्ठान सञ्चालनमा रहेको छ ।

प्रतिष्ठानको आफ्नो भवन निर्माणको लागि श्री ५ को सरकारले मनमैजु बालाजुमा करीव ३५ रोपनी जग्गा सर्वोच्च अदालतको भोगाधिकारमा रहने गरी उपलब्ध गराएको छ । शुरुको प्रतिष्ठानको भवन निर्माण गर्ने ठेकेदारको छनौट नेपाल सरकारद्वारा गठित समितिबाट हुने व्यवस्था गरेको थियो । उक्त प्रतिष्ठानको भवनको संरचनागत डिजाइन तथा ठेक्का सम्बन्धी कागजात तयार गर्ने, बोलपत्र मूल्याङ्कन प्रक्रिया निर्धारण गर्ने, निर्माण कार्यको सुपरिवेक्षण गर्ने समेतका कार्यहरू पनि युनिक्वेष्ट प्रा.लि.लाई तोकिएको थियो । तर समितिले छनौट गरेको निर्माण ठेकेदार एशियाली विकास बैङ्कले रद्द गरयो । त्यसपछि आयोजना अन्तर्गत निर्माण हुने भवन निर्माणको लागि खासै पहल भएन । हाल प्रतिष्ठान निर्माणका लागि जग्गाको रुपरेखा छुट्याउने तथा प्रतिष्ठानको भवनको नक्शा डिजाइन गर्ने कार्यको प्रयास भइरहेको छ ।

प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने र आवश्यकतानुसार प्रतिष्ठानले काठमाडौं उपत्यकाबाहिर पनि कार्यालय खोल्न सक्ने व्यवस्था ऐनले गरेको छ । स्थापनाकालदेखि नै सर्वोच्च अदालतबाट उपलब्ध एनेक्स भवनका केही कोठाहरूबाट प्रतिष्ठानले आफ्नो कार्य सञ्चालन गरी आएकोमा तत्कालका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।१०।२७ को निर्णयानुसार साविकमा निजामती किताबखानाको अभिलेख शाखा रहेको ललितपुरको हरिहरभवनस्थित खाली भवन प्रतिष्ठानलाई भोगाधिकार प्राप्त भयो । प्रतिष्ठानलाई प्राप्त सो भवनलाई प्रतिष्ठानको कार्य प्रकृति र आवश्यकता अनुकूलको हुने गरी पुनर्निर्माण, मर्मत र सुधार गरी यही भवनबाट कार्यालय सञ्चालन र प्रशिक्षण लगायतका सम्पूर्ण कार्यहरू भइरहेका छन् ।

## ५. प्रतिष्ठानका कार्यक्रमहरूको विकास तथा निर्माण

प्रतिष्ठानले आफ्ना सरोकारवाला जनशक्तिहरूलाई लक्षित गरी सेवा प्रवेश प्रशिक्षण, सेवाकालीन प्रशिक्षण, न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम, प्रशिक्षक प्रशिक्षण, कानून र न्यायका नवीनतम् अवधारणा तथा सीपमा आधारित विभिन्न विषयगत प्रशिक्षणहरू जस्तैः मानव अधिकार, लैङ्गिक न्याय, बाल न्याय, रिट क्षेत्राधिकार, वाणिज्य कानून र मेलमिलाप लगायतका विषयहरूमा प्रशिक्षणहरू सञ्चालन गर्ने गरेको छ । त्यस अतिरिक्त प्रतिष्ठानले सेमिनार, कार्यशाला, अन्तरक्रिया र प्रवचन कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ । प्रतिष्ठानले आन्तरिक तथा वाह्य फ्याकल्टीहरूसँगको विस्तृत छलफल तथा सरोकारवाला निकाय र न्यायिक जनशक्तिहरूसँगको निरन्तर परामर्शबाट

आफ्ना कार्यक्रमहरू परिमार्जित र परिष्कृत गर्दै लगेको छ। सरोकारवाला निकायहरूसँग छलफल, प्रशिक्षण आवश्यकता विश्लेषण तथा उपलब्ध सरकारी बजेटको आधारमा तयार गरेको कार्यक्रमहरू प्रतिष्ठान परिषद्बाट स्वीकृत भएपछि वार्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ।

न्याय र कानूनका समसामयिक विषयहरू लक्षित गरी अनुसन्धानमूलक जर्नल, अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तथा स्रोत सामग्री तयार गरी प्रकाशन समेत गर्ने प्रतिष्ठानको दोस्रो महत्वपूर्ण कार्य हो। न्यायिक सुधार तथा प्रशिक्षणलाई प्रभावकारी बनाउन न्यायाधीश लगायतका जनशक्तिहरूको क्षमता तथा दक्षता अभिवृद्धि गर्न त्यस्ता प्रकाशनहरू कानून तथा न्यायिक जनशक्तिहरूलाई वितरण गर्ने र कुनै कुनैमा न्यूनतम् मूल्य कायम गरी बिक्री गर्ने गरिएको छ। प्रतिष्ठानले कानून तथा न्यायिक अध्ययन अनुसन्धानलाई सहज तथा न्यायिक कार्य सम्पादनलाई सहयोग हुन सकोस् भन्ने उद्देश्यले न्यायिक सूचना केन्द्र र कानून पुस्तकालयको स्थापना गरेको छ। साथै प्रतिष्ठानलाई उपलब्ध हुने सीमित अनलाइन रिसोर्सेजहरूलाई इच्छुक न्यायाधीश, सरकारी वकिल तथा अधिकृतलगायत कानून व्यवसायीहरूलाई इमेलमार्फत जानकारी दिने, वितरण गर्ने गरिएको छ।

## ६. प्रशिक्षण कार्यक्रम तथा पाठ्यक्रमहरूको निर्माण

प्रशिक्षण कार्यक्रमहरूको निर्माण वस्तुगत र वैज्ञानिक हुनुपर्दछ। त्यसले जनशक्तिमा भएको मौजुदा ज्ञान सीपमा थप गरी चुस्त दुरुस्त कार्य सम्पादनका लागि आवश्यक ज्ञान सीपको पूर्ति गर्दछ। प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणहरू प्रशिक्षण आवश्यकता विश्लेषणको आधारमा गर्ने गरिएको छ। प्रतिष्ठानको स्थापनाको सुरुको चरणमा पुनरावेदन तथा जिल्ला न्यायाधीश, न्याय सेवाका अधिकृत (तीनै समूह) तथा कानून व्यवसायी लगायतलाई कुन विषयमा कस्तो प्रशिक्षणको आवश्यकता छ भन्ने विषयमा अध्ययन गरी सोको आधारको प्रशिक्षण योजना समेत तयार गरेको थियो। कार्यबोझमा भएको वृद्धिका कारण पछिल्लो समयमा प्रतिष्ठानले विभिन्न क्षमता विकास कार्यक्रमहरू संक्षिप्त प्रशिक्षण आवश्यकता मूल्याङ्कनको आधारमा सञ्चालन गरेको पनि छ। कतिपय कार्यक्रमहरू संक्षिप्त सर्भे तथा सरोकारवाला निकायका जिम्मेवार अधिकारीहरूको आग्रह र अनुरोध र छलफलका आधारमा गर्ने गरिएको छ भने कतिपय कार्यक्रमहरू सम्बन्धित निकायको अनुरोधमा तय गरिएको हुन्छ। सरकारी अनुदानबाट संचालित हुने कार्यक्रमका लागि प्रतिष्ठानले त्यस आर्थिक वर्षका लागि सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, कानून तथा न्याय मन्त्रालय, नेपाल बार एशोसिएसनजस्ता सरोकारवाला निकायहरूसँग पत्राचार वा छलफल गरी प्राथमिकताको आधारमा तय गर्ने गरिन्छ। प्रतिष्ठानमा भएको विगतको कार्यक्रमको विषयवस्तु, विगतमा सञ्चालन

गरेको प्रशिक्षणहरूको अनुभव, सहभागीहरूको पृष्ठपोषण, विषय विज्ञहरूसँगको छलफल तथा सुझाव सङ्कलन तथा सम्बन्धित कर्मचारीहरूका सुपरिवेक्षक तथा माननीय न्यायाधीशहरूसँग परामर्श गरी विज्ञ समूहको सहयोगमा प्रशिक्षणको पाठ्यक्रम तयार गर्ने गरिएको छ । पाठ्यक्रम निर्माण गर्दा सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको छलफललाई व्यापक बनाउन प्रयास गरिएको छ । प्रतिष्ठानलाई प्रशिक्षण व्यवस्थापन तथा प्रशिक्षण चक्र (Cycle) को बारेमा विस्तृत ज्ञान भएका उपलब्ध भएसम्म विशेषज्ञहरूलाई पनि समेट्ने प्रयास गरिएको छ । पाठ्यक्रम निर्माणभन्दा अगाडिको प्रशिक्षणको विषयवस्तुहरूको चयनदेखि कस्ता वर्ग तथा विषयका लागि कस्तो प्रशिक्षण विधि प्रभावकारी एवम् उपयुक्त हुन्छ भन्ने विषयमा ध्यान दिने प्रयास गरिन्छ । तर केही कार्यक्रमहरू वस्तुगतभन्दा आत्मगत रुपमा निर्माण भई सञ्चालन हुन सक्ने अवस्थालाई पनि नकार्न सकिन्न ।

## ७. प्रतिष्ठानले सम्पन्न गरेका प्रशिक्षण तथा अन्य कार्यक्रमहरु

राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापनाकालदेखि न्यायाधीश, सरकारी वकिल, अदालतका अधिकृत, कानून तथा न्याय मन्त्रालयका अधिकृत, कानून व्यवसायी लगायत कानून तथा न्यायसँग सम्बन्धित अन्य जनशक्ति तथा सहायक कर्मचारीहरूको ज्ञान तथा सीप विकास गर्नको लागि विभिन्न किसिमको क्षमता अभिवृद्धि कार्यक्रमहरू गर्दै आईरहेको छ । प्रतिष्ठानले सरकारी अनुदान तथा विभिन्न दातृ निकायको सहयोगमा कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ । शुरुको समयमाभन्दा पछिल्लो समयमा धेरै कार्यक्रमहरू सम्पन्न भएका छन् । विभिन्न आर्थिक वर्षहरूमा भएका कार्यक्रमहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

७.१ प्रतिष्ठानको स्थापना हुनुअघि केही कार्यक्रमहरू एशियाली विकास बैकको ऋण अनुदानबाट सञ्चालन भएको परियोजना अन्तर्गतको युनिक्वेष्ट प्रा. लि.बाट सञ्चालन भएका थिए । प्रतिष्ठानको स्थापना भएपछि प्रतिष्ठानले आर्थिक वर्ष २०६१/६२ मा पाठ्यक्रम निर्माण कार्यशाला लगायत लगभग बीसवटा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी करिव ३०० जना कानून र न्याय क्षेत्रको जनशक्तिलाई प्रशिक्षण दिएको थियो । यसको अतिरिक्त प्रतिष्ठानले देश भरिका न्यायाधीश, न्याय सेवाका अधिकृत, सरकारी वकील एवम् कानून व्यवसायीहरूसँगको कार्यशाला, टोली भ्रमण एवम् पत्राचार गरी प्रश्नावलीमार्फत प्रशिक्षण आवश्यकता पहिचान गर्ने कार्य गऱ्यो र सोको आधारमा प्रशिक्षण योजना पनि तयार गरेको थियो ।

७.२ त्यस्तै आ.व. २०६२।६३ मा सरकारी स्रोत साधनबाट ३७० जना र विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सहयोगमा भएका प्रशिक्षणबाट १२४ जना गरी जम्मा ४९४ जना (न्यायाधीश, सरकारी वकील, न्याय सेवाका अधिकृत र कानून

व्यवसायी)लाई प्रशिक्षण दिन सफल भएको थियो ।[५] यो प्रतिष्ठानको लागि ठूलो उपलब्धि थियो ।

७.३ आ.व. २०६३।६४ मा प्रतिष्ठानले जम्मा ३१ वटा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरू गरेकोमा २१ सरकारी तथा ११ वटा विभिन्न गैर सरकारी दातृ निकायको सहयोगमा सम्पन्न भएको थियो । सहकार्य गर्ने निकायहरू केन्द्रीय बाल कल्याण समिति, नेपाल राष्ट्र बैंक, संयुक्त राष्ट्र संघको विशिष्ट निकायहरू आदि रहेका थिए ।

७.४ आ.व. २०६४।६५ मा प्रतिष्ठानले जम्मा ३५ वटा कार्यक्रम सञ्चालन गरेकोमा १२ सरकारी अनुदानका कार्यक्रम र २३ गैरसरकारी निकायसँगको सहकार्यमा भएका थिए । सहकार्यमा रहेका गैर सरकारी निकायहरूमा केन्द्रीय बाल कल्याण समिति, संयुक्त राष्ट्र संघका विशिष्ट अंगहरू, शहरी वातावरण सम्बन्धी सार्वजनिक निजी साझेदारी आदि रहेका थिए । सो वर्ष पाठ्यक्रम विकास गर्ने, प्रवचन कार्यक्रमहरू गर्ने, अनुभव आदानप्रदान गर्ने छलफल कार्यक्रम आदि भएका थिए । पुनरावेदन तहमा वाणिज्य इजलास स्थापना गर्ने भएको हुनाले प्रतिष्ठानका कार्यक्रमहरू वाणिज्य, बैकिंग तथा कर कानूनका विषयमा केन्द्रित भएका थिए । प्रतिष्ठानले पुनरावेदन अदालतका न्यायाधीशहरूलाई तीन वटा र सरकारी वकीलहरूलाई लक्षित गरी दुईवटा कार्यक्रम सञ्चालन गरेको थियो ।

७.५ प्रतिष्ठानको पछिल्लो वर्षहरूमा प्रशिक्षण कार्यक्रमहरू उल्लेख्य वृद्धि भएको पाइन्छ । सरकारी अनुदानबाट हुने कार्यक्रमका साथै गैरसरकारी निकायसँगको सहकार्यमा हुने कार्यक्रमको संख्यामा पनि उल्लेख्य रुपमा वृद्धि भएको थियो । आ.व. २०६५।६६ मा प्रतिष्ठानले सरकारी अनुदान र साझेदारी गरी जम्मा ५९ वटा प्रशिक्षण, कार्यशाला, सेमिनार, प्रवचन लगायतका कार्यक्रम सम्पन्न गरी न्याय क्षेत्रका (न्यायाधीश, सरकारी वकील, अदालतका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी, प्रहरी, अर्द्धन्यायिक निकायका अधिकारीहरू समेत) जनशक्तिहरू १८३३ जनालाई सहभागी गराएको थियो भने २ वटा अनुसन्धान गरेको थियो ।[६] आर्थिक वर्ष २०६५।६६ का लागि प्रतिष्ठानको न्यायिक प्रतिष्ठान परिषद्बाट पारित तथा अनुमोदित कार्यक्रमहरूमध्ये केही कार्यक्रमहरू बाहेक सबै कार्यक्रमहरू सम्पन्न भएका थिए ।

७.६ त्यस्तै आ.व. २०६६।६७ मा प्रतिष्ठानले सरकारी अनुदान र विभिन्न दातृ निकाय तथा संघ संस्थासँगको सहयोगमा साझेदारी गरी जम्मा ६१ वटा विभिन्न कार्यक्रममार्फत ३५४ जना न्यायाधीशहरू, ५९८ जना अधिकृतहरू, ३२७ जना सहायक स्तरका

५. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६२/६३ को पृ. १७

६. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६५/६६ को पृ. ६

कर्मचारीहरू, १४१ जना निजी कानून व्यवसायीहरू र १४८ अन्य (प्रहरी, नागरिक समाज, प्राध्यापक, संघ संस्थाका प्रतिनिधिहरू) गरी जम्मा १५६८ जनालाई कानून र न्यायका विभिन्न विषयमा प्रशिक्षित गरियो । अनुसन्धान तथा अन्य सामग्रीहरू गरी ११ वटा अध्ययन तथा स्रोत सामग्रीहरू तयार गरियो ।[७]

७.७ पछिल्लो वर्षमा कार्यालय दिनभन्दा प्रशिक्षण कार्यक्रमको दिन बढी हुन पुगे । प्रतिष्ठानमा दुई वा तीन वटा प्रशिक्षण कार्यक्रमहरू एकै साथ सञ्चालन हुन थाले । आ.व. २०६७।६८ मा प्रतिष्ठानले सरकारी अनुदान र विभिन्न दातृ निकाय तथा संघ संस्थासमेतको सहयोगमा जम्मा ८२ वटा प्रशिक्षण, कार्यशाला, सेमिनार, प्रवचनलगायतका कार्यक्रम सम्पन्न गरी न्यायक्षेत्रमा संलग्न न्यायाधीश, सरकारी वकील, अदालतका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी, प्रहरी तथा अर्द्धन्यायिक निकायका अधिकारीहरू समेत २२८३ जनालाई प्रशिक्षित गरेको थियो । नवीनतम अवधारणा र न्यायिक कार्यमा सघाउ पुऱ्याउने महत्वपूर्ण विषयवस्तुमा आधारित भई ९ वटा अनुसन्धानका कार्यहरू सम्पन्न गरिएको छ । यस आ.व मा विभिन्न कार्यक्रममार्फत् ६१७ जना न्यायाधीशहरू, ३६२ जना अदालतका अधिकृतहरू, २४१ जना सरकारी वकिल, ५४ जना कानून अधिकृतहरू, १११ जना सहायक स्तरका कर्मचारीहरू, ३७३ जना कानून व्यवसायीहरू र ५२५ अन्य (प्रहरी, नागरिक समाज, प्राध्यापक, संघ संस्थाका प्रतिनिधिहरू) गरी जम्मा २२८३ जनालाई कानून र न्यायका विभिन्न विषयमा प्रशिक्षित गरियो । अनुसन्धानमूलक तथा अन्य सामग्रीसमेत गरी ११ वटा अध्ययन तथा स्रोत सामग्रीहरू प्रकाशन गरिएको थियो ।[८]

७.८ आ.ब.२०६८।०६९ वर्ष मात्रै प्रतिष्ठानले सरकारी अनुदान र विभिन्न दातृ निकाय तथा संघ संस्थासँगको सहकार्यमा ८२ वटा प्रशिक्षण, कार्यशाला, सेमिनार, प्रवचन लगायतका कार्यक्रम सम्पन्न गरेका छन् । न्याय प्रशासनमा संलग्न न्यायाधीश, सरकारी वकील, अदालतका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी, प्रहरी तथा अर्द्धन्यायिक निकायका अधिकारीहरू समेतलाई प्रशिक्षित गरेको थियो । कानून र न्यायसँग सम्बन्धित समसामयिक विषयहरूमा यस आ.व.मा प्रशिक्षण र कार्यशाला तथा सेमिनार गरेकोमा प्रतिष्ठानबाट प्रशिक्षित जनशक्तिमध्ये १९७ जना न्यायाधीशहरू, ३२३ जना अदालतका अधिकृतहरू, २१४ जना सरकारी वकील, २९ जना कानून अधिकृतहरू, १८६ जना सहायकस्तरका कर्मचारीहरू, ३९४ जना कानून व्यवसायीहरू र २२२ अन्य (प्रहरी, नागरिक समाज, प्राध्यापक, संघ संस्थाका

---

७. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६६/६७ को पृ. ७

८. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६७/६८ को पृ. ७

प्रतिनिधिहरू) गरी जम्मा १५६५ जना रहेका थिए ।[९]

७.९ यस आ.ब.२०६९।७० मा प्रतिष्ठानबाट नेपाल सरकार र विभिन्न राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय संघ सस्थाहरूसँगको सहकार्यबाट प्राप्त अनुदान तथा सहयोगबाट प्रशिक्षण, सेमिनार, कार्यशाला, गोष्ठी, अन्तरक्रिया, प्रवचन, परामर्श बैठक लगायत जम्मा १३६ वटा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । प्रतिष्ठानका कार्यक्रमहरूमा न्यायाधीश, अधिकृत, कर्मचारी र नागरिक समाजका प्रतिनिधिहरू समेत गरी जम्मा ३,५६५ जनाको सहभागिता रहेको छ । उल्लेखित कार्यक्रम मध्ये प्रशिक्षण, सेमिनार, कार्यशाला र अन्तरक्रिया कार्यक्रममा ३६१ जना न्यायाधीश, २७६ जना अदालतका अधिकृत, १८० जना सरकारी वकील, २६ जना कानून अधिकृत, ३३३ जना कानून व्यवसायी, १२४ जना सहायक कर्मचारी, ४१४ जना अर्द्धन्यायिक निकायका जनशक्ति र ७७५ जना अन्य (प्राध्यापक, नागरिक समाजका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, शिक्षक, समाजसेवी) गरी जम्मा २,४८९ जना प्रशिक्षित भएका छन् । साथै जम्मा १,०७६ जनाले प्रवचन र परामर्श बैठकमा सहभागिता जनाएका छन् । यस आ.ब.मा कार्यालय खुल्ने दिन २७२ रहेकोमा विभिन्न कार्यक्रमका लागि प्रतिष्ठानले ४८४ दिन कार्य सञ्चालन गरेको थियो ।[१०]

## ८. सेवा प्रवेश प्रशिक्षणहरू

विश्वविद्यालयको अध्ययन वा फरक कानून तथा न्यायका क्षेत्रको अनुभव भएका व्यक्तिहरू न्यायाधीश वा न्याय सेवाका अधिकृतको रुपमा नियुक्ति भएपश्चात् अनुभवको अभावका कारण सम्बन्धित पदमा रही सम्पादन गर्नुपर्ने जिम्मेवारी प्रभावकारी नहुन सक्छ । तसर्थ प्रतिष्ठानले न्यायाधीश तथा न्याय सेवाका कर्मचारीहरूको सेवा प्रवेश प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरेको छ । कर्मचारीहरूको हकमा प्रतिष्ठानले न्याय सेवाका राजपत्रअनंकित प्रथम तथा द्वितीय र राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरूलाई सेवा प्रवेश प्रशिक्षणको शुरुवात गरेको छ । त्यस्तै प्रतिष्ठानले सर्वोच्च अदालतमा नियक्ति हुने न्यायाधीश तथा न्याय सेवाका राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणीमा नियुक्त हुनु हुने अधिकृतहरूका लागि गर्ने गरिएको छैन ।

## ८.१ न्यायाधीशहरूको सेवा प्रवेश प्रशिक्षण कार्यक्रम

प्रतिष्ठानले गर्ने कार्यक्रमहरूमा महत्वपूर्ण कार्यक्रमको रुपमा न्यायाधीशहरूको सेवा प्रवेश प्रशिक्षण कार्यक्रम रहेको छ। पुनरावेदन तथा जिल्ला अदालतमा

---

९. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६८/६९ को पृ. ३१

१०. राष्ट्रिय न्यायिक प्रतिष्ठानको वार्षिक प्रतिवेदन, २०६९/७० को पृ. ७

न्यायाधीशहरूको नियुक्ति भएपछि नव नियुक्त न्यायाधीशहरूलाई लक्षित गरी उनीहरूले न्याय सम्पादन गर्दा आवश्यक पर्ने सीप तथा ज्ञानको अभिवृद्धि गर्ने उद्देश्यले छुट्टाछुट्टै प्रशिक्षणहरू सञ्चालन गर्ने गरेको छ। पुनरावेदन अदालतमा भएको नियुक्ति सँगसँगै जिल्ला न्यायाधीशको रुपमा नियुक्ति हुनु भएका न्यायाधीशहरूको लागि पनि सोही सोही आर्थिक वर्षहरूमा प्रतिष्ठानले सेवा प्रवेश प्रशिक्षण गर्ने गरेको छ। नव नियुक्त हुनु भएका न्यायाधीशहरूलाई न्यायिक कार्य जिम्मेवारी लिनुभन्दा अगाडि उनीहरूले हासिल गर्नुपर्ने ज्ञान तथा सीप विकासका लागि प्रतिष्ठानले सेवा प्रवेश प्रशिक्षण/अनुशिक्षण कार्यक्रम गर्ने गरेको हो। प्रशिक्षणमा सैद्धान्तिक विषयवस्तुका अतिरिक्त व्यवहारिक अभ्यास गराई सीप विकासमा जोड दिने गरिएको छ। त्यस्तै न्याय सम्पादनको सन्दर्भमा तयार गर्नुपर्ने फैसला, आदेश तथा अन्य सीपमूलक विषयहरूको छलफलका साथै अभ्यास गराइने गरिएको छ। पुनरावेदन तथा जिल्ला अदालतमा न्यायाधीशमा नियुक्त हुने व्यक्तिहरू कानून तथा न्यायका विषयमा वर्षौं अनुभव हासिल गरेका हुने भएको हुनाले प्रशिक्षणमा मूलभूत विषयहरूलाई मात्र समेटी प्रशिक्षण दिने गरिएको छ। अदालतको तह तथा अदालतको अधिकारक्षेत्र फरक हुने भएकोले जिल्ला अदालत तथा पुनरावेदन अदालतका न्यायाधीशहरूको लागि प्रशिक्षणको पाठ्यक्रम पनि अलग अलग रहेको छ। प्रतिष्ठानको कार्यक्रममा भाग लिएपछि हासिल गरेको ज्ञान तथा सीप तथा विशिष्ट अनुभवहरू न्यायिक कार्य सम्पादनको पदीय जिम्मेवारी दिन तथा पदस्थापन गर्नको लागि आधार हुनेछ। प्रतिष्ठानले हालसम्म तीनवटा व्याजका लागि न्यायाधीशहरूको सेवा प्रवेश प्रशिक्षण कार्यक्रम गरि सकेको छ।

आर्थिक वर्ष २०६२।६३ मा भएको अनुशिक्षण कार्यक्रममा २९ जना पुनरावेदन अदालतका नव नियुक्त न्यायाधीशहरूको सहभागिता रहेको थियो भने उक्त कार्यक्रम ७ दिने रहेको थियो। त्यस्तै सोही आर्थिक वर्षमा जिल्ला अदालतका न्यायाधीशहरूको प्रशिक्षण/अनुशिक्षण कार्यक्रममा जिल्ला न्यायाधीशहरूको सहभागिता रहेको थियो। आर्थिक वर्ष ६६/६७ भएको सेवा प्रवेश प्रशिक्षण/अनुशिक्षण कार्यक्रम २ हप्ते रहेको थियो। उक्त कार्यक्रममा सहभागी हुने न्यायाधीशहरूको संख्या ४७ जना भएकोले दुई वटा समूहमा विभाजन गरी कार्यक्रम सञ्चालन भएको थियो। त्यस्तै २९ जन नवनियुक्त जिल्ला न्यायाधीशहरूको लागि तीन हप्ते सेवा प्रवेश प्रशिक्षण सञ्चालन गरेको थियो।

तर आर्थिक वर्ष ०६९/७० मा ८० जना पुनरावेदन अदालतको न्यायाधीशहरू नियुक्त भएकोमा प्रशिक्षणको लागि सहभागिता जनाउनु भएका ७८ जनालाई एक महिना प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो। यस प्रशिक्षण/अनुशिक्षण कार्यक्रममा न्यायाधीशहरूले न्यायिक कार्य सम्पादन गर्दा निभाउनुपर्ने भूमिका तथा ज्ञान र सीपको अभिवृद्धि गर्नु पर्ने विषयलाई विस्तृत रुपमा समेट्न खोजिएको थियो। प्रतिष्ठानले दुई वटा वर्गमा विभाजन गरी सञ्चालन गरेको थियो। सोही आर्थिक वर्षमा जिल्ला

न्यायाधीशहरूको लागि पनि दुई वटा समूहमा विभाजन गरी ४५ दिने प्रशिक्षण सञ्चालन गरेको थियो । प्रतिष्ठानले पछिल्लो प्रशिक्षणहरूको अवधि लामो हुने गरेको छ ।

### ८.२ कर्मचारीहरूको सेवा प्रवेश प्रशिक्षण

प्रतिष्ठानले पछिल्ला केही वर्षदेखि न्याय सेवाका राजपत्र अनंकित कर्मचारीहरूको सेवा प्रवेश प्रशिक्षण कार्यक्रम गरेको छ । न्याय सेवाका सहायक कर्मचारीहरू कानूनका विद्यार्थी हुन जरुरी नभएको र नेपालमा कानूनको प्रमाणपत्र तहको अध्यापन नहुने व्यवस्थाले नेपालको न्याय सेवामा कानूनको आधारभूत जानकारी समेत नहुने सहायक कर्मचारीहरू हुने भएको हुनाले सरोकारवाला निकायको माग र आवश्यकताको आधारमा यस प्रशिक्षणको शुरुवात गरिएको हो । प्रशिक्षणलाई सहभागीहरूको अवस्था तथा ज्ञानलाई मध्यनजर गरी कानून तथा न्यायका सामान्य सिद्धान्त लगायत व्यवहारिक सीप विकासलाई जोड दिइएको छ । आर्थिक वर्ष २०६९।७० देखि शुरुवात गरेको भए पनि यसलाई हाल एक महिनाको बनाइको छ । आर्थिक वर्ष ०७०।७१ मा प्रतिष्ठानले एक महिनाको सेवा प्रवेश प्रशिक्षण सञ्चालन गरेको थियो । न्याय सेवाका अधिकृतहरूको लागि पनि प्रतिष्ठानले विस्तृत प्रशिक्षण गर्ने तयारी गरेको छ र सोही अनुसारको पाठ्यक्रमहरू समेत तयारी गरेको छ ।

### ८.३ नवोदित कानून व्यवसायीहरूको सेवा प्रवेश प्रशिक्षण

प्रतिष्ठानले स्थापना गरेको शुरुको वर्षदेखि नै नवोदित कानून व्यवसायीहरूलाई लक्षित गरी एक हप्ते पूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरेको छ । उक्त कार्यक्रममा कानून व्यवसाय गर्दा चाहिने गुणहरूका अतिरिक्त कानून व्यवसायी आचार संहिता, कानूनी मस्यौदा सीप, बहस पैरवी कला, रिट लेखन जस्ता विषयमा नवोदित कानून व्यवसायीहरूको सीप विकास गर्ने उद्देश्य राखिएको छ ।

## ९. सेवाकालीन प्रशिक्षणहरू

प्रतिष्ठानको लामो खालको प्रशिक्षण कार्यक्रमहरूमध्ये न्याय सेवाका अधिकृत तृतीय श्रेणी तथा सहायक कर्मचारीहरूको सेवाकालीन प्रशिक्षण पनि हो । अधिकृत तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि र वृत्ति विकासका लागि सञ्चालन गरिने सो प्रशिक्षणमा सहभागीहरूको मौजुदा ज्ञान, सीप तथा सोचाईमा सकारात्मक परिवर्तन ल्याई कार्य सम्पादनमा चुस्त दुरुस्तता ल्याउने र उपल्लो तहको बढुवाका लागि चाहिने क्षमता तथा दक्षता अभिवृद्धि गर्ने कार्यक्रमको उद्देश्य रहेको हुन्छ ।[११]

---

११. न्याय सेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतहरूको लागि सेवाकालीन प्रशिक्षण प्रतिष्ठानले सञ्चालन

प्रशिक्षणमा संवैधानिक तथा कानूनी सिद्धान्त सम्बन्धी विषयहरूका अतिरिक्त मानव अधिकारका विविध आयामहरू, सम्बन्धित सहभागी कर्मचारीहरूले कार्य सम्पादन गर्दा विचार पुऱ्याउनुपर्ने सैद्धान्तिक विषयहरू, कार्यविधि कानूनका विविध पक्षहरू, सहभागीहरू कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यहरूको अभ्यास तथा त्यसको पृष्ठपोषण, विभिन्न विषयहरूमा समूहगत छलफल तथा प्रस्तुतीकरण, प्रशिक्षणलाई व्यवहारिक एवम् सिकाईलाई जीवन्तता गर्न कार्य सम्पादनसँग सम्बन्धित विभिन्न निकायहरूको स्थलगत अवलोकन भ्रमण समेत गराइने गरिएको छ। केही न्याय तथा कानूनसँग सम्बन्धित सैद्धान्तिक विषयहरू समावेश हुने भए तापनि सहभागीहरूले कसरी न्याय सम्पादन प्रक्रियालाई चुस्त दुरुस्त गर्न सकिन्छ भन्ने सीपमूलक विषयहरूलाई बढी केन्द्रित गरिएको छ। कार्य सम्पादनको सन्दर्भमा सेवाग्राहीप्रति निभाउनुपर्ने भूमिका, गर्नुपर्ने व्यवहार, आचरण तथा सकारात्मक सोचाई विकासका विषयहरू पनि प्रशिक्षणमा समावेश गरिएको छ। समुच्चमा प्रशिक्षण उद्देश्य ज्ञान सीप अभिवृद्धि गरी कार्य सम्पादनमा चुस्तता ल्याउनुका अतिरिक्त सोका लागि आवश्यक पर्ने सोचाईमा समेत परिवर्तन गर्ने गहेको छ।

कार्यक्रमलाई बढी प्रभावकारी बनाउन तथा न्यायपालिकाप्रति सर्वसाधारण एवम् अन्य समुदायहरूको कस्तो धारणा रहेको छ र कस्तो सुधारको अपेक्षा रहेको छ भन्ने जानकारी लिन न्यायिक बाह्य पहुँच नामक कार्यक्रम लिई विद्यालयका विद्यार्थीहरू, शिक्षकहरू, गाउँ विकास समितिका सचिवहरूसँग छलफल गर्ने समेतका क्रियाकलापलाई प्रशिक्षणको अंगको रुपमा स्वीकार गरिएको छ। त्यस अतिरिक्त कार्यपत्र तयार गराउने, प्रस्तुती गराउने, उपत्यकाभन्दा बाहिर भ्रमण गराउने जस्ता कार्यक्रम पनि प्रशिक्षणमा हुने गरेका छन् । प्रतिष्ठान स्थापना भएको केही वर्षदेखि प्रतिष्ठानले सेवाकालीन प्रशिक्षणलाई महत्व दिई सञ्चालन गर्दै आइरहेको छ। हालसम्म सम्पन्न भएका सेवाकालीन प्रशिक्षणहरू देहायबमाजिम रहेका छन्।

## राजपत्रांकित तृतीय श्रेणीहरूतर्फ

| क्र.सं. | आर्थिक वर्ष | सेवाकालीन प्रशिक्षण | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०६४।६५ | पहिलो | १९ | |
| २ | २०६५।६६ | यस आर्थिक वर्षमा सेवाकालीलन प्रशिक्षण नभएको | | |
| ३ | २०६६।६७ | दोस्रो | २० | |
| ४ | २०६७।६८ | तेस्रो | २३ | |

गर्ने योजनामा रहेको छ र सोका लागि पाठ्यक्रम निर्माण गर्ने प्रक्रियामा रहेको छ

| | | | | |
|---|---|---|---|---|
| ५ | २०६८।६९ | चौथो | २१ | |
| ६ | २०६९।७० | पाचौं | २२ | |
| ७ | २०७०।७१ | छैठौ र सातौं | ४६ | न्याय समूह अधिकृत र सरकारी वकिल समूहलाई अलग अलग गरेको । |

**राजपत्रअनंकित (प्रथम तथा द्वितीय) तर्फ**

| क्र.सं. | आर्थिक वर्ष | सेवाकालीन प्रशिक्षण | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०६७।६८ | पहिलो | २० | |
| २ | २०६८।६९ | दोस्रो | २० | |
| ३ | २०६९।७० | तेस्रो | २१ | |
| ४ | २०७०।७१ | चौथो | २३ | |

### १०. विशिष्टीकृत प्रशिक्षणहरू

प्रतिष्ठानले समय समयमा सरोकारवाला निकायहरूको माग तथा आवश्यकतालाई महसुस गरी केही विशिष्टीकृत प्रशिक्षणहरू गर्दै आई रहेको छ। यस्ता प्रशिक्षणको उद्देश्य विशेष गरी दुई वटा रहेको हुन्छ। पहिलो कुनै पनि विषयमा सहभागीहरूलाई कार्यक्षेत्रमा कार्य सम्पादनका लागि चाहिने आवश्यक ज्ञान तथा सीपको अभिवृद्धि गर्नु हो भने विषयगत रुपमा न्यायपालिकाको जनशक्तिको विशेषज्ञता विकास गर्नु पनि हो ।

### १०.१ वाणिज्य कानून सम्बन्धी प्रशिक्षणहरू

विश्वव्यापीकरणले उद्योग तथा व्यापारको क्षेत्रमा ल्याएको परिवर्तन र नेपाल विश्व व्यापार संगठनको सदस्यता भई सकेको सन्दर्भमा कानून निर्माण गर्ने, औद्योगिक एवम् व्यापारिक विकासको लागि कानूनहरूमा संशोधन गर्ने, पूँजी लगानीको प्रबर्द्धन गर्ने नीति अवलम्बन गर्ने, व्यापारिक एवम् औद्योगिक विकासको लागि राष्ट्रिय संयन्त्रहरू चुस्त बनाउने, औद्योगिक उत्पादनको गुणस्तर चुस्त दुरूस्त बनाउनुका अतिरिक्त न्याय व्यवस्था स्वतन्त्र, निष्पक्ष, सक्षम, पारदर्शी एवम् छिटोछरितो गर्नमा जोड दिनुपर्ने देखिन्छ। तसर्थ प्रतिष्ठान स्थापना हुनभन्दा अगाडि देखि नै वाणिज्य कानून सम्बन्धी केही प्रशिक्षणहरू सञ्चालन भएका थिए ।

खुला एवम् प्रतिस्पर्धी बजार अर्थ नीति अन्तर्गत अर्थतन्त्रको अपेक्षित विकासको लागि औद्योगिक लगानी प्रबर्द्धन, बजार विस्तार, निर्यात प्रबर्द्धन, लगानीकर्ताहरूको अधिकारको संरक्षण, उपभोक्ता हकहितको संरक्षण, ठूला निर्माण परियोजना सञ्चालन, स्वेदेशी तथा विदेशी व्यवसायीहरूको संयुक्त लगानी (Joint Venture) व्यवसाय,

सार्वजनिक निजी साझेदारी, बीमा, बैंक, करारको परिपालना समेतका विवादहरू विशिष्टीकृत रुपमा सुनुवाई गर्न पुनरावेदन स्तरमा वाणिज्य इजलासको स्थापना भएपछि वाणिज्य कानून सम्बन्धी प्रशिक्षण कार्यक्रम महत्वका साथ अगाडि बढाइयो । नयाँ जारी भएको कम्पनी ऐन, २०६३, प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, दामासाही सम्बन्धी ऐन, २०६३ र सुरक्षित कारोवार सम्बन्धी ऐन, २०६३ ले त्यस ऐनअन्तर्गतको विवादहरू वाणिज्य इजलासद्वारा हेर्नुपर्ने व्यवस्था गऱ्यो ।

शुरुमा वाणिज्य कानूनको प्रशिक्षण एशियाली विकास बैंककै परियोजनाबाट सञ्चालन भएको थियो भने त्यसपछिका केही वर्षहरूमा नेपाल राष्ट्र बैंकको सहयोगमा पनि केही प्रशिक्षणहरू सञ्चालन भएका थिए । पुनरावेदन तहमा वाणिज्य इजलासको स्थापना भई मुद्दाको सुनुवाई प्रारम्भ भई सकेपछि प्रतिष्ठानले सरकारी अनुदानबाट प्राप्त रकमबाट पनि केही प्रशिक्षण सञ्चालन गऱ्यो । हाल आएर विषयवस्तु समेत नयाँ भएकोले सम्बन्धित ऐन, यस सम्बन्धी कार्यविधि र अन्यत्रको न्यायिक व्यवहार सम्बन्धमा सरकारी वकिल, अदालतका अधिकृतहरू र सहायक कर्मचारीलाई सैद्धान्तिक एवम् व्यावहारिक विषयमा प्रशिक्षण दिनु अनिवार्य महसुस भएको छ । केही कार्यक्रमहरू न्याय सेवा अधिकृत र सहायक कर्मचारीलाई लक्षित गरी सञ्चालन भएका थिए ।

## १०.२ मानव अधिकार सम्बन्धी प्रशिक्षणहरू

नेपाल संयुक्त राष्ट्र संघको सदस्य र संयुक्त राष्ट्र संघको तत्वावधानमा निर्माण तथा विकास भएका मानव अधिकार सम्बन्धी महासन्धि तथा संयन्त्रहरूको पक्ष भई सकेपछि नेपालमा मानव अधिकार आन्दोलनको रुपमा अगाडि बढ्यो । नेपालले थुप्रै कानूनहरू अन्तर्राष्ट्रिय मान्यता अनुरुप व्यवस्था गर्नुपर्ने भयो । प्रतिष्ठानले पनि स्वभावतः आफ्ना कार्यक्रमहरू मानव अधिकारका विविध आयामका विषयहरूमा केन्द्रित गरेको छ । त्यस्ता प्रशिक्षण कार्यक्रमको उद्देश्य अन्तर्राष्ट्रिय स्तरमा विकास भएको मान्यता, व्यवस्थाबारे सहभागीहरूलाई जानकारी गराई सो सम्बन्धी व्यक्तिको अधिकार तथा व्यवस्था कार्यान्वयनका लागि सीप विकास गर्ने हो । प्रतिष्ठानले यस्ता प्रशिक्षण कार्यक्रमहरू दातृ निकायको सहयोगमा गर्ने गरेको छ । प्रतिष्ठानले कार्यक्रमको आवश्यकता तथा उपादेयतालाई ध्यानमा लिई संयुक्त राष्ट्र संघका विशिष्टीकृत संस्थाहरू, सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र केही अन्य राष्ट्रिय दातृ निकायहरूको सहयोग लिई प्रशिक्षण कार्यक्रम गर्ने गरेका छन् । त्यस्ता कार्यक्रमहरू केही २ दिने छन् भने केही एक हप्ते पनि रहेका छन् । धेरैजसो कार्यक्रमहरू प्रायः छोटो अवधिका रहेका छन् । केही कार्यक्रमहरूको नाम देहाय बमोजिम रहेका छन् ।

- न्याय प्रशासनमा मानव अधिकारका विविध पक्षहरू
- यातना विरुद्धको अधिकार र नेपाली कानूनको प्रयोग

- बाल अधिकार र बाल न्याय
- लैगिक समानता, लैगिक हिंसा र लैंगिक न्याय
- संक्रमणकालीन न्याय र न्यायपालिकाको भूमिका
- गोपनीयताको अधिकार, विशेष प्रकृतिका मुद्दाहरूको गोपनीयता र बन्द इजलासको व्यवस्थापन
- मानव बेचविखन तथा ओसारपसार विरुद्धको कानून कार्यान्वयन र न्यायपालिकाको भूमिका
- संगठित अपराधः अनुसन्धान र अभियोजन
- आप्रवासी कामदारहरूको अधिकार

## १०.३ अन्य विशिष्टीकृत कार्यक्रमहरू

विशेषतः प्रतिष्ठानले यस्ता विशिष्टीकृत प्रशिक्षण कार्यक्रमहरू निश्चित जिम्मेवारी वा पदमा बसेका व्यक्तिहरूको आवश्यकतालाई लक्षित गरी गर्ने गरिएको छ भने कतिपय कार्यक्रमहरू विषयलाई जोड दिई सम्बन्धित विषयमा गर्नुपर्ने कार्य सम्पादन सम्बन्धी ज्ञान तथा सीप विकास गर्ने विषयमा लक्षित गरिएका छन् । इजलास अधिकृतहरूको प्रशिक्षण कार्यक्रम इजलास अधिकृतको जिम्मेवारी लिँदा सम्पादन गर्नुपर्ने फैसला लेखनको कार्य तथा इजलास व्यवस्थापन सम्बन्धी विषयहरूमा जोड दिइएको हुन्छ । त्यसका अतिरिक्त प्रतिष्ठानले सरकारी वकिलहरूलाई लक्षित गरी डिएनए सम्बन्धी प्रशिक्षण, अनुसन्धान अभियोजन तथा बहसकला तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम, सम्पत्ति सुद्धीकरण नियन्त्रण सम्बन्धी कार्यक्रम, रिट क्षेत्राधिकार सम्बन्धी कार्यक्रम, दुर संचार क्षेत्रमा भिओआईपी कल बाई पास नियन्त्रण सम्बन्धी कार्यक्रम जस्ता विषयहरूमा जोड दिने गरिएको छ । प्रतिष्ठानको महत्वपूर्ण कार्यक्रमको रुपमा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूको लागि आयोजना गरिने अन्तर्क्रिया कार्यक्रम (Retreat Program) हो । समसमायिक विषय एवम् न्यायिक सुधारका विषयलाई लक्षित गर्ने उक्त कार्यक्रम दुई दिवसीय हुने गर्दछ । त्यस्तै कानून तथा न्याय मन्त्रालय अन्तर्गत काम गर्ने कानून अधिकृतहरूको कार्य क्षेत्रमा सीप विकास गर्ने उद्देश्यले कानून मस्यौदा, सन्धि संझौता मस्यौदा लगायत वार्ताका सीपहरू जस्ता विषयमा प्रशिक्षण सञ्चालन गर्ने गरिएको छ । त्यस्तै अदालतका अधिकृतहरू, निजी कानून व्यवसायीहरू तथा पूर्व न्यायाधीशहरूलाई लक्षित गरी आधारभूत मेलमिलाप सम्बन्धी प्रशिक्षण, उन्नत मेलमिलाप सम्बन्धी प्रशिक्षण, रिट सम्बन्धी प्रशिक्षण र प्रतिष्ठानलाई आवश्यक प्रशिक्षकहरू निर्माण गर्न न्यायाधीश, अदालतका अधिकृत, सरकारी वकिल, कानून व्यवसायीहरूलाई लक्षित गरी विषयगत प्रशिक्षक प्रशिक्षण कार्यक्रम तथा सत्र सञ्चालन तथा सहजीकरण गर्नका लागि सीप हस्तान्तरण गर्ने उद्देश्यले प्रक्रियागत प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ ।

## १०.४ प्रमुख जिल्ला अधिकारीहरूको न्यायिक क्षमता विकास कार्यक्रम

न्याय र कानूनको समसामयिक ज्ञान र न्यायिक प्रक्रियाका सम्बन्धमा प्राप्त हुने व्यावहारिक अनुभव तथा तिनको मर्यादित प्रयोगमा जोड दिंदै सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।६।५ मा भएको (अम्बरबहादुर राउत वि. नेपाल सरकार, गृह मन्त्रालय समेत) आदेशको कार्यान्वयनका लागि अर्द्ध-न्यायिक अधिकारीका रुपमा प्रमुख जिल्ला अधिकारीहरूलाई प्रशिक्षण कार्यक्रमको शुरुवात गरेको छ। न्यायिक अधिकारको प्रयोगमा बढी वस्तुनिष्ठता, निष्पक्षता र व्यावसायिकताको विकास गरी न्यायका आधारभूत मूल्य र मान्यता अनुरुप हुने स्थितिको सुनिश्चितता गर्ने उद्देश्यले प्रतिष्ठानले दुई वटा तीन महिना अवधिको "न्यायिक क्षमता विकास कार्यक्रम" हरू सम्पन्न गरिसकेको छ।

## ११. प्रशिक्षण आवश्यकता पहिचान

जनशक्तिको विद्यमान ज्ञान सीप र कार्यक्षेत्रमा कार्य सम्पादन गर्नका लागि चाहिने ज्ञान सीपबीचको अपुग भाग नै प्रशिक्षण आवश्यकता हो भनेर पहिचान गर्न सकिन्छ। तर सबै त्यस्तो अपुगबीचको भाग प्रशिक्षणबाट मात्र पूरा हुन्छ भन्ने पनि हुँदैन। कतिपय अवस्थामा कर्मचारीहरूलाई सुविधा, उनीहरूको आवश्यकता तथा प्रशासनिक तथा व्यवस्थापकीय सरोकारको विषय पनि हुन्छ। कर्मचारीहरूको कार्य सम्पादन प्रभावकारी नहुनुमा सरुवा, बढुवा, सुविधा, कार्य सम्पादन गर्ने वातावरण, पारिवारिक वातावरण, अन्य सहयोगीहरूको भूमिका, हाकिमको व्यवहार, आचरण जस्ता धेरै कारणहरु हुन सक्छन्, जसले गर्दा प्रभावकारी रुपमा सम्पादन हुन नसकेको कार्य प्रशिक्षणबाट पनि प्रभावकारी नहुन सक्छ। सबैको समस्याको समाधान गर्ने उपाय प्रशिक्षण होइन, तर प्रशिक्षणले कुनै अवस्थामा कार्य सम्पादनलाई प्रभावकारी बनाउन सकिन्छ।

विद्यालय तथा विश्वविद्यालयबाट हासिल गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा कसरी उतार्ने भन्ने सीप विकास तथा कार्य सम्पादनका लागि आवश्यक पर्ने अपुग ज्ञान सीप हस्तान्तरण प्रशिक्षणले गर्न सकेमा सकारात्मक प्रभाव ल्याउँछ, त्यही नै प्रशिक्षणको उद्देश्य पनि हो। जनशक्तिमा के कमी कमजोरी रहेको छ भनी पहिचान पनि गर्न सकिन्छ। प्रशिक्षण आवश्यकता विश्लेषण जनशक्तिको पद अनुसारको कार्य विवरण विश्लेषण, सम्बन्धित जनशक्तिसँगको अन्तर्क्रिया, अन्तर्वार्ता, प्रश्नवली, सुपरिवेक्षकको सुझावहरू, सेवाग्राहीहरूको धारणा विचार, अवलोकन लगायतका आधारमा विद्यमान ज्ञान सीप तथा प्रभावकारी कार्य सम्पादनका लागि थप ज्ञान सीपका लागि प्रशिक्षणको विषयवस्तु र तरिका पहिचान गर्न सकिन्छ। तसर्थ प्रशिक्षण आवश्यकता विश्लेषण

भनेको जनशक्तिको विद्यमान आवस्था पहिचान गरी उच्चतम कार्य सम्पादनको लागि प्रशिक्षण विषयवस्तु तथा विधि पहिचान गर्नु हो ।

यसले जनशक्तिको विद्यमान अवस्था के छ र भविष्यमा सेवाग्राहीहरूको आवश्यकता, सुविधा एवम् संगठनको उद्देश्य हासिल गर्न प्रशिक्षण पहिचान गर्नु आवश्यकता हुन्छ । त्यसैले प्रशिक्षण लगायत क्षमता विकास कार्यक्रमका लागि कार्यक्रम आवश्यकता विश्लेषणको महत्वपूर्ण स्थान रहन्छ। यसले प्रशिक्षणलाई व्यवहारमुखी र उद्देश्यमूलक बनाउन सहयोग गर्दछ। प्रतिष्ठानको स्थापनाको शुरुको चरणमा सबै सरोकारवालाहरूलाई लक्षित गरी प्रशिक्षण आवश्यकता विश्लेषण गरिएको व्यहोरा माथि नै छलफल गरि सकिएको छ। त्यसपछि प्रतिष्ठानले सञ्चालन गर्ने कार्यक्रमहरू प्रायः सबैमा प्रशिक्षण आवश्यकता विश्लेषण गरेपछि मात्र सञ्चालन गर्दै आइरहेको छ। यो प्रशिक्षण प्रदायक संस्थाको कर्तव्य पनि हो र यो प्रशिक्षणलाई व्यवहारिक बनाउन तथा उद्देश्यमूलक बनाउनको लागि नियमित प्रक्रिया पनि हो। तर प्रतिष्ठानले गर्ने नयाँ प्रशिक्षण कार्यक्रम र परिमार्जनका लागि नियमित रुपमा प्रशिक्षण आवश्यकता तथा परिमार्जन विश्लेषण गर्नुपर्ने देखिन्छ ।

## १२. प्रशिक्षणको सहजकर्ता र स्रोत व्यक्तिहरू

न्याय तथा कानून क्षेत्रका सहजकर्ता स्रोत व्यक्ति निर्माण तथा विकासका लागि समय समयमा प्रतिष्ठानले आवश्यकताको आधारमा Process Based र Content Based Training of Trainiers (ToT) प्रशिक्षण कार्यक्रम गर्ने गरेको छ। कार्यक्रमको सहजकर्ता स्रोत व्यक्तिहरू प्रतिष्ठानबाट त्यस्ता प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएका न्यायाधीश, सरकारी वकील, न्याय तथा कानून समूहका अधिकृतहरू, कानूनका प्राध्यापक, कानून व्यवसायीहरू रहने गरेको छ। साथै विषयवस्तु र विशेषज्ञताको आधारमा कानून तथा न्याय क्षेत्रभन्दा बाहिरका व्यक्ति पनि प्रतिष्ठानको प्रशिक्षणको स्रोत व्यक्तिको रुपमा रहने गर्दछ। तिनीहरूलाई प्रतिष्ठानले स्रोत व्यक्तिको रुपमा उपयोग गर्ने गरेको छ। प्रतिष्ठानमा केहीन्यायाधीश तथा उच्च तहका अधिकृतहरू फ्याकल्टीको रुपमा सर्वोच्च अदालत तथा महान्यायाधिवक्ताको कार्यालयबाट निश्चित समयका लागि काजमा खटिने व्यक्तिहरूले पनि स्रोत व्यक्तिको रुपमा काम गर्दछन्। त्यस्तै प्रतिष्ठानका अधिकृत कर्मचारीहरू पनि उनीहरूको विशेषज्ञता क्षेत्रको आधारमा स्रोत व्यक्तिको रुपमा रहने गरेको छन्। धेरैजसो स्रोत व्यक्तिहरू काठमाडौँमा उपलब्ध न्यायाधीशहरू, अधिकृतहरू, कानून व्यवसायीहरू, अन्य क्षेत्रका विशेषज्ञहरू रहने गरेको छ। प्रतिष्ठानले अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त कानून तथा न्याय क्षेत्रका व्यक्तिहरू पनि उपलब्ध भएसम्म त्यस्ता स्रोत व्यक्तिहरूको प्रयोग गर्ने गरिएको छ।

## १३. प्रतिष्ठानको अनुसन्धान तथा प्रकाशन गतिविधि

कानून तथा न्याय क्षेत्रको सुधार तथा विकास गर्न र उल्लेखित सरोकारवाला जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम निर्माण गर्नको लागि अनुसन्धान गतिविधिलाई प्रमुख आधार बनाएको छ। प्रतिष्ठानले अनुसन्धानमूलक अध्ययन, अनुसन्धानमूलक जर्नलहरूको वार्षिक प्रकाशन, स्रोत सामग्रीहरूको विकास, पाठ्यक्रमहरूको निर्माण, पुनरावेदन तथा जिल्ला अदालतबाट भएका महत्वपूर्ण फैसलाहरूको संग्रह प्रकाशन, अनुसन्धान, अभियोजन र न्याय सम्पादनलाई सहयोग गर्न विभिन्न विषयहरूमा निर्देशिका, मापदण्ड, दिग्दर्शन, नीति लगायत विभिन्न प्रकाशनहरू गर्दै आइरहेका छन्। कतिपय अध्ययनहरू सम्पन्न भई प्रकाशनको चरणमा रहेका छन्। प्रतिष्ठानका दर्जनौं अनुसन्धानको प्रतिवेदनहरू प्रकाशन भई सकेका छन्। प्रतिष्ठानबाट सम्पन गरेका अनुसन्धान लगायत अन्य प्रकाशनहरूको सूची अनुसूचीमा राखिएको छ।

### १३.१ अनुसन्धानहरू

न्यायिक सुधारको एक प्रमुख आधार भनेको अनुसन्धानमूलक प्रतिवेदन हो। अनुसन्धानले सुझाएको सुझावको आधारमा न्यायिक सुधारको प्रक्रिया अगाडि बढाउन सकेमा सुधार योजना वैज्ञानिक, वस्तुगत र सही हुन सक्छ। प्रतिष्ठानले न्यायिक सुधारको उद्देश्यलाई सकार गर्न सहयोग गर्न तथा प्रशिक्षण लगायत प्रतिष्ठानका सरोकारवाला जनशक्तिहरूको क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई बढी वस्तुगत र प्रभावकारी बनाउन प्रतिष्ठानले अनुसन्धान कार्य गर्ने गरेको छ। गत वर्षदेखि विभिन्न विश्व विद्यालयहरू एवम् विज्ञहरूसँग समन्वय गरी विद्यावारिधिका सोधपत्रहरूसमेत पुस्तकालयमा राख्ने प्रबन्ध गरी प्रतिष्ठानलाई अनुसन्धानको स्रोत केन्द्र बनाउने प्रयास प्रारम्भ गरिएको छ। त्यसैगरी विभिन्न विश्वविद्यालयहरूसँगको सम्पर्कमा कानून क्षेत्रको उद्धरण नियममा एकरुपता कायम गर्ने प्रयास भइरहेको छ।

### १३.२ NJA Law Journal

प्रतिष्ठानको महत्वपूर्ण प्रकाशनको रुपमा NJA Law Journal को वार्षिक प्रकाशन रहेको छ। यसको प्रकाशन सन् २००७ मा शुरु भई हालसम्म नियमित रुपमा प्रकाशन भइरहेको छ। NJA Law Journal को प्रकाशनको उद्देश्य नेपालको न्यायिक काम कारवाहीहरूको समीक्षा गर्ने, न्यायप्रणालीको विशेषता र नेपालको न्यायिक विधिशास्त्रलाई अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउने, र अन्तर्राष्ट्रिय स्तरमा र अन्य देशमा भएका उत्तम अभ्यासहरू नेपालको कानून तथा न्याय प्रणालीमा अवलम्बन गर्ने गराउने सम्बन्धी विभिन्न अनुसन्धानमूलक लेखहरू प्रकाशन गर्ने र न्याय तथा कानून क्षेत्रका न्यायाधीश तथा अन्य जनशक्तिहरूको ज्ञान तथा सीप अभिवृद्धि गरी न्याय सम्पादनमा

सक्षमता तथा निष्पक्षतामा सुधार ल्याउने हो । प्रतिष्ठानले वार्षिक रुपमा फरक फरक विषयवस्तुमा केन्द्रित गरी अनुसन्धानमूलक लेखहरू प्रकाशनमा ल्याउने प्रयास गरेको छ । NJA Law Journal मा नेपाली कानून तथा न्याय प्रणाली, संविधानबाद तथा संवैधानिक कानून, नेपालको न्यायपालिका तथा कानूनको शासन, मानव अधिकारका विविध पक्षहरू तथा राष्ट्रिय दायित्व, संक्रमणकालीन न्याय, न्यायमा पहुँच तथा महिला र बालबालिकाको अधिकार, न्यायिक सुधार तथा अदालती कार्यविधि जस्ता विभिन्न आयामहरूलाई NJA Law Journal ले समाहित गरिसकेको छ । यसलाई अझ प्रभावकारी र उद्देश्यमूलक बनाउनका लागि Peer Group Review मार्फत जर्नलको प्रकाशन गर्न सकिन्छ । यसै वर्षदेखि प्रतिष्ठानले नेपाली भाषामा समेत जर्नल प्रकाशनको प्रारम्भ गरेको छ ।

## १३.३ स्रोत सामग्रीहरूको निर्माण

प्रतिष्ठानको सरोकारवाला निकायहरूका जनशक्तिहरूको दक्षता तथा क्षमता अभिवृद्धि गर्ने कार्य प्रशिक्षण कार्यक्रममा मात्र सीमित नभई विभिन्न विषयहरूमा स्रोत सामग्री, निर्देशिका, कार्यविधि दिग्दर्शनहरू प्रकाशन र वितरण मार्फत पनि गर्न सकिन्छ । यस्तो सामग्रीहरू प्रशिक्षणलाई सहयोग गर्ने र कार्य सम्पादनमा सहायक सिद्ध हुने हुन्छ । तसर्थ प्रतिष्ठानले विभिन्न विषयहरूको विषयगत स्रोत सामग्रीहरूको निर्माण गरी प्रकाशन गर्ने गरेको छ । प्रशिक्षणमा छलफल भएको विषयवस्तु पुनः कार्य क्षेत्रमा जाँदा हेर्न र स्रोत सामग्रीले प्रशिक्षणका विषवस्तुलाई ताजा बनाउने भएको हुनाले पाठ्क्रमअनुसार प्रतिष्ठानले विभिन्न सरोकारवाला समूहलाई लक्षित गरी विभिन्न स्रोत सामग्रीहरूको निर्माण कार्यलाई व्यापकता दिनुपर्ने देखिन्छ ।

## १३.४ फैसला सँग्रहहरूको प्रकाशन

प्रतिष्ठानले सर्वोच्च अदालतका केही विषयगत महत्वपूर्ण (Landmark) मुद्दाहरूमा भएका फैसलाहरूको संगालो प्रकाशन गरेको छ । पुनरावेदन तथा जिल्ला अदालत अभिलेख अदालत नभए पनि केही वर्ष अघिदेखि शुरुवात भएको जिल्ला तथा पुनरावेदन अदालतको फैसला प्रकाशनले निरन्तरता पाएको छ । यस अभ्यासले न्यायाधीशहरूप्रति आन्तरिक रुपमा फैसला लेखनलाई महत्व दिई फैसलाको वस्तुगत तथा तर्कसंगत रुपमा कारणहरू उल्लेख गर्ने गरिएको पाइन्छ । सहकर्मी न्यायाधीशले गरेको उत्तम अभ्यासहरू सिक्ने तथा जान्ने अवसर मिल्न सक्ने र आफूले गरेको फैसला प्रकाशनले हौसला पनि बढ्न सक्छ । साथै एक अर्काबीच स्तरीय फैसला लेखनमा प्रतिस्पर्धा गर्ने, मेहनत गर्ने र फैसलाको वस्तुगत कारण दिने प्रचलनको शुरुवातले पनि न्यायपालिकाको सुधार तथा न्यायिक जनआस्था वृद्धि गर्न सहयोग हुन सक्छ ।

## १४. सहकार्यगत गतिविधिहरू

प्रतिष्ठानको ऐनले प्रतिष्ठान स्वायत्त संस्थाको रुपमा लिएको छ। साथै प्रतिष्ठानले सरकारी अनुदानबाट प्राप्त रकम तथा अन्य गैर सरकारी तथा अन्तर्राष्ट्रिय दातृ निकायसँग सहकार्य गरेर आफ्नो उद्देश्य हासिल गर्न सक्ने र परामर्शदायी कार्यसमेत गर्न सक्ने व्यवस्था गरेको छ। यसले गर्दा प्रतिष्ठान व्यावसायिक संस्थाको रुपमा कार्य गरी उद्देश्य हासिल गर्न सक्ने भएकोले आफ्नो उद्देश्यसँग मेल खाने जो कोही संस्थासँग सहकार्य गर्न सक्छ। प्रतिष्ठानले हालसम्म संयुक्त राष्ट्र संघीय विशिष्टीकृत अंगहरू, अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, अन्तर्राष्ट्रिय सहयोग नियोगहरू, राष्ट्रिय सरकारी तथा गैर सरकारी निकायहरू/सँस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिसकेको र गरिरहेको पनि छ। तर त्यस्तो कार्यक्रम/परियोजनाको उद्देश्य प्रतिष्ठानको उद्देश्यसँग मेल खानु पर्दछ। अन्य निकायहरूले प्रतिष्ठानको उद्देश्यसँग मूल प्रवाहीकरण (Mainstreaming) हुने कार्यक्रमहरू जस्तो कानून तथा न्याय क्षेत्रका जनशक्तिहरूको क्षमता तथा दक्षता अभिवृद्धि हुने खालको प्रशिक्षण, अनुसन्धान लगायतका कार्यक्रमहरू गर्दै आई रहेको छ।

## १५. सूचना प्रविधि (IT) व्यवस्थापन

प्रतिष्ठानले कानून तथा न्याय क्षेत्रको पुस्तक तथा अन्य पठनीय सामग्रीहरूको सङ्कलन तथा खरिद गरी पुस्तकालयको स्थापना गरेको छ। प्रतिष्ठानले वर्षेनी कानून तथा न्याय क्षेत्रका अन्तर्राष्ट्रिय स्तरका पुस्तकहरू खरीद गरी सँग्रह गर्ने गरेको छ। पुस्तकालयले कानून तथा न्याय क्षेत्रका जनशक्तिहरूको आवश्यकतालाई पूर्ति गर्ने पुस्तकहरू अध्ययनको लागि उपलब्ध गराउने गरेको छ। कानून तथा न्यायको क्षेत्रमा विकसित नयाँ प्रविधि र प्रयोगको सम्बन्धमा न्यायिक निकायमा कार्यरत जनशक्तिलाई प्रशिक्षित गराउने प्रतिष्ठानको जिम्मेवारी भएको हुनाले यसलाई न्याय र कानून क्षेत्रको स्रोत केन्द्रको विकास गर्ने, पुस्तकालयलाई व्यवस्थित गर्ने, स्रोत तथा साधनले भरिपूर्ण बनाउने, ई - लाइब्रेरी विकास गर्ने जस्तो चुनौती प्रतिष्ठानसँग रहेको छ। आधुनिक समयमा विकास भएको प्रविधि, स्रोत तथा साधनको जोगावट आदि कारणले प्रतिष्ठानले आफ्ना सरोकारवाला निकायका जनशक्तिलाई प्रशिक्षण दिन प्राज्ञिक शिक्षा तथा व्यावसायिक शिक्षा दिन दुरशिक्षा (Distance Learning र Video Conferencing) को प्रविधिलाई भित्राउनुपर्दछ। साथै प्रतिष्ठानको अर्को चुनौती भनेको नेपाली कानून तथा न्याय क्षेत्रको Resource Uploading गर्ने कार्य पनि महत्वपूर्ण छ। प्रतिष्ठानले हार्ड कपी प्रकाशनका साथै विद्युतीय माध्यबाट पनि ई- रिसोर्सेजहरू प्रदान गर्न सकिन्छ। त्यस्ता Uploading गर्ने विषयहरूमा अन्तर्राष्ट्रिय सन्धि संझौताहरू, विदेशी अदालतका फैसलाहरू, नेपाली कानून तथा न्याय क्षेत्रका प्रकाशनहरू, नेपाली कानूनहरू, कानूनी समाचारहरू, निर्देशिका तथा अन्य महत्वपूर्ण सामग्रीहरू हुन सक्छन्।

## १६. अन्य गतिविधिहरू

### १६.१ प्रवचन कार्यक्रमहरू

प्रतिष्ठानले कानून तथा न्याय क्षेत्रका विशेषज्ञहरूलाई आमन्त्रण गरी विभिन्न प्रवचन कार्यक्रम गर्ने गरेको छ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका महत्वपूर्ण व्यक्तित्वसँग साक्षात्कार गर्ने, छलफल गर्ने र कानून तथा न्याय क्षेत्रको ज्ञानलाई फराकिलो गर्न सहयोग पुगेको छ । प्रतिष्ठानमा भारतका पूर्व प्रधानन्यायाधीशहरू पी एन भगवती, ए एम अहमदी जस्ता व्यक्तिहरूले प्रवचन दिई सकेका छन् । त्यस्तै दक्षिण अफ्रिकाका संवैधानिक अदालतका पूर्व प्रधानन्यायाधीश र न्यायाधीश क्रमशः पियुस लांगा र एल्बी स्याक्स् जस्ता अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरू नेपाली न्याय क्षेत्रका व्यक्तिहरूसँग अन्तर्किया गरिसकेका छन् । त्यस्तै भूटानको प्रधानन्यायाधीश सोनम तोप्गे, विश्व विख्यात महिला अधिकारवादी क्याथरिन म्याकिनन् लगायतको व्यक्तिहरूको प्रवचन नेपालको न्यायिक जनशक्तिले सुन्ने अवसर प्राप्त भयो । संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्को क्याम्बोडियाका लागि विशेष दूत प्राध्यापक डा.सूर्य सुवेदी र विश्व बैकका वरिष्ठ कानूनी सल्लाहकार किशोर उप्रेतीले पनि प्रवचन दिई सकेका छन् । त्यस्ता विद्वत व्यक्तिहरूले बोलेको भनाईलाई रेकर्ड गरेर प्रकाशन गर्ने र प्रशिक्षण कार्यक्रममा प्रयोग पनि गर्ने गरिएको छ ।

### १६.२ न्यायिक बाह्य पहुँच

न्याय निष्पक्ष छैन, स्वच्छ छैन, छिटो हुँदैन भन्ने जस्ता जनगुनासा पछाडि न्यायपालिका सामुन्ने विविध कारण हुन सक्छन् । कानूनी तथा प्रकृयागत जटिलता, मानवीय स्रोत र संसाधनको अभाव, अनुसन्धान र अभियोजनमा हुन सक्ने त्रुटि र जटिलता, सरोकारवाला व्यक्ति तथा निकायले कानून बमोजिम प्रभावकारी र निष्पक्ष भूमिका निर्वाह गर्न नसक्नु, सहयोग नगर्नु लगायतका कारक तत्वहरू हुन सक्छन् । यद्यपि ती कारक तत्वहरूलाई नजरअन्दाज गर्दै स्वच्छ, निष्पक्ष, प्रभावकारी र छिटो न्याय हुन नसक्नुमा न्यायपालिकालाई मात्र जिम्मेवार बनाउने गरिन्छ । एकपटक तत्कालीन नेपालको प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीले न्यायाधीशहरूले अदालतमा मात्र होइन समुदायमा गएर बोल्नुपर्दछ भन्नु भएको थियो ।[१२] अदालतको सकारात्मक कार्यहरूलगायत वास्तविकताप्रति अदालतले सर्वसाधारण जनतालाई जानकारी गराउनु आवश्यक हुन्छ, जसमा जनता तथा अदालतबीच संवादको अवस्था सृजना हुन सक्दछ र त्यसले जनताको अपेक्षा बुझ्न सक्ने अवस्था रहन सक्दछ भने जनताले न्याय

१२. Shreekrishna Mulmi and Ratna Kaji Shrestha, *Judicial Community Outreach Program in Nepal: Enhancing Public Trust towards Judiciary and Promoting Access to Justice,* NJA L.J. (Special Issue 2012), National Judicial Academy, Nepal, p. 185.

सम्पादनमा सहयोग गर्ने अवस्था पनि सृजना हुन्छ । यसबाट समग्र न्याय प्रणालीको सुधारमा जनताको सहयोग हुन सक्छ । परम्परागत मान्यताभन्दा अगाडि बढेर हाल न्यायापालिकाहरूले आफ्नो सुधारको प्रक्रियामा नागरिक समाज, जनसाधारणलाई समाहित गर्ने, जनसाधारणको आवाजलाई पनि ध्यान दिने गरेको पाइन्छ । आफ्नो कामलाई जनसाधारणसम्म पुऱ्याउनको लागि न्यायापालिका आफैले पनि सूचना सम्प्रेषण गर्ने, राज्यका अन्य सरकारी निकायको पदाधिकारीहरूसँग छलफल गर्ने, जनसाधारणसँग प्रत्यक्ष साक्षात्कार गर्ने जस्ता अवधारणाहरू विकास गरेको पाइन्छ । जनसाधारणसम्म पुग्ने कार्यक्रम न्यायपालिकाले गरेका सकारात्मक कामहरू तथा न्यायपालिकाले चाहँदा चाहँदै पनि गर्न नसकेका विषयहरू र जनताको सहायोग आवश्यक पर्ने विषयहरूमा जनतासँग प्रत्यक्ष साक्षात्कार भई जानकारी गराउने माध्यम पनि हो । त्यसलाई केही वर्ष अगाडिदेखि न्यायिक प्रक्रियालाई समाजको विभिन्न समुदायसँग जानकारी गराउनु पर्ने आवश्वयकता महसुस गरी जानकारी गराउने, अन्तर्क्रिया गर्ने तथा विद्यार्थीहरूलाई अदालतमा आमन्त्रण गरी न्यायिक प्रक्रियाबारे जानकारी गराउन अदालतको अवलोकन भ्रमण गर्ने अभ्यास शुरु गरेको छ ।[१३] न्यायिक पदाधिकारी वा जनशक्तिहरू सर्वसाधारणसँग छलफल गर्ने कार्यक्रमलाई प्रतिष्ठानले पनि प्रशिक्षण एक भागको रुपमा स्वीकार गरिसकेको छ ।[१४]

## १७. उपलब्धि, अवसर र चुनौतीहरू

प्रतिष्ठान स्थापना भएको १० वर्ष भई सकेको छ । यस अवधिमा प्रतिष्ठानले सीमित भौतिक, वित्तीय र मानव स्रोत तथा साधनको प्रभावकारी ढंगले अधिकतम प्रयोग गरी आफ्नो काम कर्तव्य गर्दै आएको छ । नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि संझौताको पक्ष भएको हुनाले अन्तर्राष्ट्रिय कानूनका क्षेत्रमा विकसित नवीनतम् अवधारणाहरूबारे जानकार हुनुपर्ने र राष्ट्रिय कानून प्रणालीलाई अन्तर्राष्ट्रिय कानूनको मान्यता बमोजिम ढाल्नुपर्ने अवस्था छ । समय सापेक्ष रुपमा प्रतिष्ठानका प्रशिक्षण, सेमिनार, गोष्ठी, प्रवचन लगायतका गतिविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने प्रतिष्ठान सामु जिम्मेवारी रहेको छ । यो दशकमा प्रतिष्ठानले हासिल गरेका उपलब्धिहरू देहायबमोजिम रहेका छन् ।

---

१३. Ibid. p 187

१४. प्रतिष्ठानले न्यायसेवाका अधिकृत तथा सहायक कर्मचारीहरूको केही प्रशिक्षण कार्यक्रमहरूमा सहभागीहरूलाई विद्यालय तथा कलेजका विद्यार्थीहरूको धारणा बुझ्न छलफल गर्ने गरेको छ

## १७.१ भौतिक संरचना

प्रतिष्ठानलाई नेपाल सरकारको निर्णयले छुट्टै भवन बनाउन प्रतिष्ठानको भोगाधिकार रहने गरी काठमाडौंको मनमैजू गा.वि.स.मा ३५ रोपनी जग्गा रहेको छ। प्रतिष्ठानले उक्त स्थानमा भवन बनाउन पहल गर्नुपर्ने अवस्था रहेको छ। प्रतिष्ठानलाई हरिहरभवनस्थित हाल उपलब्ध भवनमा सम्भव भएसम्म तालिम हलहरूलाई वातानुकुलित बनाएको, प्रशिक्षणको लागि आवश्यक साधन तथा प्रविधिको व्यवस्था गरिएको र विद्युत आपूर्ति नभएको समयमा प्रशिक्षण सुचारु राख्न जेनेरेटरहरू व्यवस्था गरिएको र प्रशिक्षार्थीहरूलाई आवात जावतका लागि बसको व्यवस्था समेत रहेको छ। साथै प्रतिष्ठानका पदाधिकारीहरू तथा कर्मचारीहरूको यातायातका लागि प्रतिष्ठानको आफ्नै सवारी साधनको व्यवस्था रहेको छ।

## १७.२ अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा वैदेशिक अवलोकन भ्रमण र प्रशिक्षणको अवसर

प्रतिष्ठान स्थापना भएपछि विभिन्न अन्तर्राष्ट्रिय स्तरमा विभिन्न संघ संस्थाहरूको सम्पर्क र संजालमा रहेर काम गरिरहेको छ। प्रतिष्ठान International Organisation for Judicial Training (IOJT) नामक अन्तर्राष्ट्रिय संस्थाको सदस्यको रुपमा कार्य गरिरहेको छ। प्रतिष्ठानले फिलिपिन्सस्थित Asian Consortium Human Rights Based Assess to Justice (HRBA2J) नामक सञ्जालको पनि दक्षिण एशियाको उपप्रमुखको रुपमा कार्य गरिरहेको र International Organization for Judicial Training: Global Campus for Judicial Studies नामक नेटवर्कको सदस्य रहनुका साथै अन्तर्राष्ट्रिय संघसंस्थाहरूको संजालको सम्पर्कमा रहिआएको छ। प्रतिष्ठानले ती संस्थाहरूले आयोजना गरेको सेमिनार, प्रशिक्षण, साधारण सभा र क्षमता अभिवृद्धि कार्यक्रमहरूमा सहभागिता जनाउँदै आइरहेको छ।

प्रतिष्ठानमा कार्यरत फ्याकल्टी माननीय न्यायाधीश, बाह्य स्रोत व्यक्ति माननीय न्यायाधीशहरू, नेपाल बार, कार्यकारी समितिका सदस्यहरू, महान्यायाधिवक्ताको कार्यालय, कानून तथा न्याय मन्त्रालय, न्याय परिषद् सचिबालयमा कार्यरत उच्च तहका अधिकृत तथा प्रतिष्ठानका कर्मचारीहरूको क्षमता अभिवृद्धि गराउने उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था, न्यायिक प्रतिष्ठानहरूको भ्रमण अवलोकन तथा प्रशिक्षण कार्यक्रममा समेत सहभागी गराएको छ। यसले न्यायिक जनशक्तिलाई अन्य देशको न्यायिक काम कारवाहीहरूबारे सैद्धान्तिक र व्यावहारिक जानकारी प्रदान गर्ने कार्यमा योगदान पुऱ्याएको छ।

## १७.३ सांगठनिक संरचना

कार्यालय सञ्चालनको लागि उपलब्ध थोरै स्थान, थोरै जनशक्ति र कम पूँजीबाट स्थापना भई सञ्चालन भएको प्रतिष्ठानको एक दशकको अवधिमा आफूलाई सबल, सक्षम र सुदृढ बनाउन अग्रसर भएको छ। यसले तीन समूहसम्मलाई एकैपटक प्रशिक्षण प्रदान गर्ने क्षमतामा आफूलाई उभ्याएको छ। प्रतिष्ठान सञ्चालनका लागि आवश्यक नियमावलीहरू समेत निर्माण भई सोही अन्तर्गत सञ्चालन भएको छ। प्रतिष्ठानको सँगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत भई ४८ जना कर्मचारीहरूको दरबन्दी भएको छ। प्रतिष्ठानको कार्य सम्पादनलाई प्रभावकारी बनाउन उत्कृष्ट जनशक्तिलाई आकर्षण गर्न सोही अनुसारको सुविधा तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

## १७.४ स्रोत सामग्री तथा पाठ्यक्रम निर्माण

प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणहरूलाई सहजता होस् भन्ने हिसाबले विभिन्न क्षेत्रको स्रोत सामग्रीहरू तयार गरेको छ। मानव अधिकार, वातावरणीय न्याय, लैंगिक न्याय, बाल अधिकार तथा बाल न्याय, सामाजिक न्याय, संक्रमणकालीन न्याय, मेलमिलाप सम्बन्धी अवधारणा तथा तरिकाहरू, बौद्धिक सम्पत्ति जस्ता विभिन्न विषयहरू समेतमा प्रतिष्ठानले स्रोत सामग्री तयार गरिसकेको छ।

प्रशिक्षण कार्यक्रमको लागि विभिन्न पाठ्यक्रमको निर्माण प्रतिष्ठान आफ्नो स्थापनाकालदेखि नै गरेको छ। शुरुको चरणमा प्रतिष्ठानले जिल्ला न्यायाधीश, सरकारी वकिल, इजलास अधिकृत, कानून व्यवसायरुहरूको क्षमता तथा दक्षता अभिवृद्धि सम्बन्धी विभिन्न पाठ्यक्रमहरू तयार गरेको थियो। दश वर्ष अवधिमा प्रतिष्ठानको दायरा वृद्धि भएअनुसार धेरै वटा पाठ्क्रमहरू आफैं तयार गरेको छ। नवनियुक्त पुनरावेदन अदालतका न्यायाधीशहरूको सेवाप्रवेश प्रशिक्षण, नवनियुक्त जिल्ला अदालतका न्यायाधीशहरूको सेवाप्रवेश प्रशिक्षण लगायत प्रमुख जिल्ला अधिकारीहरूको लागि न्यायिक क्षमता विकास प्रशिक्षणका साथसाथै न्याय सेवाका अधिकृत तथा कर्मचारीहरूको सेवाकालीन तथा सेवा प्रवेश प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम आफ्नै सक्रियतामा निर्माण गरी प्रशिक्षण कार्यक्रम सञ्चालन भएका छन्।

## १७.५ Law Journal तथा अन्यको प्रकाशन

प्रतिष्ठानले नियमित रुपमा वर्षेनी NJA Law Journal प्रकाशन गर्दै आएको छ। नेपालको कानूनी र न्यायिक सम्पादनको विश्लेषण गर्ने, अन्तर्राष्ट्रिय स्तरमा तथा अन्य देशमा भएको उत्तम अभ्यासहरू (Best Practices) लाई नेपालमा परिचित गराउने र नेपालको राम्रो अभ्यासहरूलाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने यसको प्रमुख

उद्देश्य हो। कानून र न्याय क्षेत्रमा एउटा अनुसन्धानमूलक जर्नलको रुपमा प्राज्ञिक क्षेत्रले समेत यसलाई स्वीकार गरेको छ। यसका अतिरिक्त प्रतिष्ठानले अनुसन्धान प्रतिवेदन, स्रोतपुस्तिका, विषयगत निर्देशिकाहरू लगायत जिल्ला अदालत तथा पुनरावेदन अदालतहरूले गरेको उत्कृष्ट फैसलाहरूको संगालो प्रकाशन गरी वितरण गर्ने गरेको छ। यसलाई न्यायाधीश तथा कानून व्यवसायीहरूले असल अभ्यासको रुपमा अवलम्बन गर्ने गरेका छन्।

### १७.६ अध्ययन अनुसन्धान

न्याय र कानून क्षेत्रका विविध विषयमा प्रतिष्ठानले अध्ययन र अनुसन्धान गरी विभिन्न कृतिहरू प्रकाशन तथा वितरणले लोकप्रियता हासिल गरेको छ। न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्तिलाई अध्ययनका सामग्रीहरू उपलब्ध गराई क्षमता अभिवृद्धि गराउने पहल गरेको छ। अध्ययन र अनुसन्धानबाट देखिएका विषयहरूमा न्यायिक सुधारका लागि आवश्यक पहल गर्ने र प्रशिक्षण सञ्चालन गर्नेतर्फ प्रतिष्ठान अग्रसर रहेको छ।

### १७.७ लामो अवधिको प्रशिक्षणको सञ्चालन तथा प्रवचन कार्यक्रमहरू

पछिल्ला दिनमा प्रतिष्ठानले अत्यधिक प्रशिक्षण कार्यक्रमहरू गर्ने गरेको छ। वार्षिक रुपमा कार्यालय दिनभन्दा प्रशिक्षण भएका दिन बढी छन्। त्यसैगरी प्रतिष्ठानले छोटो मात्र नभई हालका वर्षमा तीन महिनासम्म लामो प्रशिक्षणहरू सञ्चालन गर्न सक्ने गरी आफूलाई स्थापित गरेको छ। प्रमुख जिल्ला अधिकारीहरूको लागि आयोजित तीन महिने न्यायिक क्षमता विकास प्रशिक्षण, जिल्ला अदालतका नवनियुक्त जिल्ला न्यायाधीशहरूलाई पैंतालीस दिने सेवा प्रवेश प्रशिक्षण, पुनरावेदन अदालतका नवनियुक्त न्यायाधीशहरूलाई एक महिने सेवा प्रवेश प्रशिक्षण लगायतका विभिन्न प्रशिक्षणहरू सञ्चालन गर्दै आएको छ। साथै प्रतिष्ठानले लामो खालको न्याय सेवाका अधिकृत तथा सहायक कर्मचारीहरूको सेवाकालीन प्रशिक्षण तथा सेवा प्रवेश प्रशिक्षण सञ्चालन गर्ने गरेको छ। यसैगरी समसामयिक विषयमा विदेशी विज्ञहरूमार्फत न्यायिक जनशक्तिहरूलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमै विभिन्न प्रवचन कार्यक्रम सञ्चालन गर्ने गरेको छ। प्रतिष्ठानमा विश्व विख्यात व्यक्तित्वहरूले अवलोकन भ्रमण गरेका छन्, उहाँहरूसँग न्यायाधीश तथा कर्मचारीहरूले साक्षात्कार गर्ने अवसर प्राप्त भएको छ र प्रतिष्ठानको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका साथै जनशक्तिहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएको छ।

## १७.८ न्यायिक प्रतिष्ठान कोष

विभिन्न दातृ निकाय तथा संघ संस्थाहरूसँग सहकार्यमा संचालित कार्यक्रमहरू गर्दा संस्थागत शुल्क स्वरुप दश प्रतिशत रकम, पुस्तक तथा स्रोत सामग्री बिक्री गरी प्राप्त रकम र अन्य प्रतिष्ठानका आम्दानीबाट प्राप्त रकम तथा त्यसको मुद्दतिबाट प्राप्त व्याज जम्मा हुने गरी एक छुट्टै खाता खोली प्रतिष्ठानको पूँजी निर्माण गर्ने कार्य भएको छ। यसरी जम्मा गरिएको रकम यस आ.व.मा मात्रै रु. ५३,१८,९९५।२४ रहेको छ भने विगत आ.व.हरूको समेत गरी जम्मा रु. १,४८,३१,९२५।६८ प्रतिष्ठानको कोषमा जम्मा भएको छ। यसले प्रतिष्ठानको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्न को लागि प्रयोग गर्न सकिने अवस्था छ।

## १८. प्रतिष्ठानका चुनौती र सुधारका क्षेत्रहरू

माथि उल्लेखित उपलब्धिको बावजुद प्रतिष्ठानका केही चुनौती तथा सुधारका क्षेत्रहरू स्थापनाकालदेखि हालसम्म त्यही रहेका छन्। प्रतिष्ठानले स्थापनाको उद्देश्य अनुरुप आफ्ना गतिविधिलाई अगाडि बढाउने क्रममा देहायका सुधारका क्षेत्रहरू रहेका छन्।

१८.१. न्यायिक क्षमता विकास तथा अनुसन्धानको बढ्दो महत्व र प्रतिष्ठानको बढ्दो कार्य जिम्मेवारीको हिसाबले प्रतिष्ठान सञ्चालनमा रहेको हालको भवन अपर्याप्तता र साँघुरो भएको छ। अपर्याप्त र साँघुरो स्थान भएको कारण कार्यरत कर्मचारीहरूलाई आवश्यक कार्यकक्ष उपलब्ध गराउन नसकेको र कार्य जिम्मेवारी सम्पन्न गर्न असहज भएको र भविष्यमा झन् असहज हुने भएको हुनाले प्रतिष्ठानले अत्याधुनिक सुविधा सहितको अन्तर्राष्ट्रिय स्तरको नयाँ भवन निर्माण तथा विकासको लागि भौतिक पूर्वाधार विकास सम्बन्धी गुरुयोजना बनाउनुपर्दछ। त्यसमा प्रतिष्ठानमा सञ्चालन हुने प्रशिक्षण लगायतका क्षमता विकासका कार्यक्रमहरूमा उपत्यका बाहिरबाट आउने सहभागीहरूका लागि प्रतिष्ठान परिसरमा नै प्रशिक्षार्थी आवास गृहसमेतको सुविधा सम्पन्न भवन आवश्यक हुन्छ।

१८.२. प्रतिष्ठानको काम कारवाही अन्य निकायकोभन्दा विशिष्ट प्रकृतिको छ। प्रतिष्ठानमा काम गर्ने फ्याकल्टी र अधिकृतहरूलाई अतिरिक्त अध्ययनको आवश्यकता पर्दछ। नयाँ नयाँ विषयमा प्रशिक्षण दिने र अनुसन्धान गर्नुपर्ने हुन्छ। बौद्धिकता र लगनशीलता उत्तिकै आवश्यक पर्दछ। तसर्थ प्रतिष्ठानको कार्यमा प्रभावकारिता तथा सहजता ल्याउन प्रतिष्ठानको संस्थागत विकासमा जोड दिनुपर्दछ। प्रतिष्ठानको आन्तरिक र वाह्य फ्याकल्टी तथा स्रोत व्यक्तिहरूको विकास (Faculty Development) गर्नु जरुरी देखिन्छ। प्रतिष्ठानको मानव

संसाधन विकासलाई जोड दिनुपर्दछ र आवश्यक प्रशिक्षणहरू गर्नुपर्दछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनलाई स्वीकृत गरिसकेको हुनाले कार्यबोझको आधारमा पूर्वाधार समेतलाई दृष्टिगत गरी आवश्यक मानव स्रोत व्यवस्थापन र विकास गर्नुपर्ने देखिन्छ । यसका लागि जनशक्ति विकास र व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१८.३. नेपालको प्रधानन्यायाधीश पदेन अध्यक्ष तथा अन्य कानून तथा न्याय क्षेत्रका विशिष्ट पदाधिकारीहरू सदस्यको रुपमा रहने राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद र सबै सरोकारवाला निकायको प्रतिनिधित्व गर्ने विशिष्ट श्रेणीका अधिकृतहरू सदस्य रहने कार्यकारी समिति वास्तवमा न्यायिक प्रशिक्षण तथा अनुसन्धानको लागि छाता संगठनको रुपमा रहेको छ । राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ ले नेपालको कानून तथा न्याय क्षेत्रमा प्रशिक्षण दिने तथा अनुसन्धान गर्ने स्वायत्त संस्थाको रुपमा स्थापित गरेको कारण प्रतिष्ठान न्याय तथा कानूनका क्षेत्रमा प्रशिक्षण तथा अनुसन्धानका लागि स्थापित आधिकारिक निकाय हो । प्रतिष्ठान कानून तथा न्याय क्षेत्रका सरोकारवाला निकायका जनशक्तिहरूलाई प्रशिक्षण गर्नको लागि सर्वोच्च पदाधिकारीहरू भएको संस्था भएको र प्रतिष्ठानले सबै सरोकारवाला निकायका जनशक्तिहरूलाई लक्षित गरी कार्यक्रमहरू गरिरहेको हुनाले सबैको अपनत्व बोध हुन आवश्यक छ । त्यसका लागि न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण एवम् अनुसन्धानहरू प्रतिष्ठानको छाता संगठनअन्तर्गत सञ्चालन गर्न सकिन्छ ।

१८.४. प्रतिष्ठानलाई कानून तथा न्याय क्षेत्रको स्रोत विकास केन्द्रको रुपमा विकास गर्नुपर्ने अहिलेको आवश्यकता हो । प्रतिष्ठानको पुस्तकालयलाई अत्याधुनिक सुविधा सम्पन्न बनाउनु पर्दछ । ई- लाइब्रेरीको पनि शुरुवात गर्नु आवश्यक भई सकेको छ । प्रतिष्ठानले अत्यधिक प्रशिक्षण कार्यक्रम गर्ने गरेको भए तापनि सोका लागि आवश्यक पर्ने स्रोतहरूको विकास गर्ने, व्यवस्थापन गर्ने कार्य गर्न सकेको छैन । सबै प्रशिक्षण कार्यक्रमहरूको विस्तृत पाठ्यक्रम, निर्देशिका तथा स्रोत सामग्रीको विकास नगरी नहुने भएको छ । प्रतिष्ठानको लागि यो नियमित कार्य पनि हो । प्रतिष्ठानलाई अध्ययन अनुसन्धान गर्ने केन्द्रको रुपमा विकास गर्न र आजको विश्वको सूचना प्रविधिलाई कानून तथा न्यायको क्षेत्रमा भित्राउने र सोका लागि आवश्यक हुने ज्ञान तथा सूचना प्रदान गर्नको लागि स्रोत केन्द्रको रुपमा विकास गर्ने उपाय अवलम्बन गर्नुपर्छ ।

१८.५ कानून तथा न्याय क्षेत्रका जनशक्ति विकास तथा अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गर्नु पर्दछ । प्रतिष्ठानले प्रशिक्षण दिन वा छलफल गर्न दुरशिक्षा (Distance Learning) र (Video Conferencing) को प्रविधिमार्फत गर्न सकिन्छ । प्रतिष्ठानको कार्यक्रमहरू,

सहभागीहरू तथा स्रोत व्यक्तिहरू बारेको सम्पूर्ण अभिलेख राख्ने साथै पुस्तकालय व्यवस्थापन तथा सञ्चालन गर्न सकिन्छ। प्रतिष्ठान भविष्यमा प्राज्ञिक कोर्स सञ्चालन गर्न तथा प्रशिक्षणका सहभागीहरूबीच छलफल गर्नको लागि Disccussion Forum उपयुक्त हुन सक्दछ। नेपाली कानून तथा न्याय क्षेत्रको Resource Uploading गर्ने र सोको व्यवस्थापन तथा वितरण गर्ने कार्य गर्न सकिन्छ। ई- रिसोर्सेजहरू Uploading गर्ने विषयहरूमा अन्तर्राष्ट्रिय सन्धि संझौताहरू, विदेशी अदालतका फैसलाहरू, नेपाली कानून तथा न्याय क्षेत्रका प्रकाशनहरू, नेपाली कानूनहरू, कानूनी समाचारहरू, निर्देशिका तथा अन्य सामग्रीहरू महत्वपूर्ण हुन सक्छन्। सूचना प्रविधि सम्बन्धी हालको आवश्यकता तथा भविष्यमा आवश्यक पर्ने विषयहरू समेतलाई दृष्टिगत गरी सूचना प्रविधिको विकास सम्बन्धी छुट्टै योजना तयार गरी क्रमशः लागू गर्दै जानु पर्दछ।

१८.६. प्रतिष्ठानले स्थापनाकाल देखि निरन्तर विभिन्न विषयमा प्रशिक्षण प्रदान गर्दैआएको छ। प्रशिक्षणको संख्याहरू शुरुको दिनहरूमाभन्दा अत्यधिक वृद्धि हुँदै गई रहेको छ। प्रशिक्षणलाई प्रभावकारी र व्यवहारिक बनाउन अनुसन्धानमा आधारित हुनुपर्दछ। प्रशिक्षणलाई औपचारिकतामा सीमित नराखी वृत्ति विकासका साथै कार्यसम्पादनको क्षमता सुधार ल्याउने गरी ज्ञान, सीप र मनोवृत्ति तीनै पक्षलाई सम्बोधन गर्नुपर्दछ र व्यावसायिकताको भाव विकास गराउन सक्नु पर्दछ। कानूनी शिक्षा तथा न्यायिक शिक्षाबीचको अन्तर्सम्बन्ध र कसरी एक अर्काको परिपुरक हुन सक्छ। पहिलाभन्दा कानून तथा न्याय क्षेत्रमा अवधारणागत तथा प्रविधिको हिसाबले धेरै परिवर्तन आई सकेको छ। प्रशिक्षणलाई कसरी व्यवहारिक बनाउन सकिन्छ, कस्ता विषयहरूमा प्रशिक्षण आवश्यकता पर्दछ, विश्लेषण गरेर मात्र प्रशिक्षणको दिने व्यवस्था हुनुपर्दछ। प्रतिष्ठानले आफ्ना प्रशिक्षण कार्यक्रमहरूलाई अनुसन्धानमूलक तथा आवश्यकता विश्लेषणका आधारमा गर्न खोजिएको भए तापनि प्रभावकारी प्रशिक्षणहरूको प्रभाव मूल्याङ्कन गरिएको छैन। प्रतिष्ठान स्थापना भएको दश वर्ष भएको र कतिपय व्यक्तिहरू न्याय सेवाका कर्मचारीहरू हालसम्म एउटा पनि प्रशिक्षणमा सहभागी नभएको सन्दर्भमा सबैलाई सन्तुलित, समानुपातिक र समावेशी हिसावले प्रशिक्षण प्रदान गरी नेपाल सरकारको नीति "सबैलाई प्रशिक्षण (Training for All)" भन्ने अभियानलाई समेत मद्दत पुऱ्याउन प्रशिक्षणको निर्माण तथा विकास, सञ्चालन, व्यवस्थापन, मूल्याङ्कन र परिमार्जन सहितको प्रशिक्षण नीतिको अवलम्बन प्रतिष्ठान समेतले गर्नुपर्दछ।

१८.७. प्रशिक्षणलाई उन्नत र व्यवहारिक बनाउनका साथै कानून तथा न्याय क्षेत्रका भएका विभिन्न समस्याहरूको पहिचान र सुधारका लागि प्रतिष्ठानको उद्देश्य अनुरुप अध्ययन अनुसन्धान गर्दै आइरहेको छ। कानूनी तथा न्यायिक

अनुसन्धानको लागि पनि स्थापना भएको एक मात्र निकाय भएको हुनाले अनुसन्धान कार्यलाई पनि जोड दिनु पर्दछ । अनुसन्धानका लागि विशेषज्ञहरूको निर्माण तथा अनुसन्धानलाई व्यवहारिक तथा वैज्ञानिक बनाउन मानवीय तथा भौतिक स्रोत साधनको व्यवस्थापन गर्नुपर्दछ ।

१८.८ नेपालको न्यायपालिका रणनीतिक योजनाको आधारमा सञ्चालन भएको दश वर्ष भई सक्यो । त्यस्तै महान्यायाधिवक्ताको कार्यालयले पनि रणनीतिक योजना बनाई सकेको छ । न्यायपालिका हालै तेस्रो रणनीतिक योजना कार्यान्वयनको शुरु चरणमा छ । त्यस सन्दर्भमा प्रतिष्ठानका कार्यक्रमहरू सो योजना मुताविक तय गर्नुपर्दछ । सोका लागि प्रतिष्ठानको पनि रणनीतिक योजना निर्धारण गरी उद्देश्य वा लक्ष्य प्राप्त गर्न कार्य गर्न सक्छ । आवधिक रणनीतिक योजना तयार गरी कडाईका साथ पालना गर्नुपर्छ ।

१८.९. प्रतिष्ठान शुरुमा एशियाली विकास बैकको परियोजनाले स्थापना गरेको भए तापनि स्वायत्त र स्थायी निकाय हो । प्रतिष्ठानले प्रशिक्षित गर्ने जनशक्तिको क्षेत्र फराकिलो छ । न्यायाधीश, न्याय सेवाको अधिकृत, कानून अधिकृत, सरकारी वकिलहरूको दरबन्दी, कानून व्यवसायी र सहायक कर्मचारीहरूको संख्या समेतमा निरन्तर वृद्धि भइरहेको छ । प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, भूमिसुधार अधिकारीहरूको लागि पनि न्यायिक क्षमता विकास प्रशिक्षण गर्नुपर्ने दायित्व बढेको छ । यो संख्यात्मक वृद्धि अनुसार प्रतिष्ठानले आफ्ना कार्यक्रमहरूको दायरा विस्तार गर्नुपर्ने अवस्था छ । नियमित रुपमा दिईदै आएको अनुदानको सीमित रकमबाट यो आवश्यकता पूरा गर्न सकिने अवस्था छैन । शसर्त अनुदानमा नेपाल सरकारबाट प्राप्त बजेट आर्थिक वर्षभित्र खर्च गर्नुपर्ने सो आर्थिक वर्ष पछि बाँकी रहेको बजेट फिर्ता जाने भएको हुनाले अर्को आर्थिक वर्षको लागि योजना बनाउन सकेको छैन । तसर्थ सरकारबाट विनियोजन हुने बजेट निशर्त बनाउनुपर्दछ ।

१८.१० प्रतिष्ठानको सीमित रुपमा उपलब्ध हुने स्रोत साधन र मानवीय जनशक्तिले हजारौं कानून व्यवसायीहरूको आवश्यकता पूर्ति गर्न सकेको छैन । हजारौं कानून व्यवसायीहरूको निजी व्यवसाय सञ्चालन गर्न विशेषज्ञता विकासको लागि विविध क्षेत्रहरू हुन सक्ने भएको हुनाले प्रतिष्ठानले क्षमता विकास कार्यक्रमको आवश्यकता अनुरुप पूर्ति गर्न नसकिने विषय पनि सत्य नै हो । प्रतिष्ठानले नवोदित कानून व्यवसायीहरको सेवा प्रवेश लगायत केही वर्ष कार्य गरेको कानून वयसायीहरूको व्यवसायिकता विकास गर्ने र विशेषज्ञता हासिल गर्ने केही सीमित कार्यक्रमहरू मात्र गरिरहेको सन्दर्भमा कानून व्यवसायीहरूको आवश्यकता तथा विशेषज्ञता विकास गर्न इच्छुक व्यक्तिहरूलाई शशुल्क प्रशिक्षण पनि सञ्चालन गर्न सकिन्छ । कानून व्यवसायीहरूको प्रतिष्ठान स्थापनाका लागि गृहकार्य भई

रहेको सन्दर्भमा कानून व्यवसायीहरूको प्रशिक्षण सम्बन्धी व्यवस्थाको पनि पुनरावलोकन हुनुपर्दछ ।

१८.११ प्रतिष्ठानको चुनौतीका अतिरिक्त सुधारका क्षेत्रहरू पनि त्यत्तिकै रहेका छन् । प्रतिष्ठान स्थापना भएको दश वर्ष भई सकेको सन्दर्भमा प्रतिष्ठानले आफ्ना सुधार हरूलाई योजनाबद्ध रुपमा अगाडि बढाउनु पर्दछ । माथि छलफल भएबमोजिम प्रतिष्ठानलाई चुस्त दुरुस्त रुपमा राख्न सकेमा Center of Excellence on Judicial Education and Research भन्ने उद्देश्य साकार हुनेछ । सोही दिशामा प्रतिष्ठानलाई अग्रसर गराउनुपर्दछ ।

# अनुसूची

**मिति : २०७१।४।२१**

## राष्ट्रिय न्यायिक प्रतिष्ठानका हालसम्मका प्रकाशनहरू
## अनुसन्धानमूलक प्रतिवेदनहरू

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था | २०६३ |
| २ | फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू | २०६४ |
| ३ | अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र वर्तमान नेपाली फौजदारी कानून (एक अध्ययन) | २०६६ |
| ४ | घरेलु हिंसा सम्बन्धी कानून फौजदारी कानूनको सिद्धान्त तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको सनदर्भमा विशलेषण | २०६७ |
| ५ | रोम विधानको अनुमोदनको लागि राष्ट्रिय तयारी | २०६७ |
| ६ | अर्द्धन्यायिक निकायबाट हुने फौजदारी न्याय सम्पादनको वर्तमान अवस्था | २०६७ |
| ७ | Gender Equality and Social Inclusion: An Analysis of the Nepali Judiciary | 2013 |
| ८ | हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँच | २०७० |
| ९ | Research on Functioning of Juvenile Benches in Nepal | २०७० |
| १० | Domestication of CRC in Nepal: Review of Nepalese Legislation and Judicial Decisions | २०७० |
| ११ | जिउ मास्ने बेच्ने र मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको विश्लेषणात्मक अध्ययन | २०७० |
| १२ | सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०७०) | २०७१ |
| १३ | जबरजस्ती करणी सम्बधी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन) | २०७१ |
| १४ | मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को प्रयोगको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन) | २०७१ |

## जर्नलहरू

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | NJA Law Journal, 2007 | 2007 |
| २ | NJA Law Journal, 2008 | 2008 |
| ३ | NJA Law Journal, 2009 | 2009 |
| ४ | NJA Law Journal, 2010 | 2010 |
| ५ | NJA Law Journal , 2011 | 2011 |
| ६ | NJA Law Journal 2012 (Special Issue) | 2012 |
| ७ | NJA Law Journal 2013 | 2013 |
| ८ | NJA Law Journal 2014 | 2014 |

## स्रोत सामग्रीहरू

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | महिला तथा बालबालिका बेचविखन सम्बन्धी जानकारी पुस्तिका २०६२ | २०६२ |
| २ | Judges' Workshop on Combating Trafficking in Women and Children | २०६२ |
| ३ | महिला तथा बालबालिका बेचविखन सम्बन्धी जानकारी पुस्तिका २०६२ | २०६२ |
| ४ | स्रोत सामग्री (न्यायिक क्षमता अभिवृद्धिसँग सम्वधित) | २०६२ |
| ५ | लैङ्गिक न्याय (स्रोत सामग्री) | २०६२ |
| ६ | मेलमिलाप सम्बन्धी जानकारीमूलक स्रोत सामग्री | २०६४ |
| ७ | मानव अधिकार सम्बन्धी स्रोत सामग्री | २०६७ |
| ८ | वातावरणीय न्याय तथा समन्याय सिद्धान्त र व्यवहार | २०६७ |
| ९ | सत्य तथा मेलमिलाप आयोग र यसको कार्यविधिगत स्वच्छताः विश्लेषणात्मक अध्ययन | २०६८ |
| १० | बौद्धिक सम्पत्ति अधिकारको अवधारणा र नेपालको सन्दर्भ | २०६८ |
| ११ | मानवअधिकार र सामाजिक न्याय | २०६८ |
| १२ | नेपालमा लैङ्गिक विभेदको अवस्था र लैङ्गिक न्याय | २०६८ |
| १३ | संगठित अपराध : एक परिचय | २०६८ |
| १४ | न्यायिक आचार र न्यायाधीशहरूको आचारसंहिता | २०७० |

| | | |
|---|---|---|
| १५ | औपचारिक र अनौपचारिक न्याय प्रणालीका साझा सिद्धान्तहरू | २०७० |
| १६ | Judicial Education and Enhancing Access to Justice: Proceedings of the Regional Conference of Judges and Judicial Educators | २०७० |
| १७ | अदालत सम्बन्धी सामान्य जानकारी | २०७० |
| १८ | वैतनिक कानून व्यवसायीको क्षमता अभिवृद्धिसम्बन्धी स्रोत सामग्री | |
| १९ | वैतनिक कानून व्यवसायी (प्रशिक्षक दिग्दर्शन) | |
| २० | न्यायिक बाह्य पहुँच कार्यक्रमको अवधारणा | |

## फैसलाहरूको संगालो

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०६५ | २०६५ |
| २ | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०६६ | २०६६ |
| ३ | पुनरावेदन अदालतका फैसलाहरूको संगालो, २०६६ | २०६६ |
| ४ | लैङ्गिक न्याय सम्बन्धी महत्वपूर्ण फैसलाहरूको संगालो, २०६६ | २०६७ |
| ५ | बाल न्याय स्रोत संगालो, २०६६ | २०६७ |
| ६ | The Landmark Decisions of the Supreme Court of Nepal on Gender Justice | २०६७ |
| ७ | बाल अधिकार तथा बाल न्याय सम्बन्धी फैसलाहरूको संगालो, २०६७ | २०६७ |
| ८ | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०६८ | २०६८ |
| ९ | पुनरावेदन अदालतका फैसलाहरूको संगालो, २०६८ | २०६८ |
| १० | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०६९ | २०६९ |
| ११ | पुनरावेदन अदालतका फैसलाहरूको संगालो, २०६९ | २०६९ |
| १२ | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०७० (भाग १) | २०७० |
| १३ | पुनरावेदन अदालतका फैसलाहरूको संगालो, २०७० (भाग १) | २०७० |
| १४ | कार्यविधि कानून सम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरू | २०७० |
| १५ | जिल्ला अदालतका फैसलाहरूको संगालो, २०७० (भाग २) | २०७० |
| १६ | पुनरावेदन अदालतका फैसलाहरूको संगालो, २०७० (भाग २) | २०७० |

## निर्देशिका, दिग्दर्शन, मापदण्ड तथा अन्य प्रकाशनहरू

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | बन्द इजलास सम्बन्धी अवधारणा र यसको कार्यान्वयन विधि | २०६५ |
| २ | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्य सञ्चालन मापदण्ड | २०६५ |
| ३ | फैसला कार्यान्वयन निर्देशिका | २०६४ |
| ४ | बन्द इजलास सम्बन्धी अवधारणा र यसको कार्यान्वयन विधि (दोस्रो सस्करण) | २०६७ |
| ५ | सजाय निर्धारणसम्बन्धी नीति | २०६७ |
| ६ | मनव बेचबिखन तथा ओसारपसार मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ | २०६८ |
| ७ | विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा गोपनीयता कायम गर्ने कार्यविधि दिग्दर्शन | २०६८ |

## अन्य प्रकाशनहरू

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष |
|---|---|---|
| १ | फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ | २०७० |
| २ | फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता, २०६७ | २०७० |
| ३ | फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७ | २०७० |
| ४ | प्रतिष्ठानको वार्षिक प्रतिवेदनहरू (नेपाली तथा अंग्रेजी दुबै भाषामा) | २०६०।६१ देखि २०७०।७१ सम्म |
| ५ | प्रतिष्ठानको ऐन | २०६९ |

## प्रतिष्ठानबाट यस वर्ष प्रकाशित महत्वपूर्ण प्रकाशनहरू

- न्यायिक आचार र न्यायाधीशहरुको आचारसंहिता - डा. आनन्दमोहन भट्टराई
- फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ (व्याख्यात्मक टिप्पणी)
- फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता, २०६७ (व्याख्यात्मक टिप्पणी)
- फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७ (व्याख्यात्मक टिप्पणी)
- सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरुको कार्यान्वयनको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०७०)
- जबरजस्ती करणी सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन)
- मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को प्रयोगको अवस्था (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन)
- जिल्ला अदालतका फैसलाहरुको संगालो, २०७० (दुई अंक)
- पुनरावेदन अदालतका फैसलाहरुको संगालो, २०७० (दुई अंक)
- हिंसाबाट पीडित महिलाहरुको न्यायमा पहुँच (अनुसन्धान प्रतिवेदन)
- जीउ मास्ने बेच्ने र मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको विश्लेषणात्मक अध्ययन
- अदालत सम्बन्धी सामान्य जानकारी
- वैतनिक कानून व्यवसायीको क्षमता अभिवृद्धि सम्बन्धी स्रोत सामग्री
- वैतनिक कानून व्यवसायी (प्रशिक्षक दिग्दर्शन)
- न्यायिक बाह्य पहुँच कार्यक्रमको अवधारणा
- NJA Law Journal, 2014
- न्याय प्रशासनमा मानव अधिकार (स्रोत सामग्री) भाग एक
- न्याय प्रशासनमा मानव अधिकार (स्रोत सामग्री) भाग दुई

## राष्ट्रिय न्यायिक प्रतिष्ठान

प्रतिष्ठान न्यायाधीश, न्याय समूहका अधिकृत, सरकारी वकील, कानून अधिकृत, कानून व्यवसायी तथा प्रत्यक्ष रूपमा नेपाली न्याय प्रशासनसँग सम्बन्धित सबैका लागि प्रशिक्षण दिने र कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले २०६० सालमा स्थापित संस्था हो । एशियाली विकास बैंकको आर्थिक परियोजनामा २०५८।५९ साल देखि प्रतिष्ठानको स्थापनाको लागि कार्य भएको थियो । पछि राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश, २०६० मार्फत यसको स्थापना भयो । उक्त अध्यादेशलाई राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन २०६३ ले प्रतिस्थापन गरिसकेको छ । प्रतिष्ठानको नीति निर्माण गरी मार्गदर्शन गर्नको लागि सर्वोच्च अदालतका प्रधानन्यायाधीशको अध्यक्षतामा उच्चस्तरको १६ सदस्यीय न्यायिक प्रतिष्ठान परिषद् रहने व्यवस्था छ । प्रतिष्ठानको कार्यकारी कार्य गर्न कार्यकारी निर्देशकको अध्यक्षतामा सरोकारवाला निकायका प्रशासकीय प्रमुखहरू रहेको कार्यकारी समिति रहेको छ ।

## परिलक्ष्य

न्यायाधीश, न्याय समूहका अधिकृत, सरकारी वकील, कानून अधिकृत, कानून व्यवसायीहरूलगायत न्याय प्रशासनमा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरूको व्यवसायिक आवश्यकतालाई प्रशिक्षण, व्यवसायिक विकास, अनुसन्धान तथा प्रकाशनको माध्यमबाट सम्बोधन गरी निष्पक्ष, पक्षपातरहित, प्रभावकारी न्याय प्रणालीको विकास गर्ने ।

## उद्देश्य

- प्रशिक्षण, सम्मेलन, कार्यशाला, गोष्ठी, अन्तरक्रिया तथा अनुभव आदान-प्रदानको माध्यमबाट न्यायाधीश, न्याय समूहका अधिकृतहरू, सरकारी वकीलहरू, कानून अधिकृतहरू, कानून व्यवसायीहरूको व्यवसायिक सीप र ज्ञान अभिवृद्धि गरी क्षमता विकास तथा भावनात्मक परिवर्तन गर्ने,
- कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गरी न्यायाधीश, न्याय समूहका अधिकृतहरू र न्याय प्रशासनमा संलग्न अन्य व्यक्तिहरूलाई व्यवहारिक र समय सापेक्ष कानूनी प्रकाशनहरू उपलब्ध गराउने,
- कानून व्यवसायीहरूलाई प्रतिस्पर्धी, व्यवसायिक रूपले क्षमतावान, प्रभावकारी र सेवामुखी बनाउने ।

## सरोकारवालाहरु/सहकार्य गर्ने निकायहरु

राष्ट्रिय न्यायिक प्रतिष्ठानले आफ्नो उद्देश्य हासिल गर्नको लागि न्याय प्रशासनसँग सरोकार राख्ने निकायहरूका अतिरिक्त अन्य निकायहरूसँग पनि सहकार्य गर्ने गरेको छ । हालसम्म प्रतिष्ठानका सरेकार वाला निकाय र सहकार्य गर्ने संघ संस्थाहरू देहायबमोजिम रहेका छन् :

- सर्वोच्च अदालत र मातहतका अदालतहरू
- महान्यायाधिवक्ताको कार्यालय
- कानून, न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालय
- नेपाल बार एसोसिएसन
- न्याय परिषद्
- संयुक्त राष्ट्र संघका विशिष्टीकृत निकायहरू
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू
- अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू

आई.एस.एस.एन. : २३९२-३९७०